CC-0. Digitized by eGangotri and MIDF- Delhi

# श्रीमद्भगवद्गीतातत्त्वप्रकाश

## तेस्रो अध्याय

प्रा. डा. दीर्घराज घिमिरे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्त्वप्रकाशनिरूपक

प्रा.डा. दीर्घराज घिमिरे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# श्रीमद्भगवद्गीतातत्त्वप्रकाश

## तेस्रो अध्याय

२

तत्त्वप्रकाशनिरूपक
प्रा.डा. दीर्घराज घिमिरे

सम्पादक
श्रीशरत्कुमार भट्टराई

सहसम्पादक
श्रीविश्वनाथ रूपाखेती

श्रीराजर्षिजनकस्मृतिकोषकालागि
प्रकाशिका
श्रीनारायणीमाता
ज्ञानेश्वर, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग्रन्थको नाम : श्रीमद्भगवद्गीतातत्त्वप्रकाश, तेस्रो अध्याय

निरूपक : प्रा.डा. दीर्घराज घिमिरे

सर्वाधिकार : © लेखकमा सुरक्षित

प्रकाशिका : श्रीराजर्षिजनकस्मृतिकोषका लागि
श्रीनारायणीमाता
ज्ञानेश्वर, काठमाडौं
फोन : ४४११९९८

प्रकाशन मिति : वि.सं. २०६८ नव वर्ष

प्रकाशित सङ्ख्या : ५०० प्रति

मूल्य : रु. ३००।–

प्राप्तिस्थान : साझाप्रकाशन
पुलचोक, ललितपुर
श्रीपशुपतिनाथशरण सहकारी सं.लि.
पशुपति, काठमाडौं
रत्नपुस्तकभण्डार
माइतीघर, काठमाडौं

कम्प्युटर सेटिङ्ग : श्रीखड्गप्रसाद खनाल

**मुद्रक : एन्.पी.टी.सी. लिमिटेड**
विमासमिति मार्ग, सरस्वतीनगर
फोन नं. ४८११२२६, ४८११३७१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# प्रकाशिकाकातर्फबाट

गुरु प्रा.डा. श्रीदीर्घराज घिमिरेज्यूबाट पशुपतिको वासुकि आश्रममा श्रीश्यामचेतन बाबाको सान्निध्यमा श्रीमद्भगवद्गीताको प्रवचत शुरु भएको हो । केही अन्तरालपछि स्वा.डा. रामानन्द गिरिज्यूको आश्रम शङ्कराचार्य मठ पशुपतिमा पुगेर यो पूरा भएको थियो । गुरुको अत्यन्त महत्त्वपूर्ण प्रवचनलाई चिरस्थायी बनाउने पुनीत उद्देश्यबाट प्रेरित भएर श्रीराजर्षिजनकस्मृतिकोषको अग्रसारितामा श्रोताहरूसमेतबाट सहयोग प्राप्त गरेर प्रवचनलाई लिपिबद्ध गराउने काम भएको थियो । तत्त्वप्रकाशका नामबाट प्रथम अध्याय र दोस्रो अध्यायको प्रकाशन २०५५ सालमा श्रीराजर्षिजनकस्मृतिकोष र जनकशिक्षा सामाग्री केन्द्रको संयुक्त प्रकाशनमा भएको थियो ।

उपर्युक्त अनुसार दुई अध्यायको प्रकाशन भएर अरू १६ अध्यायको पाण्डुलिपि तयार भएर पनि विभिन्न कारणले गर्दा समयमा नै प्रकाशन हुन नसकेको परिप्रेक्ष्यमा कोषका संस्थापक अध्यक्ष श्रीशरदकुमार भट्टराईले अरू बाँकी अध्यायहरू कसरी प्रकाशन गर्न सकिएला भनेर अत्यन्त चिन्तित भएर मसँग सल्लाह माग्नुभएको थियो । धेरै लामू समयसम्म प्रकाशन हुन नसक्नुमा अरू कुराहरूका साथै आर्थिक अभाव हो भन्ने ठानेर मैले श्रीमद्भगवद्गीतातत्त्वप्रकाशको तेस्रो अध्यायको प्रकाशन गर्ने जिम्मा लिएकी हुँ । यसको टाइप गराउने, सम्पादन गर्ने र यस अवस्थामा ल्याउनेसमेतका सम्पूर्ण सहयोग श्रीराजर्षिजनकस्मृतिकोषले गरेको हो । श्रीरार्षिजनकस्मृतिकोषकी आजीवन सदस्यकी नाताले कोषलाई सहयोग पुगोस् भन्ने सदुद्देश्यले मैले यो अभिभारा सहर्ष स्वीकार गरेकी हुँ ।

अन्त्यमा यस ग्रन्थको प्रकाशन गर्ने पुनीत शुभ अवसर दिएकोमा कोषप्रति कृतज्ञता ज्ञापन गर्दछु । आदरणीय गुरु प्रा.डा. श्रीदीर्घराज घिमिरेज्यूमा पनि म हार्दिक साधुवाद निवेदन गर्दछु । यसका साथै सम्पादनमा श्रीराजर्षिजनकस्मृतिकोषलाई सहयोग पुऱ्याउनुहुने सम्पादकहरूलाई र कम्प्युटरकर्मी श्रीखड्गप्रसाद खनाललाई पनि धन्यवाद अर्पण गर्दछु । धन्यवाद !

नारायणीमाता

२०६७ साल वसन्तपञ्चमी
ज्ञानेश्वर, काठमाडौं ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# शुभाशीः

विघ्नहर्ता गणेशद्वारा निबद्ध र भगवान् कृष्णद्वैपायनको ज्ञानामृतधारा श्रीमद्भगवद्गीता हो । यो गीता कर्मनिष्ठाको अभावमा ज्ञाननिष्ठा हुँदैन भन्ने विषयप्रति अनिवार्यतः उद्बोधन गराउँदै चिदानन्द कृष्णबाट उपदेश भएको हो । गीताशास्त्राध्ययनको मूल प्रयोजन ज्ञाननिष्ठामा निर्देशित छ भने ज्ञाननिष्ठाकै निमित्त साधनरूपमा कर्मनिष्ठाको निर्देश भएको छ । ब्रह्मविवर्त अर्थात् प्रपञ्चरूप जीवनयापन गर्ने प्राणी विशेषतः मनुष्यका निम्ति ज्ञानगभीरा तथा प्रवाहमयी भागीरथी गङ्गा गीता हुन्, जसको अवगाहन जति गरे पनि अन्तस्तल भेटिँदैन । त्यसैले स्नान, ध्यान, जप र ज्ञानको भागीरथी गङ्गा बनेर सततः ज्ञानोन्मुखी कर्म र तद्द्वारा सुकृतिको बुद्धिवृत्यात्मक ज्ञानलई प्रवाहित गराई समस्त मानवलाई उत्प्रेरणा गर्ने भगवान् भूतवान पशुपतिजस्तै गीता पनि हो । त्यसकारण गीतामा प्रतिपादित ज्ञाननिष्ठा र सर्वकारणकारण श्रीपशुपतिको साम्य परिलक्षित हुन्छ । ज्ञानरत्न मध्येको सर्वोत्तम रत्न गीता हो । यसको तत्त्वप्रकाश मनीषीहरूले स्वविवेकानुसार गीर्वाणवाणीमा गर्दै आएका भए पनि नेपाली भाषामा भने सुधी दीर्घराज घिमिरेबाट निरन्तर चलिआएको गीताप्रवचनमालाको प्रथमपुष्प प्रस्तुत श्रीमद्भगवद्गीतातत्त्वप्रकाश हो । कृष्णद्वारा उपदिष्ट र पशुपतिसँग समता भएको यस किसिमको पुष्प प्रस्फुटन हुने क्रम निरन्तर चलिरहोस् भन्ने चिदानन्दसँग प्रार्थना गर्दै अज्ञाननिवर्तक सुकार्यको साफल्यका निम्ति शुभाशीः प्रदान गर्दछु । यो वासुकिपरिसरमा अज्ञाननाशक कार्यक्रमको निरन्तरता रहोस् । अन्तर्यामी श्रीपशुपतिले प्राणिसमुदायको सततः कल्याण गरून् । ॥ॐ तत्सत् ॥

बासुकि आश्रम पशुपति (श्यामचैतन्य पुरि)

(द्रष्टव्य :– अनन्त श्रीविभूषित स्थितप्रज्ञ १०८ स्वामी श्यामचैतन्य पुरि बाबाबाट श्रीमद्भगवद्गीता–तत्त्वप्रकाशको पहिलो र दोस्रो अध्यायको प्रकाशनको समय २०५६ सालमा उहाँ ब्रह्मलीन हुनुभन्दा पहिले प्राप्त भएको आशीर्वादको प्रतिलिपि जस्ताको तस्तै यस दोस्रो खण्डको प्रकाशनमा पनि राखिएको हो । सम्पादक)



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# आमुख

त्यो शास्त्र गीता हो जहाँ आत्मज्ञानको उपदेश वा चर्चा साक्षात् भएको हुन्छ। धेरै गीतामध्ये श्रीमद्भगवत्गीता सर्वातिशायी हो। यो कुरा पहिलो खण्डको उपोद्घातमा प्रायः चर्चित छ। तेस्रो अध्याय साधननिरुपणमा प्रवाहित छ प्रसङ्गतः मात्रै ज्ञानको चर्चा छ, यस हेतु ज्ञाननिष्ठाकै निरूपण तेस्रो अध्याय पनि हो। कर्म निरूपण भएपनि ज्ञानको उपसर्जनतामा छ स्वतन्त्रता छैन, ज्ञानकै पूरक वा शेषरूपमा हुनाले 'प्रधानानुसारीणि अङ्गानि भवन्ति' न्याय यहाँ अनुगगत छ तदनुसार विद्वद्दृष्टिमा साङ्ख्यनिष्ठाको अङ्ग योगनिष्ठा मानिन्छ। 'एकं साङ्ख्यञ्च योगञ्च यः पश्यति स पश्यति' (गी.५।५)

अविद्वद्दृष्टिमा ज्ञाननिष्ठा र कर्मनिष्ठा भिन्नै हुन्। 'ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम्' (गी.३।३) साधनकालका अपेक्षा उक्त दुई निष्ठा हुन्। तीमध्ये कर्मसामान्यको यथार्थता तेस्रो अध्यायमा छ। परन्तु उक्त दुवै दृष्टिमा उपायभावको कर्मनिष्ठा हो, सामान्यविशेषभावमा निरूपणोत्तरमात्र निष्ठायोग्यता सम्पन्न हुन्छ। यसक्रममा तेस्रो अध्याय कर्मसामान्य निरूपक हो।

पहिलो अध्याय उपोद्घात र दोस्रो अध्याय शास्त्रार्थसूचक हुन्। शास्त्रार्थसूचक क्रममा कर्मनिष्ठाको क्रम पहिले आउनु पर्छ। त्यहाँ पनि कर्ममध्ये श्रौतकर्ममा अभ्यर्हितता छ अनि स्मार्तमा। उक्त दुवैको निरूपण मीमांसायुक्तिगर्भित शास्त्र प्रक्रियाका आधारमा भएको छ, उक्त प्रक्रियाबाट तत्त्व प्रकाशमा निरूपणको सूत्र 'योगस्थः कुरु कर्माणि' हो। अर्जुनको प्रश्नबाट आरम्भ भएको तेस्रो अध्यायगत विषय सन्निवेशक्रम सामान्यतः यसरी छ –

सर्वप्रथम कर्म, ज्ञान, विकल्प वा समुच्चयको उपेक्षा तथा चित्तशुद्धिपर्यन्त अधिकारीनियत कर्मको अपरिहार्यता प्रदर्शित छन्। अनि कामदोष विकृति संवाहक भएकाले त्यसमा हेयत्ववुद्धिस्थिरता श्रेयोमार्गको प्रवर्तक हो भन्ने उपदेश भगवान्को



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेको छ। यतिमा तेस्रो अध्याय टुङ्गिएको छ।

पहिलो खण्ड प्रकाशनको दशवर्ष व्यवधानपछि दोस्रो खण्ड प्रकाशित हुने अवसर, साधनभावले व्यापृत र फलभावले उन्मिषित तथा अवस्थित अन्तर्यामी पशुपतिकै प्रेरणाले आएको होला। उनैको प्रेरणा भए बाँकी अरू खण्डसमेत प्रकाशित हुँदै जालान्। प्रस्तुत प्रकाशनले अल्प मात्रामा भएपनि पाठकबुद्धिपरिष्कारमा सहयोग पुग्नसके म आफूलाई कृतार्थ सम्झिने छु। परिमार्जनपरिष्कार र विषय सुबोधता अभावजनितदोष मलाई नै प्रत्यावर्तन गरी वस्तुगतिसिद्ध वस्तुको आकलनका निमित्त विद्वज्जन समक्ष सविनय निवेदन गर्दछु।

यस ग्रन्थकी प्रकाशिका नारायणीमातालाई साधुवाद व्यक्त गर्दछु। यसका अतिरिक्त आ-आफ्नो स्थानबाट सहयोग गर्ने, प्रकाशनको सम्पूर्ण आवश्यक व्यवस्था मिलाउने राजर्षिजनकस्मृतिकोष र त्यसका संस्थापक अध्यक्ष शरत्कुमार भट्टराई लगायत सबै यथोचित धन्यवादर्ह छन्।

दिनाङ्क  
२०६७।८।२२  
मार्गशुक्ल तृतीया

विद्वद्विधेय  
प्रा.डा. दीर्घराज घिमिरे



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# श्रीमद्भगवद्गीतातत्त्वप्रकाश

## तेस्रो अध्याय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# अथ तृतीयोऽध्याय

अर्जुन उवाच

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥
व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥

तेस्रो अध्याय विवरणक्रम प्रारम्भ भएको छ । दोस्रोपछि तेस्रो अध्यायमा के सम्बन्ध छ ? जान्नु आवश्यक छ तापनि *"ज्यायसी चेत्"* दुई श्लोकका भूमिका पछि सम्बन्ध स्पष्ट हुने छ ।

वस्तुत: दोस्रो अध्याय गीताको मूल हो । त्यहाँ नभएको नयाँ कुराको विवरण यहाँ हुँदैन । दोस्रो अध्यायका सूत्रहरूको विवरण कहाँ कहाँ कसरी हुन्छ ? दोस्रो र तेस्रो अध्यायको सङ्गति कसरी हुन्छ भन्ने स्पष्ट गर्न शुरुमा *"ज्यायसी चेत्"* इत्यादि दुई श्लोकको विवरण अपेक्षित छ । यो विवरण *"ज्यायसी चेत्कर्मणस्ते"* बाट भएको छ । हे जनार्दन ! तपाईंको मतमा ज्ञान श्रेष्ठ हो भने किन फेरि मलाई डरलागदो कर्ममा लाग्न प्रेरणा गर्नुहुन्छ । बुद्धियोगको श्रेष्ठता निरूपण भइसकेपछि कर्मयोगमा लाग्न प्रेरणा भएकोले अर्जुनमा यस्तो शङ्का आउनु स्वाभाविक हो ।

*"मता बुद्धिर्जनार्दन"* – जनार्दनपदबाट प्राणीमात्रको दु:खहरण गर्ने भन्ने अर्थ आउँदछ । यस्ता भगवान्‌ले मलाई कमसल कर्मयोगमा लाग्ने प्रेरणा गरी दु:खको सागरमा डुबाउँदै हुनुहुन्छ । जनार्दनले यसो गर्नुको तात्पर्य के हो ? यस्तै अर्को श्लोक पनि अर्जुनकै पूरकप्रश्नको रूपमा छ – *'व्यामिश्रेणेव वाक्येन'* इत्यादि । ज्ञानयोग र कर्मयोग मिसाई कुरा गर्दा बुझ्न नसकेर होला, मलाई दोधार भएको छ, म मोहमा परेको छु । तसर्थ हे मधुसूदन ! कल्याणकारी योगको बारेमा बताउनुहोस् र जसबाट श्रेय मिलोस् भनेर अर्जुनले उपर्युक्त किसिमले गरेका दुईओटा प्रश्नको सामान्यार्थ यो हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दोस्रो अध्यायमा भगवान्ले दुईथरी बुद्धिको निरूपण गर्नुभएको कुरा शङ्कराचार्यले गीता भाष्यमा दिनुभएको छ – *"शास्त्रस्य प्रवृत्तिनिवृत्तिविषयीभूते द्वे बुद्धी भगवता निर्दिष्टे साङ्ख्ये बुद्धिः, योगे बुद्धिः"* – साङ्ख्य र योगबुद्धिमा साङ्ख्ये र योगेमा सप्तमीको अर्थ साङ्ख्यनिष्ठा र योगनिष्ठा हुन्छ । दुई बुद्धिमध्ये साङ्ख्य श्रेयस्कर छ तापनि त्यसमा नलागी कर्म गर्नुपर्दछ भनी *'मा ते सङ्गोऽस्त्वकर्मणि'* द्वारा भगवान्ले भन्नुभएकोले 'पर्याकुलीभूतोऽर्जुन उवाच अर्थात् एउटा कुरा श्रेय तर अर्को कुरा गर्न प्रेरणा गर्दा के गर्ने भन्ने ठेगान नभई विचलित चित्त भएका अर्जुन भन्दछन् – *"ज्यायसी चेत्"* इत्यादि । अनर्थसाधक कर्ममै लाग्नुपर्दछ भन्ने निर्देश भएका अर्जुनको चित्त पर्याकुल हुनु स्वाभाविक हो । अतः *'ज्यायसी चेत्'* इत्यादिद्वारा निर्णयको आकाङ्क्षाले अर्जुनले यस्तो प्रश्न गरेका हुन् । त्यसैले भगवान्ले यसको समाधान गर्नुपर्ने भएको छ । यसैको विस्तार *'कथं भक्ताय श्रेयोऽर्थिने'* भनी शङ्कराचार्यले गर्नुभएको छ । *'ज्यायसी चेत्'* इत्यादि प्रश्नोत्थापनको बीज पनि शङ्कराचार्यले स्पष्ट गर्नुभएको छ ।

ज्ञान र कर्मनिष्ठामध्ये ज्ञाननिष्ठामा कृतार्थता छ तापनि कर्मनिष्ठामा लाग्नुपर्दछ भन्नेमा भगवान्को अभिमति छ । यी दुई निष्ठा विवरण दोस्रो अध्यायमा छ । यसैको व्याख्याका रूपमा *'लोकेऽस्मिन् द्विविधा निष्ठा'* इत्यादि अगाडि आउने छ ।

'प्रश्नापाकरणवाक्यञ्चभगवतोक्तं यथोक्तविभागविषये शास्त्रे' अर्थात् यो विभागद्वारा अर्जुनको प्रश्न अपाकरण हुनेछ । त्यस्तै दोस्रो अध्यायमा प्रस्तुत सूत्रविवरण पनि हुनेछ । यी कुरा *'लोकेऽस्मिन् द्विविधा निष्ठा'* इत्यादिमा आउनेछन् । अर्जुनले प्रश्न नै नबुझेका हुन् कि भन्ने दृष्टिमा पनि *'लोकेऽस्मिन् द्विविधा'* इत्यादि अगाडिको पङ्क्ति आएको कुरा शङ्कराचार्य भन्नुहुन्छ । अर्जुनद्वारा 'जायसी चेत्' इत्यादिमा भएको प्रश्नमा कता कता न्यूनता छ कि भन्ने कुराको आभास हुन्छ । यो कुरा *'प्रश्नापाकरणवाक्यञ्च'* इत्यादिद्वारा स्पष्ट छ । यो भूमिकाद्वारा भगवान्ले साङ्ख्यबुद्धि र योगबुद्धिको कुरा बताउनु भएको हो भन्ने अर्जुनलाई पनि स्पष्ट छ । यस्तै भिन्नाभिन्नै दुई कुराको प्रस्ताव भएकाले त्यसका अधिकारी पनि भिन्नाभिन्नै छन् भन्ने पनि अर्जुनले बुझे । यी कुरा नबुझेर अर्जुनले प्रश्न गरेका होइनन्, उनले नबुझेको कुरा अर्कै छ । त्यो हो प्रश्नको एक विषयता अथवा साङ्ख्ययोग र बुद्धियोगमध्ये साङ्ख्ययोग साक्षात् मुक्तिको कारण हो, बुद्धियोग होइन भन्ने । *'यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे'* अर्जुनको श्रेयः कुरासम्बन्धी प्रश्नमा साङ्ख्ययोग श्रेष्ठ भन्ने उत्तर दिएर अहिले साङ्ख्ययोगमा जाने बेला भएको छैन यति भन्नुपर्थ्यो त्यसो नभनी सोझै बुद्धियोगमा लाग्नुपर्दछ भन्ने निर्देश भगवान्को छ । बुद्धियोग श्रेय हो भने कर्मयोगमा लाग्नुपर्दछ भन्ने किन ? यस्तो आशङ्का अर्जुनमा उठेको छ । कर्म गर्नु पर्दछ भने त्यसैको मात्र स्पष्ट निर्देश हुनुपर्छ । मिश्रितरूपमा दुई बुद्धिको कुरा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुनुहुँदैन, त्यस्तो हुन किन सकेन त ? यो स्पष्ट गर्ने उद्देश्यले 'ज्यायसी चेत्' इत्यादिको भूमिकामा *'शास्त्रस्य प्रवृत्तिनिवृत्तिः'* इत्यादि हो ।

अर्जुनका प्रश्नमा एक विषयता ज्ञानकर्मसमुच्चयवादको कुरा दोस्रो अध्यायमा आएको थियो तापनि शङ्कराचार्यकै कलमबाट फेरि आएकोले यहाँ त्यो कुरा भन्नु आवश्यक देखिन्छ । शङ्कराचार्यको वृत्ति अर्थात् भाष्य आउनुभन्दा पहिले भर्तृप्रपञ्चको ज्ञानकर्मसमुच्चयवादले निकै प्रतिष्ठा पाएको थियो । यस सम्बन्धी चर्चा पहिलो भागमा भएको छ र उपोद्घातमा पनि दिग्दर्शन भइसकेको छ । उक्त दिग्दर्शन अनुसार त्यस्तो भ्रमात्मक व्याख्या खण्डन गर्ने उद्देश्यले शङ्कराचार्यको वृत्ति आएको छ ।

ज्ञानकर्मसमुच्चयवादको खण्डन *'अशोच्यानन्वशोचस्त्वम्'* इत्यादिको भूमिकामा छ र यहाँ पनि त्यही कुरा छ । विशेषतः ज्ञानकर्म समुच्चयपरक अर्जुनको प्रश्न हो भन्ने भर्तृप्रपञ्चको भनाइ शङ्कराचार्यद्वारा युक्ति र प्रमाणका आधारमा निरस्त भएको छ र अर्जुनको प्रश्न समुच्चयपरक नभएको कुरा निर्धारण भएको छ ।

श्रौत र स्मार्तकर्म गृहस्थीका लागि अपरिहार्य भएकाले कर्म समुच्चित ज्ञान मुक्तिको कारण मान्नुपर्छ । केवल ज्ञानलाई मुक्तिकारण मान्नु युक्तिहीन कुरा हो भन्ने भर्तृप्रपञ्चको भनाइ छ । यसैमा प्रमाण भर्तृप्रपञ्च स्थापित गर्दछन् । जस्तै –

युक्तिहीनविचारे तु धर्महानिः प्रजायते ।
केवलं शास्त्रमाश्रित्य न कर्तव्यो विनिर्णयः[1] ।।

शास्त्रको एउटा पङ्क्तिको आधारमा कुनै कुराको विचारद्वारा निर्णय गर्दा धर्महानि हुन्छ । यस्तै –

प्रत्यक्षञ्चानुमानञ्च शास्त्रञ्च विविधागमम् ।
त्रयं सुविदितं कार्यं धर्मशुद्धिमभीप्सता ।।

प्रत्यक्ष, अनुमान र आगमप्रमाणद्वारा शास्त्र बुझ्नु पर्दछ । युक्ति, न्याय र तर्कको आधारमा शास्त्र बुझेर निर्णय गर्नुपर्दछ । शास्त्रमा आधारित न्याय हुनुपर्दछ अन्यथा उटपटयाङ निर्णय हुन्छ । जस्तै मृगको छाला चोखो हुन्छ भन्नेमा छाला चोखो भन्ने अर्थले कुकुरको छाला पनि चोखो हुन्छ भन्नु उटपटयाङ निर्णय हो । मृगको छाला चोखो हुन्छ भन्नेमा शास्त्र प्रमाण छ भने कुकुरको छालामा छैन । यहाँ पनि यस्तै भएको छ । किनभने जसले धेरै दुःख गर्दछ त्यसले फल पाउँदछ भन्ने आधारमा गृहस्थीले धेरै दुःख गर्ने हुनाले तिनीहरूको मात्र मुक्ति हुन्छ भन्नु उपयुक्त हो । यो भर्तृप्रपञ्चको पक्ष हो ।

लौकिक स्थितिमा धेरै दुःख गर्नेले धेरै फल पाएझैं दुःख धेरै गर्ने गृहस्थीको मात्र मुक्ति



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ भन्न मिल्दैन । ज्ञानका लागि शास्त्रले यस्तो निर्णय गरेको छैन । यसैमा शङ्कराचार्य भन्नुहुन्छ – *'सर्वोपनिषत्सु इतिहासपुराणयोगशास्त्रेषु च ज्ञानाङ्गत्वेन मुमुक्षोः सर्वकर्मसंन्यासविधानात्'* उपनिषत्, अर्थात् इतिहास अर्थात् महाभारत, पुराण र योगशास्त्रहरूमा मुमुक्षुका निम्ति सर्वकर्मसंन्यासको विधान छ । कामनानिर्मुक्त मुमुक्षु ज्ञान गर्न सक्तछ । मुमुक्षुका निम्ति सर्वकर्मसंन्यास ज्ञानाङ्ग हो । सर्वकर्मसंन्यासपछि ज्ञान हुन्छ । शास्त्रको यस्तो मर्यादा विचार गर्दा पूर्वपक्षीको तर्कमा युक्तियुक्तता देखिँदैन । त्यसकारण संन्यासीको मात्र ज्ञानद्वारा मुक्ति हुन्छ, अरूको कर्मसमुचितज्ञानद्वारा मुक्ति हुन्छ भन्नेमा प्रमाण छैन । जुनसुकै आश्रममा पनि सर्वकर्मसंन्यास भए ज्ञानद्वारा मुक्ति हुन्छ ।

ज्ञानका निम्ति आश्रमको अपेक्षा हुँदैन । गृहस्थी भए पनि ज्ञान भए मुक्ति हुन्छ, ज्ञान नभए संन्यासीकै पनि मुक्ति हुँदैन । त्यसकारण भर्तृप्रपञ्चको ज्ञानकर्मसमुच्चयवाद यहाँ टिक्न सक्तैन । यही कुरो 'सर्वोपनिषत्सु' इत्यादिद्वारा स्पष्ट भएको छ ।

यसैमा फेरि पूर्वपक्ष आउँदछ – *'ब्रह्मचर्यं समाप्य गृही भवेत्, गृहाद् वनी भूत्वा प्रव्रजेत्'* यसले विकल्पलाई सङ्केत गरेको छ भने *'यदि वेतरथा ब्रह्मचर्यादेव प्रव्रजेत् गृहाद् वा वनाद् वा'* यसले समुच्चयलाई देखाएको छ । यसरी श्रुतिले विकल्प तथा समुच्चय देखाएकाले यिनलाई स्वीकार गर्दिन भन्न मिल्दैन भने तपाईंको मतमा पनि कर्म समुचित ज्ञान मुक्तिकाप्रति कारण सिद्ध हुन्छ । *'सिद्धस्तर्हि सर्वाश्रमिणां ज्ञानकर्मणोः समुच्चयः'* यसबाट पनि सम्पूर्ण आश्रमीका निम्ति ज्ञानकर्मसमुच्चयवाद सिद्ध हुन्छ । यो पूर्वपक्षमा शङ्कराचार्य भन्नुहुन्छ – 'न' ज्ञानकर्मसमुच्चयसिद्ध हुँदैन । संसारमा सबै मुमुक्षु छैनन् । कर्मविधान मुमुक्षु इतरमा हुन्छ । *'मुमुंक्षोःसर्वकर्मसंन्यासविधानात्'* मुमुक्षुका लागि सर्वकर्मसंन्यासको विधान हुन्छ भन्ने कुरा शङ्कराचार्यले दिएका छन् । *'व्युत्थाय अथ भिक्षाचर्यां चरन्ति, तस्मात् सन्यासमेषां तपसामतिरिक्तमाहुः'* यो बृहदारण्यक श्रुति यसमा प्रमाण छ । यहाँ व्युत्थायको अर्थ कर्म छोडेर भन्ने अर्थ हो । त्यस्तै अतिरिक्तको अर्थ भिन्नै होइन, सबैभन्दा ठूलो भन्ने हो । संन्यासमा सबैभन्दा ठूलो तपस्या हो । *'अतिरिक्तम् अतिशयवन्तं महाफलमितियावत्'* सर्वकर्मसंन्यास अतिशय अर्थात् महाफल दिने हो । *'न्यास एव अत्यरेचयत्'* न्यासले सबैभन्दा उत्कृष्ट ठाउँमा पुऱ्याउँदछ अर्थात् संन्यासले सांसारिक वासना निर्मुक्त गरिदिन्छ । यस्तै –

एतद् धर्ममधर्मञ्च उभे सत्यानृते त्यज ।
उभेसत्यानृते त्यक्त्वा येन त्यजसि तत्त्यज ॥

सत्य र झूठो दुवै छोड । सत्य र झूठो जुन आधारमा अडेको छ त्यो पनि छोड भन्ने कुरामा स्मृति छ । सत्य र झूठोको आधार माया हो । त्यसलाई पनि छोड भन्ने अर्थ



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उपर्युक्त स्मृतिवचनले दिन्छ –

परमात्मनि यो रक्तो यो रक्तोऽपरमात्मनि ।
सर्वैषणाविनिर्मुक्तः स भैक्ष्यं भोक्तुमर्हति ॥

जसको मन परमात्मामा लागेको छ र तदितरमा लागेको छैन, एषणा (कामना) समाप्त भइसकेका छन् भने त्यस्ता व्यक्ति भिक्षा माग्न योग्य हुन्छन् । त्यस्ता व्यक्ति संन्यासी हुन्छन् भनेर संन्यासको महिमा पनि देखाइएको छ । त्यस्तै अर्को स्मृतिवचन पनि अगाडि आउँदछ –

संसारमेव निः सारं दृष्ट्वा सारदिदृक्षया ।
प्रव्रजन्त्यकृतोद्वाहाः परं वैराग्यमाश्रिताः[३] ॥

परापरवैराग्यमध्ये परवैराग्यमा पुगेपछि विवाहको मतलब हुँदैन । विवाह नगरी नैष्ठिक ब्रह्मचर्यमा बस्तछन् । यसैगरी कर्मले बन्धन र विद्याले मुक्ति हुन्छ भन्नेमा पनि श्रुतिले निर्देश गरेको छ । श्रुतिस्मृति पुराणेतिहासादि सबैले कर्मको निन्दा र ज्ञानको प्रशंसा देखाएका छन् । यिनै माथिका प्रमाणका आधारमा पनि ज्ञानकर्मसमुच्चयसिद्ध हुँदैन । पुनः शङ्का हुन सक्छ । सर्वकर्मसंन्यास भएकोले पनि नित्य नैमित्तिक कर्म नगर्दा प्रत्यवाय लाग्दछ । यस्तो आशङ्कामा शङ्कराचार्य भन्नुहुन्छ – *'असंन्यासिविषयत्वात् प्रत्यवायप्राप्तेः'* सर्वकर्मसंन्यास नभएकालाई ती कर्म नगरे दोष लाग्दछ ।

साधारणका लागिमात्र अकरणे प्रत्यवाय जनकत्व लागू हुने हुनाले साथै मुमुक्षु अधिकारीका निमित्त शास्त्रको उपदेश भएकोले उसले के गर्ने भन्नेमा अगाडि विवरण – *'न तावन्नित्यानां कर्मणामभावादेव भावरूपस्य प्रत्यवायस्योत्पत्तिः कल्पयितुं शक्या युक्ता च'* निषिद्ध कर्म गरे प्रत्यवाय लाग्दछ भन्नुपर्दछ । विहितकर्म नगरे प्रत्यवाय लाग्दछ भन्नु हुँदैन । निषिद्ध कर्म गरे प्रत्यवाय लाग्दछ भन्नु र विहित कर्म नगरे प्रत्यवाय लाग्दछ भन्नुमा फरक के छ ? निषिद्ध कर्म गरे प्रत्यवाय लाग्दछ यसमा भावबाट भावको उत्पत्ति हुने स्थिति देखिन्छ भने विहित कर्म नगरे प्रत्यवाय लाग्दछ । यसमा अभावबाट भावको उत्पत्ति हुने स्थिति आउँदछ । कर्म गर्नुको अभाव कर्म नगर्नु हो । त्यही नगराइबाट प्रत्यवायरूप दोष जन्मन्छ । तसर्थ विहित कर्म नगरे प्रत्यवाय लाग्दछ नभनी निषिद्धकर्म गरे प्रत्यवाय लाग्दछ भन्नु पर्दछ । यहाँसम्ममा कर्मको निष्ठा नभई ज्ञानको गतिमा पुग्नसक्तैन भन्ने हिसाबमा अर्जुनको प्रश्न हो ।

दोस्रो अध्याय र तेस्रो अध्यायका विषयमा के सम्बन्ध ? कुन सङ्गति छ । शास्त्र बुझ्ने क्रममा सर्वत्र सङ्गति बुझ्नु पर्दछ । कुनै पनि कुरा सङ्गति अर्थात् तालमेलपूर्ण हुनुपर्दछ, अन्यथा विद्वान्ले स्वीकार्दैनन् । सङ्गति भनेर यहाँ *'अनन्तराभिधानप्रयोजक*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*जिज्ञासाजनकज्ञानविषयत्वम्*[४]' बुझिन्छ। सङ्गति भनेको राम्रोसँग बुझ्नु अर्थात् पहिलो अर्थसँगको मिलान दोस्रोमा छ भन्ने जान्नु हो। दोस्रो अध्याय जस्तै तेस्रो अध्याय पनि गीताशास्त्र भएकाले ती दुईमा सङ्गति मिल्नु आवश्यक हुन्छ।

'*अनन्तराभिधान*' इत्यादि सङ्गतिको लक्षण न्यायशास्त्रमा पाइन्छ। एउटा विषय सकिएपछि लगत्तै आउने विषयको सम्बन्ध के हो ? भन्ने देखाउँनु सङ्गति हो। त्यो यसरी बुझिन्छ – विषय विषयता सम्बन्धले ज्ञानमा रहन्छ। यसबाट दोस्रो अध्याय समाप्तिरूप विषयमा ज्ञानविषयता रह्यो र तेस्रो अध्याय प्रारम्भमा पनि ज्ञानविषयता रह्यो भन्न सकिन्छ। ज्ञानविषयता दुवैमा रहेकोले यिनमा सम्बन्ध देखाउँनु पर्‍यो। निष्कर्षमा बुझ्दा सङ्गतिको लक्षण सम्बन्ध हो। सम्बन्ध सङ्गतिको लक्षण भएकाले '*अनन्तराभिधानप्रयोजकजिज्ञासा-जनकस्मरणप्रयोजकनिरूप्यनिष्ठसम्बन्धत्वंसङ्गतित्वम्*' यस्तो लक्षण सम्पन्न हुन्छ।

लक्षणबाट सम्बन्धार्थ आउँदछ। विषयको आधारमा ज्ञान हुन्छ। त्यसैले दोस्रो अध्याय र तेस्रो अध्यायका विषयको सम्बन्ध एउटै छ भन्ने ज्ञान उपार्जन गर्नु सङ्गति हो। यी दुई अध्यायका विषयमा उत्थाप्य उत्थापकत्वसम्बन्ध छ। उठाइने उत्थाप्य र उठाउने उत्थापक हो। तेस्रो अध्यायका विषय उठाइने हुनाले ती उत्थाप्य र दोस्रो अध्याय समाप्ति पछि तेस्रो उठेकोले उठाउनेवाला उत्थापक हुन्छ। यसरी दोस्रो अध्याय र तेस्रो अध्यायको उत्थाप्य उत्थापकत्वसम्बन्ध सिद्ध हुन्छ।

सामान्यतया उत्थाप्य उत्थापकत्व सम्बन्ध छ भन्ने बुझेपछि दोस्रोका ७२ कारिकामध्ये कुन कारिकाले तेस्रो अध्यायको विषयोत्थापन गरेको छ ? ज्ञाननिष्ठा र कर्मनिष्ठा दुवै दोस्रो अध्यायका विषय परेकाले कसले उत्थापन गरेको हो ? अथवा दुवैले उत्थापन गरेको हो ? भन्ने जिज्ञासामा तेस्रो अध्यायमा उत्थापक विषय धेरै छन् तापनि यहाँ केही उदाहरणहरू प्रस्तुत गर्नु सान्दर्भिक ठान्दछु। जस्तै – स्थितप्रज्ञको लक्षणमा '*युक्त आसीत मत्परः*' युक्त भएर बस्नुपर्दछ भन्ने भगवद्वचन छ। ज्ञानयोग प्रसङ्गको यस वाक्यमा पनि उत्थापकत्व छ। '*योगस्थः कुरु कर्माणि*' भनेर कर्मयोगको प्रशंसा छ। यसमा पनि उत्थापकत्व छ। सन्देहोत्पादकवाक्यमा पनि उत्थापकत्व रहन्छ। किनभने विनासन्देह कुनै जिज्ञासा हुँदैन। अर्जुनमा जिज्ञासा उठानका लागि भगवान्द्वारा 'दूरेण ह्यवरं कर्म' इत्यादि आएको छ। बुद्धिभन्दा कर्म धेरै तलको कामै नलाग्ने कुरा हो। त्यसपछि 'कुरु कर्मैव तस्मात्त्वम्' इत्यादिले अर्जुनलाई संशय भएको छ। कर्म बुद्धिभन्दा धेरै सानो भन्ने बताएर सानो भए पनि कर्म नै गर्नुपर्दछ भन्ने निर्देशनले अर्जुनमा संशय हुनु स्वाभाविक हो। यस अर्थ संशयजनकवाक्यमा उत्थापकत्व छ भन्न सकिन्छ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भगवान्ले अर्जुनलाई संशयोत्थापकवाक्य किन भन्नुभयो ? सोझै ज्ञानोपदेश गरेको भए हुन्थ्यो ? भन्ने जिज्ञासा हुनसक्तछ । यसमा भगवान्को अवतार लोकानुग्रहका लागि हुन्छ । सोझै ज्ञानोपदेश गर्दा विद्याको मर्यादा रहँदैन । अर्जुनलाई उपदेश नगरी भएको पनि छैन । स्वकर्मबाट अर्जुन चुक्न पनि खोज्दैछन् । यही कुरालाई मध्यनजर गर्दै भगवान्द्वारा संशयोत्थापक वाक्य आएको हो । संशयजनक कुरा राखेपछि अवश्य अर्जुनमा जिज्ञासा जाग्दछ भनेर पनि यसो भएको हो । जिज्ञासा उठेकोले नै *'ज्यायसीचेत्'* इत्यादि प्रश्न अर्जुनले गरेका छन् । त्यसकारण दोस्रो र तेस्रो अध्यायमा उत्थाप्य उत्थापकत्वसम्बन्ध स्पष्ट छ ।

अधिकारीलाई उपदेश गर्दा पहिले संशयजनकवाक्य दिनु शास्त्रको मर्यादा हो । उत्तम अधिकारीलाई जिज्ञासा भइहाल्दछ, उधम अधिकारी भए हुँदैन, त्यस्तालाई ज्ञानोपदेश गर्नु आवश्यक पनि हुँदैन । त्यसकारण शुरुमै कुनै पनि कुराको निर्णय नगरी अधिकारीमा संशयोत्थापक वाक्य दिनुपर्दछ । अदालतमै पनि संशयोत्थापक वाक्यकै आधारमा मध्यस्थले निर्णय गर्दछ । संशयोत्थापकवाक्यको प्रयोग नभए लोकमर्यादा र शास्त्रमर्यादा समाप्त हुन्छ । अतः यस्तो वाक्य आएको हो । संशयपूर्वक निर्णय हुन्छ भन्ने लोकले बुझोस् भनेर पनि यसो गरिएको हो । न्यायभाष्य छ – *'नानुपलब्धे न निर्णीतेऽर्थे न्यायः प्रवर्तते किन्तु संशयितेऽर्थे'*[५] अर्थात् थाहा नभएको र निर्णय भइसकेकोमा न्यायको प्रवृत्ति हुँदैन, संशयित अर्थमा मात्र हुन्छ । त्यसैले अर्जुनलाई संशय गराउन र न्यायमार्गद्वारा निर्णय हुन्छ भन्ने लोकलाई बुझाउन पनि यो आएको हो ।

*'यत्र संशयस्तत्रैवं उत्तरोत्तर प्रसङ्गः'*[६] संशय भएपछिमात्र निर्णयका निम्ति धारा चल्छ अन्यथा चल्दैन । यस अर्थमा पनि संशयउत्थापकवाक्य हो भन्न सकिन्छ । यसरी दोस्रो अध्यायका अनेक विषय र तेस्रो अध्यायका विषयमा उत्थाप्य उत्थापकत्व सम्बन्ध सिद्ध छ ।

न्यायको पूर्वाङ्ग संशय हो भने उत्तराङ्ग निर्णय हो । संशय र निर्णयका बीचमा अरू कुरा पनि हुन्छन् । *'नीयते प्राप्यते विवक्षितार्थसिद्धिः अनेनेति न्यायः'*[७] अर्थात् जहाँबाट विवक्षित अर्थात् हुनुपर्ने कुराको सिद्धि हुन्छ त्यो न्याय हो । न्यायका निम्ति संशय हुनु अनिवार्य छ । यही अर्थ निर्धारणका लागि गौतम, वात्स्यायन आदिका सूत्रभाष्य यहाँ प्रस्तुत भएका हुन् । लोकमर्यादा र शास्त्रमर्यादा सुरक्षित गर्न भगवद् अवतार हो । यस दृष्टिमा दोस्रो अध्यायमा संशयोत्थापकवाक्य भएको हो । यसबाट अर्जुनमा संशय उठेको छ । उत्थाप्य र उत्थापकत्व दुई अध्यायका सङ्गति हुन् ।

यस्तै वेदान्तका तीन प्रस्थान श्रुति, स्मृति र न्याय हुन् । यी तीनमध्ये गीता स्मृति प्रस्थानमा पर्दछ । विचार गर्दा न्यायप्रस्थानको उद्गम गीतामा नै भएको छ । न्यायप्रस्थानद्वारा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शास्त्रको अर्थ गर्ने प्रवृत्ति लोकले बुझ्नेन भने लोकमर्यादा र शास्त्रमर्यादा समाप्त हुन्छ । यो कुरा देखाउँन गीतामा भगवान्‌ले न्यायप्रस्थानको सङ्केत गर्नुभएको छ । यस अर्थमा गीताशास्त्र स्मृतिप्रस्थानबाट मात्र गतार्थ छैन, संशयोत्थापकवाक्यकै आधारमा अर्जुनका प्रश्नको कोटि चढेकोले यो न्याय प्रस्थान हो भन्नु युक्तिसङ्गत हुन्छ । भगवान्‌ले नै न्याय प्रस्थान यहाँ देखाउँनुभएकोले पछिका आचार्यहरूले न्यायप्रस्थान प्रारम्भ गरेका हुन् भन्न मिल्दैन । उत्थाप्य रउत्थापकत्व सङ्गतिबाट नै न्यायमार्गको वस्तुस्थिति भगवान्‌ले देखाउँनुभएको स्पष्ट हुन्छ । यस्तै अर्जुनको प्रश्न ज्ञानपरक हो समुच्चयपरक होइन भन्ने पनि स्पष्ट भएको छ ॥२॥

## शास्त्रार्थ प्रयोजकसूत्र

दोस्रो अध्यायमा पहिले साङ्ख्ययोग र त्यसपछि कर्मयोगको कुरा छ । यो शास्त्र बुझ्ने क्रम हो । अनुष्ठानको क्रममा सबभन्दा पहिले निष्काम कर्म हुन्छ । त्यसबाट अन्तःकरण शुद्धि हुन्छ । निष्कामकर्ममा परिनिष्ठाका लागि शमदमादिसाधन चाहिन्छन् । त्यसपछि सर्वकर्मसंन्यास हुन्छ । सर्वकर्मसंन्यास भएपछि वेदान्तवाक्यमा विचार गर्ने योग्यता आउँदछ । त्यसपछि तत्त्वज्ञाननिष्ठा हुन्छ । ज्ञाननिष्ठा भएपछि त्रिगुणात्मक अविद्यानिवृत्ति हुन्छ । अविद्यानिवृत्ति भएपछि जीवन्मुक्ति हुन्छ । जीवन्मुक्त वासना निर्मुक्त हुन्छ तापनि लोकानुग्रहका निम्ति शुभवासना उसमा रहेको हुन्छ । शुभाशुभवासनालाई दैवासुर सम्पत् भनी सोह्रौँ अध्यायमा विस्तृत विवेचना गरिएको छ । तत्त्वज्ञानका लागि दैवीसम्पत् र त्यसका निम्ति चाहिने साधन सात्विकी श्रद्धा हो । यसको पनि विवेचन सत्रौं अध्यायमा आउँने छ । दोस्रो अध्यायमा निरूपित सूत्रमध्ये *"योगस्थः कुरुकर्माणि"* यही सूत्रकै विवरण तेस्रो अध्यायमा हुन्छ । चौथोमा पनि यसैको विवरण हो । मूलतः निष्काम कर्मको व्याख्या तेस्रो र चौथोमा मात्र हुन्छ, पाँचौं र छैटौंमा अरू कुरा पनि आउँदछन् । निष्काम कर्मको व्याख्यामा आउने केन्द्रीभूतसूत्र "योगस्थः कुरु कर्माणि सङ्गं व्यक्त्वा धनञ्जय" हो ।

उक्त योगद्वयको वर्गीकरण सूत्र व्याख्या गर्ने क्रममा अर्जुनको प्रश्न *"ज्यायसी चेद्"* इत्यादि दुईओटा श्लोकमा छ । यो ज्ञानकर्मसमुच्चयवाद होइन, प्रश्नकै मर्यादाले पनि यो कुरा पुष्टि गर्दैन । मुक्तिका प्रति ज्ञान कारण हो भन्ने गीताशास्त्रको अभिप्राय हो र प्रश्नले पनि यही कुरा पुष्टि गरेको छ । प्रश्नानुसारी उत्तर भगवान् श्रीकृष्णको छ । यहाँ ज्ञानकर्मसमुच्चय सिद्ध हुनै सक्तैन । यो कुरा देखाउँन –

*"प्रश्नानुरूपमेव प्रतिवचनं श्रीभगवानुवाच लोकेऽस्मिन् इति"* – प्रश्नानुरूपकै उत्तर



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दिनुपर्दछ भन्ने मर्यादा छ। प्रश्नानुरूप उत्तर छ। अब प्रश्नानुसारकै उत्तर छ भनेर किन भन्ने ? यस्तो आशङ्का आउन सक्छ। ज्ञानको कर्मसमुच्चयवाद खण्डन भइसकेपछि भगवान्को उत्तर प्रश्नानुसारी छ। यस भङ्गीले अर्जुनको प्रश्न समुच्चयपरक होइन र भगवान्को उत्तर पनि ज्ञानपरक भन्ने स्पष्ट भएको छ। यसैका लागि *"प्रश्नानुरूपमेव"* इत्यादि पङ्क्ति हो। अशोच्यानन्वशोचस्त्वमित्यादिमा जस्तै व्याख्या 'श्रीभगवानुवाच' को हुने भएकोले फेरि यहाँ व्याख्या अपेक्षित छैन।

श्रीभगवानुवाच –

लोकेऽस्मिन् द्विविधानिष्ठा पुरा प्रोक्ता मयानघ।<br>
ज्ञानयोगेन संख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

यस श्लोकमा अर्जुनलाई *'अनघ'* पदबाट सम्बोधन गरिएको छ। अनघको अर्थ पापरहित, हुन्छ। पापीले विद्या बुझ्न सक्तैन, अर्जुनमा विद्या बुझ्ने योग्यता छ भन्ने देखाउँन *'अनघ'* सम्बोधन आएको छ। यस लोकमा दुई निष्ठा छन् भन्ने कुरा मैले पहिले नै बताइसकेको छु। भगवान् भन्नुहुन्छ – यहाँ नयाँ कुरा प्रस्तुत हुने होइन। *'अस्मिन् लोके'* पदावलीले कर्माधिकार मनुष्य लोकमा हुन्छ, अन्यत्र हुँदैन। मनुष्यलोकमै पनि मनुष्य इतर पशु आदिले कर्म गर्न सक्तैनन्। मनुष्यमा पनि अर्थित्व र शक्तत्व आदि कर्मको निम्ति चाहिन्छन्। यही मर्त्यलोकलाई लक्ष्य गर्दै सृष्टिका आदिमा ज्ञानयोग र कर्मयोगकाबारेमा भगवान्को उपदेश छ। साङ्ख्ययोगमा पुगेको व्यक्ति ज्ञानयोगको अधिकारी र त्यहाँ नपुगेको कर्मयोगको अधिकारी हुन्छ। यो कुरा पनि वर्गीकरणपूर्वक पहिले नै भएको छ। सृष्टिको आदिमा वर्गीकरण पूर्वक उपदिष्ट कुरा अहिले अनुवाद भएकोले यहाँ कुनै नयाँ कुरा छैन। यसैलाई अवतरणरूपमा *"प्रश्नानुरूपमेव प्रतिवचनं श्रीभगवानुवाच"* छ।

*"अस्मिन्लोके शास्त्रार्थानुष्ठानाधिकृतानां त्रैवर्णिकानां द्विविधा – द्विप्रकार, निष्ठा–स्थितिः, अनुष्ठेयतात्पर्य, पुरा – पूर्व सर्गादौ"* भनेर शास्त्रार्थानुष्ठानमा त्रैवर्णिकको अधिकार छ। त्रैवर्णिकलाई लक्ष्य गर्दै मर्त्यलोकमा "द्विविधा निष्ठा" दुई किसिमको स्थिति हुन्छ भनी सङ्केत गरिएको छ।

अनुष्ठेयतात्पर्य – त्रैवर्णिकले कसरी अनुष्ठान गर्ने भन्ने बारेमा मीमांसा शास्त्रमा 'इतिकृत्य' पनि छ। मर्त्यलोकका त्रैवर्णिकको दुई किसिमको स्थिति हुन्छ। त्यो स्थितिलाई सङ्केत गर्दै *'अनुष्ठेयतात्पर्य सर्गादौ'* आएको छ।

सृष्टिको आदिमा सर्वप्रथम प्रजाको सृष्टि भयो। सृष्टिमा आएका प्रजामध्ये कसैलाई अभ्युदय – यो लोकमा समृद्धि र कसैलाई निःश्रेयस – मुक्ति चाहिएको छ। यस अर्थमा पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



'लोकेऽस्मिन् द्विविधा निष्ठा' छ । भोगेच्छा बाँकी रहेकाको सृष्टि हुँदा भोगसाधनामा प्रवृत्त हुन्छ । भोगेच्छानिवृत्त ज्ञानमार्गी साङ्ख्यमार्गमा प्रवृत्त हुन्छन् । अभ्युदय निःश्रेयससिद्धिको साधन वेद हो । वेदोदित सम्प्रदाय आविष्कार गर्ने काम शुरुमा मैले बताएको हुँ । वेद भनेको परमात्मा हो, त्यो म नै हुँ । *"प्रोक्ता मया सर्वज्ञेन ईश्वरेण"* सृष्टिको आदिमा बताउने सर्वज्ञ ईश्वर म हुँ । यस्तो कुरा भगवान्को हो भनी शङ्कराचार्यको यहाँ भनाइ छ । यसमा प्रमाण के छ ? *"अतः प्रभवात् प्रत्यक्षानुमानाभ्याम्"* भन्ने शारीरकमीमांसा सूत्र छ । अतः ब्रह्मद्वारा वेदको उत्पत्ति भएको हो अथवा ब्रह्मद्वारा सृष्टि भएको संसार वेदमूलक हो । वेदमूलक सृष्टि भएकोले पहिले वेद हुने भयो । त्यस अनुसार सृष्टि भएको छ । यो कुरा देखाउँन अतः प्रभवादित्यादि वादरायण सूत्र हो । वेदद्वारा सृष्टि भएको भन्नेमा प्रत्यक्ष र अनुमान प्रमाण छन् । प्रत्यक्ष र अनुमान भनेको के हो ?

*"प्रत्यक्षं श्रुतिः प्रामाण्यं प्रति निरपेक्षत्वात्"* श्रुतिलाई प्रत्यक्ष भनिन्छ, किनभने श्रुतिप्रामाण्यका लागि अर्काको अपेक्षा पर्दैन । *"अतः प्रभवात् प्रत्यक्षानुमानाभ्याम्"* यसमा प्रत्यक्षको अर्थ श्रुति हो । वेदद्वारा ईश्वरले सृष्टि गर्दछन् भन्ने कुरा श्रुतिको छ । *'अनुमानं स्मृतिः प्रामाण्यं प्रतिसापेक्षत्वात्'*[८] – वेदले सृष्टि गरेको हो भन्नेमा अनुमान प्रमाण पनि छ । प्रत्यक्ष भनेको श्रुति हो भने अनुमान स्मृति हो । प्रमाण सापेक्ष भएकोले अनुमान स्मृति हो । स्मृति स्वतः प्रमाण नभई वेदको आधारमा मात्र हुन्छ । यी दुई प्रमाणको आधारमा परमात्माले वेदपूर्वक सृष्टि गर्दछ भन्ने सिद्ध हुन्छ । श्रुतिस्मृतिप्रमाण भएको कुरा बादरायण सूत्रबाट पनि आएको छ । वेद तथा स्मृति के हो ? भन्ने जिज्ञासा शमन गर्न शङ्कराचार्य श्रुति दिनु हुन्छ –

*"य एत इति वै प्रजापतिर्देवानसृजत"*[९] यहाँ प्रजापति भनेर ब्रह्मलाई लिनुपर्दछ । शुरुमा देवताको सृष्टि गरे । त्यसपछि मनुष्यको सृष्टि गरे *"असृजम् इति मनुष्यान्"* *"इन्दब इति पितृन्"* इन्दब भनी पितृको सृष्टि गरे । *"तिरः पवित्रमिति महान्ः"* भनेर महतत्त्वको सृष्टि गरे । *"आशव इति स्तोत्रम्"* आशव भनेर स्तोत्र सृष्टि गरे । *"अभिसौभग इति अन्याः प्रजाः"* अभिसौभग भनी अरू प्रजाको सृष्टि गरे । वेदवचन पूर्वक सृष्टि भएको हो भन्ने पनि यसैबाट स्पष्ट हुन्छ । *"अतः प्रभवाद्"* इत्यादि बादरायण सूत्रमा निर्दिष्ट श्रुति पनि यी नै हुन् । त्यस्तै वेदपूर्वक सृष्टि भएको कुरा अनुमान अर्थात् स्मृतिले पनि पोषण गर्दछ । स्मृति यस्तो छ–

सर्वेषां स तु नामानि कर्माणि च पृथक् पृथक् ।
वेद शब्देभ्यः एवादौ पृथक् संस्थाश्च निर्मिमे ॥[१०]



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वेदपूर्वक सृष्टि भएका वस्तुको नामकरण गर्ने काम पनि *"सः आत्मा"* प्रजापतिले गरेको छ। घटलाई घट र पटलाई पट भन्नुपर्दछ भन्ने व्यवस्था ब्रह्मले गरेको हो। *"एकादशेऽहनि पिता नाम कुर्यात्"* एघारौँ दिनमा पिताले नाम राखोस् भन्ने छ तापनि त्यो आधुनिक सङ्केत हो। नामकरण गर्ने व्यक्ति ईश्वर हो। नामकरणपछि जातिको आधारमा कर्म व्यवस्था ईश्वरले गरेको छ। यी सबै कुरा वेदशब्दद्वारा सृष्टिको आदिमा गरे। त्यस्तै पृथक् संस्था पनि अर्थात् पृथक् पृथक् सङ्घात शरीर बनाए। शरीरमा पञ्च महाभूत, महत्तत्त्व, अहङ्कार, पञ्चतन्मात्रादिको संमिश्रण छ, चेतनतत्त्व छ। त्यसैले शरीर संस्था हो।

यी सबै कुरा वेदशब्दद्वारा भएकोले अरू नयाँ छैन। वेदबाट सबै हुनेहुनाले पहिले बताएको भनिएको हो। बादरायण सूत्रले पनि स्पष्ट गरेकै छ। यो कुरा भगवान्ले कसरी बुझ्े भन्ने अर्जुनको शङ्कामा शङ्कराचार्य भन्नुहुन्छ – स्वयं भगवान् श्रीकृष्णले बताएको यो सर्वज्ञले बताएको हो। यही कुरा ११ औँ अध्यायमा हुनेछ। यस अर्थ यहाँ नयाँ कुरा छैन। शङ्कराचार्य *'सर्वज्ञेन वेदार्थसम्प्रदायमाविष्कुर्वता'* – वेदार्थसम्प्रदायका आविष्कारक सर्वज्ञेश्वर भगवान् श्रीकृष्ण हुन्। प्रलयकालमा लुकेको कुरा आविष्कार भएको हो। नभएको कुरा भएको होइन। यो अर्थ *'वेदार्थसम्प्रदायं कुर्वता'* – वेदार्थसम्प्रदाय बनाउने नभनी बुझाउन आविष्कार गर्ने भन्ने छ। सर्वज्ञ भएकोले भगवान्द्वारा आफूलाई वेदार्थसम्प्रदायको आविष्कारक भनिएको हो।

*'सर्गादौ प्रजासृष्ट्वा तासामभ्युदय निःश्रेयसप्राप्तिसाधनं वेदार्थसम्प्रदायमाविष्कुर्वता मया सर्वज्ञेन ईश्वरेण'* अर्थात् सर्वज्ञेश्वर मैले सृष्टिको आदिमा प्रजाको सृष्टि गरेर तिनीहरूको अभ्युदयनिःश्रेयस प्राप्तिको साधनरूप वेदार्थसम्प्रदायको आविष्कार गरेँ। हेऽनघ अर्थात् *'अपाप तत्र का सा द्विविधानिष्ठा'* – सारा कुरा वेदपूर्वक भएकोले ज्ञाननिष्ठा र कर्मनिष्ठा पनि त्योभन्दा बाहिरको भएन। दुई किसिमको निष्ठा के हो ? – *'ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम्'* ज्ञानयोग र कर्मयोग दुईओटा निष्ठा हुन्। तत्र का सा इत्यादिको 'तत्र' यो सप्तमी विभक्ति हो। निर्धारणार्थमा सप्तमी भएकोछ। दुई निष्ठा मध्ये ज्ञानयोग भन्नाले परमार्थवस्तुविषयकज्ञान भन्ने बुझ्नुपर्दछ। *'ज्ञानयोग'* यहाँ 'ज्ञप्तिर्ज्ञानम्' ज्ञान ज्ञान भन्ने अर्थ गर्नुपर्दछ। *'ज्ञायतेऽनेनेति'* ज्ञानम् करणव्युत्पत्तिद्वारा ज्ञानको अर्थ गर्न मिल्दैन। ज्ञानको भाव व्युत्पत्ति भएजस्तै योगमा पनि कुनै व्युत्पत्ति हुनुपर्दछ। कस्तो व्युत्पत्ति हुन्छ ? *'युज्यतेऽनेन ब्रह्मणेति योगः'* जहाँबाट ब्रह्मसँग सम्बन्ध हुनसक्तछ, त्यो योग हो। आनन्दगिरिले यही कुरा सङ्केत गरेका छन्। यही योगसँग ज्ञानको समास गर्दा पनि *'ज्ञानमेव योग इति ज्ञानयोगः'* हुन्छ। यस किसिमको ज्ञानलाई *'ज्ञानयोगेन साङ्ख्यानाम्'* भनिएको हो। *'साङ्ख्यानाम्*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



– *आत्मविषयकविवेकविज्ञानवताम्* अर्थात् आत्मविषयकज्ञानलाई साङ्ख्यतया प्रवर्तत इति साङ्ख्यम् ।' साङ्ख्यज्ञानको विस्तृत विवेचन 'एषातेऽभिहितासाङ्ख्ये' इत्यादिमा भएकै छ । आत्मा विषय परेको ज्ञान र त्यस्तो ज्ञानीलाई साङ्ख्य भनिन्छ । घटपटादि ज्ञानीलाई साङ्ख्य भन्न मिल्दैन । *'ब्रह्मचर्याश्रमादेव कृतसंन्यासानाम्'* – ब्रह्मचर्याश्रमदेखि जसद्वारा सर्वकर्मसंन्यास भएको छ अर्थात् आत्मानात्मविवेकद्वारा जसमा सर्वकर्मसंन्यास भएको छ त्यसैलाई साङ्ख्य भनिन्छ ।

सर्वकर्मसंन्यास भएर आत्मतत्त्वमा लाग्ने आधारभूत कुरा *'वेदान्तविज्ञान सुनिश्चितार्थत्व'* हो । जसले वेदान्तविज्ञानलाई निश्चितरूपमा बुझेको छ त्यसले सर्वकर्मसंन्यासपूर्वक आत्मतत्त्वमा लाग्न सक्तछ । यसैमा मुण्डकोपनिषद् भन्छ – *'वेदान्तविज्ञानसुनिश्चितार्थाः संन्यासयोगात् यतयः शुद्धचित्ताः ।'* [१२] जुनसुकै आश्रममा पनि सर्वकर्मसंन्यासद्वारा जसको चित्त शुद्ध भएको छ, त्यो वास्तवमा कृतसंन्यासी हुन्छ । संन्यासी सर्वकर्मसंन्यस्त हुनसक्तछ । तिनले आत्मविषयक विज्ञानलाई निश्चित गर्न सक्तछन्, अरूले सक्तैनन् । आत्मविषयक विज्ञान सुनिश्चित गर्न सक्ने व्यक्ति साङ्ख्य हो । साङ्ख्यलाई परमहंसपरिव्राजक भनिन्छ । *'परित व्रजतीतिः परिव्राजक'* सांसारिक प्रपञ्चको मतलब नभएको व्यक्ति । परिव्राजक मात्र होइन परमहंसपरिव्राजक हो । *'परमहंस'* मा *'हंस'* भनेको जीवात्मा हो । प्रसङ्ग हेरी कतै परमात्मा भन्ने अर्थ आएपनि यहाँ जीवात्मा अर्थ हुन्छ । जीवात्मा बुझ्नु पर्दछ । परिव्राजकले संसारलाई वास्ता नगरेपछि वास्ता गर्ने ठाउँ अन्यत्र हुनुपऱ्यो । त्यो ठाउँ हंस हो । हंसरूप जीवात्मा पनि साधारण होइन परमहंस अर्थात् परमगतिमा पुगेको जीवात्मा हो । त्यस्तो व्यक्ति परमहंस हुन्छ, अरू हुँदैनन् । संसारमा प्रायः परमहंसपरिव्राजक पाउन दुर्लभ छ । जन्मैदेखि प्रपञ्चको वास्ता नभएका सनक आदि ऋषिहरू परिहंसपरिव्राजक हुन् । यस्ता परिव्राजकको ज्ञानयोगमा निष्ठा हुन्छ कर्मयोगमा हुँदैन । *'ज्ञानयोगेन साङ्ख्यानां'* यसैले भनिएको हो ।

मुख्य र गौण गरी संन्यास दुई प्रकारका हुन्छन् । मुख्य संन्यास पनि विविदिषा र विद्वत् गरी दुई किसिमका हुन्छन् । वस्तुतः मुख्यसंन्यास विद्वत् हो । विद्वत्संन्यासमा पुगेपछि संसारको त कुरै नगरौं शरीरप्रति पनि वास्ता हुँदैन । विद्वत्संन्यासमा विधिविधानको कुरै आउँदैन । यसै अर्थमा *'निस्त्रैगुण्ये पथि विचरतां को विधिः को निषेधः'* [१३] भनिएको हो । विद्वत्संन्यासभन्दा तल्लो विविदिषा हो । यसमा विधिविधानको अपेक्षा हुन्छ । परमहंसपरिव्राजक भनेर यहाँ मुख्य संन्यासी हो । विविदिषु होइन । *'ब्रह्मण्येवावस्थितानाम्'* त्यस्ता परमहंसको ब्रह्ममा लाग्ने स्थिति हुन्छ । दुई निष्ठा मध्ये ज्ञानयोग भनेर यस्तो स्थिति हो । यहाँसम्मको व्याख्या साङ्ख्ययोगको हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'कर्मयोगेन योगिनाम्'* कर्मको बारेमा विस्तृत विवरण चौथो अध्यायमा आउने नै छ तापनि प्रसङ्गात् आएको कुरा सामान्यतया यहाँ पनि बुझ्नु आवश्यक छ। वर्णाश्रमको माध्यमले वेदले विधान गरेको कर्म कर्म हो। कर्मको अर्थ वर्णाश्रमधर्म, आश्रमधर्म, सामूहिकधर्म, व्यक्तिगतधर्म, सामान्यधर्म यी सबै हुन्। यी धर्महरूसँगको योग कर्मयोग हो। वेदविहित वर्णाश्रमादिधर्मको योगद्वारा अभ्युदय हुन्छ। कर्मयोगमा निष्ठा भएकालाई कर्मी भनिन्छ। सामान्यतया लोकस्थितिमा काठको काम गर्नेलाई कर्मी भनी लिने चलन छ तापनि यहाँ त्यस्तालाई कर्मी नभनी वेद विहितकर्म गर्नेलाई कर्मी भनिएको छ। तत्सम संस्कृतशब्द कर्मी हो।

ज्ञानयोगमा जस्तै यहाँ पनि *'कर्म एव योगः कर्मयोगः'* कर्म नै योग भन्ने समास गर्नुपर्दछ। कर्मैव योगः कर्मयोगः तेन कर्मयोगेन। योगिनां – कर्मिणां निष्ठा प्रोक्ता – कर्मयोगीहरूको निष्ठा कर्मयोगमा छ भन्ने सृष्टिको आदिमा उपदिष्ट थियो। ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम् भनेर पहिले निरूपितै कुरा भएको छ। ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम् बाट पनि ज्ञानकर्मसमुच्चय होइन भन्ने तात्पर्य आएको छ। कसरी आयो ? *'यदि च एकेन पुरुषेण एकस्मै पुरुषार्थाय'* एउटै पुरुषले ज्ञान र कर्म गर्नुपर्ने भए भगवान्ले पनि त्यस्तै भन्नुपर्ने। तर त्यसो नभनी *'ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम्'* विभागपूर्वक भएको छ।*'ज्ञानंकर्म च समुचित्यानुष्ठेयं भगवता इष्टमुक्तं वक्ष्यमाणं वा गीतासु'* गीताशास्त्रमा एकैपटक गर्नुपर्दछ भनी बताएको भए भगवान्ले पनि त्यसैगरी बताउनु हुन्थ्यो। तसर्थ एकै समयमा एकै पुरुषमा ज्ञानकर्म हुन सक्तैन। ज्ञानकर्मसमुच्चयवादीहरू शङ्का गर्दछन् –

*'वेदोऽखिलो धर्ममूलं स्मृतिशीलं च तद्विदाम्'*[१४] प्रवृत्ति र निवृत्ति धर्मको मूल वेद हो। अभ्युदयको साधनभूत कर्मविधान पनि वेदले गरेको छ। अनि अभ्युदय निःश्रेयस प्राप्तिरूप पुरुषार्थका लागि ज्ञानकर्म एकैपटक किन हुन नसक्ने ? हुँदैन भने वेद नै अप्रमाण हुन जान्छ। ज्ञान पनि वेदमूलक हो, त्यसैद्वारा पुरुषार्थसिद्धि हुन्छ भन्ने पनि कुरा मिल्दैन। *'यदि पुनः अर्जुनो ज्ञानं कर्म च द्वयं श्रुत्वा स्वयमेव अनुष्ठास्यति'* अर्थात् ज्ञान र कर्म दुवै सुनेर समुच्चयकै अनुष्ठान अर्जुनले गर्दछन् भन्ने दृष्टिले भगवान्ले उपदेश गरेका छन् – अर्थात् भगवद्भक्त अर्जुन समुच्चय नै ठानून् भन्ने दृष्टिमा उपदेश भएको हो। यस्तो मनगढन्ते व्याख्या गर्न मिल्दैन। यसो गर्दा अनर्थ हुन्छ।

भगवान्को अवतार कसैलाई ठगनका निम्ति भएको होइन। अर्जुनलाई एउटा र अरूलाई अर्कै उपदेश गर्ने भगवान्को अभिप्राय होइन। भगवान्को त्यस्तो अभिप्राय हो भने



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



– *'तदा रागद्वेषवान् अप्रमाणभूतो भगवान् कल्पितः स्यात्'* अर्थात् भगवान् रागद्वेषवाला भयो। त्यस स्थितिमा भगवान्को वचनमा पनि अप्रमाण आउँछ। भगवान् रागद्वेषवाला हुँदैन। त्यसैले अरूलाई र अर्जुनलाई छुट्टाछुट्टै उपदेश गरे भन्ने कल्पना गर्न मिल्दैन। पूर्वपक्षीले गरेको उक्त शङ्का सर्वथा अयुक्त छ। *'तच्चायुक्तम्'*। त्यसकारण ज्ञानकर्मसमुच्चय कहीँ पनि सिद्ध हुँदैन। न अर्जुनको प्रश्नमा ज्ञानकर्मसमुच्चयको अपेक्षा छ। न त भगवान्को उत्तरमा नै छ। यसरी समुच्चयखण्डन भएको छ।

*'धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते'* द्वारा कर्मनिष्ठाको स्पष्ट सङ्केत भएकोले पनि समुच्चयको सम्भावना आउँदैन। यस्तै *'लोकेऽस्मिन् द्विविधा निष्ठा'* – लोकमा दुई निष्ठा छन्, ज्ञान र कर्म। दुई कुरा हुँदा हुँदै पनि निष्ठा स्वतन्त्र एकवचनमा प्रयोग भएको छ। निष्ठा स्वतन्त्र प्रयोगमा आएकोले कर्मयोगको अर्थ कर्मनिष्ठा हो भने ज्ञानयोगको अर्थ ज्ञाननिष्ठा हो। कर्मनिष्ठाद्वारा वैराग्योत्पत्ति भएपछि ज्ञाननिष्ठा हुन्छ अन्यथा हुँदैन। यो देखाउँन 'निष्ठा' एकवचनान्त प्रयोग भएको हो। कालभेदेन एकै व्यक्तिमा ज्ञाननिष्ठा र कर्मनिष्ठा हुन्छ भन्ने स्पष्टताका लागि पनि निष्ठा एकवचनान्त प्रयुक्त हो। *'लोकेऽस्मिन् द्विविधा निष्ठा'* यसमा द्विविधत्व निष्ठामा विशेषण हो ज्ञान वा कर्ममा होइन। *'अत्र द्विविधत्वं, निष्ठायां विशेषणम्'*। ज्ञानयोग र कर्मयोग, अवस्थाभेदेन, भूमिकाभेदन हुन सक्तछ। यो पनि देखाउँन निष्ठाशब्दमा एकवचन प्रयोग भएको हो। ज्ञाननिष्ठा र कर्मनिष्ठा अधिकारी भेदेन हुन्छ अथवा एउटै व्यक्तिमा पनि अवस्थाभेदेन हुनसक्तछ। अतः वैयर्थ्य छैन, दुवैतिर मिल्नसक्तछ। चित्तशुद्धि नभएसम्म कर्मानुष्ठान हुन्छ। अशुद्धचित्तको ज्ञानानुष्ठान हुनसक्तैन। अगाडिको श्लोक भन्नाका लागि –

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते।
न च संन्यासनादेव सिद्धिं समधिगच्छति ॥

नगरेको कर्म त्यागदैमा निष्कामी हुन्छ भन्न मिल्दैन। कर्मको त्यागले मात्र रूपसिद्धि हुँदैन। ज्ञाननिष्ठाका लागि चित्त शुद्धि अपरिहार्य छ। *'न कर्मणामनारम्भात्'* इत्यादि चारौँ श्लोकदेखि १६ औँ श्लोक *'मोघं पार्थ स जीवति'* सम्मका १३ ओटा श्लोकले चित्त शुद्धि कसरी हुन्छ भन्ने देखाएका छन्। शुद्धचित्त भएका ज्ञानीमा कर्मको अपेक्षा हुँदैन। यो कुरा *'यस्त्वात्मरतिरेव स्यात्'* इत्यादि १७,१८ दुईओटा श्लोकले देखाएका छन्। कर्मबन्धहेतुयुक्त हुन् तापनि आसक्ति रहित कर्मले बन्ध हुँदैन भन्ने कुरा *'तस्मादसक्त'* इत्यादिले गरेका छन्। त्यसपछि *'अथ केन प्रयुक्तोऽयं'* बाट प्रश्न उठाइ कामनाद्वारा बिग्रन्छ भन्ने देखाएर काम्यकर्मका शुद्धिका हेतु पनि देखाएको छ। कामनारहित भई कर्मले अन्तःस्करण शुद्धि हुन्छ अनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ज्ञानको अधिकारी हुन्छ । तेस्रो अध्यायका विवरणमा यी नै कुरा आउँदछन् । मधुसूदनी टीकाद्वारा स्पष्ट छ ।

यसरी विभिन्न किसिमले विषयवर्गीकरणपूर्वक विवेचना भएकोले ज्ञानकर्मसमुच्चयको सम्भावना देखिँदैन । यो जन्म अथवा जन्मान्तरका आसक्तिविहीन कर्मले चित्तशुद्धि हुन्छ । यो कुरा *'प्रागपि अधीतविद्यस्य ब्रह्मविद्योपपत्तेः'*[१५] अध्यासभाष्यमा छ । जन्मान्तरमा पनि चित्तशुद्धि हुनेहुनाले अहिले चित्तशुद्धि भएन भनी चिन्ता गर्नु आवश्यक छैन । कर्म गर्दैजाँदा एकदिन अवश्य चित्तशुद्धि हुन्छ । चित्तशुद्धिद्वारा वैराग्योत्पत्ति हुन्छ । वैराग्यद्वारा प्रत्यक्प्रवणचित्त हुन्छ अर्थात् चित्त बाहिरीरूपमा नदौडी भित्रभित्रै लाग्दछ । जसरी पानीको स्वभाव तलतिर मात्र बग्ने हुन्छ । त्यस्तै वैराग्य भएपछि स्वभावतः चित्त भित्र जान्छ । त्यसपछि श्रेयः कुरा सुन्ने बित्तिकै बुझ्ने क्षमता आउँदछ । यसैमा विवरणकार भन्दछन् –

श्रवण ज्ञानाङ्ग हो, मनन र निदिध्यासन ज्ञानाङ्ग होइनन् । भामती र विवरणकारको यसबारे केही मतभेद पनि छ । कर्मद्वारा जन्मान्तरमा पनि चित्तशुद्ध हुन्छ भन्ने कुरा *'सहकार्यान्तरविधिः पक्षेण'*[१६] द्वारा स्पष्ट छ । कर्म नै गरे पनि साङ्ख्यमार्गको साधन कर्म भएकोले त्यसद्वारा साङ्ख्यमार्ग अवश्य प्राप्त हुन्छ । सम्पूर्ण कर्म ईश्वर समर्पण भावमा गर्दै गएमा कर्मसमाप्ति भई ज्ञानको अधिकारी हुन्छ । त्यसपछि उसको चित्त ब्रह्ममा लाग्दछ –

निर्विशेषं परं ब्रह्म साक्षात्कर्तुमनीश्वराः ।
ये भक्तास्तेऽनुकम्प्यन्ते सविशेषनिरूपणैः ।[१७]

ब्रह्म निर्विशेष हो, त्यसमा चित्त लाग्नु कठिन कुरा हो । जसले निर्विशेष ब्रह्ममा चित्त लगाउँन सक्तैन, त्यसले पहिले सविशेष ब्रह्ममा चित्त लगाउनु पर्दछ । शास्त्रको निर्देश यस्तो छ । सविशेष ब्रह्मबाट बिस्तारै निर्विशेष ब्रह्ममा पुग्न सकिन्छ । यो योगमार्ग हो । यसरी साङ्ख्य र योगमार्गको विवेक पूर्वक लाग्नुपर्दछ । साङ्ख्य र योगमार्गको विवेक गर्ने अधिकारीमा *'ऊहापोहकुशलत्व'* हुनुपर्दछ । ऊहश्च अपोहश्च ऊहापोहः । ऊह भनेको तर्क हो । तर्कद्वारा आएको गलत कुरा हटाउनु अपोह हो । अर्थात् ऊहापोह भनेको तर्क वितर्क हो । ऊहापोहकुशल पुरुषले साङ्ख्य र योगमार्गको विवेक गर्न सक्तछ । ऊहापोहकुशलत्व पनि साङ्ख्यमार्गमा पुगेको व्यक्तिमा अथवा योगमार्गको परिनिष्ठा भएको व्यक्तिमा हुन्छ । त्यस्ता व्यक्तिका निम्ति संसार भए पनि नभए समान हुन्छ । यो कुरा स्थितप्रज्ञको लक्षणमा पनि गएको छ । यो सङ्केत योगसूत्रमा छ –

*'कृतार्थंप्रति नष्टमपि अनष्टं तदन्यसाधारणत्वात्'*[१८] कृतार्थ – साङ्ख्यमार्गमा पुगेका व्यक्तिका निम्ति संसार जस्ताको तस्तै छ । तिनीहरूमा ऊहापोहकौशल छैन । ति योगमार्गी



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन् । ऊहापोहकुशल व्यक्ति साङ्ख्यमार्गी हो । चित्तशुद्धिका दुईओटै उपाय छन्, ज्ञान अथवा योग । कसैको चित्तशुद्धि छिट्टै हुन्छ भने कसैको प्रयत्नवशात् समयापेक्षाले हुन्छ । चित्तशुद्धिका यी दुई उपाय योगवासिष्ठमा छ – *'द्वौ क्रमौ चित्तनाशस्य योगो ज्ञानञ्च राघव । योगो वृत्ति निरोधो हि ज्ञानं सम्यगपेक्षणम् ॥'* योगको अर्थ वृत्तिनिरोध हो भने ज्ञानको अर्थ राम्रोसँग बुझ्नु हो । सबैले सबै कुरा गर्न सक्तैनन् । *'असाध्यः कस्यचित् योगः कस्यचित्तत्वनिश्चयः । प्रकारौ द्वौ ततो देवो जगाद परमः शिवः ।'*[१९]

कसैका निम्ति योग असाध्य छ भने कसैका निम्ति तत्त्वनिश्चयः । तसर्थ जसले जे गर्न सक्तछ त्यही गरोस् भन्ने अर्थमा दुई मार्ग निर्देश भएको हो । चित्तको अनिर्वचनीयत्वपक्षमा यी दुई देखाइएका हुन् । चित्तनाश भइसकेका निम्ति दुई क्रमको अपेक्षा पर्दैन, ज्ञानमात्र भए पुग्दछ । रज्जुमा सर्प ज्ञान त्यति वेलासम्म हुन्छ जति वेलासम्म त्यो रज्जु भन्ने चिनिँदैन । रज्जु चिनेपछि सर्पभान समाप्त भएजस्तै संसार असत्य भन्ने नबुझ्ेसम्ममात्र दुईक्रम रहन्छन्, असत्य भन्ने बुझ्ेपछि क्रम रहँदैन, ज्ञानमात्र बाँकी रहन्छ । यस किसिमले ज्ञानयोग र कर्मयोगको प्रसङ्गमा कुरा गर्दा प्रपञ्चसत्यको पक्षमा दुई क्रम मान्नु पर्‍यो भने प्रपञ्च मिथ्या हो भन्ने पक्षमा क्रमको अपेक्षा नै परेन । यस अर्थमा योगमार्ग ज्ञानको उपाय हो । यसको स्वतन्त्र सत्ता छ भन्न मिल्दैन । ज्ञानावस्थामा यो समाप्त हुन्छ । ज्ञानावस्थामा सत्ता समाप्त हुने कर्मयोग प्रारब्धकर्माधीन शरीर रहेसम्म मात्र हुन्छ । शरीर समाप्तिपछि यसको पनि समाप्ति हुन्छ । *'ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम्'* यसमा भगवान्को अभिमति पनि यही हो । त्यसैले ज्ञानकर्मसमुच्चय सिद्धि हुँदैन । *'लोकेऽस्मिन् द्विविधा निष्ठा'* इत्यादि श्लोकको अभिप्राय यही हो । यहाँसम्मको यो श्लोकको विवरण पूरा भएको छ ॥३॥

यहाँसम्ममा शास्त्रोपक्रमका निम्ति आधारमात्र हो । उपक्रम पनि भएको छैन । उपक्रम गर्ने आधार ज्ञानयोग र कर्मयोग हुन् । यसैका आधारमा विवरण हुन्छ । यहाँ विषयद्वयको उपस्थापन भएको छ । तेस्रो र चौथो अध्यायमा *'योगस्थः कुरु कर्माणि'*को व्याख्या छ तापनि मूलतः तेस्रोमा चित्तशुद्धिका उपायको व्याख्या छ । त्यसैका निम्ति उपाय निर्देशित छ । *'न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते । न च सन्न्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥'* *'सिद्धिं समधिगच्छति'* को अर्थ सिद्धमा पुग्दछ भन्ने हुन्छ तर *'न च सिद्धिं समधिगच्छति'* भन्ने यहाँ वाक्य संघटन छ । यसको अर्थ सिद्धिमा पुग्दैन भन्ने हुन्छ । सिद्धिमा पुग्दैन भनेर यहाँ सर्वथा निषेध गरेको होइन । सर्वथा निषेध गरेको भए *'गच्छति'* मात्र क्रियापद आउँदथ्यो तर त्यसो नभई *'सम्+अधि+गच्छति'* आएकोले राम्रोसँग पुग्दैन भन्ने आएको छ । चित्तशुद्धिका निम्ति कर्म अनिवार्य छ । विनाकर्म चित्तशुद्धि सम्भव छैन । तसर्थ कर्म गर्नु पर्दछ भन्ने



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कुरालाई *'न कर्मणाम्'* इत्यादि श्लोकमा कर्म नगरे चित्तशुद्धि हुँदैन भनी निषेध कोटिबाट प्रस्तुत भएको छ । कर्म गरेर चित्तशुद्धि हुन्छ भन्नु र कर्म नगरे चित्तशुद्धि हुँदैन भन्नु एउटै कुरा हो कि फरक हो ?

कर्म गरे चित्तशुद्धि हुन्छ । यसबाट कर्ममा कर्तव्यत्व निर्धारण हुन्छ । यही विधिलाई कर्म नगरे चित्तशुद्धि हुँदैन । यसप्रकार निषेधमा परिवर्तन गर्दा यसमा विषय धेरै पर्दछन् । विधिमुखमा कर्म, कर्मविहितत्व, कर्मबाट चित्तशुद्धि हुने कुरा र चित्तशुद्धि समेतका विषयहरू पर्दछन् भने त्यही विषय निषेधमुखबाट प्रयोग गर्दा विधिकोटिमा आएका सबै कुरा विषय पर्दछन्, त्यसका अतिरिक्त अभाव पनि विषय हुन्छ ।

यस मर्यादामा निषेधकोटिमा विषय धेरै पर्दछन् भन्ने सोझै बुझिन्छ । यस्तो धेरै विषय पर्ने कुरा किन ? भन्ने जिज्ञासामा विधिकोटिबाट कर्म गरे चित्त शुद्धि हुन्छ । यहाँ परेका चार विषय विवेचन गर्नु आवश्यक हुन्छ । चार विषयको भिन्नाभिन्नै विवेचन गर्ने हो भने कर्मबाट चित्तशुद्धिका सम्बन्धसम्मको कुरा आउँदछ । चित्तशुद्धिमा कर्म घटकत्व सिद्ध भएपछि सम्बन्ध पनि विवेचन गर्नुपर्दछ । सम्बन्ध विवेचन गर्दै जाँदा समाप्ति पछि प्रतियोगी अनुयोगीभाव पनि समाप्त हुन्छ । त्यस स्थितिमा उत्पत्ति हुने र उत्पत्ति गराउने वस्तुको अपेक्षा रहँदैन । यसोगर्दा सर्वथा कर्म निरूपण गर्नै नसकिने स्थिति आउँदछ । अनिर्वचनीयबाट अनिर्वचनीयकै उत्पत्ति हुन्छ । यो कुरा वेदान्तसिद्धान्तमा सङ्गति मिल्दैन । त्यसकारण विधिकोटिबाट कुरा नगरी निषेधकोटिबाट भएको हो । निषेधकोटिमा अभाव पनि विषय परेको छ । किनभने अभावज्ञानका प्रति प्रतियोगीज्ञान कारण हुन्छ भन्ने सिद्धै छ ।

*'कर्मको अभावमा चित्तशुद्धिको अभाव'* अर्थात् कर्म नहुँदा चित्तशुद्धि नहुने, यस प्रसङ्गमा कुरा गर्दा निष्कर्षमा अर्थात् चित्तशुद्धि भैसकेपछि कर्म काम नलाग्ने भन्ने स्पष्ट हुन्छ । चित्तशुद्धि भएपछि कर्म काम नलाग्ने भन्ने अर्थ निषेधमुखबाट आउँदछ भने विधिमुखद्वारा आउँदैन । यस अर्थमा पनि निषेध मुखद्वारा भनिएको हो । चित्तशुद्धि नहुन्जेल कर्म भइरहे पनि चित्तशुद्धि पछि कर्म छाड्नु भनी कसैले सङ्कल्प गर्नैपर्दैन, त्यो आफैँ छुट्दछ । यी नै कुरा देखाउँन भगवान्द्वारा *'न कर्मणाम्'* इत्यादिकारिका निषेधमुखद्वारा आएको हो । यो सामान्य कुरा हो । त्यसैले भाष्यकार र टीकाकारहरूले यो कुरा उल्लेख गरेका छैनन् ।

विधिमुखद्वारा भनेको कुरा गर्नै पर्दछ, नगरे दण्ड मिल्दछ भन्ने होइन । तर निषेधमुखद्वारा भनिएको कुरा गरेमा दण्ड मिल्दछ । जस्तै – चोर्नु हुँदैन भन्ने छ । चोरलाई दण्ड मिल्दछ । विधिमुखमा कुनै कुराको अर्थ निष्कर्ष र जोड पनि हुँदैन । अर्थ, निष्कर्ष र अर्थपूर्ण प्रस्तुतिका लागि पनि भगवान्द्वारा निषेधमुख अवलम्बन भएको हो । ४औँ श्लोकदेखि १६औँ श्लोकसम्म



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चित्तशुद्धिको कुरा गर्दा यहाँ सोझै शास्त्रप्रमाण नदेखाई युक्ति देखाउँनुभएको छ । भगवान्‌का युक्तिमा के प्रमाण छ ?

प्रत्यक्षदेखि चेष्टासम्मका दश प्रमाण मान्ने वादीभेद छ । त्यसमध्ये कसैले प्रत्यक्षमात्र मान्दछन् भने प्रत्यक्षदेखि चेष्ठासम्म दशप्रमाणसम्म मान्ने छन् । कसैले यी दशओटै तर जसले जति माने पनि प्रत्यक्ष, अनुमान र शब्द प्रमाण मान्नै पर्दछ । शब्दप्रमाण नमान्ने वैशेषिकलाई शङ्कराचार्यद्वारा वैशेषिकाः वलीवर्दाः को संज्ञा दिइएको छ । शब्दप्रमाणलाई त्यति जोड दिनुभएको छैन । त्यो सबैभन्दा गाह्रो छ । त्यसको इयत्ता बुझेपछि सबैकुरा समाप्त हुन्छन् । त्यसैले सबैभन्दा गाह्रो प्रमाण उल्लेख नगरी शुरुमा अनुमान र त्यसपछि शब्दप्रमाणको कुरा यहाँ भएको छ । त्यस्तै कतै कतै अर्थापत्ति प्रमाण पनि आएको छ भने यहाँ चित्तशुद्धि कसरी हुन्छ भन्ने बारेमा अनुमानप्रमाण छ ।

*'न कर्मणामनारम्भान्नैष्कर्म्यम्'* इत्यादि देखि *'मोघं पार्थ स जीवति'* सम्म अनुमानप्रमाण छ । अनुमानको स्वरूपमा पक्ष, साध्य, हेतु आउनु पर्दछ । त्यस्तै हेतुमा व्याप्तिसिद्धिको लागि दृष्टान्त पनि दिनुपर्दछ । कर्म नगरे चित्तशुद्धि हुँदैन भन्ने भगवान्‌को प्रतिज्ञा वाक्य हो । अनुमानका पञ्चावयववाक्य हुन्छन् भन्ने नैयायिकहरू हुन् । प्रतिज्ञा, हेतु, उदाहरण, उपनय र निगमन मध्ये मीमांसक र वेदान्तीहरू प्रतिज्ञा, हेतु र उदाहरण अथवा उदाहरण, उपनय र निगमन तीन ओटा मान्दछन् । तीन अवयव मान्ने वेदान्तीहरूले पनि उदाहरणलाई छोड्दैनन् र उदाहरणलाई छोड्नु पनि हुँदैन । यो वेदान्तसिद्धान्त भएकोले भगवान् श्रीकृष्णद्वारा पनि तीनओटा अवयवद्वारा न्याय सिद्ध हुन्छ भन्ने अर्थमा यहाँ प्रतिज्ञा, हेतु, उदाहरण प्रस्तुत भएको छ । उपनयमा व्याप्तिज्ञान र प्रतिज्ञाकै कुरा दोहोरिन्छ । त्यस्तै निगमनमा प्रतिज्ञा पूरै आउँदछ । तसर्थ तिनको आवश्यकता छैन । यस कारण प्रतिज्ञा, हेतु र उदाहरण अथवा उदाहरण, उपनय र निगमन जे लिए पनि हुन्छ भन्ने हो । उपर्युक्त तीन अवयवको आधारमा न्याय हुन्छ । जसरी कपडा हुनका लागि त्यसका अवयव धागो चाहिन्छ त्यस्तै न्याय हुनका लागि पनि त्यसका अवयव अनिवार्य छन् । वेदान्तदर्शनका माथिल्ला स्तरका ग्रन्थमध्ये 'चित्सुखी, अद्वैतसिद्धि' आदिमा परमतखण्डनपूर्वक स्वमत स्थापन हुने हुनाले पञ्चावयव वाक्यकै प्रयोग भएको छ । सिद्धान्तकै कुरामा अद्वैतसिद्धिमा तीन अवयव माने हुन्छ भन्ने छ । अतः यहाँ पनि कर्म नगरी चित्तशुद्धि हुँदैन भन्ने स्पष्टताका लागि न्याय देखाउने काम भएको हो । न्यायकै आधारमा वस्तुसिद्धि हुन्छ । वस्तुसिद्धिका लागि न्यायका तीन अङ्ग यहाँ आएका हुन् । तीन अङ्गमध्ये पहिलो अङ्ग प्रतिज्ञा हो । प्रतिज्ञामा पक्ष र साध्य आउँदछन् । जे सिद्ध गरिन्छ, त्यो साध्य हुन्छ भने जहाँ सिद्धि गरिन्छ त्यो पक्ष हुन्छ । यहाँ



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पक्ष चित्तशुद्धि हो भने कर्म जन्यत्व साध्य हो । पर्वतो वन्हिमान् यस अनुमानमा जसरी पक्ष पर्वत, साध्य वह्नि हुन्छ त्यस्तै *'चित्तशुद्धिः कर्मजन्य जन्यत्वात् घटवत्'* यस अनुमानमा पनि चित्तशुद्धि पक्ष र कर्मजन्यत्व साध्य हुन्छ । चित्तशुद्धि कर्मजन्य हो, घट जस्तै । *'यत्र यत्र जन्यत्वं तत्र तत्र शुद्धिः'* यो व्याप्ति हो । आगमापायी वस्तुबाट आगमापायित्व हटाउनु शुद्धि हो, त्यो जन्यमा मात्र हुन्छ । ब्रह्ममा शुद्धाशुद्धको कुरै छैन । त्यसमा शुद्धत्व सम्पादन गर्नु पर्ने आवश्यकता छैन, त्यो स्वतः शुद्ध छ ।

अशुद्ध हाम्रो चित्त हो । त्यसमा भएको कामना समाप्त पार्नु चित्तशुद्ध गर्नु हो । कामना हटाउनु भनेको अभाव हो । त्यसैलाई अभावकोटिबाट भनिएको छ । यसको अभावकोटिद्वारा प्रयोग गर्दा यस्तो प्रतिज्ञा वाक्य बन्दछ – कर्माभावे चित्तशुद्ध्यभावः कर्मजन्यत्वात् अर्थात् कर्मजन्य भएकोले कर्मको अभावमा चित्तशुद्धिको अभाव हुन्छ । यसबाट कर्म नगरेसम्म चित्तशुद्धि हुँदैन भन्ने आउँदछ । चित्तशुद्धि भैसकेपछि कर्म आफैँ हट्दछ, त्यसका निम्ति प्रयत्न गर्नुपर्दैन भनी यस श्लोकद्वारा प्रतिज्ञावाक्य आएको छ । पुरुषले जतिबेलासम्म कर्मारम्भ गर्दैन, त्यसबेलासम्म नैष्कर्म्य हुनसक्तैन । कर्म छोडे नैष्कर्म्य भइहाल्दछ भने कर्म गर्नु आवश्यक भएन । वास्तवमा यसो भन्न मिल्दैन, किन भने संन्यासले मात्र नैष्कर्म्यसिद्धि हुँदैन । यसबाट कर्म गर्नु नै पर्दछ भन्ने स्पष्ट हुन्छ । प्रतिज्ञावाक्यद्वारा यही कुरा पुष्टि भएको छ । दोस्रो अध्यायमा *'दूरेण ह्यवरं कर्म'* इत्यादिद्वारा कर्म बुद्धिभन्दा धेरै तलको भन्ने आएको छ । बुद्धि नै श्रेष्ठ हो भन्ने आएकोले श्रेष्ठ कुरामा लाग्नु सबैको स्वभाव हो । यस स्थितिमा अर्जुनले पनि कर्मको पछि नलागी बुद्धिमार्गमा लागे भईहाल्दछ । भगवान्द्वारा पनि बुद्धिको प्रशंसा भएकोले कर्मको वास्ता भगवान्लाई छैन भन्ने शङ्का आउन सक्तछ । भगवान् अलौकिक पुरुष भएकोले कर्मको उपेक्षा भगवान्द्वारा भयो भन्नैमिल्दैन । यसैमा शङ्कराचार्यको भूमिका यस्तो छ –

*'यद् अर्जुनेन उक्तं कर्मणोः ज्यायस्त्वं बुद्धेस्तच्च स्थितं अनिराकरणात्'* अर्थात् भगवान्ले कर्मभन्दा बुद्धि ठूलो हो भनेको कुरामा खण्डन नआएकोले त्यही कुरामा सबैलाई पक्कापक्की भएको छ । अर्काले गरेको कुरा प्रतिषिद्ध नै भए पनि खण्डनबिना आफ्नो कुरा राख्दा अर्काको कुरा मानेको ठहर्दछ । शास्त्रार्थका प्रक्रियामा आफ्नो कुरा खण्डितहुँदा त्यसको खण्डनपूर्वक स्वमत स्थापन गर्नुपर्दछ । अन्यथा स्वमत स्थापनको अर्थ रहँदैन । त्यस्तै यहाँ पनि कर्मभन्दा बुद्धि ठूलो हो भन्ने कुरा भएकोले त्यसको खण्डन नहुँदा त्यो कुरा मानेको ठहर्दछ । यस स्थितिमा अर्जुनले कर्मको उपेक्षा गर्ने स्थिति आउँन सक्तछ । अर्जुनलाई जस्तै लोकमा पनि यस्तो भावना आयो भने सबै कुरा चौपट नै हुन्छ । तसर्थ भगवान्को यो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अभिप्राय होइन । कर्मको अपेक्षा अधिकार अनुसार मात्र हुन्छ । यही कुरा देखाउँन शङ्कराचार्य –

*'तस्याश्च ज्ञाननिष्ठाय संन्यासिनामेव अनुष्ठेयत्वं'* ज्ञाननिष्ठाको कुरा संन्यासीमा मात्र हुनसक्तछ । यस अर्थमा ज्ञाननिष्ठाको अधिकारी संन्यासी हुन्छ । कर्मनिष्ठा उसमा हुँदैन । कर्मलाई उसले छोड्ने होइन, कर्मले उसलाई छोडेको हुन्छ । कर्मनिष्ठा र ज्ञाननिष्ठा भिन्नाभिन्नै पुरुषका अनुष्ठय विषय हुन् । यी दुवै निष्ठा एककालावच्छेदेन एकै पुरुषमा सम्भव छैन । कर्ममा अधिकार भएको व्यक्तिले कर्म नै गर्नुपर्दछ, बुद्धियोगमा लाग्नुहुँदैन । भगवान्को अभिप्राय पनि यही हो ।

यसैमा फेरि अर्जुनको शङ्का आउन सक्तछ – भगवान्द्वारा ज्ञाननिष्ठामा लाग्ने प्रेरणा नभई कर्ममा प्रेरणा किन ? यही आशङ्कामा शङ्कराचार्य भन्नुहुन्छ– *'मां च बन्धकारणे कर्मणि एव नियोजयसि'* अर्थात् कर्मभन्दा बुद्धि ठूलो हो भन्ने निश्चयपछि बन्धकै कारण कर्ममा मलाई लगाउनुहुन्छ । बन्धको कारण कर्ममा लगाउँदा अर्जुनको मन खिन्न हुनु स्वाभाविक हो । भगवान्बाट यस्तो किन भयो ? भन्ने अर्जुनको शङ्कालाई लक्ष्य गर्दै शङ्कराचार्य –

*'नियोजयसीति विषण्ण मानसं अर्जुनम्'* अर्थात् खिन्न भएका अर्जुनलाई लक्ष्य गर्दै भगवान् । ज्ञानका निम्ति सोझै साधन कर्म होइन भन्नेमा *'आत्मा वाऽरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः'*[२०] यस्तो श्रुतिवचन छ । ज्ञानका निम्ति कर्म गर्नुपर्दछ भन्ने भगवद्वचन छ भने श्रुतिले अर्कै कुरा देखाएको छ । श्रुतिवचन भगवान्ले पनि मान्नुपर्ने तर त्यसो नभई भिन्नै व्याख्या भएकोले यो कसरी भन्ने अर्जुनको सम्भावित आशङ्कामा शङ्कराचार्यको पङ्क्ति छ –

*'इत्येवंमन्वानमालक्ष्याह'* – श्रवण, मनन, निदिध्यासनद्वारा ज्ञान हुन्छभने त्यतै लाग्नु असल भनी अर्जुनले कर्म छोड्ने स्थितिलाई विचार गर्दै भगवान् श्रीकृष्ण – *'न कर्मणामनारम्भात्'* इत्यादि वचनद्वारा भन्नुहुन्छ । कर्मारम्भ नगरी निष्कर्मा हुन्छ भन्न मिल्दैन । नैष्कर्म्यको निम्ति पनि कर्म गर्नुपर्दछ । जसले कर्म गरेकै छैन, त्यसले छोड्ने कुरै आउँदैन । गर्नेले छोड्ने कुरा आउँदछ । हरेक कार्यको प्रतिकारण अवश्य हुन्छ । *'कारणसत्त्वे कार्यसत्ता'* यो अन्वय छ । *'कारणाभावे कार्याभावः'* कारणविना कार्य पनि हुँदैन, यो व्यतिरेक हो । यहाँ पनि चित्तशुद्धिरूप कार्यका निम्ति कर्म कारण हो । कर्म नभए चित्तशुद्धि हुने कुरै आएन, किनभने कारणाभावमा कार्य हुँदैन भन्ने सबैले बुझ्दछन् ।

कारणसत्त्वे कार्यसत्ता अथवा कार्यसत्त्वे कारणसत्ता अर्थात् कारण देखेर कार्यानुमान र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कार्य देखेर कारणानुमान दुवै गर्न सकिन्छ । अन्वयमा यो कुरा दुवैतिर मिल्दछ, व्यतिरेकमा भने *'कारणाभावे कार्याभावः'* मात्र भन्न मिल्दछ । *'कार्याभावे कारणाभावः'* भनी कारणनिषेध गर्न मिल्दैन । यहाँ *'कर्मणामभावे नैष्कर्म्याभावः'* भनी व्यतिरेकविधाबाट कार्यकारणभाव छ । यही कुरा देखाउँने श्रुतिवचन पनि छ–

*'तमेतं वेदानुवचनेन ब्राह्मणाः विविदिषन्ति यज्ञेन, दानेन, तपसा अनाशकेन'*[२१] – वेदाध्ययन, यज्ञ, दान र नाश नहुने तपस्याको आधारमा ब्राह्मणहरू ब्रह्म जान्ने इच्छा गर्दछन् । यज्ञ, दान र अनाशक तपस्याको आधारमा ब्रह्म जान्न सकिन्छ । यो कुरा मधुसूदनी टीकाद्वारा स्पष्ट छ । अनासकतपको विस्तृत विवरण अठारौँ अध्यायमा आउने छ । ब्रह्मजान्नमा यज्ञ, दान र तपस्या साधन हुन् । *'यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम्'* गीतामा आउने छ । श्रुतिले यज्ञ, दान र तपलाई विद्याको अङ्ग मानेको छ । विद्या र विविदिषाका अङ्ग एकै हुँदैनन् । यज्ञ, दान र तपद्वारा ब्रह्म जान्ने भन्ने श्रुतिवचनको आधारमा यी विद्याका अङ्ग हुन् भन्ने देखिन्छ । कसैले यी विविदिषाका अङ्ग हुन्, विद्याका होइनन् भनेका छन् । तर निष्कर्षमा यी विद्याकै अङ्ग हुन् भन्ने श्रुतिवचन छ । त्यसैले यिनीहरूद्वारा चित्तशुद्धि हुन्छ अनि ज्ञान । यस दृष्टिमा चित्तशुद्धि पनि ज्ञानका लागि कारण हुन्छ । भात पकाउन जसरी दाउरा कारण नभई ज्वालासंयोग कारण हुन्छ तापनि ज्वालाका निम्ति दाउरा चाहिन्छ । त्यस्तै ज्ञानको निम्ति कर्म कारण होइन तापनि चित्त शुद्धिको निम्ति कर्म कारण हुन्छ । भात पकाउन दाउरा अन्यथासिद्ध अथवा कारणतावच्छेदक भएजस्तै ज्ञानका निम्ति कर्म पनि अन्यथासिद्ध हुन्छ । यसलाई प्रयोजक भनिन्छ । यो कुरा *'न कर्मणामनारम्भात्'* इत्यादि भगवद्वचनद्वारा आउँदछ भन्ने कुरा शङ्कराचार्यबाट । यस श्लोकको यसरी व्याख्या भएको छ –

ज्ञान र कर्मको विभागपूर्वक समुच्चय हो । विकल्प होइन भन्ने छ । यसबाट ज्ञान र कर्म दुवै पुरुषार्थका प्रति स्वतन्त्रकारण हुन् भन्ने आउँन सक्तछ । जसरी तृप्तिका प्रति भात, रोटी आदि स्वतन्त्र कारण हुन्, त्यस्तै पुरुषार्थका प्रति ज्ञान र कर्म स्वतन्त्र कारण हुन्छन् । यस हेतु ज्ञान ठूलो भनी पक्षपात गर्नुपर्ने आवश्यकता छैन । कर्मद्वारा पनि पुरुषार्थ सिद्ध हुन्छ भन्ने आशङ्का आउनु यहाँ स्वाभाविक छ । विवरणक्रमको अथवा विकल्पार्थ हो । विकल्पार्थनिश्चय भएकोले माथिकै जस्तो व्याख्या गर्नुपर्दछ भन्ने छैन । विकल्पमा बराबर योग्यता हुन्छ । विकल्पको स्थिति आएकोले हामीले बुझेको ज्ञानयोगको महत्तामा न्यूनीभाव आउने भयो । न्यूनीभाव नआओस् भनेर शङ्कराचार्य – अथवा *'ज्ञानकर्मनिष्ठयोः परस्परविरोधाद् एकेन पुरुषेण युगवदनुष्ठातुमशक्यत्वे सति इतरेतरानपेक्षयोरेव पुरुषार्थहेतुत्वे प्राप्ते'* ज्ञाननिष्ठा र कर्मनिष्ठामा परस्पर विरोध छ । एकै पुरुषले ज्ञान र कर्मको अनुष्ठान गर्न सक्तैन । एकैपटक गर्नका निम्ति



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



परस्परमा अपेक्षा हुनुपर्दछ, ज्ञान र कर्ममा परस्पर अपेक्षा छैन। *'इतरस्य इतरापेक्षेति-इतरेतरापेक्षा'*। ज्ञान र कर्म परस्पर सापेक्ष छैनन् तर पनि कर्म पुरुषार्थसिद्धिका निम्ति स्वतन्त्रकारण हुँदैन। त्यो केवल ज्ञानको साधन हो। वेदान्तसिद्धान्तमा कर्मनिष्ठालाई स्वतन्त्र पुरुषार्थ मान्न मिल्दैन। त्यो ज्ञाननिष्ठाको उपायरूपमा छ। ज्ञाननिष्ठा र कर्मनिष्ठामा उपायोपायभावसम्बन्ध छ। स्वतन्त्र पुरुषार्थता छैन। यसकारण ज्ञाननिष्ठामात्र पुरुषार्थ हो, कर्मनिष्ठा होइन।

उपायभूत कर्मनिष्ठाबाट प्राप्त फल – ज्ञाननिष्ठा उपेय हो। यो कुरा देखाउँदै शङ्कराचार्य भन्नुहुन्छ – *'ज्ञाननिष्ठा तु कर्मनिष्ठोपायलब्धात्मिका सती स्वातन्त्र्येण पुरुषार्थहेतुरन्यानपेक्षा'* अर्थात् पुरुषार्थ ज्ञाननिष्ठा हो। ज्ञाननिष्ठाका निम्तिमात्र कर्मको अपेक्षा हुन्छ, ज्ञाननिष्ठा भैसकेपछि कर्मनिष्ठा सकिन्छ। त्यसकारण त्यसलाई पुरुषार्थको सहायक भनिन्छ। स्वतन्त्र कारण ज्ञाननिष्ठा हुन्छ। जसरी भात पाकेपछि त्यसका निम्ति चाहिने दाउरा आगो आदिको अपेक्षा हुँदैन, त्यस्तै कर्मनिष्ठा पनि ज्ञाननिष्ठा नभएसम्म मात्र चाहिन्छ। ज्ञाननिष्ठा भैसकेपछि चाहिँदैन। यस अर्थमा यसलाई स्वतन्त्रकारण भन्न मिल्दैन। यसैमा भगवान्‌को अभिमति छ। *'पुरुषार्थ हेतुरन्यानपेक्षेत्यतमर्थद्दर्शयिष्यनाह भगवान् नकर्मणामनारम्भादित्यादि'*। पुरुषार्थको हेतु ज्ञाननिष्ठाले कर्मनिष्ठाको अपेक्षा गर्दैन। 'न कर्मणाम्' इत्यादिबाट यही कुरा आएको छ।

*'न कर्मणामनारम्भात्'*को अर्थ शङ्कराचार्यबाट – *'कर्मणांक्रियाणां यज्ञादीनां इह जन्मनि जन्मान्तरे वा'* सामान्यतः क्रियालाई कर्म भनिन्छ तर क्रिया र कर्ममा फरक छ। क्रिया फल हो भने कर्म व्यापार हो। व्यापारले कर्म र कर्ताको अपेक्षा गर्दछ। कर्म, कर्ता नभएमा व्यापार हुनसक्तैन। फलरूपमा देखियो भने कर्म भएछ भन्ने थाहा हुन्छ अन्यथा थाहा हुँदैन। फलद्वारा कर्मको अभिव्यक्ति हुने हुनाले यज्ञ, यागादि क्रिया कर्म हुन्। यसरी सोझै क्रियाकर्म नभए पनि परम्परया हुन्छ। यस दृष्टिले क्रियालाई कर्म भनिएको हो। यज्ञयागादि क्रिया, यस जन्ममा अथवा जन्मान्तरमा गरेको कर्मको आधारमा चित्तशुद्धि हुन्छ। *'उपात्तदूरितक्षयः'* लिइएका कामना समाप्त पार्नु कर्मको काम हो। उपात्तदूरितक्षयका निम्ति नै कर्म गरिन्छ। त्यसकारण कामनावशात् प्राप्त पापनाश गर्नु कर्मको फल हो। यही कुरा *'इह जन्मनि जन्मान्तरे वा अनुष्ठितानामुपात्तदूरितक्षयहेतुत्वेन'* यस पङ्क्तिद्वारा भएको छ। प्राप्त पापनाश गर्ने हेतु यो जन्म अथवा जन्मान्तरको कर्म हो।

*'उपात्तदूरितक्षय'*को अर्थ चित्तशुद्धि हो। चित्तस्वतः अशुद्ध छैन। बाहिरी कामना मिसिएपछि अशुद्ध भएको हो। जसरी स्वयं शुद्ध वाग्मती मलमूत्रादि मिसिई अशुद्ध भएको छ, त्यस्तै चित्त पनि बाहिरी कुरा मिसिएर अशुद्ध भएको छ। वाग्मती शुद्धीकरणका निम्ति



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सरकारले करोडौँ खर्च गरेजस्तै चित्तशुद्धिका निम्ति हामीले पनि कर्म गर्नुपर्दछ । कर्मद्वारा उपात्तदूरितक्षय हुन्छ । उपात्तदूरितक्षय भएपछि सत्त्वशुद्धि हुन्छ । *'कर्मणां क्रियाणां सत्त्वशुद्धिकारणानाम्'* – सत्त्वशुद्धिका कारण कर्म हुन् । सत्त्वशुद्धि नभई ज्ञान हुनसक्तैन । ज्ञानका निम्ति पहिले सत्त्वशुद्धि हुनुपर्दछ । सत्त्वशुद्धि भएपछिमात्र ज्ञाननिष्ठामा पुग्न सकिन्छ । ज्ञाननिष्ठाको हेतु चित्तशुद्धि हो यसमा श्रुति छ–

ज्ञानमुत्पद्यते पुंसां क्षयात्पापस्य कर्मणः ।
यथाऽऽदर्शतलप्रख्ये पश्यत्यात्मनमात्मनि ॥

शाङ्करभाष्यमा यो कुरा आएको छ । *'क्षयात्पापस्य कर्मणः'* यसमा *'पतनहेतुः पापः'* पतनको हेतु पाप हो । यसलाई संस्कारविशेष भनिन्छ । वेदान्तमा पापलाई वासना र मीमांसामा अपूर्व भनिन्छ भने न्यायमा संस्कार । संस्कार असल, खराब दुवै हुन्छन् । पतनहेतुरूप संस्कार खराब संस्कार हो । यसबाट प्राणीको पतन हुन्छ । जस्तै – ब्रह्महत्या, प्राणीहिंसा, ब्राह्मणले सुरापान गर्नु । यी सबै निषिद्ध कर्म हुन् । निषिद्ध कर्मले खराब संस्कार जन्माउँदछ । पतनहेतुरूप संस्कार आत्मामा रहिरहन्छ । त्यसले ५० वर्षपछि मृत्युहुँदा पनि आफ्नो कर्मको फल भोग्नुपर्दछ । तसर्थ खराब संस्कार उत्पन्न हुने कर्म गर्नुहुँदैन । यही अर्थमा 'क्षयात्पापस्य' मात्र नभनी *'कर्मणः'* पद पनि रहेको हो । पापको नाश भनेर यहाँ कर्मजन्य पापनाश भन्ने स्पष्टताका लागि *'कर्मणः'* पद आएको छ । कुनै व्यक्तिले पाप गर्‍यो त्यसपछि उसलाई पश्चाताप भएमा के गर्ने ? भन्ने सम्भावनामा –*'प्रायश्चित्तैः पृथक्विधैः'*[२२] – त्यसका निम्ति अनेक प्रायश्चित्तको छुट्टै विधान छ । प्रायश्चित्त गरेपछि पाप नाश हुन्छ तर प्रायश्चितले धर्म हुँदैन । पापनाशका निम्ति प्रायश्चित्त गरिन्छ । मायारहित व्यक्तिले कर्म गर्दैछ भने प्रायश्चित्तको आवश्यकता हुँदैन । अहिले धेरैजसोले कर्म गराउँदा प्रायश्चित्तगोदानपूर्वक गराउने गरेका छन् । यज्ञान्त गोदान प्रायः गर्दैनन् । कर्ताको स्थिति हेरेर प्रायश्चित्त गरे नगरे पनि अनिवार्य यज्ञान्त गर्नुपर्दछ । अन्यथा न्यूनातिरिक्तपूर्ति हुन सक्तैन । यिनै कुरा देखाउँन *'क्षयात्पापस्य कर्मणः'* पाप कर्मकै क्षय हुनुपर्दछ भन्ने कुरा आएको हो । पापनाशको अर्थ पापकर्ममा वृत्ति नलाग्नु हो । पापकर्ममा वृत्ति नलागेपछि पापकर्मरूप संस्कारको उदय हुँदैन । त्यस्तो संस्कार नभएपछि पतन हुँदैन । यिनै कुरा देखाउँन *'क्षयात्यापस्य कर्मणः'* आएको छ ।

महापातकीका निम्ति पनि प्रायश्चित्तको विधान छ । त्यस्ताले प्रायश्चित्त गरे पनि सूक्ष्म पाप समाप्त हुँदैन । त्यस्तो व्यक्ति प्रायश्चित्त पछि पनि गुरुको स्थानमा पुग्न सक्तैन अथवा त्यस्तालाई गुरु मान्नै हुँदैन । त्यतिमात्र होइन, सप्ताह, यज्ञयागादिमा ब्राह्मणत्वेन वरण



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्नुहुँदैन । यस अर्थमा पाप कर्मकै क्षय हुनुपर्दछ । पापको क्षय गर्ने कसैको सामर्थ्य छैन । त्यसकारण क्षयात्पापस्य मात्र नभनी *'कर्मणः'* पद पनि आएको हो । पापकर्म नाश भएपछि ऐनामा आफ्नो अनुहार स्पष्ट देखिएझैं आफ्नो बुद्धिमा ब्रह्म छर्लङ्ग देख्दछ ।

*'यथाऽऽदर्शतल'* – आदर्शतल भनेको ऐना हो । जसरी अनुहार स्पष्ट देख्नका निम्ति स्वच्छ ऐनाको आवश्यकता पर्दछ त्यसरी नै आत्मा देख्नका निम्ति बुद्धि स्वच्छ हुनु आवश्यक हुन्छ । अनुहार देख्ने बाहिरी ऐना जस्तै बुद्धि पनि आत्मा देख्ने भित्री ऐना हो । बुद्धिरूप ऐना स्वच्छ भएपछि आत्मा देखिन्छ । बाहिरी ऐनामा लागेको ध्वाँसोजस्तै भित्री ऐना (बुद्धि) मा लागेको मैलो समाप्त पार्न कर्म गर्नुपर्दछ । कर्म छोडेर त्यो समाप्त हुँदैन । यिनै कुरा *'न कर्मणामनारम्भात्'* इत्यादिमा छन् ।

*'नकर्मणामनारम्भात्'* इत्यादिको पूर्वार्ध व्याख्या गर्ने क्रम चल्दैछ । *'ज्ञानमुत्पद्यते पुंसां क्षयात्पापस्य कर्मणाम्'*[२३] पापकर्मको क्षय भएपछि ज्ञान उत्पन्न हुन्छ । सोझै हेर्दा यस्तो अर्थ यसबाट आए पनि पापकर्मको क्षयपछि ज्ञानोत्पत्ति हुन्छ भन्न मिल्दैन । खराब संस्कार पाप हो । पापकर्मद्वारा बुद्धिमा खराब संस्कार आउँदछ । त्यस स्थितिमा ज्ञानोत्पत्ति सम्भव छैन । पापकर्मको क्षय भएपछि ज्ञानोत्पत्ति हुन्छ भन्नुको तात्पर्य 'ज्ञानोत्पत्तिं प्रति पापात्मकसंस्कारनाशः कारणम्' अर्थात् पापात्मक संस्कार नाश कारण हुन्छ भन्ने हो । प्रायश्चित्तद्वारा पापकर्मको क्षय हुँदैन । पापात्मकसंस्कारको क्षय हुन्छ । संस्कारक्षयका निम्ति पापकर्म नगर्नु बुद्धिमानी हो ।

*'नैष्कर्म्यं पुरुषोऽश्नुते'* यहाँ *'निष्कर्मणोभावो नैष्कर्म्यम्'* अर्थात् कर्मशून्यत्व नैष्कर्म्यको अर्थ हो । शून्य भनेको अत्यन्ताभाव हो, ध्वंस होइन । अत्यन्ताभाव नित्य हुन्छ भने ध्वंस उत्पत्तिमद् हो । खराब संस्कारको ध्वंस गर्नुपर्दछ भन्ने नैयायिकहरू हुन् भने ध्वंस भन्ने कुरै हुँदैन भन्ने वेदान्तीहरू हुन् । चित्तमा खराब संस्कार आउने हुनाले संस्कारविशेष आगमापायी हुन्छन् । स्वतः शुद्ध चित्तमा खराब संस्कार यदाकदा मिसिने हुनाले त्यसको अभाव चित्तमा हुन्छ । ध्वंसको कल्पना निरर्थक छ ।

वेदान्तसिद्धान्तमा ध्वंस र प्रागभाव अलग हुँदैन । ध्वंसलाई वेदान्तीहरू निवृत्ति अथवा बाध भन्दछन् । नैष्कर्म्यको अर्थ कर्मशून्यता हुन्छ भनी शङ्कराचार्यले यसरी देखाएका छन् । कर्मशून्यत्वको अर्थ अत्यन्ताभाव हुन्छ । संकल्पपूर्वक गरेको कर्मको फल हुन्छ । ज्ञाननिष्ठामा पुगेको व्यक्तिलाई कर्मफलको वास्ता हुँदैन । ज्ञाननिष्ठामा पुगेको व्यक्तिले कर्म गरे पनि नैष्कर्म्य हुन्छ । त्यसकारण कर्मको ध्वंस मान्नुपर्ने आवश्यकता छैन । नैष्कर्म्यको अर्थ *'निष्क्रिय आत्मस्वरूपेणैवावस्थानमिति यावत्'* निष्क्रिय आत्मस्वरूपमा रहनु हुनजान्छ ।

*'पुरुषोऽश्नुते'* यसमा *'अश्नुते'* को खान्छ भन्ने अर्थ हुन्छ तापनि कर्मारम्भ नगरे नैष्कर्म्य



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



खाँदैन भन्ने अर्थ गर्न मिल्दैन । तसर्थ *'अश्नुते'* को प्राप्त गर्दछ भन्ने अर्थ गर्नुपर्दछ । यसो गर्दा *'न कर्मणाम् अनारम्भात्'* इत्यादि पूर्वार्धको अर्थ कर्मारम्भ नगरे नैष्कर्म्य प्राप्त गर्दैन भन्ने हुन्छ । खानु, प्राप्त गर्नु अथवा ग्रहण गर्नु भन्नाले केही समयका लागि मात्र हुन्छ, सदाका लागि हुँदैन । नैष्कर्म्यको ग्रहण गर्नु भन्नाले पनि सदाका निम्ति ग्रहण गर्ने होइन । निष्कर्मको अर्थ – आफ्नो स्थितिमा रहनु पनि हुन्छ । अथवा आत्मामा नैष्कर्म्य छ भन्ने बुझ्नु निष्कर्मा हुनु हो ।

*'पुरुषो नाश्नुते – न प्राप्नोतीत्यर्थः'* कर्मारम्भ नगरी पुरुषले नैष्कर्म्य प्राप्त गर्न सक्तैन । ज्ञाननिष्ठाका निम्ति कर्मनिष्ठा उपाय हो । सूत्ररूपको व्यतिरेकवचनले यही कुरा पुष्टि गर्दछ । व्यतिरेक वचनको पर्यवसान सर्वत्र अन्वयमा हुन्छ । जस्तै यहाँ मान्छे नभएको होइन यस्तो प्रयोगको मान्छे छ भन्ने अर्थ हुन्छ । त्यस्तै कर्मारम्भ नगरे नैष्कर्म्य हुनसक्तैन यहाँ पनि कर्म गरे नैष्कर्म्य हुन्छ भन्ने अर्थ आउँदछ । किनभने अभावको अभाव प्रतियोगीस्वरूप हुन्छ भने तृतीयाभाव प्रथमाभावस्वरूप हुन्छ, यस्तो सिद्धान्त सर्वसम्मत छ । यहाँ दुईओटा अभावको ग्रहण भएकोले त्यसको पर्यवसान प्रतियोगीमा हुने स्पष्ट छ । यसमा शङ्कराचार्य – *'कर्मणामनारम्भान्नैष्कर्म्यं नाश्नुत इति वचनात्'* कर्मको आरम्भ नगरी नैष्कर्म्य हुँदैन भन्ने कुरा *'न कर्मणामनारम्भात्'* इत्यादिद्वारा आएको छ । यसबाट यसको ठीक विपर्यय अर्थ निस्कन्छ । *'तेषामारम्भान्नैष्कर्म्यमिति गम्यते'* कर्मारम्भ गरे नैष्कर्म्यमा पुग्न सक्तछ । नञ्द्वयोपादानबाट यही अर्थ निस्कन्छ भनी शङ्कराचार्यबाट स्पष्ट भएको छ । यी सबै कुरा प्रतिज्ञावाक्यकै व्याख्याका हुन् । व्यतिरेकको पर्यवसान अन्वयमै हुन्छ भन्ने कुरा लोक र शास्त्रसिद्ध छ । यसमा कसैको विमति छैन । यो अद्वैतधाराको व्याख्या हो । त्यसैले अभावद्वयको पर्यवसान भावमा हुन्छ । श्रुतिसम्मत कुरा पनि यही हो । यसरी विचार गर्दा अभावद्वयको निवेशद्वारा कर्म नगरी नैष्कर्म्य सम्भव छैन । तसर्थ कर्म गर्नुपर्दछ भन्ने अर्थ सोझै बुझिन्छ ।

*'नैष्कर्म्यमिति गम्यते अनुमीयते इत्यर्थः'* *'गम्यते'* को अनुमीयते – अनुमान गर्न सकिन्छ भन्ने अर्थ हो । कर्म नगरे नैष्कर्म्य हुँदैन भन्नेमा अगाडि पाँचौँ र छैटौँ कारिकामा हेतु आउने छ तापनि नैष्कर्म्य हुँदैन भन्नेमा यहाँ हेतु के छ ? भन्ने जिज्ञासामा पूर्वपक्ष आउँदछ – *'कस्मात्पुनः कर्मणादनारम्भान्नैष्कर्म्यं नाश्नुते इतिपूर्वपक्षः'*– कर्म नगरी नैष्कर्म्य हुँदैन यहाँ कस्तो कर्म गर्ने भन्ने लेखाजोखा गर्नु आवश्यक देखिन्छ । किनभने अनन्त कर्म छन्, ती सबै गरेर नैष्कर्म्य हुने भन्ने सम्भव छैन । तसर्थ कुन कर्म नगरे नैष्कर्म्य हुँदैन अर्थात् कस्तो कर्म गरे नैष्कर्म्य हुन्छ ?

*'उच्यते कर्मारम्भस्यैव नैष्कर्म्योपायत्वात् नहि उपायमन्तरेणोपेयप्राप्तिरस्ति'* – उपर्युक्त



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आशङ्कामा शङ्कराचार्य – कर्मारम्भ नैष्कर्म्यको उपाय हो । उपायविना उपेयप्राप्ति सम्भव छैन । नैष्कर्म्यका निम्ति कर्मारम्भ उपाय हुन्छ । *'आरभ्यन्त इति आरम्भाः'* – आरम्भ भनेर फल पनि बुझिन्छ किन भने जसले पनि फलकै निम्ति कर्मारम्भ गर्दछ । कर्ममा पुत्रैषणा, वित्तैषणा नभए पनि लोकसमाप्तिरूप एषणा हुने हुँदा कर्मलाई नैष्कर्म्योपाय भन्न मिल्दैन, कर्मारम्भलाई नै भन्नु पर्दछ । *'प्रक्षालानाद्धिपङ्कस्य दूरादस्पर्शनं वरम्'* भनेजस्तै कर्मारम्भद्वारा नैष्कर्म्य हुन्छ भन्नु भन्दा कर्मको वास्तै नगरे पनि निष्कर्मा भैहाल्दछ यसैमा शङ्कराचार्यको उक्ति छ । *'नहि उपायमन्तरेणोपेयप्राप्तिरस्ति'* कर्मारम्भरूप उपायप्राप्ति विना नैष्कर्म्यरूप उपेय प्राप्ति सम्भव छैन । कर्मारम्भबाट निवृत्त भई निष्कर्मा हुन्छ भन्न युक्तिसङ्गत हुँदैन । त्यस स्थितिमा नैष्कर्म्यको अबरोध हुन्छ भन्नेमा अगाडिका दुईओटा श्लोकविवरण साक्षी छन् । कर्म नगरी त्यसै बस्न सक्तैन । कर्म नगर्ने सङ्कल्प हुँदाहुँदै पनि उसले केही न केही गरिरहेकै हुन्छ । यस अर्थमा पनि नैष्कर्म्यका निम्ति कर्मारम्भ गर्नै पर्दछ भन्ने हुन्छ । ज्ञानयोग नैष्कर्म्यद्वारा हुन्छ भने कर्मद्वारा नैष्कर्म्य हुन्छ । अतः ज्ञानको उपायमा परम्परया कर्म पर्छ ।

*'कर्मयोग उपाय नैष्कर्म्य लक्षणस्य ज्ञानयोगस्य'* नैष्कर्म्य लक्षण ज्ञानयोगमा कर्मयोगोपेयत्व रहन्छ भन्नेमा कसैको दुई मत छैन । समुच्चयवादीको सिद्धान्तमा भने ज्ञानयोग कर्मयोगको उपेय र कर्मयोग ज्ञानयोगको उपाय हुँदैन । दुवै निष्ठा निःश्रेयसको स्वतन्त्रकारण हुन् भन्ने उनीहरूको मत खण्डनका लागि पनि ज्ञाननिष्ठा स्वतन्त्र पुरुषार्थ हो, ज्ञाननिष्ठा नभएसम्म कर्म गरिरहनु पर्दछ भन्ने हो । यसबाट ज्ञानकर्मसमुच्चयसिद्धि नभई ज्ञान र कर्ममा उपायोपेयभाव सिद्ध हुन्छ । *'श्रुतौ इह च प्रतिपादनात्'* श्रुतिले पनि यही कुरा बताएको छ । कुन कुरा श्रुतिले बतायो ? *'श्रुतौ तावत्प्रकृतस्य आत्मलोकस्य वेद्यस्य वेदोपायत्वे'* अर्थात् विभिन्न लोकको कल्पना गरिएको छ । त्यसमध्ये ब्रह्मलोक अर्थात् आत्मलोक पनि एक हो । लोचृ लोचने धातुबाट बनेको लोक शब्दको मोटो अर्थ देखिनु भन्ने हुन्छ । *'लोक्यत इति लोकः'* देख्नुको अर्थ बहिरिन्द्रियले मात्र होइन मनले पनि देख्छ भन्ने हो । वस्तुतः मन दिव्यचक्षु हो । अरू इन्द्रियले देख्न नसकेको कुरा मनले देख्दछ । देख्ने र देखिने स्थिति रहेसम्म लोक भन्ने कुरा हुन्छ । यो आत्माको प्रकरण हो । यसलाई देख्न सकिँदैन । यो कुनै उपाधिविशिष्ट पनि छैन । त्यसकारण आत्मलोक भनेर यहाँ के बुझ्ने ? बुझ्ने विषय शंकराचार्यले – श्रुतौ तावद् इत्यादि दिनुभएको छ । आत्मलोकको अर्थ *'आत्मनो लोकः आत्मलोकः'* होइन, आत्मैव लोक इत्यात्मलोकः यस्तो अर्थ आत्मा लोक भन्ने अर्थ पनि बुद्धिवृत्ति रहेसम्म मात्र हुन्छ । आत्मा इतर केही छैन भन्ने दृष्टि आत्मलोक हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आत्मलोकस्य वेद्यस्य जान्नु पर्ने कुरा आत्मलोक हो। घटपटादि क्षणिक वस्तु पनि जान्नु पर्दछ। तर जुन वस्तु जानेपछि अर्को जान्ने अपेक्षा हुँदैन, त्यो आत्मलोक हो। त्यस्तो वस्तु जान्नको निम्ति उपायको अपेक्षा हुन्छ। ब्रह्म जान्ने उपायका निम्ति *'तमेतं वेदानुवचनेन ब्राह्मणाः विविदिषन्ति, यज्ञेन, दानेन, तपसा अनाशकेन'* शङ्कराचार्यद्वारा आएको छ। ती उपायमा वेदानुवचन – वेदप्रवचन अर्थात् पढ्नु र पढाउनु दुवै आउँदछन्। तर यसमा मतभेद छ। प्रभाकरमीमांसक *'स्वाध्यायोऽध्येतव्यः'*[२४] को पढाउनुमा चरितार्थता छ पढ्नमा होइन भन्दछन् भने भट्टहरू पढ्नुमा चरितार्थता छ पढाउनुमा छैन भन्दछन्। पढाउने भन्ने कुरा वृत्तिका लागि हो भन्ने उनीहरूको भनाइ छ। यस अर्थमा पढाउनुभन्दा पढ्नु महत्त्वपूर्ण कुरा हो भन्ने बुझ्नुपर्छ। त्यसकारण वेदानुवचनको अर्थ पढ्नु भन्ने हो।

जपेदध्यापयेच्छिष्यान् धारयेद्वै विचारयेत्।
अवेक्षेत च शास्त्राणि धर्मादीनि द्विजोत्तम ॥[२५]

अर्थात् पढ्नु पढाउनु धारण गर्नु विचार गर्नु र निरन्तर अभ्यास गर्नु। यी पाँच किसिमलाई अध्ययन भनिन्छ। वेदानुवचनको अर्थ यही हो। वेदानुवचनद्वारा ब्रह्म वा आत्मा जान्न सकिन्छ। *'स्वाध्यायदिष्टदेवता संप्रयोगः'*[२६] स्वाध्यायबाट सोझै इष्टदेवसँग भेट हुनसक्तछ। *'तपः स्वाध्याय ईश्वर प्रणिधानानि क्रियायोगः'*[२७] तपः स्वाध्याय र ईश्वर प्रणिधान क्रियाभित्रै पर्दछन्। क्रिया भएकाले यी आत्मा जान्नमा उपाय हुन्छन्। आत्म जान्नमा सबै भन्दा ठूलो उपाय स्वाध्याय हो। त्यसैले शुरुमा यही उपाय निर्देश गरिएको हो।

*'तमेतं'* भनेर दुईओटा सर्वनाम शब्द प्रयोग गरिएको छ। वाहिरी रूपमा आत्मा परोक्ष छ भनेर बुझेपछि, त्यो हामी भित्रै छ भन्ने बुझाउनका लागि नै यहाँ 'तमेतं' त्यो नै यो भन्ने दुईओटा सर्वनाम शब्द आएका हुन्। त्यस्तो परोक्षत्वेन भासित आत्मालाई वेदानुवचनद्वारा जान्ने भनी सङ्केत गरेको छ। ब्रह्म जान्न चाहनेहरू वेदानुवचनको आधारमा ब्रह्म जान्न चाहन्छन्। *'तमेतं वेदानुवचनेन ब्राह्मणा विविदिषन्ति'* यो प्रमुख उपाय हो। यसबाट ब्रह्म जानेपछि अरूबाट जान्न रोकिँदैन।

त्यस्तै वेदानुवचन गर्न नसक्नेले ब्रह्मजान्नका लागि यज्ञ गर्नुपर्दछ। यज्ञ गर्नका निम्ति पनि धेरै सामग्री सङ्कलन, यज्ञीय ब्राह्मण र धन खर्च धेरै हुने हुनाले यज्ञ गर्न नसक्नेले दान गर्नु पर्दछ भन्ने छ। दान भनेर कन्यादान, गौदान, पैसादान मात्र होइन, अरू पनि हुन्छ। दानमध्ये विद्यादान अर्थात् निर्गुणब्रह्मदान सर्वश्रेष्ठ हो। योभन्दा ठूलो अर्को दान छैन। यसको विस्तृत विवरण अठारौं अध्यायमा आउने छ। वेदानुवचन, यज्ञ, दान केही पनि गर्न नसक्नेले ब्रह्म जान्नका लागि अनाशक तप गर्नुपर्दछ। नाश नहुने तपस्या अनासक तपस्या



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हो । तपस्याका व्याख्या छन् ।

वनमा गई, लुगै नलगाई, खानेकुरा नखाई बस्नु तपस्या हो भन्ने आजकलको लोकबुझाइ छ । वास्तवमा वनमा गई नाङ्गै बसी नखाएरमात्र तपस्या हुँदैन । *'मनसश्चेन्द्रियाणाञ्च ऐकाग्र्यं परमं तपः'*[२८] मन र इन्द्रियहरूलाई एकाग्र गर्नु परम तप हो । *'तपः स्वधर्मवर्तित्वम्'*[२९] अर्थात् आफ्नो धर्ममा रहनु तपस्या हो । सकेसम्म आफ्नो धर्म गरी विधर्मबाट निवृत्त हुनु पनि तप हो । *'तपो नानशनात्परम्'*[३०] अनशनभन्दा ठूलो तपस्या छैन । वनमा गई नाङ्गै बसेर मात्र तपस्या हुँदैन । त्यो तपस्या हो, जसको फल नाश कहिल्यै हुँदैन । फलनाश नहुने तपस्या स्वाध्याय हो, त्योभन्दा ठूलो तपस्या छैन । *'तपो नानशनात्परम्'* भनेर आजकल राजनीतिक पार्टीले गर्नेजस्तो रिले अनशन, आमरण अनशनलाई लिन खोजेको होइन । अनशनको कुरा कामविशेषमा मात्र हुन्छ, सर्वत्र हुँदैन । ब्राह्मणलाई कुनै कर्ममा लगाउँदा भोजनपूर्वक लगाउनुपर्दछ । ब्रह्मचारीलाई पनि भोजन गराएर काममा लगाउनु पर्दछ । यसमा अनशनको कुरा छैन तर माता, पिताको देहावसान हुँदा एकदिन पानी पनि नखाई बसेर भोलिपल्ट त्यसमा गरिने विधान गरेपछि मात्र खानुपर्दछ । यस्तो स्थितिमा अनशन अनिवार्य छ । यस्तै सूर्योदयदेखि भोलिको सूर्योदयभित्र प्राण उत्क्रमण हुने छ भने मर्नेले अनशन गर्नु पर्दछ । खाएर सूर्योदय नहुँदै मृत्यु भएमा दुर्गति हुन्छ । कन्यादान अनशनपूर्वक गर्नु राम्रो हुन्छ ।

यस्तै *'एकादश्यां न भुञ्जीत पक्षयोरुभयोरपि'*[३१] दुवै पक्षको एकादशीमा खानु हुँदैन भन्ने निषेध या पर्युदास के हो ? भन्ने कुरा पनि छ । तिनको विस्तृत विवरण यहाँ त्यति सान्दर्भिक छैन । एकादशीमा खानुहुँदैनको अर्थ भात नखाइ कतिपयले पानी, दूध, फलफूल आदि खानुहुन्छ भन्दछन् र त्यसै गर्दछन् । त्यो निषेध परिपालन अर्थात् भात खानु हुँदैन भन्ने मानेको मात्र हो । वास्तवमा एकादशीमा पानी पनि नखाइ बस्नु नै सच्चा व्रत हो । महाष्टमी र महानवमीको सन्धि अर्थात् अष्टमीको मध्यरात्रिमा पूजा गर्दा अनशनपूर्वक गर्नुपर्दछ । नखानु पूजाको अङ्ग हो । ब्राह्मणको पूजा गर्दा पनि अनशनपूर्वक गर्नुपर्दछ भन्ने छ । वेदपाठ पनि अनशनपूर्वक गर्नुपर्दछ । अथवा नौ दश बजे खानु छ भने त्योभन्दा पहिले वेदपाठ गर्नुपर्दछ । केही नखानु अनशन हो । यसरी अनशन गर्ने भनी तोकिएको ठाउँमा अनशन गर्नुपर्दछ । अन्यत्र पर्दैन । 'तपो नानशनात् परम्' भन्ने प्रसङ्गबाट यहाँसम्मका कुरा आएका हुन् ।

तोकिएका ठाउँमा अनशन गरेझैं नचाहिने कुरा इन्द्रियको माध्यमले ग्रहण गर्नु हुँदैन । चाहिने कुरामात्र ग्रहण गर्नुपर्दछ । 'तपो नानशनात् परम्' बाट यी कुरा आउँदछन् । यस क्षेत्रमा आफ्नो धर्म ननाघ्नु तप हो । वेदाध्ययन, यज्ञ र दान गर्न नसक्नेले पनि यी अनाशक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तपस्या गर्नसक्तछ । आफ्नो योग्यतानुसार सबैले कर्म गर्नुपर्दछ । ज्ञानयोगको उपायरूपमा कर्म रहेको छ भन्ने कुरा पनि *'वेदानुवचनेन ब्राह्मणाः विविदिषन्ति'* इत्यादि श्रुतिवचनद्वारा स्पष्ट छ । तसर्थ ज्ञानकर्मसमुच्चयसिद्धि हुँदैन । *'संन्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः'* यसैका निम्ति आएको छ । *'यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम्'* इत्यादि प्रतिपादयिष्यति भगवान् मनीषिहरूका लागि यज्ञ, दान र तपस्या पवित्र कुरा हुन् । त्यसको माध्यमले ज्ञाननिष्ठामा पुग्न सकिन्छ । यी कुरा भगवान्द्वारा प्रतिपादन गरिनेछन् । *'न कर्मणामनारम्भात्'* इत्यादिमा कर्मारम्भ नगरी नैष्कर्म्य हुँदैन भन्ने भगवान्को अभिप्राय शङ्कराचार्यको शैलीमा स्पष्ट भयो । यहाँसम्म *'न कर्मणामनारम्भात्'* इत्यादि पूर्वार्धको व्याख्या हो । पूर्वार्धकै व्याख्यामा यो श्लोक पूरा हुन्छ भने पनि हुन्छ ।

*'न च संन्यासनादेव सिद्धिं समधिगच्छति'* उत्तरार्धको व्याख्या प्रस्तुत छ । यसमा शङ्का छ – ननु च *'अभयं सर्वभूतेभ्यो दत्त्वा नैष्कर्म्यमाचरेत्'* । यहाँ लोक र शास्त्रको उक्ति देखाइएको छ । सम्पूर्ण प्राणीलाई अभय दिएरमात्र नैष्कर्म्य अथवा संन्यासाश्रममा जानुपर्दछ भन्ने कुरा शास्त्रमा छ । *'कर्तव्यकर्मसंन्यासनादपि नैष्कर्म्यप्राप्तिर्दर्शयति'* आफूले गर्नुपर्ने कर्म छोड्नाले पनि नैष्कर्म्य हुन्छ भन्ने कुरा शास्त्रले देखाएको छ । काम नगरी बस्ने अल्छीलाई सङ्केत गर्दै यो अल्छी, नैष्कर्म्य छ भन्ने कुरा लोकले पनि बुझेको छ । यसरी शास्त्र र लोकले पनि कर्तव्य कर्म छोडे नैष्कर्म्य हुन्छ भन्छ अब कर्मारम्भ विना नैष्कर्म्य हुँदैन भन्ने कुरा कसरी ? यी दुवै कुरा *'प्रसिद्धतरम्'* लोक र शास्त्रमा प्रसिद्ध छ । *'अतश्च नैष्कर्म्यार्थिनः किं कर्मारम्भेण इति प्राप्तम्'* कर्म नगरेर नैष्कर्म्य हुन्छ भने कर्मारम्भपूर्वक कर्म छोड्ने किन ? यसैको समाधानका निम्ति *'न च संन्यासनादेव सिद्धिं समधिगच्छति'* आएको हो । समधिगच्छतिको बारेमा केही कुरा पहिले पनि छ र यसको विस्तृत विवरण पाँचौँ र छैटौँ श्लोकभित्र हुने छ ।

*'न च संन्यासनादेव सिद्धिं समधिगच्छति'* अल्छीले कर्म छोडेमा सिद्धि मिल्ने कुरै छैन । *'केवलात्कर्मपरित्यागमात्रादेव'* कर्मको परित्यागबाट मात्र सिद्धि हुँदैन । संन्यासनादेवमा लागेको एबकारको अर्थ छ *'ज्ञानरहितात्'* ज्ञानरहित कर्मपरित्यागबाट मात्र सिद्धि हुनसक्तैन । ज्ञाननिष्ठाका निम्ति कर्मारम्भ अनिवार्य छ । *'ज्ञानयोगेन निष्ठां न समधिगच्छति – न प्राप्नोति – कर्मानारम्भी'*ले ज्ञानयोगद्वारा निष्ठा प्राप्त गर्नसक्तैन । कर्म नगरी चित्तशुद्धि हुँदैन । चित्तशुद्धिविनाको कर्मसंन्यासले मोक्ष हुँदैन, गर्तमा पर्दछ । चित्तशुद्धि भइसकेपछिको कर्मसंन्यासद्वारा नैष्कर्म्य हुन्छ । कर्मसंन्यासद्वारा नैष्कर्म्य हुन्छ भनेर श्रुति, स्मृतिले संकेत गरेका छन् । चित्तशुद्धि नभएको व्यक्तिमा राग बाँकी हुन्छ र रागीले सम्पूर्ण प्राणीलाई



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अभय प्रदान गर्न सक्तैन । तसर्थ रागसमाप्त भइसकेपछिको कर्मसंन्यासद्वारामात्र नैष्कर्म्य हुन्छ । यही कुरा *'न च संन्यसनादेव'* इत्यादि उत्तरार्धद्वारा आएको छ ।

रागसमाप्ति नभई भएको कर्मसंन्यासमा यत्किञ्चित् सिद्धि होला, लोकप्रसिद्धि पनि होला तर त्यसबाट अभ्युदय सम्भव छैन । यसै कुरालाई सङ्केत गर्दै *'न हि सिद्धिं समधिगच्छति'* राम्रोसँग सिद्धि हुँदैन भन्ने हो । यहाँसम्ममा यस श्लोकको विवरण पूरा भएको छ । (४)

कर्मारम्भ नगरी चित्तशुद्धि हुँदैन भन्ने प्रतिज्ञा वाक्यको पुष्टि पाँचौ र छैटौं श्लोकले गर्नेछन् । प्रतिज्ञाबाट मात्र वस्तुसिद्धि सम्भव छैन । वस्तुसिद्धिका निम्ति युक्ति र प्रमाणमा आधारित हेतु चाहिन्छ । अग्रिम दुईओटा श्लोकमा हेतु र हेतुका उपपत्ति छन् । प्रतिष्ठित तर्क उपपत्ति हो । अर्थात् जहाँ जे कुरा हुनुपर्दछ त्यही हुनु उपपत्ति हो । प्रतिज्ञा पुष्टिका निम्ति हेतु र तत्सम्बन्धी उपपत्ति वा तर्कसमेत छन् । यसै कुराको प्रदर्शन आनन्दगिरि गर्दछन् । उक्तेऽर्थे बुभुत्सितं हेतुं वक्तुं – बताइसकेको प्रतिज्ञा वाक्यमा हेतुका लागि *'उत्तरश्लोकमुत्थापयति'* उत्तर श्लोक छ । यसैको अवतरणरूपमा शङ्कराचार्यद्वारा आएको 'कस्मात् पुनः कारणात्कर्म संन्यासमात्रादेव ज्ञानरहितात्सिद्धिं नैष्कर्म्यलक्षणं पुरुषो नाधिगच्छतीति हेत्वाकाङ्क्षायामाह' ज्ञानरहित कर्मसंन्यासबाट मात्र नैष्कर्म्यलक्षणमा पुग्न सक्तैन भन्ने प्रस्तुत भइसकेको छ । किन पुग्नसक्तैन भन्ने हेतुको आकाङ्क्षा स्वतः हुन्छ । यसैमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ –

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।<br>
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

अर्थात् कुनै प्राणी एक क्षण पनि कर्म नगरी बस्न सक्तैन कर्म उसको वशमा छैन । निरन्तररूपमा उसलाई कर्म गराइन्छ । प्रकृतिजन्य गुणले प्राणीलाई कर्म गर्न प्रेरित गरेको छ । यस श्लोकमा *'जातु'* पद पादपूरणार्थ हो । सूत्रमा स्तोभ, अवद्य कुरा हुनुहुँदैन भन्ने छ तापनि *'जातु'* यो स्तोभ हो *'सर्वः प्रकृतिजैर्गुणैः'* यसमा प्रकृति भनेको माया हो । मायामा सत्त्व, रज र तम तीन गुण हुन्छन् । यी तीनओटै गुणद्वारा संसार चलेको छ । शरीरको उत्पत्ति पनि यिनैबाट भएको छ । त्रिगुणात्मक शरीरद्वारा प्रकृतिजन्य गुणको प्रेरणाले कर्म भइरहेको हुन्छ । यसबाट पनि कर्मसंन्यास हुन्छ भन्न मिल्दैन । *'कस्मात्पुनः कारणात्'* इत्यादिद्वारा कर्म नगरी नैष्कर्म्यमा पुग्न सक्तैन भन्ने शङ्कराचार्यको भनाइ पुष्टि गर्न *'न हि कश्चित् क्षणमपि'* इत्यादि पूर्वार्धहेतुरूपमा आएको छ भने किन कर्म नगरी बस्न नसक्ने भन्ने पुष्टिका लागि पाँचौँ श्लोककै उत्तरार्ध *'कार्यते ह्यवशः कर्म'* इत्यादि छ । उत्तरार्ध हेतुको पनि हेतु हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः'* यहाँ सर्व प्रथमान्त पद छ । त्यसैले *'ह्यवशः'* सर्वको विशेषण हो । *'अवशो हि सर्वः'* प्राणीहरू आफ्नो वशमा नभएकाले एक क्षण पनि कर्म नगरी बस्न सक्तैनन् । *'सर्व'* पदले ज्ञाननिष्ठामा नपुगेका प्राणीलाई सङ्केत गरेको छ । यही कुरा देखाउँन शङ्कराचार्य लेख्नुहुन्छ – *'अज्ञ इति वाक्यशेषः'* सम्पूर्ण प्राणी भनेर यहाँ सर्वपदले अज्ञानी प्राणीलाई सङ्केत गरेको छ । *'सर्वः प्रकृतिजैर्गुणैः'* यो श्लोकको सोझो अर्थ हेर्दा प्राणीको कर्म बन्ध हुने देखिन्छ । अर्काको अधीनमा कर्म गर्नुपर्दछ भन्ने वस्तुस्थितिमा ज्ञानीले पनि त्यसै गर्नुपर्ने स्थिति देखियो । वस्तुतः पूर्वापरसङ्गति विचार गर्दा ज्ञानीले अर्काको अधीनमा कर्म गर्ने भन्नमिल्दैन । तसर्थ पाँचौं श्लोकमा परेको सर्व पदको अर्थ सङ्कोच गरी *'अज्ञ इति वाक्यशेषः'* अर्थात् अज्ञानी प्राणी भन्ने अर्थ गर्नुपर्दछ । *'सर्वे ब्राह्मणाः भोज्यन्ताम्'* सम्पूर्ण ब्राह्मणलाई भोजन गराऊ । यस्तो वाक्यको अर्थ विचारप्रसङ्गमा पृथिवीभरिका ब्राह्मणलाई भोजन गराउन असम्भव भएकोले निमन्त्रित सबै ब्राह्मणलाई भोजन गराऊ भनी अर्थसंकोच गरेझैं यहाँ पनि प्राणी भनेर अज्ञानी प्राणी भनी अर्थसंकोच गर्नु पर्दछ । *'अज्ञ'* यो वाक्यशेषद्वारा अज्ञानी एकछिन पनि कर्म नगरी बस्न सक्तैन भन्ने अर्थ आएको छ । अज्ञानीकै निम्ति यो प्रकरण हो । नैष्कर्म्य नभई ज्ञानी पुरुष ज्ञानी भएकै छैन । यसैमा फेरि शङ्का आउन सक्तछ – मूलको सोझो अर्थ नगरी यहाँ वाक्यशेष गर्नुपर्ने आवश्यकता किन ? यस्तो आशङ्कामा शङ्कराचार्य लेख्नुहुन्छ – *'यतो वक्ष्यति गुणैर्यो न विचाल्यते'* अर्थात् ज्ञाननिष्ठामा पुगेको व्यक्तिलाई प्रकृतिजन्य गुणले हल्लाउन सक्तैन । यो कुरो भगवान्बाट प्रष्ट गरिएको छ । तसर्थ *'सर्वः प्रकृतिजैर्गुणैः'* मा सर्वपदले ज्ञानीलाई लिन मिल्दैन, वाक्यशेषद्वारा अज्ञानीलाई नै लिनुपर्दछ । यही कुरा *'साङ्ख्यानां पृथक्करणात् अज्ञानादेवहि कर्मयोगो न ज्ञानिनां, ज्ञानिनान्तु गुणैः अचाल्यमानानां स्वतः कर्मयोगो नोपपद्यते'* शङ्कराचार्यबाट भएको छ । त्यसकारण सर्वपदको वाक्यशेषद्वारा अज्ञानीमा नै अर्थसङ्कोच गर्नुपर्दछ र अर्थसङ्कोच हुन्छ पनि ।

प्रकृतिजन्यगुणले विचलित पर्न नसकिने पुरुष गुणातीत हुन्छन् । यसबाट ज्ञानी इतर प्राणी कर्म नगरी बस्नसक्तैनन् भन्ने अर्थ आउँछ । कर्मनिष्ठामा रहेकालाई अज्ञ अर्थात् नबुझेको व्यक्ति भनिन्छ । त्यस्ता व्यक्ति गुणले जता लग्यो त्यतै जान्छन् । अज्ञ पुरुषले कार्यकरणसङ्घातलाई आत्मा ठानेको हुन्छ । त्यसले आफूलाई चिन्न सकेको हुँदैन । ती अजित अर्थात् आफूले आफैंलाई चिन्न नसक्ने खालका हुन्छन् । यस्ता व्यक्ति अज्ञ हुन् । वाक्यशेषबाट अर्थ गर्दा मूलमा केही न्यूनता आउन सक्तछ, तर यहाँ भगवान्को भनाइमा न्यूनता देखाउँन वाक्यशेष भएको होइन । साक्षाद् भगवद्वचन र न्यायको आधारमा पनि *'ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*योगिनाम्'* द्विधा वर्गीकरण देखिएकोले सर्वपदको *'अज्ञइति वाक्यशेष'* अर्थले मूलमा न्यूनता हुँदैन । मूलको पुष्टि नै हुन्छ । मूलबाट वाक्यशेष नआए पनि कालक्रमको आधारमा दुर्बोध शास्त्र अहिलेका मान्छेले सजिलैसँग बुझ्न सकून् भन्ने दृष्टिको वाक्यशेष हो ।

कर्मीले शरीरेन्द्रिय सङ्घात नियन्त्रण गर्न सक्तैन, ज्ञानीले सक्तछ । ज्ञाननिष्ठामा पुग्न कर्मीले कर्म अनिवार्य गर्नुपर्दछ । कर्म नगरी कर्म संन्यास हुँदैन भन्नेमा यहाँसम्म उपपत्ति आएको छ । कर्मारम्भ नगरी संन्यास लिएमा त्यसबाट हानि हुन्छ । त्यसकारण कर्मकर्तव्यता अज्ञानीलाई बुझाउनुपर्दछ । अन्यथा उसले कर्मको महत्त्व बुझ्दैन । कर्मको महत्त्व बुझाउन अथवा कर्म नगरी संन्यासमा जाँदा यी आपत्ति आउँदछन् भनी देखाउँन अगाडिको श्लोक आएको छ ।

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ॥६॥

कर्म नगरी संन्यासमा जाँदा हुने बेफाइदा यो श्लोकमा आएका छन् । कर्मपूर्वक संन्यास हुनुपर्दछ । जसको कर्मद्वारा मनको मैलो समाप्त भइसकेको छ, त्यस्ताको संन्यासमा जाने अधिकार हुन्छ । यही कुरा शङ्कराचार्य दिनुहुन्छ – *'यस्तु अनात्मज्ञः चोदितं कर्म नारभते इति तदसदेवेत्याह'* शङ्कराचार्यको पहिलेको वाक्यशेष अनात्मज्ञका लागि हो । *'चोदितं कर्म'* विहित कर्म नगर्नाले दोष लाग्दछ । विधान गरिएका नित्य नैमित्तिककर्म हुन् । ज्ञाननिष्ठामा नपुगेकाले काम्य निषिद्ध कर्म छोडी विहित कर्म गर्नु पर्दछ । चोदित कर्मलाई शास्त्रले धर्मको संज्ञा दिएको छ । त्यसकारण चोदित कर्म गर्नुपर्दछ, नगरे दोष लाग्दछ । *'चोदना लक्षणोऽर्थो धर्म'*[३२] सूत्रद्वारा धर्मको लक्षण र स्वरूप निरूपित भएको हो । लक्षण र स्वरूपमा भिन्नता छ । योदेखि यो भिन्नै हो भनी सामान्यरूपमा बुझाउने काम स्वरूपले गर्दछ भने यी कारणले योदेखि यो भिन्नै हो भनी छुट्याउने काम लक्षणले गर्दछ ।

*'चोदना लक्षणोऽर्थो धर्म'* मा आएको अर्थपदले अर्थयुक्त धर्म र तदितर अधर्म भन्ने स्पष्ट गरेको छ । अतः उक्त सूत्र लक्षण बोधक हो । अर्थ र अनर्थ छुट्याउने आधार के हो ? भन्ने कुरा बुझेर कर्म गर्नुपर्दछ । अर्थ र अनर्थ छुट्याउने आधार दुईओटा छन् – प्रत्यक्ष र शास्त्र । यी बाहेक अर्थ, अनर्थ छुट्याउने आधार छैनन् । अर्थलाई उत्पादन गर्ने संस्कारविशेषलाई धर्म भनिन्छ । यो कुरा *'चोदना लक्षणोऽर्थो धर्मः'* यो सूत्रद्वारा आएको छ । सूत्रले अन्यत्र भएको कुरा सङ्ग्रह गर्ने हो, नयाँ कुरा दिने होइन । दर्शपौर्णमास, अग्निहोत्रादि कर्मद्वारा धर्म हुन्छ भन्ने वेदनिरूपित भएकोले वेदकै कुरालाई सूत्ररूपमा *'चोदना लक्षणोऽथो धर्मः'* ले समेटेको छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वेद वा वेदानुसारी कर्मलाई चोदितकर्म भनिन्छ । त्यस्तो कर्म नगरे दोष नै लाग्दछ । अनात्मज्ञले चोदित कर्म गर्नै पर्दछ । सामान्यरूपमा हिड्नु, बस्नु, खानु इत्यादि रागतः प्राप्त कर्म हुन् । स्नान पनि चोदित कर्म होइन तापनि *'तीर्थस्नानादघक्षय'*[३३] तीर्थस्नानले पापनाश हुन्छ । अनात्मज्ञले तीर्थस्नान गर्नै पर्दछ । प्रत्यवाय लाग्ने काम गर्नु हुँदैन, गरेमा प्रायश्चित्त गर्नुपर्दछ भन्ने शास्त्रको विधान छ ।

संवत्सरस्यैकमपि चरेत्कृच्छ्रं द्विजोत्तमः ।
अज्ञातपापशुद्ध्यर्थं ज्ञातस्य तु विशेषतः ॥[३४]

अर्थात् नजानी नजानी गरेको पापशुद्धिका लागि ब्राह्मणले एक संवत्सरमा एकपटक कृच्छ्रव्रत गर्नै पर्दछ । जानेर गरेको पापशुद्धिका लागि विशेषरूपमा व्रत गर्नुपर्ने कुरा छँदैछ । चोदित कर्म बाहेक अरू गर्नुहुँदैन । वस्तुतः चोदितकर्मको अधिकारी अनात्मज्ञ हुन्छ । अनात्मज्ञ जसले चोदित कर्म गर्दैन *'तदसदेव'* त्यो खराब हो । *'तदसत्'* मा *'तत्'* शब्द पूर्वपरामर्शी हो । सर्वत्र सर्वनाममा प्रयुक्त तच्छब्दले पूर्वपरामर्श गर्दछ । यहाँको तच्छब्दले चोदितकर्म नगर्ने अनात्मज्ञलाई सङ्केत गरेको छ । त्यस्ता अनात्मज्ञको अनुसरण गर्नुहुँदैन ।

*'तदसदेवेत्याह'* मा *'इति'* शब्दको अर्थ हेतु पनि हुन्छ । दोस्रो अध्याय पुष्पिका विवरणमा यो कुरा गएको छ । त्यसकारण *'इतिहेतोः'* चोदितकर्म नगर्ने व्यक्ति खराब हो भन्ने कुरा *'इति'* बाट आएको छ । त्यसैले *'कर्मेन्द्रियाणि संयम्य'* इत्यादि अगाडिको श्लोक भगवान्ले दिनुभएको छ – चोदितकर्म नगर्ने व्यक्ति मिथ्याचारी हो । त्यस्ताको परित्याग गर्नुपर्दछ । त्यो असत् हो भन्नेमा *'कर्मेन्द्रियाणि संयम्य'* इत्यादि हेतु छ । कर्मेन्द्रियाणि – हस्तादीनि–वाक् पाणि, वायु, पाद, उपस्थ यी पाँच कर्मेन्द्रिय हुन् । श्रोत्र, त्वक्, चक्षु, जिह्वा, घ्राण यी ज्ञानेन्द्रिय हुन् । मन उभयेन्द्रिय हो । प्रारम्भिक अवस्थामा मनलाई कर्मेन्द्रिय वेदान्तले पनि मानेको छ । पाँचओटै कर्मेन्द्रिय संयमन भएर पनि *'य आस्ते मनसास्मरन्'* मनले चिन्तागरिरहेको छभने काम लाग्दैन । प्रत्येक इन्द्रियले ग्रहण गर्ने *'शब्दस्पर्शरूपरसगन्ध'* को स्थूलभाव र सूक्ष्म भावमा चिन्ता मनले गर्दछ । बाहिरी इन्द्रिय संयमन हुँदा पनि मन संयमन नभएसम्म काम छैन । बाहिरी इन्द्रिय संयमन भएर पनि अन्तरिन्द्रिय चारैतिर दौडाउने व्यक्ति *'विमूढात्मा'* मूर्ख हो ।

*'इन्द्रियार्थान् विमूढात्मा'* मुह वैचित्ये धातुबाट वि उपसर्गपूर्वक विमूढ शब्द बनेको छ । विमूढको अर्थ धेरै मोह भएको व्यक्ति भन्ने हुन्छ । *'विमूढ आत्मा यस्येति'* – विमूढात्मा अर्थात् आत्मा विमूढ भैसकेको व्यक्तिले बहिरिन्द्रियसंयमन गरेर काम छैन । आत्मा सदा चेतनै हुन्छ तापनि विमूढात्मा भनेर यहाँ केवल आत्मालाई लिएको होइन



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शरीरेन्द्रियनिकायविशिष्ट अविवेक अवस्थाको आत्मालाई लिएको हो । बहिरिन्द्रिय संयमन गरेर पनि मन चारैतिर दौडाउने व्यक्तिलाई नै यहाँ विमूढात्मा भनिएको हो । उसको अन्तःकरण यति मलीन भएको हुन्छ कि उसलाई के गर्ने के नगर्ने भन्ने टुङ्गै हुँदैन । ऊ भेडो जस्तै भएको हुन्छ भन्ने कुरा शङ्कराचार्य बताउनुहुन्छ – *'कर्मेन्द्रियाणि–हस्तादीनि संयम्य विमूढान्तःकरणो मिथ्याचारो मृषाचारः पापाचारः स उच्यते'* – हस्तादि संयमन गरेर पनि मन चारैतिर दौडाउने व्यक्तिको अन्तःकरण एकदमै विमूढ भएकोले त्यसलाई मिथ्याचारी भन्नुपर्दछ । त्यो पापाचार पनि हो । बाहिरी रूपमा हेर्दा कसैलाई केही हानि नपुऱ्याउने इन्द्रियसंयम पनि गरेकोले असल मान्छे भन्ने बुझिन्छ तापनि आचारको स्थितिमा विचार गर्दा त्यस्तो हुनसक्तैन । *'आसमन्तात् चरति इति आचारः'*। *'चर गतिभक्षणयोः'* बाट *'चरति'* बन्दछ । चरतिको अर्थ वनमा डुलाउनु, घाँस खुवाउनु भन्ने अर्थ सामान्यरूपमा बुझ्ने चलन छ तापनि त्यतिमात्र चरतिको अर्थ होइन । त्यस्तै *'चर गतिभक्षणयोः'* बाट आ उपसर्ग पूर्वक आचरति बनेको छ । यस लोकमा भोगसमृद्धि र परलोक पनि नबिग्रियोस् भन्ने दृष्टिमा जे गरिन्छ त्यो आचार हो । त्यस्तो आचार साधुको मात्र हुन्छ, दुष्टको हुँदैन ।

*'सदसदविविक्तत्व'* सत् अथवा असत् भनेर विवेक गर्न नसकिने मिथ्या हो । जसमा त्यस्तो आचार हुन्छ, त्यसैलाई मिथ्याचार भनिन्छ । सत्य र असत्य दुवै किसिमले निरूपण गर्न नसकिनेलाई अनिर्वचनीय भन्नुपर्दछ । जस्तै घटपटादि यावत् वस्तु अनिर्वचनीय हुन् । शुक्तिमा रजतभान हुनुलाई तुच्छ ज्ञान भनिन्छ । तुच्छ ज्ञान अनिर्वचनीय जस्तो धेरै समय टिक्दैन । तुच्छ तूलाविद्यालाई पनि भनिन्छ । अविद्याकै शाखामध्ये एउटा तूलाविद्या हो भने अर्को मूलाविद्या । जहाँबाट प्रपञ्च देखिएको छ त्यो मूलाविद्या हो, त्यसैलाई माया पनि भनिन्छ । माया र अविद्या एउटै हो अथवा भिन्नाभिन्नै हो भन्नेमा मतान्तर छ तापनि निष्कर्षमा भन्नुपर्दा माया र अविद्या एउटै हो । सृष्टिको मूलाधार माया अथवा अविद्या जे भए पनि त्यो मूलाविद्या हो । हाम्रो उद्गम कहाँबाट भएका छ भन्ने कुरा कसैलाई पनि थाहा छैन । त्यसैले अविद्या अथवा मायालाई मूलाविद्या भनिएको हो । आत्माश्रित मूलाविद्याकै आश्रयमा अज्ञान रहेको छ । जहाँबाट सबै कुरा जन्मन्छ र सकिन्छ त्यो नै मूलाविद्या हो । यो सदसत् केही पनि होइन । त्यसैले यसलाई अनिर्वचनीय भनिएको हो । चेतनतत्त्व आत्मामा नै त्यस्तो तत्त्व अडेको छ । त्यसैको आधारमा भ्रम हुन्छ । वास्तवमा त्यो जरो अर्थात् मूल हो, त्यो बुझेपछि सबै कुरा छर्लङ्ग हुन्छ । यसअर्थमा पनि यसलाई मूलाविद्या भनिएको हो ।

तूलाविद्या भनेको हलुका विद्या हो । मूलाविद्या जस्तो बुझ्न कठिन हुने विद्या होइन ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यो धेरै समय टिक्दैन। डोरीमा सर्प भ्रम, अथवा शुक्तिमा रजत भ्रम त्यतिबेलासम्म टिक्छ जतिबेलासम्म वस्तु चिनिंदैन। डोरी अथवा शुक्ति चिनेपछि सर्प र रजत भ्रम स्वतः समाप्त हुन्छ। यसरी तूला र मूलाविद्यामध्ये मूलाविद्यालाई मिथ्या र तूलालाई तुच्छ भनिन्छ। अनिर्वचनीय भनेर मूलाविद्या र त्यसैबाट आएको प्रपञ्चसम्मको कुरा आउँदछ।

आचार दुई किसिमको हुन्छ – सदाचार र कदाचार। कदाचार भनेको मिथ्याचार हो। मिथ्याचार भनेर यहाँ खराब आचारलाई बुझाउँदछ। जुन आचारबाट लोक र शास्त्रनिर्देशित कुरा प्राप्त हुँदैन त्यो मिथ्याचार हो। कर्मेन्द्रिय संयमन गरे पनि ज्ञानेन्द्रिय संयमन गरेको छैन भने त्यसलाई सदाचारी भन्न मिल्दैन। त्यस्तो व्यक्तिले कल्याणकारी मार्ग निर्देशन गर्नसक्तैन। साथै आफ्नो उद्धारका लागि पनि केही गर्नसक्तैन। कर्मेन्द्रिय मात्र संयमन गरेको व्यक्तिले लोकमा सदाचारी हुँ भन्ने ढोँगमात्र रचेको हुन्छ। त्यसले आफूलाई पनि चिन्न सकेको हुँदैन। वास्तवमा त्यसले लोकलाई ठगिरहेको हुन्छ। त्यस्तो व्यक्ति मिथ्याचारी हुन्छ, सदाचारी हुँदैन। बाहिरी इन्द्रियमात्र संयमन गरेको व्यक्तिलाई सदाचारी भन्नु र सरोवरमा प्राणी मर्दछन् कि भन्ने डरले बकुल्लाले बिस्तारै पाइला सारेको हो भन्नु उस्तै कुरा हो। प्राणी मर्ने डरले बकुल्लाले बिस्तारै पाइला सारेको होइन। माछा कुन वेला आउला र समाउँला भन्ने मनसायमा मात्र बिस्तारै पाइला सारेको हो। सामान्य लोकस्थितिमा बहिरिन्द्रियसंयमन गर्ने व्यक्ति सदाचारीजस्तो भए पनि त्यो मिथ्याचारी हो।

साधुको आचार भए प्रमाणरूपमा आउँछ भने असाधुको आउँदैन। आफ्नो मार्ग प्रशस्त गर्नुको साथै, आफ्नो काम अर्काका लागि उदाहरणको रूपमा आउनु नै सदाचार हो। खानु, बस्नु, हिड्नु आदि रागतः प्राप्त कुरा हुन्। यी सदाचार पनि होइनन्, न त कदाचार नै। रागतः प्राप्त कुरा सामान्य हुन्। ज्ञानेन्द्रिय आफ्नो वशमा राख्नु सदाचार हो।

*'योगाङ्गानुष्ठानात् अशुद्धिक्षय अविवेकख्यातेः'*[३५] ज्ञानेन्द्रिय वशमा राख्न योगका अङ्गहरूको अनुष्ठान गर्नुपर्दछ। योगाङ्गानुष्ठानद्वारा अशुद्धिक्षय र विवेकबुद्धिको उदय हुन्छ। यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधिका भेदले योगाङ्ग आठ हुन्छन्। ज्ञानयोग अथवा कर्मयोग जहाँ पनि यमादि आठ अङ्गरूपमा आउँदछन्। योगका आठ अङ्गहरूमध्ये यम र नियम सर्वत्र अपरिहार्य छन्। अर्थात् जुनसुकै योगका लागि पनि यम, नियम हुनु आवश्यक छ। यम, नियमको अपलाप गरेमा मान्छेको अधोगति हुने निश्चित छ। यम भनेको भित्री इन्द्रिय दमन हो।

ब्रह्मचर्यं दया क्षान्तिर्ध्यानं सत्यमकल्कता ।
अहिंसाऽस्तेयमाधुर्ये दमश्चेति यमाः स्मृताः ॥[३६]



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अर्थात् ब्रह्मचर्य, दया, क्षान्ति (सहनशीलता) सत्य, अकल्कता (सोझोपन), अहिंसा, अस्तेय (न चोर्नु), माधुर्य (मीठो बोल्नु) यी सबै यस भित्र पर्दछन् ।

स्नानं मौनोपवासेज्या स्वाध्यायोपस्थनिग्रहाः ।
नियमो गुरुशुश्रूषा शौचाक्रोधाप्रमादता ॥[३७]

अर्थात् स्नान गर्नु, मौन रहनु अर्थात् नबोल्नु, उपवास गर्नु, पूजा गर्नु, स्वाध्याय गर्नु, उपस्थनिग्रह गर्नु, गुरुशुश्रूषा, शौच, रिस नगर्नु, अप्रमादता यी सबै नियम भित्र पर्दछन् । उपस्थनिग्रह ब्रह्मचर्यभित्रै पर्दछ तापनि यस भित्र परेका ब्रह्मचर्यको धेरै विस्तार भएकोले उपस्थनिग्रहबाटमात्र ब्रह्मचर्यगतार्थ हुँदैन । तसर्थ उपस्थनिग्रह नियमभित्र पनि छ भने यसभित्र ब्रह्मचर्य छ । ब्रह्मचर्य भित्रैको उपस्थनिग्रह भएर पनि यस भित्र नराखी नियम भित्र गोवलीवर्दन्यायको आधारमा राखिएको हो । गोबाट नै गाई, गोरु भन्ने अर्थ आउँदछ तापनि गोरुका निमित्त (गोवलीवर्द) छुट्टै भन्ने चलन छ । त्यस्तै ब्रह्मचर्यभित्रै उपस्थानिग्रह परे पनि छुट्टै भनिएको हो । यम परिपालनका निमित्त ज्ञानेन्द्रिय संयमन हुनुपर्दछ भने बहिरिन्द्रियसंयमनद्वारा नियम परिपालन हुन्छ । ज्ञानेन्द्रिय संयमन पूर्णरूपमा भएको छ भने कथञ्चित् बहिरिन्द्रियसंयमन पूर्णरूपमा नभए पनि त्यो कदाचारी होइन । यम नियमको परिपालनको सम्बन्धमा स्मृति यसरी आएको छ ।

यमान् सेवेत सततं न नित्यं नियमान् बुधाः ।
यमान् पतत्यकुर्वाणो नियमान् केवलान् भजन् ॥[३८]

श्रेयःकाङ्क्षीले निरन्तर यमको सेवा गर्नुपर्दछ । बुझेको व्यक्ति अर्थात् विद्वान्ले यममा जस्तो नियममा सदा लागिरहनु पर्दैन । शरीरको हदले भ्याएसम्म नियम पालन गर्नुपर्दछ तर यम परिपालन नगर्ने व्यक्ति पतित नै हुन्छ । जति बूढो वा असक्त भए पनि यम परिपालन गर्न सक्तछ । त्यो आफ्नो अधीनको कुरा हो । असक्त व्यक्ति छ भने त्यसले स्नानादि नियम परिपालन गर्न सक्तैन । यम परिपालन गरेको छ भने नियम परिपालन गर्न नसकेको खण्डमा पतन हुन्छ भन्ने छैन । त्यसको भजनमात्र गरे पनि पुग्दछ । यसरी अन्वय र व्यतिरेक विधाद्वारा यम गर्नैपर्दछ । नगरे पतित हुन्छ भन्ने कुरा देखाएको छ भने यममा जस्तो नियममा सदा लागिरहनु पर्दैन, पूर्णरूपमा परिपालन गर्न नसके त्यसको कर्तव्यबुद्धि मात्र गरे पनि हुन्छ भन्ने कुरा पनि देखाएको छ ।

नियममात्र परिपालन गरेको छ भने त्यो धर्माभास मात्र हुन्छ । यस नियमको बारेमा अर्को पक्षले *'वेदमेन जपेन्नित्यं यथा कालमतन्द्रितः । तं ह्यस्याहः परंधर्ममुपधर्मोऽन्य उच्यते ॥'*[३९] अर्थात् धर्म भनेको नियम हो भन्ने देखाएको छ । यस्तै – *'अहिंसा सत्यवचनं ब्रह्मचर्यमकल्कता ।*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*अस्तेयमिति पञ्चैते यमा वै परिकीर्तिताः ॥'*[४०] भनेर पाँच किसिमको यम देखाएका छन् । मनुस्मृति, याज्ञवल्क्यस्मृतिबाट यो कुरा लिइएको भए पनि यो पक्षान्तरमात्र हो । (निष्कर्षतः यम, नियमको परिभाषा पहिलेको अनुसारकै हो, यो होइन ।) जसले जेसुकै परिभाषा दिए पनि यमको सदा परिपालन गर्नुपर्‍यो भने नियममा त्यसरी मरिमेट्नु परेन । तर यसको अर्थ छोड्ने भन्ने होइन । नियमको मात्र परिपालन गरी यम नगर्नेलाई शास्त्रले सोझै दम्भी र पाखण्डीको संज्ञा दिएको छ ।

न धर्मस्यापदेशेन पापं कृत्वा व्रतं चरेत् ।
व्रतेन पापमाच्छाद्य कुर्वन् स्त्रीशूद्रदम्भनम् ॥[४१]

बहिरिन्द्रिय संयमन गरी स्नान, सन्ध्या आदि गरी लोकको दृष्टिमा धर्म गरेको तर भित्री रूपमा यम परिपालन गरेको छैन न त ज्ञानेन्द्रिय संयमन गरेको छ भने त्यस्तालाई अधर्मी, पाखण्डी भनिन्छ । बाहिरीरूपमा धर्म जस्तो देखिए पनि त्यसले धर्मको जरो काटिरहेको हुन्छ । किनभने पापपूर्ण व्रतद्वारा लोकलाई छलिरहेको हुन्छ । यसरी धर्मको नाममा पाप हुने व्रत गर्नुहुँदैन । धर्मको नाममा पाप हुने कुरा *'विधर्मः परधर्मश्च आभास उपमा छलः'*[४२] यी पाँच पनि हुन् । यिनीहरूले पनि धर्मको जरा काट्दछन् । विधर्म भनेको अर्काको धर्म मान्नु अर्थात् वैदिक सनातन भएर पनि अर्काको धर्म (क्रिश्चियन आदि) मान्नु धर्मको जरो काट्नु जस्तै हो । गरिरहेको धर्म छोडेर अर्को धर्ममा अथवा अर्को सम्प्रदायमा जानु परधर्म हो । जस्तै सनातनीले शैव वा वैष्णवमा जानु । देख्दा धर्मजस्तो देखिने तर धर्मको नाममा केही आचारविचार नभएकोले धर्माभास भनिन्छ । उपमा भनेको तुलना गर्नु अर्थात् यो भए यो किन नहुने भन्नु । यसबाट पनि धर्मको रक्षा सम्भव छैन । जस्तै मृगको छाला चोखो हुन्छ भने काग, कुकुर आदिको किन नहुने ? छाला भएकाले अरू पनि छाला हुन्, तिनलाई पनि चोखो मान्नुपर्दछ भन्नमिल्दैन । त्यो आभास मात्र हो । वस्तुतः अरूका छाला चोखा हुँदैनन् । यसो भए यसो किन नहुने भन्ने जस्ता कुरा आभास, उपमा र छल सबैमा पर्दछन् । तर तिनको पद्धतिमात्र फरक हो । शास्त्रको उल्टो अर्थ गर्नु छल हो ।

*'सदोपवीतिना भाव्यं सदा बद्धशिखेन च'*[४३] सदा स्नान, सन्ध्यामा भोजनादि जेसुकै गर्दा पनि जनै लगाउनु पर्दछ र टुपी शिखा पार्नुपर्दछ । *'उपवीतं वै देवलक्ष्म'*[४४] उपवीत हुने देवताको लक्षण हो भन्ने छ । त्यसैले सधैँ उपवीति हुनु पर्दछ । धर्मशास्त्रको इतिहासमा 'काणेले' जनैको बारेमा विस्तृत विवेचन गरेका छन् । उनले उपवीतको अर्थ यही हो भनी टुङ्गो लगाउन सकेका छैनन् । भोजन, स्नान, सन्ध्या आदिमा उपवीत हुने कुरा आइमाई र शूद्रका लागि पनि छ तर उनीहरू जनै लगाउँदैनन् भने उपवीत कसरी हुन्छन् ? चोखो ओड्ने अथवा च्यादर जे



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भए पनि त्यसलाई दाहिने हातको काखमुनिबाट देब्रे काँधमा राख्नु उपवीत हुनु हो। जुनसुकै शुभकार्यमा पनि उपवीत भएर गर्नुपर्दछ। वेद, कल्पशास्त्रादिमा जनैको कुरा कहीँ पाइँदैन। तर सर्वत्र उपवीतको कुरा पाइन्छ। यस आधारमा उपवीत भनेको जनै हो भनी किटान गर्न मिल्दैन। उपवीतको अर्थ जनै हो भनी व्याख्या गर्नु धर्माभास हुन्छ, छली व्याख्यामात्र हुन्छ। धर्मको नाममा पाप हुने उपर्युक्त यी पाँचओटै धर्माभासलाई धर्मीले अधर्म छोडेझैँ छोड्नुपर्दछ। शास्त्रको अर्थ निष्कर्ष गर्दै जाँदा कतै न्यायद्वारा आउँदछ, कतै विधिबाट त कतै निषेधद्वारा आउँदछ भने कतै प्रसङ्गबाट आउँछ। एउटै वाक्यबाट अथवा एउटै शब्दद्वारा कुनै पनि कुरा निर्णय हुन्छ भन्ने छैन। शास्त्रको मर्यादा नबुझ्नेले मात्र त्यस्तो चाहन्छ। उपवीतको अर्थ यही हो भने एउटै शब्दमा भन्नु छलमात्र हुन्छ। त्यसमा कुनै युक्तियुक्तता नभएकोले धर्म हानि हुन सक्छ किन भने –*'युक्तिहीनविचारे तु धर्महानिः प्रजायते'* [४५] भन्ने शास्त्र छँदैछ। युक्तिहीन व्याख्या गर्नु हुँदैन। यसबाट आफू र अर्को कसैलाई पनि लाभ हुँदैन। उपर्युक्त विवरण कदाचारको हो तसर्थ पूर्णरूपमा कदाचार छोडी सदाचारमा लाग्नुपर्दछ। यथाकारी, यथाचारी हुनु सदाचारी हो भनी श्रुतिले बताएको छ। नियमको सेवा गर्ने यथाकारी हो भने यमको सेवा गर्ने यथाचारी हो। यी दुवैको सेवा गरे सदाचारी हुन्छ। यथाकारीमा भन्दा यथाचारीमा बढ्ता जोड छ, त्यो हुनै पर्दछ। त्यसैले श्रुतिले *'धर्मं चर'*[४६] भनेको छ। धर्मं कुरु र धर्मं चरको अर्थ एउटै हुन्छ तापनि डुकृञ् करणेबाट बनेको 'कुरु' प्रयोग नगरी चर गतिभक्षणयोः बाट बनेको 'चर' प्रयोग श्रुतिले गरेको छ। *'यथाचारी भवति'*[४७] धर्म बहिरिन्द्रियद्वारा गर्न सम्भव नभएकोले यहाँ धर्मं कुरु नभनेर श्रुतिले *'धर्मं चर'* भनेको हो। 'धर्मं चर' प्रयोगबाट यो अन्तरिन्द्रियद्वारामात्र हुन्छ भन्ने पनि हुन्छ। बहिरिन्द्रियसंयमन भएरमात्र धर्म नहुने हुनाले ज्ञानेन्द्रिय संयमन हुनैपर्दछ। ज्ञानेन्द्रिय, कर्मेन्द्रिय संयमन भएको व्यक्तिलाई सदाचारी भनिन्छ। कर्मेन्द्रियमात्र संयमन गरी ज्ञानेन्द्रिय संयमन नगर्ने व्यक्ति कदाचारी हो। त्यस्ताको पछि लाग्नुहुँदैन। त्यसैलाई पापाचार भनिन्छ। पाप आचार भएकोले पापाचार भनिन्छ। त्यसले उद्धार गर्नुको सट्टा पतन गर्न सहयोग गर्दछ। यसरी पापाचारी र सदाचारीको तुलना गरिएको छ।

बहिरिन्द्रिय संयमन गर्ने र अन्तरिन्द्रियसमेत संयमन गर्ने व्यक्तिको तुलनामा श्रेष्ठत्व यहाँ देखाइन्छ। बराबर र एउटै जातिमा तुलना हुन्छ। सानो ठूलो र विजातिको तुलना हुनसक्तैन। तुलना गाई, गाईको अथवा मनुष्य मनुष्यको मात्र हुन्छ, गाई र गधाको पनि हुँदैन न त मान्छे र पशुको। सदाचारी र पापाचारी पनि मनुष्यत्वेन एकै हुन्, त्यस्तै लोकको दृष्टिमा बहिरिन्द्रियसंयमन गर्ने पापाचारी पनि सदाचारी जस्तै देखिन्छ। बाहिरीरूपमा यिनमा समता रहेकोले यिनको तुलना हुन्छ। यहाँ कर्मयोगी र ज्ञानयोगीमा कुन श्रेष्ठ भनी तुलना गरिएको छ भने १२ औं



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अध्यायमा सगुणोपासक र निर्गुणोपासकमा कुन श्रेष्ठ भनी तुलना गरिनेछ ।

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७॥

मनले इन्द्रिय संयमन गरी कर्मयोगमा आसक्ति नभएको व्यक्ति विशिष्ट हुन्छ । काममा फलाशा नरहने हुनाले कर्मेन्द्रिय बाहिर गए पनि त्यसलाई केही मतलव हुँदैन । भगवान् श्रीकृष्णले ज्ञानेन्द्रिय संयमीलाई श्रेष्ठ बताउनुभएको छ । ज्ञानेन्द्रिय नियन्त्रण गर्ने र कर्मेन्द्रिय नियन्त्रण गर्नेले बराबरी श्रम खर्च गरेका छन् । तसर्थ त्यसको फल पनि बराबरी हुनुपर्नेमा घटी बढी किन ? भगवान्ले ज्ञानेन्द्रिय संयमीलाई श्रेष्ठ भनी किन पक्षपात गर्नुभयो ? इत्यादि आशङ्का गर्नमिल्दैन किन भने *'तत्त्वपक्षपातो हि धियां स्वभावः'* कसैले राम्रो भनोस् अथवा नभनोस् तत्त्वको पछि लाग्नु बुद्धिको स्वभाव नै हो । ज्ञानेन्द्रिय संयमन नगरेको व्यक्तिको चित्त शुद्धि भएको हुँदैन । त्यस्ताको कर्मद्वारा पुरुषार्थसिद्धि पनि हुँदैन ज्ञानेन्द्रिय संयमीको हुन्छ । फलद्वारा यो कुराको निर्णय भएकोले भगवान्ले पक्षपात गरेको भन्न मिल्दैन । ज्ञानेन्द्रिय संयमीलाई अगत्या श्रेष्ठ भन्नै पर्दछ । यिनै कुरा छैटौँ र सातौँ श्लोकद्वारा आएका छन् । यहाँसम्ममा सातौँ श्लोकको अर्थ पनि पूरा भएको छ । *'नैष्कर्म्यसाधक कर्म'* यसपछि आठौँ श्लोक आउँदछ ।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥

कर्म नगर्नुभन्दा गर्नु असल हुन्छ । कर्माधिकार हुँदाहुँदै कर्म गर्दैनभने निर्वाह कसरी हुन्छ ? अर्थात् शरीरयात्रा कसरी चल्दछ ? भन्ने यो श्लोकबाट आउने मोटो अर्थ हो । सङ्कल्पित कार्यमा दोषोद्भावनद्वारा भगवान्बाट अर्जुनलाई उपदेश भएपछि उनलाई के गर्ने र के नगर्ने ? भन्ने दोधार भएको छ । उपदेश रचनात्मक हुनुपर्दछ, टिप्पणी गरेरमात्र पुग्दैन । तसर्थ भगवान्ले अर्जुनको कुरामा टिप्पणीमात्र नगरी अर्जुनको काम के हो ? भन्ने बारेमा किटानसाथ भन्नुभएको छ । अर्जुनका निम्ति कर्म नियत हो, त्यो गर्नुपर्दछ कर्म नगरी बस्नुभन्दा कर्म गर्नु श्रेष्ठ हुन्छ । त्यस्तै सांसारिक पुरुषको शरीरयात्रा चलाउन पनि कर्म गर्नु अनिवार्य छ । विनाकर्म शरीरयात्रा चल्दैन । भोगापवर्गको के कुरा शरीरयात्रा सञ्चालनार्थ पनि कर्म गर्नै पर्दछ । आफ्नो नियत कर्म गर्दा कोही मर्छ कि भन्ने चिन्ता गर्नुहुँदैन । यही कुरा भगवद्दिशा स्पष्ट छ ।

*'कर्म ज्यायो ह्यकर्मणः'* कर्ममा प्रेरणा गर्नका लागि कर्म नगर्नुभन्दा कर्म गर्नु श्रेष्ठ भन्ने कुरा दोस्रो अध्यायमै गएको छ । त्यसकारण यहाँ 'कर्म ज्यायो ह्यकर्मणः' भनेर नयाँ कुरा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भएको होइन । पहिलेकै कुरा भए पनि यहाँ पुनरुक्ति छैन, अर्जुनले कर्म गर्ने पर्नेमा अनुवाद मात्र हो । अनुवाद भएकोले निष्प्रयोजनता आउँदैन, पुनरुक्ति भए निष्प्रयोजन हुन्थ्यो । अर्जुनलाई कर्ममा लाग्न प्रेरणा गर्नु यहाँ अनुवादको प्रयोजन छ । कर्म गर्नुपर्दछ भनी सम्झाउनु 'नियतं कुरु कर्म त्वं' इत्यादि हो । यसैको भूमिकामा शङ्कराचार्य लेख्नुहुन्छ –

*'यत एवं अतः'* कर्म गर्ने पर्ने निर्धारण भैसकेकाले कर्म अनिवार्य गर्नुपर्ने सिद्ध हुन्छ । अतो नियतं – नित्यं कर्म अर्जुनले गर्नुपर्ने नियत कर्म नित्य हो । नित्यकर्म कहिल्यै छोड्न हुँदैन, छोडे प्रत्यवाय लाग्छ । युद्धरूप कर्म नित्य हो भने नित्यको सट्टा नियत पद किन ? वास्तवमा यो कर्म काम्यछायी नित्य हो । नगरे दोष लाग्ने हुनाले यसलाई काम्यछायी नित्य भनिन्छ । यसै अर्थमा शङ्कराचार्यले नियतको अर्थ नित्य गर्नुभएको हो । नित्य भन्नाले युद्ध छोड्नु हुनेरहेनछ भन्ने पनि हुन्छ । काम्यछायी नित्यको अर्थ काम्य भए पनि नित्य बराबर हो । 'अतो नियतं नित्यं कर्म कुरु हे अर्जुन ।' त्यसकारण हे अर्जुन नित्यजस्तो कर्म तिमीले गर्ने पर्दछ किन भने *'यतः कर्म ज्यायोऽधिकतरं फलतो हि यस्मात्तत् अकर्मणोऽकरणादनारम्भात्'* कर्म अकर्मभन्दा श्रेष्ठ हो । कर्म श्रेष्ठ हो भन्ने कुरा फलद्वारा निश्चय गर्नुपर्दछ । *'अकरणादनारम्भात्'* अकरणको अर्थ अनारम्भ हो । अनारम्भको वारेमा कथन छ –

अनारम्भो मनुष्याणां प्रथमं बुद्धिलक्षणम् ।
आरम्भस्य समाप्तिश्च द्वितीयं बुद्धिलक्षणम् ॥

यो कथा वा नीतिको कुरा हो, शास्त्र होइन । शास्त्र हुन वेदमूलक अथवा वस्तुगत कुरा हुनै पर्दछ । *'शास्त्रत्वं हितशासनात्'* भनिएकै छ । आफूले गर्नसक्ने कुरामात्र आरम्भ गर्नु अथवा गर्न नसक्ने कुरा आरम्भ नगर्नु बुद्धिको पहिलो लक्षण हो । आरम्भ गरेको कुरा समाप्ति गर्नु बुद्धिको दोस्रो लक्षण हो । अकरणको अर्थ अनारम्भ हो । कर्मारम्भ गर्दैमा कर्मसमाप्ति हुँदैन । वास्तवमा कर्म समाप्तिको अर्थ ज्ञाननिष्ठा हो । ज्ञाननिष्ठा नभएसम्म कर्म चलिरहने हुनाले त्यो सदा आरम्भ हुन्छ समाप्ति हुँदैन । समाप्ति पनि त्यसै हुँदैन, आरम्भ हुनै पर्दछ । आरम्भ किन हुनुपर्‍यो भन्नेमा शङ्कराचार्य प्रश्नपूर्वक भन्नुहुन्छ –

*'कथं शरीरयात्रा शरीरस्थितिरपि'* कर्मारम्भ नगरी शरीरयात्रा कसरी चल्दछ ? शरीरयात्राको अर्थ शङ्कराचार्यले शरीरस्थिति गर्नुभएको छ । यात्राको अर्थ हिड्नु हो भने स्थितिको अर्थ गतिनिवृत्ति हो । हिड्नु र गति निवृत्ति भन्ने अर्थ उल्टो जस्तै भएकोले कसरी यात्राको अर्थ स्थिति भयो ? शरीरमा दिनप्रतिदिन परिवर्तनक्रम चलिरहेको छ । यस अर्थमा शरीरयात्रा भन्ने अर्थ सङ्गत हुन्छ । शरीर दिनप्रतिदिन परिवर्तन भए पनि हिजोको शरीरस्थितिको आधारमा त्यै मान्छे भन्ने ज्ञान पनि हुन्छ । यस आधारमा यात्राको अर्थ स्थिति हुन्छ । हिजो र आजको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शरीरमा सन्निवेश फरक हुँदैन । उपचय र अपचय भए पनि संनिवेश रहने हुनाले संनिवेशविशिष्ट उपचय अपचय स्थिति हो । शरीरयात्रा हुँदाहुँदै पनि यो त्यही मान्छे हो भन्ने ज्ञान हुने भएकोले शरीरयात्राको अर्थ शरीरस्थिति गर्दा हानि हुँदैन ।

*'शरीरयात्रा शरीरस्थितिरपि च ते न प्रसिद्धेत्'* कर्मारम्भ नगरे अर्जुनको शरीरयात्रा पनि नचल्ला अथवा लोकले बडा पराक्रमी भन्ने ठानेका अर्जुनको लोकप्रसिद्धि पनि नहोला । यी अनगिन्ती अनिष्टका सम्भावना देखिएकाले तिमीले कर्मारम्भ गर्नै पर्दछ भन्ने भगवान्को अभिमति छ भन्ने कुरा शङ्कराचार्य देखाउँनु हुन्छ । *'अतो दृष्टः कर्माकर्मणो विशेषो लोके'* कर्माकर्ममा वैषम्य के छ ? कुन विशेष हो ? भन्ने कुरा लोकमै स्पष्ट छ । एकपटक दत्तात्रेय र प्रह्लादको भेट हुँदा मोटाघाटा केही पनि काम नगर्ने दत्तात्रेयलाई प्रह्लादले सोधेका थिए – शरीर मोटो हुनका लागि सुखसयल हुनु पर्दछ, खूब खानुपर्दछ । सुख, सयल र खानका लागि पनि उद्योग गर्नै पर्दछ तर केही उद्योग नगरी सुतिरहने तपाइँ कसरी मोटोघाटो हुनुहुन्छ ? यसैमा दत्तात्रेयले भनेकाथिए – कसैले पनि अर्काको चरित्रको बारेमा केही कुरा सोध्नु हुँदैन । सोधी नै हालेमा पनि पृच्छकको योग्यता र स्थिति हेरेरमात्र बताउनु पर्दछ । मेरो चरित्र कसैलाई बताउने खालको छैन तापनि तिमीजस्ता भगवद्भक्तले सोधेकाले म बताउँदछु । वास्तवमा मेरो चरित्र लोक र शास्त्रबाट पनि बहिष्कृत छ । म कहिले पाएमा लाखौँ रूपैयाँ पर्ने शय्यामा पनि सुत्छु, नपाए भूमिमा नै लडिदिन्छु । त्यस्तै कसैले चौरासी व्यन्जन नै दिए पनि खाइदिन्छु भने नपाए भोकै अथवा पानीमात्र खाएर पनि बस्दछु । मेरो इच्छाले मात्र केही कुरा हुँदैन न त नपाएमा चिन्ता नै हुन्छ । त्यसकारण संसारको सबैभन्दा ठूलो अनर्थको बीज भनेको चिन्ता हो, त्यो मलाई छैन । साँच्चै भन्नुपर्दा म मोटो छु अथवा दुब्लो यो कुरा पनि मलाई थाहा छैन ।

दत्तात्रेयलाई दुराचार र सदाचारको पराकाष्ठाको रूपमा लिन सकिन्छ । उनको भनाइ अनुसार अनर्थको बीज चिन्ता हो, त्यो छोड्नु पर्दछ । भगवान्को अभिमति पनि यसैमा छ । त्यसैका निम्ति कोही मर्लान् कि ! भन्ने चिन्ता छोडी युद्धरूप कर्म गर्नुपर्दछ भनी भगवान्ले अर्जुनलाई बताउनुभएको छ । अर्जुन कर्माधिकारी भएकाले लोकस्थिति बुझेर कर्म गरून् भन्ने कुरा शङ्कराचार्यले देखाएका हुन् । नियत कर्म नगरे इष्ट प्राप्ति हुने होइन अनिष्ट हुन्छ भन्ने कुरा मूलमै पनि आएको छ । अर्जुन ज्ञाननिष्ठामा नपुगेकाले उनलाई कर्मसंन्यास गर्ने अधिकार छैन । क्षत्री भएको नाताले युद्धरूप नियत कर्ममा तिम्रो अधिकार छ । युद्ध गर्नैपर्दछ भन्ने कुरा श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ । कर्म नगर्नुभन्दा कर्म गर्नु श्रेष्ठ हो । शरीर यात्राका लागि मात्र भए पनि कर्म गर्नै पर्दछ । कर्मविना कसैको पनि प्रसिद्धि सम्भव छैन ॥८॥



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कर्म कसैले पनि छोड्न मिल्दैन । ज्ञाननिष्ठामा पुगेपछि कर्मले ज्ञानीलाई छोड्दछ । संसारमा रहेसम्म यज्ञार्थ कर्म गर्नु पर्दछ । यज्ञार्थ कर्मले बन्धन हुँदैन । अहिले यज्ञको नाममा पनि विकृति बढेको छ । विकृतिमैँ यज्ञभ्रम पढेलेखेका व्यक्तिमा पनि छ । यसको सम्बन्धमा शङ्कराचार्यले आफू संन्यासी भएकोले होला विवरण गर्नु भएन । नेपाली, हिन्दी र अङ्ग्रेजीका गीता व्याख्याताले पनि यज्ञको सम्बन्धमा कलम चलाएका छैनन् । विद्वत्संन्यासमा पुगेका शङ्कराचार्यले कर्मीका निम्ति भए पनि यज्ञरूप कर्मको विवरण दिनुपर्दथ्यो तर त्यो नभई समस्त शास्त्रको सारसङ्ग्रह गीता शास्त्र हो भन्ने मात्र दिनुभएको छ । समग्र वेद, पुराणमा आएका कुराको सार गीतामा छ । यो कुरा शङ्कराचार्य स्वयंले उपक्रम भाष्यमा लेख्नुभएको छ । वेदको सार गीता भएकोले यज्ञको सम्बन्धमा इतिकृत्य लेख्नु सम्भव भएन । त्यसको लेखाजोखा वेदले गरेको छ । वेदले गरेकै कुराको व्याख्या अल्पशास्त्रादिमा हुन्छ । सर्वथा नयाँ कुरा त्यहाँ आउँदैन । वेदकै रहस्य जान्नका निम्ति अल्पशास्त्र र सूत्रहरू प्रणयन भएका हुन् । त्यसै सूत्रका सम्बन्धमा *'सूत्रार्थे क्लिष्यतश्चैव दूरे वेदार्थनिर्णय'*[४८] अर्थात् वेदार्थ निर्णयको लागि प्रणयन भएका सूत्रहरूको नै अर्थ लाग्दैन भने वेदार्थनिर्णयको कुरै छैन भनी आजभन्दा करीब १२ सय वर्ष अगाडि नै कुमारिल भट्टले भनेका छन् । कुमारिल भट्ट शङ्कराचार्यकै समकालिक भएर पनि शङ्कराचार्यभन्दा जेठा थिए । शङ्कराचार्य शास्त्रार्थ गर्नसक्ने हुँदा उनी वृद्ध भैसकेका थिए ।

कर्माधिकारीले कर्म गर्नैपर्दछ भनी विषयको विवरण भने आचार्य शङ्करबाट भएन । विद्वत्संन्यायासमा कर्मको सम्बन्ध नहुने हुनाले शङ्कराचार्यले सर्वत्र आफ्नू भाष्यमा कर्मको सम्बन्धमा दिग्दर्शनमात्र गरी ज्ञानको विवरण गर्नुभएको छ । शङ्करका कृतिमा विवरण नभए पनि कर्माधिकारीले कर्म गर्नैपर्दछ, जान्नैपर्दछ भन्नेमा शङ्कराचार्यको अभिमति छ । कर्म बन्धका निमित मात्र हुन्छ । अतः यतीहरू कर्म गर्दैनन् ।

कर्मणा बध्यते जन्तुर्विद्यया च विमुच्यते ।
तस्मात्कर्म न कुर्वन्ति यतयः पारदर्शिनः ॥[४९]

अर्थात् कर्मद्वारा बन्ध र विद्याद्वारा मुक्ति हुन्छ । त्यसकारण पारदर्शी यतीहरू कर्म गर्दैनन् भन्ने कुरा स्मृतिले दिएको छ । यही आधारमा बन्धन हुन्छ भन्ने डरले कर्मीले कर्म गर्दैन भने *'इति तदपि असत्'* त्यो पनि ठीक छैन । यसरी शङ्कराचार्यले स्मृतिमा आएको कुरा भाष्यमा ल्याई त्यसको खण्डन गर्नुभयो भने कस्तो कर्म गर्ने त ? भन्ने सांशयिक स्थिति देखिन्छ । यही स्थितिको विशदतामा भगवान् श्रीकृष्णद्वारा अगाडिको सूत्र आएको छ –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९॥

वैदिक कर्मले चित्त शुद्धि हुन्छ, त्यो यज्ञ हो । यज्ञ बाहेक अरू वैदिक कर्म होइनन् । तसर्थ हे अर्जुन ! यज्ञका निमित्त कर्म गर्नुपर्दछ । अरू कर्मद्वारा बन्धन हुन्छ । तिमीले सङ्गमुक्त भई कर्म गर्नै पर्दछ भनी भगवान् श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ । यज्ञको काम बाहेक अन्यत्र बन्धन हुन्छ भन्नेबाट यज्ञको कामबाट बन्धन हुँदैन भन्ने कुरा स्वतः आएको छ । त्यसैले *'तदर्थं कर्मकौन्तेय मुक्तसङ्गः समाचर'* हे अर्जुन ! तिमी कर्म गर फलका निम्ति हिरिक्क नहोऊ । श्रौतादिकर्मविशेष वैदिक अव यज्ञ भनेकै के हो ? यो जान्नु नितान्त आवश्यक छ ।

*'स एष यज्ञः पञ्चविध'*[५०] वेदले बताएको यज्ञ पाँच किसिमका छन् । ती हुन् – (१) अग्निहोत्रम् (२) दर्शपूर्णमासौ (३) चातुर्मास्यानि (४) पशुः (५) सोमः । संस्थागतरूपमा पाँचओटा भए पनि यी प्रत्येकका हजारौं भेद हुन्छन् । यज्ञप्रतिपादक वेदको व्याख्या गर्न प्रमुख रूपमा तीनओटा धारा आएका छन् – (१) श्रौतसूत्र (२) गृह्यसूत्र र (३) धर्मसूत्र । यी तीन धारामा व्याख्या भएको कुरा हामीले गर्नुपर्दछ । वेदका मूलतः संहिता र ब्राह्मण दुई भाग हुन्छन् । संहितामा भएको मूल विवरण ब्राह्मण भागले गर्दछ । त्यसमा विधिवाक्य हुन्छन् । ब्राह्मण भागको क्रमानुसार इतिकृत्य निर्देशन श्रौतसूत्रले गरेको हुन्छ । त्यसमा स्मृतिको मतलब हुँदैन । वेदले बताएको कुरा मात्र गर्ने हुनाले त्यसलाई श्रौतयज्ञ भनिन्छ ।

त्यस्तै वेदको व्याख्या गर्न आएको दोस्रो धारा गृह्यसूत्र हो । वेदविहित कर्म गर्न अलि कठिन हुने हुनाले अलि तल झरेर गृह्यसूत्रले व्याख्या गर्दछ । वेदमूलक भए पनि वेद भने होइन । त्यसैले वैदिक व्याख्यारूपमामात्र गृह्यसूत्र आउँदछ । प्रमुखरूपमा धर्मका निर्णायक पनि श्रौतसूत्र र गृह्यसूत्र हुन् । उक्त सूत्रानुसार पनि सर्वत्र एकै किसिमको निर्णय हुँदैन, शाखानुसारको निर्णय हुन्छ । यी निर्णय गर्ने आधार श्रौतसूत्र र गृह्यसूत्र हुन् । स्व-स्व शाखा नियत बाहेक सामान्यधर्म, विशेषधर्म आदि धर्मको निरूपण धर्मसूत्रले गर्दछ । वेदार्थनिर्णय गर्ने आधार यी तीनओटा कल्प वा धारा हुन् । *'कल्प्यते समर्थ्यते यया प्रक्रियया वेदार्थनिर्णय इति कल्पः'* अर्थात् शास्त्रनिर्णायिक प्रक्रियादर्शक शास्त्रलाई कल्प भनिन्छ । कल्पशास्त्र पछि मात्र स्मृतिको मान्यता आउँदछ । *'श्रुतिस्तु वेदो विज्ञेयो धर्म शास्त्रं तु वै स्मृतिः'*[५०] अर्थात् श्रुति भनेको वेद हो र धर्मशास्त्र भनेको स्मृति हो । श्रुति प्रस्थानमा श्रौतसूत्रादि पनि आउँदछन् । स्मृति भन्नाले मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि आउँदछन् । सामान्य विशेषधर्मको निर्णय गर्ने हुनाले मनुस्मृति, याज्ञवल्क्यस्मृति आदिको कुनै शाखा नियत



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छैन। हरेक शाखाका लागि कल्पशास्त्रभने नियत हुन्छ। तिनीहरूले गरे अनुसारकै निर्णय हामीले गर्नुपर्दछ र मान्नु पर्दछ।

हाम्रो नेपाली समाजमा धेरैजसो शुक्लयजुर्वेदको माध्यन्दिनीय शाखानुयायी भएकाले त्यो शाखानुसारीसूत्रले जे भन्दछ त्यही अनुसार सूत्रमा अनुल्लिखित विषयभने सूत्रको विरोध नहुने गरी निर्णय गर्नुपर्दछ। सम्पूर्ण शाखाको विवरण गरेर साध्य नहुने हुँदा माध्यन्दिनीय शाखाको बारेमा सङ्क्षेपतः दिग्दर्शन प्रस्तुत छ। सामान्यतया यज्ञ पाँच किसिमका हुन्छन् भन्ने आएको छ। यज्ञ के हो ? भन्ने बारेमा कात्यायन श्रौतसूत्र र पारस्कर गृह्यसूत्रले बताएका छन्। माध्यन्दिनीय शाखामा धर्मसूत्र छैन। त्यसैले कृष्णयजुर्वेदको आपस्तम्बधर्मसूत्रानुसार यसै शाखानुयायीले काम गर्नुपर्दछ। यो शाखामा कात्यायन श्रौतसूत्र र पारस्करगृह्यसूत्रसँग विरोध पर्ने कुरा आएमा मान्य हुँदैन। धर्मका निर्णायक आधार यिनै दुईसूत्र भएकाले निर्णयसिन्धु, धर्मसिन्धु आदिमा आएका कुरामा पनि यी सूत्रसँग विरोध परेमा यो शाखामा मान्य हुँदैन। निर्णयसिन्धु, धर्मसिन्धु सबै शाखानुयायीको निम्ति भएकोले त्यहाँको निर्णय कुन शाखासम्मत हो अथवा सामान्य हो भन्ने विवेक गर्नु आवश्यक हुन्छ।

पाँच किसिमका यज्ञका पनि सबैको अनुष्ठान सम्भव हुँदैन। त्यसैले कल्पशास्त्र वा श्रौतसूत्रादिमा आएपछि यी पाँच यज्ञको टुङ्गो एक्काइस ओटामा लाग्यो। यसले यज्ञ २१ ओटामात्र हुन्छ, त्योभन्दा बढी हुँदैन। ती पनि यज्ञव्यक्ति होइनन्, यज्ञसंस्था हुन्। २१ संस्थामध्ये प्रत्येकमा धेरै यज्ञहरू पर्दछन्। २१ यज्ञसंस्थाहरूमध्ये ७ ओटालाई पाकयज्ञसंस्था, ७ ओटालाई हविर्यज्ञसंस्था र ७ ओटालाई सोमयज्ञसंस्था भनिन्छ। यिनमा ७ पाकयज्ञ संस्थाको अनुष्ठान स्मार्ताग्निमा र हविर्यज्ञसंस्था र सोमयज्ञसंस्थाको अनुष्ठान श्रौताग्निमा हुन्छ।

श्रुतिविधान अनुसार अग्नि श्रौताग्नि हो भने स्मृतिविधान अनुसारको ग्रहण स्मार्ताग्नि हो। श्रौताग्निलाई वैताग्नि पनि भनिन्छ। विवाहमा स्मार्ताग्नि ग्रहण हुन्छ। विवाहमा लिन नसके अंशवण्डा गर्दा स्मार्ताग्नि लिनुपर्दछ। यसमा पाकयज्ञसंस्था चन्दछन्। पाकयज्ञसंस्थाका सात भेद यसप्रकार छन् – (१) औपासनहोम (२) वैश्वदेव (३) पार्वण (४) अष्टका (५) मासिक श्राद्ध (६) श्रवणा कर्म र (७) शूलगव। स्मार्ताग्नि नलिए प्रायश्चित्त लाग्दछ भन्ने छ। स्मार्ताग्निमा पहिलो औपासनहोम हो। यसको विधान स्मृतिबाट भएको छ।

कर्मस्मार्तं विवाहाग्नौ कुर्वीत प्रत्यहं गृही।
दायाकालाहृते वापि श्रौतं वैतानिकाग्निषु ॥[५२]

शान्ति कर्म र पौष्टिक कर्म पनि गृहस्थाग्नि अर्थात् स्मार्ताग्निमा गर्नु पर्दछ। श्रौतसूत्रका व्याख्याकार देवयाज्ञिकले यो कुरा गरेका छन्। जातकर्म, सीमन्तोनयनादि कर्म पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्मार्ताग्निमै हुन्छ । औपासनहोमको विस्तृत विवरण पारस्करगृह्यसूत्रमा छ । बिहानबेलुका होम गर्नु औपासनहोम हो । यो बेलुकाबाट शुरु भई बिहान सकिन्छ । बेलुका शुरु गरी बिहान सकिएपछि एउटा होम सकिन्छ । यो पुरुषले गर्नुपर्दछ । पुरुष नभएमा अथवा असक्त भएमा पत्नीले गरे पनि हुन्छ । सायङ्कालबाट शुरु हुने हुनाले यसमा प्रधान देवता अग्नि हुन्छन् । त्यसको सहायक प्रजापति हुन्छ । त्यस्तै बिहानको औपासनहोममा प्रधानदेवता सूर्य र सहायक प्रजापति हुन्छन् । यो औपासनहोम नगरी पाकशुद्धि पनि हुँदैन र भोजन पनि गर्नुहुँदैन भन्ने छ । यस बारे 'शतपथब्राह्मण' मा स्पष्ट विवरण छ । यो गर्न धेरैबेर पनि लाग्दैन, दुईचार मिनेटमै सकिन्छ । यसमा होम गर्ने द्रव्य दही, चामल, जौ हुन् । बेलुका जुन द्रव्यले होम गरेको छ बिहान पनि त्यही द्रव्य अर्थात् जौले गरेको भए जौले नै अरूले गरेको भए अरूले नै गर्नुपर्दछ । बेलुका बिहान छुट्टाछुट्टै द्रव्यले होम गर्नुहुँदैन ।

दोस्रो वैश्वदेव हो । यसलाई बलिवैश्वदेव भनेर पनि धेरैले चिन्दछन् । शास्त्रले पनि यसै भन्छ । यसलाई पञ्चमहायज्ञ पनि भनिन्छ । पञ्चमहायज्ञको विवरण ब्राह्मणमा पनि आउँदछ । *'विश्वे सर्वे देवा अत्र ईज्यन्त इति – वैश्वदेव'* मा संसारका मूलभूत देवताको पूजा गरिने हुनाले यसलाई वैश्वदेव भनिएको हो । ती महायज्ञको विवरण शतपथब्राह्मणमा छ । (१) देवयज्ञ (२) भूतयज्ञ (३) पितृयज्ञ (४) मनुष्ययज्ञ र (५) ब्रह्मयज्ञ । यी यज्ञ बिहानबेलुका गर्ने बिधान विभिन्न शाखामा भए पनि माध्यन्दिनीय शाखानुयायीका निम्ति बिहान नै गर्ने विधान छ ।

(१) देवयज्ञ – सामग्री तयार गरी अग्निमा होम गर्नु देवयज्ञ हो । यसका निम्ति धेरै समय खट्नु पर्दैन, दश, पन्ध्र मिनेटमा गर्न सकिन्छ । यसका निम्ति यज्ञकुण्ड बनाइरहनु आवश्यक छैन । मकलमै आगो बालेर होम गरे पनि हुन्छ ।

(२) भूतयज्ञ – स्वयं पुरुषार्थमा असमर्थ प्राणीलाई यहाँ भूत भनेर सङ्केत गरिएको छ । त्यसमा काग, कुकुरदेखि कमिलासम्म पर्दछन् । काग कुकुरलाई बोलाएर खाने कुरा दिनु, कमिलालाई पनि कनिका आदि तिनले खानसक्ने कुरा भूमिमा बिस्तारै छरिदिनु, गाईलाई खानेकुरा दिनु आदि । यी सबै भूतयज्ञ भित्र पर्दछन् । काग कुकुरदेखि कमिलासम्मका यावत् जीवन भूतात्म देवता हुन् ।

(३) पितृयज्ञ – यो यज्ञ पाकयज्ञसंस्था र हविर्यज्ञसंस्था दुवैमा पर्दछ । प्रतिदिन पितृको नाममा तर्पण गरेर आफ्नो योग्यतानुसार एकमुठी अथवा एकमाना चामल कति दिनसकिन्छ छुट्याउने र औंसी, औंसीमा ब्राह्मणलाई दिनेगर्नुपर्दछ । सम्भव भए पितृको नाममा छुट्याएको वस्तु प्रतिदिन ब्राह्मणलाई दिए पनि हुन्छ । यसैलाई पितृयज्ञ भनिन्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(४) मनुष्ययज्ञ – अतिथि भोजन गराउनु मनुष्ययज्ञ हो । ब्रह्मचारी र संन्यासीलाई अतिथि भन्न मिल्दैन । उनीहरू त पक्वान्नका सिद्धाधिकारी हुन्, पक्वान्न कै भिक्षा तिनीहरूलाई दिनुपर्छ । अतिथि गृहस्थी मात्र हुन्छ । वैश्वदेव सकिएपछि आफूले भोजन गर्नुभन्दा पहिले अतिथिभोजन गराउनुपर्दछ । कदाचित् अतिथिभोजन गराउन मिलेनभने अतिथिका निम्ति दिने वस्तु छुट्याएर राखी औंसी औंसीमा दिनुपर्दछ । यो तिथिमा आउँछु भनी तिथि तोकेर आउनेलाई अतिथि भन्न मिल्दैन । तिथिको ठेगान नगरी आउने पाहुनालाई अतिथि भनिन्छ । मनुष्ययज्ञमा अतिथि भोजनकै बढी महत्त्व छ ।

(५) ब्रह्मयज्ञ – पञ्चमहायज्ञमध्ये ब्रह्मयज्ञ सबैभन्दा महत्त्वपूर्ण हो । यसलाई स्वाध्याय पनि भनिन्छ । *'एकमपि ब्रह्मपदमधीयीत'*[५३] प्रतिदिन धेरै नसके एकपद मात्र भए पनि ब्रह्मको उच्चारण गर्नुपर्दछ, अन्यथा पातकी हुन्छ भन्ने छ । अरू यज्ञमा पूर्वापर प्रसङ्गको कुरा छ, यसमा छैन । सन्ध्याबन्दन गरेपछि जुन बेला पनि ब्रह्मयज्ञ गर्न सकिन्छ । प्रातःसन्ध्याभन्दा पछि स्वाध्याय गर्न सकिन्छ । प्रतिदिन एक अध्याय अथवा एकमन्त्रमात्र भए पनि वेदपाठ गर्नुपर्दछ । ब्रह्मयज्ञले बुद्धिशोधन गर्दछ । त्यसैले यो सबैभन्दा महत्त्वपूर्ण छ । यी पाँचओटै यज्ञ वैश्वदेव भित्र पर्दछन् । संसारमा गरिने पाँचओटै यज्ञ वैश्वदेव भित्र परेकाले वैश्वदेव गरेपछि कुनै यज्ञ गर्न बाँकी हुँदैन । संसारमा तेत्तीस देवता छन् भन्ने पाइन्छ । उपर्युक्त यज्ञमा अग्नि प्रधानदेवता र प्रजापति सहायक देवता हुन् । त्यसबाट वैश्वदेव अर्थात् विश्वका सारा देवताको पूजा कसरी भयो ?

प्रत्येक यज्ञमा जहाँ जे आए पनि अग्नि र प्रजापति सर्वत्र आउँदछन् । प्रजापति ब्रह्मलाई भनिन्छ । *'एष उहि एव सर्वे देवा'* [५४] सम्पूर्ण देवताका समष्टि प्रजापति भएकाले उनको पूजा गरेपछि सबैको गरेको मानिन्छ । प्रजापतिको पूजा गरेपछि सबैको पूजा हुन्छभने मनुष्यादिको किन गर्ने त ? मनुष्यादि मनुष्यलोकमा रहेका छन् । देवताहरूको जत्रो मनुष्यादिको शक्ति छैन । कम शक्ति भएकालाई पनि आदर गर्नुपर्दछ भन्ने आधारमा मनुष्यादिको पूजा गर्नुपर्दछ । जसरी लोकमै पनि संसदमा अल्पमतको कदर गरिन्छ त्यस्तै शास्त्रले पनि अल्पमत, बहुमत सबैलाई समेट्ने गरी वैश्वदेवयज्ञको विधान गरेको छ । वैश्वदेव होम र पञ्चमहायज्ञ गृहस्थीले प्रतिदिन गर्नुपर्दछ, अरू आश्रमीले गर्नुपर्दैन ।

वैश्वदेवपछि गरिने अर्को पार्वण हो । पार्वणश्राद्ध पर्व, पर्वमा गरिन्छ । यसमा मातृपक्ष र पितृपक्षका तीनपुस्तालाई लक्ष्य गरिएको हुन्छ । दुवैतिरका तीन पुस्तालाई लक्ष्य गरी गरिने श्राद्ध भएकोले यसलाई षड्पुरुष श्राद्ध पनि भनिन्छ । प्रति अमावास्यामा यो श्राद्ध गर्नुपर्दछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यस्तै पाकयज्ञसंस्था भित्रैको अर्को यज्ञ अष्टकाश्राद्ध हो । गृह्यसूत्रमा *'ऊर्ध्वमाग्रहायण्यातिस्रः अष्टका'* [५५] आएको छ । आग्रहायणीभन्दा अगाडिका तीन अष्टका गर्नुपर्दछ । कार्त्तिक शुक्लपूर्णिमालाई आग्रहायणी भनिन्छ । माध्यन्दिनीय शाखाको गृह्यसूत्रमा तीनओटा अष्टका श्राद्ध भन्ने स्पष्ट देखिन्छ । तर वास्तवमा अष्टकाश्राद्ध तीन होइन पाँचओटा छन् । आफ्नो शाखामा भएको कुरामा केही न्यूनता छ भने अरू शाखाबाट पनि लिन पाइने विधान भएकोले अरू दुई अष्टका श्राद्ध हिरण्यकेशी गृह्यसूत्र अनुसार गर्नुपर्दछ । यी अष्टका श्राद्ध मार्गकृष्ण, पौषकृष्ण, माघकृष्ण र फाल्गुनकृष्ण अष्टमीका दिन गरिन्छन् । यी चारओटा अष्टमीमा गरिन्छन् भने अर्को एउटा आश्विनकृष्ण अष्टमी अर्थात् सोह्राश्राद्धको अष्टमीमा गरिन्छ । श्राद्धमा अष्टका श्राद्ध प्रधान हो । अन्वष्टका श्राद्ध गर्न अधिकृत व्यक्तिले त्योभन्दा पहिलो दिन पनि श्राद्ध गर्नुपर्दछ र त्यो गरेपछि भोलिपल्ट पनि श्राद्ध गर्नुपर्दछ । यस स्थितिमा सप्तमी, अष्टमी, नवमी तीनै दिन श्राद्ध गर्नुपर्ने देखियो । त्यसमा पहिलो दिन गरिनेलाई पूर्वेद्यु भनिन्छ । दोस्रो अष्टका र तेस्रो दिन गरिनेलाई अन्तष्टका भनिन्छ । यसरी पाँच अष्टका श्राद्ध पाँचओटा कृष्णपक्षका अष्टमीमा गरिन्छन् । अष्टकाका लागि पूर्वेद्यु र अन्वष्टका गर्नुपर्ने हुनाले अष्टका सम्बन्धी १५ ओटा श्राद्ध एक वर्षमा गरिनुपर्ने विधि छ ।

श्राद्ध मध्ये अष्टकाश्राद्ध गर्न अलि अप्ठ्यारो छ । कुनै पनि यज्ञमा द्रव्य तोकेको छ भने त्यही द्रव्यले गर्नुपर्दछ । त्यो नपाए यसले गर्नु भनी विकल्प राखेको नभए त्यो यज्ञ गर्नैमिल्दैन । तोकिएको द्रव्य नपाए यसले गर्नू भन्ने विधान पनि कहीँ आउँदछ । त्यस्ता ठाउँमा आनुकल्पिक द्रव्यले पनि यज्ञ गर्नसकिन्छ । त्यसलाई अनुकल्प भनिन्छ । यसै द्रव्यले गर्नुपर्दछ भनी तोकिएको छ र विकल्प छैन भने द्रव्य नपाएमा त्यस्तो यज्ञ गर्नैहुँदैन । अष्टका श्राद्धमा पनि द्रव्य तोकिएको छ । हेमन्त शिशिरमा गरिने अष्टका श्राद्धमा एउटा 'अपूप' अर्थात् मालपुवाले गरिन्छ । त्यस श्राद्धमा मालपुवा नै सीदामा चढाउने, ब्राह्मण भोजन पनि त्यसैले गराउने, मालपुवाकै पिण्ड दिने गर्नुपर्दछ । मालपुवा बाहेक कुनै पनि द्रव्य प्रधानद्रव्यरूपमा उक्त श्राद्धमा प्रयोग गर्नुहुँदैन । त्यस्तै अर्को *'कालशाक'* कालो सागले गर्ने विधान छ । कालशाक आजकल नपाइने हुनाले यसमा बेथेको सागले गर्नुभन्ने अनुकल्प विधान छ । यस्तै अर्को गोमांसले अष्टका श्राद्ध गर्ने विधान छ । सूत्रमा यो कुरा आए पनि कलिमा *'गोहिंसा'* वर्जित भएकोले यो श्राद्ध हुँदैन । द्रव्य नै उपलबध छैन । त्यसैले कलिमा गोमांसबाट गरिने अष्टकाश्राद्ध स्वतः निवृत्त छ । मालपूवाको ठाउँमा पनि विकल्प विधान छैन, त्यसैले गर्नुपर्दछ । यस्तै अर्को कालशाक पाए कालशाक र नपाए बेथेको सागले पनि गर्न सकिन्छ भन्ने छ ।

माध्यन्दिनीय शाखामा गोमांसद्वारा गरिने अष्टका श्राद्ध निवृत्त छ । तर अरू शाखाको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



निम्ति अनुकल्प विधान भएकोले बोकाको मासुले गर्नसकिन्छ भन्ने छ । अष्टका श्राद्ध सम्भव भएसम्म अनिवार्य गर्नुपर्दछ । द्रव्यादि संकलन गर्न सकिएन र सामर्थ्यले भ्याएनभने *'अपि अनडुहो यवसमाहरेत् अपि वा कक्षमुपोषेत् न त्वेवानष्टकः स्यात्'* [५६] अर्थात् कमसेकम गोरुलाई घाँस हाल्न त सक्तछ । त्यो पनि नसके काखीको रौँ देखिनेगरी हात ठाडो पार्न त सक्तछ । कुनै हालतमा पनि अनष्टक अर्थात् अष्टका नगरी बस्नुहुँदैन । यी सबै कुरा गृहस्थीका लागि हो, अरूका लागि होइन ।

यस्तै अर्को मासिक श्राद्ध छ । महिना महिनामा गरिनेलाई मासिक श्राद्ध भनिन्छ । पितृको नाम गरेर एकमुठ्ठी अन्न छोड्ने अथवा कसैलाई भोजन गराउने, दान दिने गर्नुपर्दछ । यो मासिक श्राद्ध हो । पार्वणश्राद्धबाट यो गतार्थ हुँदैन । यो छुट्टै गर्नुपर्दछ । यसैगरी अर्को 'श्रवणाकर्म' छ । यो कर्म जनैपूर्णिमाबाट आरम्भ गरी मंसिरसम्म गर्नुपर्दछ । पौषमा श्रावणाकर्मको उत्सर्जन गर्नुपर्दछ । यस कर्ममा प्रतिदिन सर्पलाई बलिदिनु पर्दछ । सर्प मार्नु हुँदैन । यसको विधान फरक र गृह्यसूत्रले *'अथातः श्रवणाकर्म'* [५७] भनेर गरेको छ । यो कर्म जीवनमा एकपटक गरे पुग्दछ बारम्बार गर्नुपर्दैन । यस्तै अन्तिम कर्म *'शूलगव'* हो । गोमांसद्वारा गर्ने विधि भएकोले माध्यन्दिनीयशाखानुयायीका निम्ति यो कर्म कलिमा वर्जित छ । उपर्युक्त यी सबै कर्म यज्ञभित्र पर्दछन् । स्मार्ताग्निमा गरिने यज्ञभित्रका कुरा यी नै हुन् ।

हविर्यज्ञसंस्था पनि सातओटा छन् । (१) अग्निहोत्रम् (२) दर्शपूर्णमासौ (३) आग्रयणम् (४) चातुर्मास्यानि (५) निरूढपशुबन्धः (६) स्रौत्रामणी (७) पिण्डपितृयज्ञः । यी सातवटै यज्ञ श्रौत्राग्नि हुनेले मात्र गर्नुपर्दछ । स्मार्ताग्निमा यी यज्ञ हुँदैनन् । यहाँ प्रस्तुत सात यज्ञमध्ये कतिपय श्रौताग्नि नहुनेले पनि गर्नुपर्दछ । यसको विवरण अगाडि आउने नै छ ।

हविर्यज्ञसंस्थाका सातभेदमध्ये पहिलो अग्निहोत्र हो । श्रौताग्नि लिएका गृहस्थीको यसमा अधिकार हुन्छ । श्रौत्राग्निमा हविर्यज्ञ र सोमयज्ञ गर्नुपर्दछ । यी यज्ञ स्मार्ताग्निमा हुँदैनन् । ती यज्ञ कस्ता अधिकारीले गर्ने भन्ने जान्नु नितान्त आवश्यक छ । सपत्नीक गृहस्थीले मात्र गर्नुहुन्छ । ल्याइते र अर्काकी पत्नी ल्याउनेलाई यो यज्ञ गर्ने अधिकार छैन । आधानद्वारा प्राप्त अग्निमात्र ग्रहण गर्नुपर्दछ । यसलाई आधान सिद्ध अग्नि भन्दछन् । आधान गर्ने पनि विधि छ । *'वसन्ते ब्राह्मणोऽग्नीन् आदधीत'* [५८] ब्राह्मणले वसन्तऋतुमा अग्न्याधान गर्नुपर्दछ । *'ग्रीष्मे राजन्यः शरदि वैश्यः'* क्षत्रीले ग्रीष्ममा र वैश्यले शरदमा अग्न्याधान गर्ने विधि छ । अग्न्याधानमा ऋतु मात्र होइन नक्षत्र पनि तोकिएको छ । तोकिएको समयमै अग्न्याधान गर्नुपर्दछ । त्यसरी आधान गरिआएका आहवनीयाग्नि, दक्षिणाग्नि र गार्हपत्याग्नि हुन् । सभ्य, आवसथ्य अग्नि यीभन्दा भिन्नै हुन्छन् । यी अग्नि पनि तोकिएको ठाउँमा विधानअनुसार



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राख्नुपर्दछ ।

*'जातपुत्रः कृष्णकेशः अग्नीन् आदधीत'* [५९] छोरो जन्मेको र केश पनि अलि अलिमात्र फुलेको बढीमात्रामा कालै केश भएको व्यक्तिले अग्न्याधान गर्नुपर्दछ । केश फुल्नु र नफुल्नुसँग खास मतलब छैन । बाबुको अनुमति लिएर भने हुन्छ । छोरो भएमा बाबुको अनुमतिले अथवा बाबुको मृत्यु भइसकेको अवस्थामा २५–३० देखि ४०–४५ वर्षसम्म अग्न्याधान गर्नुहुन्छ । अग्नि आधान गरेपछि आजीवन त्यसको परिचरण गर्नुपर्दछ । अरू अग्निबाट पाकेको कुरा खानुहुँदैन । विधानपूर्वक अग्न्याधान गरी त्यसको पूर्ण परिपालन गर्ने व्यक्तिको ठूलो प्रशस्ति हुन्छ । अतः अग्न्याधान गरेको व्यक्ति हविर्यज्ञको अधिकारी हो ।

हविर्यज्ञ गर्ने अधिकार भएको व्यक्तिले अग्निहोत्र, आग्रयण, दर्शपूर्णमासादि गर्न सक्तछ । औपासनहोममा जस्तै यहाँ पनि बेलुकाबाट हवि शुरु भई बिहान पूरा हुन्छ ।

स्मार्ताग्निको औपासन होममा जस्तै यहाँ बेलुकाबाट शुरु हुनेहुँदा बेलुकाको प्रधानदेवता अग्नि र सहायक प्रजापति बिहानको प्रधान देवता सूर्य र सहायक प्रजापति हुन्छन् । यसमा प्रधानद्रव्य दूध हो । त्यसैले अग्निहोत्रीले गाई पाल्नु पर्दछ । अरू द्रव्य दही, घ्यू, चामल, हलुवा (यवागु) हुन् । त्यस्तै तेल, सोमलता, भात पनि यसमा चाहिन्छन् । अग्न्याधान गर्ने व्यक्तिका निम्ति यो नित्यकर्म हो, सदा गर्नुपर्दछ । 'अग्नये होत्रमिति अग्निहोत्रम्' अग्निका लागि नै हवन गर्ने हुनाले यो कर्म नामधेय हो । स्मार्ताग्निको औपासनहोम गरेजस्तै विधान यसमा छ तापनि यो औपासनहोमबाट गतार्थ हुँदैन, छुट्टै गर्नुपर्दछ । अग्निहोत्र नगरी दर्शपूर्णमासादि गर्नुहुँदैन । अत्यन्त आपद पर्दा अरू गर्न नसके पनि अग्निहोत्र गर्नुपर्दछ ।

कथंचित् आफू असक्त भएमा ऋत्विक्द्वारा गराउन सकिन्छ । *'तस्य एतस्य अग्निहोत्रस्य एज्ञव्रतोः एकः ऋत्विक्'* [६०] तैतिरीयसंहितामा यो कुरा छ । ऋत्विक् भनेको अध्वर्यु हो ।

अग्निहोत्रपछि दोस्रो क्रममा दर्शपूर्णमास आउँदछ । औंसी र पूर्णिमामा यो गरिन्छ । यसै आधारमा दर्शपूर्णमास नाम रहेको हो । शुरुमा पूर्णिमामा यो कर्म गर्नुपर्दछ र त्यसपछि औंसीमा गर्नुपर्दछ । पहिले पौर्णमास यज्ञ हुन्छ । यो यज्ञ शुक्लपक्षबाट प्रारम्भ हुन्छ । त्यो गर्नेलाई शुक्लयजुर्वेदी पनि भनिन्छ । यसमा दधि, पय आदि द्रव्य हुन्छन् । इन्द्र अग्नि, प्रजापति आदि देवता हुन्छन् । औंसीमा गरिने यज्ञमा अरू नै देवता हुन्छन् । अग्न्याधान हुनासाथ पौर्णमासको अनुष्ठान गर्नुपर्दछ, त्यसपछि दर्शयज्ञ । *'तस्माद्दर्शपूर्णमासयोः इत्यादि'* [६१] दर्शपूर्णमास र अग्न्याधानमा ब्रह्मौदनपाक गर्नुपर्दछ । *'ब्रह्मौदनं पचति'* [६२] यो वेदको मूलमै छ । यसलाई चातुष्प्राश्य ओदन पनि भनिन्छ । चारजना ब्राह्मणलाई दिइने ओदन चातुःप्राश्य ओदन हो । ती चार ब्राह्मणलाई सके चार दिन अगाडि नसके कामको अघिल्लो दिनमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बोलाउनु पर्दछ । सम्भव भए सुनको नभए काँसको थालमा भात हालेर माझमा खाल्टो पारी घ्यू हालेर भोजन गराउनुपर्दछ । स्टील आदिको थालमा हुँदैन । भोजनमा भात बाहेक अरू कुरा प्रधान मानिँदैनन् । यज्ञमा तोकिएकै वस्तुको भोजन गराउनु पर्दछ । यसरी अग्न्याधान पूर्वक दर्शपूर्णमास गर्नुपर्दछ । सम्पूर्ण यज्ञको अन्त्यमा ब्राह्मणभोजन गराउनु पर्दछ । ब्राह्मण भोजन यज्ञको अङ्ग वा प्रतिष्ठा हो । भोजनभन्दा पहिले दक्षिणा दिनु पर्दछ । जुन कामका लागि ब्राह्मणलाई बोलाइएको छ त्यसै अनुरूप सङ्कल्पपूर्वक दक्षिणा दिनुपर्दछ । भोजन गरेपछि अन्त्यमा भूयसी दिइन्छ । त्यो दक्षिणाभित्र पर्दैन । भूयसी भनेको बकस जस्तै हो । यज्ञमा दक्षिणा दिंदा पनि काम अनुसार तोकिएको दक्षिणा दिनु पर्दछ । सबैलाई एकैनास दक्षिणा हुँदैन ।

हविर्यज्ञसंस्थाभित्र चातुर्मास्य याग पनि पर्दछ । चार चार महिनामा गरिने यज्ञलाई चातुर्मास्य याग भनिन्छ । वैश्वदेव, वरुणप्रघास, साकमेध र शुनासीरीय यी चार चातुर्मास्ययाग हुन् । यी मध्ये पहिलो पर्व फाल्गुण पूर्णिमामा गर्नुपर्दछ । त्यसपछि चार महिना बितेपछि दोस्रो पर्व असारमा गर्नुपर्दछ । त्यसपछि कार्तिकपूर्णिमामा साकमेध गर्नुपर्दछ । त्यसपछि अन्त्यमा फाल्गुन शुक्लप्रतिपद्मा शुनासीरीय यज्ञ गर्नुपर्दछ । सोमयागका निम्ति गरिने चातुर्मास्य याग सधैँ गरिरहनु पर्दैन, सोमयागका पूर्वाङ्गमा गरेपुग्दछ । अन्यत्र अग्न्याधान गर्नेले चार चार महिनामा चातुर्मास्ययाग गरिरहनु पर्दछ चातुर्मास्य यागका पनि उत्सर्ग र अपवाद गरी दुई पक्ष छन् । सोमयागका निम्ति गरिने चातुर्मास्य यागमा पशुको अनुष्ठान हुन्छ । वास्तवमा पशुको आलम्भन विना श्रौतकर्म हुनसक्तैन ।

ऐष्टिक, सौमिक्, पाशुक् गरी चतुर्मास याग तीनओटा हुन्छन् । ऐष्टिकयाग कथञ्चित् निष्पशुक हुनसक्त छ । तर सौमिक् र पाशुक् याग निष्पशुक हुँदैन । हुन्छ भनी शास्त्रमर्यादा र लोकलाई पनि ठग्नखोज्नु धृष्टतामात्र हो । चातुर्मास्य यागको सामान्य दिग्दर्शन यही हो ।

यस्तै हविर्यज्ञसंस्थाभित्रैको अर्को यज्ञ 'निरूढ' पशुबन्ध हो । उत्तरायण र दक्षिणायनको आरम्भमा यो यज्ञ गर्ने विधि छ । सक्नेले उत्तरायण र दक्षिणायनमा गर्ने नसक्नेले एकपटक गर्ने भन्ने पनि छ । यसमा छाग (बोका) प्रधान द्रव्य हुन्छ । यस यज्ञको अन्त्यमा दक्षिणा गाई दिनुपर्दछ । धेनु अर्थात् दुहुनु गाई दिए पनि हुन्छ । लैनु गाई, कोरली गाई केही दिन नसके उत्तम गोरू दिए पनि हुन्छ । अग्निसोमको प्रकृति निरूढपशुबन्ध हो । यसमा एकादश गणको विधान छ । त्यस्तै यसमा दूधले यज्ञ गर्ने विधिको कुरा पनि छ । यस्तो निरूढपशुबन्ध यज्ञ नगरी मांस भोजन गर्नुहुँदैन । पशुयाग गर्नेले मात्र मांसभोजन गर्ने हो अरूले होइन । निरूढपशुबन्धको बारेमा कर्काचार्य जस्ता ठूला विद्वान्ले 'छागद्रव्य' अनिवार्य



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छ भन्ने कुरा किटान गरेका छन् । आधान भएकै अग्निमा यसको विधान हुन्छ । यो वेद विहित काम हो ।

हविर्यज्ञसंस्थामा अर्को आग्रयण इष्टि पर्दछ । अन्न पाकेपछि गरिने यज्ञ 'आग्रयण' हो । अग्न्याधान नगरेकाले पनि यो इष्टी अनिवार्य गर्नुपर्दछ । 'नवान्नोपत्यनन्तरमयनमाचरणम्' नयाँ अन्न उत्पत्ति भएपछि गरिने हुनाले यसलाई 'आग्रयण' भनिन्छ । शरद् र वसन्त ऋतु गरी यो वर्षको दुई पटक गरिन्छ । यसमा चरु, पुरोडाश, दूध, द्रव्य हुन्छ, इन्द्र, अग्नि यसका प्रधान देवता हुन् । प्रधानद्रव्य नयाँ धान र नयाँ जौ हुन्छ । यस यज्ञमा आफूले पहिले प्रयोग गरी बिग्रेको रथ मर्मत गरी दक्षिणा दिने विधान छ । रथ अथवा मोटर मर्मत गरी दिन नसके रेशमी कपडा दिए पनि हुन्छ अथवा वर्षा ऋतुमा आफूले लगाएको कपडा धोएर दक्षिणा दिए पनि हुन्छ । यो नित्य यज्ञ हो, सबैले गर्नुपर्दछ । आग्रयण नगरी अन्नभक्षण गर्ने अधिकार कसैलाई पनि छैन । यसको विधान गृह्यसूत्रमा पनि छ । आग्रयण गर्ने दुई समय छ । कार्तिकपूर्णिमामा गर्ने ब्रीहयाग्रयण र जौ पाकेको बेलामा यवाग्रयण हुने हुँदा शरद् र वसन्तमा गरिने हो । 'व्रीहिभिर्यजेत यवैर्वा'[६३] धान अथवा जौले यज्ञ गरोस् भन्ने छ तापनि यो व्यवस्थित विकल्प हो । जौ भित्र्याएपछि धान नआएसम्म जौकै यज्ञ र धान आएपछि जौ नआएसम्म धानकै यज्ञ गर्नुपर्दछ । धान, जौ मिसाएर गर्ने चलन पनि छ । वास्तवमा शास्त्रमा त्यस्तो विधान छैन । आजकल कार्तिकमा तुलसीको होम गर्ने चलन पनि देखिन्छ । तुलसी होमको विधान कल्पशास्त्र श्रौतशास्त्र कहीँ पाइँदैन, पौराणिक हो । तुलसी होमबाट आग्रयण गतार्थ हुँदैन, व्रीह्याग्रयण र यवाग्रयण नै गर्नुपर्दछ ।

*'सर्वदेवत्या वै कृषिर्भवति'* [६४] कृषि सर्वदैवत्य हो । त्यसबाट उत्पन्न अन्नमा सबै देवताको अधिकार हुन्छ । आग्रयण नगरी देवताले अन्न पाउँदैनन् । दही, चामल मिलाई आफूले खाएरमात्र आग्रयणयाग हुँदैन । त्यसका निम्ति विधि विधानको अपेक्षा हुन्छ । पशुयज्ञ नगरी मांस खानेलाई जति नै दोष आग्रयण नगरी अन्न खानेलाई लागदछ । तुलसी होम गरी न्वागी खानु नवान्नप्राशन हो । नवान्नप्राशनले पनि आग्रयणगतार्थ हुँदैन । नवान्नप्राशनको विधि भिन्नै छ । यस अर्थले पनि आग्रयणयाग गर्नु अनिवार्य छ ।

यस्तै अर्को यज्ञ *'सौत्रामणी'* हो । *'सौत्रामण्यां सुरां पिवेत्'* सौत्रामणीयागमा सुरापान गर्नुपर्दछ । रक्सीबाट गरिने याग सौत्रामणी हो । यो हविर्यज्ञ सोमयाग दुवैमा पर्दछ । कलिमा ब्राह्मणले सुरा पान गर्नुहुँदैन । कृष्णयजुर्वेदको आपस्तम्बश्रौतसूत्रमा *'सुराग्रहैर्वापयोग्रहैर्वा'* सुरा अथवा दूधले यज्ञ गर्ने भन्ने छ । शुक्लयजुर्वेदसूत्रमा यो कुरा आएको छैन । तसर्थ आग्रह विना काम गर्ने हो भने शुक्लयजुर्वेदीले रक्सीबाट गरिने सौत्रामणियाग कलिमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्नैहुँदैन । विकल्पद्रव्यको विधान हुनाले कृष्णयजुर्वेदीले भने गर्नुहुन्छ ।

पिण्डपितृयज्ञ पनि हविर्यज्ञभित्रै पर्दछ । *'पिण्डैः पितृणां यज्ञ इति पिण्डपितृयज्ञः'* पिण्डद्वारा गरिने यज्ञलाई *'पिण्डपितृयज्ञ'* भनिन्छ । यसमा माता, मातामह र प्रमातामहतिरको कुरा छैन । पिता, पितामह र प्रपितामहका लागि पिण्डपितृयज्ञ गरिन्छ । यो याग अग्नि ग्रहण गर्ने र नगर्नेले पनि गर्नुपर्दछ । यस्तै गृहस्थीले नित्यश्राद्ध गर्नुपर्दछ, अन्वाहार्यपचन गर्नुपर्दछ । यस्तै यस्तै औँसीमा गर्नुपर्ने धेरै पितृकृत्य हुन्छन् । गर्नुपर्ने धेरै श्राद्धमध्ये पिण्डपितृयज्ञ पनि एक हो । यो श्रौताग्निमा हुन्छ, स्मार्ताग्निमा हुँदैन । दर्वीहोमसम्म पिण्डपितृयज्ञको कुरा छ । यसप्रकार हविर्यज्ञसंस्था भित्र पर्ने यज्ञको संक्षेपतः विवरण आएको छ । हविर्यज्ञसंस्थाका सात भेदको मात्र विवरण भएकोले यिनीहरूका भेद उपभेदहरू विवरण अहिले प्रस्तुत छैन ।

एक्काइस यज्ञ संस्थामध्ये (१) अग्निष्टोम (२) अत्यग्निष्टोम (३) उक्थ्य (४) षोडशी (५) वाजपेय (६) अतिरात्र र (७) आप्तोर्यामः गरी यी सोमयाग भित्र पर्ने सातयज्ञसंस्था हुन् । ब्राह्मण क्षत्री र वैश्यले सोमयाग गर्नुहुन्छ । सोमयागको प्रकृति अग्निष्टोम हो । अग्निष्टोम विशेषतः ब्राह्मणले र क्षत्रीले पनि गर्न सक्तछन् । हरेक सोमयागमा १६ जना ब्राह्मण तोकिएका हुन्छन् । तिनी 'अध्वर्युगण, ब्रह्मगण, होतृगण र उद्गातृगणमा पर्दछन् । प्रत्येक गणमा चार चारजना हुन्छन् । तिनीहरूका लागि दक्षिणा तोकिएको हुन्छ । तोकिएको भन्दा घटी बढी दक्षिणा दिनुहुँदैन । दक्षिण पनि गाई दिनुपर्दछ । *'त्रिवृत्पञ्चदश सप्तदश एकत्रिंशत् एक'* इत्यादि यसका भेद छन् ।

आत्मा अथवा आफूलाई प्रकाश गर्ने तत्त्व यसमा भएकोले यसलाई *'ज्योतिष्टोम'* भनिएको हो । पाँच दिन एकै दिन अथवा बाह्र दिनमा गर्ने भन्ने तीन कल्प यो भागमा छ । पाँच दिनमा गर्ने विधि धेरै चल्तीको भएकोले त्यसैको विधान यहाँ छ । यसमा तीनओटा छाग पशुको विधान छ । सोमलता पनि यसमा चाहिने द्रव्य हो । यो अहिले प्राप्त गर्न सकिँदैन । तसर्थ यसको ठाउँमा 'पूतिकालता' को रसबाट हवनादि गर्ने विधि छ । यो यज्ञ सकिएपछि अपभृथ हुन्छ । यसका निम्ति पनि स्नान र स्नानाङ्ग होम गर्नुपर्दछ । यसपछि अर्को राजसूययज्ञ छ । यो राजाले मात्र गर्ने हो । यसमा प्रधानद्रव्य बोका, सोमलता हो । सोमलता नपाइने हुँदा पूतिकालताबाट गर्ने भन्ने कुरा छँदैछ । ब्राह्मणले अग्निष्टोम गर्दा पूतिकालताबाट गर्नुपर्दछ । क्षत्री र वैश्यले पूतिकालताबाट गर्नुहुँदैन । उनीहरूले वरको अङ्कुर अथवा दाना दहीमा मिसाई गर्नुपर्दछ । त्यसबाट यस्तै अर्को वाजपेय यज्ञ छ । रक्सीद्वारा गरिने यज्ञ वाजपेय हो । कलिमा वैदिक ब्राह्मणका निम्ति रक्सी वर्जित छ । त्यसकारण यो याग अहिले हुँदैन ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सोमयागको अङ्ग अथवा अग्निचयनकै सबैभन्दा महत्त्वपूर्ण काम चयन यज्ञ हो। यसमा चौध किसिमका इँटा हुन्छन्। तिनको लम्बाइ, चौडाइ र उचाइ पनि यति हुनुपर्दछ भनी तोकिएको हुन्छ। यस यज्ञमा जम्मा एघार हज्जार एक सय सत्तरी (११,१७०) इँटा चाहिन्छन्। यी नै ईट्टाद्वारा बनाइएको वेदीमा आधानसिद्ध आहवनीयाग्नि र गार्हस्त्याग्नि राखिन्छ। यसलाई अग्निचयन भनिन्छ। *'अग्निर्यत्र चीयत इति अग्निचयनम्'* यो अधिकरण व्युत्पत्तिद्वारा अग्नि राख्ने आधार बुझिन्छ। यसलाई अग्निचयन भनिएको हो। अग्निचयन गर्नुभन्दा पहिले केही बनाउने ठाउँमा जोत्नु पर्दछ। ब्राह्मणले अन्यत्र जोत्न नभए पनि त्यहाँ जोत्नहुन्छ भन्ने विधान छ। अग्निचयनभन्दा पहिले प्रायणइष्टी गर्नुपर्दछ। अग्निचयनभन्दा पहिले पशुको आलम्भन हुनुपर्दछ। अग्निचयन गर्नेले घोडा चढेर जानुपर्दछ। त्यसपछि हज्जारओटा सुनका टुक्राले वेदीमा सेचन गर्नुपर्दछ। त्यसपछि त्यहाँ होम हुन्छ। यसलाई शतरुद्रिय होम भनिन्छ। शतरुद्रीको ठूलो महिमा छ। अहिले गर्ने गरेको रुद्रीको प्रकृति पनि यही हो। अग्निचयन भित्रै शतरुद्रिय होम हुन्छ। *'अथातः शतरुद्रियं जुहोति'* [६५]

अग्निचयनकै निम्ति शतरुद्रिय होम गरिन्छ तापनि यसको ठूलो महत्ता छ। यसलाई रुद्रएकादशीनि पनि भनिन्छ। यो गर्नाले अनन्त पातक नाश हुन्छन् भन्ने छ। शतरुद्रिय होममा चरु, ब्राह्मण र दिनको पनि विधान छ। रुद्र, लघुरुद्र, महारुद्र र अतिरुद्र गरी यसका चार भेद छन्। *'जर्तिलमिश्रितान् गवेधुका सक्तून जुहोति'* [६६] वनतिल मिश्रित गहुँको सातु यसको प्रधान द्रव्य हो। आजकल जौतिल मिसाएर गर्ने चलन छ तापनि यो विधिसम्मत छैन। वनतिल नपाए कसरी गर्ने त ? बारीमा फलाएको रातो गहुं नयाँ हाँडीमा भुटी सातु बनाउने र त्यो सातुमा तिल मिसाउने अनि घिउ हाली शतरुद्रिय होम गर्नसकिन्छ। रातो गहुँको सातुमा तिल मिसाएर अथवा बाख्राको दूधले पनि गर्नसकिन्छ, गाईको दूधले हुँदैन। यही रुद्रएकादशीनि हो। यसले पाप नाश हुन्छ। यो यज्ञ जलधाराबाट होइन होमद्वारा नै गर्नुपर्दछ। आजकल जलधाराद्वारा रुद्री गरिने चलन अनुकल्पमात्र हो मुख्यकल्प होइन। मुख्यकल्पद्वारा गर्नुपर्ने कर्म अनुकल्पद्वारा गर्दा चौथाइमात्र फल मिल्दछ। कुनै पनि देवताको हवन पक्का चरुद्वारा गर्नुपर्दछ, काँचो हवन गर्नु हुँदैन। *'शृतं हि देवानां हविर्भवति नाशृतम्'* [६७] पाकेकै हुन्छ काँचो हुँदैन भन्ने शास्त्रको निर्देश छ। कुनै पनि याग वा हवन मुख्य कल्पानुसार गर्नुपर्दछ। सम्भव नभए अनुकल्पमा जानुपर्दछ। *'शतरुद्रिय होममा गावेधुका रौद्रचरु'* भन्ने स्पष्ट विधान छ। रौद्रचरु सजिलैसँग पाइन्छ। जौतिल रौद्रचरु होइन। अभ्युदय, निःश्रेयस हुने किसिमले कर्म गर्नुपर्दछ। सजिलोका लागि गर्ने होइन। अहिले हुने कतिपय कर्ममा संस्कृतिको नाममा विकृति बढेको छ, यो ठीक होइन।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'यज्ञार्थात्कर्मणोऽन्यत्र'* इत्यादि श्लोकको व्याख्यामा पाकयज्ञ, हविर्यज्ञ र सोमयज्ञसंस्थाको चर्चा भैरहेको छ। प्रत्येकका सातयज्ञसंस्थाको विवरण गर्नु यहाँ त्यति आवशयक छैन तापनि सामान्य विवरण भएको छ। यहाँसम्म प्रस्तुत यज्ञको विवरणमा यज्ञ अर्थको सङ्गति छ कि छैन ? यो कुरा विचारणीय छ। यज्ञार्थको सङ्गति भए ती यज्ञमा गनिन्छन् होइन भने गनिंदैनन्। त्यसकारण सर्वप्रथम यज्ञको अर्थ जान्नुपर्दछ। यजदेवपूजा सङ्गतिकरण र दान यजधातुको अर्थ हुन्छ। योगवासिष्ठको आधारमा देवपूजा भनेको उपचारवृत्तिमात्र हो यो छँदै छैन भन्न पाइन्छ। देवासुरसङ्ग्रामको कुरा *'असुष्वेव रमन्त इत्यसुराः'* [६८] व्युत्पत्ति लभ्य हो। *'द्योतनाद्देवाः'* सत्कर्मको विस्तार गर्ने बुद्धिको उन्मेष भएकालाई देवता भनिन्छ। आसुरी प्रवृत्तिले देहात्म भावमा लगाउँदछ भने दैवात्म प्रवृत्तिले शरीरात्मभाव दबाउँदछ। देवासुरसङ्ग्राम भनेको यही हो। सात्त्विक र तामसिक वृत्तिको निरन्तर लडाइँ भैरहनु देवासुर सङ्ग्राम हो। देवपूजा उपचारवृत्तिद्वारा हुन्छ। पूजा पञ्चोपचार, षोडशोपचार चतुःष्ठयुपचार, द्वात्रिंशदुपचार विभिन्न किसिमले हुन्छ। बाहिरी पूजामा पञ्चोपचार हुनु अनिवार्य छ। यसमा चन्दन, फूल, धूप, बत्ती, नैवेद्य पर्दछन्। सत्त्वगुणको विकास हुनु देवता खुशी हुनु हो। देवता खुशी पार्न पूजा गरिन्छ तापनि त्यसबाट सत्त्व गुणकै विकास हुन्छ।

देवपूजाकै प्रसङ्गमा कसले कुन देवता पूजा गर्ने देवता कति छन् भन्नेमा पनि मतमतान्तर पाइन्छ। सामान्यतया हामीले देवता तेत्तीसकोटी छन् भनी सुनेका छौं कति देवता छन् भन्ने बारे बृहदारण्यकोपनिषद्को शाकल्य र याज्ञवल्क्यसंवादमा *'त्रियश्चरत्रीच शता त्रयश्च त्री च सहस्रा'* [६९] तेत्तीसकोटी देवता भन्ने छ। ती तेत्तीसकोटीको सङ्कोच भई तेत्तीस देवतामा अष्टवसु, एकादशरुद्र द्वादशादित्य, इन्द्र र प्रजापति छन्। यिनीहरूको महिमामात्र तेत्तीसकोटी हो। वास्तवमा देवता तेत्तीस हुन्। अष्टवसु, एकादशरुद्र यी सबैका वर्गीकरण छन्।

*'वसति वासयतीति वसुः'* अग्नि, सूर्य र चन्द्रमा आदि वसुमा पर्दछन्। एकादशरुद्रमा पञ्चज्ञानेन्द्रिय, पञ्चकर्मेन्द्रिय र मन पर्दछ। जीवात्मा भनेको इन्द्र हो। यसको उद्गम र समाप्ति जहाँ हुन्छ त्यो प्रजापति हो। यिनै तेत्तीस देवता हुन्छन्। यो अध्यात्मभावको व्याख्या हो। यसबाट पनि सङ्कोच गरेर अग्नि, वायु र सूर्य तीन देवता वेदले मानेको छ। वायु र सूर्य पनि अग्निकै विस्तार हो भन्ने पाइन्छ। निष्कर्षतः अग्नि एउटा देवता हो। अरू सबै त्यसैका विस्तार हुन्। मान्छे त्यो बेलासम्म बाँचेको मानिन्छ जुनवेलासम्म प्राण रहन्छ। यस आधारमा एक भन्दा पनि घटी आधामा अग्नि टुङ्गिन्छ। त्यो वायु नै हो। त्यसैले *'वायुः सर्वमिदं जगत्'* [७०] सम्पूर्ण जगत् वायु हो। 'वायुर्वै गौतमसूत्रम्'[७१] सूत्र पनि वायु हो किनभने प्रपञ्चलाई वायुले धानेको छ। यसरी *'अध्यर्ध'* [७२] एउटा मात्र अग्निदेवको पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आधा वायु मात्र देवता हो भन्ने श्रुतिमा छ। त्यस कारण देवपूजा भनेर कसको पूजा गर्ने ? यो कुरा विचारणीय छ।

नित्यपूजामा पाञ्चायनदेवताकै कुरा गर्दा यसमा पञ्चभूतकै अधिष्ठातृ देवताको पूजा हुन्छ। ती देवतामा विष्णु, सूर्य, गणेश, देवी र महादेव पर्दछन्। यसरी वर्गीकरणपूर्वक पञ्चभूतका अधिष्ठातृ देवताको उपासनाको विधान शास्त्रले गरेको छ। त्यो बाहिरी देवपूजा हो। भित्री पूजा गर्ने अधिकार नभएसम्म बाहिरी पूजा गर्नुपर्दछ। उपचारद्वारा बाहिरी पूजा हुन्छ। सात्त्विकवृत्ति कायम राखी तमोगुणात्मिकावृत्ति आउन नदिनु देवपूजा हो। यस्तै देवपूजा यज धातुको अर्थ हो।

यस्तै यजधातुको अर्को अर्थ सङ्गतिकरण हो। मिल्नु वा मिलाउनु भन्ने सङ्गतिकरणको अर्थ हुन्छ। मिल्ने र मिलाउनेको अर्थमा दुई कुरा हुनु आवश्यक छ। यहाँ साक्षी वा आत्मभावमा रहेको चेतनतत्त्वमा बुद्धिवृत्ति लगाउनु सङ्गतिकरण हो। यसका निम्ति शास्त्र पढ्नु साधुको सङ्गत गर्नु, तीर्थ जानु आदि धेरै कर्म गर्नु आवश्यक हुन्छ। उक्त कर्मद्वारा तमोगुणात्मिकावृत्ति समाप्त पारी सत्त्वगुणात्मिकावृत्ति स्थिर गरेर त्यसलाई आत्मामा मिलाइदिनु सङ्गतिकरणको निष्कर्षित अर्थ हो।

सङ्गतिकरण, देवपूजा जस्तै यजधातुको अर्थ दान पनि हुन्छ। आफूसँग भएको वस्तुलाई अरूको बनाइदिनु दान हो। *'स्वस्वत्वध्वंसविशिष्टपरस्वत्व-प्रकारिकेच्छा दानम्'* [७३] आफ्नो स्वत्वको वस्तुलाई अर्काको स्वत्वमा पुऱ्याउने इच्छा दान हो। दान हुन स्वस्वत्व ध्वंस भएर मात्र पुग्दैन। परस्वत्व प्रकारिका इच्छा पनि हुनुपर्दछ। दान दानभेद र दानफल बारे –

धर्मार्थे ब्राह्मणें दानं भयार्थञ्चैव राजसु।
भृत्येषु भरणार्थञ्च यशोऽर्थं नटनर्तके॥[७४]

अर्थात् धर्मका लागि ब्राह्मणलाई दिइन्छ भने डरले राजालाई दान गरिन्छ। किनभने मालपोत नबुझाए सरकारले जग्गा लिलाम गरिदिन्छ। छोरा, पत्नी अथवा नोकर चाकरहरूलाई अशन वसनका लागि दान गरिन्छ। नाचगान गर्न, देउसीभैलो खेल्न आउने तथा चन्दा माग्न आउनेलाई यशका लागि अथवा आफ्नो नामका लागि दान दिइन्छ। यसरी धर्मार्थका लागि ब्राह्मणलाई, डरले राजालाई भरणपोषणका लागि भृत्यलाई, यश आर्जनका लागि नटनर्तकलाई दान दिइन्छ भनी दान भेद निर्देशित छ। यी सबै दानमा स्वस्वत्वध्वंस र परस्वत्वप्रकारिका इच्छा रहन्छ।

स्वस्वत्वध्वंस भई परस्वत्व नभएमा पनि दान हुन्छ। सार्वजनिक रूपमा निर्मित पाटी, पौवा, मन्दिर स्वयं निर्माताको हुँदैन। निर्माताको स्वत्वध्वंस भए पनि परस्वत्व अर्थात्



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अर्काको स्वत्व पनि हुँदैन । ती सार्वजनिक हुन्छन् । सार्वजनिक काममा धन खर्च गर्नु दान नै हो । यसबाट *'स्वस्वत्वध्वंस प्रकारिकेच्छा दानम्'* [७५] दानको यस्तो अर्थ पनि आउँदछ । *'स्वस्वत्वध्वंसविशिष्टपर-स्वत्वप्रकारिकेच्छा दानम्'* माथि आएका समग्र दानको यस्तो अर्थ हुन्छ । यी सबै दान हुन्, यज्ञ हो । यसप्रकार यजधातुका देवपूजा, सङ्गतिकरण र दानार्थ स्पष्ट भएका छन् ।

यज धातुका देवपूजा, सङ्गतिकरण, दान धेरै अर्थ प्रदर्शित भएकोले दुर्बोध भएको छ । सरल विवरण कसरी गर्ने भन्ने बारेमा कात्यायन श्रौतसूत्रले *'अथातो यज्ञं व्याख्यास्यामः'* [७६] भनेर यज्ञका बारेमा विवेचन गरेको छ । देवपूजा, सङ्गतिकरण र दानबाटमात्र यज्ञको अर्थ पूरा हुँदैन । किनभने उपर्युक्त विवरण वाह्य हो । यज्ञका सामान्य बाहिरी अर्थ बुझ्नेरमात्र त्यसमा आवश्यक सबै बुझिँदैनन् । यज्ञार्थघटक तीन कुरा अनिवार्यतः हुन्छन् । ती – *'द्रव्यं देवता त्यागश्च'* [७७] अर्थात् द्रव्य, देवता र त्याग हुन् । यज्ञ द्रव्य, देवता र त्याग हुनुपर्दछ भन्ने कुरा श्रौतसूत्रले निर्देश गरेको छ । *'द्रव्यं देवता त्यागश्च'* यी मध्ये उद्देश्य कुन हो र विधेय कुन हो भन्ने बोध हुनु आवश्यक छ । जसलाई किटान गरिन्छ त्यो उद्देश्य हुन्छ भने जे गरिन्छ त्यो विधेय हो । जस्तै पर्वतमा वन्हि छ यहाँ अथवा हाम्रो घरमा घडा छ । यहाँ उद्देश्य र विधेय हुन्छन् । लौकिकवाक्यमा पनि सर्वत्र उद्देश्य र विधेय हुन्छन्, शास्त्रमा मात्र होइन । उद्देश्य र विधेयमध्ये विधेय प्रधान हुन्छ ।

*'द्रव्यं देवता त्यागश्च'* मा त्याग विधेय हुन्छ । त्याग प्रधान हो । देवता उद्देश्य हो देवतालाई उद्देश्य गरेर त्याग भएको छ । त्यसैले त्याग विधेय र देवता उद्देश्य हुन्छन् । त्याग स्वतः हुँदैन । त्यसका लागि द्रव्य चाहिन्छ । त्यागलाई जसले परिच्छेद अर्थात् छुट्याउँदछ त्यो द्रव्य हो । यसरी यागमा द्रव्यं, देवता, त्यागश्च यी तीनओटै कुरा हुन्छन् । देवतालाई उद्देश्य गरी त्याग गरिन्छ र द्रव्यले त्यसको परिच्छेद गर्दछ । यजधातुको देवपूजा, सङ्गतिकरण र दान अर्थ हुनुको साथै *'हु दानादनयोः'* जुहोत्यादिमा दान र अदन अथवा आदान भन्ने अर्थ आएको छ । यजधातुको दानार्थ हु धातुबाट पनि आयो । अदन भने खानु हो । यो यज्ञ हो । दान, अदन यज्ञ भएजस्तै 'आदानमपि यज्ञः' आदान पनि यज्ञ नै हो भनी महाभाष्यकारले दिएका छन् । यजमा, द्रव्य, देवता, त्याग हुन्छ भने होममा पनि हुनेभयो । वास्तवमा यजन र होम एउटै कुरा होइन । एउटै भए दुईओटा धातु व्याकरणकारले किन दिन्थे ? होम र यजन भिन्नाभिन्नै भए पनि यजनलाई लक्ष्य गरेर गरिने द्रव्य, देवता, त्याग, होममा पनि गएकोले *'अतिव्याप्ति'* भयो । यो अतिव्याप्ति वारणका लागि के गर्ने ? यजति जुहोतीनां को विशेषः ? यी दुईमा के विशेषता छ ? दुई छुट्टाछुट्टै धातु आएकाले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विशेषता पनि होला । यही थप जिज्ञासामा जुहोतिको प्रक्षेप अर्थ निर्धारण भएको छ ।

प्रक्षेपभनेको फाल्नु हो । प्रक्षेपबाट मात्र न यजन हुन्छ न त हवन नै हुन्छ । वैदिकविधिपूर्वक अग्निमा हवन गर्नु प्रक्षेप हो । अनावश्यक फाल्नुलाई प्रक्षेप भनिँदैन । विधिपूर्वक देवताको हवन यसमा द्रव्य, देवता र त्यागको कुरा आयो । यी कुरा हुधातुको अर्थबाट आए पनि हुधातुले होमको विधान गरेको छ भने यज धातुले क्रियाको विधान गरेको छ । हुधातुबाट आएका, आदान, अदन र दानले यज्ञ भन्नेमात्र बुझाउँदछन्‌भने यजधातुबाट आएका देवपूजा, सङ्गतिकरण र दान भिन्नाभिन्नै क्रियाविशेष हुन् । यजधातुमा एउटै कुरा (यज्ञ) बताउन धेरै कुरा आए भने हुधातुमा आदान, अदन र दानले यज्ञमात्र बुझाउने हुनाले एउटै कुरोमात्र आएको छ ।

जुहोति र यजति दुवैमा अंशत्रय (द्रव्य, देवता, त्याग) हुन् । देवतालाई उद्देश्य गरेर द्रव्यको त्याग गरिन्छ । त्यसका लागि कहाँ प्रक्षेप गर्नेभन्ने विधान छ । त्यसका निम्ति *'यद् आहवनीये जुहोति'* आधान सिद्ध आहवनीयाग्निमा प्रक्षेप गर्नुपर्दछ भन्ने छ । यसैगरी यजनहवनमा प्रक्षेप गरिन्छ भने द्रव्य, देवता, त्याग यी दुवैमा रहे । यसबाट यी दुईमा के विशेषता देखियो ? यजन र होममा सर्वथा विशेषता अर्थात् यिनीहरू एकदमै फरकभन्ने कुरा श्रौतसूत्रकारले नै दिएका छन् ।

*'तिष्ठद्धोमाः वषट्कारप्रदानाः याज्या पुरोनुवाक्यावन्तो यजतयः'* [७९] उठेर होम गर्नु यजन हो । यस्तै वषट् भनेर दिनु याज्य र पुरोनुवाक्यको प्रयोग जहाँ हुन्छ, त्यो *'यजति'* हो । याज्य र पुरोनुवाक्य युक्तलाई *'यजति'* भनिन्छ । यस्तै *'उपविष्टहोमाः स्वाहाकारप्रदानाः जुहोतयः'* बसेर होम गरिन्छ । यसमा स्वाहाकारद्वारा दिइन्छ, यो जुहोति हो । बसेर दिने, उठेर दिने, स्वाहाकारबाट दिने, वषट्कारबाट दिने, यिनै कुराको आधारमा यी दुईमा भिन्नता देखाउँन सकिन्छ ।

यसैगरी यागमा उद्देश्य अङ्ग हुन्छ भने द्रव्य र त्याग प्रधान हुन्छन् । यसलाई यजतिले बुझाउँदछ । यसबाहेक उद्देश्यांश, त्यागांश र प्रक्षेपांश जसमा 'समं प्राधान्यम्' समानरूपमा प्रधान हुन्छन् । त्यसलाई होम भनिन्छ । जसमा समप्रधानता नभई अङ्गाङ्गिभाव हुन्छ यो याग हो भने समप्रधानता भएको होम हो । त्यसकारण याग अथवा होम कुन गर्ने हो त्यही अनुसार सङ्कल्प गर्नुपर्दछ । जैमिन्यादिऋषिहरूले यसको विभाग भाष्यमा वार्तिकमा दिएका छन् । *'यजति'* को द्रव्य देवता र क्रियासमुदायमा कृतार्थता हुन्छ । जुहोतिमा सेचन बद्धता गर्नुपर्दछ, यजतिमा सेचन गर्नु पर्दैन । *'प्रक्षेपाङ्गक्रियाद्वयवृत्तिजातिर्यागत्वम्'* [८०] *'क्रियात्रयवृत्तिजातिर्होमत्वम्'* अर्थात् क्रियाद्वयवृत्तिजातियुक्त याग हो भने समप्रधानरूपमा क्रियात्रयवृत्तिजातियुक्त होम हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यज धातुले यागको विधान गर्दछ भने 'हु' धातुले होमको विधान गर्छ। यागभन्दा होम व्यापक छ। त्यसैले यी दुईमा व्याप्यव्यापक भावसम्बन्ध रहन्छ। होमत्वव्याप्यता यागमा र यागत्वव्यापकता होममा छ। याग अथवा होम गर्ने व्यक्ति र कर्ताले यी कुराको विवेक गर्नु आवश्यक हुन्छ। यी कुरा मीमांसा सूत्रको तेस्रो अध्यायको चौथो अधिकरणमा र चौथो अध्यायको दोस्रो अधिकरणमा छन्। यस सम्बन्धमा *'शास्त्रदीपिका, शाबरभाष्य'* आदिबाट पनि कुरा लिन सकिन्छ। भाट्टदीपिकामा याग र होमका बारेमा विस्तृत विवरण छ। व्याप्यव्यापकभावसम्बन्धको विश्लेषण पनि त्यसमा छ। यज्ञ र होम दुवैमा द्रव्य, देवता, त्याग रहन्छन् तापनि यागमा अङ्गाङ्गीरूपमा रहन्छन् भने होममा समप्रधानरूपमा। यी नै आधारमा यी दुईमा विभेद छ भन्ने कुरा शास्त्रसरणीबाट स्पष्ट हुन्छ।

सप्ताह आदि यजन हुन्छन् हवन हुँदैनन्। अग्निस्थापना यजन होइन हवन हुन्छ। यस्तै अग्निहोत्र र दर्शपूर्णमासमध्ये अग्निहोत्र जुहोति हो भने दर्शपूर्णमास यजति हो। यसरी शास्त्रले जुहोति र यजतिलाई भिन्नाभिन्नै क्षेत्रमा प्रयोग गरेकोले हामीले पनि जुन कर्म गर्ने हो त्यो अनुसार सङ्कल्प गर्नुपर्दछ। शास्त्रमा छुट्टाछुट्टै आएको यजति र जुहोतिलाई अनेक भाषामा भन्न कठिन हुने भएकोले कल्पसूत्रकारले *'अथातो यज्ञं व्याख्यास्यामः'* भनी यज्ञबाट कुरा शुरु गरी हवनमा कुरा टुङ्ग्याएका छन्। भगवान् श्रीकृष्णले पनि *'यज्ञार्थात्कर्मणोऽन्यत्र'* इत्यादि यजतिबाट कुरा शुरु गरी चौथो अध्यायमा जुहोतिमा कुरा टुङ्ग्याउनु भएको छ। भगवान् श्रीकृष्णले उपक्रममा यजति र उपसंहारमा जुहोति ल्याउनुभएको छ। उपक्रमभन्दा उपसंहार बलियो हुन्छ। भगवान्ले यज्ञ र होमको विभेद सोझै देखाउँनुभएन तापनि चौथो अध्यायमा जुहोतिको छुट्टै विवेचन गर्नुभएकोले यी दुईको विभेद स्पष्ट हुन्छ अन्यथा छुट्टै विवेचन आउने थिएन।

हामीले रुद्री गर्ने गरेका छौं। त्यो यजति होइन, जुहोति हो। त्यसैले श्रूति *'अथातः शतरुद्रियं जुहोति'* छ। जलधाराद्वारा रुद्री गर्ने चलन छ तापनि त्यो अनुकल्प हो, मुख्य कल्प होइन। यसको परिचय पहिले पनि भएको छ। अतः रुद्रदेवका निमित्त अग्निमा होम गर्नु वास्तविक रुद्री हो। होमात्मक रुद्री हो तापनि नसके जलधाराको दशांश होम गर्नुपर्दछ। होमको अनुकल्पमा ब्राह्मण भोजन गराउन पनि सकिन्छ। कुनै पनि कर्म गर्दा बुझेर गर्नु राम्रो हुन्छ। बुझेर गर्दा जति फल मिल्दछ नजानी गर्दा त्यसको आधामात्र फल मिल्दछ। हामीले गर्न थालेको यजति वा जुहोति के हो ? बुझेरमात्र गर्नु राम्रो हुन्छ। *'यज्ञार्थात्कर्मणोऽन्यत्र'*बाट भगवान्द्वारा यज्ञको कुरा प्रारम्भ भई *'ब्रह्मार्पणं ब्रह्महविः'* इत्यादिमा पुगी यजतिमा कुरा पूरा भएको छ। जुहोतिमा उपसंहार भएकोले यजतिभन्दा जुहोति माथिल्लो हो भन्ने स्पष्ट छ तापनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यजतिलाई छोड्ने भन्ने होइन ।

स्मार्त र श्रौत दुईओटै यज्ञ हुन्छन् । एकादशीको प्रसङ्गमा स्मार्तानां एकादशी र वैष्णवानां एकादशी भन्ने चलन छ । फलको इच्छा राखी गरिने उपासना स्मार्त हो । त्यसको द्वादशीमा समाप्ति पारणा गर्नुपर्दछ । अन्यथा एकादशी व्रतको फल मिल्दैन । फलको इच्छा नराखी गरिने उपासनालाई वैष्णव उपासना भनिन्छ । अरूणोदयमा एक अंश मात्र दशमी उप्रान्त एकादशी छ भने त्यो शुद्ध एकादशी मानिँदैन । स्मार्त र वैष्णव एकादशीका पनि १८/१८ भेद हुन्छन् । यज्ञको प्रसङ्गमा यी कुरा आएका हुन् । अहिलेको स्थितिमा श्रौताग्नि र स्मार्ताग्नि दुबै नहुनेले के गर्ने ? श्रुति स्मृतिले यसको बारेमा विस्तृत विवरण गरेका छन् । श्रौतबाट अनुवृत्तिरूपमा आएका यज्ञलाई श्रुतिमा मिल्ने गरी गर्नुपर्दछ । किनभने *'सर्वथा वेद भिन्नार्थे नाधिकारी द्विजो भवेत्'* [८१] विप्रले सर्वथा वेदभिन्न मन्त्रबाट मात्र यज्ञ गर्नुहुँदैन । वेदभिन्न मन्त्र प्रयोग गरे पनि वेदको मन्त्रलाई पनि लिनु पर्दछ । वेद पढ्न नहुनेले मात्र वेद भिन्न मन्त्रबाट यज्ञ गर्न सक्तछ, वेदाधिकारीले सक्तैन । वेदमन्त्र प्रयोगपूर्वक, स्मृति र पुराणादिको मन्त्र प्रयोग गर्दा दोष लाग्दैन भने वेदमन्त्र प्रयोग नगर्दा दोष नै लाग्दछ ।

आजकल हाम्रो समाजमा आएको पूजा, अनुष्ठान आदिको पद्धति न श्रौत हो न त स्मार्त नै हो । श्रौतकर्म ब्राह्मण क्षत्री र वैश्यले गर्दछन् । सर्वथा वेदमा अधिकार नभएकाले स्मार्त कर्म गर्ने हो । स्वाध्याय ब्राह्मणको वेदकै हुन्छ । एउटै मात्र भए पनि वेदको मन्त्र पढेरमात्र अरू कुरा पढ्नुपर्दछ । श्रौतकर्म गर्ने अधिकारीले वेदकै स्वाध्याय गर्नु पर्दछ । दुवै श्रौतस्मार्त यज्ञमा अग्निको आवश्यकता हुन्छ । अहिले अग्नि नभएको स्थितिमा श्रौतस्मार्त हुनसक्ने भएन । ती यज्ञ हुन नसके पनि अहिले पनि यज्ञ गरिन्छ । यसमा वेदमन्त्रको प्रयोग हुन्छ । पद्धति स्मृतिको र मन्त्र वेदकै प्रयोग हुने हुनाले अहिले गरिने यज्ञ मिश्रयज्ञ हो । मिश्रयज्ञ बाहेक विनापद्धतिको अर्थात् आफूखुशी पद्धति राखेर पनि अहिले कर्म गर्ने चलन छ । जस्तै – चौरासी वर्ष पुगेपछि चौरासी पूजा गर्ने चलन छ । चौरासी पूजाको सम्बन्धमा श्रुतिको त कुरै नगरौँ स्मृतिमा पनि विधान छैन । महाभारतमा पनि यसको विधान छैन । पुराणको मूलमा पनि यो कुरा छैन । सहस्र चन्द्रदर्शनपछि हजार चन्द्रको पूजा स्कन्द पुराणमा उपलबध भनिन्छ, त्यसै अनुसार पद्धति वनेका पनि छन् । यस्तो कर्म गरेर हानि हुने कुरा छैन तापनि यसबाट के उत्कर्षता हुने भन्ने कुराको लेखाजोखा गर्न कठिन छ ।

यस्तै आजकल लाखवत्ती बाल्ने चलन छ । यसको पनि विधान न त श्रुतिमा न त स्मृतिमै पाइन्छ । कुनै कार्य विशेषमा हजार बत्ती बाल्नाले उत्कर्षता हुन्छ भन्नेसम्मको कुरा पुराणमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आउँदछ। तर लाखबत्तीको प्रसङ्गमा कुनै कुरा आउँदैन। लाखबत्ती सम्बन्धी सम्प्रति उपलब्ध पद्धतिको मूल भेटिँदैन। लाखबत्ती बालेर बिग्रने कुरा छैन तापनि त्यसबाट के उत्कर्षता आउँदछ भन्ने प्रमाणित हुन गाह्रो छ। त्यसकारण श्रुति स्मृतिमा आएका पद्धतिका आधारमा यज्ञ गर्नुपर्दछ। ती यज्ञ गर्न प्राय अहिले सम्भव नभएकोले मिश्र यज्ञ गरिन्छ। मिश्रयज्ञलाई स्मार्तयज्ञभन्दा माथिल्लो मानिन्छ। किनभने यसमा वेदका मन्त्र प्रयोग भई पद्धतिमात्र स्मृतिको हुन्छ। स्मार्तयज्ञमा श्रुतिको मन्त्रप्रयोग हुँदैन। श्रौत, स्मार्त र मिश्रकर्म मध्ये श्रौतकर्म सर्वश्रेष्ठ हो। आजकल गरिने कर्ममिश्र हुन्। जस्तै अग्निको होम गर्दा ब्राह्मणले वेदमन्त्रको प्रयोग गर्नुपर्दछ। त्यसकारण अहिलेका कर्म स्मार्तपद्धतिबाट मात्र हुन्छन्।

स्मार्तविधिमा आउने गृह्यसूत्रमा *'अथातो गृहस्थालीपाकानां कर्म'* [८२] यही गरेको छ। यहाँ अथ शब्दको अर्थ *'श्रौतकर्म निरूपणानन्तरम्'* श्रौतकर्म निरूपण पछि भन्ने हो। स्मार्तमा श्रौतको कुरा दोहोरियो भने यो श्रौतमै हेर्नु भनी निर्देश गरेको हुन्छ। श्रौतकर्मको विधि स्मार्तमा हुँदैन। त्यसको विधि ब्राह्मणमा हुन्छ। वेदमा अधिकार हुनेले वेदमन्त्रपूर्वक स्मार्तविधि अनुसार कर्म गर्नुपर्दछ भने अधिकार नहुनेले स्मार्तविधि र स्मृतिकै मन्त्र प्रयोग गरेको हुनुपर्दछ। अहिले ज्योतिषी कहाँ समय हेराउँदा ज्योतिषीले यो मन्त्रले यो काम गर्ने भनी आफूखुशी मन्त्र दिएको पाइएको छ। समय हेर्ने ज्योतिषीको काम हो, आफूखुशी मन्त्र दिने अधिकार ज्योतिषीलाई छैन। अहिले मिश्र कर्मबाट पनि झरेर आफूखुशी कर्म प्राय गर्नथालेका छन्। यसमा अज्ञान कारण हो भने कतै अनास्था पनि कारण हो। वास्तवमा यो गलत प्रक्रिया हो।

कुनै पनि काममा मूलको ख्याल अवश्य गर्नुपर्दछ। हरेक व्रत, उपवास, अनुष्ठान, यज्ञ, यागादि गर्न पहिले त्यसको मूल के हो ? विचार गर्नुपर्दछ। त्यसपछिमात्र मूलशास्त्रानुसारी काम गर्नुपर्दछ।

विधि थाहा नपाई कुनै पनि कर्म अन्धाधुन्द गर्नुहुँदैन। *'विधिवर्जं न निर्वपेत्'* भन्ने शास्त्र छ। भीष्मपितामहले बाबुको श्राद्ध गर्दा पिण्ड लिन बाबुले भूमि छोडेर दुई हात थापे तर पनि भीष्मले बाबुको हातमा पिण्ड दिएनन्। *'नैष कल्पे विधिर्दृष्टः'* [८३] पितृको हातमा पिण्ड दिने विधि देखिँदैन। त्यसैले हातमा दिन मिलेन। मुख्यकल्पको त के कुरा अनुकल्प पनि नभएकोले विधिसम्मत हुने गरी भीष्मले कुशमै पिण्ड दिएको प्रसङ्ग छ। त्यसकारण विधिको उल्लङ्घन गरी आफूखुशी काम गर्नुहुँदैन। विधि अनुसारको भीष्मको कर्म र शास्त्रप्रतिको निष्ठादेखि उनका पिता सन्तनु अत्यन्त खुशी भएर त्यसै बेला उनले भीष्मलाई इच्छामृत्युको वर दिएका हुन्। त्योभन्दा पहिले भीष्मलाई इच्छा मृत्युको वर थिएन।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उनको अनुमति नपाई मृत्यु उनको सामु आउन सक्तैनथ्यो । भीष्मपितामह परशुरामका शिष्य हुन्, सबै शास्त्र आत्मसात् गरेका थिए । ब्रह्मज्ञानी भएकोले उनले विधिमा नभएको कुरा गरेनन् । सन्तनु राजा पनि महाज्ञानी हुन् उनले पनि भीष्मको परीक्षा गर्न मात्र हात थापेका थिए ।

*'श्रुतं प्रज्ञानुगं चैव प्रज्ञाचैव श्रुतानुगा'* [८४] जुन शास्त्र पढेर बुद्धि परिष्कृत भएको छ त्यसले अझ उत्कृष्ट कर्म गर्नुपर्दछ, वदमासी गर्नुहुँदैन । बुद्धिको पछि लाग्ने शास्त्र र शास्त्रको पछि लाग्ने बुद्धि हुनुपर्दछ । त्यसैमा *'बोधेद्धा बुद्धिः बुद्धीद्धो बोधो वा फलसाधनम्'* [८५] बोधद्वारा इद्धबुद्धि वा बुद्धिद्वारा इद्धबोध हुनुपर्दछ । त्यो फलसाधक हुन्छ भन्ने कुरा निबन्धग्रन्थले सङ्केत गरेको छ । अन्यथा फल सिद्ध हुँदैन । त्यसैले *'यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः'* विधि अनुसार यज्ञका लागि कर्म गर्नुपर्दछ । विधिविरोधी कर्म यज्ञको पोषक हुनसक्तैन ।

कर्म गर्ने व्यक्तिले त्यसको मूल के हो ? कहाँबाट आयो ? भन्ने जानेकै हुनुपर्दछ । भोजन गर्नु, विवाह गर्नु जस्ता कर्म पनि यज्ञभित्रै पर्दछन् । मृत्युसंस्कार पनि यज्ञभित्रै पर्दछ । त्यसैले *'निषेकादिस्मशानान्तोमन्त्रैयस्योदितो विधिः'* [८६] अर्थात् गर्भाधान संस्कारदेखि मृत्यु संस्कारसम्मका यावत्कर्म विधिभित्र पर्दछन् भन्ने कुरा छ । विधि अन्तर्गतको यज्ञ हुने कुरा छँदैछ । यसरी क्षत्रीको निम्ति युद्ध पनि यज्ञ कर्मभित्र पर्दछ भने वैश्यका निम्ति कृषि, पशुपालन व्यापार यज्ञ भित्र पर्दछन् । ब्राह्मणका लागि स्वाधयाय यज्ञभित्रै पर्दछ । ब्राह्मणले षड्कर्म यज्ञ गर्नु, गराउनु, दान दिनु, लिनु, पढ्नु, पढाउने काम गर्नु हुन्छ । क्षत्री र वैश्यले पनि यज्ञ गर्न हुन्छ गराउन हुँदैन । त्यस्तै दान दिन हुन्छ लिन हुँदैन । वेदवेदाङ्ग पढ्न हुन्छ पढाउन हुँदैन । ब्राह्मणले पनि सकेसम्म पुगेमा दान नलिनु राम्रो हो । विश्वविद्यालयादिको अध्यापनमा वेतन नलिए राम्रो हो, लिए पनि त्यसबाट कुनै अनुत्कर्षता भने हुँदैन । तर ट्यूशनबाट वृत्ति सञ्चालन गर्नु हुँदैन । त्यसो गर्दा बुद्धि मलीन हुँदैजान्छ । त्यसकारण यज्ञ भित्र पर्ने कुरा गर्नुपर्दछ, यज्ञभित्र के कति कुरा आउँदछन् भन्ने बारेमा आठौं अध्यायमा पनि विवेचन छँदै छ ।

ब्राह्मणको आरम्भदेखि प्रलय नहुञ्जेलसम्मका यावत् विधिसम्मत कर्म यज्ञ नै हुन् । यसबाट युद्ध गर्नु, युद्धपछि युधिष्ठिरले राज्य गर्नु पनि यज्ञभित्रै पर्दछन् । *'यज्ञो मूलमितिस्थितिः'* [८७] यज्ञ सवैकुराको मूल हो । *'तदर्थं कर्म कौन्तेय'* हे अर्जुन तिमीले युद्धरूप कर्म गर्नै पर्दछ । कुन्ती र माद्री मति र बुद्धिका अवतार हुन् । मतिको अवताररूपमा आएकी कुन्ती र कुन्तीपुत्र अर्जुन हुन् । उनमा विशुद्ध मातापितृजन्यत्व छ । त्यसैले पनि अर्जुनले युद्धरूप कर्म गर्नुपर्दछ भन्ने भगवान्को अभिप्राय हो । युद्धरूप कर्म गर्नुपर्दछ तर पनि *'मुक्तसङ्गः*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



समाचर' फलाशा राख्नुहुँदैन ।

*'मुक्तसङ्गः समाचर – सङ्गे मुक्त इति मुक्तसङ्ग – फलाभिलाष रहितो भव इत्यर्थः'* हे कौन्तेय ! फलाशा रहित भएर कर्म गर्नुपर्दछ । *'मुक्तसङ्गः समाचर'* यसमा चर प्रयोग भएको छ । चर मात्र होइन समाचर प्रयोग भएको छ । *'आसमन्तात् चर इति समाचर'* आफूले गर्नुपर्ने आचरण राम्रोसँग गर भन्ने अर्थ समाचरबाट आएको छ । *'सम-समत्वभावेन आचर कुरु'* युद्ध गर्दा कसैलाई पक्षपात नगरी युद्ध गर भन्ने अर्थ पनि कथञ्चित् यसबाट आउन सक्तछ । यो युद्धको मात्र कुरा होइन यज्ञको प्रसङ्ग भएकोले जहाँ जस्तो किसिमले गर्नुपर्दछ त्यस्तै गर भनी अर्थ गर्नु प्रासङ्गिक हुन्छ । त्यसकारण *'सम समत्वभावेन आचर कुरु'* भन्नुभन्दा आसमन्ताच्चर इति समाचर भन्नु उपयुक्त हुन्छ । *'समाचर'* यहाँ लोट लकारको प्रयोग भएको छ । यसबाट कर्म गर्नै पर्दछ भन्ने भगवान्को आदेश पनि स्पष्ट हुन्छ साथै आदेशले मात्र होइन कर्म गर्नुपर्ने रहेछ भन्ने कुरा आफ्नै मनले निश्चित गरी कर्म गर भन्ने अर्थ पनि चरबाट आएको छ । कर्मयोगभन्दा बुद्धियोग ठूलो छ भने सानो कर्ममा म किन लाग्ने ? बुद्धियोगमै लाग्दछु भनी अर्जुनले पहिले शङ्का गरेका थिए । त्यही शङ्का समाधान गर्न पनि यहाँ *'नियतं कर्म'* तिम्रो निम्ति कर्म अनिवार्य छ । त्यो कर्म पनि सङ्गमुक्त भएर गर्नुपर्दछ भन्ने समेत आएको छ । यसैमा शङ्कराचार्य भन्नुहुन्छ – यज्ञार्थात् अतस्तदर्थं – यज्ञार्थं कर्म कौन्तेय, मुक्तसङ्गः, कर्मफलवर्जितः सन्, समाचर – निर्वतर्य अर्थात् त्यसकारण हे अर्जुन ! तिमीले यज्ञार्थ कर्म गर्नुपर्दछ । त्यस्तो कर्म फलाशा नराखी गर्नुपर्दछ । फलाशा नराख्ने मात्र होइन तिम्रो कर्म लोकको उदाहरणका लागि होस् । त्यसमा कसैले खोट लगाउने ठाउँ नहोस् । यस्तै *'यज्ञो वै विष्णुर्यज्ञ ईश्वरस्तदर्थं यत्कुरुते तत् यज्ञार्थं कर्म'* [८८] यसले दुईओटा कर्मलाई समेटेको छ । विष्णु, शिव आदि आराधनात्मक कर्म पनि यज्ञ नै हुन् । अभ्युदय निःश्रेयस निमित्तक यावत्कर्म पनि यज्ञ नै हुन् । यसको विस्तृत विवरण योगवासिष्ठमा छ । महाभारतमा पनि यो कुरा आएको छ ।

दर्शपूर्णमास अग्निषोम हो । औंसीमा गरिने अग्नियज्ञ हो भने पूर्णिमामा गरिने सोम । अग्नि तातोको प्रतीक हो भने सोम चिसोको अथवा अग्नि भोक्ता हो भने सोम भोज्य हो । अग्नि शोषक र सोम पोषक हो । यी दुईको सम्बन्ध नभई सृष्टि सम्भव छैन । प्रतिजीवमा शोषण र पोषण दुवै तत्वका हुन्छन् । त्यसैले *'अग्नीषोमात्मकं जगत्'* [८९] भनिएको छ । अग्नि र सोमको सम्बन्ध विष्णु हो, विष्णु यज्ञ हो, ईश्वर हो । त्यसकारण विधिसम्मत गरिने यावत्कर्म यज्ञ कै निम्ति हुन्छन् । यसैमा शङ्का आउन सक्तछ । गर्भाधानदेखि मृत्युसम्मका संस्कार सबै कर्म यज्ञ हुन् भने त्यसबाट पनि बन्ध हुनसक्ला ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



फलाशायुक्त यज्ञार्थकर्म भए पनि त्यसबाट बुद्धिको शुद्धि अवश्य हुन्छ। जस्तै आँप रोप्दा फलाशा हुन्छ। केहीसमयपछि त्यसले फल दिने कुरा छ। आँपको फेदमा तर्पण गर्नाले पितृतृप्त हुने कुरा आएजस्तै सकाम कर्मले पनि अंशतः चित्तशुद्धि अवश्य हुन्छ। तसर्थ यावत् यज्ञार्थसकाम कर्मले बन्धमात्र होइन लाभ पनि हुन्छ। यी विधिविहित कर्मका कुरा हुन्। निषिद्ध कर्म गरे हानि हुन्छ। पुण्यकर्मको फल मिल्दैन। तसर्थ विधि र निषिद्ध कर्म नगरी विधिविहित कर्ममात्र फलाशा रहित भई गर्नुपर्दछ भन्नेमा कुरा शङ्कराचार्यको अभिमति छ। *'यज्ञार्थात्कर्मणोऽन्यत्र'* इत्यादि श्लोकको तात्पर्य यही हो। अतः अर्जुनले फलाशारहित भई युद्ध गर्नुपर्दछ। युद्ध गर्नु क्षत्रियका निमित्त यज्ञ भएकोले यसबाट बन्धन हुँदैन। यज्ञेतर कर्मबाट बन्धन हुन्छ।

यहाँसम्म प्रतिपादित कुरा अर्थवाद होइनन्, भएकै कुरा हुन्। *'स्तुतिनिन्दान्यतरपरं वाक्यमर्थवादः'* [९०] स्तुति अथवा निन्दापरक वाक्य अर्थवाद हो। जस्तै – *'वायुर्वै क्षेपिष्ठा देवता'* [९१] वायु छिटो हिड्ने देवता हो। यहाँ वायुको स्वरूपाख्यान भएको छ। यो स्तुतिवाक्यानुसार वायुसम्बन्धी यज्ञ गरे फल छिटो मिल्दछ भन्ने कुरा स्पष्ट गर्न वायु छिटो हिड्ने देवता हो भनी स्तुति गरिएको हो। यस्तो अर्थवाद वाक्य विधिवाक्यसँग मिलेर मात्र प्रमाण हुन्छ। *'वायव्यं श्वेतमालभेत भूतिकामः'* [९२] अर्थात् ऐश्वर्य चाहनेले वायुदेवता सम्बन्धी श्वेतपशुको आलम्भन गर्नुपर्दछ। यो विधि वाक्य हो। यस विधिवाक्यलाई वायुर्वै क्षेपिष्ठा इत्यादि अर्थवादवाक्यले पोषण गरेको छ। माहात्म्य अर्थवाद हो। भागवतमाहात्म्यमा भागवतको स्तुति गरिएको छ। गोकर्ण नामका व्यक्तिले गयामा सयकडौं श्राद्ध गरे पनि धुन्धुकारीको मुक्ति भएन। मुक्तिका लागि भागवतको पारायण गर्नुपर्ने कुरा निर्देशित छ। भागवतको पाठ गर्नाले धुन्धुकारीको मुक्ति भएको कुरा श्रीमद्भागवतमाहात्म्यमा आएको छ। यस माहात्म्यले पनि भागवतको प्रशंसा गर्न गयाश्राद्धको निन्दा गरेको हो। त्यसकारण माहात्म्य भन्ने कुरा कहीँ पनि सोझै प्रमाण हुँदैन।

स्तुति वा निन्दा विधि वा निषेधमा मिलेरमात्र प्रमाण हुन्छ। भागवतश्रवण गरेर चित्तशुद्धि हुन्छ, चित्तशुद्धि भएकाले सुनेमा परमार्थमा पुग्दछन्। श्रीमद्भागवत सुन्ने मान्छेको प्रवृत्तिबोधक स्तुतिपरक माहात्म्य हो। *'नहि निन्दा निन्दितुं प्रवर्तते किन्तु विधेयं स्तोतुम्'* [९३] निन्दा निन्दाको लागि होइन, विधेयस्तुतिका लागि हो। श्रीमद्भागवतको प्रशंसाका लागि गयाश्राद्धको निन्दा भएको हो। गयाश्राद्धको निन्दा प्रदर्शन निषेधमा लक्ष्यित छैन। त्यस्तै यहाँ पनि यज्ञबाहेक अरू कर्म गर्नुहुँदैन भनी 'अनेन प्रसविष्यध्वम्' विधिवाक्य देखाइएको हो, अर्थवाद होइन। विधि पुष्टिका लागि अर्थवाद चाहिन्छ। त्यसैले यज्ञ बाहेक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अरू कर्म हुँदैन भन्ने विधिवाक्य पुष्टिका लागि सहयज्ञः प्रजा इत्यादि अगाडिका चारओटा श्लोक आएका छन् ।

स्तुति अथवा अर्थवादको रूपमा अगाडि आउने चारओटै श्लोकको एकवाक्यता छ । यज्ञको स्तुति किन र कसरी ? यिनै कुराको विवेक अगाडिका श्लोकले गर्ने छन् । धार्मिक जीवनभित्र पर्ने इतिकृत्य सबै गीतामा छन् । वैदिक कर्मभित्रका अपरिहार्य क्रियालाई स्तुतिका माध्यमले अथवा यज्ञको प्रशंसाको माध्यमले प्रस्तुत गर्न चार श्लोक छन् । प्रजापतिको आदेशरूपका वचनले यज्ञको अपरिहार्यताको पुष्टि पनि अगाडिका श्लोकले गर्ने छन्, कसरी गर्छन् ?

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

यहाँ प्रजापति ब्रह्मा हुन् । उनले सृष्टि गरेका प्रजापतिले प्रजापतिको दर्जा सृष्टि गर्नुपर्ने भएकाले प्रजापति पद पाएका हुन् । प्रजापतिमा मरीचि आदि दश सबैभन्दा ठूला हुन् । सर्गको शुरुमा प्रजापतिले यज्ञ र प्रजाको सृष्टि एकैसाथ गरी त्यसैबाट इच्छित वस्तु मिलोस् र वृद्धि होस् पनि भने । *'पुरोवाच प्रजापतिः'* अर्थात् सृष्टिको आदिमा प्रजापतिले भने – *'अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक्'* यज्ञले प्रशस्ति मिल्दछ, चिताएको कुरा पुऱ्याउने यज्ञ हो । देवता र मनुष्यको सम्बन्ध कायम गर्ने कडी पनि यही हो । मन्त्रपूर्वक अग्निमा हवन गरेको कुरा देवताले पाउँदछन् । किनभने *'अग्निमुखा वै देवाः भवन्ति पाणिमुखा पितरः'* [९४] भन्ने श्रुति छ । आधिदैविक स्थितिमा अग्निमा हवन गरेको हवि देवतासम्म पुऱ्याइदिने माध्यम वायु हो । हवि माथि पुगेपछि देवताहरूले त्यसलाई खानु पर्दैन देखेर नै तृप्त हुन्छन् । त्यसैले *'दृष्ट्वैव देवाः तृप्यन्ति न अश्नन्ति न पिबन्ति'* [९५] भन्ने श्रुति छ । अर्थात् तृप्तिका लागि देवतालाई निद्रा पनि लाग्दैन । तृप्तिका लागि देख्नु भनिवार्य छ । त्यो खाने चीज देखाइदिने काम वायुको माध्यमले अग्निले गर्दछ ।

*'एष वोऽस्त्विष्टकामधुक्'* मनुष्य र देवताहरूले चाहेको प्राप्त गराउने एउटै माध्यम छ त्यो यज्ञ हो । मनुष्यले यज्ञद्वारा दिएको हवि देवताहरूले पाउँदछन् । देवता र मनुष्यको इष्ट प्राप्तिको साधन हो । यज्ञद्वारा देवता खुशी हुन्छन् । त्यसपछि उनीहरूले पनि मनुष्यलाई समयानुसार वर्षाव्यवस्था गर्दछन् । यसबाट दुवै पक्षको कल्याण नै कल्याण हुन्छ । त्यसैले प्रजापतिले पनि यज्ञ र प्रजाको सृष्टि एकै पटक गरेर *'अनेन प्रसविष्यध्वमेषवोऽस्त्विष्टकामधुक्'* भनेको छ । अर्थात् आफ्नो इष्टकामनापूर्ण गर्न चाहनेले यज्ञ गरोस् भन्ने छ । यज्ञ नगरे देवताहरूले मनुष्यलाई खुशी पार्दैनन् । अर्थात् यज्ञरूप सत्कर्म मनुष्यले गरेनन्भने उनीहरूलाई



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तह लगाउन देवताहरू कहिले घामै घाम र कहिले पानी पानी पारिदिन्छन् । त्यसैले देवता र मनुष्यको इष्ट कामना पूर्ण गर्ने यज्ञ हो त्यो गर्नुपर्दछ । तसर्थ ब्रह्माले पनि सृष्टि गर्नासाथ यज्ञ गर्नुपर्दछ भनेका छन् । यस श्लोकबाट यही कुरा पुष्टि हुन्छ । यसैमा शङ्कराचार्यको भूमिका छ ।

*'इतश्चाधिकृतेन कर्म कर्तव्यं सह इति'* अधिकृतले कर्म गर्नैपर्दछ अर्थात् कर्माधिकारीले यज्ञरूप कर्म गर्नुपर्दछ । *'सहयज्ञाः – यज्ञसहिता प्रजास्त्रयोवर्णाः ता सृष्ट्वा उत्पाद्य'* अर्थात् यज्ञसहित यज्ञाधिकारी त्रैवर्णिक प्रजाको सृष्टि भएको र प्रजाको उपजीवन यज्ञ हो । तसर्थ यज्ञ र प्रजाको सृष्टि सँगसँगै भएको छ । पहिले यज्ञ र त्यसपछि तुरुन्त प्रजा सृष्टि भयो भन्ने मान्नु पर्दछ । यसबाट यज्ञलाई बढ्ता महत्त्व दिएको बुझिन्छ । यज्ञ भनेको के हो भन्नेमा कोश छ – *'यज्ञः स्यादात्मनि मखे नारायणहुताशयोः'* [९६] आत्मालाई यज्ञ भनिन्छ । भगवान् नारायण र अग्निलाई पनि यज्ञ भनिन्छ । यज्ञभन्दा सबै यज्ञ आउँदछन् तापनि महायज्ञ भनेर त्यसको बढ्ता महत्ता दिएको छ । यज्ञ पनि महायज्ञ हो सोमयज्ञसंस्थामा महायज्ञ पर्दैन । यो पाकयज्ञसंस्था र हविर्यज्ञ संस्थामा पर्दछ । जुन यज्ञ जहाँ परे पनि यी सबैको सृष्टि प्रजापतिले गरेका हुन्

*'परमेष्ठी प्राजापत्योयज्ञमपश्यत्'* [९७] – 'परमे स्थाने स्थिति इति – परमेष्ठी' सबैभन्दा माथिल्लो स्थानमा रहेका प्रजापतिले यज्ञ देखे । सबैभन्दा माथिल्लो स्थानमा रहेकाले प्रजापतिलाई परमेष्ठी भनिएको हो । परमेष्ठी तलका प्राणीलाई कल्याण हुनेगरी उचित निर्देशन गर्नुपर्दछ । प्रजा सर्गका लागि नियुक्त भएका ब्रह्माले सृष्टि गर्नु भन्दा पहिले तिनीहरूको कल्याणकारी मार्गको अन्वेषण गरे । अन्वेषणबाट सबैभन्दा पहिले यज्ञ देखे । यज्ञले प्रजाको कल्याण हुने सोची यज्ञको सृष्टि गरे । त्यसपछि तुरुन्त प्रजासृष्टि गरे । परमेष्ठी भन्दा पनि माथिल्लो अर्को आत्मतत्त्व छ । यही कुरा देखाउँन परमेष्ठीलाई सोझै प्रजापति नभनी 'प्राजापत्य' भनिएको छ । परमेष्ठी पनि कसैको खटनबाट कामका लागि आएको हो, उसले पनि निर्देश अनुसार काम गर्नुपर्दछ । त्यसैले सृष्टिको शुरुमा परमेष्ठी भन्दा माथिल्लो आत्मतत्त्वबाट परमेष्ठीको सृष्टि भयो भन्ने मान्नुपर्दछ ।

माथिल्लो तत्वले प्रजापतिको सृष्टि गरी सृष्टि सम्बन्धी कुराको जिम्मा उनलाई लगाए । उनले यज्ञ सबैभन्दा पहिले देखे भन्ने छ । परमेष्ठीलाई पनि सोझै यज्ञदर्शन भएको होइन, कैयौं वर्षको तपस्यापछि त्यो कुरो अन्तरात्मामा खुल्यो भन्ने प्रसङ्ग छ । यज्ञदर्शनपछि प्रजाको सृष्टि गरे । यज्ञ भनेको पाकयज्ञ, हविर्यज्ञादि हो भनी विस्तार आएको छ । त्यसको समष्टि के हो बुझ्नु आवश्यक छ । कुनै पनि कुराको विवरणमा सङ्क्षेप विस्तार विवक्षा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ । यहाँ निरूपित यज्ञविस्तार श्रुतिद्वारा यसरी सङ्क्षेप भएको छ ।

*'अयं वै यज्ञः योऽयं पवते'* [९८] अर्थात् वेदमा पवमानी मन्त्र हुन्छन् । यद्यपि वेदका मन्त्र सबै चोखा हुन्छन् तापनि पवमानी मन्त्रलाई विशेष पवित्र मानिन्छ । पवमानीका अधिष्ठातृदेवता विशेषतः अग्नि, वायु हुन्छन् । *'पन्थानश्च विशुद्धयन्ति सोमसूर्यांशुमारुतैः'* [९९] सूर्य, चन्द्रमा र हावाद्वारा बाटो चोखो हुन्छ भन्ने छ । यस्तै *'ऊर्णा वातेन शुद्धयति'* [१००] पनि छ । एकै अग्नि साममण्डलमा पुगेपछि सूर्यरूपमा परिणत हुन्छभने ऋक्मण्डलमा अग्निरूपमा सङ्कोच हुन्छ । संकोच ऋक्मा पर्दछ भने विस्तारमा जाने कुरा साममा पर्छ ।

*'अयं वै यज्ञः योऽयं पवते'* जसले पवित्र गर्दछ त्यो यज्ञ हो । सबैभन्दा पवित्र अग्निले या त वायुले गर्दछ । पवित्रता प्रदान गर्नेलाई यज्ञ भनिन्छ भन्ने उक्तिले दुई कुराको सङ्केत भएको छ । वायुले पवित्र गर्दछ तर एकै ठाउँमा बसेर गर्दैन । जसरी बगेको पानी जति चोखो हुन्छ जमेको पानी त्यति चोखो हुँदैन । त्यस्तै गतिमत्ता नभएको वस्तुमा पनि प्रायः चोखोपना हुँदैन । पवमानी मन्त्रका अधिष्ठातृदेवता वायु हुन् । वायुमा गतिमत्ता हुन्छ । यज्ञले पवित्रता प्रदान गर्दछन् किनभने त्यसमा क्रिया छ । यज्ञमा गतिमत्ता रहेमा त्यसले पवित्रता प्रदान गर्दछ । त्यसका लागि विधि अनुसार आवश्यक ऋत्विक्, विधि अनुसारकै द्रव्य र वेदकै मन्त्रको प्रयोग हुनुपर्दछ । यज्ञ भनेको क्रिया हो, यसमा पवमानत्व छ । यज्ञ गरेपछि त्यसको फल स्वर्ग प्राप्ति हो त्यहाँ पुर्‍याउने काम वायुले गर्दछ । विधि अनुसारकै यज्ञको यो कुरा हो, विधिवैयात्य भएमा त्यसको फल मिल्दैन । यस्तो पवित्रता प्रदान गर्ने यज्ञरूप कर्मको सबैभन्दा पहिले प्रजापतिले सृष्टि गरे ।

प्रजापतिले नारायणको पनि सृष्टि गरेर *'यजस्व यजस्व'* [१०१] यज्ञ गर, यज्ञ गर भनी यज्ञलाई विशेष जोड दिएका छन् । तिनै नारायणले प्रजासृष्टिका लागि अर्को प्रजापति नियुक्त गरे । उनले पनि सर्वप्रथम यज्ञ नै देखेकाले यज्ञको महत्ता असामान्य छ । यो सबै प्राणीले गर्नुपर्दछ । *'सर्वेषां वा एष भूतानां सर्वेषां देवानामात्मा यद् यज्ञः'* [१०२] अर्थात् सम्पूर्ण प्राणी (मनुष्य) सम्पूर्ण देवताको आत्मा यज्ञ हो । यज्ञविना उत्पत्ति, स्थिति र विनाश हुँदैन । त्यसैले *'सर्वेषां वा एष भूतानां सर्वेषां देवानामात्मा यद् यज्ञः'* श्रुतिमा छ । वास्तवमा उत्पत्ति, स्थिति र लय भनेको यज्ञ हो । उत्पत्ति यज्ञ हो भन्ने कुरा प्रसङ्गात् यही अगाडि आउने छ भने स्थिति र लययज्ञ हो भन्नेमा आठौं अध्यायमा विवेचन हुने छ । यी सबै कुरा *'अयं वै यज्ञः योऽयं पवते'* भित्र पर्दछन् । यज्ञमा क्रियावत्ता रहेकोले त्यसको विनाश अवश्यंभावी छ । यो यज्ञ सर्वोपकारण हो । यसले देवता र मनुष्यले चाहेको कुरा पुर्‍याउँदछ । यही कुरा *'सहयज्ञाः प्रजासृष्ट्वा'* इत्यादि श्लोकद्वारा आएको छ । शङ्कराचार्य देखाउँनु हुन्छ –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'सहयज्ञाः – यज्ञसहितास्त्रयोवर्णाः सृष्ट्वा उत्पाद्य पुराःपूर्व सर्गादौ उक्तवान् प्रजापतिः'* यज्ञसहित त्रैवर्णिक सृष्टि अर्थात् ब्राह्मण, क्षत्री र वैश्यको सृष्टि गरेर सर्गको आदिमा प्रजापतिले भने *'अनेन प्रसविष्यध्वम् – प्रसवो वृद्धिरुत्पत्तिः'* यज्ञले तिमीहरूको वृद्धि गर्नेछ। तसर्थ तिमीहरूले यज्ञ गर्नुपर्दछ। तिमीहरूका निम्ति यो यज्ञ इष्ट चाहिने कुरा दुहुने साधन हुनेछ, *'इष्टकामधुक् कामान् फलविशेषान् दोग्धी'* आफूले चाहेको फलविशेषको दोहन यसबाट हुनेहुँदा यसलाई इष्टकामधुक् भनिन्छ। यज्ञ भनेको धर्म हो यसबाट इष्ट प्राप्तिमात्र हुन्छ। यसको दोहनबाट मनुष्य र देवताको इष्टपूर्ति हुनेहुँदा यसको अनुष्ठान फलेच्छुले गर्नु आवश्यक छ। विधिविधानको अतिक्रमण नगरी यसको अनुष्ठान गरेमा *'अभीष्ट फलभोगोऽस्तु'* अवश्य चाहेको फलको भोग हुनेछ। यही कुरा देखाउँन भगवान्ले *'सहयज्ञाः प्रजा सृष्ट्वा'* इत्यादि दिनुभयो। श्रुतिस्मृति र पुराणादिमा पनि यसको विस्तृत विवेचन पाइन्छ।

यावत्कर्मलाई यज्ञले समेटेको छ। यज्ञ यो उपलक्षणविधामा प्रयोग हो। यज्ञ नगरे प्रत्यवाय लाग्दछभन्ने कुरा आउने नै छ। यहाँ काम्यकर्मको प्रस्ताव नभएकोले त्यो गर्ने या नगर्ने भन्ने अलग कुरा हो। नित्यनैमित्तिक कर्मलाई यहाँ विशेष जोड दिएको छ। फलेच्छाविना काम्यकर्म नै गरे पनि यसबाट अभीष्ट प्राप्ति हुन्छभन्ने कुरा श्रुतिले मात्र होइन स्मृतिले पनि दिएको छ। *'वेदशब्देभ्य एवादौ पृथक् संस्थाश्च निर्ममे'* [१०३] पृथक् संस्थाको निर्माण पनि वेदबाट भएको छ र ती संस्थाभित्र यज्ञ पर्दछ।

*'कर्मात्मिनाञ्चदेवानां सोऽसृजत्प्राणिनां प्रभुः। यज्ञं चैव सनातनम्॥'* [१०४] पृथक् संस्थाहरू यिनै हुन्। देवताहरूले गर्नुपर्ने कर्म र अरू प्राणीले गर्नुपर्ने कर्मको सृष्टि प्रजापतिले गरेका छन्। यो कुरा वेदमा छ। यहाँ सनातनत्व विशेषण अन्यत्र नभई यज्ञमा मात्र भएको छ। सनातनको अर्थ नित्य हो तर यज्ञ क्रियात्मक छ भन्ने कुरा प्रतिष्ठापन भएकाले क्रियात्मामा सनातनत्वको सम्भव कसरी ? अतः यस सम्बन्धी उपपत्ति यसप्रकार छ। 'सनातनं अखण्डदण्डायमानम्' सनातनको अर्थ अखण्डदण्डायमान हो अर्थात् दुईप्रकारका नित्यतामध्ये यो प्रवाहनित्य हो स्वरूपनित्य होइन। क्रिया अहिले हुन्छ, एक छिनपछि नाश हुन्छ। तसर्थ यहाँ सनातनको अर्थ प्रवाह नित्य भन्नु पर्दछ। बाबुबाजेले गर्दैआएका नित्यनैमित्तिक स्नान सन्ध्यावन्दनादि क्रिया गर्नुपर्दछ भन्ने बुद्धिको प्रवाहले अहिले छोरा नातिले पनि गर्नु प्रवाह चलिरहनु हो। बाजेबाबुले गरेका क्रिया अहिले नहुने भए पनि त्यसको प्रवाह रहेकोले प्रवाह चली नै रहन्छ। यसै आधारमा यज्ञमा सनातनत्व विशेषण लागेको हो। अतः त्यसको अर्थ प्रवाहनित्य भएको हो। यज्ञरूपकर्म अखण्डदण्डायमान अर्थात् तेर्स्याएर राखिएको लौरो रहेझैं रहेको छ। जसरी *'वेदस्याध्ययनं सर्वं गुर्वध्ययनपूर्वकम्'* [१०५] वेदाध्ययन गुर्वध्ययनपूर्वक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ। यहाँ अध्ययनरूप क्रिया नित्य होइन तापनि अध्ययन परम्परा नित्य छ। त्यसैगरी यज्ञरूप क्रिया नित्य होइन तापनि क्रिया प्रवाह नित्य हो। प्रवाह नित्य छ भन्ने देखाउँन यज्ञमा सनातनत्व विशेषण हो।

यज्ञका निम्ति चाहिने उपकरण के हुन् त ? *'अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम्'* [१०६] अग्निबाट ऋक्वेद, वायुबाट यजुर्वेद र रविबाट सामवेद आएका हुन्। श्लोकको अर्थ हेर्दा अग्नि, वायु र सूर्यबाट तीन वेद आएका हुन् भन्ने देखिन्छ तापनि तत्तद्वेदका अधिष्ठातृदेवता ती ती हुन् भन्ने बुझ्नु पर्दछ। ऋक् र साममा त्यति फरक छैन, विस्तारमात्र फरक छ। यसको विस्तृत विवरण करपात्री स्वामीले दिएका छन्। बीचको भाग यजुर्वेद हो। यजुर्वेदका अधिष्ठाता वायु भनेको यज्ञ हो। होताका सम्पूर्ण काम पनि यजुर्वेदबाट हुन्छ अरूबाट हुँदैन। यसरी पृथक् संस्थाको निर्माणको प्रसङ्गमा यज्ञको पनि निर्माण भएको कुरा स्मृतिले दिएको छ।

देवताका निम्ति यज्ञ भनेको प्राण हो। मनुष्यले यज्ञ गरेनन् भने देवताहरूले खान पाउँदैनन्। उनीहरू खानका लागि खेतीपाती पनि गर्दैनन् न त अन्तरिक्षमा जग्गा जमीन नै छ। मनुष्यले गरेको यज्ञबाट उनीहरूको तुष्टि हुनेहुनाले यज्ञ उनीहरूको प्राण हो। आफ्नै कर्मफलको आधारमा यथाकथञ्चित् उनीहरूको गुजारा चल्ला तर मनुष्यले यज्ञ गरेनन् भने स्वर्गमा नयाँ भोगमा धन उपलबध हुँदैन। जसरी सधैं एउटै कुरा खाइरहँदा मीठो हुँदैन मुख फेर्न मन लाग्दछ। देवताहरूलाई पनि त्यस्तै हुँदो हो। त्यसैले यज्ञका माध्यमले विभिन्न हवि प्रयोग हुनुपर्छ। त्यसो गर्नु आवश्यक हुन्छ र देवताहरू पनि खुशी हुन्छन्। देवताको खुशीको अर्थ प्रकृतिको सौम्यपन हो। विभिन्न उत्पादनका लागि प्रकृतिसौम्य हुनुपर्छ। राम्रोसँग वर्षापनि हुनसक्छ। यसबाट देवता र मनुष्य दुवै पक्षको कल्याणै कल्याण हुन्छ। अन्यथा (यज्ञ नगरे) देवताहरू पनि सन्तुष्ट हुँदैनन्। अर्थात् प्रकृति वैपरीत्य हुन्छ। त्यस स्थितिमा मनुष्यका लागि पनि राम्रोसँग वर्षाव्यवस्था हुन सक्तैन। न चाहिने बेलामा पानी वर्षाई उत्पादित वस्तु विग्रन्छन् भने चाहिने वेलामा पानीको अभावले सुख्खा पर्नसक्छ। यसबाट दुवै पक्षको अकल्याणै अकल्याण हुन्छ। त्यसैले दुवै पक्षको अभीष्टासिद्धि हुने यज्ञरूप कर्म गर्नुपर्दछ। जसबाट प्रकृतिरूप देवता र मनुष्यको सुसम्बन्ध कायम हुन्छ भन्ने कुरा भगवान् श्रीकृष्णले *'सहयज्ञाः प्रजाः सृष्ट्वा'* इत्यादिद्वारा दिनुभएको हो। यसरी यो श्लोकको माध्यमबाट यज्ञको उपयोगिता स्पष्ट पारिएको छ।

यज्ञ फलानुरोधी हुन्छ। त्यो कसरी सम्भव छ ? कथंबाट भूमिका आएको छ। यज्ञद्वारा फल प्राप्त हुन्छभने फलदाता हुनु पर्दछ। त्यो को हो त ? यसबाट अगाडिको श्लोक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आएको छ –

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

यज्ञरूप कर्मको फल दिने देवता हुन् । यज्ञले देवताको पनि उन्नति हुन्छ । अनि यज्ञ गर्नेको आनुपातिकरूपमा कल्याण वृद्धि हुँदै जान्छ । स्वर्गादिरूप अभ्युदय हुन्छ । अभ्युदयतः श्रेयः प्रतिपक्षी हो । त्यसैले निश्रेयः नभएसम्म यज्ञक्रम चल्नुपर्छ भन्नेमा शङ्कराचार्यको अभिमति छ । यसै कुराको सङ्केतका लागि शङ्कराचार्यको भूमिका छ । देवानिति *'देवान्–इन्द्रादीन्, भावयतः – वर्धयतः, अनेन – यज्ञेन'* यज्ञद्वारा इन्द्रादि देवतालाई वृद्धि गर अथवा उन्नक्त – स्वागत, सत्कार गर । यसैबाट उनीहरू खुशी हुन्छन्, अघाउँदछन् । त्यसपछि वृष्ट्यादिद्वारा तिमीहरूको कल्याण देवताले गर्ने छन् । 'एवं परस्परं अन्योन्यं भावयन्तः, श्रेयः परं ज्ञानप्राप्तिक्रमेण अवाप्स्यथ' यसरी परस्परमा भावना कायम भएमा एकदिन ज्ञान प्राप्ति हुने योग्यता पनि प्राप्त हुनसक्ने छ । किनभने सकाम भए पनि विहित कर्म भएकोले त्यसबाट अनिष्ट हुँदैन । क्रमैसँग चित्तशुद्धि हुँदै जान्छ । विहित कर्म गर्दै गएमा 'स्वर्ग वा परमश्रेयो वा अवाप्स्यथ' स्वर्ग अथवा परमश्रेयपद नै प्राप्त गर्दछ । यसर्थ यज्ञ छोड्ने भन्ने कुरा छैन । यही देवता र मनुष्यमा परस्परमा सहयोगको भावना अभिवृद्धि हुनु हो । *'परस्परं भावयन्तः'* परस्परमा सहयोग देवतासँग मात्र होइन मनुष्यले मनुष्यसँग पनि सहयोगको भावना राख्नु पर्दछ । त्यतिमात्र होइन कसैले असहयोग नै गरे पनि त्यसलाई सहयोग गर्नुपर्दछ । बैगुनीलाई गुणले मार्नुपर्दछ भन्ने नेपालीमा उखानै छ ।

कसैप्रति पनि कृतघ्न बन्नु हुँदैन । कृतघ्नका विधा र अतिदेश पनि छन् जस्तै गाईलाई दाहिना पारेर हिंडेन भने कृतघ्न हुन्छ । चौबाटोलाई पनि दाहिना पारेर हिड्नु पर्दछ । 'प्रज्ञातांश्च वनस्पतीन'[१०७] बुझ्ने जानेका डुम्री, पिपल, वर, शमी आदिका रुखलाई दाहिना पारेर हिंडेन भने पनि कृतघ्न हुन्छ । दम्पती वसेको अथवा उभिइरहेको ठाउँमा दश हातसम्मको अन्तर छ भने तिनीहरूको बीचबाट हिड्नुहुँदैन । गाई ब्राह्मणको बीचबाट अथवा गाई, गाईको बीचबाट ब्राह्मणको बीचबाट हिंडे पनि कृतघ्न हुन्छ । त्यस्तै अध्यापन भएको बीचबाट हिंडेमा ब्रह्महत्या लाग्दछ । गुरुशिष्यका बीचबाट हिंड्दा अनध्याय हुन्छ । गुरुशिष्यको मध्यमा देवता हिंड्छन्, अध्ययनको बेला मध्यबाट हिंड्नु देवताप्रति कृतघ्न हुनु हो । देवताप्रति सद्भावना यज्ञ हो, विद्याको अध्ययन पनि यज्ञै हो । त्यो अवश्य हुनुपर्दछ ।

त्यस्तै, सकेसम्म कसैको पनि अनादर गर्नुहुँदैन । आदर गर्नेलाई अरूले पनि अनादर गर्दैनन् । अनादर गर्नु मनुष्य धर्म होइन, राक्षसी हो । त्यसैले त्यस्तो व्यक्ति आफैं अरूबाट



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनादृत हुन्छ । यही कुरा देखाउँन *'किञ्च'* इष्टान् भोगान् इत्यादि भूमिका आएको हो ।

**इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।**

यज्ञद्वारा खुशी भएका देवताहरू जसले जुन कुरा इष्ट भन्ने ठानेको छ त्यसलाई त्यही दिन्छन् । त्यस्ता इष्ट कुरा देवतालाई नदिई खाने मानिस वास्तवमा चोर हो । *'इष्टान् अभिप्रेतान् भोगान् हि वो'* इत्यादि यज्ञ गर्नेले चाहेको कुरा देवताहरू दिन्छन् । स्वर्ग, घर, खेत, पत्नी, छोराछोरी चाहे अनुसार मिल्छन् । *'इष्टान् अभिप्रेतान् भोगान्'* इत्यादिद्वारा यही कुरा स्पष्ट भएको छ । देवताकै अनुग्रहबाट यावत्कुरा प्राप्त हुनेहुनाले भौतिक समृद्धिशाली भए पनि देवतालाई नदिई खान्छन भने त्यो चोर हो । त्यो सदाका लागि देवताको ऋणी हुन्छ । देवऋण नतिरी ऋणी भइरहनु हुँदैन । *'जायमानो ह वै ब्राह्मणस्त्रिभिऋणैः ऋणवान् भवति'* [१०८] ब्राह्मण यहाँ उपलक्षण मात्र हो । मान्छेले जन्मेदेखि नै तीनओटा ऋण लिएर आएको हुन्छ, देवऋण, पितृऋण र ऋषिऋण । स्वाध्यायद्वारा ऋषिऋण तिर्न सकिन्छ । त्यस्तै यज्ञयागादिबाट देवऋण र तर्पणश्राद्धादिबाट पितृऋण तिर्न सकिन्छ । तसर्थ जन्मेदेखि लाग्ने यी ऋण नतिरी कसैलाई केही पनि नदिई खान्छ भने त्योभन्दा ठूलो चोर कोही पनि हुँदैन । जन्मको अर्थ यहाँ माताको गर्भबाट बाहिर आउनु होइन । जन्मको अर्थ गर्भाधान हो । गर्भाधानबाट जन्म भएको मानिस अदर्शन दर्शन मात्र गर्भवाहिर आउनु हो । गर्भदेखि लागेको ऋण तिर्न सबैले प्रयत्न गर्नुपर्दछ । यसैमा शङ्कराचार्यको भनाइ छ । *'तैर्देवैर्दत्तान् भोगान् अप्रदायअदत्त्वा'* देवताबाट प्राप्त भोग सामग्री उनीहरूलाई नदिई खाएमा ऋणी हुन्छ ।

उपर्युक्त ऋणत्रयको अपाकरण मध्ये पितृऋण अपाकरणमा विवाह गरेपछि पुत्र हुनु आवश्यक हुन्छ । अन्यथा पितृऋणबाट मुक्त हुन सक्तैन । जस्तै अङ्ग राजाको यज्ञमा देवताहरूले हवि नलिएको प्रसङ्ग छ । मैले आदर र निष्ठाका साथ विधिपूर्वक यज्ञ गरेको छु, पद्धति पनि सही छ भने मेरो यज्ञ देवताहरू किन स्वीकार्दैनन् ? पुत्र नभएकोले भन्ने जबाफ ऋषिहरूले दिएका छन् । मातृऋण पनि पितृऋण भित्रै पर्दछ । त्यसैले पिण्डपितृयज्ञ पिता, पितामह र प्रपितामहको गरिन्छ । माता, पितामही र प्रपितामही तिनै भित्र समाविष्ट हुन्छन् । 'एभ्यो माता गरीयसी' गुरुहरूमा सबैभन्दा ठूली आमा हुन् । त्यसकारण मातृऋण नहुने भन्ने होइन, त्यो पितृऋण भित्र पर्दछ । महाकवि कालिदास भन्दछन् – *'सन्ततिः शुद्धवंश्या हि परत्रेह च शर्मणे'* [१०९] शुद्ध वंशको सन्ततिले यो लोक र परलोक पनि सुध्रन्छ । विवाहित पत्नीबाट जन्मेको पुत्रलाई यहाँ शुद्धवंश भनी सङ्केत गरिएको छ । अर्काकी स्वास्नीबाट जन्मेको सन्ततिबाट परत्र सप्रँदैन । ल्याइतेलाई दासी भनिन्छ । यसरी उपर्युक्त तीन ऋणमध्ये पितृऋण मुक्त हुन विशुद्ध वंशको पुत्र चाहिन्छ । जन्मैदेखि ऋण तिर्ने चेष्टा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जसले गर्दैन त्यो चोर भनी ११ औँ श्लोककै अर्थको पुष्टि यस श्लोकले गरेको छ । ११ औँ श्लोककै अर्थको पुष्टिका लागि यो श्लोक आएको हो भन्ने कुरा 'किञ्च' द्वारा प्रष्ट छ ।

ऋणापाकरणको यो प्रसङ्ग हो । भोगका सामग्रीमा हाम्रो एकरत्ती पनि हक छैन । जुनसुकै सामग्री चाहिए पनि आधिकारिक व्यक्तिको अनुमतिविना लिनुहुँदैन । यही कुरा *'ईशावास्यमिदं सर्वं यत्किञ्चिज्जगत्यां जगत् तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद् धनम्'* [११०] श्रुतिद्वारा निर्दिष्ट छ । *'तैर्दत्तान्'* तिनीहरूले दिएको चीजमात्र ग्रहण गर्नुपर्दछ भन्ने कुरा १२ औँ श्लोकमा आयो भने *'तेन त्यक्तेन भुञ्जीथा'* तिनीहरूले छोडेको वस्तुमात्र खानुपर्दछ । *'मा गृधः कस्यस्विद्धनम्'* कसैको धन ग्रहण गर्नु हुँदैन । घरका अधिष्ठाता शङ्कर हुन् । त्यसलाई वास्तु पनि भनिन्छ । त्यो सर्पको स्वरूपमा बसेको हुन्छ । त्यसैले अहिले पनि नयाँ घर निर्माणमा वास्तुपूजा गर्ने चलन छ । बिहान स्नान संध्यापछि आवश्यक उपचारद्वारा वास्तुपूजा गर्नुपर्छ । जसको आधारमा घर अडेको छ त्यो वास्तु हो । त्यसले थामेको घरमा मेरो भनी बस्नु कति बुद्धिमानी होला ? वास्तवमा घर वास्तुकै हो हाम्रो होइन । सर्परूपी वास्तुले जसरी संसारलाई धानेको छ त्यसै गरी प्रत्येक घरलाई थामेको छ । त्यसकारण वास्तुपूजा आवश्यक छ । तगर्ने चोरै हो । जसले गर्दैन त्यो *'देवादि स्वापहारी'* देवादिको हक अपहरण गर्ने तस्कर हो । यहाँ आदि पदले पितृ, ऋषि, मनुष्यादिलाई पनि लिनसकिन्छ । उनीहरूलाई दिएरमात्र आफूले ग्रहण गर्नुपर्दछ । त्यसो नगर्ने व्यक्ति 'स्तेन एव स' चोर हो । त्यस्तालाई प्रत्यवाय लाग्दछ ।(१२)

(घ) स्मार्तकर्म विशेष :

कस्तालाई प्रत्यवाय लाग्दैन भन्ने कुरा आउन सक्तछ । यही समाधानार्थको शङ्कराचार्यद्वारा सोझै 'यज्ञ इति' प्रतीक आएको छ ।

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते तेत्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

*'सर्वकिल्बिषैः'* यहाँ किल्बिषको अर्थ पाप हुन्छ । *'यज्ञशिष्टाशिनः सर्वकिल्बिषैः मुच्यन्ते'* यज्ञ अवशिष्ट अन्न खाने व्यक्तिहरू सम्पूर्ण पापबाट मुक्त हुन्छन् । 'ये पचन्त्यात्मकारणात् तेत्वघं पाप भुज्जते' जसले आफ्नै पोषणका लागिमात्र खान्छ त्यसले पापै खान्छ । यज्ञको बारेमा विस्तृत विवरण भएकै छ । वृत्तिमा पनि यो निर्भर छ । कस्तो वृत्ति अवलम्बन गर्ने कस्तो नगर्ने ? अथवा भोजन कस्तो गर्ने कस्तो नगर्नेभन्ने बारेमा कुरा गर्न आजकल अप्ठ्यारो छ । कतिपय कुरामा परिस्थितिले पनि अप्ठ्यारो पारेको छ । अहिले गर्न सक्ने कुरा पनि मान्छे गर्दैन । समयक्रमले कतिपय कुरामा ह्रास हुँदै आएको छ । यसबारे शास्त्रमा स्पष्ट छ –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जन्मसंस्कारविद्यादेः शक्तेः स्वाध्यायकर्मणोः ।
ह्रासदर्शनतो ह्रासः सम्प्रदायस्य मीयताम् ॥[१११]

भौतिकरूपमा विकास भएको छ भनिन्छ । अध्यात्मभावमा दिनानुदिन जन्म, संस्कार, विद्याशक्ति, स्वाध्यायकर्म यी यावत् कुराको ह्रास हुँदैछ । सम्प्रदायको ह्रास हुँदैन । ब्रह्माले सृष्टि गर्दा मानसिक प्रजा हुन्थे । त्यसपछि त्यतिखेर जे मन लाग्यो त्यही गर्न थाले । त्यसैगरी *'देशकालादि अव्यवस्था पशुधर्मादिव भूयिष्ठाः'* [११२] अहिले त झन् देश, काल, परिस्थितिको ख्यालै नगरी गाई भैंसीले जस्तै गर्ने चलन आइसकेको छ । यसरी जन्ममा ह्रास हुँदैछ ।

ब्रह्माद्वारा सृष्टि भएका प्रजाहरू पहिले चरुमा संस्कार गर्थे । त्यसपछि क्षेत्रमा संस्कार हुन थाल्यो । क्रमशः संस्कार घट्दै आएर अहिले जातकर्म पनि कसै कसैले मात्र गर्दछन् । यही क्रमको ह्रासले अहिले त झन् गर्भाधानदेखि जातकर्मसम्मका कर्म ११ औँ दिनमा (न्वारानमा) गर्ने चलन आइसकेको छ । *'प्राङ्नाभिपनात् पुंसः जातकर्म विधीयते'* [११३] गर्भबाट जन्मेपछि नाभि छेदन गर्नुभन्दा पहिले जातकर्म संस्कार हुन्छ । नाभि छेदन नभएसम्म सुतक लाग्दैन । त्यसका निम्ति मुहूर्तको अपेक्षा हुँदैन । बालक जन्मेपछि जातकर्म गर्नुपर्दछ । आजकल गर्दैनन् । यसरी संस्कारको ह्रास हुँदैछ ।

यस्तै विद्यामा ह्रास हुँदै छ । पहिले सम्पूर्ण वेदको अध्ययन हुन्थ्यो । त्यसपछि सबै वेद पढ्न छोडी एउटामात्र पढ्न थाले । त्यसपछि एउटा मात्र शाखा षडङ्गपूर्वक पढ्ने चलन आयो । अहिले त झन् षडङ्ग भन्ने थाहै नहुने र कथञ्चित् एउटा शाखामात्र पढेकोलाई वेद पढेको व्यक्ति भनिने चलन छ । यसरी क्रमशः विद्याह्रास हुँदैछ । *'विद्यादेः'* यसमा आदिपदद्वारा वृत्ति लिनुपर्दछ । सबैभन्दा पहिले ऋतवृत्तिका ब्राह्मण हुन्थे । त्यसपछि अमृतवृत्तिका भए । यी दुई वृत्तिका ब्राह्मण अहिले पाउनैसकिँदैन । त्यसपछि मृत, प्रमृत, सत्यानृत, कुसीद हुँदै पशुपाल्य वृत्तिमा पुगेका छन् । यी सबै वृत्तिमध्ये कसलाई के भन्ने बारेमा स्मृति भन्दछ –

ऋतमुञ्छशिलं ज्ञेयम्मृतं स्यादयाचितम् ।–[११४]
मृतन्तु याचितं भैक्ष्यं प्रमृतं कर्षणं स्मृतम् ॥

*'सत्यानृतं तु वाणिज्यं कुसीदञ्च कलान्तरम्'* ऋतवृत्ति सबैभन्दा उत्तम हो । यसमा उञ्छ र शिल वृत्ति पर्दछन् । *'उञ्छः कणश आदानं कणिशाद्यर्जनंशिलम्'* [११५] खेतमा खसेको एकएकओटा गेडा टिपेर निर्वाह गर्नु उञ्छ वृत्ति हो । उञ्छवृत्तिबाट ब्राह्मणहरू शिलवृत्तितिर लागे । भूमिमा खसेको बाला बाला टिपी निर्वाह गर्नु शिलवृत्ति हो । ऋतवृत्तिभित्र पर्ने उञ्छ र शिल मध्ये उञ्छवृत्ति अझ श्रेष्ठ मानिन्छ । ऋतवृत्ति कठिन हुँदा त्यो छोडी ब्राह्मणहरू अमृतवृत्तितिर लागे । नमागेर खानु अमृतवृत्ति हो । कसैले त्यसै केही दिए खाने मागेर नखाने



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ब्राह्मण अमृत वृत्तिका हुन् । श्रद्धापूर्वक प्राप्त ग्रहण गर्नु अमृतवृत्ति हो । मागेर निर्वाह गर्नु मृतवृत्ति हो । यस्तो वृत्ति ग्रहण गर्नु हुँदैन । योभन्दा पनि तल्लो प्रमृतवृत्ति खेतीपाती आदि गर्नु हो । अहिलेको स्थितिमा कथञ्चित् ब्राह्मणले पनि खेती, व्यापार गर्नुहुन्छ तापनि प्रशस्त होइन । वास्तवमा ब्राह्मणको स्वाध्याय वृत्ति हुनुपर्दछ । खेतीपातीमा खनजोत गर्नुपर्दछ । त्यसमा अनन्तप्राणी मर्दछन् । मार्ने काम ब्राह्मणको होइन । त्यस्तै क्षत्रीले पनि बेकाममा प्राणी मार्नुहुँदैन, युद्धमा मार्नु अर्कै कुरा हो । तसर्थ ब्राह्मण र क्षत्रीको यो वृत्ति भए पनि अनन्त प्राणीहिंसा हुनेहुँदा यसलाई प्रमृतवृत्ति अथवा मृतभन्दा पनि तल्लो दर्जाको मानिएको छ । यसै अर्थमा ब्राह्मणले जोत्नु हुँदैन भन्ने कुरा श्रुतिनिर्दष्ठ हो । अहिले प्रायः ब्राह्मणहरू जोत्छन् । यस अर्थमा त प्रमृत पनि वर्ज्य हो । अतः यस्तो वृत्ति प्रमृतवृत्ति नै हो । त्यसैले ब्राह्मणका निमित्त प्रशस्त छैन ।

*'सत्यानृतं तु वाणिज्यं'* व्यापार वाणिज्यवृत्ति हो । यसमा साँचो र झूठो दुवै मिसिएका हुन्छन् । सत्यबाट मात्र व्यापारमा फाइदा छैन, झूठो मात्र धेरै दिन टिक्दैन । त्यसकारण आधा झूठो आधा साँचो काम व्यापारमा हुन्छ । त्यसैले वाणिज्यलाई साँचो र झूठोको सङ्गम सत्यानृतवृत्ति भनिएको हो । व्यापारको काम वैश्यको हो तापनि अहिले ब्राह्मण क्षत्रीले पनि गर्नेगरेका छन् । यस्तै अर्को कुसीदवृत्ति हो । कुसीदको अर्थ व्याजबाट निर्वाह हुनु हो । यसरी क्रमशः वृत्तिमा ह्रास भएको छ । कृषिप्रधान देश नेपालको प्रसङ्गमा भन्नुपर्दा अहिले प्रमृत र सत्यानृतवृत्तिका मान्छे धेरै छन् । यस्तै पशुपाल्यवृत्तिका पनि छन् । यसरी दिनानुदिन जन्मसंस्कार विद्या र वृत्तिको ह्रास हुँदैछ ।

जन्मसंस्कारादिको ह्रास भए जस्तै खाने, पिउने कुरामा ह्रास हुँदैछ । कतिपय गर्नै नहुने कुरा पनि अहिले भैरहेको छ । यसबाट शक्तिको पनि क्रमशः ह्रास हुँदैछ । पहिले ब्राह्मण *'अमृतभुजः – यज्ञशेषभुजः'* यज्ञ गरेर बचेको खान्थे अर्थात् अमृत भोजी थिए । *'ततो विघस भुजः – अतिथिशेष भुजः'* त्यसपछि अन्न खान थाले । यसको अर्थ घरका सबैलाई खुवाएर खान थाले भन्ने हो । घरको मालिकले पहिले खानुहुँदैन भन्ने शास्त्र मर्यादा छ । त्यसैले ब्राह्मण भोजन गराएर भाइहरूलाई खुवाएपछिमात्र युधिष्ठिर भोजन गर्थे भन्ने प्रसङ्ग महाभारतमा छ । यसरी खानेलाई विघस भोजी भनिन्छ भने *'सम्प्रति अघभुजः'* अहिलेका मान्छेहरू अन्न पनि नखाई पाप खान्छन् । ईशाको दशौं शताब्दीका उदयनाचार्यको यो कुरा हो । *'भुञ्जते तेत्वघं पापा ये पचन्त्यात्मकारणात्'* स्वयं भगवान्बाट आएकोले यस किसिमका व्यक्ति भगवान् श्रीकृष्णको समयमा पनि रहेछन् भन्ने बुझ्नु पर्छ ।

यस्तै पहिले अतिथि पनि दुःखसँग मात्र पाइन्थ्यो । त्यसपछि ब्राह्मणको घरमा क्षत्री पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अतिथि हुन थाले । त्यसपछि वैश्य पनि अतिथि हुने गरे । वास्तवमा ब्राह्मणका घरमा क्षत्री र वैश्यलाई अतिथि भनिँदैन, ब्राह्मणमात्र अतिथि हुन्छ । अहिले जस्ता व्यक्ति पनि अतिथि हुन थाले । आफ्नो आचरणमा नबसी जे मनलाग्यो त्यही खाने व्यक्ति वास्तवमा अतिथि होइन ।

*'यज्ञशिष्टासिनः सन्तः'* यहाँ शिष्ट भनेर फल र साधनतांशमा भ्रान्ति नभएकालाई बुझ्नु पर्दछ । *'फलसाधनतांशे भ्रान्तिरहितत्त्वं शिष्टत्वम् ।'* [११६] *'यज्ञशिष्टासिन'*मा यज्ञबाट बचेको कुरालाई यज्ञशिष्ट भनिन्छ । यज्ञशिष्टभोजीहरू सम्पूर्ण पापबाट मुक्त हुन्छन् । यस्तै *'ऋतामृताभ्यां जीवेत मृतेन प्रमृतेन वा'* जीवन निर्वाह गर्नेमा सर्वोत्तम ऋतवृत्ति हो । त्यसपछि क्रमशः अमृत, मृत, प्रमृत, सत्यानृत हुँदै पशुपालनसम्मका वृत्तिका कुरा आएकै छन् । यी वृत्तिहरूमा उत्तरोत्तरभन्दा पूर्वपूर्वका श्रेष्ठ हुन् । ऋतामृत श्रेष्ठ छँदैछन् यी बाहेकका यी वृत्तिहरूबाट जीवन निर्वाह कथञ्चित् गर्नुहुन्छ तापनि श्ववृत्तिद्वारा अर्थात् कुकुरको वृत्तिद्वारा जीवन निर्वाह गर्नुहुँदैन । *'सेवा श्ववृत्तिराख्याता तस्मात् तां परिवर्जयेत् ।'* [११७] चाकडी गर्नु आफूलाई कुकुरको दर्जामा राख्नु हो । तसर्थ त्यस्तो कर्म परित्याग गर्नुपर्दछ ।

यज्ञका निम्ति मकै, कोदो आदिबाट काम चल्दैन, धान, चामल आदि चाहिन्छ भन्ने चलन छ तापनि त्यो कुरा होइन । जहाँ जुन अन्न हुन्छ र जसले जुन अन्न खान्छ त्यसको देवताका लागि पनि त्यही अन्न हुन्छ । *'श्रुतिस्तु खल्वियं सत्या लौकिकी प्रतिभाति मे ।'* [११८] भगवान् रामले वनवास छँदा पितालाई चिउरीको पिण्ड दिएको प्रसङ्ग छ । त्यो देखेर अरूले भगवान् रामजस्ता सम्पूर्ण ऐश्वर्यले सम्पन्न भएकाले पनि आज चिउरीको पिण्ड दिनुपर्‍यो भन्ने कुरा पनि गरेका छन् । रामको राज्यमा ऐश्वर्य थियो, वनमा थिएन । वनमा जुन अन्न आफूले ग्रहण गरेका हुन् त्यही अन्न पितृलाई दिँदा अनुचित होइन शास्त्रसंगत भएको छ भनी ऋषिहरूले भनेका छन् । *'यदन्नः पुरुषो भवति तदन्नास्तस्य देवताः'* पुरुषले जुन अन्न ग्रहण गर्ने हो त्यसका देवताले पनि त्यही अन्न ग्रहण गर्दछन् भन्ने कुरा श्रुतिको छ । आफूले खाने कुरा यज्ञमा पनि प्रयोग हुन्छ । त्यसका लागि छुट्टै अन्न खोज्नुपर्दैन । *'यदन्नः पुरुषोभवति तदन्नास्तस्य देवताः'* यो श्रुतिवचन हो भन्ने कुरा रामायण महाभारतमा आएको छ तापनि अहिले यो श्रुति प्राप्त छैन । विनायज्ञको अन्न ग्राही दोषी हुने प्रसङ्ग हो । हविर्यज्ञसंस्था, पाकयज्ञसंस्था, सोमयज्ञसंस्थाको विवरण भएकै छ । त्यसमध्ये पाकयज्ञ चारओटा हुन्छन् । यसबारे गृह्यसूत्रले दिएको छ –

*'चत्वारः पाकयज्ञाः'* [११९] पाकयज्ञ चारओटा छन् – (१) हुतः (२) अहुतः (३) प्रहुतः (४) प्राशितः । जहाँ होममात्र हुन्छ त्यो हुतयज्ञ सायं प्रातर्होम हो । यो यज्ञ महिलाले पनि गर्नु



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ । हवन नहुने यज्ञ अहुत हो । अहुत यज्ञमा *'स्रस्तरारोहण'* पर्दछ । अर्थात् सन्ध्यावन्दनादि धार्मिककृत्यहरूमा कुन कामका लागि कुन आसनमा बस्ने भन्ने विधान छ । *'पुष्टिकामो वास्ताजीने'* [१२०] पुष्टि चाहनेले बोकाको छालामा बसेर गर्नु पर्दछ । मोक्षःकामीले मृगको छालामा बसेर गर्नुपर्दछ । त्यस्तै राज्याभिषेक गर्दा गोरुको छालामा बसेरै हुन्छ । यसरी प्रत्येक कर्मका लागि आसनको विधान छ । उपनयन संस्कारमा मृगको छाला नभई हुँदैन । त्यसकारण छाला अशुद्ध हुन्छ भन्ने होइन । काग, कुकुर आदिको छाला अशुद्ध भए पनि अरूका छाला प्रायः शुद्ध हुन्छन् । हात्ती, गैँडा, बाख्रा, बोका, गोरु आदिका छाला शुद्ध हुन्छन् । मृगको छाला शुद्ध हो भन्ने कुरा सर्वविदित छ । जुत्ता भनेको वास्तवमा छालाकै हो । प्रस्तरारोहणसम्बन्धी अहुतयज्ञको प्रसङ्गगत कुरा यो हो । यस किसिमको होम नहुने यज्ञ अहुत यज्ञ हो ।

*'यत्र हूयते बलिहरणञ्च'* जहाँ हवन हुन्छ, बलिहरण पनि हुन्छ त्यसलाई प्रहुत भनिन्छ । जस्तै पक्षादि । प्रतिपद्मा हुने इष्टीमा हवन पनि हुन्छ, बलिहरण पनि यज्ञयागादिमा कसैलाई केही कुरा दिनु बलिहरण हो । बलिको अर्थ बोको काट्नु भन्नेमात्र होइन । मनुष्यलाई केही कुरा दिनु पनि बलिहरण हो भने गाईभैँसीलाई घाँस दिनु पनि बलिहरण हो । अर्को प्राशित यज्ञ हो । जहाँ होम र बलिहरणको कुरा नभई खानेमात्र कुरा हुन्छ त्यो प्राशित हो । जस्तै – *'सर्वासां पयसि पायसं श्रपयित्वां ब्राह्मणं भोजयेत्'* दूध जम्मा गरी खीर बनाई ब्राह्मण भोजन गराउनु यज्ञ हो । *'यत्र प्राश्यते न होमो न बलिहरणञ्च'* जहाँ खाने र खुवाउने मात्र काम भई न होम हुन्छ न बलिहरण नै । पाकयज्ञका यी चार भेद गृह्यसूत्रमा छन् । गृह्यसूत्रका यी यज्ञ अनिवार्य गृहस्थीले गर्नै पर्दछ ।

यी चार मात्र यज्ञ छन् कि अरू पनि छन् ? भनेर नबुझ्ने स्थिति आउला कि भन्ने डरले मात्र यो वर्गीकरण भएको हो । सूत्रमा चार वर्गीकरण भए पनि ब्राह्मणमै अर्को प्रसिद्ध यज्ञको कुरा आएकोले यसको वर्गीकरण नभएको हो । ब्राह्मण भागकै कुराको विवरण सूत्रले गर्ने हो तापनि ज्यादै प्रसिद्ध कुराको चर्चा सूत्रमा हुँदैन । त्यो प्रसिद्ध 'ब्रह्मयज्ञ' हो । ब्रह्मयज्ञ क्षत्री र वैश्यले पनि गर्नुहुन्छ । ब्रह्मयज्ञ भनेको स्वाध्याय हो । वेदमा र स्मृतिहरूमा समेत यस यज्ञको चर्चा भएको छ । वास्तवमा वेद पढ्नेले ब्राह्मणभाग पनि पढेको हुनुपर्दछ । अन्यथा वेद पढ्नुमा पूर्णता हुँदैन । स्वाध्यायभित्र पढ्ने पढाउने कुरा आउँछ । असल विद्यार्थी पाएमा पढाउनुमा अझ उत्कर्षता छ । त्यसैले दशहजज्जार विद्यार्थीलाई आफ्नै खर्चमा खाने र बस्ने व्यवस्था गरी पढाउनेलाई कुलपति भनिन्थ्यो । अहिले विश्वविद्यालयको प्रमुखलाई कुलपति भनिन्छ । अहिले कुलपति, उपकुलपति पद



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सरकारी नियुक्तिमा सीमित छ । वास्तवमा जसले न्यूनतम दशहज्जार विद्यार्थीलाई खाने र बस्ने व्यवस्था गरी पढाउँथे । कश्यप, कण्ड्वजस्ता ऋषिहरू कुलपति थिए । लौकिक समृद्धिका लागिमात्र उनीहरूले दशहज्जार विद्यार्थीलाई भोजन र आवास दिई पढाएका थिएनन् आत्मशुद्धिकै लागि त्यसो गरेका हुन् । पढाउने कुराको अतिशय महत्ता छ ।

पढाउनु ब्रह्मदान हो । दान पनि अनेक किसिमका हुन्छन् तापनि *'सर्वेषामेव दानानां ब्रह्मदानं विशिष्यते'* [१२१] सम्पूर्ण दानहरूमा महत्त्वशाली ब्रह्मदान हो । ब्रह्मदान सबैभन्दा विशिष्ट छ भन्नेमा प्रमाण छ –

सर्वधर्ममयं ब्रह्म प्रदानेभ्योऽधिकं यत
तत्सत्समवाप्नोति ब्रह्मलोकमविच्युतम् ।-[१२२]

*'सर्वम धर्ममयं ब्रह्म'* यहाँ प्राचुर्यार्थमा मयट् प्रत्यय भएको छ । ब्रह्म भनेर वेद वा वेदानुसारी शास्त्र लिइन्छन् र शास्त्र सर्वधर्ममय छ । शास्त्र पढेपछि लौकिक र अलौकिक कुरा अवगत हुन्छ । सर्वधर्ममय भएकोले ब्रह्मदानलाई सर्वोत्तम मानिएको छ । यस्तो दान दिने व्यक्ति कहिल्यै पनि समाप्त नहुने ब्रह्मलोकमा पुग्दछ अर्थात् मुक्त हुन्छ । यसरी दान दिएर कसको मुक्ति भयो भन्नेमा प्रमाण छ–

सत्कृतश्च तथात्रेयः शिष्येभ्यो ब्रह्मनिर्गुणम् ।
उपादिश्य तथा राजन् गतो लोकाननुत्तमान् ॥-[१२३]

सत्कर्मपूर्वक आत्रेयले आफ्ना शिष्यहरूलाई निर्गुणब्रह्मको उपदेश गरी कहिल्यै पनि नफर्किने लोकमा पुगेका छन् अथवा मुक्त भएका छन् । त्यसकारण यति महत्त्वशाली ब्रह्मयज्ञको बारेमा सूत्रकारले चर्चा नगरे पनि यज्ञ पाँचओटा सिद्ध हुन्छन् । अरू चार यज्ञभन्दा यो ज्यादै प्रसिद्ध र महत्त्वपूर्ण भएकोले सूत्रकारले पाँच यज्ञ हुन्छन् भनी आफूले चर्चा गर्दा यसको महत्ता घट्ला कि भन्ने डरले सूत्रकारले यसको चर्चै गरेनन् । यी पाँचवटै यज्ञ गरी बाँकी रहेको अन्न भोजन गर्ने व्यक्ति सम्पूर्ण पापबाट मुक्त हुन्छ । *'यज्ञशिष्टाशिनः सन्तः'* इत्यादिबाट यही कुरा आएको छ । यस अर्थमा अन्नबाट मात्र यज्ञ हुन्छ भन्न मिलेन स्वाध्यायबाट पनि यज्ञ हुन्छ तर ट्यूशनबाट यज्ञ हुँदैन । ट्यूशनले विद्याको ओजस्विता समाप्त हुन्छ । तसर्थ ट्यूशन ब्रह्मदानमा लिन मिल्दैन । ट्यूशनको रूपमा पढ्ने, पढाउने व्यक्तिको विद्यामा बलवत्ता रहँदैन । निर्बन्ध रूपमा ट्यूशन गर्नुलाई व्यापारभन्दा पनि तल्लो श्रेणीको मानिएको छ । व्यापार भन्ने सत्यानृत हो भने यो अनृत मात्र हो । विद्यादान सर्वोत्तम हुँदा हुँदै पनि ट्यूशनलाई निकृष्ट मानिएको छ ।

यी पाँच दानमध्ये जसलाई जे आवश्यक परेको छ र जोसँग जे छ त्यो श्रद्धापूर्वक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दिनुपर्दछ । दान पनि सत्पात्रमा दिनुपर्दछ । विद्वान् भएर पनि अधिकारीमा विद्या दान नदिए के दोष लाग्दछ ? भन्ने सम्बन्धमा ऋग्वेदमा आएको छ । जस्तै– *'वदन्ब्रह्माऽवदतो वनीयान्'* [१२४] छ । अर्थात् विद्या जानेर नभन्नु भन्दा चाहिने ठाउँमा भन्नु श्रेष्ठ हो । विद्या जानेर पनि त्यसको प्रयोग पैसामा गरेमा बलवत्ता समाप्त हुन्छ । यस्तै *'अस्मीति नापन्हुवीत'* [१२५] छान्दोग्योपनिषद्मा आएको छ । आध्यात्मिक, आधिभौतिक र आधिदैविक तीन किसिमका विद्यामध्ये कसैले केही जान्ने चाहना गरेमा जान्नेले जानेको छैन भनी लुकाउनु हुँदैन, बताउनु पर्दछ । जानेको कुरा लुकाईराख्दा विद्या बढ्ने होइन घट्दछ । त्यसैले *'व्यये कृते वर्धत एव नित्यम्'* भनिएको हो । जानेको कुरा भन्नुपर्दछ भन्ने वेदमा छ भने जानेको कुरा लुकाउनु हुँदैन भन्ने उपनिषद्मा छ । अतः लुकाएमा दोष लाग्ने कुरा स्वतः स्पष्ट हुन्छ । त्यसकारण सबैले योग्यतानुसार यज्ञ गर्नुपर्दछ । अरू यज्ञ गर्ने योग्यता पुग्दैन भने पनि घरमै बसी स्वाध्याय गर्न अवश्य सक्तछ । त्यस्तै अरू केही गर्न नसके पनि पितृलाई पानी दिन सक्तछ । आफू भोजन गर्न सक्तछ भने एकमुठी अन्न दान गर्न पनि सक्तछ । दान गरी शेष रहेको वस्तु उपभोग गर्दा प्रत्यवाय लाग्दैन ।

यी पाँच किसिमकै यज्ञको ख्यालै नगरी खाने व्यक्तिले पाप नै खाएको हुन्छ । *'भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात्'* बाट यही कुरा आएको छ । हुतादिपञ्चयज्ञ संन्यासी बाहेक प्रायः सबैले गर्नुपर्दछ । प्रवाहरूपमा आएका पाँचओटा ठूला यज्ञ हुन् । गृहस्थीले मात्र गर्नुपर्ने साना पाँचओटा यज्ञ छन् ।

पञ्चसूना गृहस्थस्य चुल्लीपेषण्युपस्करः ।
कण्डनी चोदकुम्भश्च बध्यते यस्तु वाहनम् ॥–[१२६]

गृहस्थका प्राणीहिंसा हुने ठाउँ पाँचओटा हुन्छन्, चुल्ली – चुलो, पेषणी – सिलौटो, उपस्करः – कुचो, कण्डनी – ढिकी, जाँतो, उदकुम्भ – गग्रेटो अथवा पानी राख्ने ठाउँ । यी पाँचवटै ठाउँमा प्राणीहिंसा हुन्छ । यी पाँच ठाउँबाट हुने हिंसा दोषनिवारणका लागि गृहस्थले पञ्च महायज्ञ बिहान गर्नुपर्दछ । यो नगरी पाकशुद्धि हुँदैन । ढिकीजाँतो, गग्रेटो, भान्छा, चुलो, कुचो यी सबै चीज बिहान सफा गर्नुपर्दछ । स्नान, सन्ध्यादि जस्तो घरका सबैले पञ्चमहायज्ञ गर्नु पर्दैन, एउटाले गरे पुग्दछ । उपर्युक्त पाँच ठाउँमा जानेर अथवा नजानेर पनि हरेक दिन प्राणी बध हुन्छ । यसैमा शङ्कराचार्य भन्नुहुन्छ –

*'सर्वकिल्बिषैः सर्वपापैः चुल्यादि पञ्चसूनाकृतैः प्रमादकृतहिंसाजनितैश्चान्यैः'* विचार नपुऱ्याई हिड्नुलाई यहाँ प्रमाद भनिएको हो । त्यसरी हिंड्दा हिंसा हुने कुरा स्पष्ट छ । कथञ्चित् हिंसा भएको छ भने देवयज्ञ आदि पञ्चमहायज्ञबाट हिंसा जनित पाप नाश हुन्छ । त्यसकारण



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गृहस्थीले यी पाँच यज्ञ अनिवार्य गर्नुपर्दछ भन्ने कुरा शंकराचार्यले पनि स्पष्ट गर्नुभएको छ । ती पाँचयज्ञ देवयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ, भूतयज्ञ र ब्रह्मयज्ञ हुन् । होम गर्नु देवयज्ञ हो । तर्पण गर्नु पितृयज्ञ हो भन्ने कुरा मनुस्मृतिले दिएको छ तापनि तर्पणबाट मात्र पितृयज्ञ गतार्थ हुँदैन । पाकयज्ञ, हविर्यज्ञ र सोमयज्ञको पूर्वाङ्गमा पनि पितृयज्ञ हुन्छ । पितृको नाममा अन्नदान गर्नु पनि पितृयज्ञ हो । मान्छेबाहेकलाई केही दिनु भूतयज्ञ हो । ब्रह्मयज्ञ भनेको स्वाध्याय हो । यसको विवरण भएकै छ । यी पाँचलाई महायज्ञ भन्नुको तात्पर्य गृहस्थीले अनिवार्य गर्नुपर्दछ भन्ने संकेत हो ।

*'पञ्चैवमहायज्ञाः'*[-१२७] भनेर उपर्युक्त पञ्चमहायज्ञको विवरण श्रुतिले गरेको छ । जसले पञ्चमहायज्ञको ख्यालै नगरी आफ्ना लागि मात्र भोजन तयार गर्दछ वास्तवमा *'अघं स केवलं भुङ्क्ते'* त्यसले पाप मात्र खान्छ, अन्न खाएको हुँदैन । यज्ञभन्दा पहिले स्नान गर्नुपर्छ । स्नान यज्ञभित्र पर्दैन, त्यो यज्ञको अङ्ग हो । शरीरका तीन कोटी रौँका फेदबाट विकृतिरूप मयल बाहिर निस्कन्छ । त्यसैले शरीर अशुद्ध हुन्छ । त्यो नपखाली सन्ध्या, पूजा गर्नु हुँदैन । शरीरशुद्धिरूप दृष्टफल छँदाछँदै स्नानबाट धर्म हुन्छ भनी अदृष्ट कल्पना गर्नु हुँदैन *'सम्भवति दृष्टफलकत्वेऽदृष्टफलकल्पनाया अन्याय्यत्वात्'* [-१२८] भन्ने छ ।

स्नान गर्ने पनि विधि छ । सामान्यतया शरीरको स्थिति हेरी तातो पानीले पनि स्नान गर्न सकिन्छ । विशेषतः रविसंक्रान्ति, श्राद्ध, आशोच, व्रत र आफ्नो जन्मदिनमा तातो पानीले नुहाउँनहुँदैन । अन्य दिन प्रायः तातो पानीले नुहाए पनि हुन्छ । प्रातः स्नान सबैका निमित्त अनिवार्य हो तर कोही अशक्त छ, भने रुमाल भिजाएर शरीर पुछे पनि हुन्छ । स्नानकै प्रसङ्गमा भन्नुपर्दा रात्रिवस्त्र लगाई स्नान गर्नु हुँदैन । चोखो वस्त्र लगाउने नियम महिला, पुरुष दुबैमा लागू हुन्छ । स्नान गर्दा वेदका मन्त्र प्रयोग हुन्छन् । वेद नपढ्नेले पनि स्मृतिका मन्त्र प्रयोग गर्दछन् । अशुद्ध वस्त्र लगाई गण्डकी, कोशी आदि नदीमा प्रवेश गर्नु पनि हुँदैन । साँच्चै भन्नुपर्दा कट्टु लगाई स्नान गर्नु पनि हुँदैन । सन्ध्यावन्दन, पूजा पाठादिमा यो प्रयोग गर्ने कुरै भएन । नुहाउनुको दृष्टप्रयोजन मयल फाल्नु हो तापनि मन्त्रपूर्वक गरेको स्नानले अतिशय आर्जन पनि गर्दछ । स्नान गरेपछि मात्र सन्ध्यावन्दन यज्ञयागादि गर्ने अधिकार हुन्छ ।

*'कायमाधेयशौचत्वात् पण्डिता ह्यशुचिं विदुः'*[-१२९] शरीर अशुद्ध हो तापनि स्नान शरीरको आधेय हो । आधेयरूप स्नानले पनि बाहिरी रूपका मलापकर्षण भई बुद्धि निर्मल गर्नेसम्मको काममा सहयोग गर्दछ । तसर्थ मन्त्रपूर्वक गरिने स्नानमा अशुद्ध वस्त्र प्रयोग गर्नु हुँदैन । स्नानोत्तर सूर्यलाई अर्घ्य दिइन्छ । सूर्यार्घ्यका निम्ति सूर्योदय हुनुपर्दछ भन्ने छैन ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'उदिते जुहोति, अनुदिते जुहोति'* भन्ने दुई कल्प यसमा प्रसिद्ध छन्। दुईघण्टा भन्दा बढी रात बाँकी छ भने स्नान गर्नुहुदैन। रातको दोस्रो र तेस्रो प्रहर राक्षसी वेला हो। राक्षसी वेलामा नदीमा पस्नु हुँदैन। रातमा स्नान गर्दा नन्दराजलाई वरुणका दूतहरूले यमुनाबाट उठाई लगेको प्रसङ्ग छ। यस्तै रातमा हिँड्दामात्र पनि गन्धर्वका राजा चित्ररथले अर्जुनलाई समातेको प्रसङ्ग महाभारतमा छ। रातमा राक्षसको पूर्ण अधिकार जलमा हुन्छ। तसर्थ दोस्रो र तेस्रो प्रहरमा जल छुनैहुँदैन। हिड्नै परेमा ब्राह्मण साथ हुनु अनिवार्य छ भनी चित्ररथले अर्जुनलाई उपदेश गरेका छन्। यसबाट रातको स्नानको के कुरा रातमा हिड्नु पनि हुँदैन भन्ने बुझ्नु पर्दछ।

गङ्गासागर र प्रयागमा भने रातमा हुँदैन भन्ने छैन। जुनबेला पुग्यो त्यही बेला स्नान गर्न हुन्छ। गङ्गासागरमा पनि सकेसम्म बिहानै स्नान गर्नुपर्दछ, प्रयागमा भने जुनबेला पुग्यो त्यही बेला गरे पनि हुन्छ। प्रयाग स्नानको विशेष विधान छ। अन्यत्र भने रातको तेस्रो प्रहरमा स्नान गर्नुहुँदैन। यसरी विधिपूर्वक स्नान गरेपछि यज्ञ यागादि गर्ने अधिकार हुन्छ।

स्नानपछि ब्रह्मयज्ञ गर्नुपर्दछ। त्यसपछि पहिले यही यज्ञ गर्नुपर्दछ भन्ने बन्देज छैन, जुन गरेपनि हुन्छ। न्यायपूर्वक नै कमाएको धन भए पनि पाकशुद्धिका लागि पञ्चमहायज्ञ गर्नु आवश्यक छ। पञ्चमहायज्ञ स्तुतिका लागि भगवान्ले यो कुरा दिनु भएको छ। पञ्चमहायज्ञद्वारा पाकशुद्धि भैसकेपछि खानुभन्दा पहिले दान गर्नु पर्दछ। दान पनि पक्वान्नकै हुन्छ। *'ओदनो वै चरुर्भवति'* -[१३०] यज्ञमा चरुका निम्ति भातकै विधान छ। श्राद्धमा पनि भातकै सिदा हुनुपर्ने हो तापनि चामलद्वारा गरिने चलन अनुकल्प हो। दान गरिसकेपछि भोजन गर्नुपर्दछ। भोजनगर्दा ब्राह्मणले चतुष्कोण, क्षत्रीले त्रिकोण र वैश्यले गोलो हुने गरी छेक्नुपर्दछ। त्यसपछि ब्राह्मण, क्षत्री, वैश्य सबैले खाने अन्नको मन्त्रपूर्वक अभिमन्त्रण गर्नुपर्दछ। त्यसपछि अन्नलाई मन्त्रद्वारा सेचन गर्नुपर्दछ। सेचनपछि शुद्ध, खान लायक हुन्छ। घिउ, अथवा दही दूधमा मुछी भूमिमा मन्त्रपूर्वक चढाउनु पर्दछ। त्यसलाई बलिहरण भनिन्छ। अनि पञ्चगाँस खाने विधान छ। यी सबै बलिहरण हुन्। यसपछिमात्र भोजन गरिन्छ र गर्नुपर्दछ। प्रोक्षण वा अभ्युक्षण पूर्वक आचमन गरी भोजन गर्ने र अन्तमा पनि आचमन गर्नुपर्दछ अन्यथा अन्न नाङ्गो हुन्छ भन्ने कुरा छ। अन्न नाङ्गो पार्नुहुँदैन। भोजनको शुरु र अन्तको आचमन अन्नको लुगा हो। भोजन शुरु गर्नुभन्दा अगाडि आचमन गर्ने मन्त्र – *'अमृतोपस्तरणमसि स्वाहा'* हो र भोजन गरिसकेपछि आचमन गर्ने मन्त्र – *'अमृतापिधानमसि स्वाहा'* हो। भोजनको सामान्य विधि यही हो। यो सबैले गर्नुपर्दछ।

उपर्युक्त क्रिया नगरी जसले खान्छ त्यसले 'अघं सः केवलं भुङ्क्ते' पापमात्र खाएको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ । अन्न कति हुन्छन् भन्ने जान्नु आवश्यक छ । धान, मकै, जौ गहुँ आदि अन्नत्वेन एकै हुन् । अन्न सात किसिमका हुन्छन् । प्रजापतिले शुरुमा सातओटा अन्नको सृष्टि गरे । त्यसपछि अन्नभोजी प्राणीको सृष्टि गरे । *'यत्सप्तान्नानि मेधया तपसा जनयत् पिता, एकमस्य साधारणं द्वे देवानभाजयत् । पशुभ्य एकं प्रायच्छत् त्रीणि आत्मने अकुरुत ॥'* -[१३१] अन्नहरूमध्ये पहिलो साधारण अन्न हो । साधारणको अर्थ यसका लागि भनी तोकिएको छैन, सबैका लागि हो । अरू अन्न तोकिएका छन् । सात मध्ये स्वाहाकार र वषट्कार भनी देवतालाई दिइनेहुँदा त्यो देवताको अन्न हो । त्यस्तै पितृका लागि एउटा अन्न भाग लगाए, त्यो स्वधा हो । अर्को एउटा पशुका लागि बनाए, त्यो दूध हो । गाउँले सात र जङ्गली सात गरी १४ किसिमका पशु हुन्छन् । त्यसमा मान्छे पनि पर्दछ । मान्छे र पशुको अन्न दूध हो । त्यसैले जन्मनासाथ चौधै किसिमका पशुलाई दूधको आवश्यकता पर्दछ ।

यावत्सांसारिक प्राणीको जन्म प्रयोजनविना भएको छैन । तत्त्वजिज्ञासा जीवनको प्रयोजन हो । तत्त्वजिज्ञासाकै निम्ति बाँच्नुपर्दछ । ज्ञान भइसकेपछि तत्त्वजिज्ञासा समाप्त हुन्छ । जिज्ञासा भनेको वृत्तिविशेष हो, ज्ञाननिष्ठा भइसकेपछि त्यो समाप्त हुने स्पष्ट छ । यस अर्थमा अन्न खानु त्योभन्दा माथिल्लो नखाने स्थानमा पुग्न हो । त्यसलाई उपेक्षा गर्नु हुँदैन । *'न आयुषः पुरा प्रेयात्'* -[१३२] आयु बाँकी छँदैमा आत्महत्या गर्ने प्रयास गर्नुहुँदैन । यो कुरा श्रुतिले बताएको छ । आयु भएसम्म तत्त्व जिज्ञासाका लागि अन्न ग्रहण गर्नु आवश्यक छ । हामीले ग्रहण गर्ने अन्न छोड्नैका लागि हो । मनुष्यले दिएकै हविग्रहण गर्ने देवता पनि वास्तवमा पशु हुन् । पशुकै दर्जाका हुन् तापनि मनुष्यादि पशुभन्दा माथिल्ला मानिन्छन् । मनुष्यले अन्न रूपमा गाई, भैंसी र बाख्राको दूध लिन सक्तछन । खासगरी गाई, भैंसी, बाख्रा पाल्ने दूधकै लागि हो । हामी पशुबाट दूध दुहुन्छौं भने हामीबाट देवताले हविः दुहुन्छन् । अर्थात् वषट् स्वाहा भनी दिएको हवि देवताले ग्रहण गर्दछन् । पशुभाव समाप्त भैसकेकाले दूध खानु पर्दैन ।

मन, वचन र प्राण आत्माका अन्न हुन् । किनभने प्राणीविशिष्टलाई मान्छे भन्ने लोकस्थिति छ । प्राणीको प्राण आयतनको रूपमा हुन्छ भने मन, वचन, आधेय रूपमा । जुनसुकै पनि कर्म वचनको आधारमा हुन्छ । *'अकारो एवै सर्वावाक्'* -[१३३] अकार सम्पूर्ण वचन हो । त्यसैमा सारा वेद निहित छन् । वचन वेद हो । वेदविहित कर्म गर्नु अपरिहार्य छ । वेदविहित कर्मबाट वुद्धि निर्मल हुन्छ । त्यसपछि अखण्डवृत्ति । आत्मामा मिलेपछि खानेकुराको आवश्यकता पर्दैन ।

धान, मकै, गहुँ, जौ, कोदो आदि साधारण अन्न हुन् । साधारणको अर्थ सर्वत्र मिलनु हो भने असाधारणको अर्थ अन्यत्र कतै पनि नमिल्नु हो । सबैका लागि मिल्ने साधारण



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अन्नलाई जसले असाधारणीकरण गर्दछ त्यो चोर हो, त्यस्तालाई दण्ड दिनु पर्दछ । ऋग्वेद यसरी आएको छ – *'मोघमन्नं विन्दतेऽप्रकेताः सत्यं ब्रवीमि बध इत्सतस्य नार्यमणं पुष्यति नो सखायम्, केवलाघो भवति केवलादी'*-१३४ साधारण अन्नलाई असाधारणीकरण गर्ने महामूर्ख हो । साधारण अन्नलाई असाधारण गर्नेले आफ्नो अनिष्ट आफैँ डाक्यो अर्थात् आफैँलाई माऱ्यो । त्यस्ताले देवता पितृ आदि कसैको पनि आदर गर्न जानेन । कसैमा सखिभाव राखेन, केवल खानेमात्र काम गर्दछभने त्यसले पापमात्र खाएको हुन्छ । ऋग्वेदका साथै ब्राह्मणमा पनि यो कुरा छ ।

सात मध्ये 'एकमस्य साधारणम्' एउटा साधारण अन्न हो । 'धारणे समानता यत्र इति साधारणम्' सबैको बराबर अधिकार भएको हो । एकमस्य साधारणमित्यादि मन्त्रको विवरण ब्राह्मणले गरेको छ – *'इदमेवास्य यत्साधारणमन्नं यदिदमद्यते स य एतदुपास्ते न स पाप्मनो व्यावर्तते मिश्रं ह्येतत्'* -१३५ यो साधारण अन्न मिश्र अन्न अर्थात् सबैको अधिकार मिसिएको अन्न हो । एउटाले मात्र प्रयोग गर्न मिल्दैन । यस्तो हुँदाहुँदै पनि एक्लै प्रयोग गर्दछभने पतनहेतुरूप पापद्वारा मुक्त हुनसक्तैन । प्राणीमात्रले खाने अन्न एक्लै खानुहुँदैन । यो मिश्र अन्न केही प्राणीले काँचै खान्छन् भने मनुष्यले पकाएर खान्छन् । मिश्रान्नको पाक पनि दुई प्रकारले हुन्छ । वायु र तेजको संयोगद्वारा पनि अन्न पाक्दछ । त्यस पाकबाट मात्र नपुगेर आगोमै पकाएर खाने चलन छ । खेतबारीमा पाकेको धान मकै घरमा ल्याई चामल, पिठो आदि बनाई पकाएर खाइन्छन् । मान्छेले अग्निसंयोगद्वारा पाकेको अन्न प्रयोग गर्दछ । मान्छेले काँचै खाने आँप, अम्बा आदि देवतालाई पनि त्यसै दिनहुन्छ । स्याउ, सुन्तला, आँप आदिको तेजसंयोगद्वारा पाक भैसकेको हुन्छ । फेरि अग्निमा संयोगद्वारा पकाइरहनुपर्दैन तर जुन अन्न मान्छेले पकाएर खान्छ त्यो अन्न देवतालाई पनि पकाएरमात्र दिनु पर्दछ ।

अन्न पकाउँदछ, जहाँ त्यहाँ पकाउने अग्नि हो भने पाक्ने अन्न हो । अग्नि र अन्नको संयोगविशेष पाक्नु हो । *'अन्नमुच्छ्रीः'* -१३६ अन्न भनेको श्री हो । श्रीभगवानुवाचको श्री कै अर्थ यहाँको श्रीले दिन्छ । *'महदुक्थं श्रीः'* -१३७ सबैभन्दा ठूलो उक्थम्-प्राण श्री हो । 'प्राणस्य प्राणमुत चक्षुषश्चक्षुः'-१३८ प्राणको पनि प्राण अथवा जसको आधारमा प्राण अडेको छ त्यसैलाई सबैभन्दा ठूलो प्राण भनिन्छ । यसबारे मण्डलब्राह्मणमा *'अन्ने माति अपश्रितत: रसानां संक्षरेऽमृतम्'* -१३९ रस ब्रह्म हो । त्यो रस बुद्धिसम्म पुगदछ । अमृतत्व सम्पादनको साधन रस भएकोले यसलाई पनि अमृत भनिन्छ । अमृतरूप साधारण अन्नलाई अर्काको अधिकार हनन हुनेगरी असाधारण तरीकाले प्रयोग गर्नु हुँदैन ।

अन्नमा पहिलो अधिकार कसको छ भन्नेमा *'देवा उवा अग्रे अथ मनुष्यास्तस्मादग्नौ*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*हुत्वा अथ भक्षयति'* -१४० श्रुति छ । अन्नमा पहिलो अधिकार देवताकै हुन्छ । त्यसपछि दोस्रो अधिकार मनुष्यको हुन्छ । तसर्थ पहिलो अधिकार भएका देवतालाई दिएर अर्थात् अग्निमा हवन गरेरमात्र खानुपर्दछ । अग्नि पाएसम्म अग्निमा हवन गर्नुपर्दछ अन्यथा जलमा गरेपनि हुन्छ । दुवैको अभावमा सुवर्णमा गर्ने पनि विधान छ ।

सुवर्ण अग्निमै गनिन्छ । किनभने *'नवा अनग्नावाहुतिर्हूयते अग्निरेतसं वै हिरण्यं तथो हास्यैषाग्निमत्येवाहुतिर्हुता भवति'* -१४१ श्रुति छ । *'अग्न्यभावे च कुरुते वह्निस्थानेषु काञ्चवनम्'* -१४२ उक्त श्रुत्यर्थपोषक स्मृति पनि देखिन्छ । त्यसैले *'सुवर्णं धार्यम्'* -१४३ सुनको अंगुठी लगाउनुपर्दछ भन्ने चलन पनि शास्त्र मूलकै देखिन्छ । कुशभन्दा पनि सुन श्रेष्ठ भन्ने छ । अग्निमा कथञ्चित् त्रुटि भए विशेष परिस्थितिमा त्यसबाट हुने दोषको शमन सुनले गर्दछ । भोजन गर्नुभन्दा पहिले भूमिमा चढाएको अन्न अग्निकै लागि हो । त्यस्तै भोजनपहिले खाइने पञ्च गाँस पनि अग्निकै लागि हो । देवतार्थहवि अग्निमै हवन गरिन्छ । अतः हवन गरेर मात्र भोजन गर्नुपर्दछ ।

आत्मा अग्नि हो । आत्माले पहिले अग्नि देखेको हुन्छ । त्यसैले आत्मा र अग्नि रसरूपमा शरीरमा विचरण गरिरहेका हुन्छन् । यसैमा *'अग्निमेव पश्यन्त्यात्मा ह्यग्निस्तदेनमेते उभे रसो भूत्वा अपीत'* -१४४ श्रुति छ । तसर्थ पहिले अग्निमै हवन गर्नुपर्दछ । अन्यथा आफ्ना निम्ति आवश्यक रस पनि हुन सक्तैन । यसबारे स्मृतिः–

देवतातिथिभृत्यानां पितृणामात्मनश्चयः ।
न निर्वपति पञ्चानामुच्छ्वसन् न स जीवति ॥ -१४५

योग्यताले भ्याएसम्म देवता, अतिथि, भृत्य, पितृलाई विधिअनुसार दिनुपर्दछ । आफूले पनि ग्रहण गर्नुपर्दछ । धन हुँदाहुँदै देवता, अतिथि, भृत्य र पितृलाई दिँदैन र आफैँ पनि ग्रहण गर्दैन भने त्यो जीउँदो मुर्दा हो । देवताहरू प्रभावशाली छन्, उनीहरूलाई खुशी पार्नु मनुष्यधर्म हो । देवताहरू खुशी भएपछि मनुष्यको इच्छा पूर्ति हुन्छ । तसर्थ यज्ञ गर्नुपर्दछ । यही कुरा *'अमृतमुवा अग्निः श्रीर्देवाः'* -१४६ यो वेदवचनद्वारा बुझिन्छ । अमृत अग्नि हो भने श्री देवता हो । अमृतरूप अग्निद्वारा श्रीरूप देवतासम्म यावत् चीज पुग्ने हुनाले अग्निमा हवन गर्नु अपरिहार्य छ । देवता, अतिथि, भृत्य, पितृलाई दिनुभनेको हवन हो । यतिमात्र गरेर भए पनि अन्न खानयोग्य हुन्छ । मनुष्य भएर यति पनि गर्दैनभने त्यसलाई पापै खाने भने हुन्छ ।

यसै प्रसङ्गमा ऋक् मन्त्र छ – *'त्वं ह्यग्नेऽग्निना विप्रो विप्रेण सन्त्सता'* -१४७ इत्यादि । अग्निसंस्कारकै आधारमा विप्र–ब्राह्मण, क्षत्री, वैश्य भएका छन् । अग्नि यी सबैको आधार भएकोले यसको अवहेलना कसैले गर्नुहुँदैन । संसारका यावत्प्राणी, जातिपाति पनि अग्निकै



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आधारमा चलेको छ। विप्रले अग्निको परिचरण गर्नुपर्दछ। त्यसैबाट अग्नि प्रसन्न हुन्छन्। वास्तवमा अग्नि र विप्रमा मित्रभाव छ। यस्तो अग्निको परिचरण नगर्ने मित्रघाती हो। सबैभन्दा ठूलो कृतघ्न मित्रघाती हुन्छ। त्यसकारण अग्निपरिचरण अनिवार्य छ। किनभने *'सखा सख्या समिध्यसे'* साथीको सहयोग साथीले गर्नुपर्दछ। यतिमात्र होइन *'अग्निर्वै पथिकृत् यथामपि नेता स एवैनां यज्ञपथमपि नयति'* -१४८ हामीले हिँड्ने बाटो बनाइदिने पनि अग्निले हो। यहाँ बाटो भनेर संस्काररूपी बाटो सम्झनु पर्दछ। अग्नि आत्मा हो आत्मा अग्नि भन्ने कुरा पहिले यहाँ अग्नि भनेर आत्मालाई पनि लिन सकिन्छ। बाटो बनाउने काम गर्ने अग्नि बाटोको नेता पनि हो अर्थात् खनेको बाटोमा हिँडाउन पनि अग्नि अग्रसर छ। यसै अग्निले यज्ञ कसरी गर्नुपर्दछ भन्ने उपदेश गर्छ। यस्तो सर्वोपकारक अग्निको पनि वास्ता नगरी जसले खान्छ त्यसले 'अघं स केवलं भुङ्क्ते' पापमात्र खान्छ।

अग्निमा संस्काररहित अन्नको प्रयोग निषेध छैन तापनि प्रशस्ति पनि छैन। देवता मनुष्यमा पक्वान्न कै प्रयोग हुन्छ। देवताका लागि घ्यू, जौ, तिल मिसाई आगोमा सेकाएर हवन गर्ने चलन छ तापनि त्यसमा पूर्णता छैन। काँचो अन्न हवन गर्ने विधि देखिँदैन। पक्वान्न नै हवन गर्नुपर्दछ। श्रुति छ– *'तदग्निनापचत् तदेनममृतमकरोत् एतद् वै अमृतं हविर्भवति यदग्निना पचन्ति'* -१४९ मनुष्य वा देवताको हविलाई ऋत्विक् वा यजमानले अग्निमा पकाए, किनभने पाकेपछि अन्न अमृत हुन्छ। अग्निद्वारा पाकेको अमृतभावमा पुगेको अन्न 'हविर्भवति' हवि हुन्छ। त्यसकारण यावद् हवि अग्निमा पकाएकै हुनुपर्दछ भन्ने कुरा विहित छ, तोकिएको छ। अग्निमा सेकाएर हवन गर्ने भन्ने अनुकल्प छैन। *'शृतं हि देवानां हविर्भवति नाशृतम्'* -१५० पक्वान्न देवताको हवि हुन्छ, काँचो हुँदैन।

अन्नलाई अमृत भावमा निष्पन्न गरी भोजन, हवन गर्नु पर्दछ। महाभारतमा पनि यसबारे विवरण छ। *'योऽर्चितो विविधैर्मन्त्रैः हव्यं वहति देहिनाम्'* -१५१

देही भनेर यहाँ प्राणीमात्रको सङ्केत छ। हवन गर्न मनुष्य इतर प्राणीले सक्तैनन् तापनि हविग्रहण गर्न सक्छन्। 'हूयत इति हविः' जे हवन गरिन्छ त्यो हवि हो। हवन अग्निमा हुन्छ, अग्निमा पनि व्यापक स्वरूप छन्। खानु पनि हवन नै हो। यावत्प्राणीलाई दिनु, रुखविरुवामा पानी हाल्नु पनि हवन हो। हविद्वारा अग्निको आराधना हुन्छ। मन्त्रद्वारा अर्चित अग्निले प्राणीमात्रको हव्य वहन गर्दछ। स्वर्गमा देवतालाई हवि वायुका माध्यमले आफैँ लगिदिन्छ, बुद्धिवृत्तिसम्म पुऱ्याइदिन्छ। प्राणीमात्रको भोजन हवि अर्थात् हव्य हो। *'हूयत इति हव्यम्'* र *'शब्दपूर्वकं दीयत इति कव्यम्'*। शब्दप्रयोगपूर्वक पितृलाई दिइने हवि कव्य हो। प्राणीको हविर्वहन गर्ने काम जसरी अग्निले गर्दछ त्यसैगरी कव्यवहन पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अग्निले नै गर्दछ । हव्य र कव्य पक्वान्नकै हुनु पर्दछ, काँचो हुनुहुँदैन ।

आजकल श्राद्धमा काँचो चामल राख्ने चलन आएको छ । वास्तवमा यो प्रक्रिया मुख्य कल्प होइन । श्राद्ध कर्ताले भातबाटै गर्नुपर्दछ, विधि पनि यस्तै छ । श्राद्धमा राखिने कुशको ब्राह्मण ब्राह्मणको प्रतिनिधि हो । ब्राह्मण नै राख्नुपर्दछ र त्यसलाई भात नै भोजन गराउनु पर्दछ । यस्तो श्राद्ध हुन्छ । त्यसका निम्ति श्रौताग्नि चाहिन्छ । आहिताग्निले गर्ने श्राद्धको विधि यही हो । आजकल अग्न्याधान गरेकै हुँदैनन् र पनि श्राद्ध गर्नुपर्ने हुन्छ । यस स्थितिमा श्राद्ध कसरी गर्ने ?

*'अग्न्यभावे तु विप्रस्य पाणावेवोपपादयेत्'* -[१५२] अग्निको अभावमा ब्राह्मणको हातमा दिए पनि हुन्छ भने अग्नि हुनेले दक्षिणाग्निमै हवन गर्नु पर्दछ । यो मुख्यकल्पको विवरण हो । साँच्चै भन्नुपर्दा आजकल मुख्यकल्पको श्राद्ध कसैले पनि गर्नसक्तैन । अहिले गरिने श्राद्ध अनुकल्प हो । कुशको ब्राह्मण राखी श्राद्ध गर्ने पनि नसक्नेले मात्र हो । सक्नेले त्यसो नगरी मुख्य कल्प अनुसार नै गर्नुपर्दछ । *'कार्यं कुशचटेन वै'* -[१५३] मुख्यकल्प नसके चटश्राद्ध भए पनि गर्नु पर्दछ । कुशको ब्राह्मण बनाई गर्ने श्राद्ध चटश्राद्ध हो ।

यस्तै जौ को पिण्ड दिने चलन पनि कतै देखिन्छ । यो विधिसम्मत छैन । विधि अनुसार खीरकै पिण्ड दिनुपर्दछ । मुख्यकल्पमा खीरकै पिण्ड हुन्छ । ब्राह्मणभोजनमा जुनजुन पक्वान्न रहेका छन् ती सबै मिलाएर पिण्ड बनाउने निर्देशन गृह्यसूत्रमा देखिन्छ । अनुकूल नभएमा पाकेको जौको पीठोद्वारा पनि पिण्ड दिन सकिन्छ । एकसंवत्सरमा दुईपल्ट अन्न पाक्दछन् । त्यसमा प्रधान अन्न धान र जौ भएकाले ती दुवैबाट गर्ने कल्प देखिएको हो । ब्रीह्याग्रयण र यवाग्रयण पनि यही अर्थ आएको हो । यसको विवरण भएकै छ । ब्रीहि वा यवा हव्यकव्य दुबैमा अमृतभावमा पुगेको अन्नकै प्रयोग गर्नुपर्दछ । यसबारे स्मृति पनि छ – *'यद्धनं यज्ञशीलानां देवस्वं तद्विदुर्बुधाः'* यज्ञ अनेक छन् भन्ने विवरण भईसकेको छ । यज्ञशिष्ट अन्न देवस्व हो अर्थात् सात्विक अन्न हो । यस्तो अन्न ग्रहण गर्नाले सत्त्वगुणात्मिका बुद्धिको विकास हुन्छ । यसबाट दोष लाग्दैन । त्यसैले यज्ञशीलहरूको अन्नलाई विद्वान्हरूले देवस्व भनेका हुन् । *'अयज्वानान्तु तद् वित्तमासुरस्वं तदुच्यते'* -[१५४] कहिल्यै यज्ञ नगर्नेले (अयज्वहरूले) सदा आफ्नो देहभरणमात्र गर्दछन् । त्यस्ताको धन आसुरस्व हो । आसुरस्व ग्रहण गर्नाले तमोगुणात्मिका बुद्धिको विकास हुन्छ । तमोगुणीले सूक्ष्मार्थ ग्रहण गर्न सक्तैन । *'असुषु रमन्त इत्यसुराः'* आफ्नै शरीरका लागि केही गर्ने सदा शरीरमै रमाउने असुर हुन् । त्यस्तामा देवता, पितृलाई दिने भन्ने भाव हुँदैन । आफैं तल जाने बाटो खनेका हुन्छन् । यज्ञको प्रसङ्ग भएकोले यी सबै गृहस्थीका निम्ति लागू हुने कुरा हुन् । गृहस्थ



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ब्राह्मण, क्षत्री र वैश्यले अनाश्रमी भइरहनु हुँदैन । *'अनाश्रमी नवर्तेत दिनमेकमपि द्विजः'* [१५५] भन्ने छ । पत्नी नभए गृहस्थाश्रम हुँदैन र अग्न्याधान पनि हुँदैन । त्यो नभई यज्ञ हुँदैन । यज्ञको अभावमा जे जति चीज खाए पनि पापै खाएको ठहर्दछ ।

यसरी यहाँसम्मको विवरणले यज्ञको उपादेयता देखाएको छ । *'यज्ञार्थात्कर्मणोऽन्यत्र'* इत्यादि नवौं श्लोकबाट यज्ञको प्रसङ्ग प्रारम्भ भएकोमा यज्ञार्थकर्मबाट बन्धन हुँदैन । अरूबाट हुन्छ भन्ने कुरा पुष्टिका लागि *'सहयज्ञाः'* इत्यादि दशौँ श्लोकदेखि *'यज्ञशिष्टाशिनः'* इत्यादि तेह्रौँ श्लोक सम्ममा विभिन्न अर्थवादवाक्यहरू आए । यज्ञ अपरिहार्य हो भन्नेमा श्रुति, स्मृतिका विभिन्न वचन पनि आए । भगवान् श्रीकृष्णले दिनुभएको यज्ञको अपरिहार्यतालाई श्रुति, स्मृति, युक्ति र प्रमाणको आधारमा पुष्टि भएको छ । यो वेदान्तप्रकरण भएकोले यज्ञको चर्चा यहाँ सान्दर्भिक छ । किनभने यसको अभावमा चित्तशुद्धि रोकिन्छ । शङ्कराचार्यले पनि यज्ञलाई महत्ता दिनुभएको छ तापनि संन्यासीका निम्ति अपेक्षा नभएकोले विशेष विवरण भएन तथापि ज्ञाननिष्ठाको अभ्यर्हित साधनमात्र शङ्कराचार्यबाट विवेचित भएका छन् । त्यसैले *'भुञ्जते ते त्वधं पापाः ये पचन्त्यात्मकारणात्'* यज्ञ नगरी आफ्नै निम्तिमात्र याचन गरी खानेले पापै खाएका हुन्छन् भनी भगवान् श्रीकृष्णले किटान गर्नुभएको छ । *'पाकं निर्वर्तयति आत्मकारणात्'* आफ्ना लागिमात्र पाक गर्नेहरू पापी नै हुन् । यज्ञविना मनुष्यको कल्याण सम्भव छैन । त्यसकारण यज्ञ गर्नु अनिवार्य छ । तेह्रौं श्लोकको विवरण पूरा भएको छ ॥१३॥

शास्त्रको आधारमा सिद्ध हुने यज्ञ गर्नुपर्दछ । त्यस्तो यज्ञद्वारा कर्मबन्ध हुँदैन । अधिकृत गृहस्थाश्रमीले यज्ञार्थ कर्म गर्नुपर्दछ भन्ने निर्धारणपछि त्यसमा युक्ति प्रदर्शनार्थ मूलतः दुईओटा श्लोक छन् । पहिलो कुरालाई लोकमा मिल्ने गरी शास्त्रीय युक्तिको आधारमा पुष्टि गर्ने काम स्वयं भगवान् गर्नुहुन्छ –

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥
कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

लोकप्रसिद्ध कुरा वेदको उदाहरणको माध्यमले भगवान्ले देखाउँनुभएको छ । यज्ञबाट प्राप्त हुने अदृष्टफलको चर्चा दशदेखि तेह्रौं श्लोकसम्म भएको छ । सृष्टिपछि यज्ञ गर्नुपर्दछ भन्ने कुरा प्रजापतिले गरे । प्रजापतिका अथवा शास्त्रका कुरा गर्नुपर्दछ तापनि विद्वान् वाहेकले यो बुझ्दैनन् र गर्दैनन् पनि । शास्त्र बुझ्नेको तदनुकूल व्यवहार हुनु स्वाभाविक हो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तापनि शास्त्रमा गति नभएका सामान्य मान्छेलाई बुझाउन आवश्यक छ । नपढेका सामान्य यक्तिलाई युक्ति अर्थकारी हुन्छ । यज्ञ किन गर्ने ? भन्ने पुष्टिका लागि १४ र १५ औँ श्लोक छन् । *'जगच्चक्रप्रवृत्तिहेतुर्हि कर्म'* जगच्चक्र प्रवृत्तिको कारण यज्ञ हो, त्यो कर्ममा अडेको छ । तसर्थ कर्म छोड्ने भन्ने कुरै छैन । कर्म छोडे यज्ञ छोडेको ठहर्दछ । *'कथमिति उच्यते, अन्नाद् भवन्तीति'* त्यो कसरी सम्भव भन्नेमा *'अन्नाद्भवन्ति'* इत्यादि छ ।

*'अन्नाद् भूताद् लोहितरेतः परिणतात्प्रत्यक्षं भवन्ति जायन्ते भूतानि'* अन्नबाट भूतवस्तुको उत्पत्ति हुन्छ । त्यसैबाट लोहितरेत हुँदै यावत्प्राणीको उत्पत्ति र प्रलय हुन्छ । अन्नबाट भूत, पर्जन्यबाट अन्न, यज्ञबाट पर्जन्य आदि उत्पन्न हुन्छन् भन्नेमा स्मृति छ –

अग्नौ प्रस्ताहुतिःसम्यक् आदित्यमुपतिष्ठते
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः [१५६]

अग्निमा दिएको हवि आदित्यसम्म पुग्दछ । आदित्यबाट वृष्टि र वृष्टिबाट अन्नोत्पत्ति हुन्छ, त्यसपछि प्रजा हुन्छन् । *'यज्ञादपूर्व स च यज्ञकर्म समुद्भवः'* यज्ञले अपूर्व पैदा गर्दछ । अपूर्व भनेको संस्कारविशेष हो । त्यो यज्ञजन्य हुन्छ । यज्ञमा ऋत्विक् यजमान इत्यादि चाहिन्छन् । यज्ञ कर्मविशेष हो । परमात्माबाट उत्पन्न भएको वेदले कर्मको निर्देश गरेको छ । तसर्थ वेदविहित कर्म छाड्नु हुँदैन । *'यस्मात्साक्षात्परमात्माख्यात् अक्षरात् पुरुषं निश्वासवत् शब्दभूतं ब्रह्म तस्मात्सर्वार्थप्रकाशकत्वात्सर्वगतम् ब्रह्म'* परमात्माको निश्वासका रूपमा शब्दब्रह्म (वेद) आएको छ । यसले सबैको प्रकाश गर्ने हुनाले यो सर्वगत छ, नित्य छ । वेदको यज्ञमा प्रतिष्ठा हुन्छ भन्ने कुरा शङ्कराचार्यद्वारा सङ्क्षेपमा आएको छ ।

संसार यज्ञ हो भन्नेमा श्रुतिनिर्दिष्ट कथा छ । जनकराजाका तीन जना ब्राह्मणहरू श्वेतकेतु आरुणेय, सोमशुष्क सात्ययज्ञिः र याज्ञवल्क्यका साथ वादकथा भएको थियो । राजाले आहुतीका बारेमा दुई प्रश्न गरेका थिए । *'अजस्र एव श्रिया भवति'* आहुतिद्वारा तिमीलाई सदा श्रीवृद्धि हुन्छ भनी श्वेतकेतु आरुणेयले जनकलाई भनेका छन् । यही प्रश्न अर्कालाई गर्दा यी प्रश्नगर्ने व्यक्ति *'तेजस्वी यशस्वी अन्नादो भवति'* तेजस्वी, यशस्वी र खानसक्ने हुन्छ भनी सोमशुष्क सात्ययाज्ञीले उत्तर दिएका थिए । आहुतिद्वयको फल सबैका निम्ति यही हो । त्यसपछि त्यही प्रश्न राजाले याज्ञवल्क्यलाई सोधे । याज्ञवल्क्यले राजालाई उत्तर दिए – *'देवान् पश्यतः तर्पयामी'* तिमीले हेर्दाहेर्दै आहुतिको फल देवतालाई देख्न सक्ने बनाइदिन्छु । याज्ञवल्क्यको यस्तो उत्तर बुझ्न कठिन छ । वादकथा र जल्पकथा दुवैमा याज्ञवल्क्यको गति थियो । जनकको सभामा प्रधान पण्डित र सबैभन्दा ठूला विद्वान् पनि उनी नै थिए ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



याज्ञवल्क्यको विद्वत्ताको प्रसङ्ग हो, उनै याज्ञवल्क्यलाई जनकले 'ते हुते आहुति किं भवतः? भनी प्रश्न गर्दा *'अन्तरिक्षमाविशतः'* अन्तरिक्षमा पुग्दछ भन्ने उत्तर आएको छ। पृथिवीमा समिधा हुन्छ। हवन गर्ने ठाउँ हुन्छ। त्यहाँ हवन गरेपछि त्यसबाट ज्वाला निस्कन्छ। यसरी अग्निमा हवन गरेपछि ज्वाला अर्थात् वायुमाध्यमले अन्तरिक्षमा पस्दछ। त्यहाँ वायु समिधा हुन्छ भने शुक्र ज्वाला हुन्छ। तेजस्तत्त्व शुक्र हो भन्ने कुरा *'तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत्'* -१५७ इत्यादि वेदमन्त्रद्वारा आएको छ। अन्तरिक्षमा पुगेको आहुति 'दिवमाविशत' द्युलोकमा जान्छ। त्यहाँ आदित्य समिधा हुन्छ भने चन्द्रमा शुक्र हुन्छ। द्युलोकबाट फेरि अन्तरिक्ष हुँदै पृथिवीमै आइपुग्दछ। देवताहरूले यहीँ फर्काइदिन्छन्। यही भूमिमा आएपछि समिधा अग्नि हुन्छ भने ओषधि शुक्र हुन्छ। अग्निको अर्थ सोझै बलेको अग्नि होइन। पृथिवीकै गर्भमा पनि अग्नि हुन्छ। आहुतिको प्रवेश भूमिमा आएपछि दाउरा समिधा नभई अग्नि समिधा हुन्छ भने औषधी शुक्र हुन्छ। पाक जसले धारण गरेको हुन्छ त्यो औषधी हो। यस अर्थमा धान, मकै, जौ, गहुँ आदि सबै औषधी हुन्छन्।

शुक्रले अन्यत्र प्रवेश नगरी त्यसमा प्रभावकारिता आउँदैन। त्यसैले ज्वाला शुक्र भयो, त्यसले अन्तरिक्षमा प्रवेश गऱ्यो। चन्द्रमा शुक्र भयो द्विजमा प्रवेश गऱ्यो। पृथिवीमा आएपछि ओषधि शुक्र भयो, त्यो *'पुरुषमाविशतः'* पुरुषमा प्रवेश भयो। त्यसमा समिधा जिब्रो र *'अन्नमेव शुक्रम्'* अन्न नै शुक्र हुन्छ। त्यही अन्न रस, रूप रक्तादिभावमा परिणत हुन्छन्। त्यसकारण *'य एवं विद्वान् अश्नाति अग्निहोत्रं तत्'* विद्वान्लाई भोजन गराउनु अग्निहोत्र मानिन्छ। पुरुषले भोजन गरेको अन्न शुक्र हो। त्यो *'स्त्रियमाविशतः'* स्त्रीमा प्रवेश गर्दछ। स्त्रीमा शुक्रको प्रवेश भएपछि यसमा 'धारकां समिधं भवति' धारका समिधा र रेत शुक्र हुन्छन्। संसारलाई धारण गर्ने योग्यता भएकालाई धारका भनिन्छ। शुक्र प्रवेश भएपछि त्यसलाई धारण गर्ने कार्य योनिले गर्छ। त्यसकारण योनि धारका हो र त्यसको उद्दीपन पुरुषजननेन्द्रियले गर्दछ।

यसरी पाँच किसिमको पर्यायद्वारा जनकको प्रश्नको उत्तर याज्ञवल्क्यले दिएका छन्। *'य एवं विद्वान् मिथुनमुपैति, अग्निहोत्रमेवास्य हुतं भवति'* संसार अग्निहोत्र रहेछ भन्ने बुझेर जुन विद्वान्ले स्त्रीसँग सम्बन्ध गर्दछ। त्यसले अग्निहोत्र गरेको हुन्छ। यज्ञभावमा गरेको स्त्रीपुरुषको मैथुनमा पनि अग्निहोत्रकै हवन गरेको ठहर्दछ किनभने *'यस्ततः पुत्रो जायते'* त्यहाँबाट पुत्रको जन्म हुन्छ। संसारक्रम यसरी वेदले निर्देश गरेको छ। *'स लोकः प्रत्युत्थायी'* -१५८ त्यही पुत्रवाला लोकप्रत्युत्थायी हुन्छ। 'पुत्रेण लोकाञ्जयति पौत्रेणानन्त्यमश्नुते' पुत्रद्वारा लोक समृद्धि र पौत्रद्वारा आनन्त्य प्राप्ति हुन्छ। *'अतः पुत्रस्य पौत्रेण ब्रध्नस्याप्नोत्रिविष्टम्'*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



१५९ पुत्रको पनि नाति भएमा उसले स्वर्गलाई पनि छुन्छ । अग्निहोत्रको यस किसिमको रहस्य छ । यही रहस्य बुझेर जनकराजा *'ब्रह्म आसः'* ब्रह्मनिष्ठ भए । जनकराजाले पनि त्योभन्दा पहिले 'आहुत'को रहस्य बुझेका थिएनन् । पुरुषले सवर्णा स्त्री ग्रहण गरेपछि गृहस्थाश्रम शुरु हुन्छ । गृहस्थाश्रम नभई दृष्टअग्निहोत्र हो । दृष्टअग्निहोत्रविधि वेद र कल्पशास्त्रमा पूर्णरूपमा पाइन्छ र अग्निहोत्रादि गृहस्थकै निमित्त हो । गृहस्थाश्रममा रहने स्त्री, पुरुष दुवैले मर्यादाको अतिक्रमण गर्नु हुँदैन, अन्यथा पातक लाग्दछ ।

पत्नीको अनादर पुरुषले कहिल्यै गर्नु हुँदैन । त्यस्तै पत्नीले पनि पतिको अनादर गर्नु हुँदैन । परस्परको अनादरले मर्यादा अतिक्रमण हुन्छ । धर्मपूर्वक सन्तानोत्पादन भएमा *'चत्वारि तस्य वर्धन्ते आयुर्बुद्धिर्यशो बलम्'* आयु, बुद्धि, यश, बल यी चारै कुराको वृद्धि हुन्छ । शास्त्रविपरीत भएमा यी चारै कुरा समाप्त हुन्छन् यी सबैको रक्षा गर्न स्त्रीपुरुष दुवैको समान दायित्व हुन्छ । सामान्यरूपमा यदाकदा हुने झगडाले स्त्रीलाई घरबाट नै निकाल्नु, अनावश्यक अनादर गर्नु जस्ता काम गर्नुहुँदैन । ठूलै अपराध भए भिन्नै राखी संसर्गमात्र नगर्ने हो । यज्ञप्रतिष्ठाको निम्ति धर्मपूर्वक विवाह गरेपछि त्यसलाई त्याग्न मिल्दैन । स्त्रीपुरुषको परस्परमा कति महत्ता छ भन्ने नबुझ्ने व्यक्तिलाई वास्तवमा गृहस्थाश्रममा जाने अधिकार पनि छैन । त्यस्ता व्यक्तिलाई पङ्गु भने हुन्छ । यही कुरा देखाउँन पाणिनिले पनि *'पत्युर्नो यज्ञसंयोगे'* -१६० भनेका छन् । यज्ञसम्बन्ध भएकी पत्नी हुन्छे । देवता र पितृलाई दिइने यज्ञ जस्तै संसार चलाउन पुत्रोत्पादन पनि यज्ञ नै हो । तिनीहरूको सम्बन्धलाई यज्ञ सम्बन्ध भनिन्छ । पतिले पत्नीव्रता र पत्नीले पतिव्रताको मर्यादा कायम राख्नसक्नुपर्दछ । अन्यथा ती पतित हुन्छन् । स्त्री व्यभिचारी हुनुमा पनि बढ्ता उत्तरदायित्व पुरुषकै हुन्छ । त्यसकारण पुरुषले वदमासी गर्नुहुँदैन । यसको अर्थ स्त्रीले गर्नुहुन्छ भन्ने होइन । उनीहरू पनि अधर्मतिर लाग्दछन् भने पापको भागी हुन्छन् ।

विवाह आठ किसिमका छन् । यसमा ब्रह्म, प्राजापत्य, आर्ष र दैव चार धर्म्य विवाह छन् भने गान्धर्व, आसुर, पैशाच र राक्षस चार अधर्म्य विवाह छन् । ब्राह्मणले धर्म्य विवाहमात्र गर्नुहुन्छ । कथञ्चित् क्षत्रीले गान्धर्वविवाह गर्नुहुन्छ । काण्ड्वाश्रममा दुष्यन्त राजाले शकुन्तलासँगगान्धर्व विवाह गरेका हुन् । क्षत्रीका लागि गान्धर्व विवाहबाट पनि संस्कारको आधान हुन्छ भन्ने मानिन्छ तापनि पैशाच, आसुर विवाह क्षत्रीका लागि पनि ग्राह्य छैन । धर्म्य विवाहद्वारा ल्याइएकालाई नै पत्नी भनिन्छ । *'गृहा वै पत्न्यै प्रतिष्ठा'* -१६१ पत्नीका लागि घर प्रतिष्ठा हो । जसकी पत्नी हुन्छे त्यसैको घर हुन्छ, पत्नी नहुनेको हुँदैन । यसै आधारमा –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते
गृहं हि गृहिणीहीनमरण्यसदृशं मतम्

यो प्रवादको छ । पत्नीलाई गृहलक्ष्मी भनिन्छ । *'स्त्रियः श्रियश्च गेहेषु विशेषो नोपपद्यते'* -[१६२] घरमा स्त्री र श्रीमा फरक हुँदैन । दुवै समान हुन्छन् । *'विद्याः समस्ता तव देवि भेदाः स्त्रियः समस्ताः सकला जगत्सु'* -[१६३] भन्ने चण्डीमा पनि छ । सम्पूर्ण विद्या देवीकै भेद हुन् । सृष्टि प्रपञ्च भगवतीकै विस्तार हो । भगवतीका पनि अनेक रूप हुन्छन् । यसर्थ पत्नीलाई पनि तीनभागमा वर्गीकरण गरेको छ । *'सती साध्वी पतिव्रता'* अर्थात् उत्तम चरित्र भएकी स्त्री सात्त्विकमा आउँदछिन् । कलह, कर्कसा स्वभाव भएर पनि अव्यभिचारी छन् भने ती राजसमा पर्दछिन् । व्यभिचारिणी तामसमा पर्छन् ।

तामसी स्वभावकालाई बाहेक धर्म्य विवाहद्वारा ल्याएका सात्विक र राजस स्वभावका स्त्रीलाई *'अर्थस्य सङ्ग्रहे चैव व्यये चैनां नियोजयेत्'* -[१६४] अर्थसंग्रह र घरको काममा खर्च गर्न जिम्मा दिनु पर्दछ । पतिको विश्वास अनुसार पत्नीले पनि जथाभावी नगरी *'व्ययेचामुक्त हस्तया'* -[१६५] नचाहिने ठाउँमा हात बाध्नु पर्दछ अर्थात् मुक्तहस्त नभई खर्च गर्नुपर्दछ । यस्ती पत्नी भएमा घरको स्वभाव बढ्दछ । पत्नीविना संसारै चल्दैन, देव पितृलाई केही दिन पनि मिल्दैन । त्यसैकारण *'गृहा वै पत्न्यै प्रतिष्ठा'* भन्ने हो ।

यस्तै कुनै पनि समृद्धि निमित्तक काममा अपत्नीक् ऋत्विक लगाउनुहुँदैन । श्राद्धादिमा ब्रह्मचारी, संन्यासीलाई भोजन गराउनुहुन्छ तर पत्नी मरेकालाई हुँदैन । विधि अनुसार पुनर्विवाह गरेको छ भने पनि त्यो सपत्नीक हुन्छ । त्यस्तालाई भने भोजन गराउन, ऋत्विक्को रूपमा वरण गर्नहुन्छ । यदा कदा विदेश जानु पर्दा पत्नीलाई अलग राख्ने स्थिति परेपनि अरू बेलामा अलग गर्नुहुँदैन । पत्नीले पनि माइतमा बस्ने गर्नुहुँदैन । यसबाट राम्रोसँग गृहस्थाश्रम चल्दैन । यस किसिमले विचार गर्दा संसारमा यज्ञेतर केही छैन । तसर्थ गृहस्थाश्रममा रहेका पतिपत्नीले विभेदको वातावरण सृजना गर्नुहुँदैन । गृहस्थाश्रमको मर्यादा भङ्ग नहोस् भनेर भगवान् श्रीकृष्ण पनि प्रत्येक रानी कहाँ बस्थे । गृहस्थाश्रमको मर्यादा अतिक्रमण गर्नु हुँदैन । जसले अतिक्रमण गर्दछ त्यसले न यज्ञ गर्दछ, न त्यसको रहस्य नै बुझ्दछ, न त त्यसबाट हुने दृष्टादृष्टफलको विवेक नै गर्दछ । यिनै कुरा समेट्नका लागि १४ र १५ औं श्लोक भगवान् श्रीकृष्णबाट अभिव्यक्त भएका छन् । आहुतिको एक उदाहरण यो हो भने पञ्चाग्नि विद्याको कुरा यस्तो छ –

*'पञ्चम्यमाहुता वापः पुरुषवचसो भवन्ति'* -[१६६] पाँचौं आहुतिमा जल पुरुष भनिन्छ । यो पनि यज्ञकै कुरा हो तर यसको विवेचन नभई आहुतिको बारेमा विवेचन भएको छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



किनभने मधुसूदन सरस्वतीले *'यथाचाग्निहोत्राहुत्योर्वृष्टिजनकत्वं व्याख्यातं अष्टाध्यायीकाण्डे जनकयाज्ञवल्क्यसंवादरूपयोः षट्प्रश्नाः'* अग्निहोत्रको आहुति वृष्टिको कारण हो भन्ने व्याख्या अष्टाध्यायीकाण्ड जनकयाज्ञवल्क्यसंवाद षड्प्रश्नद्वारा आएको छ भनेका छन् र शंकराचार्यबाट पनि यसैको सङ्केत भएको छ । त्यसैले हुताहुतिको विवेचन यहाँ भएको हो । यसबाट अदृष्ट तथा दृष्ट फलानुरोधी गृहस्थाश्रम यज्ञ हो भन्ने स्पष्ट छ । *'तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम्'* त्यसकारण सर्वव्यापक वेदको प्रतिष्ठा पनि यज्ञमै छ । यसरी यहाँसम्ममा पन्ध्रौं श्लोकको सामान्य अर्थ दिग्दर्शन भएको छ ।

कर्म त्यागमा प्रत्यवाय अब यसपछि निरन्तरतामा रहेको यज्ञक्रमको अनुवर्तन नगर्ने गृहस्थीका निमित्त के हुन्छ भन्ने बारे युक्ति र प्रमाणका आधारमा भगवान् कृष्णद्वारा दोष प्रदर्शनार्थ अगाडिको प्रसङ्ग छ ।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

सृष्टिको चक्रलाई जसले चलाउँदैन, केवल इन्द्रियमा रमाउँदछ भने त्यो पापायु मात्र हो । आश्रमधर्म यज्ञको अपलाप गरेर बाँच्नु व्यर्थ छ । *'न कर्मणामनारम्भात्'* इत्यादि चौथो श्लोकदेखि शुरुभएको कर्मको उपसंहार रूपमा यो १६ औँ श्लोक छ । यज्ञ नगर्दा प्रत्यवाय लाग्ने कुरा छ । यही कुरा शङ्कराचार्यद्वारा –

*'एवं युक्तं ईश्वरेण वेदयज्ञपूर्वकं जगत्'* भगवान्ले वेदयज्ञपूर्वक जगत् सृष्टि गरे । कसरी गरे ? *'अस्य महतो भूतस्य निश्वसितमेतद् ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरस इतिहासः पुराणं, विद्या, उपनिषदः, श्लोकाः सूत्राणि, अनुव्याख्यानानि, व्याख्यान्यानि अस्य एतानि निश्वसितानि'* [-१६७] ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, इतिहास, पुराण, चौधविद्या, उपनिषद्, श्लोक, सूत्र, त्यसका व्याख्या, अन्यव्याख्या भगवान्को निश्वासरूपका हुन् । त्यसैले यिनमा केही न्यूनता छैन । ऋग्वेदादि निश्वासरूपमा आएकाले यिनको प्रतिष्ठा परमात्मामै हुन्छ, वेदको प्रतिष्ठा यज्ञमा भए पनि यज्ञबाटमात्र गतार्थ हुँदैन । त्यसभन्दा पनि माथि ब्रह्मतत्त्व छ । बुद्धिले त्यसलाई पत्तालगाउन सक्तैन । त्यही तत्त्व बुझेपछि कुरा सबै बुझिने हुनाले वेदको प्रतिष्ठा अन्ततः परमात्मामा हुन्छ ।

*'यज्ञो वै विष्णुः'* यज्ञ विष्णु हो । यज्ञक्रिया विशेषै हो । क्रियाविशेषको पर्यवसान परमात्मामा हुन्छ । वेदको प्रतिष्ठा परमात्मामा भएजस्तै यज्ञको प्रतिष्ठा दक्षिणामा हुन्छ । दक्षिणाविनाको यज्ञ निरर्थक हुन्छ । दक्षिणाको प्रतिष्ठा बुद्धिवृत्तिमा हुन्छ । बुद्धिवृत्तिको प्रतिष्ठा पनि ब्रह्ममा हुन्छ । यसप्रकार अतीन्द्रिय ब्रह्ममै वेदको प्रतिष्ठा छ भन्ने देखिन्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यज्ञको प्रतिष्ठा धर्ममा छ । यज्ञको प्रतिष्ठा धर्ममा हुन्छ भन्नु वेदको प्रतिष्ठा क्रियामा हुन्छ भन्नु हो । तसर्थ धर्मको अर्थ निष्कर्ष के हो ? *'धार्यते जनैरिति धर्मः'* प्राणीमात्रले धारण गर्ने धर्म हो । करणव्युत्पत्तिलभ्य यो अर्थमा *'यागादिरेव धर्मः'* यागादि धर्म भन्ने ठहर्छ । धर्म अर्थात् यज्ञको प्रतिष्ठा कहीं हुने हुनाले वेदको प्रतिष्ठा धर्ममा हुन्छ भन्न मिल्दैन । अतः भावव्युत्पत्तिद्वारा धर्मको अर्थ गर्नुपर्दछ । अव *'धरति विश्वमिति धर्मः'* संसारलाई धारण गर्ने धर्म हो । यो व्युत्पत्तिलभ्य धर्मको अर्थ आत्मा अर्थात् ब्रह्म नै हुन्छ । नबुभ्रुन्जेल करणव्युत्पत्तिद्वारा निष्पन्न धर्मको प्रतिष्ठा आत्मा अर्थात् ब्रह्ममा हुन्छ, ब्रह्म वेद हो । क्रियारूप धर्मको प्रतिष्ठा वेदै छ । प्रमाणवृत्तिद्वारा यो ज्ञेय हो । प्रमाणवृत्तिको विवरण तत्त्वं पदार्थ विवेकमा आइसकेकोले यहाँ त्यति सान्दर्भिक छैन । 'कर्मब्रह्मोद्भवं विद्धि' मा पनि ब्रह्मोद्भव अर्थ वेदप्रमाणको आधारमा सिद्ध हुने भन्ने हो । कुनै पनि कुरा कहीं टुङ्गिन्छ । गतिमान् वस्तुलाई चलिरहन दिनुपर्दछ । गतिमत्ता समाप्त भएपछि त्यो स्वतः रोकिन्छ । रोक्न प्रयत्न गर्नुपर्दैन । आउने, जाने क्रमयुक्त यज्ञ हो । त्यो कहिल्यै सकिँदैन । चलायमान यज्ञलाई जसले कायम राख्दैन, त्यसले आफ्नो जीवन पापजीवनमा परिणत गरेको हुन्छ ।

*'वायुनाजगदायुना'* आयु भनेको वायु हो । विशेषरूपमा हरबखत क्रिया रहनु वायु हो भने *'आसमन्तात् अयतीति आयुः'* निरन्तररूपमा चलिरहनु आयु हो । आयु प्राण हो, प्राण वायु हो । आयु र वायुमा फरक छैन । आयु भएसम्म गति भइरहन्छ । जसले गति सफल पार्दछ त्यो सही व्यक्ति हो भने सफल नपार्ने *'अघायुः–पापायुः'* हो । त्यस्ताको आयु दंशमशकादिकोजस्तै हो । तिनीहरूले अरूलाई डस्ने काम गरेका हुन्छन् । त्यस्ताको जीवन *'पापजीवनमित्यर्थ'* पापजीवन हो । यही कुरा शङ्कराचार्य दिनु हुन्छ – *'एवं युक्तमीश्वरेण वेदयज्ञपूर्वकं जगच्चक्रं प्रवर्तितम्'* वेदप्रक्रियाद्वारा ईश्वरले जगच्चक्रप्रवर्तन गरेको छ । कर्मअधिकारी व्यक्तिले यो चक्र चलाउँदैन भने *'अघायुः पापायुः'* हुन्छ । *'अघं–पापं, आयुर्जीवनं यस्य'* । अघको अर्थ पाप हो वायुको अर्थ जीवन हो । तसर्थ जीवन रहेसम्म आयु रहन्छ ।

*'जीवयतीति जीवः'* भनेर ईश्वर समेत बुझिन्छ । यहाँ त्यो प्रसङ्ग मिल्दैन । पञ्चवृत्त्यात्मक प्राणरूप आयतनमा रहने बुद्धिवृत्ति त्यसमा प्रतिविम्बित चेतन रहेसम्म जीवन रहन्छ । प्राणरूपआयतन र बुद्धि दुवै जड हुन् तापनि प्राणभन्दा बुद्धि सूक्ष्म र सत्त्वगुणको परिणति हो । प्राणआयतनमा बुद्धि रहेसम्म त्यसमा चेतनको छाया पर्दछ । सूक्ष्मशरीरमा पनि बुद्धि रहने हुँदा स्थूलशरीर सकिएपछि प्राणी मर्छ भन्ने कुरा कसरी ? यस्तो आशङ्का हुनु स्वाभाविक हो । सूक्ष्मशरीरमा प्राणवृत्ति सूक्ष्मरूपमा रहन्छ । स्थूलको आयतन त्यो हुनसक्तैन ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यसैले भोगसाधन पनि बन्दैन । *'नहि अशरीरस्य आत्मनो भोगः कस्यचिदस्ति'* -१६८ अशरीरी आत्माले भोग गर्न सक्तैन । शरीर यहाँ स्थूल हो । त्यसैले सूक्ष्मशरीर भोग समर्थ हुन्छ । भोगोन्मुखता पछि स्थूलशरीर अन्नमयकोशमा आउँदछ । बुद्धिवृत्तिमा प्रतिबिम्बित चेतन जीव हो । जीवनभित्र स्थूलशरीर, त्यसमा पञ्चवृत्त्यात्मक प्राण, प्राणमा आधारित बुद्धि र बुद्धिमा प्रतिबिम्बित चेतन पर्दछ । निष्कर्षतः स्थूलशरीरको आधारमा रहने प्राण र प्राणको आधारमा चल्ने बुद्धि जीवन हो । अर्थात् मन, बुद्धि, अहङ्कार सहित स्थूल शरीर जीवन हो । स्थूलशरीरलाई मन, बुद्धि, अहङ्कारले छोडेपछि मृत्यु हुन्छ । तसर्थ *'आयुर्जीवनम्'* आयुको अर्थ जीवन हो । कल्याणकारी काम गर्नुपर्दछ । अन्यथा व्यर्थको जीवन दंशमशकादिको जस्तै निरर्थक हुन्छ । अर्काको दुःख बुझ्ने विवेकी भएर पनि मनुष्यले स्वार्थका लागिमात्र काम गर्दछ भने त्यो पापायु दंशमशकादिभन्दा पनि तल्लो श्रेणीको हो ।

पापायुकै प्रसङ्गमा महाभारत कर्णपर्वमा एउटा कथा आउँछ – जीवनभर प्राणी हिंसा गरी गुजारा गर्ने एकजना व्याधाले नदीको एउटा प्राणीको हिंसा गरेपछि उसलाई लिन दिव्य विमान आएको छ । प्राणी हिंसा गरी जीवनयापन गर्ने व्याधालाई अर्को हिंसा थपिंदा दिव्य विमान लिन किन आयो ? हज्जारौँ वर्षदेखि नदीमा रहेर त्यो जीवले चारकोशसम्मका प्राणीलाई खिचेर खाने गरेको थियो । ब्राह्मण, ऋषिहरूलाई पनि खाएको छ । जीवनभर प्राणी हिंसाकै उद्देश्य भएको व्याधा पापायु हो तापनि नदीमा रहेको उक्त अनर्थकारी जीवको हिंसा गरी अन्य जीवजन्तु, ब्राह्मण ऋषि आदिलाई बचाएको छ । दश जन्ममा पनि गरेर नसकिने पुण्य एकै जन्ममा कमाएको छ । त्यसैले उसलाई लिन दिव्य विमान आएको हो भन्ने छ । यस अर्थमा अघायुले बाँचेर काम छैन ।

*'अघायुरिन्द्रियारामः'* पापायुहरू इन्द्रियजन्य प्रीतिविशेषमा रम्दछन् । *'आरमणमाक्रीडा विषयेषु इति'* षिञ् बन्धने धातुबाट वि उपसर्गपूर्वक विषय बन्दछ । *'विषण्वन्ति अनुबध्नन्ति स्वेन रूपेण निरूपणीयं कुर्वन्तीति विषयाः'* -१६९ अर्थात् आफ्नै रूपमा बाँध्ने काम विषयले गर्दछ । जस्तै कृषकलाई कृषिले बारम्बार डोऱ्याइरहेको हुन्छ । यस्तै अर्थमा विषयले आफ्नै रूपमा बाँधेको हुन्छ । इन्द्रियद्वारा आउने विषयमा खेल्ने *'इन्द्रियारामः'* हुन् । यस्ताले आत्मचिन्तन गर्ने समय पाउँदैनन् । खेती व्यापार गरी विषयेन्द्रियमा मात्र रम्ने प्राणीको जीवन यस्तै हो । *'मोघं वृथा हे पार्थ ! स जीवति'* हे अर्जुन ! त्यस्ताको जीवन व्यर्थ हुन्छ ।

*'तस्मात्'* त्यसकारण 'न कर्मणामनारम्भात्' इत्यादिदेखि प्रस्तुत कर्मको महत्ता, त्यसको इतिकृत्य, त्यसको लेखाजोखाका निमित्त भगवान् शङ्कराचार्यको निष्कर्ष छ – *'तस्मात् अज्ञेन अधिकृतेन कर्तव्यमेवं कर्म इति प्रकरणार्थः'* कर्ममा अधिकृत व्यक्तिले कर्म गर्नैपर्दछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उपर्युक्त विभिन्न हेतुका आधारमा *'न कर्मणाम्'* इत्यादिदेखि *'मोघं पार्थ स जीवति'* सम्मका तेह्रओटा श्लोकबाट कर्मकर्तव्यताको निर्धारण भएको छ। कर्मको कर्तव्यत्व सबैमा छ। तथापि अज्ञ का निमित्त कर्मकर्तव्यता छ। ज्ञाननिष्ठामा हुँदैन। यो कुरा पहिले नै निरूपित छ। यहाँ अनुवादमात्र हो।

*'प्राक् आत्मज्ञाननिष्ठा योग्यता प्राप्तः'* आत्मज्ञाननिष्ठारूप योग्यता हुनुभन्दा पहिलेसम्म कर्म गर्नुपर्दछ। *'तादर्थ्येन कर्मयोगानुष्ठानमधिकृतेन अनात्मज्ञेन कर्तव्यमेवेत्येतत्'* कर्मयोगका निम्ति अधिकृत अनात्मज्ञले कर्मानुष्ठान गर्नैपर्दछ भन्ने यो प्रकरणको निष्कर्ष अर्थ हो। यस कुराको *'न कर्मणामनारम्भात् इत्यत आरभ्यः शरीरयात्रापि च ते न प्रसिद्धेदकर्मणः'* चौथोदेखि आठौँ श्लोकसम्ममा निरूपण भएको छ। यस्तै *'यज्ञार्थात्मकर्मणोऽन्यत्र'* इत्यादि श्लोकको प्रतिपाद्य विषय कर्मनिष्ठा हो। यस सम्बन्धी विवरण दोस्रो अध्यायमा पनि भएको छ। अनुवादरूपमा यहाँ आएको छ। *'प्रतिपाद्य इत्येवमन्तेन'* अर्थात् चौथोदेखि आठौँ श्लोकसम्मको विवरणमा आएको भन्ने अर्थले अनुवाद हो भन्ने स्पष्ट छ। स्पष्टताका लागि यहाँ *'प्रतिपाद्य'* पदको समायोजन भएको छ।

फेरि *'यज्ञार्थात्कर्मणोऽन्यत्र इत्यादिना मोघं पार्थ स जीवति इत्येवमन्तेनापि'* फलको इच्छा नराखी गरेको यज्ञार्थ कर्मले बन्धन हुँदैन, अरू कर्मले हुन्छ। तसर्थ अधिकृत अनात्मज्ञले यज्ञ गर्नुपर्दछ। *'इत्येवमन्तेनापि कर्मानुष्ठाने बहुकारणमुक्तम्'* अनात्मविद्ले कर्मानुष्ठान गर्नुपर्दछ भन्नेमा धेरै हेतु प्रदर्शित भएका छन्। अवररूपकर्म गर्न किन प्रेरणा गर्नुहुन्छ ? भनी प्रश्न गरेकाले अर्जुनलाई उद्‌बोधन गराउनुहुन्छ। अनात्मविद्‌ले कर्मानुष्ठान छोड्नमिल्दैन। कर्म गर्नु खराब होइन। ज्ञानको सहायक हुने भएकोले फाइदैहुन्छ। कर्म नगरे हानि हुन्छ। कर्म गर्नैपर्दछ, ज्ञाननिष्ठामा पुगेकाको निम्ति यो कुरा होइन भन्ने यसै प्रसङ्गले बुझाएको छ।

सङ्क्षेपतः सर्वस्वरूप वेदको आविर्भाव भयो। त्यसपछि अधिकृतव्यक्तिलाई वेदको ज्ञान भयो। वेदज्ञानबाट वेदविहित कर्मको ज्ञान, कर्मानुष्ठानद्वारा धर्मोत्पत्ति, त्यसबाट पानी आदि पर्नु, पानी आदिबाट अन्नोत्पत्ति हुनु, अन्नबाट प्राणी सृष्टि, प्राणीको वेदविहित कर्ममा प्रवृत्ति हुनु इत्यादि कुरा छन्। *'एवं प्रवर्तितं चक्रम्'* परमेश्वरले बनाएको चक्र यस्तै छ। यही चक्र संसार हो। चक्र चलेसम्म संसार रहन्छ। चक्र चल्न छोडेपछि संसार समाप्त हुन्छ। चक्ररूप संसारमा कर्माधिकृतले कर्मानुष्ठान गर्दैन भने त्यो *'अघायुः पापायु'* हो। त्यस्ताले आफ्नो जीवन पापमा बिताएको हुन्छ। त्यो भन्दा मर्नु श्रेष्ठ हो। तसर्थ संसारमा रहेसम्म श्रुतिसम्मत कर्म गर्नुपर्दछ भनी मधुसूदन सरस्वती *'अथोऽयं वात्मा सर्वेषां भूतानां*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लोकः' [१७०] – स यज्जुहोति, यद् जयते, यदनुब्रूते तेन ऋषीणां, यत्पितृभ्यो निपृणाति, यन्मनुष्यान् वासयते, येदभ्योऽनं ददाति' यो आत्मा नै प्राणीमात्रको लोक हो, किनभने जसले दुःखीहरूको सेवा गर्दछ, त्यसको आश्रयमा सबै रहन्छन्। जसले यजन, हवन गर्दछ, त्यसको लागि देवलोकप्राप्ति हुन्छ। त्यस्तै धर्म र आख्यान, प्रवचन तथा अध्ययन, अध्यापन गर्नेले जन्मतः आएको ऋषि ऋण तिरेको हुन्छ। पितृलाई एक अञ्जुली पानीमात्र दिए पनि पितृऋणबाट मुक्त हुन्छ। धर्म्यविवाहद्वारा जन्मेको सन्ततिबाट पितृऋण तिर्न सकिन्छ। सती साध्वी पतिव्रता स्त्रीलाई अनादर गर्नुहुँदैन। महिलाको आदर गर्नुपर्दछ। जसबाट देवता पितृ पनि खुशी हुन्छन्। सबैको कल्याणै कल्याण हुन्छ। जसले मनुष्यहरूलाई खाने, बस्ने व्यवस्था गर्नसक्तछ, त्यसको कल्याण हुन्छ। *'यत्पशुभ्यस्तृणोदकं विन्दति'* जसले पशुलाई घाँस, पानी दिन्छ, त्यसबाट पशुको कल्याणका साथै उसको पनि कल्याण हुन्छ। *'यदस्य गृहेषु स्वापदा वयांसि आपिपीलिकाभ्य उपजीवन्ति'* घरमा रहने भँगेरादेखि कमिला, मूसा यावत् प्राणीलाई जसले खानेकुरा दिन्छ त्यसले तिनीहरूबाट आशिष पाउँदछ। यस्तै सकेको काम गरिरहनेको जीवन सार्थक हुन्छ। मधुसूदन सरस्वतीले पनि वेदद्वारा कर्मको अपरिहार्यता देखाएका छन्। यसरी *'तत्किं कर्मणि घोरेमां नियोजयसि केशव'* कै उत्तर यहाँ सम्ममा आएको छ।

कर्मको उपसंहार सोह्रौं श्लोकमा भएको छ। संसारका यावत् व्यक्ति कर्ममा अधिकृत छन् भने अज्ञले मात्र कर्म गर्नुपर्दछ भन्नेमा युक्ति के छ ? आत्मज्ञले कर्म किन गर्नु नपर्ने ? भन्ने प्रश्नलाई अन्तर्गर्भमा राखी यसको उत्तर मात्र क्रममा शङ्कराचार्यको भूमिका छ।

चक्रको अनुवर्तन गर्नुपर्दछ भन्ने कुरा छ। अव सबैले अनुवर्तन गर्ने अथवा पूर्वोक्त अज्ञले मात्र  वास्तवमा कर्मयोग ज्ञाननिष्ठाकै निम्ति हो। ज्ञाननिष्ठाको उपायरूपमा कर्मयोग छ। कर्म अज्ञले मात्र किन गर्ने ? भन्ने *'इत्येवमर्थम् अर्जुनस्य प्रश्नमाशङ्क्य'* अर्जुनको प्रश्न हुनसक्तछ भन्ने कुरालाई स्वयं भगवान्ले आशङ्का गरी *'स्वयमेव वा शास्त्रार्थस्य विवेकप्रतिपत्यर्थम्'* आफैँले शास्त्रार्थको धारा विवेक गर्न सकून् भनी सङ्केत भएको छ। अज्ञले पनि आत्मा चिन्नका लागि प्रयत्न गर्नुपर्दछ। त्यसका लागि कर्मयोगको आवश्यकता पर्दछ। यही कुरा देखाउँन श्रुतिको अर्थ स्वयं भगवान्ले दिनुभएको छ भनी शङ्कराचार्य भूमिका दिनुहुन्छ – *'तं वा एतमात्मानं विदित्वा'* [१७१] इत्यादि।

कर्मयोगको निष्ठामात्र फलीभूत हुँदैन। कर्मयोगको निष्ठा भैसकेपछि आत्मा बुझ्ने काममा लाग्न सक्तछ। *'तं वा एतमात्मानं विदित्वा'* परोक्ष रूपमा बुझेको आत्मा अपरोक्षरूपमा बुझेपछि भन्ने अर्थ यो श्रुतिवचनबाट आउँदछ। यो वेदान्त प्रकरण हो। यसमा दुई



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



किसिमको भ्रम हुन्छ भन्ने सिद्धान्त छ । असत्त्वापादक र अभानापादक । असत्त्वापादक भ्रम अर्थात् छैन भन्ने बुद्धिमा चढेको भ्रमलाई छ भन्ने शास्त्रज्ञानले हटाउँदछ । स्वर्ग छ, त्यहाँ इन्द्र राजा छन्, ज्ञानद्वारा मुक्ति हुन्छ भन्ने कुरामा विश्वास नगर्नेले पनि शास्त्र बुझेपछि विश्वास गर्न थाल्दछन् । शास्त्र निरूपणका आधारमा मात्र उसले विश्वास गरेकोले त्यो परोक्ष हो । बाहिरी रूपमा बुझे पनि *'असत्त्वापादक भ्रम'* हट्दछ । बाहिरी रूपमा अज्ञाननिवृत्ति हुँदैमा आत्मज्ञान हुँदैन । शास्त्राध्ययन, श्रवण इत्यादि छैन भने भ्रम हटे पनि *'अभानापादक भ्रम'* हट्दैन ।

शास्त्राध्ययनबाट असत्त्वापादक भ्रम हटे पनि सुनेको भरमा विश्वास स्थिर हुँदैन । त्यसैले ऊ भन्दछ – आत्मा अस्तीति न मे भाति' आत्मा छ भन्नेमा शास्त्र भए पनि मैले त्यो बुझेको छैन । शास्त्रको कुरा माने पनि पूर्ण विश्वास भएको भने हुँदैन । आत्मा छ रे, ज्ञानद्वारा मुक्ति हुन्छ रे भनी रेको आधारमा बुझेको ठहर्दैन । सबै गतार्थ हुनका लागि जानेबुझेका कुरा मनन गरी बुद्धिमा उतार्नु पर्दछ । त्यसरी उत्रने चेतनै हो । बुद्धिमा प्रतिभासित चेतन छर्लङ्ग देखिएपछि अभानापादकभ्रम हट्दछ भन्दछन्, मैले चाहिँ देखेको छैन भन्ने भनाइ अभानापादक भ्रम हो । ज्ञानी हुनका लागि असत्त्वापादकभ्रम हटेर मात्र पुग्दैन अभानापादकभ्रम हट्नु पर्दछ । यो देखाउँन यहाँ 'तं वा एतमात्मानं विदित्वा' इत्यादि श्रुतिवचन हो । परोक्षरूपमा बुझेरमात्र पुग्दैन । अपरोक्षरूपमा नै आत्मा बुझ्नुपर्दछ भन्ने स्पष्टताका लागि यो श्रुतिवचन आवश्यक छ ।

परोक्षरूपमा आत्मा छ भन्ने बुझेपछि असत्त्वापादकभ्रम हट्दछ भने अपरोक्षरूपमा बुझेपछि अभानापादकभ्रम हट्दछ । तं वा एतमात्मानं' यसमा 'तं' ले असत्त्वापादक अज्ञाननिवृत्ति भएको बुझाउँदछ भने असत्त्वापादक अज्ञाननिवृत्तिबाट अवशिष्ट भएको अभानापादक अज्ञानको निवृत्ति एतम्ले प्रत्यक्षरूपमा बुझेपछि हुन्छ भन्ने बुझाउँछ । यही कुरा बुझाउन यहाँ 'तं' र 'एतम्' दुईओटा विशेषण छन् । *'तं वा एतमात्मानं विदित्वेत्यादि'* श्रुतिवचनसङ्ग्रह गर्न भगवान् श्रीकृष्णबाट दुई श्लोक आएका छन् ।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मयेव च संतुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥
नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

*'तं वा एतमात्मानं विदित्वा'* यो श्रुतिवचनकै अर्थ *'यस्त्वात्मरतिरेव स्यात्'* इत्यादि हो । परोक्षभासित आत्मालाई अपरोक्षरूपमा बुझ्न प्रयत्न गर्नुपर्दछ । साधकता रहेसम्म



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अपरोक्षरूपमा बुझ्न सक्तैन। नबुझेसम्म कर्म गरिरहनु पर्दछ। बुझेपछि कर्म स्वतः हट्दछ। मिथ्याज्ञानका दुईओटा पाटामध्ये असत्त्वापादक अज्ञान प्रायः सबैमा हटेकै हुन्छ। किनभने स्वर्ग, परलोक, ईश्वर, आत्मा मोक्ष इत्यादि छ रे भन्ने सबैले मान्दछन्। तसर्थ असत्त्वापादक अज्ञाननिवृत्तिका लागि त्यति प्रयत्न गर्नुपर्दैन। अभानापादक अज्ञाननिवृत्तिकै लागि प्रयत्न गर्नुपर्दछ। असत्त्वापादक अज्ञान बाहिरी भ्रम हो भने अभानापादक अज्ञान भित्री। बाहिरी भ्रम हटेर मात्र नपुग्ने हुनाले साधकको प्रयत्न भित्री भ्रम हटाउन हुनुपर्दछ। यसै स्पष्टताका लागि *'तं वा एतमात्मानं'* इत्यादि श्रुतिवचनको अर्थ *'यस्त्वात्मरतिरेव स्यात्'* इत्यादिद्वारा निःसृत भएको छ। यो बेला 'यत्सा आदरोक्षद् ब्रह्म श्रुत्यर्थ अनुभूत हुन्छ।

आत्मामा नै रमाएर आत्मतृप्त प्राणी आत्मामा सन्तुष्ट हुन्छ। अभानापादक अज्ञानको निवृत्ति भैसकेको हुन्छ। त्यसैले आत्मतृप्त हुन्छ, आत्मसन्तुष्ट हुन्छ। त्यसपछि उसले गर्ने कर्म बाँकी रहँदैन। यही कुरा देखाउँन श्रुतिवचनको अर्थ श्रुति सूत्रानुसार भएको हो। दोस्रो अध्यायमा पनि यो कुरा आएकोले दोहोरियो कि ? भन्ने शङ्का आउन सक्तछ। वस्तुतः यहाँ कुरा दोहोरिएको छैन। आत्मनिरूपणको प्रसङ्गमा तत्, त्वं र एकवाक्यताको निरूपणमात्र भएको थियो। त्यो बुझ्न स्थितप्रज्ञ हुनुपर्दछ भनी साधनरूपमा स्थितप्रज्ञताको चर्चा भएको थियो। स्थितप्रज्ञतामा उभयविधाको कुरा छ अर्थात् कृतार्थका निम्ति लक्षण र अकृतार्थको साधन। त्यहाँ प्रतिपादित कुरा साधनभाव र फलभावमा आएका दुवैका लागि हो भने *'यस्त्वात्मरतिरेवस्यात्'* यहाँको साधनभावमा रहेकाको निम्ति होइन, फलभावमा आएकाको निम्ति हो। तसर्थ त्यहाँको कुरा यहाँ दोहोरिएको छैन।

अभानापादक अज्ञाननिवृत्त भैसकेपछि मिथ्याज्ञाननिवृत्त हुन्छ। त्यसपछि ब्राह्मण हुन्छ। ब्राह्मण पनि दुई किसिमका हुन्छन् – जाति ब्राह्मण र ब्रह्म बुझेका ब्राह्मण। सूक्ष्म कुराको चिन्तन गर्दै अखण्डावृत्ति समाप्त गर्न ब्रह्म जानेको ब्राह्मणले सक्तछ। ब्रह्म–अणति – गच्छतीति ब्राह्मणः – बढ्दा बढ्दै जानेको क्रममा ब्रह्मसम्म पुगेर त्यसैमा मिल्नसक्ने ब्राह्मण हो। जातिब्राह्मण यस स्थितिमा पुग्न सक्तैन। *'ब्राह्मणः पाण्डित्यं निर्विद्य बाल्येन तिष्ठासेत्'* [१७३] – पाण्डित्य सम्पादन भएपछि ब्राह्मण बालक जस्तै हुन्छ। जातिब्राह्मण होलान् तर मिथ्याज्ञाननिवृत्ति नभई ब्रह्म जान्ने ब्राह्मण हुन सक्तैन। *'मिथ्याज्ञाना सन्तो ब्राह्मणाः मिथ्याज्ञानावधि अवश्यं कर्तव्येति पुत्रैषणादिभिः'* – अभानापादक अज्ञान नहटेका मिथ्याज्ञानी हुन्। अभानापादक अज्ञाननिवृत्तिकै लागि कर्म गर्नुपर्दछ। पुत्रैषणादिद्वारा निर्मुक्त हुनुपर्दछ। त्यसपछि *'व्युत्थाय अथ भिक्षाचर्या'* भिक्षा माग्ने संन्यासी हुन्छ। अभानापादक अज्ञान निर्मुक्त व्यक्तिलाई संन्यासी भनिएको छ। यस्तालाई कर्म बन्ध हुँदैन, शरीरयात्राका लागि कर्ममा प्रवृत्ति हुन्छ। संन्यासी



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सांसारिक चिन्ताबाट निर्मुक्त हुन्छन्। अरू कुरामा ज्ञानीहरू चासो राख्दैनन् र चासो हुँदैन पनि। यसरी नै *'तं वैतमात्मानं विदित्वा'* यस श्रुतिवचनको अर्थ शङ्कराचार्यको भनाइबाट छर्लङ्गिएको छ। किन ? यसबारे शङ्कराचार्य अगाडि दिनुहुन्छ – *'शास्त्रार्थस्य विवेकप्रतिपत्त्यर्थम्'* जिज्ञासु साधकले बुझोस् भन्ने हेतुले परकारुणिक परमेश्वरद्वारा श्रुतिवचनको अर्थ बिवृत भएको हो। शास्त्रार्थविवेकका लागि श्रुतिवचनको अर्थ भएको कुरा शाङ्करभाष्यद्वारा बुझिन्छ। कर्मनिरूपणको प्रसङ्गमा प्रदत्त श्लोकद्वयद्वारा (१७ र १८) ज्ञानीको स्तुति भएको छ। ज्ञानीको स्तुति किन ? संन्यास ज्ञान मुक्तिको साधन हो, कर्मनिष्ठा ज्ञानका लागि पनि चाहिने साधन मात्र हो। शास्त्रार्थविवेक ज्ञानीले गर्न सक्तछ भन्ने देखाउँन पनि श्रुतिको अर्थनिरूपण भएको हो। मिथ्याज्ञाननिवृत्तसाधक जीवन्मुक्त हो।

जीवन्मुक्त साध्यभावमा पुगेको हुन्छ। त्यसैलाई यहाँ भिक्षार्थी भनिएको हो। त्यस्ताको विचरण लोककल्याणकै लागि हुन्छ। लोकमा त्यस्ता ज्ञानीको प्रशंसामात्र हुन्छ। यस्तामा अश्वत्थामा, परशुराम आदि पर्दछन्। यस्ताको दर्शनमात्र गर्ने साधकको पनि जीवन सार्थक हुन्छ। परशुराम त वास्तवमा भगवान् विष्णुकै अवतार हुन्। उनी अदृश्य छन्। ज्ञानचक्षुले उनलाई देख्न सकिन्छ। उनी आत्मज्ञानी हुन्। आत्मज्ञानीले अग्निहोत्रादि कर्म गरिरहनु पर्दैन न त प्रारब्ध कर्माधीन शरीरयात्रामा कर्म बन्ध नै हुन्छ। यसैका लागि शङ्कराचार्य भूमिका दिनुहुन्छ – *'न तेषां आत्मज्ञाननिष्ठा व्यतिरेकेण अन्यत्कार्यमस्ति'* उनीहरूमा आत्मज्ञानरूपकार्य बाँकी रहेको हुन्छ अरू हुँदैन। गीताशास्त्रमा ज्ञाननिष्ठाकै प्रतिपादन हो। कर्मनिष्ठा सहायक रूपमा प्रतिपादन भएको हो भन्ने *'ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनां'* द्वारा आएकै हो। यही कुराको परिचोदन *'एवं श्रुत्यर्थम् इह गीताशास्त्रे प्रतिपिपादयिषितम्'* अर्थात् श्रुतिको उत्तम अर्थ गीता शास्त्रमा प्रतिपादन गर्न आँटेको कुरा यही हो भन्ने पङ्क्तिद्वारा भएको छ।

*'आविष्कुर्वन्'* लुकेर रहेको कुरा बाहिर देखाउँनु अर्थात् परोक्षरूपमा रहेको वस्तुलाई अपरोक्षीकरण गर्नु आविष्कार हो, नयाँ कुरा पत्ता लगाउनु आविष्कार होइन। *'आविः सन्निहितं गुहाचरं नाम'* [१७४] इत्यादि उपनिषत् नै छ। गीताशास्त्रमा प्रतिपादन गर्नआँटेको ज्ञाननिष्ठा भूमिकामा पनि विस्तृतरूपमा आएको छ। मधुसूदन सरस्वती र नीलकण्ठले पनि यसको भूमिका दिएका छन्।

नीलकण्ठी अनुसार जगच्चक्रलाई नचलाउने हो भने प्रत्यवाय लाग्दछ। तसर्थ जगच्चक्र चलाउनु पर्दछ। इन्द्रियारामले जगच्चक्र चलाइरहनु पर्दछ अथवा परमार्थको जिज्ञासुले पनि भन्ने भूमिका मधुसूदन सरस्वतीले दिएका छन्।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आत्मरत्यादि तीन मध्ये एउटा मात्र पूरा नभए कर्म छोड्न मिल्दैन । यी तीनको पूर्णतापछि कर्म छोड्ने होइन, त्यो आफैँ छुट्दछ । आत्मरतिमा 'रति' के हो ? रति दुई किसिमको हुन्छ – लोकरति र आत्मरति । लोकरति नबुझी आत्मरति बुझ्न सकिँदैन । लोकमा स्त्रीपुरुषसम्बन्ध रति हो । लोकरति भएसम्म कर्म गरिरहनु पर्दछ । *'यस्तु सांख्य आत्मज्ञाननिष्ठ'* ज्ञाननिष्ठा भएकालाई कर्मको अपेक्षा हुँदैन । आत्मसन्तुष्ट व्यक्ति *'सर्वतो विप्रकृष्ट निकेतः'* सम्पूर्ण विषयवासनाबाट निर्मुक्त हुन्छ अर्थात् विषयको वास्तै हुँदैन । यस्ता व्यक्तिले संसारमा गर्नुपर्ने कुनै काम बाँकी हुँदैन ।

यहाँसम्म प्रतिपादित कुरा ज्ञाननिष्ठामा पुगेकाको निम्ति हो । तृप्तिका निम्ति अज्ञानीलाई जस्तो अन्नपानादिको अपेक्षा ज्ञानीलाई पर्दैन । आत्मरति, आत्मतृप्त र आत्मसन्तुष्ट मध्ये विषयवासनामा रम्नु रति हो । *'स्रक्चन्दनवनितासु'* सुगन्धित चन्दन, सुन्दर माला, स्त्री पुरुषको सम्बन्धबाट हुने आनन्दाभिव्यक्ति लोकरति हो । ज्ञानीका लागि स्रक्चन्दनवनितादिको अपेक्षा हुँदैन । ज्ञानी पुरुष आत्मरत हुन्छन् । ज्ञानीलाई आत्माद्वारा ज्ञानतृप्ति हुन्छ । धेरै धन सम्पत्ति जम्मा गर्न सके सन्तोष हुन्छ भन्ने अज्ञानीले ठानेको हुन्छ । रति, तृप्ति र सन्तोष यी तीनओटै कुरा भिन्न विषय प्राप्त हुन्छ भन्ने लोकस्थितिमा छ तर ज्ञानीका निम्ति यी तीनै कुरा भिन्न विषयबाट होइन एउटै आत्ममा मिल्दछन् । रति, तृप्ति र सन्तोष प्राप्तिका लागि अज्ञानीलेजस्तो ज्ञानीले बाहिरी विषयमा भौँतारिनु पर्दैन, आत्माद्वारा प्राप्त हुन्छ ।

रति, तृप्ति र सन्तोष औपाधिक अर्थात् उपाधिबाट हुन्छन् । सर्वदा रहन्छन् भन्ने छैन । तसर्थ लोकको तृप्ति रति र सन्तोष विषय सापेक्ष हुन्छ भने ज्ञानीको रति, तृप्ति र सन्तोष विषय निरपेक्ष हुन्छ । अझ निष्कर्षमा भन्नुपर्दा रति भनेर विषयासक्ति बुझिन्छ । विषयविशेषको सम्पर्कबाट हुने सुखविशेष तृप्ति हो । कसैलाई पायस मन पर्दछ भने कसैलाई अरू नै किसिमको परिकार मन पर्दछ । रुचि अनुसारको विषयप्राप्तिबाट हुने सुखसामान्य सन्तोष हो । लोकस्थितिमा रति र तृप्ति सुखविशेषमा पर्दछन् भने सन्तोष सुखसामान्यमा पर्दछ । यसरी सामान्यतया रति, तृप्ति र सन्तोषमा वर्गीकरणपूर्वक भेद देखाउँन सकिन्छ । सुख विशेष भएकाले मोद, प्रमोद र आनन्दमा जस्तै सूक्ष्म भेद छ भन्न पनि सकिन्छ। लोक स्थितिलाई अतिक्रमण नगरी आत्मरति, आत्मतृप्त र आत्मसन्तुष्ट तीनओटा विशेषण ज्ञानीमा छ । ज्ञानीको लोकमा कुनै पनि काम बाँकी हुँदैन । ज्ञानीको पनि कुनै कर्म बाँकी रहन्छ कि ? भन्ने सम्भावित आशङ्कामा शङ्कराचार्यबाट आएको छ ।

*'विदुषः आत्मविदः कार्य न विद्यते'* विद्वान्मा बाहिरी वस्तुको अपेक्षा हुँदैन । तसर्थ संसारमा उसले गर्ने कर्म बाँकी हुँदैन । ज्ञाननिष्ठामा पुगेका लागि रति, तृप्ति र सन्तोष मनोवृत्ति



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विशेष हुन्छ । *'धी ह्री इत्येतत्सर्वं मन एव'* [१७५] सबै मन नै हुन् भन्ने श्रुतिवचन छ । मनोवृत्तिविशेष भएकाले यिनको ज्ञान साक्षीले मात्र गर्न सक्तछ, प्रमाताले गर्न सक्तैन । साक्षी र प्रमाताको विस्तृत विवरण दोस्रो अध्यायमा छ ।

परमपदमा पुगेका ज्ञानीका निम्ति रति, तृप्ति र सन्तोष यी तीनै कुरा अत्यन्त निःसार हुन्छन् अर्थात् घुन लागेको मकै जस्तै निरर्थक हुन्छन् । यो कुराको विवरण *'यावानर्थ उदपाने'* दोस्रो अध्यायको ४६ औँ श्लोकमा छ । परमानन्दाद्वयवस्तुको प्राप्ति भैसकेको स्थितिमा आत्माद्वारा रति तृप्ति र आनन्द हुन्छ ।

उपचारवृत्तिद्वारा लोकलाई बुझाउन आएका हुन् । श्रुति यसप्रकार छ – *'आत्मक्रीड आत्मरतिः क्रियावान् एष ब्रह्मविदां वरिष्ठः'* [१७६] आत्मज्ञानी आत्मक्रीड, आत्मरति हुन्छ । ब्रह्म जान्नेमा वरिष्ठ पनि त्यही हुन्छ । ब्रह्मविद् वरिष्ठ क्रियायुक्त हुन्छ अर्थात् अल्छी हुँदैन । अल्छीलाई लक्ष्मीले वरण गर्दिनन् । यहाँ लक्ष्मीको अर्थ श्रीको अर्थसँग प्राय मिल्दछ । श्रीको अर्थ सूक्ष्म हुन्छ भने लक्ष्मीको अलि स्थूल । श्रीको व्याख्या पुष्पिका विवरणबाट जान्न सकिन्छ । श्रीलक्ष्मी, राज्यलक्ष्मी र विद्यालक्ष्मी कसैले पनि अल्छीलाई वरण गर्दिनन् । विद्यारूपी लक्ष्मीले जसलाई वरण गरेकी हुन्छिन् त्यो ब्रह्मविद्वरिष्ठ हुन्छ । *'यस्तु क्रियावान् स विद्वान्'* क्रियायुक्त विद्वान् हो । यसैगरी *'आत्मरतिः आत्मक्रीड आत्ममिथुन, आत्मानन्दः स स्वराड् भवति'* [१७७] जसको आत्मामा नै रति, आत्मामा नै क्रीडा, आत्मामा नै सम्बन्ध, आत्मामा नै आनन्द हुन्छ त्यो स्वयं राजा हुन्छ । राज्यको मात्र राजा होइन ज्ञानी पुरुष त्योभन्दा ठूलो राजा हो । सबै कुराको आफूभित्रै पूर्णता भएको ज्ञानी 'स्वराड्' हो । स्वराड् सर्वमान्य हो भन्नेमा द्विमत छैन । राज्यको राजा अरूले मानेको भरमा हुन्छ भने आत्मज्ञानी पुरुष आफैँ राजा हुन्छ । स्वराड्ले गर्नुपर्ने काम बाँकी हुँदैन । अन्वयविधाद्वारा ज्ञानीले गर्ने काम बाँकी छैन भनी पहिलो श्लोकमा देखाइयो भने *'नैव तस्य कृतेनार्थः'* इत्यादि दोस्रो श्लोकमा व्यतिरेक विधाद्वारा त्यही कुरा छ ।

आत्मविद्लाई लौकिकसमृद्धि तथा स्वर्गापवर्गको लिप्सा हुँदैन । फलको कामना नहुने हुँदा कर्म गर्नुको प्रयोजन पनि रहँदैन । कर्मद्वारा यो लोक र स्वर्गलोक प्राप्ति हुन्छ । त्यो स्थायी छैन । त्यसैले *'यथा कर्मचितो लोकः क्षीयते एवमेवाऽमुत्रपुण्यचितो लोक क्षीयते'* [१७८] भन्ने श्रुतिवचन छ । धान, मकै, गहुँ आदि नखाए पनि पुरानु भएपछि धुल्याहा आदि लागी समाप्त प्राय हुँदै गए जस्तै स्वर्गादिफल पनि समयक्रमले समाप्त हुन्छ । सधैँ रहँदैन ।

*'दृष्टवदानुश्रविकः स ह्यविशुद्धिः क्षयातिशययुक्तः तद्विपरीतः श्रेयान् व्यक्ताव्यक्तज्ञविज्ञानात्'* [१७९] सांख्यकारिकाले पनि उपर्युक्त श्रुतिवचनको अर्थ स्पष्ट गरेको छ । आनुश्रविक भनेको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्वर्गादिरूप फल हो त्यो 'दृष्टवत्' लोकमा प्राप्त धान मकै जस्तै सकिन्छ। फल प्रयत्न साध्य हुन्छ। प्रयत्न नित्य छैन भने त्यसबाट प्राप्त फल नित्य हुँदैहुँदैन। यसप्रकार फल अनित्य हुन्छ भन्ने स्वतः सिद्ध छ। यसैमा आत्मज्ञान फल हो या होइन ? फल भए त्यो पनि अनित्य हुन्छ भन्ने शङ्का आउनसक्तछ। उपचारवृत्तिद्वारा आत्मज्ञानलाई फल भनिन्छ तापनि वास्तवमा त्यो फल होइन। *'स्वराड् भवति'* आफैँ पूर्ण हुन्छ, स्वयं राजा हुन्छ अर्काको अपेक्षा गर्दैन भने श्रुति अनुसार आत्मज्ञान फल हुने कुरै आएन।

आत्मा नित्य छ। बीचको अनित्य उपाधिले आत्मदर्शन हुनसक्तैन। अनित्यवस्तु हटाएपछि स्वतः आत्मदर्शन हुन्छ। तसर्थ त्यो फल होइन श्रुतिले पनि भन्दछ – *'नास्ति अकृतः कृतेन'* [१८०] अनित्यरूप प्रयत्नद्वारा नित्य आत्मा प्राप्त हुन्छ भन्ने कल्पना गर्नमिल्दैन। न्याय सर्वत्र समान हुन्छ। *'एकत्र निर्णीतो न्याय असति बाधके स्थलान्तरेष्वपि प्रवर्तते'* एक ठाउँमा निर्णय भएको न्याय बाधापर्दैन भने अन्यत्र पनि लागू हुन्छ। कर्मजन्य फलमा विनाशित्व छ भन्ने कुरा परीक्षाद्वारा सिद्ध भएपछि अदृष्टरूप स्वर्गादि फल पनि विनाशी हो भन्ने अनुमानद्वारा बुझ्नु पर्दछ।

*'परीक्ष्य लोकान् कर्मचितान् ब्राह्मणो निर्वेदम् आयात्'* फलको मतलब ज्ञानीलाई हुँदैन। यही दृष्टिमा *'नैव तस्य कृतेनार्थ'* तिनीहरूको कर्मको कुनै प्रयोजन छैन। कर्मको प्रयोजन छैन भने नगर्नाले के हुन्छ ?

*'नाकृतेनेह कश्चन' 'नाकृतेनेह कश्चन व्यपाश्रयोऽस्ति'* नगर्नाले पनि कुनै दोष अर्थात् प्रत्यवाय लाग्दैन। सांसारिक वस्तुको अपेक्षा पर्दैन। गरेर पनि अर्थ छैन, नगरेर पनि हानि छैन भन्ने यही पूर्वार्धकै व्याख्या उत्तरार्धले गर्दछ। अज्ञानी र साधकलाई कर्म नगरे हानि हुन्छ, स्वराड्लाई हुँदैन। *'न चास्य सर्वभूतेषु कश्चिदर्थव्ययाश्रयः'* ब्रह्मविद्वरिष्ठ व्यक्ति स्वराड् भैसकेको हुनाले भूत वस्तुको आश्रयको अपेक्षा पर्दैन। *'यावानर्थ उदपाने'* इत्यादि श्लोक विवरण र यहाँको विवरणको विषय समान छ।

साधनमार्गमा लागेका, तपस्यामा जुटेका साधकका मार्गावरोधका लागि देवताहरू प्रयत्न गर्दछन्। अप्सरादि पठाई तपस्या भङ्ग पनि गराइदिन्छन्। ब्रह्मर्षि बन्न लागेका विश्वामित्रलाई देवताले उर्वशी पठाई तपस्या भङ्ग गरेको प्रसङ्ग छ। ब्रह्मविद्वरिष्ठलाई देवताले पनि केही गराउँन सक्तैनन्। ती माथिल्लो श्रेणीमा पुगेका हुन्छन्। स्वमार्गबाट बिचलित गराउँन सक्ने सम्भावना हुँदैन। श्रुतिले देखाएको छ – *'तस्य ह देवताना भूत्या ईशते आत्माह्येषां भवति'* [१८१] ब्रह्मविद्वरिष्ठको समृद्धि देखेर देवताहरूले रिस गर्न सक्तैनन्। ती देवताको पनि आत्मा भैसकेका हुन्छन्। त्यस्ताको रिस गर्ने कुरै आएन। यस्ता ज्ञानी पुरुषलाई *'नैनं कृताकृते तपतः'*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



[१८२] गरेको र नगरेको कामले ताप हुँदैन । भन्ने कुरा श्रुतिले स्पष्ट गरेको छ । ज्ञानी पुरुषले देव आराधना गर्नुपर्दछ भन्ने पनि छैन ऊ त आत्मस्वरूप भइसकेको हुन्छ ।

कर्ममार्गबाट बिचलित हुन लागेका अर्जुनलाई उपर्युक्त प्रसङ्ग देखाएको हो । मोक्षभावनामा अर्जुन पुगेका छैनन्, स्वराड् भएका छैनन् । स्वराड् ब्रह्मविद्वरिष्ठले मात्र कर्म नगर्ने हो । साधनमार्गका साधकले कर्म नगर्ने भन्ने होइन । ब्रह्मविद्वरिष्ठलाई मात्र कर्मले छुँदैन । कुन स्थितिमा ब्रह्मविद्वरिष्ठ हुन्छ ? भन्नेमा यस्तो विवरण छ – ज्ञान र अज्ञानका सातसातओटा भूमिका हुन्छन् । ब्रह्मविद्का पनि चार तह छन् – ब्रह्मविद्, ब्रह्मविद्वरः ब्रह्मविद्वरीयान् र ब्रह्मविद्वरिष्ठ । यहाँ ब्रह्मविद्वरिष्ठको प्रसङ्ग भएकोले अज्ञानका सात भूमिको प्रसङ्ग आवश्यक छैन । ज्ञानका सात भूमिको विवरण सान्दर्भिक छ । ज्ञानका सातओटै भूमिका पार गरेको व्यक्ति ब्रह्मविद्वरिष्ठ हुन्छ । सात भूमिका यसप्रकार छन् –

ज्ञानभूमिः शुभेच्छाख्या प्रथमा परिकीर्तिता ।
विचारणा द्वितीया स्यात् तृतीया तनुमानसा ॥

*'शुभेच्छा'* नामको पहिलो ज्ञान भूमि हो भने दोस्रो *'विचारणा'* र तेस्रो *'तनुमानसा'* हो ।

सत्त्वापत्तिश्चतुर्थी स्यात्ततोऽसंसक्तिनामिका ।
पदार्थाभावना षष्ठी, सप्तमी तुर्यगा स्मृताः ॥

त्यस्तै *'चौथोसत्त्वापत्ति'* पाँचौ *'असंसक्ति'* छैटौं *'पदार्थभावना'* अर्थात् पदार्थ विचार नगर्ने र सातौं ज्ञानभूमि 'तुर्यगा' हो । यी सात भूमिकामध्ये नित्यानित्यवस्तुविवेकको आधारमा अनित्यफल मिल्ने सांसारिक विषयमा लाग्नु व्यर्थ छ। मोक्षमार्गमा लाग्ने निश्चय गर्नु शुभेच्छा हो । ज्ञानको पहिलो भूमिका यही हो। ज्ञानको पहिलो भूमिका दृढ भएपछि *'ततः समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम्'* [१८३] श्रोत्रिय र ब्रह्मनिष्ठ गुरु कहाँ समिधा लिई जान्छ किनभने *'रिक्तपाणिर्नि गच्छेत् देवतां ब्राह्मणं गुरुम्'* [१८४] देवता, गुरु र ब्राह्मणकहाँ प्रथमवार जाँदा रित्तो हात जानुहुँदैन। गुरुकहाँ गएपछि गुरुले भनेको कुरा सुन्नुपर्छ। उत्तम संस्कार भएकाले श्रवणद्वारा कुरा बुझ्दछन् भने कम संस्कार भएकाले मनन, निदिध्यासन पछि बुझ्दछ। यसलाई विचारणा भन्दछन्। यही ज्ञानको दोस्रो भूमिका हो। श्रवण, मनन, निदिध्यासन यी ज्ञानको दोस्रो भूमिकामा पर्दछन् ।

*'तनुमानसा'* तेस्रो ज्ञानभूमि हो। 'तनु' भनेको शरीर हो। शरीर पनि स्थूल र सूक्ष्म गरी दुई किसिमको हुन्छ। सूक्ष्मशरीरमा प्रधान मन हुन्छ। संसारमा दगुर्ने र त्यसबाट हट्नेमा प्रधान मन हो। मनलाई दुब्लो पार्नु अर्थात् चाहिने न चाहिने ठाउँमा भौंतारिएको मनलाई त्यसबाट हटाइदिनु *'तनुमानसा'* हो। मनन र निदिध्यासनबाट मनलाई एकाग्र गर्न



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सके ज्ञानको तेस्रो भूमिकामा पुगेको ठहर्दछ । सूक्ष्म कुरा बुझ्न सक्ने योग्यता हुन्छ । पहिलो, दोस्रो र तेस्रो भूमिका जाग्रदवस्था हो । यी तीन अवस्था ब्रह्म जान्न साधन हुन् । यी अवस्था आत्मसात् नगरी गुरुसँग पढ्ने अधिकारी हुँदैन । यी अवस्थालाई आत्मसात् गरेका योगीले संसारलाई परमात्मस्वरूप हो भन्ने ठानेका हुन्छन् । आत्मा र जगत्को अभेदेन भान त्यस्ता योगीलाई हुन्छ । यही कुरा यसरी छ ।

भूमिका तृतीयात्वेतत् रामजाग्रदिति स्थितिम् ।
यथावद्भेदबुद्ध्येदं जगज्जाग्रति दृश्यते ॥

ज्ञानका तीन भूमिका जाग्रद्अवस्था हुन् । त्यस बेलासम्म भेदबुद्धि समाप्त भएको हुँदैन संसार परमात्मा हो भन्ने ठानेको हुन्छ । त्यसैले तीन भूमिका जाग्रद्अवस्था हो । ज्ञानको चौथो भूमिका जाग्रदवस्थाभित्र पर्दैन । जाग्रत् भनेर यहाँ सुतेर उठेको भन्ने अर्थ होइन । *'या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी, यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः'* यस श्लोकको जाग्रत् र स्वप्न भन्ने अर्थ लिनुपर्दछ । सत्त्वापत्ति चौथौ भूमिका हो । यो स्वप्नावस्था पनि हो । ज्ञानको चौथो भूमिकामा पुगेपछि सांसारिक वस्तु स्वप्न जस्तै हुन्छन् । अर्थात् सांसारिक वस्तु र संसार नक्कली रहेछन् भन्ने हुन्छ ।

अद्वैतभाव स्थिर हुन्छ । द्वैतभावको शमन हुन्छ । साधक यस्तो स्थितिमा पुग्दछ । अर्थात् *'ब्रह्मविद्'* हुन्छ । तीन भूमिकासम्म ब्रह्मविद् हुन सक्तैन ।

पाँचौं छैटौं र सातौं भूमिका जीवन मुक्तिकै अवान्तर भेद हुन् र पनि यिनमा केही फरकभने छ । असंसक्ति ज्ञानको पाँचौं भूमिका हो । यहाँ पुगेपछि समाधिको स्थितिमा पुग्दछ । समाधि पनि दुई किसिमको हुन्छ – निर्विकल्पक र सविकल्पक । सविकल्पक समाधिमा वस्तुको भान हुन्छ निर्विकल्पकमा हुँदैन । निर्विकल्पक समाधिमा जान लागेको अवस्था हो । असंसक्ति । यो सुषुप्ति हो । यहाँ पुग्दा स्वप्नावस्था पूरा भैसकेको हुन्छ । सांसारिकवस्तुप्रति स्वयं विरक्त हुन्छ । त्यहाँ पुगेको व्यक्ति ब्रह्मविद्वर हो । ज्ञानको चौथो भूमिकासम्म 'ब्रह्मविद्' हुन्छ भने पाँचौंमा पुगेपछि 'ब्रह्मविद्वर' हुन्छ । धेरै कालसम्म निर्विकल्पसमाधिमा अभ्यास भैसकेपछि 'पदार्थाभावना' नामको छैटौं भूमिकामा पुग्छ अर्थात् पदार्थलाई सम्झने स्थिति पनि रहँदैन । यो सुषुप्तिकै अवस्थामा पर्दछ तापनि पहिलेको जस्तोमात्र होइन, यो गाढा सुषुप्तिमा पर्दछ । म यति निदाएँ कि केही थाहा भएन भन्ने कुरा गाढा सुषुप्तिभित्रै पर्दछ । यसरी पदार्थाभावना नामको ज्ञानभूमिको स्थितिमा पुगेपछि स्वयं विरक्त हुने भावना पनि सकिन्छ । त्यसपछि खाने, लाउने, बस्ने इत्यादि कुराको पनि उसलाई वास्ता हुँदैन । कसैले दिए खाइदिन्छ, लाइदिन्छ अन्यथा भोकै पनि बस्दछ नाङ्गै पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हिँड्दछ । त्यसलाई संसारको वास्ता हुँदैन, त्यो *'ब्रह्मविद्वरीयान्'* हो । परप्रेरणाद्वारा मात्र ऊ चल्दछ, देवहूतिको स्थिति यस्तै थियो । ब्रह्मविद्वरीयान्को स्थितिलाई सङ्केत गर्दै योगवासिष्ठको श्लोक यसरी आएको छ –

पञ्चमी भूमिकामेत्य सुषुप्तिपदनामिका ।
षष्ठीं गाढसुषुप्त्याख्यां क्रमात्पतति भूमिकाम् ॥

पाँचौं भूमिका पार गरी गाढासुषुप्ति नामिका छैटौं भूमिकामा पुगेको व्यक्ति ब्रह्मविद्वरीयान् हुन्छ । यो निर्विकल्पकसमाधिको अन्तिम अवस्था हो । यस स्थितिमा पनि निर्विकल्पकसमाधि पूर्णरूपमा सकिएको हुँदैन । स्वतः र परतो व्युत्थान नहुने सातौं अवस्था हो । यस अवस्थामा पुगेकालाई न खानु पर्दछ न त सुत्नु नै । वस्त्र धारण गरेको अथवा नगरेको पनि पत्तै हुँदैन । त्यस स्थितिको व्यक्ति ज्ञान पुञ्ज हो । त्यो भूमिकाको नाम तुर्यगा हो । त्यस स्थितिमा पुगेपछि परमेश्वरद्वारा प्रेरित प्राणवायुले त्यस्ताको शरीर धानेको हुन्छ । परिपूर्णपरमानन्दघन सातौं भूमिकामा पुगेपछि हुन्छ । यो तुरीयावस्था हो । तुरीयावस्थामा पुगेको *'ब्रह्मविद्वरिष्ठ'* हो । ब्रह्मविद्वरिष्ठ भैसकेपछि गर्नुपर्ने केही बाँकी हुँदैन । यस्तै व्यक्तिलाई सङ्केत गर्दै –

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥
नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥

यी दुई श्लोक सूत्ररूपमा दिनुभएको हो । यी दुई श्लोकको एक वाक्य छ । छैटौं भूमिका पार गरी सातौंमा पुगेको तुरीय हो ।

षष्ठ्यां भूम्यामसौ स्थित्वा सप्तमी भूमिमाप्नुयात् ।
किञ्चिदेवैष सम्पन्नस्त्वथवैष न किञ्चन ॥

सातौंमा पुगेका विदेह मुक्त हुन् । *'विगतो देहाभिमानो यस्य'* देहाभिमान मात्र समाप्त भए पनि विदेह मुक्त हुन्छ । कारण शरीरनिवृत्ति भैसकेको पनि विदेह मुक्त हुन्छ । यहाँ विदेह मुक्तिले प्रकृतिलय भन्दा तल्लो देहाभिमान समाप्त भएको अवस्थालाई सङ्केत गरेको होइन, कारण शरीरसमेत निवृत्त भई कैवल्यावस्थालाई सङ्केत गरेको हो । यही कुरालाई सङ्केत गर्दै – *'विदेहमुक्तता त्यक्ता सप्तमी योगभूमिका । अगम्यां वचसां शान्ता सा सीमा योग भूमिषु'* [१८५] सातौं भूमिका पुगेपछि योगभूमिको सीमा पूरा हुन्छ । योभन्दा माथि जान प्रयत्न गरिरहनु पर्दैन । योगभूमिको अन्तिम भूमि यही हो । यसरी सप्तमी भूमिकामा पुगेपछि *'न तस्य प्राणा उत्क्रामन्ति ब्रह्मैव सन् ब्रह्माप्येति'* [१८६] त्यसको प्राणले उत्क्रमण नगरी



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ब्रह्ममा नै मिल्दछ । सातौँ भूमिको देह चरम देह हो । यो प्रसङ्ग जस्तै –

देहञ्च तं न चरमःस्थितमुत्थितं वा सिद्धो विपश्यति यतोऽध्यगमत्स्वरूपम् ।
दैवादुपेतमत दैववशादुपेतं वासो यथा परिकृतं मदिरामदान्धः ॥[१८७]

जसरी जँड्याहालाई आफूले लुगा लगाएको, नलगाएको थाहा हुँदैन, त्यसैगरी सातौँ भूमिकामा पुगेका ज्ञानीलाई शरीर भएको, नभएको थाहा हुँदैन तापनि प्रारम्भकर्मको आधारमा भएको शरीर रहेसम्म लोकमा विचरण गर्दछ । उसको निम्ति स्वप्न जस्तै शरीर छ । देह छोडेपछि देहरूपमा जाने चेष्टा गर्दैन । यसमा *'स्वाप्नं पुनर्न भजते प्रतिबुद्धवस्तुः'* [१८८] उक्ति प्रमाण छ । श्रुति पनि छ – *'अहिर्निर्ल्वयनी वल्मीके मृता प्रत्यस्ता शयीतैवमेवेदं शरीरं शेतेऽथायमशरीरो मृतः प्राणो ब्रह्मैव तेज एव इति'* [१८९] सर्प आफूले घर बनाउँदैन । मूसाको दुलो अथवा धमिराको गोलो भित्र बस्दछ । त्यहीँ सुत्दछ । यस्तै ज्ञानी पुरुष पनि मूसाको प्वालमा सर्प बसेझैँ प्रारब्धकर्म रहेसम्म शरीरमा बस्दछ । उसलाई आफ्नो घरको चिन्ता हुँदैन । प्रारब्धकर्माधीन शरीर समाप्तिपछि ऊ ब्रह्म नै हुन्छ । त्यस्तो ब्रह्मविद्वरिष्ठ हो । यस्ताले कर्म गर्नुको प्रयोजन छैन । मधुसूदन सरस्वती भन्छन् –

चतुर्थी भूमिकाज्ञानं तिस्रः स्युः साधनं पुरा ।
जीवन्मुक्तेरवस्था तु परास्तिस्रः प्रकीर्तिताः ॥

तीन भूमिकाबाट ज्ञानका साधनरूपमा आउँदछन् । चौथोबाट ज्ञान हुन थाल्दछ । बाँकी रहेका तीनओटा जीवन्मुक्तिका अवस्था हुन् । *'प्रथमं भूमित्रयमारुढोऽज्ञ इति'* पहिलो तीनओटा भूमिकामा आरुढ भएको अज्ञ छ भने पनि त्यसलाई कर्मले बाँध्दैन भने सातौँ भूमिकासम्म पुगिसकेकाको कुरै भएन । त्यस्ताले कर्म गरेनन् भन्दैमा तिमीजस्ताले कर्म नगर्न मिल्दैन भन्ने उपदेश भगवान्बाट अर्जुनलाई भएको छ । कर्मसामान्यमा अनासक्ति यो कर्मको प्रसङ्ग हो र पनि कर्म गर्नुपर्ने कि नपर्ने ? भन्ने निर्धारण ज्ञानीको स्वरूपाख्यान भएको हो । कर्माधिकारीले कर्म गर्नुपर्दछ । यसबारे प्रसङ्ग छ ।

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥

तेस्रो अध्याय शुरुदेखि यहाँसम्म निरुपित श्रुति, युक्ति, अनुभव र प्रमाणका आधारमा ज्ञानमा अधिकार भै नसकेकाले कर्म छोड्नुहुँदैन भन्ने छ । निरन्तर कर्म गर्नुपर्दछ । अनासक्त कर्मबाट पुरुष परमपदमा पुग्ने निश्चित छ । *'कार्यं कर्म समाचर'* राम्रोसँग कर्म गर्नुपर्दछ । फेरि असक्तो ह्याचरन्कर्म दोहोरिएको छ । कर्ममा विशेष जोडका निमित्त अर्थानुवाद हो । अभ्यास हो । यस्तोमा दोहोरिए पनि दोष हुँदैन । अर्जुनलाई निमित्त बनाई



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भगवान्ले गीतोपदेश गर्नुभएको हो। अर्जुनजस्ताले नित्यनैमित्तिक जस्तै युद्धरूप कर्म छोड्नुहुँदैन। युद्धमा को मर्छ कसले मार्छ ? भन्ने आकङ्क्षा विना नै अनासक्त कर्म गर्नुपर्दछ। जसबाट श्रेयोमार्ग प्रशस्त हुन्छ। यस श्लोकबाट आउने सामान्यार्थ यही हो।

*'परमाप्नोति पूरुषः'* यसमा पूरुषको अर्थ पुरुष हो। *'पुरुष एव पूरुष इत्यर्थः'* यस श्लोककै भूमिकामा छ। सम्यक् ज्ञाननिष्ठा भैनसकेकाले कर्म गर्नुपर्दछ भन्नु 'यतः' पद हो। यतः – ज्ञाननिष्ठामा नपुगेकाले, एवं– कर्म गर्नुपर्दछ, तस्मात् – ज्ञाननिष्ठामा नपुगेकैले, असक्त सततं – निरन्तर कर्म गर्नुपर्दछ। कर्मबाट बन्धन हुन्छ कि ? भन्ने आशङ्का नआओस् भन्नका लागि *'असक्तो ह्याचरन्कर्म'* फलेच्छा नराखी गर्नुपर्दछ। जसबाट बन्धन हुने सम्भावनै हुँदैन। अर्जुन पनि ज्ञानी होइनन् मुमुक्षु हुन्। तसर्थ उनले फलेच्छा नराखी कर्म गर्नुपर्दछ भन्ने शङ्कराचार्यको पनि अभिप्राय हो।

*'सततं कार्यं कर्म समाचर'*– गर्नुपर्ने काम राम्रोसँग निरन्तर गर्नुपर्दछ। निरन्तरको अर्थ 'यावज्जीवम्' भन्ने हो। श्रुति पनि *'तमेतं वेदानुवचनेन ब्राह्मणाः विविदिषन्ति, यज्ञेन, दानेन तपसा अनासकेन'* [१९०] दिएको छ। जान्ने क्रम पूरा नभएसम्म कर्म गरिरहनु पर्दछ। ईश्वरार्पणकर्मले बुद्धिशुद्धि हुन्छ। त्यसपछिमात्र अगाडिको क्रम चल्दछ। गर्नुपर्ने कामको जसले अपलाप गर्दैन त्यो सत्पुरुष हो। यसरी यस श्लोकले पहिलेकै कुराको उपसंहार गरेको छ। यसमा नयाँ कुरा छैन। *'यस्मात्समर्पणम् ईश्वरार्पण कर्म कुर्वन् मोक्ष प्राप्तिः सत्त्वशुद्धिद्वारेण इत्यर्थः'* – ज्ञाननिष्ठामा नपुगेकाले ईश्वरार्पित बुद्धिले कर्म गर्दै जाँदा मोक्ष हुन्छ। मोक्षको द्वार चित्तशुद्धि हो। कर्मले चित्तशुद्धि हुन्छ अनि त्यसैबाट मोक्ष हुन्छ। यहाँसम्ममा यस श्लोकको सामान्यार्थ दिग्दर्शन भएको छ।

नित्यानित्य वस्तुविवेक गर्नसक्ने व्यक्तिको बुद्धिवृत्ति ब्रह्ममा नै लाग्दछ तापनि ब्राह्मण, क्षत्री, वैश्यले आफ्नो वर्णाश्रमधर्म अनित्य रहेछ भनी वर्णविहितधर्म छोड्नु हुँदैन। अन्यथा दोष लाग्दछ। त्यसबाट चित्तशुद्धि पनि हुँदैन। अर्जुन क्षत्रीय हुन्, उनका निम्ति विहितकर्म युद्ध हो। क्षत्रीको देवत्व *'ईष्वस्त्र'* [१९१] हो। राम्रोसँग वाण चलाउँन जान्नु क्षत्रीको देवत्व हो। तसर्थ अर्जुनले युद्धबाट हट्ने कुरा गर्नु आफूमा भएको देवत्व नष्ट गर्नु हो। यस्तै *'स्वाध्यायमेषां देवत्वम्'* [१९२] ब्राह्मणको देवत्व स्वाध्याय हो। अर्जुनमा देवताको गुण छ भन्ने प्रसिद्धि छ। अर्जुन नरको अवतारमा क्षत्रीको शरीरमा आएका हुन्। अवताररूपमा आएका अर्जुनले क्षत्रीय भएर युद्धबाट हट्ने कुरा गर्नु उचित छैन। *'क्षतात् किल त्रायत इति क्षत्रीय'* [१९३] – हानि हुने कुरालाई जसले रोक्न सक्छ त्यो क्षत्री हो। धर्मको हानिलाई जसले रोक्दछ त्यो क्षत्री हो। ब्राह्मणले मात्र धर्मको रक्षा गर्नसक्तैन। *'यस्य ब्रह्म च क्षत्त्रञ्चोभे*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भवत ओदन'[१९४] ब्रह्म र क्षत्र संसार चलाउने मूलाधार हुन्। रक्षा हुने काम क्षत्रीले नगरे संसार बिग्रन्छ। क्षत्रीको काम धर्मको रक्षा गर्नु र अन्याय हुन नदिनु हो। अर्जुन क्षत्रीय भएकाले उनले पनि युद्धरूप विहित कर्म गर्नैपर्दछ। कर्मकै प्रसङ्गको अग्रिम श्लोक हो।

**कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः।**
**लोकसङ्ग्रहमेवापि संपश्यन्कर्तुमर्हसि ॥२०॥**

कर्मद्वारा जनक, अश्वपति, अजातशत्रु आदिको 'संसिद्धि' मुक्ति भएको छ वा मुक्तिमार्गमा छन्। तसर्थ कर्म गर्नुपर्दछ। जनकादि राजा सर्वगुणसम्पन्न सर्वशक्तिमान् थिए। त्यस्ताले लोकमा गर्नुपर्ने कर्म नगर्ने हो भने लोक उच्छिन्न हुन्छ, बिग्रन्छ। लोक नबिग्रिनका लागि क्षत्रीले कर्म (युद्ध) गर्नुपर्दछ। जसले धर्मको रक्षा गर्दछ त्यसैलाई धर्मले पनि रक्षा गर्दछ। धर्मरक्षा गर्ने व्यक्ति क्षत्री हो। अर्जुनले क्षत्री भएर युद्धमैदानमा युद्ध नगर्ने इच्छा प्रकट गर्नु धर्मविमुख हुनखोज्नु हो। यसमा अनौचित्य छ भनी जनक, नल, अश्वपति आदि राजाको उदाहरण प्रस्तुत छ र कर्मैले उनीहरूको संसिद्धि देखाएको छ।

भगवान् राम पनि क्षत्रीकै रूपमा अवतरित भएका थिए। उनले धर्मरक्षाका निम्ति युद्ध गरे। धर्मरक्षाका निम्ति भगवान्को अवतार प्रायः क्षत्रीरूपमै भएको छ। हे अर्जुन ! तिम्रो अवतार पनि क्षत्रीका रूपमा भएकाले तिमीले जनकादिले जस्तै लोकसंग्रहार्थ कर्म गर्नुपर्दछ। शङ्कराचार्य व्याख्या गर्नुहुन्छ –

*'यस्माच्च कर्मणैवेति'* – कर्मद्वारा नै संसिद्धि हुने हुँदा कर्म गर्नुपर्दछ। यो कर्मोपदेश जिज्ञासु सबैले कर्म गर्ने प्रेरणा हो। क्षत्रिय र वैश्य पनि विद्वान् भएको प्रसङ्ग छ। क्षत्रिय विद्वान्हरू पनि मोक्ष पुग्न समर्थ हुन्थे। ती को को थिए त ?

*'लोकसंग्रहार्थ – लोकस्य उन्मार्गप्रवृत्तिनिवारणम्'* – बिग्रिन लागेको लोकलाई बिग्रन नदिनु प्रारब्धकर्माधीन व्यक्तिको काम हो। लोकसंग्रह यही हो। *'संपश्यन्कर्तुमर्हसि'* – हे अर्जुन ! तिमीजस्ता उत्तम साधकले लोक उच्छिन्न नहोस् भन्ने अर्थमा काम गर्नुपर्दछ। अर्जुन विविदिषु भएकाले उनले श्रवणपछि मनन र निदिध्यासन गर्नुपर्दछ अन्यथा ज्ञानप्रतिष्ठित हुँदैन। ज्ञानको प्रतिष्ठा नभई सर्वकर्मसंन्यासको कुरै आउँदैन। विरक्तिको पराकाष्ठामा पुगेकाले कर्म नगर्ने हो अर्जुनजस्ताले होइन। कर्म गर्न छोडे के हुन्छ ? अर्जुनले गर्न सक्ने यस्तो सम्भावित आशङ्कालाई निवारण गर्दै भगवान् शङ्कराचार्य, जनक, अश्वपति नल आदि राजाहरू पनि कर्म गर्दागर्दै संसिद्धिमा पुगेका हुन् भने तिमीले कर्म छोड्न मिल्दैन। विद्वान्ले कर्म छोडे हुन्छ। श्रुति पनि छ – ब्राह्मणाः पुत्रैषणायाश्च, वित्तैषणायाश्च, लोकैषणायाश्च व्युत्थायाथ भिक्षाचर्यां चरन्ति' ब्राह्मण दुईकिसिमका हुन्छन् – जाति र ब्रह्म जान्ने ब्राह्मण।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुत्रैषणा, लोकैषणा र वित्तैषणाभन्दा माथि उठेर अर्थात् तिनीहरूमा विराग भैसकेका ब्राह्मण भिक्षा मागन योग्य हुन्छन् । यस किसिमको स्थिति जाति ब्राह्मणको होइन । विविदिषु ब्राह्मण सोझै संन्यासमा जान सक्तछन् क्षत्री र वैश्यले सक्तैनन् । यो उपलक्षण मात्र हो क्षत्री र वैश्यले पनि संन्यास हुन सक्तछन् भनी सुरेश्वराचार्यले बृहदारण्यकोपनिषद् वार्तिकमा लेखेका छन् । वर्णाश्रम धर्मको मर्यादानुसार क्षत्रीले कर्मबाट निष्कर्ममा पुग्नु पर्दछ ।

सबै कुरा जाने बुझे पनि जनकादिले जस्तै तिमीले कर्म गर्नुपर्दछ । ज्ञानको पाँचौ भूमिकामा पुगेपछि मात्र कर्मसंन्यास हुने हो त्यो पनि ब्राह्मणले मात्र । यही अभिप्रय भगवान्को छ भनी भाष्यकार देखाउँनुहुन्छ । भाष्यकारको भनाइलाई स्पष्ट गर्दै मधुसूदन सरस्वती भन्दछन् – संन्यासाश्रममा सोझै जाने अधिकार जाति ब्राह्मणको मात्र छ । *'ब्राह्मणस्यैवाधिकारो नान्यस्य इति निर्णितम्'* अरूको संन्यासाश्रममा जाने सोझै अधिकार छैन ।

लोकसंग्रहको लागि मात्र ज्ञानीका कर्म किन ? अथवा उसको कर्मको अनुसरण लोकले गर्दछ भन्ने पनि छैन । यही आशङ्का निराकरणार्थ अग्रिम श्लोकको भूमिका छ – *'लोकसंग्रहं कः कर्तुमर्हति कथं ते इति उच्यते'* लोकले पत्याएको लोकप्रतिष्ठित व्यक्तिको मात्र लोकले अनुसरण गर्दछ । लोकले नचिनेको ज्ञानी नै छ भने पनि उसको अनुसरण लोकले गर्दैन भने ज्ञानीले लोकसंग्रहकै लागि कर्म किन गर्नु ? लोकसङ्ग्रह कसले गर्नसक्तछ ? समाधानका लागि एक्काइसौँ श्लोक छ ।

**यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।**
**स यत्प्रमाणं कुरुते तोकस्तदनुवर्तते ॥२१॥**

श्रेष्ठपुरुष जस्तो जस्तो आचरण गर्दछ अरूले पनि त्यही गर्दछन् । श्रेष्ठको आचार लोकमा प्रमाण हुन्छ । त्यही सबैले मान्दछन् । 'यद्यत्' यहाँ वीप्सा छ अर्थात् यत् पद दुईपटक आएको छ । यत्पदमा वीप्सा भएपछि तत्पदमा वीप्सा हुनुपर्ने आवश्यकता नै थिएन । यत्पदको वीप्साबाट तत्पदको वीप्सा गातार्थ हुन्छ । लोकले श्रेष्ठ भने चिनेको र स्वतः आफैँ पनि प्रतिष्ठित व्यक्ति भए त्यस्ताको अनुसरण लोकले गर्दछ । यही कुरा बुझाउँन तत्पदमा वीप्सा हो । अर्जुन पनि यही कोटीका मान्छे हुन् उनलाई नचिन्ने मान्छे पनि त्योबेलामा थिएनन् होला । उनी विद्वान्, असल कर्म गर्ने श्रेष्ठ पुरुष हुन् भन्ने पनि सबैलाई थाहा थियो । तदनुकूल आचरण उनी स्वयंमा पनि छ । यस्ता व्यक्तिलाई लोकले मान्दछन् । अर्जुन उत्तम चरित्रका हुन् । ज्ञानी नभए पनि उत्तम चरित्रले गरेको कर्मानुसरण सबैले गर्दछन् । बुझ्नेले स्वतः त्यसताको अनुसरण गर्दछ भने नबुझ्नेले पनि परप्रेरणाद्वारा बुझ्दछ । यही कुरा देखाउँन शङ्कराचार्य भाष्य – *'यद्यत्कर्म आचरति येषुयेषु श्रेष्ठः*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*प्रधानभूतस्तत्तदेवकर्म आचरतीतरोऽन्यो जनः'* श्रेष्ठले जस्तो आचरण गर्दछ, त्यसको अनुसरण गर्नेले पनि त्यस्तै गर्दछ। तसर्थ अर्जुन जस्ता उत्तम साधकले कर्म छोड्नु हुँदैन। यहाँ श्रेष्ठको अर्थ सदा असल आचरण गर्ने भन्ने गर्नुपर्दछ। बुद्धिवृत्ति सप्रिएको व्यक्तिको खराब आचरण हुँदैन। बुद्धि सप्रन श्रवण, मनन निदिध्यासन हुनु पर्दछ। वास्तवमा श्रुताध्ययन सम्पन्न तदनुकूल आचरण गर्ने व्यक्ति श्रेष्ठ हो। चारै वेद जानेको भए पनि तदनुकूल आचरण छैन भने त्यो श्रेष्ठ होइन। यी तीनै कुरा उसमा छ भन्ने बुझेपछि लोकले उसलाई श्रेष्ठ मान्दछ र श्रेष्ठ हुन्छ पनि। त्यस्ता व्यक्तिले असल काम मात्र गर्ने हुनाले प्राकृतमनुष्यले पनि त्यसैको अनुसरण गर्नुपर्दछ। स्वयं केही कुरा नबुझी अर्काले बुझाए पनि बुझ्नेलाई प्राकृत भनिन्छ। वास्तवमा अर्काले बुझाएर मात्र पुग्दैन आफैँ बुझ्ने चेष्टा गर्नुपर्दछ। विद्वान्ले स्वयं शास्त्रानुकूल आचरण गरी लोकलाई सपार्नु पर्दछ। निषिद्ध कर्म छोड्नुपर्दछ अर्जुनले विहित काम छोड्ने भन्नै मिल्दैन।

श्रेष्ठ राजा भए भने *'यथा राजा तथा प्रजा'* प्रजा पनि त्यस्तै हुन्छन्। पहिले धर्मको प्रधानरूपमा एकजना धर्माधिकारी हुन्थे। त्यस्ता व्यक्ति श्रेष्ठ हुन्थे। श्रेष्ठको आचरण अरूले पनि गर्नुपर्दथ्यो। लोकका धेरै व्यक्तिले तथ्य कुरा बुझ्न सकेका हुँदैनन्। *'गतानुगतिकोलोको न लोकः पारमार्थिकः'* भन्ने प्रवाद छ। प्राकृतमनुष्यलाई बिग्रन नदिन पनि असल कर्ममात्र गर्नुपर्दछ। अहिलेको स्थितिमा गेरुवावस्त्र लगाउनेलाई प्रायः लोकका व्यक्तिले श्रेष्ठ ठान्दछन्। वास्तवमा गेरुवा वस्त्रले मात्र श्रेष्ठ हुने होइन। उसले के कुरा गर्दछ भन्ने कुराको पछि लाग्नुभन्दा उसको ख्याति कति छ ? लोकले कति मान्दछन् ? भन्नेमा मान्छे पछि लाग्दछन्। यसो गर्नु उचित होइन। तत्त्वनिरूपण कति गर्न सक्तछ, त्यसको आधारमा श्रेष्ठाश्रेष्ठको विवेक गर्नुपर्दछ।

*'स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते'* श्रेष्ठले जस्तो आचरण गर्दछ र जेलाई प्रमाणित गर्छ लोक त्यसको पछि लाग्दछ। अर्थात् सबैले यो कुरा मान्दछन्। तर लोकप्रतिष्ठाकै आधारमा व्यर्थ कुरा मान्नु हुँदैन किनभने *'युक्तियुक्तं वचोग्राह्यं न गाह्यं गुरु गौरवात्'* [१९६] युक्तियुक्त कुरामात्र ग्रहण गर्नुपर्दछ, लोक प्रतिष्ठाको व्यक्ति हो भन्ने आधारमा उसको वचन ग्रहण गर्नु हुँदैन। अहिलेको स्थितिमा धेरै धन कमाएका व्यक्तिलाई श्रेष्ठ मान्ने चलन छ। अनुचित पद्धतिले धन कमाउने श्रेष्ठ होइनन्। कुमार्गमा लागेकालाई तह लगाउने काम श्रेष्ठले गर्नुपर्दछ। त्यसैका निम्ति भगवान्को अवतार भएको हुन्छ। आचार के हो ? भन्ने स्पष्टताका लागि *'स यत्प्रमाणं कुरुते'* छ। श्रेष्ठको आचारको पछि लोक लाग्दछ। सबैले शास्त्र बुझ्न सक्तैनन्। श्रेष्ठले आफ्नो व्यवहार, आचरणद्वारा लोकलाई ठीक ठाउँमा ल्याउनुपर्दछ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ईशाको छैटौँदेखि दशौँ शताब्दीसम्म बौद्धधर्मको बोलावाला थियो । वैदिक धर्मको लोप हुने स्थिति सृजना हुँदै थियो । यसैमा सातौँ शताब्दीतिर कुमारिल भट्टको उद्‌गम भयो । उनले वैदिक धर्मको पूर्णतः प्रतिष्ठापन गरे । अहिलेसम्म पनि उनीबाट प्रतिष्ठापित कुरा प्रामाणिकरूपमा रहेका छन् । अहिले धर्मको विषयमा निर्णय गर्नुपर्दा कुमारिल भट्टको वार्तिक निर्दिष्ट पद्धति सर्वोपरि आउँदछ । त्यसपछि आठौँ शताब्दीमा शङ्कराचार्यको वैदिक धर्मको प्रतिष्ठामा ठूलो योगदान छ । शङ्कराचार्य पछि दशौँ शताब्दीका उदयनाचार्यले वैदिक धर्मको पूरापूर प्रतिष्ठापन गरेका छन् । यी तीनओटै आचार्यको कुरा पुराणहरूमा छ । शास्त्रीयाचारको मात्र अवलम्बन गर्ने भन्न मिल्दैन । श्रेष्ठको आचार वस्तुतः शास्त्रपरिनिष्ठित हुन्छ । त्यस्ताको अनुसरण लोकले गर्दछ । यसमा शास्त्रमात्र होइन *'प्रधानानुयायिनो जन व्यवहारो भवन्ति'* भन्ने न्याय पनि छ । लोकमा प्रतिष्ठित व्यक्तिको अनुसरण सबैले गर्दछन् । यही कुरा 'यद्यादाचरति श्रेष्ठः' श्लोकमा छ ।

भगवान् देवकीको गर्भबाट अवताररूपमा आएका हुन् भन्ने लोकले बुझेकै छ । अतिमानुष, अतिलोक अर्थात् लोकले गर्न नसक्ने काम भगवान् श्रीकृष्णबाट भैरहेको छ । सात दिनसम्म गोवर्धन धारण गर्न इन्द्रले पनि सक्तैनन् । भगवान् श्रीकृष्णले धारण गरेका छन् । भगवान् भन्नुहुन्छ –

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

म स्वयं भगवत् अवतार भएकोले तीनै लोकमा मैले केही गर्नु र पाउनु छैन तथापि म गर्दैछु । कृतार्थो भगवान् – भगवान् कृतार्थ हुनुहुन्छ । *'लोकसंग्रहकर्तव्यतायां विप्रतिपत्तिस्तर्हि मां किं न पश्यसि'* लोकसंग्रहको लागि मात्र काम किन गर्ने भन्ने अर्जुनमा विप्रतिपत्ति नउठोस् । त्यसका लागि मलाई नै किन हेर्दैनौ । भगवद् अवतार भएर पनि कर्म गरिरहेको छु । तिमी पनि कुन्तीका छोरा पार्थ हौ । विशुद्ध क्षत्रियका अपत्यका अपत्य तिमी भएकाले तिमीमा विशुद्ध मातापितृजन्यत्व छ । *'शूरापत्यापत्यत्वेन'* उभयकुलशुद्ध भन्ने कुरा देखाउँन अर्जुनलाई पार्थ भनी सम्बोधन भएको छ । पाणिग्रहण अहिले पनि विशुद्ध वंशकै कन्याको हुनुपर्दछ ।

दशपुरुषविख्यातात् श्रोत्रियाणां महाकुलात् ।
स्फीतादपि न सञ्चारिरोगदोषसमन्वितात् ॥[१९७]

दशकुलसम्मप्रसिद्ध भएका, वेदपरम्परामा आएका अर्थात् वेदपाठी कुलकी कन्या विवाह गर्नुपर्दछ । ठूलो कूलकी भए पनि दुश्चिकित्स्य रोगदोषरहित हुनुपर्दछ । *'यस्य वेदश्च वेदी च विच्छिद्यते त्रिपूरुषम् ।'* [१९८] तीन पुस्तासम्म वेद र वेदी विच्छिन्न हुने ब्राह्मण हुँदैन । तसर्थ



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दशपुस्ता हेर्न नसके पनि विशुद्धमातापितृजन्यत्व छ कि छैन ? तीन पुस्तासम्म अवश्य हेर्नुपर्दछ । विशुद्ध क्षत्रीकी छोरी कुन्ती, कुन्तीका छोरा विशुद्धवंशका तिमीमा विशुद्धमातापितृजन्यत्व छ । हे पार्थ ! तिमी म समानकै छौ । मैले गरेको आचरण दुनियाँले ग्रहण गरेझैँ तिम्रो आचरण पनि ग्रहण गर्ने छ । भगवान् कृष्णका पुर्खा पनि शूर हुन् अर्जुनका आमापट्टिका पुर्खा पनि शूर हुन् । यसै अर्थ भगवान्मा भएको गुण अर्जुनमा हुनु स्वाभाविक छ । भगवान् भन्नुहुन्छ – हे पार्थ ! मैले कर्म गरिरहेको छु भने म बराबरका तिमीले कर्म छोड्ने भन्नै मिल्दैन । यसरी अन्वयविधाबाट भगवदुपदेश छ । यही विषय व्यतिरेकविधाबाट यसरी–

यदि ह्यहं न वर्तेयं जातु कर्मव्यतन्द्रितः
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥

हे पार्थ ! मैले काम नगरिरहँ भने लोकले पनि कर्म गर्न छोड्नेछन् । लोकलाई कर्म छोडेर अकल्याण हुन्छ । तसर्थ हे पार्थ ! तिमीले पनि अल्छचाइँ नगरी लोककल्याणकै लागि काम गर्नुपर्दछ । हामीले कर्म छोड्दा लोकले छोड्दछ भने हामीलाई के हानि ? भन्ने आशङ्का गर्न मिल्दैन । कर्म छोडेपछि हाम्रो देखासिकी गर्ने लोकले कर्म गर्न छोड्दछ । त्यसबाट उनीहरूको स्थिति बिग्रन्छ । स्थिति बिग्रनमा सहकारिता हामीमा आउँछ । अतः हामीले कर्म छोड्नमिल्दैन । यही कुरा देखाउँन अगाडिको श्लोक प्रस्तुत छ –

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ।
संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

हामीले कर्म छोड्ने हो भने मन्वादिस्मृति र वेदविहित कर्मको रहस्य समाप्त हुन्छ । धर्मकै समाप्ति हुनसक्तछ । अनि लोकमर्यादा रहने कुरै भएन । मात्स्यन्यायको स्थिति पैदा हुन जान्छ । लोकले दुःख कष्ट पाउनेछन् । लोक स्थितिकै लागि कर्म छोड्दछु भन्न पनि सुहाउँदैन । म स्वयं भगवान् हुँ र तिमी पनि नर अवताररूपमै लोकमा अवतरित छौं । हामीले अलौकिक कर्म पनि गर्न सक्तछौं । यस्तो भएर पनि कर्म गर्दैनौं भने साङ्कर्य पैदा गर्ने दोष हामीमा आउँन सक्तछ । सङ्कर भनेको छ्यासमिसे स्थिति अथवा वर्णसङ्करको स्थिति हो । धर्मानुसारको आचरण नगरेपछि जसले जे गरे पनि हुन्छ । यसबाट वर्णसङ्करको स्थिति स्वाभाविक हो । खिचडीलाई दाल वा चामल भन्न नमिले झैं वर्णसङ्करलाई कुनै वर्णमा लिन मिल्दैन । ब्राह्मण, क्षत्री, वैश्य, शूद्रमध्ये कुनै पनि वर्णमा वर्णसङ्कर पर्दैन । वर्णसङ्कर पनि अनुलोम र प्रतिलोम गरी दुई किसिमका हुन्छन् । अनुलोम सङ्कर वर्णभित्र पर्दैन तापनि चोखो मानिन्छ भने प्रतिलोम सङ्कर चोखो मानिँदैन । यो जातिगत सङ्कर हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कर्म नगर्नाले जातिगत सङ्करदोषको कर्ता हामी भएजस्तै धर्ममा हुने सङ्करदोषको कर्ता पनि हामी नै हुने छौँ ।

वर्णसङ्कर जस्तै धर्मसङ्कर कसरी हुन्छ ? धर्ममा छ्यासमिस भएर धर्मसङ्कर हुन्छ । धर्मसङ्करबाट जे फल मिल्नुपर्ने हो त्यो मिल्दैन । सप्ताहादिमा ब्राह्मणलाई वरण गर्नुपर्दछ । आजकल धर्ममा अनेकता छ । जस्तै – हिन्दू धर्ममै पनि वैष्णव, शाक्त, अनेक किसिमका सम्प्रदाय छन् । अनेक धर्म छन् तापनि वैदिक धर्मको अवलम्बन नगरी पुराणादिलाई लिएर यो वैदिक धर्म हो भनी व्याख्या गर्नु अवैदिकता हो । त्यस्ता आचारकालाई यज्ञादिमा वरण गर्नुहुँदैन । विष्णु र शिवमा भेदन गर्नेलाई पनि सप्ताह आदिमा वरण गर्नुहुँदैन । भेददर्शीलाई वैदिक धर्मानुयायी भन्नैमिल्दैन । आवरणरूपमा भेद भए पनि अर्थात् शिव, विष्णु आदिको पूजाविधि फरक भए पनि आत्मरूपमा भेद हुनुहुँदैन । त्यसकारण यज्ञयागादिमा विशुद्ध वैदिक धर्मानुयायीलाई वरण गर्नुपर्दछ । धर्मसङ्करलाई वरण गरेर फल मिल्दैन । यस्तै धर्मसङ्कर हुने अर्को महत्त्वपूर्ण उदाहरण छ । पाँच किसिमका महापातक हुन्छन् – ती पाँचओटै महापातकीको त कुरै भएन एउटामात्र पापको पातकीलाई पनि वरण गर्नुहुँदैन । प्रायश्चित्त पश्चात् आफ्नो कर्म गर्न योग्य भए पनि ऋत्विक् भई कर्म गराउन हुँदैन ।

*'बालघ्नांश कृतघ्नांश विशुद्धानपि धर्मतः'* [१९९] महापातकी भनेका कृतघ्न हुन् । *'कृतघ्ने नास्ति निष्कृतिः'* कृतघ्नको कुनै उपचार छैन । कृतघ्नै भएर पनि प्रायश्चितपछि आफ्नो कर्म गर्ने अधिकार हुन्छ ।

ब्रह्महत्या सुरापानं स्तेयं गुर्वङ्गनागमः ।
महान्ति पातकान्याहु संसर्गश्चापितैः सह ॥[२००]

ब्रह्महत्या, रक्सी खानु, ब्राह्मणको सुन वा अन्य बहुमूल्य द्रव्यको चोरी गर्नु, गुरु आमा अथवा सौतेनी आमामा गमन गर्नु महापातक हो । यी चार किसिमका पातकीको सङ्गत गर्ने व्यक्ति पनि महापातकी हुन्छ । महापातकीले पनि विधिपूर्वक प्रायश्चित गरेको छ भने *'विशुद्धानपि धर्मतः'* [२०१] । त्यस्ता व्यक्ति गुरु ऋत्विक् हुनुहुँदैन । महापातकीले प्रायश्चित गरे पनि धर्मसङ्कर हुने हुँदा त्यस्ताले गायत्री मन्त्र सुनाउनु हुँदैन । यसबारेको ऊहापोहपूर्वक अर्थनिर्णय *'बहिस्तूभयथापि स्मृतेराचाराच्च'* [२०२] भन्ने सूत्रको भाष्य भामती, कल्पतरु र परिमलमा भएको छ । नेपाली समाजमा जैसीलाई पनि वर्णसङ्कर भन्ने गरेका छन् । जैसीले गायत्री मन्त्रदान गर्न, यज्ञादिमा वरण हुन नहुने भए पनि उसलाई ब्राह्मण होइन भन्न मिल्दैन । प्रायश्चित गरेको धर्मसङ्कर ब्राह्मणभन्दा जैसी ब्राह्मण नै चोखो हुन्छ । *'ब्राह्मण्याद् ब्राह्मण्यांजातः ब्राह्मणः'* भन्ने सामान्य सिद्धान्त जैसीमा पनि लागू हुन्छ । ऋत्विक्को रूपमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वरण नहुने कुण्डगोलक रूपमा शास्त्रले निरूपण गरेकाले हो। कर्म छोड्दा त्यस स्थितिमा वर्णसङ्कर, धर्मसङ्करको स्थिति पैदा हुन्छ। त्यसबाट प्रजाको हत्या गरेका जत्तिकै दोष लाग्दछ। तसर्थ कर्म छोड्ने कुरा गर्नु हुँदैन। २४ औँ श्लोकको अर्थ पूरा भएको छ।

२५ र २६ औँ श्लोकमा पनि कर्मी र ज्ञानीका कर्मको तुलना –

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत।
कुर्याद् विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसङ्ग्रहम् ॥२५॥

हे भारत ! जसरी अविद्वान्ले आसक्तिमा कर्म गर्दछ त्यसैगरी विद्वान्ले पनि अनासक्त भई उन्मार्गबाट लोकलाई बचाउँन कर्म गर्नुपर्दछ। त्यसैले 'लोकसङ्ग्रहम् लोकस्योन्मार्गात् निवर्तनम्' लोकसङ्ग्रहको लोकलाई उन्मार्गमा जान नदिनु भन्ने अर्थ शङ्कराचार्य र मधुसूदन सरस्वतीबाट भएको छ। ज्ञानीले लोकसङ्ग्रहका निम्ति काम गर्नुपर्ने भन्ने दृष्टान्त हो। यसैको दार्ष्टान्तिक विवेचनका लागि *'सक्ताः कर्मण्यविद्वांसः'* इत्यादि श्लोक छन्। *'चिकीर्षुर्लोकसङ्ग्रहम्'* लोक नबिग्रोस् भन्नेमा विद्वान्ले कर्म गर्दछ। यहाँ भगवान्को कर्म लोकसङ्ग्रहका निम्ति हो भने अर्जुनले गर्ने कर्म आफ्नै निम्ति पनि हो। अर्जुन ज्ञानी भैसकेका छैनन्। वास्तवमा उनी कर्मी हुन्। कर्म छोड्न मिल्दैन भन्ने तात्पर्य छ।

यस श्लोकमा स्वयं भगवान् दृष्टान्तरूपमा छन् भने अविद्वान्लाई दार्ष्टान्तिक बनाएका छन्। दृष्टान्तले लोक नबिग्रोस् भनेर काम गर्नुपर्ने र दार्ष्टान्तिकमा साधकले कर्म नगरे लोक मात्र होइन आफैँ पनि बिग्रने सङ्केत भएको छ। यही कुरा – *'सक्ता इति – सक्ताः कर्म अस्य कर्मणः'* आसक्त भई कर्म गर्नेले त्यसको फल पाउँदछ। कर्मको फल चित्तशुद्धि हुन्छ। कर्म छोड्दा चित्तशुद्धि नहुने हुँदा प्रत्यवाय लाग्ने कुरा स्पष्टै छ। ज्ञानीले परोपकारकै निम्ति काम गर्ने हो। चित्तशुद्धि भैसकेकाले फेरि चित्तशुद्धि गर्न कर्म गरिरहनु पर्दैन। *'न पूतः पावयेत्'* [२०३] पवित्रलाई पवित्र गरिरहनुपर्दैन भन्ने श्रुति छ। श्रौतसूत्रले यसको विस्तृत विवेचन स्पष्टताका साथ गरेको छ। यज्ञको अतिरिक्त लोकमा पनि यो प्रसङ्ग मिल्दछ। कपडा, भाँडाकुँडा चोखो पार्न पानीले धोइपखाली गरिन्छन्। स्वतः शुद्ध पानीलाई अर्को पानीले धुनुपर्दैन। त्यस्तै चित्तशुद्ध भैसकेकाले चित्तशुद्ध गर्न फेरि कर्म गरिरहनुपर्दैन। आगोलाई शुद्ध पार्न अर्को आगोको अपेक्षा पर्दैन। तसर्थ शुद्ध नभएकालाई मात्र शुद्ध गर्ने चेष्टा गर्नुपर्दछ। चित्तशुद्धि नभएकालाई मात्र कर्मको अपेक्षा हुन्छ।

वास्तवमा *'द्रविणं हि मलं स्मृतम्'* [२०४] धन भनेको मल नै हो भन्ने कुरा छ। लौकिक समृद्धि चाहने, धनार्जनमा प्रवृत्त व्यक्ति अज्ञानी हुन्छ। अनावश्यक विषयवासनारूपी मैलोको मिश्रण अज्ञानीमै हुन्छ। त्यसैले उसले मैलो हटाउन कर्ममा प्रयत्न गर्नुपर्दछ। यही अर्थको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



द्योतक हो

शुद्धताका पनि तीन भेद छन् – *'शुचि, मेध्य र पवित्र'* घर, खेत, लगाउने कपडा आदि शुचिमा गनिन्छन् । शुचिभन्दा अलि माथिल्लो मेध्य हुन्छ । मेध यज्ञ हो । 'मेधायै हितं मेध्यम्' भात खानुहुन्छ, लशुन, प्याज आदि खानु हुँदैन । ब्राह्मणले खान नहुने कुरा खाए बुद्धि घट्दछ । अभक्षलाई अमेध्य र भक्षलाई मेध्य भनिन्छ । मेध्य शुचिमा पर्दैन, त्योभन्दा एक तह माथिल्लो हुन्छ । *'मेधो यज्ञस्तस्य हितं मेध्यम्'* [२०५] बुद्धिका निम्ति हित हुने अर्थात् बुद्धिवृद्धि हुने वस्तु मेध्य हो । मेध्यभन्दा पवित्र माथिल्लो हो । पापदेखि रक्षा गर्ने जसको सामर्थ्य हुन्छ त्यसलाई पवित्र भनिन्छ । पवित्रमा पञ्चगव्य पर्दछन् । दूध, दही, घ्यू, गहुँत र गोवर पञ्चगव्य हुन् । सर्वतः पवित्रता वेदको मन्त्रमा छ । विशेषतः वेदका पनि पवमानी मन्त्र छन् । तिनको प्रयोग विधिपूर्वक गर्नाले पाप रहँदैन । त्यतिमात्र हो । यस्तै अधिदैवभावमा अग्नि, सूर्य र वायुमा पापनाश गर्नसक्ने सामर्थ्य छ । यी सर्वदा पवित्र हुन्छन् । अधिभूतमा सर्वत्र पाप नाश गर्ने सामर्थ्य कुशमा छ । भूमिमा उम्रने हुनाले कुश अधिभूत हो । अधिभूत भित्र गङ्गाजल सुन आदि पनि पर्दछन् ।

महाभारतमा मात्र होइन यजु, ऋक् संहितामा पनि सुनको ठूलो महिमा छ । *'सुवर्णं वै दक्षिणा'* [२०६] यज्ञयागादिमा सुन अथवा गाईकै दक्षिणा हुन्छ । पाप, रोग, कीटाणु आदिको नाश गर्ने योग्यता सुनमा छ । यो अत्यन्त पवित्र हो, किन भने *'अग्निवीर्यं वै सुवर्णम्'* [२०७] अग्निको बीर्य सुन हो । यसरी अध्यात्म, अधिदैव र अधिभूत भावमा 'पवित्र' वस्तुको परिगणना गर्न सकिन्छ । अरू पनि पवित्र वस्तु हुन्छन् । 'पूतः' भनेको पवित्र हो । पवित्रलाई अरूबाट पवित्र गरिरहनु पर्दैन । *'न पूतः पावयेत्'* यहाँसम्मको व्याख्या यसैको हो ।

अन्य मणिहरूमा पापशमन गर्ने सामर्थ्य छ तापनि सुनमा जस्तो सामर्थ्य अरूमा छैन । सुनले मिसिएको पानीबाट स्नान गर्नाले पवित्र हुन्छ । सुनको औंठी आजकल प्राय देब्रे हातमा लगाउने गरेको देखिन्छ तापनि त्यो ठीक होइन, दाहिने हातमै लगाउनु पर्दछ । शुचि, मेध्य र पवित्र यी तीनओटै पवित्र सम्बन्धी हुन् । ज्ञानीले कर्म गर्नुपर्दैन भन्ने सन्दर्भ हो । चित्त निर्मल भैनसकेको व्यक्ति शुचि र मेध्यसम्म हुन सक्ला, पवित्र हुन सकेको हुँदैन । पवित्र भैसकेपछि 'अस्य कर्मणः फलं मम भविष्यति' भन्ने अपेक्षा हुँदैन । अज्ञानीले पवित्र हुन कर्म गर्नु आवश्यक छ ।

*'केचिद् विद्वांसो यथा कुर्वन्ति भारत'* विद्वान् फलको अपेक्षाले कर्म गर्दैनन् । अनासक्त कर्म ज्ञानीका निमित्त किन ? भन्ने जिज्ञासामा – *'तद्वत् किमर्थ करोति तच्छृणु'* ज्ञानीले कर्म किन गर्छ ? *'चिकीर्षुर्ययंकर्तुमिच्छुः लोकसङ्ग्रहम्'* ज्ञानीको कर्ममा प्रवृत्ति लोकसङ्ग्रहकै



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



निम्ति हो भने तत्त्वज्ञानको उपदेश किन ? यस्तो सम्भावित आशङ्कामा ज्ञानीका कर्मका आधारमा लोकले विवेक गर्न सक्तैन, लोकका निम्ति पनि उपदेश अपेक्षित छ भन्ने उत्तररूप अग्रिम श्लोक भगवान्‌बाट उपस्थापित भएको छ ।

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत्सर्वकर्माणि विद्वान् युक्तः समाचरन् ॥२६॥

भगवान्‌का कर्म लोकसङ्ग्रहकै निम्ति हुन् भन्ने भगवान्‌को अभिप्राय *'मम आत्मविदः न कर्तव्यमस्ति'* मैले गर्नुपर्ने कर्म बाँकी छैन । काम अथवा कुरा लोकसङ्ग्रहका लागि हो *'ततस्तस्य आत्मविदः'* तसर्थ आत्मविद्‌ले कर्म गर्नुपर्दछ किन भन्दछन् । ज्ञानको उपदेश किन गर्दछन् ? भन्नेको निम्ति 'उपदिश्यते' यो उपदेश हो । आदेश होइन । उपदेश अज्ञानीका निम्ति हुन्छ । त्यसैले वाल्मीकि भारद्वाज संवादमा *'नात्यन्तमज्ज्ञः नो तज्ज्ञः सोऽस्मिन् शास्त्रेऽधिकारवान्'* [२०८] केही नजान्ने र सबै जान्नेलाई शास्त्र काम लाग्दैन । बीचका व्यक्तिलाई नै शास्त्र काम लाग्दछ भनिएको छ । जिज्ञासुकै निम्ति उपदेश हो । *'उपदिश्यते'* यो कर्मणि प्रयोग हो । कर्ममा बढ्ता जोड देखाउँन यहाँ कर्मणि प्रयोग भएको हो ।

*'न बुद्धिभेदं जनयेत् अज्ञानां कर्मसंज्ञिनाम्'* कर्म कर्तव्यतामा जसको दृढता छ त्यस्ताको कर्मबाट चित्तशुद्धि हुन्छ । अन्यथा कर्ममा अश्रद्धा आउँन सक्तछ । ज्ञानका लागि कर्म चाहिँदैन भन्नु हुँदैन । गर्नुपर्दछ भनी किटान गरिदिनु पर्दछ । यसले कर्मसङ्गलाई कर्ममा श्रद्धा जाग्दछ । *'बुद्धेर्भेदो बुद्धिभेदः'* कर्म गरिरहनु पर्दछ भन्ने देखाउँनु पर्दछ । यो काम गरेपछि मलाई यो फल मिल्छ भनेर अज्ञले काम गरेको हुन्छ । यो कर्मको यो फल भनी फल प्राप्तिमा जुटेका कर्मीलाई ज्ञानीले विचलित हुन दिनुहुँदैन । अर्थात् कर्मको अनिवार्यतामा प्रश्नचिह्न आउने कुराको सृजना गर्नुहुँदैन । बुद्धिभेद हुने कुराबाट कर्म विमुख हुन सक्तछन् । तसर्थ ज्ञानीले कर्मको अनिवार्यतामै जोड दिनुपर्दछ ।

*'किन्तु जोषयेत्कारयेत्'* बहुफलदायक कर्म छ भनी कर्ममा जोस्याउनु पर्दछ । जसले अज्ञलाई कर्म गर्नमा उत्प्रेरणा मिल्दछ । कर्ममा जोश बढाउँन विद्वान्‌ले पनि कर्म गर्नुपर्दछ । कर्म गर्नमा उनीहरूमा जाँगर आउँदछ । भगवान् श्रीकृष्ण भन्नुहुन्छ – कर्मीलाई जोस्याउन मैले पनि काम गरेको छु । अर्जुनलाई कर्ममा उत्प्रेरणा गर्न भगवान्‌ले यो कुरा देखाउँनु भएको हो । 'न मे पार्थास्ति कर्तव्यं त्रिषु' इत्यादि कुराकै पुष्टि २६ औं श्लोकमा भएको छ । लिप्त भएर कर्म गर्नुपर्दछ । जसले कर्म नगर्नु भन्ने अज्ञले सोच्ने अवस्था पनि पाउँदैन । लोकको कल्याण यसैबाट हुन्छ ।

कर्मसङ्गी अज्ञलाई फलाभिसन्धी हुन्छ ज्ञानीलाई हुँदैन । आत्मामा कर्तृत्व छ भनी अज्ञले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सम्झेको हुन्छ यस स्थितिमा बुद्धिमा कर्तृत्व छ भनी बुद्धिभेद गर्नु हुँदैन। वादरायण सूत्र *'कर्ता शास्त्रार्थवत्त्वात्'* [२०९] बुद्धिभेदबाट उनीहरूको कर्ममा श्रद्धा घट्दछ। अनि कर्म गर्दैनन्, ज्ञान पनि भएको हुँदैन। त्यस स्थितिमा 'उभय भ्रष्टत्वम्' ज्ञानमार्ग र कर्ममार्ग दुवैबाट भ्रष्ट हुन्छन्। उभय भ्रष्ट हुने कुरा अज्ञ कर्मसङ्गीलाई भन्नु हुँदैन भन्नेमा मधुसूदन सरस्वतीको भनाई छ।

अज्ञस्यार्धप्रबुद्धस्य सर्वं ब्रह्मेति यो वदेत्
महानिरयजालेषु स तेन विनियोजितः।

ज्ञान र कर्मको कुरा अलि अलि सुनेका, बुझेका अर्थप्रबुद्ध व्यक्तिलाई यो सबै ब्रह्म हो भनेर उपदेश गर्नु ठूलो नरकमा हाल्नु हो। तसर्थ अज्ञलाई कर्म गर्न जोस्याउनु पर्दछ। त्यस्ता अर्धप्रबुद्धलाई ज्ञानको पराकाष्ठाको कुरा झन् गर्नु हुँदैन। त्यसबाट उसको बुद्धि विचलित हुन्छ। अतः अज्ञ कर्मसङ्गीलाई कर्ममा प्रेरणा गर्नुपर्दछ।

२६ औँ श्लोकको विवरण गर्न २७ र २८ औँ श्लोक छन्। यसको उपसंहार २९ औँ श्लोकमा छ। दुर्बोध भएकोले पूर्व निरूपित कुराको विवरण भगवान् पुनः दिनुहुन्छ। २५ औँ श्लोकको स्पष्टीकरण २६ औँमा हुनुपर्ने २७ र २८ औँ श्लोकमा किन ? यसको सङ्गति कसरी हुन्छ ? भन्नेमा भूमिका छ –

अविद्वान्ले कर्ममा लाग्नुपर्ने, विद्वान्ले नलागे पनि हुने भन्नेमा हेतु के छ ? भगवान् श्रीकृष्ण –

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः।
अहङ्कारविभूढात्मा कर्ताऽहमिति मन्यते ॥२७॥

जति पनि कर्म गरिन्छन् ती सबै प्रकृतिका गुणबाट भएका हुन् र अहङ्कारविमूढात्मा म कर्ता हुँ, सबै कुरा मैले गरेको हुँ भन्ने ठान्दछ। 'कर्ताऽहमिति मन्यते' आफूलाई कर्ता ठान्नु प्रायः अनुचित हो भन्ने स्पष्ट छ। अहङ्कारले आफूमा कर्तृत्वारोप गरेको हो। त्यो अहङ्कारविमूढात्मा हो। यहाँ आत्माको अर्थ अन्तःकरण हो, आत्मा स्वप्रकाश भएकोले त्यो अहङ्कारविमूढ हुँदैन। अहङ्कारले वस्तुविषयिणी बुद्धि हुँदैन। त्यसैले ऊ आफूलाई कर्ता ठान्दछ। *'अहं ममाभिमानरहितस्य कर्तृत्वं नोपपद्यते'* [२१०] अर्थात् कर्तामा अहङ्कार र ममकार हुनुपर्दछ। शास्त्र र लोकमा दुवैतिर यो कुरा मिल्दछ। कर्तृसापेक्ष कर्तृत्व हुन्छ र कर्तृत्व वृत्तिजन्य हुन्छ। प्रमाण भनेको अन्तःकरणवृत्ति हो भन्ने बारे दोस्रो अध्यायमा विवेचन भएकै छ।

अन्तःकरणवृत्ति अहंमा आश्रित छ। आसक्तिपूर्ण कर्मले व्यक्तिमा अहंभाव मुखरित हुन्छ। यसको विवरण पनि अहं निरूपणको प्रसङ्गमा दोस्रो अध्यायको *'सोऽमृतत्वाय कल्पते'*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



को निरूपणमा भएकै छ । *'प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः'* वास्तवमा प्रकृति जड हुन्छ र त्यो बस्ने ठाउँ चेतन । अहं भनेको पनि जडचेतन कै ग्रन्थी हो । जडरूपा प्रकृति चेतनको आधारमा बसेकी छ । जडवस्तुमा ज्ञान हुँदैन भने चेतनमा क्रिया हुँदैन । त्यसैले यसलाई सांख्यमा *'पङ्ग्वन्धवत् उभयोरपि सम्बन्धस्तत्कृतः सर्ग'* [२११] लङ्गडो र अन्धाको सम्बन्ध जस्तै गरी सृष्टि हुन्छ भनिएको छ । लङ्गडोले बाटो देखाउँने र अन्धोले हिड्ने गरेझैं चेतनको दृष्टिले जडरूपा प्रकृतिले काम गरेकी हुन्छे । जडरूपा प्रकृतिमा भएको क्रियाको आरोप चेतनमा हुन्छ र त्यसबाट 'चेतनोऽहं करोमि' भन्ने ज्ञान हुन्छ । क्रियाको आरोपले अहङ्कार र ममकार प्रतीति भएको हो । यसै प्रसङ्गमा सबभन्दा पहिले केको सृष्टि भयो भन्ने जान्नु पनि आवश्यक छ । *'आद्यस्तु महत सर्गो गुणवैषम्यमात्मनः'* [२१२] सबैभन्दा पहिले महत् सृष्टि भएको कुरा आएको छ । *'प्रकृतेर्महान् ततोऽहङ्कारस्तस्मात् गणश्चषोडशकस्तस्मादपि षोडशकात्पञ्चभ्यः पञ्चभूनानि'* [२१३] सांख्यमा सृष्टिक्रम छ । सांख्यमतमा प्रकृतिबाट महत्तत्त्व हुँदै सृष्टिको कुरा आयो भने पुराणमा शुरुमा महत्तत्त्वकै सृष्टि भएको कुरा छ । महत्तत्त्वको सूक्ष्म परिणाम बुद्धि हो । त्यो सत्त्वगुणप्रधान हुन्छ । यसरी महत्तत्त्व सिङ्गै बुद्धिमा आएको छ भन्न सकिन्छ ।

बुद्धिले सबै थाहा पाउँदछ भन्ने सबैलाई थाहा छ । त्यो महत्तत्त्वको विकृति अथवा महत्तत्त्व नै हो । बुद्धि छ भन्ने कुरा कसरी थाहा पाउँने भन्ने बारेमा श्रुति भन्छ –

*'आत्मैवेदमासीत् पुरुषविधः'* [२१४] आत्मा नै विकृतिमा परिणत भएको छ अन्यथा विवर्तवादको सिद्धि कसरी हुन्थ्यो ? सृष्टिप्रयोजनका निम्ति आत्मा पुरुष जस्तो देखियो । तसर्थ सृष्टिक्रममा महत्तत्त्व पुरुष रूपमा परिणत भएर आएको हो । शुरुमा चेतन बाहेक अरू कुनै कुरा छँदै थिएन । जडवस्तुमा भासित प्रपञ्च पनि आत्मा हो । पुरुष जस्तै भई सृष्टिक्रममा आएर त्यही आत्माले आत्माबाहेक केही देखेन । देखेको पनि चर्मचक्षुले होइन ज्ञानचक्षुले हो । ज्ञानचक्षुले आत्मा देखे पनि त्यस बेलासम्म शब्दाभिव्यक्ति भएको छैन । शब्दनित्य मान्नेको पक्षमा शब्दाभिव्यक्ति भएको छैन र अनित्य भन्नेको पक्षमा शब्दको उत्पत्ति भएको छैन भन्न सकिन्छ । आत्माले केही नदेखेपछि *'सोऽहमस्मीति अग्रेव्याहरत्'* शुरुमा परोक्ष रूपको आत्मा म हुँ भन्यो । सृष्टिक्रममा न आएसम्म परोक्ष भएको आत्मा सृष्टिक्रममा पुरुष जस्तो भई अपरोक्ष भएको छ । सृष्टि हुनुभन्दा पहिले आत्मा बाहेक केही नभएकोले त्यो प्रत्यक्ष थियो । सृष्टिमा पछि तमोगुणवशात् त्यही परोक्ष हुन थाल्यो । यसैबाट आफूले आफैंलाई नचिन्ने स्थिति पैदा हुन थाल्यो । सृष्टिक्रमको अहंले आत्मा ढाकियो । त्यही अहं समष्टि सूक्ष्म शरीर हो ।

क्रियासमष्टि भए सूत्र र बुद्धिसमष्टि भए हिरण्यगर्भ हुन्छ । समष्टित्व विशेषण



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सृष्टिमै हुन्छ । सृष्टि भन्नु क्रियाविशेष हो । लोकमा पनि दुई प्रक्रिया छन् – क्रियात्मक र ज्ञानात्मक । क्रियाशक्ति र ज्ञानशक्तिले सृष्टि प्रपञ्च चलेको छ । इच्छाशक्ति क्रियाशक्ति भित्रै पर्दछ । बुद्धिपत्ता लगाउने साधन क्रियाशक्ति र ज्ञानशक्ति हुन् । अहं व्यवहार भएपछि *'ततोऽहं नामाभवन्'* अहं भन्ने चलन आयो । त्यसैले अहिले पनि 'अहमित्येव अग्रे उक्त्वा अन्यं नाम प्रब्रूते' बोलाउँदा शुरुमा म भनेर नै अरू कुरा बोल्छ । यस अर्थ शुरुमा सृष्टि भएको समष्टि सूक्ष्मशरीर 'अहं' हो भन्न सकिन्छ । त्यही अहंले सक्कली स्वरूपलाई ढाकेको छ । अहंको सृष्टिभएपछि मात्र अरूको सृष्टि हुन्छ । आत्मा जस्तै भएर आएको पुरुष वास्तवमा निष्कल छ । षोडशकला विशिष्ट पुरुष हुन्छ भन्ने छ तापनि सृष्टिक्रमको पुरुष कलाविशिष्ट भए पनि निष्कल छ । काल र पुरुषमा षोडशकला हुन्छन् । षोडशकलामध्ये एउटा नित्य छ । त्यो साक्षात्परमात्मस्वरूप हो, पन्ध्रओटा कला आउने जाने गर्दछन् । कृष्णपक्षमा कला जान्छन् भने शुक्लपक्षमा आउँदछन् । कालिकपुरुष र दैशिकपुरुष दुबै सोह्र कलाकै हुन्छन् । वास्तवमा हरेक प्राणी सोह्रकलाकै हुन्छ र भगवान् श्रीकृष्ण सोह्र कला र राम बाह्रकलाका हुन् भन्ने व्याख्या गर्दछन् । वस्तुतः त्यो गलत हो । *'कृष्णस्तु भगवान् स्वयम्'* भनेर कृष्णको स्तुति भएको हो । त्यसबाट राम भगवान् होइनन् भन्ने अर्थ आउँदैन । तसर्थ राममा बाह्र र कृष्णमा सोह्र कला छ भन्न मिल्दैन । राम र कृष्ण स्वयं भगवान् भएकाले तिनमा सोह्रै कला होइन ती निष्कल छन् ।

स्वभावतः प्रकृति निष्कल आत्मस्वरूपमा कला थपिएपछि पुरुष भनिन्छ । कला थपिनुको नाम माया मिसिनु हो । पुरुषमा माया मिसिएर सृष्टि क्रम चलेको छ । सूक्ष्मसमष्टिरूप अहंमा माया अथवा प्रकृतिको सम्बन्ध नभै कारणभाव हुँदैन । कारणभावमा चेतनतत्त्व सूक्ष्मसमष्टि हो । त्यसैमा माया आधारित छ । मायामा क्रिया भई सृष्टिको विस्तार हुन्छ । हामीमा भएको अहं प्रकृतिद्वारा निष्पन्न छ । त्यसैले प्रकृति क्रियावाली छ । क्रियावाली प्रकृतिले गुणहरूलाई परिचालन गरिरहेकी हुनाले हाम्रो चित्तवृत्ति अहङ्कारविमूढ छ । अहङ्कारविमूढ भएकाले कर्म छोड्नु हुँदैन । तसर्थ कर्म चल्दछ । यही कुरा 'प्रकृतेः क्रियमाणानि' आएको छ । क्रियमाणानि शानच् प्रत्यय छ । शानच् प्रत्यय वर्तमानकालमा मात्र हुन्छ । प्रकृतिको गुणले जे गर्न प्रेरणा गर्दछ त्यही कुरा अहंमा भासित हुन्छ । अचित् प्रकृतिले अहंलाई चलाइरहेको छ । प्रकृतिमा रहेका गुणत्रयका प्रेरणाले अहङ्कारको स्थिति सृजना भएको हो अहं भावनाले 'कर्ताऽहमिति मन्यते' म कर्ता हुँ भन्ने ठानेको छ । कर्ता को हो ? केही पत्तो छैन ।

प्रकृति अथवा माया नभै सृष्टि हुँदैन । *'डुकृञ्करणे'* धातुबाट क्तिन् प्रत्यय भई प्रकृति



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बन्दछ । सप्तशतीमा दुर्गालाई प्रकृति भनिएको छ । *'प्रकृतिस्त्वं च सर्वस्य गुणत्रयविभाविनी'* [२१५] त्रिगुणविस्तार गर्ने तिमी प्रकृति हौ । प्रकृति हौ को अर्थ प्रकृति तिम्रो अधीनमा चल्दछ भन्ने हो । *'अव्याकृताहि परमा प्रकृतिस्त्वमाद्या'* [२१६] आद्या परमा सबैभन्दा ठूली प्रकृति पनि तिमी हौ भन्ने पनि छ । ठूली प्रकृति भन्नाले सानी प्रकृति पनि हुन्छ भन्ने बुझ्नुपर्छ । लोकमा 'योषित्' अर्थात् महिलाको अपमान प्रकृतिको अपमान ठहर्दछ । महिला सबै प्रकृतिकै विस्तार हुन् । यस अर्थमा सानी प्रकृति भनेर महिलालाई लिन सकिन्छ भने संसार सञ्चालनको बीज रूपमा रहेकीलाई परमा प्रकृति भनिन्छ । आद्या प्रकृतिको आश्रयमा ईश्वरले सृष्टि गर्दछ । सृष्टिको प्रसङ्गको कुरामा रासलीलाको कुरा आउँछ । भगवान् श्रीकृष्णले योगमायाको आश्रयमा रासलीला गरेका थिए । *'वीक्ष्य रन्तुं मनश्चक्रे योगमायामुपाश्रितः'* [२१७] योग माया भनेकी आद्या प्रकृति हुन् । आद्या प्रकृति सत्त्वगुणमयी ब्रह्मस्वरूपिणी हुन् ।

ब्रह्मस्वरूपिणी प्रकृति र पुरुषमा भेद छैन । सृष्टिका निम्ति भेद हो । वास्तवमा स्त्रीपुरुषमा भेद छैन । विद्वान्हरू स्त्रीपुरुषमा भेद मान्दैनन् । प्रकृतिलाई परममुक्ति पनि भनिन्छ । *'नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम्'* [२१८] पहिले प्रकृतिलाई नमस्कार गरेको छ । प्रकृतिकै आराधना नभई पुरुषसम्म पुग्नैसक्तैन । सप्तशतीकै प्राधानिक रहस्यमा *'एतेषां प्रकृतिं ब्रह्मन् प्रधानं वक्तुमर्हसि'* [२१९] प्रधान प्रकृति के हो ? भन्ने प्रश्न राजाले सोधेका छन् । प्रधान प्रकृतिको विस्तारपछि अन्त्यमा *'एवं युवतयः सद्यः पुरुषत्वं प्रपेदिरे'* [२२०] युवतीहरू तुरुन्त पुरुषभावमा पुगे भन्ने छ । *'चक्षुष्मन्तोऽनुपश्यन्ति नेतरेऽतद्विदो जनाः'* युवतीहरू तुरुन्त पुरुषभावमा पुगे भन्ने कुरा आँखा हुनेले देख्दछन् । अरूले देख्दैनन् । युवतीहरू पुरुष भए । युवतीको अस्तित्व समाप्त भएर पुरुष भएका होइनन् । ती नै युवती पुरुष पनि भए युवती पनि भए भन्ने अर्थ भास्कर रायले गरेका छन् । विस्तारको काम अह्राउने युवतीहरू हुन् पुरुष होइनन् । स्वयं ब्रह्मनिरूपणमा पुरुष र स्त्री भन्ने विभेद छैन । आँखा भएकाले यो कुरा देख्दछन् *'अतद्विद्'* मूर्खहरूले यो कुरा देख्न सक्तैनन् अर्थात् युवतीहरू तुरुन्त पुरुष र फेरि युवती पनि भए भन्ने देख्न सक्तैनन् ।

प्रभावशालिनी युवतीको अपमान गर्ने व्यक्ति महापातकी हो । प्रकृतिको महत्त्व देवीभागवत, ब्रह्मवैवर्त पुराण प्रकृतिखण्ड र काशी खण्ड आदिमा विस्तृत छ । तसर्थ महिलाको अपमान कहिल्यै गर्नहुँदैन । उपासना पनि शिवको सशक्तिक र शक्तिको साधिष्ठान हुन्छ । निःशक्तिक वा निरधिष्ठान हुँदैन । निष्कल ब्रह्मको पनि हुँदैन । सकलकै हुन्छ । सकलको अर्थ कलाले सहित भएको भन्ने हो । सबैभन्दा सूक्ष्म कामकला हो । त्यसको अभिव्यक्ति बाहिर हुँदैन बुद्धिमा मात्र हुन्छ । गुह्येश्वरीमा दशैँको अष्टमी र नवमीको सन्धि मध्यरात्रिमा सूक्ष्म



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कामकलाको पूजा हुन्छ । त्यही गुह्येश्वरीको सूक्ष्म रूप हो । कामकलाको अभिव्यक्ति प्रकृति र पुरुषको माध्यमले हुन्छ । सगुणभावसम्म त्यो चरमानन्द हो । त्यो भन्दा माथि कामकलाको स्थिति पनि सकिन्छ अनि निर्गुणब्रह्मभावमा पुग्दछ । निर्गुण ब्रह्मभावमा नपुगेसम्म जसले महिलाको अपमान गर्दछ त्यसलाई प्रत्यवाय लाग्दछ । तसर्थ प्रकृतिको माध्यमका वैदिक र लौकिक जे जति कर्म छन् तिनको अपलाप गर्नुहुँदैन । अपलाप गर्ने 'आत्महा' आत्मघाती हो । त्यस्ताको प्रायश्चित्त पनि हुँदैन । कथञ्चित्' भए पनि बोक्रे हुन्छ । त्यसकारण बुद्धिमा प्रतिविम्बित चेतनतत्त्व बुझ्नु साधकको उद्देश्य हो । त्यहाँ जाने बाटो बिरायो भने चेतनतत्त्व बुझ्न नसक्ने स्पष्टै छ । चेतनतत्त्व नचिनेर *'पुनरपि जननं पुनरपि मरणम्'* आउने जाने क्रम चलिरहन्छ । दुर्मार्ग हटाउने हो भने प्रकृतिको माध्यमका वैदिक, लौकिककर्मको अपलाप गर्नमिल्दैन । प्रकृतिको प्रेरणाबाट कर्म हुन्छ ।

प्रकृति प्रधान हो । सत्त्वरजस्तमोगुणको साम्यावस्था हो । गुणत्रयको साम्यावस्था प्रकृति हो भने *'विशिष्टं शुद्धान्नातिरिच्यते'* विशिष्ट र शुद्धमा केही फरक छैन भन्ने नियमानुसार असाम्यावस्था पनि प्रकृति हो । *'तस्याः साम्यावस्थायाः प्रकृतेः'* साम्यावस्थामा पुगेकी प्रकृतिको *'गुणैः विकारैः'* विकारद्वारा अर्थात् क्रियाद्वारा कार्यकारणभावको स्थिति हुन्छ । कार्यकारणसङ्घातबाट अहङ्कारविमूढ हुन्छ । अहङ्कारविमूढात्मामा *'आत्मप्रत्यय'* म आत्मा हुँ भन्ने ज्ञान भएको छ । यसैबाट एकरूपको आत्माको अनेक रूपमा कल्पना हुन्छ । *'विविधं, नानाविधं मूढ आत्मा अन्तःकरणम्'* आत्माको अर्थ अन्तःकरण हो । यो एकभावमा रहेको छ र पनि अनेक भावमा कल्पित छ ।

कार्यकारणभावको उपपत्ति अविद्याको आधारमा हुन्छ । त्यसैले लौकिक र वैदिक जति पनि कर्म छन्, तिनको आरोप आत्मामा हुन्छ । आरोप भएर 'कर्ताऽहंमिति मन्यते' म कर्ता हुँ भन्ने ठान्दछ । अहंको सृष्टि नभएसम्म आरोप्य, आरोपभावको सिद्धि हुँदैन । *'आरोप्यारोपसिद्धः प्रमितिजनकता'* [२२१] इत्यादि अहंभावको सृष्टिविना आरोप्यारोपसिद्धि हुनसक्तैन । आरोप्यारोपका निम्ति पनि दुईओटा वस्तुको अपेक्षा हुन्छ अन्यथा आरोप्य र आरोपको कुरै आउँदैन । पुरुषजस्तै आत्मा एउटै छ तापनि सृष्टिप्रयोजनका लागि दृक्, दृश्य दुवै भइदिन्छ । यसमा दृश्य जड हो भने दृक् चेतन । यसरी सृष्टिक्रमपछि विभाग हुन्छ । आत्माको जडवस्तुलाई जान्ने योग्यता नभएसम्म आत्मा जान्न सकिँदैन । त्यो जडवस्तु माया अथवा प्रकृति के हो ?

**सा वा एतस्य सन्द्रष्टुः शक्तिः सदसदात्मिका**
**माया नाम महाभाग ययेदं निर्ममे विभुः** [२२२]



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



संसारलाई राम्ररी देख्नसक्ने आत्माकै सदसदात्मिका सृष्टिकारिणी शक्तिलाई प्रकृति अथवा माया भनिन्छ। सृष्टिक्रमका यावत् घटपटादि सत् पनि होइनन्, लोकव्यवहार चल्ने हुनाले असत् पनि होइनन् यी अनिर्वचनीय सत् हुन्। *'माया नाम महाभागा ! ययेदं निर्ममे विभुः'* परमात्माले सृष्टि प्रयोजनकै निम्ति माया नामिका सदसदात्मिका शक्तिको सृष्टि गरेका हुन्। स्वतन्त्र अस्तित्व छैन। आवश्यक परेमा परमात्माले मायाको आविर्भाव गर्दछन्। अन्यथा परमात्मामा छ। साधकको अपेक्षामा माया समाप्त भएको अवस्था कैवल्या हो। त्यहाँ पुगेपछि आत्माको अपरोक्षता हुन्छ। अपरोक्षता नभएसम्म कर्म गरिरहनु पर्दछ। सदसदात्मिका शक्तिरूपा माया विशेष र अविशेष दुवै हो किनभने साम्यावस्थामा रहेको वेला यही माया अविशेष हुन्छ भने क्रियावस्थामा विशेष। माया अवस्था प्रकृतिकै सम्बन्धमा अर्को श्लोक छ –

यत्तत्त्रिगुणमव्यक्तं नित्यं सदसदात्मकम्।
प्रधानं प्रकृतिं प्राहुरविशेषं विशेषवत्॥[२२३]

ब्रह्ममा आश्रित मायामा त्रिगुणात्मकता छ, माया अव्यक्त छ अर्थात् यसलाई देख्न सकिँदैन। फलद्वारा यसको कल्पना हुन्छ। माया सत् असत् दुवै हो। सांसारिक प्राणीका निम्ति यो नित्य पनि छ। *'माया प्रधानं'* हो। *'डुधाञ् धारणपोषणयोः'* बाट भावमा ल्युट् प्रत्यय भई 'प्रधानं' बनेको छ। योगक्षेमशक्ति भएको सबैलाई राम्रोसँग धान्न सक्ने भन्ने अर्थ 'प्रधानं'बाट आउँदछ। प्रधानमन्त्री, प्रधानन्यायाधीश आदि पदमा पनि यही अन्वर्थता प्रधानमन्त्रीले मन्त्रिपरिषद् र राष्ट्रकै उत्तरदायित्व वहन गरेको हुन्छ। यस्तै न्याय सेवा खलबलिन नदिई ठीक ठाउँमा राख्ने काम प्रधानन्यायाधीशको हो। सृष्टिप्रपञ्चको मूलाधार माया अथवा प्रकृति भएकाले लौकिकस्थितिमा प्रधानमन्त्री, प्रधानन्यायाधीश जस्तै सृष्टिस्थितिमा माया प्रधान हुन्छ। प्रधानरूपमा सृष्टिलाई धान्ने प्रकृति सामान्यरूपमा अविशेष छ र पनि विशेष छ भनी पत्ता लगाउने 'विशेषवत्' विशेष आधारयुक्त छ। प्रकृतिको गुणवैषम्यावस्था विशेष हो भने साम्यावस्था अविशेष हो। *'यत् तत्त्रिगुणमव्यक्तं'* द्वारा यही आएको छ।

त्यसैले प्रधान प्रकृतिको पुरुषसँग सम्बन्ध भएमा सृष्टि हुन्छ अन्यथा हुँदैन भन्न सकिन्छ। *'प्रकृति पुरुष सम्बन्ध सत्त्वे सृष्टि सत्ता प्रकृति पुरुषसम्बन्ध अभावे सृष्टचभावः'* अन्वयव्यतिरेकद्वारा यो कुरा सिद्ध हुन्छ। प्रकृतिको परिभाषा *'प्रकृष्टवाचक प्रश्चः कृतिश्च सृष्टिवाचकः'*[२२४] छ। प्रकृतिमा प्रको अर्थ अव्यक्त कुरा व्यक्त गर्नु भन्ने हुन्छ। कृतिको अर्थ प्रयत्न हो। प्रयत्न भनेकै सृष्टि हो। त्यसैले *'कृतिश्च सृष्टिवाचक'* हो। प्रकृतिको अर्थपर्यालोचनबाट भगवान्ले पनि नभएको कुरा बनाउने रहेनछ, अव्यक्त कुरा व्यक्त गर्ने



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मात्र रहेछ भन्ने छ । *'सृष्टौ प्रकृष्टा या देवी प्रकृतिः सा प्रकीर्तिता'* सृष्टिका निम्ति प्रकृष्टत्व उद्भावन सामर्थ्य भएकालाई प्रकृति भनिन्छ । यस अर्थमा लौकिकस्थितिमा अव्यक्तपुरुषलाई व्यक्त गर्ने महिलालाई पनि प्रकृतिको रूपमा लिन सकिन्छ । यस्तै प्रकृतिको निर्वचन अर्को पनि छ ।

गुणे सत्त्वे प्रकृष्टे च प्रशब्दो वर्तते श्रुतः
मध्यमे रजसि कृश्च ति शब्दस्तमसि स्मृतः ।[२२५]

राम्रो, उत्कृष्ट गुण अर्थात् सत्त्वगुण र प्रकृष्ट अर्थ पनि प्र शब्दको हुन्छ । कृ शब्दको मध्यम र रजोगुण अर्थ हुन्छ भने ति को अर्थ तमोगुण हो । यसरी सत्त्वरजस्तमोगुणको समष्टि प्रकृतिको अर्थ हुन्छ । सत्त्वरजस्तमोगुण नभए प्रकृति भन्ने कुरै हुँदैन । यसैगरी प्रकृतिको स्वरूप निमित्त र प्रयोजन बारे अगाडिको श्लोक छ –

त्रिगुणात्मस्वरूपा या सा च शक्तिसमन्विता ।
प्रधाना सृष्टिकरणे प्रकृतिस्तेन कथ्यते ॥[२२६]

प्रकृति त्रिगुणात्मस्वरूप छ, शक्तिविशिष्ट छ । सृष्टि गर्नमा प्रधान त्यही हो । त्यसैले त्यसलाई प्रकृति भनिन्छ । हरेक कुराको व्याख्यामा स्वरूप, निमित्त र प्रयोजन हुनुपर्दछ । शुरुमा स्वरूप के हो ? त्यसैको आख्यान हुनुपर्दछ । त्यसपछि कुन निमित्तले त्यो आयो ? भन्ने विवेक हुनुपर्दछ । यसपछि त्यसको प्रयोजन पनि बुझ्नुपर्दछ । अध्यासको प्रसङ्गमा यो कुरा आएको छ ।

योगेनात्मा सृष्टिविधौ द्विधारूपो बभूवह ।
पुमांश्चक्षिणार्धाङ्गो वामार्धा प्रकृतिः स्मृता ॥[२२७]

यो अर्धनारी स्वरूपको आख्यान हो । सृष्टिप्रयोजनका निम्ति एउटै आत्मा दुई भागमा बाँडियो । त्यसमा दाहिने भाग पुरुष र देब्रे भाग प्रकृति भयो भन्ने सम्झनु पर्दछ । यौटै वस्तु सृष्टिनिमित्तले मात्र दुई भागमा विभक्त भएकोले प्रकृति र पुरुषमा एकरत्ति पनि फरक छैन । सृष्टिका निम्ति प्रकृति नै प्रधान हुन्छ । पुरुष प्रधान हुँदैन भन्ने विवरण भएकै छ । वामार्धाप्रकृतिको स्वरूप अतिसूक्ष्म छ । त्यसैबाट संसार चलेको छ । संसार समाप्त पार्न चाहने साधकले प्रकृतिको आराधना गर्नुपर्दछ । पुरुषको मात्र आराधनाले कहिल्यै सिद्धि हुँदैन । प्रकृतिमा पनि प्रधानरूपमा गायत्री पर्दछिन् । आद्याशक्ति गायत्रीको उपासना नगर्ने व्यक्ति 'सदलः पतति' तुरुन्तै पतित हुन्छ । मूलतः प्रकृतिका स्वरूप –

गणेशजननीदुर्गाराधालक्ष्मी सरस्वती ।
सावित्री च सृष्टिविधौ प्रकृतिः पञ्चधा स्मृताः ॥[२२८]



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गणेशजननी माता पार्वती, राधा, लक्ष्मी, सरस्वती र सावित्री गरी पाँच किसिमका छन् । दशमहाविद्याको कुरा तन्त्रमा आउँदछ । ती पनि यी पाँचभित्रै पर्दछन् । यी पाँचकिसिमकै प्रकृति परिपूर्ण ब्रह्म हुन् । यसकिसिमको जुन कुनै पनि परिपूर्ण ब्रह्मरूपा प्रकृतिको निर्वचन राम्रोसँग नबुझ्ने साधकको सिद्धि हुँदैन । एउटै मात्र प्रकृतिको निर्वचन बुझ्न सके पनि साधक सिद्ध हुन्छ । अरूको त के कुरा प्रकृतिको सूक्ष्मस्वरूपको सहाराविना ब्रह्मा पनि पुरुषसम्म पुग्न सक्तैनन् । पुरुषप्राप्तिका निम्ति प्रकृतिको आराधना अपरिहार्य छ । प्रकृतिको सूक्ष्म स्वरूप के हो ? भन्ने निम्न लिखित प्रस्तुति पुराणको छ ।

प्रकाशमानां प्रथमे प्रयाणे प्रतिप्रयाणेऽप्यमृतायमानाम् ।
अन्तः पदव्यामनुसञ्चरन्तीमानन्दरूपामबलां प्रपद्ये ॥[२२९]

वास्तवमा बुद्धिस्वरूपिणी भगवती हुन् । त्यसैले *'या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता । नमस्तस्यै, नमस्तस्यै, नमस्तस्यै नमोनमः'* [२३०] चण्डीमा छ । पहिलो प्रयाणमा प्रकाश दिने शक्ति उनमै छ । प्रकृतिको उपासनामा उत्तरोत्तर बुद्धि शुद्ध हुँदै जान्छ अथवा प्रतिपल अमृतायमान हुँदै जान्छ । यसरी उपासकमा प्रकृति भित्रभित्रै अनुसञ्चरण गर्दछिन् । सबैभन्दा भित्रकी प्रकृतिले बुद्धिवृत्तिलाई सञ्चालन गरिरहन्छिन् । यस्ती प्रकृति आनन्दरूपमा छिन् । आनन्दस्वरूपिणी यस्ती भगवती दुर्गालाई भावना गर्दछु भन्ने छ । प्राणकी अधिष्ठातृदेवी राधा हुन् भने बुद्धिकी अधिष्ठातृदेवी दुर्गा हुन् । यी दुईको आराधना गर्नु अनिवार्य छ । दशैँको नवरात्रमा दुर्गाको उपासना गरिन्छ । त्यो नित्य कर्ममा गनिन्छ । हरेक धर्म र हरेक सम्प्रदायका व्यक्तिले दुर्गाको पूजा गर्ने अधिकार छ । प्रकृतिका दुर्गा, राधा आदिको सूक्ष्मस्वरूप बुझेपछि बुद्धिवृत्ति ब्रह्ममा विलय हुन्छ । त्यसपछि साध्यसाधनको कुरा समाप्त हुन्छ । यसरी संसार समाप्त पारी ब्रह्मसम्म पुऱ्याउँन सहयोग गर्ने प्रकृतिको अनुसरण गरिरहनु पर्दछ । प्रकृतिको महत्ता बुझेर पनि जसले वैदिक, लौकिक कर्म गर्दैन त्यो महारौरवमा पर्छ । अज्ञले पनि प्रकृतिप्रेरणाबाट कर्म गरेको हुन्छ ।

संसारको कारण ब्रह्म वा प्रकृति भन्ने बारे मत मतान्तर छन् तापनि संसारको कारण ब्रह्म हो । निमित्त र उपादान दुवै हो । निमित्तकारण हुन्छ भन्नेमा छ । *'स प्राणमसृजत'* [२३१] ब्रह्मले प्राणको सृष्टि गऱ्यो यसअर्थमा प्राण र सृष्टि भिन्नाभिन्नै कुरा हुन्छन् । *'स ईक्षाञ्चक्रे'* [२३२] इत्यादिबाट पनि ब्रह्मनिमित्तकरण भन्ने सङ्केत छ । यस्तै *'निष्क्रियं निष्कलं शान्तं निरवद्यं निरञ्जनम्'* [१३३] बाट ब्रह्म निमित्तकारण हो भन्ने देखिन्छ । ईश्वर मान्ने पक्षमा परमात्मा निमित्तकारण हुन्छ भन्नेमा द्विमत छैन । प्रकृति भन्ने तत्व ईश्वरको इच्छाबाट आएकोले त्यसले सृष्टि गर्दछ भन्ने प्रवाद मात्र हो, त्यो स्वतन्त्र छैन । वास्तवमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सृष्टि मायाशवलित ब्रह्मले गर्दछ । तसर्थ ब्रह्ममा उपादान र निमित्तकारणत्व दुवै छ । यही कुरा पुष्टिका लागि वादरायणले सूत्र लेखेका छन् – *'प्रकृतिश्च प्रतिज्ञा दृष्टान्तानुपरोधात् ।'* [२३४] प्रकृति उपादानकारण पनि हो । यसलाई प्रतिज्ञा र दृष्टान्तले पनि पुष्टि गरेका छन् । मायाशवलित ब्रह्म वा प्रकृति उपादानकारण पनि हो भन्नेमा प्रतिज्ञा छ – *'उत तमादेशमप्राक्ष येनाश्रुतंश्रुतं भवति, अमतं मतमविज्ञात. विज्ञातं भवति'* [२३५] गुरुसँग पढेर आएको छोरोलाई जुन कुरा बुझ्भेपछि सबै बुझिन्छ, न सुनेको पनि सुनेकोजस्तै हुन्छ, अमत पनि मत हुन्छ, न जानेको कुरा पनि जानिन्छ । यसबारे गुरुसँग सोध्यौ ? भनी पिताले सोधेका छन् । ब्रह्म उपादानकारण हुन्छ भन्नेमा प्रतिज्ञा वाक्य यही हो ।

यस्तै ब्रह्म उपादानकारण हो भन्नेमा हेतु छ– *'एकेन नखनिकृन्तनेन सर्वं कार्ष्णायसं विज्ञात स्यात् वाचारम्भणं विकारो नामधेयं कृष्णायसमित्येव सत्यम्'* [२३६] फलामबाट हँसिया, कोदालो, बञ्चरो, फाली आदि जेसुकै बनाए पनि फलाममात्र बाँकी रहेझैँ आत्माकै संदर्शनबाट मायाको सृष्टि भएकोले ब्रह्मबाहेक केही बाँकी रहँदैन । यस अर्थ सबै प्रपञ्च ब्रह्मकै विवर्त भएकाले त्यो ब्रह्म उपादानकारण हुन्छ । *'सदेव सौम्येदमग्र आसीद् एकमेवाद्वितीयम्'* [२३७] को प्रसङ्गमा छान्दोग्य श्रुतिमा यी कुरा छन् । यसमा शङ्कराचार्य – *'लौकिकानि शास्त्रीयाणि सर्वशः सर्वप्रकारैरहङ्कारविमूढात्मा कार्यकारणसङ्घात आत्मा आत्मप्रत्ययोऽहङ्कारः'* जञ्जालको प्रपञ्च कार्यकारण–सङ्घातरूप अनात्मामा आत्मप्रत्यय भएको छ । वस्तुतः कार्यकारण सङ्घातरूप अहं आत्मा होइन । *'विविधं नानाविधम्'* नानाप्रकारका प्रापञ्चिक वस्तुका सङ्घातले अन्तःकरण ढाकिएको छ । त्यसैले ऊ आफूमा कर्तृत्वारोप गर्दछ । ऊ कुनै कुराको विवेक गर्न नसक्ने अहङ्कारविमूढ छ ।

*'प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः'* यसमा कर्माणि द्वितीयाको ठाउँमा षष्ठी हुनुपर्दथ्यो । द्वितीया किन ? भन्नेमा सूत्र छ – *'न लोकाव्ययनिष्ठा खलार्थतृणाम्'* [२३८] षष्ठी विशेष भएर पनि यहाँ द्वितीया छ । वास्तवमा यसको अर्थ कर्माणि होइन *'कर्मणामहङ्कर्ता'* हो । कर्मको कर्ता हुँ भन्ने आरोप यसले गरेको छ । मधुसूदनीद्वारा यही कुरा स्पष्ट छ । आत्मामा कर्तृत्वारोप गर्ने अहङ्कारविमूढ व्यक्तिले वस्तुविवेक गर्नसक्तैन । कमसेकम ज्ञानको तेस्रो भूमिकासम्म जान त्यसले पनि कोसिस गर्नुपर्दछ । ज्ञानको तेस्रो भूमिकामा पुगेपछि बुद्धिशुद्ध हुनेहुँदा ज्ञानमार्गमा जान पहिले कर्म गर्नैपर्नेरहेछ भन्ने त्यसले पनि बुझ्दछ । अनि प्रकृतिको प्रेरणाका लौकिक र वैदिक कर्मको अपलाप गर्दैन । २५ औं श्लोकदेखि ज्ञानीले लोकसङ्ग्रहका निम्ति कर्म गरे हुने, अज्ञानीले आफ्नै लागि गर्नुपर्ने, लोक उच्छिन्न नहोस् भनेर कर्मको अनिवार्यता हो । अज्ञानीले कर्म अवश्य गर्नुपर्दछ भन्ने यहाँको मूल प्रसङ्ग हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रकृति माया अथवा अज्ञान भनेको एउटै कुरा हो। माया यसको व्यापकरूप हो। विशेषतः प्रकृति भन्ने कुरा साङ्ख्यदर्शनमा आउँदछ तापनि वेदान्तमा पनि यो नआउने होइन। प्रकृतिलाई वेदान्तमा माया भनिन्छ। माया अथवा प्रकृति जे भने पनि त्यो अज्ञान हो। अज्ञान सोझै ज्ञानको अभाव होइन भावरूप अज्ञान हो। अज्ञानबाट सृष्टिप्रक्रिया विस्तार भएको छ। प्रकृतिको अधीनमा चल्ने व्यक्तिले अहङ्कारले आफूलाई कर्ता ठानेको हुँदैन। ज्ञानी अथवा ज्ञानमार्गमा लागेका साधक अहङ्काररहित हुन्छन्। अज्ञानी व्यक्ति अहङ्कारविमूढ हुन्छ। त्यसैले ऊ आफूलाई कर्ता ठान्दछ, ज्ञानी ठान्दैन। यी कुरा देखाउँन अर्को श्लोक–

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः।
गुणा गुणेषु वर्तन्त इति मत्त्वा न सज्जते ॥२८॥

एकाथरी आफ्नो भरमा चल्न नसक्ने र अर्काथरी अर्काको भरमा नचल्ने भन्ने दुई किसिमको वर्गीकरण अतत्त्वविद् र तत्त्वविद्मा देखिन्छ। अर्काको भरमा चल्नु नपरोस् भन्ने दृष्टिकोण सबैको हुन्छ र अज्ञानी अर्काकै भरमा चलेको हुन्छ। आफ्नो कल्याण चाहनेले अर्काको भरमा चल्न छोड्नुपर्दछ। अर्काको भरमा चल्ने व्यक्ति पङ्गु हो। त्यस्ताको कुनै प्रयोजनसिद्धि हुँदैन। अर्काको भरमा किन ? योभन्दा पहिलो श्लोकद्वारा विवरण भएकै छ। प्रस्तुत श्लोकले तत्त्वविद् आफ्नै भरमा कसरी चल्दछ ? भन्ने बारे विवेचन गर्ने छ। वस्तु निरूपण स्वरूप निमित्त र प्रयोजनको आख्यानबाट हुन्छ। यस कुराको दिग्दर्शन आइसकेको छ। ज्ञानी र अज्ञानीको वस्तुगतिको स्वरूपत परिचय अवान्तरभेद यसरी प्रस्तुत छ।

स्वरूपपररूपाभ्यां नित्यं सदसदात्मके।
वस्तुनि ज्ञायते किञ्चित् रूपं कैश्चित्कदाचन ॥[२३९]

जुनसुकै वस्तुको ज्ञान आत्मरूपबाट हुन्छ या त पररूपबाट हुन्छ। आफैँबाट चिनिने उत्तम, बाबु, बाजेको माध्यमबाट चिनिने मध्यम र ससुरालीबाट चिनिने अधम भन्ने लौकिक चलन छ। माया सदसदात्मिका भएकीले यसको सृष्टिका प्राणीहरू पनि सदसदात्मक हुन्छन्। ज्ञानीलाई सदात्मक र अज्ञानीलाई असदात्मक भित्र लिन सकिन्छ। सदात्मा स्वरूपले परिचित हुन्छ भने असदात्मा पररूपद्वारा चिनिन्छ। सबै वस्तुको ज्ञान सबैलाई हुँदैन। जति ज्ञान हुन्छ त्यो स्वरूप वा पररूपबाट हुन्छ। अतत्त्वविद्ले पररूप सर्वस्व हो भन्ने ठानेको हुन्छ भने तत्त्वविद्ले स्वरूपलाई सर्वस्व ठानेको हुन्छ।

यो अवान्तर प्रसङ्गपछि स्वरूप, निमित्त र फलको मूल प्रसङ्ग छ। तीमध्ये प्रधान स्वरूप



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हुन्छ । स्वरूप बुझेपछि निमित्त र फल बुझ्न त्यति गाह्रो हुँदैन । स्वरूप स्वतः सिद्ध हुन्छ भने निमित्त र फल पररूपद्वारा सिद्ध हुन्छन् । सांसारिक प्रपञ्च मायाद्वारा आएको छ भने माया परमात्माद्वारा आएकी छ । मायाको स्वतन्त्र अस्तित्व छैनभने त्यसमा अड्ने प्रपञ्चको हालत के होला ? यसबाट प्रपञ्च पररूपमा अडेको भन्ने बुझिन्छ । प्रपञ्च पररूपमा अडे पनि पररूप चाहिँ स्वरूपमै अडेको छ । माया, प्रकृति अथवा अज्ञान भावरूप हो । भावरूप भएकोले यो बुझ्न लक्षण र प्रमाणको आवश्यकता पर्दछ । *'लक्षणप्रमाणाभ्यां वस्तु सिद्धिः'* भन्ने प्रसिद्ध छ । त्यसैले अज्ञानको लक्षण के हो ? *'अनादिभावरूपं ज्ञाननिवर्त्यमज्ञानम्'* [२४०] परमात्माबाट आए पनि कहिलेदेखि आयो भन्ने टुङ्गो नभएकोले अज्ञान अनादि हो, भावरूप हो, ज्ञानद्वारा हट्दछ । यही अज्ञानको लक्षण हो । ज्ञान नभएसम्म संसार रही रहन्छ । ज्ञान भनेको पनि वृत्त्यात्मक हो । यसको विवरण दोस्रो अध्यायमा भएकै छ । जसरी तातोको संयोग भएपछि जाडो स्वतः हट्दछ । भोकाएको मान्छेले खाएपछि जसरी भोक समाप्त हुन्छ त्यस्तै ज्ञान भएपछि अज्ञान स्वतः हट्दछ । त्यसलाई हटाउँन प्रयत्न गरिरहनु पर्दैन ।

*'भ्रमोपादानमज्ञानम्'* [२४१] भ्रमको उपादान अज्ञानको लक्षण हो । भ्रम रहने अथवा अड्ने ठाउँ अज्ञान हो । *'अनादिभावरूपत्वे सति ज्ञाननिवर्त्यत्वं'* र *'भ्रमोपादानम्'* यी दुईओटै अज्ञानका लक्षण हुन् । 'ज्ञाननिवर्त्यत्वं' यसमा 'निवर्त्य' भनेर हट्ने र *'निवर्तक'* भनेर हटाउने भन्ने बुझिन्छ । निवर्त्य र निवर्तकलाई प्रतिबध्य र प्रतिबन्धक पनि भन्नसकिन्छ । हट्ने निवर्त्य अथवा प्रतिबध्य हुन्छभने हटाउने निवर्तक वा प्रतिबन्धक हुन्छ । ज्ञानद्वारा अज्ञान नाश हुने हुँदा ज्ञान निवर्तक र अज्ञाननिवर्त्य हो । यस किसिमले ज्ञान र अज्ञानमा निवर्त्य निवर्तकभावसम्बन्ध छ । यसरी अज्ञानका यी दुई लक्षण छन् । प्रमाण के छन् ? प्रत्यक्ष, अनुमान, शब्द र अर्थापत्ति प्रमाण भएको उल्लेख द्वितीयाध्यायमा छँदैछ । यसरी लक्षण र प्रमाणको आधारमा अज्ञानको सत्ता सिद्ध हुन्छ भने ज्ञान सिद्धै छ । स्वरूपपररूपपाभ्यां नित्यं सदसदात्मकेको आर्थिक विवरण यहाँसम्म भएको छ । पररूपबाट परिचयको स्थिति समाप्त पारी स्वरूपबाट चिन्ने प्रयत्न गर्नुपर्दछ । स्वरूपबाट वस्तुविवेकी व्यक्ति तत्त्वविद् हो ।

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणगुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥

भगवान्द्वारा अभिव्यक्त छ –

तत्त्वविद् गुणकर्मको सम्यक् विभाग गर्न सक्छ । गुण गुणमै रहन्छ भन्ने विवेकद्वारा गुणमा लाग्ने चेष्टा तत्त्वविद्ले गर्दैन । अतत्त्वविद् गुणकर्मको विभाजन नबुझेर गुणमा लाग्दछ । यसरी तत्त्वविद् र अतत्त्वविद्मा फरक छ । *'प्रकृतेः क्रियमाणानि'* इत्यादिले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अतत्त्वविद् देखाएको छ भने *'तत्त्ववित्तु महाबाहो'* इत्यादिले तत्त्ववित्को प्रसङ्ग देखाउँछ। यी दुई श्लोकको स्वतन्त्र अर्थ स्पष्ट भएपछि तत्त्ववित् र अतत्त्ववित्को पार्थक्य स्पष्ट हुन्छ। *'तत्त्ववित्तु'* को 'तु' शब्दले पूर्वप्रतिपादितभन्दा यो अलग हो भन्ने स्पष्ट गर्दछ। यी भिन्नाभिन्नै कुरा हुन् अथवा यो फरक प्रसङ्ग हो भन्ने स्पष्ट गर्न 'तु' हो। अतत्त्वविद्मा कर्मको अपरिहार्यता प्रदर्शनपछि तत्त्वविद्लाई कर्मले के गर्छ ? भन्ने बारेमा शङ्कराचार्य- *'तत्त्वविदिति'* – *'यः पुनर्विद्वान् तत्त्वविदिति'* जो तत्त्वविद् छ त्यो विद्वान् हो।

महावाहो ! यो सम्बोधन हो। *'आजानबाहुः'* अर्जुनका घुँडासम्म पुग्ने लामा हात थिए। लामा हात हुने व्यक्ति लच्छिनको हुन्छ भन्ने चलन छ। भगवान् राम, कृष्णका पनि घुँडासम्म पुग्ने लामा हात थिए भन्ने छ। लामाहात र पराक्रमी भएकाले उनलाई महाबाहु भनिएको हो भन्न सकिन्छ। *'तत्त्वविद्'* घटक तत्त्व जस्ताको तस्तै फरक नपर्ने वस्तु हो अथवा यथार्थ वस्तु हो। वास्तवमा तत्त्वभनेको निष्कल आत्मा हो। *'सतश्च सद्भावोऽसतश्चासदभावः'* [२४२] सद् सद् हो र असद् असद् हो भनी बुझ्नु तत्त्व हो भन्ने पनि छ। *'तत्त्वमनारोपितरूपम्'* [२४३] यसमा उदयनाचार्यले परिष्कार गरेका छन्। आरोप नभएको रूप तत्त्व हो। यसस्थितिमा आत्मा तत्त्व हुन्छ। तत्त्वरूप आत्मा जान्ने व्यक्तिले गुण र कर्मको विभाग पनि बुझेको हुन्छ।

*'गुणकर्मविभागयोः'* गुण र कर्मको विभाग गर्न सक्ने व्यक्ति तत्त्वविद् हो। तीन किसिमका गुणमध्ये सत्त्वरजस्तमका यी यी काम भनी बुझ्न सक्ने व्यक्तिलाई गुणविभाग बुझेको भनिन्छ। यस्तै यो गुणको प्रभावले यो काम हुन्छ भनी कर्मको विवेक गर्नसक्नेलाई कर्म बुझेको व्यक्ति भनिन्छ। आत्मा बुझ्ने व्यक्ति तत्त्वविद् भएजस्तै आत्माको विकृति मायाको विस्तार गुणकर्म हो भन्ने कुरा विवेक गर्नेलाई पनि तत्त्वविद्भन्दा अत्युक्ति नहोला। गुणकर्मविभाग बुझिसकेपछि कर्ममा आसक्त हुँदैन। आत्माद्वारा आविर्भाव भएका प्रापञ्चिक विषयमा गुण लागेका हुन् भन्ने सम्झेर ज्ञानी पुरुष *'सज्जते आसक्तिं नकरोति'* कर्मरूप विषयमा हिरिक्क हुँदैन। शङ्कराचार्यबाट *'गुणकर्मविभागयोः'* को व्याख्या उक्त प्रकार भएको हो। यसको व्याख्या विभिन्न आचार्यले आ-आफ्नै शैलीमा गरेका छन्।

गुणले आफूलाई नछुने कुरा तत्त्वविद्ले बुझेको हुन्छ। तसर्थ गुण विभाग आत्मामा रह्यो। त्यस्तै कर्मविभाग पनि आत्मामै रहन्छ। कर्तात्मक पनि आफू नभएको ज्ञानीलाई थाहा हुन्छ। गुणकर्मात्मकत्व आफूमा नरहेको बुझेपछि गुणकर्मविभाग आत्मामा रहन्छ भन्न सकिन्छ। त्यस्तै *'गुणकर्मविभागयोः'* गुणकर्ममा परस्परमा भेद छ भन्ने बुझ्ने पनि तत्त्वविद् हो। गुणकर्मको विभाग बुझ्ने तत्त्वविद् भने शङ्कराचार्यको व्याख्या हो भने गुणकर्ममा परस्पर भेद बुझ्ने तत्त्वविद् भन्ने श्रीधरको व्याख्या हो। मधुसूदनसरस्वतीको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



व्याख्या यी दुई व्याख्याभन्दा फरक छ। गुणको अर्थ अहङ्कारद्वारा भासित हुने देह, इन्द्रिय अन्तःकरण सबै हुन्छन्। देह, इन्द्रिय, अन्तःकरण सबै गुण हुन्। इन्द्रिय, देह र मनका व्यापार कर्म हुन्। ममत्व रहने ठाउँ कर्म र अहन्त्व रहने ठाउँ गुण हो। अहङ्काराश्रय जति गुणभित्र पर्दछन् भने ममकाराश्रयजति कर्मभित्र पर्दछन्। यसरी गुणकर्मको विभाग गर्नु पर्दछ। *'विभज्यत इति विभागः'* विभजन हुने कुरा विभाग हो। गुणकर्मको विभाग आत्मामा रहन्छ। गुणकर्मले जडवस्तुको सङ्ग्रह हुन्छ। जडदेखि आत्माभिन्नै हो भन्न विवेक गर्न सक्ने तत्त्वविद् हो। उसले आफूमा कर्तृत्वाभिनिवेश राख्दैन। जड वस्तु गुणकर्म हुन् भने तिनको भासक आत्मा हो। भास्य भासकको स्थितिमा पनि गुणकर्मको विभाग आत्मामा रहन्छ भन्ने छ। शब्दतः पनि यो कुरा छ। यस्तै जडवस्तु स्वतः भासित नहुने हुँदा यसको भासक अर्को तत्त्व चाहिन्छ। त्यो आत्मा हो भन्ने विवेक गर्नुपर्दछ। यसरी शब्दमर्यादा र अर्थमर्यादाबाट विभागको अर्थ आत्मा हो भन्ने बुझिन्छ। यस किसिमको अर्थ बुझेर कर्तृत्वाभिनिवेश नभएको व्यक्ति तत्त्वविद् हो। मधुसूदनीका कुरा यिनै हुन्।

*'गुणकर्मविभागयोः'* यसको व्याख्या तत्त्वविद्को अर्थ तीन किसिमबाट भएको छ। गुणकर्म विभागको यथार्थरूपमा विवेक गर्ने व्यक्ति तत्वविद् हो भनी अर्थ गर्ने हो भने *'गुणकर्मणोः'* यतिबाट मात्र अर्थ पुगदछ। शङ्कराचार्यको जस्तो अर्थ मान्दा *'गुणकर्मविभागयोः'* पदसन्निवेश वाक्य छैन। त्यसोगर्दा विभागपदमा व्यर्थता देखिएकोले शङ्कराचार्यको अर्थमा न्यूनताको सङ्केत आचार्यहरूले गरेका छन्। भगवान् श्रीकृष्णद्वारा उपन्यस्त विभाग पदमा व्यर्थता नहोस् भन्ने हेतुले शङ्कराचार्यको अर्थ संयोजनमा अर्थतः न्यूनता देखाएका हुन्।

*'गुणकर्मविभागयोः'* को अर्थ यसरी पनि गर्न सकिन्छ भनी आचार्यहरूले कल्पान्तर देखाएका छन्। गुण पनि गुणमै रहन्छ र कर्म पनि गुणमै रहन्छ। गुण गुणमै रहन्छ भन्ने भागवतको हंस सनत्कुमारसंबादमा छ। गुण र क्रियाको सम्पर्क आत्मामा छैन भन्ने सम्झेर कर्म नगर्ने तत्त्वविद् हो। *'गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते'* हंसगीतामा जस्तै स्वयं भगवान्‌बाट पनि गुणमाथि गुण रहन्छ भन्ने सङ्केत छ र त्यो यस्तो छ – गुणैद्वारा गुण बढ्दछ, नाश पनि हुन्छ किनभने सत्त्वगुणको वृद्धि हुँदा तमोगुण नाश, तमोगुण वृद्धि हुँदा सत्त्वगुणको नाश हुन्छ। रजो गुण सत्त्व र तमोगुणको प्रेरक हो। सत्वगुणको वृद्धिपछि वृत्तिविलय आत्मामा हुन्छ। अनि सत्त्वगुणको पनि नाश हुन्छ। सत्त्वगुणको नाशोत्तर वृत्ति आत्मसात् हुँने हुँदा वृत्तिको पनि नाश हुनु आवश्यक छ। यसरी गुणनाशक गुण नै हो भन्ने सुबोध हुन्छ। सत्त्वगुणात्मकवृद्धि भैसकेपछि वृत्तिविलय हुने हुँदा गुणलाई



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बढाउने काम पनि गुणले गर्दछ । रजोगुणले सत्त्वगुणलाई प्रेरणा गर्दा सत्त्वगुणवृद्धि हुन्छ भने तमोगुणलाई प्रेरणा गर्दा तमोगुण वृद्धि हुन्छ ।

गुण बढोस् अथवा घटोस् गुणमै रहन्छ, आत्मामा रहँदैन । गुणाधार गुण हो भन्ने सम्झेर ज्ञानी त्यसमा हिरिक्क हुँदैन । आफूले जानेबुझेको जम्मा गरेको वस्तुमा ममत्व भावना पनि ज्ञानीलाई हुँदैन । जड बुद्धिकै आधारमा भएका क्रियात्मक व्यापारमा पनि उनीहरूलाई आसक्ति हुँदैन । यस किसिमले गुणकर्मको विभाग गर्न सक्ने ज्ञानीलाई आगमापायी सुखदुःखमा पनि अनासक्ति हुन्छ । प्रापञ्चिक यावत् वस्तुले प्रत्यगात्मालाई प्रभाव पार्नसक्तैन भन्ने पनि बुझेका हुन्छन् । गुणद्वारा हुने व्यापारविशेष कर्म भएकोले त्यसको विभाग आत्मामा रहन्छ भन्ने किन मान्ने ? यस्तो सम्भावित आशङ्का आउन सक्तछ । किनभने गुणविभाग आत्मामा आएपछि त्यसको व्यापाररूप कर्मको विभाग आत्मामा भइनै हाल्दछ भन्ने छ तथापि नीलकण्ठ भन्दछन् – कर्म विभाग पनि आत्मामा छ भन्नु पर्दछ । संसार भनेको कर्म हो । कर्म संसार हो भन्ने कुरा संसारशब्दको अर्थले दिन्छ । यही कुरा पुष्टि गर्न नीलकण्ठ श्रुतिवचन दिन्छन् – *'अन्धो मणिमविन्दत्, तमनङ्गुलीरावयत्, अग्रीवःप्रत्यमुञ्चत्, अजिह्वोऽसञ्चत'* कुनै जन्मान्धव्यक्तिले मणि फेला पाऱ्यो । त्यो अंगुठी औँला नहुने व्यक्तिले लगायो । फेरि त्यसैलाई घाँटी नहुनेले माला लगायो । त्यही मणिलाई जिब्रो नभएको व्यक्तिले चाट्यो भन्ने अर्थ श्रुतिको हो । घाँटी नहुनेले माला लगाउन पनि सक्तैन, न त औँला र जिब्रो नहुनेले औँठी लगाउँन र चाट्न सक्तछ । यसको अर्थ कर्मविभाग आत्मामा देखाएको हो । आत्मामा गुणविभाग भएको कुरा लोकले बुझ्दछ । अतः त्यो नदेखाई कर्मविभाग श्रुतिले देखाएको छ । आँखा नभएको व्यक्तिले मणि लिएजस्तै संसार नै सर्वस्व हो भन्ने ठानी अज्ञानी विषयवासनामा रमेको हुन्छ । औँला नहुनेले औँठी लगाएजस्तै आफ्नो आधारमा हिड्न नसके पनि अर्काको आधारमा सबै कुरा समेट्नुपरेको छ । अहङ्कारले आत्मा ढाकिएको छ । त्यसैले ऊ आफूलाई सर्वस्व ठान्दछ । त्यसो गर्नु शिर नहुनेले माला लगाउनुजस्तै हो । अहङ्कारले नै ऊ विषयवासनामा रहेको हुन्छ । सर्वत्र अनुवृत्त आत्मामा व्यावृत्त वस्तुको आरोप गरेको छ । इत्यादि कुराको विवेक गरी आत्मामा मात्र रहने व्यक्ति तत्वविद् हो । तत्त्वविद् गुणमा तथा कर्ममा अनासक्त हुन्छ । यस्तै गुणकर्मको विभाग आत्मामा छ भन्ने कुरा श्वेताश्वतरोपनिषद्ले पनि पुष्टि गरेको छ । जस्तै –

अपाणिपादो जवनोग्रहीतापश्यत्यचक्षुः स श्रृणोत्यकर्णः ।
सवेति वेद्यं न च तस्यास्ति वेत्ता तमाहुरग्र्यं पुरुषं महान्तम् ॥[२४४] हातखुट्टा छैनन् तापनि हिड्न र ग्रहण गर्नसक्तछ । आँखा र कान दुबै छैनन् र पनि देख्न र सुन्नसक्तछ । उसले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सबै कुरा जानेको छ, जान्नुपर्ने केही बाँकी छैन तर उसलाई जान्ने कोही छैन। त्यो सबैभन्दा अग्र र महान् पुरुष हो। *'अन्धो मणिमबिन्दत्'* इत्यादि श्रुति आत्मनिरूपण परोक्षरूपमा छ भने 'अपाणिपादो' इत्यादिको प्रत्यक्षरूपमा छ। प्रत्यक्ष वा परोक्ष जसरी भएपनि दुवै श्रुतिले आत्मनिरूपण गरेका हुन्। अज्ञानीको बुद्धिभेद हुने गरी ज्ञानीले उपदेश गर्नु हुँदैन भन्नेमा २९ औँ श्लोक –

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत्॥२९॥

अज्ञानीहरू कर्ममा हिरिक्क हुन्छन्। त्यस्ता मन्दबुद्धि अकृत्स्नविद्लाई कृत्स्नविद् – ज्ञानीले कर्मविचलन हुने कुरा गर्नु हुँदैन। विशेषतः २६ औँ श्लोकको कुराको यो उपसंहार हो। ज्ञानीले कर्म गरे पनि कर्ममा ऊ सक्त हुँदैन भने अज्ञानी सक्त हुन्छ। कर्मससक्तको प्रसङ्ग धेरै पटक आएको छ तापनि यो पुनरुक्ति होइन अनुवाद हो। कर्म छोडे फल हानि हुन्छ भनी बुझ्नेले थोरै बुझ्यो। फलासक्त नहुने व्यक्तिले धेरै बुझ्यो। थोरै र धेरै बुझ्नेमा थोरै बुझ्ने कर्मासक्त व्यक्ति कर्म गर्दछ भने धेरै बुझ्ने व्यक्ति अनासक्त भै कर्म गर्दछ।

ज्ञानीलाई यहाँ धेरै बुझ्ने भनिएको छ भने अज्ञानीलाई (कर्मीलाई) थोरै बुझ्ने। थोरै बुझ्नेले बुझेको जति सबै काम गर्नु पर्दछ। *'तान् अकृत्स्नविदो मन्दान्'* थोरै बुझ्नेहरू मन्द हुन्। त्यस्ता मन्दबुद्धिलाई विद्वान्ले विचलित पार्नु हुँदैन। किनभने ऊ प्रकृतिका गुणले संमूढः – एकदम मूर्ख बनिसकेको छ। त्यसैले ऊ गुणकर्ममा हिरिक्क हुन्छ। *'प्रकृतेः क्रियमाणानि'* इत्यादि २७ औँ श्लोकमा कर्म गर्ने व्यक्तिको आफ्नो हैसियत छैन, अर्काको हैसियतले काम गर्दछ। यस्तै २८ औँ श्लोकमा ज्ञानीको आफ्नै हैसियत हुन्छ भन्ने छ। आफ्नो हैसियत नभएका अज्ञानीलाई कर्मविचलन पार्न हुँदैन भन्ने कुराकै यो उपसंहार हो। आफ्नो हैसियत नभएकाले जे कर्म गरे पनि आफै पूर्णताका लागि गरेका हुँदैनन्। अर्काको भर भए काम हुन्छ अन्यथा हुँदैन। प्रकृतिका गुणले संमूढ भएका छन्। कर्मीको जति योग्यता छ, जति हैसियत, फूर्ति छ ती सबै माया गुणका आधारमा हो। माया गुणको आधारमा चल्ने हुनाले *'सज्जन्ते गुणकर्मसु'* गुणकर्ममा संलग्न हुन्छन्। अकृत्स्नविद् आफूलाई सर्वेसर्वा ठान्दछन्। वास्तवमा ती मन्द हुन्। विचारशक्तिलाई प्रतिभाले जागृत गरिदिन्छ। *'प्रज्ञा नवनवोन्मेषशालिनी प्रतिभा मता'* नयाँ नयाँ कुरा विचार गर्नसक्नु प्रतिभा हो। प्रतिभा ठ्याम्मै नभएका। अर्थात् कर्मको प्रयोजन चित्तशुद्धि हो भन्ने थाहै नभएका, कर्मबाट यावत्सांसारिक वस्तु मिल्दछन् भनी लाग्नेहरू मन्द हुन्।

अतः अकृत्स्नविद्लाई *'कृत्स्नविदः'* धेरै जान्ने ज्ञानीले *'न विचालयेत्'* विचलित पर्नु हुँदैन



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जसबाट उनीहरूको कर्ममा अश्रद्धा हुन्छ । गार्ग्य र अजातशत्रुको संवाद छ । एकपटक बलाकीका छोरा बालाकि गार्ग्य ऋषि अजातशत्रु राजाको सभामा गएका थिए । त्यसै बेला *'जनको जनक इति जनाः धावन्ति'* [२४५] ज्ञानका निम्ति सबै जना जनक श्रेष्ठ हुन् भनी उहीं जान्छन् । ज्ञानको चर्चा हामीसँगै गरेर पनि हुन्थ्यो भनी राजा अजातशत्रुको अभिव्यक्ति छ । त्यसैबेला गार्ग्यले म ब्रह्मको उपदेश गर्दछु भनेका थिए । राजाको अनुमति अनुसार गार्ग्य ब्रह्मोपदेश गर्न शुरु गर्दछन् –

गार्ग्य भन्दछन् – 'आदित्यलाई ब्रह्म भन्ने बुझ्केको छु ।' आदित्यको सीमित फल हुन्छ । तिमीले बुझ्केको सीमित फल हुने आदित्य भन्दा ब्रह्म कैयौँ गुणा माथिल्लो छ भनेर आदित्यबाट प्राप्त हुने सीमित फल राजाले देखाएका छन् । राजाको कुरा सुनेपछि आदित्य ब्रह्म ठान्ने ऋषिको फूर्ति घटेको छ । त्यसै क्रममा ऋषि भन्दछन् – 'आदित्य ब्रह्म नभए म चन्द्रमालाई ब्रह्म मान्दछु ।' यसरी ब्रह्मोपदेश गर्ने ऋषि एक एक गर्दै क्रमशः सूक्ष्मतामा गएका छन् भने राजाले उनको कुरामा परिच्छिन्नत्व देखाएका छन् । यसबाट उत्तरोत्तर अपरिच्छिन्नत्वको निरूपण गर्नुपर्ने वातावरण सृजना गरेका छन् । चन्द्रमा पनि परिच्छिन्न छ भनी राजाले दोष देखाएपछि ऋषिले 'आकाश'लाई ब्रह्म मान्दछु भनेका छन् । राजाले आकाशमा पनि दोष देखाए । त्यसपछि ऋषिले वायु, अग्नि, जल, ऐना, सूक्ष्मशब्द, दिक्, छायामय पुरुष यिनीहरूलाई ब्रह्म मान्दछु भनी क्रमशः भनेका छन् । मैले बुझ्केको ब्रह्म छायामय पुरुष अन्तिम हो भन्ने ऋषिको निर्णयात्मक उत्तरपछि राजाले यी सबैमा परिच्छिन्नता देखाई परिच्छिन्न वस्तु ब्रह्म हुन नसक्ने कुरा गरेका छन् । साथै तिमीले बुझ्केको ब्रह्म भन्दा वास्तविक ब्रह्म धेरै माथि छ । राजाले यसरी ऋषिको ब्रह्मोपदेशमा अपूर्णता देखाएको चर्चा छ । ऋषि भन्दछन् – उसोभए 'हजूर नै मलाई ब्रह्मोपदेश गर्नुहोस् – म हजुरलाई गुरु मान्दछु ।'

राजा अगाडि भन्दछन् – *'प्रतिलोमं चैतद् ब्राह्मणः क्षत्रियमुपेयात्'* [२४६] बाहुनले क्षत्रीलाई पढाउनु सुल्टो कुरा हो भने क्षत्रीले ब्राह्मणलाई पढाउनु उल्टो (प्रतिलोम) कुरा हो । उल्टो काम गर्नु हुँदैन । म क्षत्रिय राजा भएर ब्राह्मणलाई ब्रह्मोपदेश गर्नुहुँदैन । प्रतिलोमकर्म दोषपूर्ण हुन्छ । तथापि म हजूरलाई सम्झाउँछु राजाले भनेका छन् । त्यसपछि 'तं पाणिना आदाय उत्तस्थौ' ऋषिको हातमा समातेर राजा उठे र सुतिरहेको मान्छेकहाँ ऋषिलाई लिएर गए अनि राजाले *'बृहन्पाण्डरवासा सोमो राजा'* भनी निदाएको मान्छेलाई बोलाए । बोलाउँदा निदाएको व्यक्ति उठेन । त्यसपछि राजाले *'पाणिनाऽऽपेषभापेषयाञ्चकार'* हातले घच्घच्याए । त्यसपछि उक्त व्यक्ति उठ्यो । निदाएको मान्छे उठेपछि राजाले गार्ग्यलाई सोधे – *'क्व एष तदाऽभूत् ? कुत एतदागात् ?'* [२४७] निदाएको वेला यो कहाँ थियो र उठेन ? घच्घच्याएपछि कहाँबाट आयो र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उठ्यो ? राजाको यस्तो प्रश्न सुनेर गार्ग्य ऋषिले उत्तर दिन सकेनन्, किनभने ऋषिले थोरैमात्र जानेका थिए । निदाउँदा कहाँ थियो र ब्यूँझेपछि कहाँबाट आयो ? भन्ने गार्ग्यले बुझेका थिएनन् । नबुझ्नेले ब्रह्मोपदेश गर्न खोज्नु आश्चर्य लाग्दो कुरा हो । यी दुई प्रश्नको उत्तर दिन सके ब्रह्म के हो ? भन्ने ज्ञान हुन्छ । राजाका यी दुई प्रश्नले ऋषि अनुत्तरित भएका छन् । त्यसपछि आफ्नो प्रश्नको उत्तर स्वयं राजाले गरेका छन् ।

यो प्राणविद्याको कुरा हो । निदाएको बेलामा इन्द्रियवृत्तिलाई प्राणले ग्रहण गरेको छ । निदाउँदा इन्द्रियगण प्राणाधीन भई भित्र पसेका छन् । त्यसैले निदाएको मान्छेमा बाहिरी वृत्ति नभएर बोलाउँदा केही सुनेन । *'क्व एष सदाऽभूत् ?'* यस प्रश्नको उत्तर यही हो । प्राणको पनि सृष्टि आत्माबाट नै हुन्छ । घच्घच्याउँदा त्वगिन्द्रियको स्पर्श भित्रसम्म भयो र ऊ ब्यूँझियो । यस किसिमले ऊ आत्माबाटै आयो । *'कुत एतदागात्'* को उत्तर यही हो । त्यसकारण निदाउँदा पनि आत्मामा नै थियो र ब्यूँझे पछि पनि आत्माबाटै आयो भन्ने स्पष्ट हुन्छ । यही कुरा देखाउँन राजाले भनेका छन् – *'अस्मादात्मनः सर्वेप्राणाः सर्वेलोकाः सर्वे देवाः सर्वाणि भूतानि व्युच्चरन्ति'* त्यही आत्मामै सबै प्राण, सबै लोक, सम्पूर्ण देवता, सम्पूर्ण प्राणीहरू उठ्दछन् । आउने र जाने कुराको टुङ्गो लाग्ने ठाउँ आत्मा हो । *'तस्य उपनिषत्सत्यस्यसत्त्यमिति'* गूढ अर्थ उपनिषत् हो । 'उपनिषत्' को अर्थ दोस्रो अध्याय पुष्पिकाको व्याख्यामा भएकै छ । प्राणबाट जे जति कुरा निस्केका छन् ती सबैको आधार आत्मा हो । यो उपनिषत्सत्य कुरा हो । यी सबै कुरा जाग्रद्मा आत्माबाट निस्केका हुन्छन् भने सुषुप्तिमा आत्मामा पसेका हुन्छन् । त्यसैले शब्दले बोलाउँदा उठेन र घच्घच्याउँदा उठ्यो । यसरी राजाले ऋषिलाई क्रियाद्वारा सम्झाएका छन् । राजालाई ब्रह्मोपदेश गर्न खोज्ने ऋषि अकृत्स्नविद् हुन् । ब्रह्म जान्दछु भनी ब्रह्मोपदेश गर्न खोज्नेको त त्यो हालत छ अथवा सुन्दा र उठ्दा कहाँ थियो र कहाँबाट आयो भन्ने थाहा छैन भने अरू साधारण कर्मीको हालत के होला ?

*'प्राणाः वै सत्यं तेषामेष सत्यम्'* [२४८] प्राण हुन्जेल सत्य र त्यो गएपछि असत्य भन्ने बुझ्नु पर्दछ । यसको व्याख्या शिशुब्राह्मण र मूर्तामूर्त ब्राह्मणमा छ । शिशुब्राह्मणले आधान र प्रत्याधानको विवेचन र मूर्तामूर्तविवेचन मूर्तामूर्तब्राह्मणले गरेको छ । आधान र प्रत्याधानको दाम्लो र किलो भन्ने सम्झे हुन्छ । प्राण सत्य हो, अरू असत्य हुन् भन्ने बुझ्न उपर्युक्त दुई ब्राह्मण जान्नु आवश्यक छ । जिज्ञासुले बुझ्ने क्रममा प्राणविद्यासम्म जान्नुपर्दछ । प्राणविद्या नबुझी त्योभन्दा माथि बुझ्ने चेष्टा गर्नु हुँदैन । प्राणविद्या बुझेर त्योभन्दा माथि बुझ्न खोज्ने साधक कृत्स्नविद् हुने मार्गमा लागेको हो । प्राणविद्यासम्म पनि न बुझेका अकृत्स्नविद्लाई



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कृत्स्नविद्ले चलाउनु हुँदैन । ब्रह्मको प्रसङ्गमा राजाले ऋषिलाई यसकिसिमले क्रियात्मकताबाट सम्झाएका छन् । आफू क्षत्रिय हुनाले गार्ग्यलाई राजाले शास्त्रद्वारा ब्रह्मको उपदेश गरेनन् क्रियाद्वारा ब्रह्म सम्झाइदिए । यसबाट गुरुशिष्यभावमा जान्नुपर्ने विधाको उपदेशक ब्राह्मण हुनुपर्छ भन्ने निश्चित भएको छ । यसै आचारको सन्देश विस्तारित गर्ने काम श्रुतिद्वारा भएको हो ।

यस्तै ब्रह्मको सीमा कति ? भन्ने प्रसङ्गमा नारद सनत्कुमार संवाद पनि छ । शैली फरक भए पनि गार्ग्यले बुझ्ने जस्तै ब्रह्म नारदले पनि बुझ्केका छन् । यसको अक्षरशः खण्डन सनत्कुमारले गरेका छन् ।

नारदले क्रमशः नाम, वाक्, मन, सङ्कल्प, चित्त, ध्यान, विज्ञान, बल, अन्न, जल, तेजः, आकाश, स्मृति, आशा, प्राण यिनलाई उत्तरोत्तर सूक्ष्मताको क्रममा आत्मा मानेका छन् । यी कुनै पनि आत्मा होइनन् भनी सनत्कुमारले खण्डन गरेका छन् । प्राणोपाधिकसम्म ब्रह्म जानेपछि त्योभन्दा माथि पनि जान्नुपर्ने कुरा केही छ कि ? यसरी नारदले सोद्धा सनत्कुमार भन्दछन् – तिमी अतिवादी भएका छौ । प्राणविद्याकै कुरा नबुझ्केसम्म यो भन्दा माथिल्लो कुरा सोध्ने तिमीलाई अधिकार छैन । *'त्वमतिवादी असि'* आफू अतिवादी भएको कुरा तिमी स्वीकार गर्दछौ कि गर्दैनौ ? सनत्कुमारले यसरी सोद्धा 'म' अतिवादी हुँ भनी नारदले स्वीकारेका छन् । वास्तवमा नारद पटक्कै नजान्ने व्यक्ति होइनन्, उनमा योग्यता थियो । आफूले बढी बोलेको भन्ने नारदले स्वीकारेपछि सनत्कुमारले प्राणबाट शुरु गरी नाम हुँदै सुखसम्मको ब्रह्मविद्या व्युत्पादनक्रम देखाएका छन् । जसले सुखको स्वरूप बुझ्केको हुन्छ, त्यो *'अकृत्स्नविद्'* र *'अतिवादी'* होइन । नारदले पनि यी कुरा बुझ्केर अनि अतिवादी ठहरिएनन् । 'त्वं ब्रह्मनिष्ठोऽसि, अतोऽहं ब्रवीमि' तिमी ब्रह्मिष्ठ भएकाले म तिमीलाई ब्रह्मोपदेश गर्दछु । यस्तो भनाई सनत्कुमारको देखिन्छ । सुख बारेको उत्थित जिज्ञासा श्रुतिद्वारा यसरी समाहित भएको छ –

*'यो वै भूमा सुखं नाल्पे सुखमस्ति'* [२४९] धेरैमा सुख हुन्छ, थोरैमा हुँदैन । थोरै सुख ठान्ने अकृत्स्नविद् हुन् । *'यत्र नान्यत् पश्यति, नान्यच्छृणोति, नान्यद् विजानाति स भूमा'* [२५०] जहाँ अर्को कुरै देख्तैन, अर्को कुरै सुन्दैन, अर्को कुरा जान्दैन त्यो 'भूमा' हो । *'अथ यत्रान्यत् पश्यति अन्यच्छृणोति अन्यद् विजानाति तदल्पम्'* यस्तै जहाँ अर्को कुरा सुन्दछ, देख्दछ र जान्दछ त्यो 'अल्प' थोरै हो । *'यो वै भूमा तदमृतम्, अथ यदल्पं तन्मर्त्यम्'* जो धेरै छ त्यो अमृत, ज्ञान वा ब्रह्म हो । त्यो भन्दा माथि जान्नु पर्ने कुरै छैन । जो अल्प छ त्यो मर्त्य हो । अथवा ती सबै नाशवान् हुन् । यसरी सनत्कुमारले प्राणविद्या भन्दा माथि भूमा विद्यासम्मको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उपदेश नारदलाई गरेका छन् । गार्ग्य र अजातशत्रु संवादमा सोपाधिक ब्रह्मको प्रसङ्ग छ भने यहाँ निरूपाधिक ब्रह्मको कुरा पनि आएको छ । त्यसकारण प्राणविद्यासम्मको कुरा नबुझेसम्म त्योभन्दा माथि जाने चेष्टा गर्नु हुँदैन । त्यसो गर्न खोज्नु अतिवाद हो । तिनीहरू अकृत्स्नविद् हुन् । त्यस्तो दोषपूर्ण कुरा कृत्स्नविद्ले गर्दैनन् । त्यस्ता अकृत्स्नविद्लाई कृत्स्नविद्ले विचलित पर्नुहुँदैन । कृत्स्नविद् र अकृत्स्नविद्को प्रसङ्गमा अर्को कथा छ ।

एकजना सत्यकाम नामका व्यक्ति हुन्छन् । उनीलाई गुरुले तिम्रो गोत्र के हो ? भनी प्रश्न गरेका छन् । सत्यकाम भन्दछन् – मलाई मेरो गोत्र थाहा छैन, मेरा बाबु पनि छैनन् । मेरी आमाको नाम 'जाबाला' हो भन्ने मात्र थाहा छ । यसरी सत्यताका साथ आफ्नो विवरण दिन नहिच्किचाउने सत्यकामलाई गुरुले यो ठीक व्यक्ति रहेछ भन्ने सोची गाईको सेवामा नियुक्त गरे । हज्जार गाई नभएसम्म तिमी यहाँ न आउनु भनी गुरुले आज्ञा दिए । आज्ञा बमोजिम गाईको सेवा गर्दै जाँदा सत्यकाम ब्रह्मविद् भए । हज्जार गाई भैसकेपछि गुरुकहाँ आए । गुरुले तिमी कहाँबाट ब्रह्मविद् भयौ ? भनी प्रश्न गरेका थिए । हजूरकै कृपाले मैले ब्रह्मसम्बन्धी कुरा सुनें भनी सत्यकाम गुरुलाई भन्दछन् । सत्यकामलाई चारतत्त्वले चारओटा उपदेश गरेका थिए । प्रत्येक् जानुञ्जेल उनी अकृत्स्नविद् थिए भने चारओटै जानिसकेपछि कृत्स्नविद् हुन आँटेका थिए । गुरुसँग अन्त्यमा पाँचौतत्त्व जानेपछि कृत्स्नविद् भएको प्रसङ्ग छ । गाईको सेवा गर्दागर्दै उनले प्राप्त गरेका चार पाउ यसप्रकार छन् –

गाईको सेवा गर्दा गर्दै ब्रह्मसम्बन्धी एकपादको उपदेश साँढेले गराएको थियो । साँढेले उपदेश गरेको ठीक हो । प्रकाशवत्तत्व उनले साँढेबाट जाने । अग्निबाट अनन्तवत्तत्वको ज्ञान गरे । त्यसपछि 'ज्योतिष्मत्' नामको तेस्रो पाद 'हंस' अर्थात् आत्माबाट जाने । चौथो पाद मद्गुबाट जाने । मद्गुबाट जाने भन्नाले प्राणविद्या जाने भन्ने बुझिन्छ । त्यो आयतन हो । प्राणविद्या जानिसकेपछि यसको पूर्णता यसरी हुन्छ ? भनी सत्यकामले गुरुलाई सोद्धा गुरुले भने–

*'य एष अक्षिणि पुरुषो दृश्यते स आत्मा'* [२५१] अर्काको आँखामा हेर्दा देखिने पुरुष आत्मा हो भनी अक्षिपुरुषलाई सोपाधिक आत्माको रूपमा निरूपण गरेका छन् । गुरुले पाँचौ पाउको उपदेश गरेपछि सत्यकाम ब्रह्मविद् भए । चौथै पाउ नजानेसम्म साधक अकृत्स्नविद् हुन्छ, पाँचै पाउ जानेपछि ब्रह्मविद् वा कृत्स्नविद् हुन्छ । त्यसैले प्राणविद्यामा जान्नुपर्ने कुरा यस्तो छ । जस्तै –

उत्पत्तिमायतं स्थानं विभुत्वं चैव पञ्चधा ।
अध्यात्मं जीव प्राणस्य विज्ञायाऽमृतमश्नुते ॥[२५२]



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्राणविद्यामा पनि त्यसको उत्पत्ति के हो ? प्राण आयतनरूपमा रहन्छ भन्ने के हो ? प्राण रहने स्थान कुन हो ? प्राण व्यापक छ, प्राण, अपान, व्यान, उदान, समान भेदले पाँच किसिमको छ भन्नेमा प्रमाण के छ ? यी सबै कुराको विवेक गर्न सक्ने व्यक्तिले प्रणविद्या जान्दछ । यस्तै प्रतिजीवमा प्राण अध्यात्मभावमा हुन्छ । वायु अध्यात्मभावमा प्राणरूपमा पुग्दछ । अधिदैवभावमा वायु हुन्छ । प्राणको इयत्ता शरीरस्थितिमा अध्यात्मभावमा बुझ्नु पर्दछ । यसपछि प्राणविद्याको प्रभावको अमृतभावमा पुग्दछ । अनि आत्मविद्या जान्ने अधिकारी हुन्छ ।

प्राणविद्याबाट आत्मविद्यामा अधिकार हुन्छ । *'कुतः एवः प्राणो जायते ?'* प्राणकै उत्पत्ति कसरी हुन्छ ? यसैमा ऋषि भन्दछन् – *'अतिप्रश्नान् पृच्छसि ?'* [२५३] प्राणविद्यै नबुझी त्यो भन्दा माथि सोध्न मिल्दैन । तिम्रो अति प्रश्न भएको छ । नारद सनत्कुमार संवादमा जसरी सनत्कुमारले नारदलाई तिमी अतिप्रश्न गर्दछौ र पनि तिमी ब्रह्मिष्ठ भएकाले म उपदेश गर्दछु भनेका छन् । त्यसैगरी यहाँ पनि ऋषि सत्यकामलाई भन्दछन् – *'ब्रह्मिष्ठोऽसि, तस्मात्तेऽहं व्रबीमि'* तिमी ब्रह्मिष्ठ हौ, तसर्थ म तिमीलाई ब्रह्मविद्याको उपदेश गर्दछु । ब्रह्मिष्ठ नभई प्राणविद्या भन्दा माथिको कुरा बुझ्ने चेष्ठा गर्दैन । चेष्टा भए पनि बुझ्न सक्तैन । त्यस्ता व्यक्ति अकृत्स्नविद् हुन् । तिनलाई कृत्स्नविद्ले विचलित पर्नुहुँदैन । प्राणविद्याभन्दा माथि बुझ्न सक्ने भगवान् कृष्ण कृत्स्नविद् हुन् भने अर्जुन अकृत्स्नविद् । त्यसैले अकृत्स्नविद्लाई कर्ममा प्रेरणा गर्न यो श्लोक हो । प्राणविद्यासम्म जाने पनि अकृत्स्नविद् हो । त्योभन्दा माथि भूमाविद्यासम्म जानेपछि कृत्स्नविद् हुन्छ भन्ने कुरा अर्थतः आएको छ ।

गार्ग्य अजातशत्रु संवाद तथा नारद सनत्कुमार संवादबाट कृत्स्नविद् र अकृत्स्नविद्बाट ब्रह्मविद् र अब्रह्मविद् भन्ने आएको छैन । अर्थमर्यादाबाट यो कुरा आए पनि शब्दमर्यादाबाट नआएकोले सामान्यले बुझ्न कठिन हुन्छ । श्रुतिले पनि सोझै कृत्स्नविद्लाई ब्रह्मविद् र अकृत्स्नविद्लाई अब्रह्मविद्को रूपमा आख्यान गरेको छ । श्रुतिकै शैलीमा भगवान् श्रीकृष्णबाट उपस्थापन भएको हो । किनभने कृत्स्न भनेको ब्रह्म र अकृत्स्न भनेको ब्रह्मप्राप्तिको साधन भनी श्रुतिप्रतिपादित छ । यमराज र नचिकेता संवादमा ब्रह्मविद्याको कुरा छ । त्यो ब्रह्मविद्या जान्नाले के हुन्छ ? भन्नेमा छ –

विद्यामेतां योगविधिञ्च कृत्स्नम्ः ।
ब्रह्मप्राप्तो विरजोऽभूद् विमृत्युः ॥
'अन्योऽपि एवं यो विदध्यात्ममेव ।' [२५४]

यमराजले नचिकेतालाई विद्योपदेशका साथै विद्या ग्रहण विधि पनि बताएका छन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

*'योगविधिञ्च कृत्स्नम्'* यहाँ विद्यामा कृत्स्न शब्दको विशेषण नभई विद्या प्राप्तिको साधनमा कृत्स्नत्व विशेषण भएको छ। साधन आकलन भए विद्या ग्रहण गर्न सकिन्छ। अधिकारीमा विद्या प्रतिष्ठित हुन, विद्या प्राप्तिको उपाय जान्नुपर्दछ भन्ने शब्दमर्यादाद्वारा स्पष्ट छ। योगविधि अथवा ग्रहण गर्ने कुरामा कृत्स्नता छ र पनि विद्यामा न्यूनता रहनु हुँदैन। विधि र फल दुवैमा पूर्णता हुनुपर्दछ। कृत्स्नयोगविधि र *'विद्यामेतां'* ब्रह्मविद्या सुनेपछि *'ब्रह्मप्राप्तो विरजोऽभूद्'* नचिकेताले मृत्युबाट ब्रह्मप्राप्त गरे। पूर्णरूपमा नबुझेको भए ब्रह्मप्राप्त गर्न सक्ने थिएनन्। विधिमा न्यूनता भए फलमा न्यूनता हुन्छ भन्ने पनि यमराज नचिकेता संवादबाट आएको छ। त्यसैले विधिमै कृत्स्नता हुनु पर्दछ भनी श्रुतिले जोड दिएको हो। पूर्णरूपमा योगविधिको अवलम्बनपूर्वक विद्याग्रहण गरेकाले नचिकेताले ब्रह्मप्राप्ति गरेका हुन्। ब्रह्मप्राप्तिको अर्थ ब्रह्मको सन्निधिमा पुगे भन्ने होइन।

*'विरजोऽभूद्'* अर्थात् आगमापायी वस्तुबाट निर्मुक्त भए। उनलाई *'विमृत्युः'* मृत्युले पनि छुन सकेन। यसअर्थ फलमा पूर्णता चाहनेले त्यसको साधनमा न्यूनता भए पनि होस् भनी प्रमाद गर्नु हुँदैन। श्रुतिले यही कुरा स्पष्ट गरेको छ। यसरी कृत्स्नयोगविधिपूर्वक विद्या सुनेर नचिकेता मृत्युले छुन नसक्ने ब्रह्म भए। उनीमात्र होइन कृत्स्नयोगविधिपूर्वक विद्या पढ्ने व्यक्ति *'अन्योऽपि एवं यो विदध्यात्व'* अरू पनि ब्रह्मभावमा पुग्न सक्तछन्। 'अध्यात्मं एव' नचिकेताले जानेको विद्या जान्ने व्यक्ति अध्यात्मभावमा पुग्दछ अथवा शरीर हुँदाहुँदै तिनमा आसक्ति नहुनु अध्यात्मभावमा पुग्नु हो। अध्यात्मभावको विवरण आठौँ अध्यायमा आउने छ। अध्यात्मभावमा पुग्नुको अर्थ जीवन्मुक्त हुनु हो। यसरी उक्त श्रुतिले ब्रह्मविद्याको साधनमा कृत्स्नत्व विशेषण लगाएको देखिन्छ। अतः सामान्यतया कृत्स्नशब्दको प्रयोग विशेषणमा हुन्छ भनी हामीले बुझेका छौँ तापनि कृत्स्नशब्दको गतार्थता विशेष्यमै हुन्छ। *'यो वैभूमा सुखं नाल्पे सुखमस्ति'* यो श्रुति अनुसार कृत्स्नशब्द विशेषणरूपमा आएको छ भने विशेष्यमा पनि आउँदछ। *'अकृत्स्नो हि सः'* [२५५] प्राणोपाधिक जीवात्मा अकृत्स्न हो किनभने *'प्राणन्नेव प्राणो नाम भवति'* प्राण भइरहेकोले प्राण हुन्छ अथवा श्वास प्रश्वास चलिरहेसम्म प्राण हुन्छ। *'प्राणन्नेवप्राणो नाम भवति'* भन्ने श्रुतिवचनानुसार *'अपाननपानः, व्यानन् व्यानः'* इत्यादि अर्थ पनि गर्न सकिन्छ।

*'प्राणन्नेव प्राणो नाम भवति'* मा 'प्राण'को 'प्र' झिकेपछि 'अन' मात्र बाँकी हुन्छ। त्यसको अर्थ 'गाडा' हो। यावज्जीवात्मा गाडा जस्तै हो। जीवात्मारूपी गाडामाथि माया बसेपछि उसले जता लान चाह्यो त्यतै लान्छ। त्यही 'अन'मा 'प्र' उपसर्ग लागेपछि प्राण बन्दछ। 'प्र'को अर्थ उत्कर्ष हुन्छ। त्यसैले प्राणको अर्थ छिटोछिटो हिड्ने भन्ने हुन्छ। प्राण


Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेको वायु हो । यसले प्राणीको गतिलाई छिटो चलाइदिन्छ । त्यसैले मान्छे प्रायः १०० वर्षसम्म बाँच्दछन् । गोरुले तान्ने गाडाजस्तै चलाएको भए त्यति छिटो मान्छे जाने थिएन । प्राणले जीवात्मालाई हवाइजहाज उडेभैँ उडाएको छ । यस अर्थमा *'प्राणन्नेव प्राणो नाम भवति'* श्रुतिले प्राणको निर्वचन गरेको हो । प्राणसम्मको स्थिति बुझ्ने व्यक्ति 'अकृत्स्नविद्' हो । *'प्राणमस्यास्तीति प्राणी'* प्राण रहने ठाउँ प्राणी हो । यस व्युत्पत्ति अनुसार प्राण सीमित छ । प्राण सीमित भएकोले त्यसको आधारमा चल्ने प्राणी स्वभावतः सीमित हुन्छ । त्यसकारण प्राणी अकृत्स्नविद् हुने कुरा स्पष्टै छ । प्राणको निर्वचन जस्तै 'वाक्' यसको पनि निर्वचन हुन्छ ।

*'वदन् वाक्'* अव्यक्त भावको शब्द व्यक्त हुनु बोल्नु हो । यसैलाई 'वदन् वाक्' भनी श्रुतिले निर्वचन गरेको छ । त्यस्तै *'पश्यंश्चक्षुः'* देख्ने हुनाले आँखालाई चक्षु भनेको हो । *'शृण्वन् श्रोत्रम्'* शब्द सुन्ने हुनाले श्रोत्र – कान भनिएको हो । *'मन्वानो मनः'* मनन गर्ने हुनाले मन नाम रहेको हो । *'तान्यस्यैतानि कर्म नामानि'* यी सबै कामका नाम हुन् । यी आत्माका नाम होइनन् । काम भन्ने कुरा सीमित छ । सीमित कुरा बुझ्ने प्राणी अकृत्स्नविद् हुने नै भयो । *'स योऽत एकैकमुपास्ते न स वेदः'* जसले एक एक इन्द्रियको आधारमा काम गर्दछ त्यसले केही बुझ्दैन । मनको इन्द्रियसँग सम्बन्ध नभै काम हुँदैन । मन अत्यन्त सूक्ष्म भएकोले सबै इन्द्रियसँग मन एकैचोटि लाग्दैन त्यसैले तत् तत् इन्द्रियसम्बन्ध भएका विषयमा एकैचोटी लाग्न नसक्ने हुनाले धेरै विषयको ज्ञान युगपत् हुँदैन । *'दीर्घशष्कुली भक्षणादौ उत्पलशतपत्रभेदादिव यौगपदप्रत्ययस्य भ्रान्तत्वात्'* [२५६] सयओटा कमलको पात सुइरोले एकैपटक छेड्यो भन्ने ज्ञान भएजस्तै दीर्घशष्कुली भक्षणमा पनि एकैपटक सबै ज्ञान भयो भन्ने भ्रम हो । मन अतिसूक्ष्म भएकोले त्यसमा नाना इन्द्रियसम्बन्ध हुँदा एउटा ज्ञान पछि छिट्टै अर्को ज्ञान भएको मात्र हो । एकै पटक भएको होइन । तसर्थ मन श्रोत्रेन्द्रियमा लाग्दा घ्राणेन्द्रियमा लाग्दैन । त्यहाँ लाग्दा अन्यत्र लाग्दैन । एक एक गरी बुझ्नेलाई बुझ्केको भन्न मिल्दैन । किनभने अकृत्स्नविद्ले एक एक गरेर ज्ञान गर्दछ । यसप्रकार यावज्जीवात्मा अकृत्स्नविद् हुन् ।

साधनमा प्रयुक्त कृत्स्नशब्द विशेषणमा टुङ्गिन्छ भने साध्यमा प्रयुक्त कृत्स्नशब्द विशेष्यमा टुङ्गिन्छ । यिनै कुराको सङ्केत छ – *'ये पुनः प्रकृतेरिति – प्रकृतेर्गुणैः सम्यक् मूढाः'* प्रकृतिका गुणले अत्यन्त विमूढ भएकाले फलका निम्ति काम गर्दछन् । कर्मसङ्गी अकृत्स्नविद्हरू कर्मफलको इच्छाले कर्म गर्दछन् । ती मन्द हुन् । कृत्स्नविद्को कुरा गर्दा *'आत्मा इत्येवोपासीतः'* [२५७] आत्मा यही हो उपासना गर भनी श्रुतिले निर्देशन गरेको छ । यसप्रकार आत्मा र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनात्मा कृत्स्न र अकृत्स्नको अर्थ होभन्ने श्रुति छ । यसै कुराको स्पष्ट विवेचन मधुसूदन सरस्वती र सुरेश्वराचार्यले गरेका छन् । यसै प्रसङ्गमा सुरेश्वराचार्य आफ्नो भनाइ यसरी दिन्छन् –

**सदेवेत्यादिवाक्येभ्यः कृत्स्नं वस्तु यतोऽद्वयम् ।**
**सम्भवस्तद्विरुद्धस्य कुतोऽकृत्स्नस्य वस्तुनः'**[२५८]

सदेवेत्यादि ब्रह्मबोधकवाक्यले अद्वयवस्तुलाई बुझाएको छ । अद्वयवस्तु कृत्स्न ब्रह्म वा आत्मवस्तु हो । कृत्स्नवस्तुले अद्वयवस्तु बुझ्न सम्भव हुन्छ भने तद्विरुद्ध अकृत्स्न वस्तुलाई कृत्स्न भनेर बुझ्नु कुनै प्रयोजन हुँदैन । अथवा अकृत्स्नवस्तु बुझ्न कृत्स्नशब्दको प्रयोग हुँदैन । यस्तै –

**यस्मिन् दृष्टेऽप्यदृष्टोऽर्थः स तदन्यत्र शिष्यते ।**
**तथादृष्टेऽप्यदृष्टःयात् अकृत्स्नस्तादृगुच्यते ॥**[२५९]

जुन देखिसकेपछि अर्को कुरा देख्न बाँकी हुन्छ । जस्तै पृथिवीभित्रकै घटपटविषयदेखे पनि मठ आदि विषय देख्न बाँकी हुन्छ । मठरूप पृथिवी नदेख्दा देखेकै पृथिवी पनि देख्न बाँकी भयो । *'यस्मिन् दृष्टेऽप्यदृष्टः स्यात्'* सुरेश्वराचार्यले त्यसैले दिएका हुन् । *'स तदन्यत्र शिष्यते'* देखेकै कुरा पनि सर्वतो भावेन न देखेकोले अदृष्टै हुन्छ । सर्वतोभावेन नदेख्नु अकृत्स्न हो । अकृत्स्न ब्रह्मेतर सबै हो । यस्ता अकृत्स्नविद् मन्दलाई *'न विचालयेत्'* विचलित गराइदिनु हुँदैन । कृत्स्नविद् र अकृत्स्नविद्का सम्बन्धमा सुरेश्वराचार्यले विवरण पनि गरे ।

अज्ञ र विज्ञको काममा भिन्नता देखिँदैन तापनि अज्ञमा कर्तृत्वाभिनिवेश र विज्ञमा कर्तृत्वाभिनिवेशको अभाव रहन्छ । मुमुक्षु अज्ञलाई हुने कामको लेखाजोखा आवश्यक छ । यसै कुरामा अगाडिको श्लोक –

**मयि सर्वाणि कर्माणि संन्यास्याध्यात्मचेतसा ।**
**निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥**

अध्यात्मचेतसा – अध्यात्मबुद्धिले ध्याननिष्ठ भई सर्व कर्म ममा अर्पण गर अनि सन्ताप, ममता, आशा न लेऊ, युद्ध गर, भन्ने भगवान्को अभिप्राय छ । *'निर्गता आशीर्यस्मादिति निराशी'* आशा नहुनु निराशा हो । जसमा आशा हुँदैन त्यो निराशी हुन्छ । ममको भावना पनि रहनु हुँदैन । निराशी, निर्मम भएर युद्ध गर्नुपर्दछ भन्ने यो श्लोकको मोटो अर्थ हो । कर्म गर्नु पर्ने तर कर्म मोक्षको साधन नहुने स्थितिमा कर्मीको मुक्ति कहिल्यै नहुने भन्ने आएको छ । त्यसो भए मुक्तिका लागि कर्मवैयर्थ्यको आशङ्का हुन्छ । त्यो शमन गर्न यो श्लोक हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'कथं पुनः कर्मणि अधिकृतेन अज्ञेन मुमुक्षुणा कर्मकर्तव्यम् ?'* कर्ममा अधिकृत अज्ञ मुमुक्षुले कर्म कसरी गर्ने ? भन्नेमा भगवान् – *'मयि सर्वाणि कर्माणि संन्यस्येदियादि ।'* मयि – वासुदेवे – मयिको अर्थ वासुदेवे – वासुदेवमा हो । सर्वनाममा प्रयुक्त 'मयि'ले आत्मसामान्यलाई बुझाउँदछ भने 'वासुदेव'ले विशेषलाई बुझाउँदछ । सामान्यलाई विशेषरूपमा बुझ्नका निम्ति 'मयि'को अर्थ वासुदेवमा र त्यसको पनि परमेश्वरमा भन्ने अर्थ शङ्कराचार्यले गरेका छन् । यस्तै 'सर्वज्ञे, सर्वात्मनि' भन्ने अर्थ पनि छ । परिच्छिन्नमा बुद्धिभ्रम नहोस् भन्न शङ्कराचार्यले 'मयि' का उपर्युक्त चार अर्थ दिएका हुन् । *'सर्वाणि कर्माणि संन्यस्य – निक्षिप्य'* सम्पूर्ण काम ममा अर्पण गरेर *'अध्यात्मचेतसा – विवेकबुद्ध्या'* विवेकबुद्धिले कर्म गर्नुपर्दछ । त्यसरी विवेक बुद्धिले कर्म गर्दा 'त्यक्ताशीर्निराशी' इच्छा छोड्नुपर्दछ अथवा यो कर्मबाट यति फल पाउनु पर्दछ भन्ने आशा गर्नुहुँदैन । यस्तै *'निर्ममो ममभावश्च निर्गतो यस्य'* मैले गरेको कर्मको फल मैले नै पाउनु पर्दछ भन्ने ममतालाई परित्याग गरेर *'युद्ध्यस्व विगतज्वरः'* युद्ध गर्नुपर्दछ भन्ने अभिप्राय हो । शङ्कराचार्य भन्दछन् । *'विगतज्वरः – विगतसंतापो विगतशोकः सन् इत्यर्थः'* तापको अर्थ तातो हो । आफन्तहरू मर्लान् कि भन्ने पीरले अर्जुनको बुद्धि तातेको छ । तातेको बुद्धिलाई शीतल पारी, शोकमुक्त पारी भन्ने अर्थ विगतज्वर छ । 'ज्वर' भनेको रोग हो । रोग नभएका प्राणी हुँदैनन् । कुनै न कुनै किसिमको रोग प्राणीमा अवश्य हुन्छ । ताप गराउने वृत्ति विशेष नै ज्वरो हो । शोकरूपी ज्वरो हटाएर युद्ध गर्नुपर्दछ ।

*'निराशी निर्ममो भूत्वा'* यो युद्ध मैले नै जित्नुपर्दछ, राज्यको सुखभोग पनि मैले नै गर्नुपर्दछ भन्ने कामना हुनु हुँदैन । *'आशिषो हृदि सङ्कल्प्य त्यजन्त्यर्थान् यथा वणिक्'* [२६०] यो कर्मको यति फल मैले पाउनु पर्दछ भन्ने आशा हृदयमा राखेर काम गर्ने व्यक्ति वणिक् हो । भगवान्को आराधना र गुरु आदिको सेवामा फलकामनाको सङ्कल्प रहन्छ भने त्यो पनि पसलेको व्यापार जस्तै हो । तसर्थ व्यापारी भावमा कर्म गर्नु हुँदैन । यसैमा अर्को श्लोक छ ।

यस्त आशिष आशास्ते न स भृत्यः स वै वाणिक् ।<br>
आशाशानो न वै भृत्यः स्वामिन्याशिष आत्मनः ॥<br>
न स्वामी भृत्यतः स्वाम्यमिच्छन् यो राति चाशिषः ।[२६१]

फल पाउनु पर्छ भन्ने आशाले कर्म गर्दछ भने *'न स भृत्यः स वै वणिक्'* त्यो व्यापारी हो । फलाशा राख्ने व्यक्ति *'न वै भृत्यः'* भक्त होइन आफ्नै स्वामीबाट फल चाहन्छ । त्यस्तालाई भक्त भन्न मिल्दैन । त्यस्तै नोकरबाट फलको इच्छा गर्ने व्यक्ति पनि मालिक होइन । नोकरलाई दल्नै पर्दछ, म स्वामी भएकोले मैले काम गर्नुहुँदैन भन्ने भावना भएको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



व्यक्ति पनि स्वामीको दर्जामा पुग्न सक्तैन । अतः भगवान् मालिक पनि होइनन् न त उनको आराधनामा लाग्ने प्राणी नोकर हो । फल दिने र लिने नोकर र मालिक जस्तै हुन्छ । नोकर र मालिकको भाव आउनेगरी कर्मको विधान शास्त्रले गरेकै छैन । सर्वान्तर्यामी परमात्मभावमा कर्म गर्नुपर्दछ । जसबाट साधकलाई कल्याणै कल्याण हुन्छ ।

कर्मसङ्गी अज्ञको कर्म पनि निष्फल हुँदैन । परमात्मभावको कर्मले मुक्ति हुन्छ । कर्मबाट चित्तशुद्धि हुन्छ मुक्ति हुँदैन भन्ने सिद्धान्त छ तर ३१ औँ श्लोकमा *'मुच्यन्ते तेऽपि कर्मभिः'* भगवान् भन्दै हुनुहुन्छभने ज्ञानका लागि किन लागिरहनुपर्‍यो ? कर्मद्वारा नै मुक्ति हुने भैहाल्यो ? यस्तो आशङ्का गर्नु ठीक होइन । यो कर्मको प्रसङ्ग हो । कर्मीको कल्याणमार्गको कुरा यहाँ भएको हो । तिनीहरूको पनि मुक्ति हुन्छ । यसभङ्गीले ज्ञानीकै मुक्ति हुने रहेछ । कर्मीको पनि परम्परया मुक्ति हुन्छ भन्ने कुरा अपिबाट बुझिन्छ । कर्मीलाई प्रेरित गर्न कर्मबाट पनि मुक्ति हुन्छ भनिएको हो । मुक्तिको प्रयोजक कर्म हो । साक्षात्कारण होइन । परम्परया साधक भएकोले *'मुच्यन्ते तेऽपि कर्मभिः'* भनेर कर्मद्वारा चित्तशुद्धि, त्यसबाट ज्ञान र ज्ञानद्वारा मुक्ति हुने हुँदा क्रममुक्तिलाई सङ्केत गरेको हो । भगवान् श्रीकृष्ण ३१ औँ श्लोकमा भन्नुहुन्छ –

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ।
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

जसले मेरो मतको अनुसरण गरी कर्म गर्दछन् साथै जसको कर्ममा श्रद्धा, विश्वास छ, अश्रद्धा भन्ने छँदै छैन तिनीहरू कर्मबन्धबाट छुट्ने निश्चित छ अथवा तिनीहरू कर्मद्वारा मुक्त हुन्छन् । कर्मका लागि शक्तत्व र अर्थित्व दुवै चाहिन्छन् । शक्तत्व भनेको शक्ति हो । आफूलाई चाहिनु अर्थित्व हो । अर्थी भए अर्थित्व र शक्ति भए शक्तत्व हुन्छ । अर्थित्व र शक्तत्व छैनन् भने कर्म गर्न सक्तैन । ९० वर्षको बूढो छ भने अर्थित्व भए पनि शक्तत्वको अभावले कर्म गर्न सक्तैन । शक्ति छ तर अर्थित्व छैन भने पनि कर्म हुँदैन । तसर्थ यज्ञार्थ कर्मका निम्ति दुबै चाहिन्छन् । कर्म गर्ने अधिकार मान्छेमा मात्र छ । शक्ति र अर्थित्व पनि मान्छेमा मात्र हुन्छ । शक्ति र अर्थी मनुष्यले मेरो मतको अनुसरण गरेमा कर्मद्वारा पनि मुक्त हुन्छन् भन्ने अभिप्राय हो । कर्म गर्दै जाँदा एकदिन मुक्त हुने कुरा अवश्यम्भावी छ । त्यसकारण कर्म गर्नुपर्दछ । ज्ञानमार्गका अवरोधले क्रममुक्ति पनि हुँदैन । यिनै कुरालाई हृदयङ्गम गर्दै क्रममुक्तिकै लागि भए पनि कर्म गर्नुपर्दछ ।

*'ये मे मतमिदं नित्यम्'* मा मेरो मत भनेर सर्वनाम शब्द प्रयोग छ । सर्वनाम अस्मद् शब्द आत्मवाची हुन्छ । यहाँ मेरो मत भन्नाले आत्मा वा शास्त्रनिर्देशित मत भन्ने बुझ्नुपर्दछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



किनभने *'श्रुतिस्मृती ममैवाज्ञे यस्तामुल्लङ्घ्य गच्छति ।'* [२६२] श्रुतिस्मृति सबै भगवान्‌का आदेश हुन् । मेरो मत अर्थात् शास्त्रको मत अनुसरण नगर्ने व्यक्ति भक्त हुन सक्तैन । शास्त्रले निर्देश गरेकोले कर्म गर्‍यो तर त्यसमा श्रद्धा भएन भने पनि कर्म गर्नुको अर्थ रहँदैन । शास्त्र र लोकनिर्देशित आफूले गर्ने जुनसुकै कर्ममा पनि श्रद्धा, आदर हुनुपर्दछ । जुनकर्म गर्ने हो त्यसमा श्रद्धा, विश्वास, आदर केही पनि छैन भने त्यसबाट अभीष्टसिद्धि हुनसक्तैन । पैसालाई सर्वस्व ठान्ने व्यक्तिले विश्वविद्यालयको प्राध्यापक हुनुभन्दा भन्सारको खरदार हुनु वेश भन्ने ठानेको हुन्छ । सरकारको सचिव पद र प्राध्यापक पद एउटै श्रेणीको हो र पनि आफूले गरिरहेको पेशा शुद्ध, पवित्र भएर पनि अश्रद्धा र अनादरको भाव कतिपयमा भएको हुन्छ । *'नात्मानमवमन्येत पूर्वाभिरसमृद्धिभिः'* [२६३] पहिलेका असमृद्धिले आफ्नो अवमूल्यन आफैँले गर्नु हुँदैन । जुन पेशाबाट आफ्नो वृत्ति चलेको छ त्यसमा निन्दा, अनादर हुनु हुँदैन । त्यसबाट कर्ममा बलवत्ता आउँदैन । तसर्थ कर्मसङ्गीले कर्ममा श्रद्धा र आदर भाव राख्नुपर्दछ, अश्रद्धा र असूयाभाव राख्नु हुँदैन ।

वेदका ब्राह्मणभाग, धर्मशास्त्र, पुराणादिमा श्रद्धाको बारेमा विस्तृत विवरण दिएको छ । श्रोत्रिय ब्रह्मनिष्ठ ब्राह्मणकै पनि कर्ममा श्रद्धा छैन भने त्यसको कुनै मूल्य हुँदैन । श्रोत्रिय ब्रह्मनिष्ठ ब्राह्मण –

क्रियावन्तः श्रोत्रिया ब्रह्मनिष्ठाः ।
स्वयंजुह्वेत एकर्षिं श्रद्धयन्तः ॥[२६४]

*'एकर्षिं'* मा ऋषि भनेर अग्नि भन्ने बुझ्नुपर्दछ । श्रोत्रिय ब्रह्मनिष्ठ याज्ञिकले श्रद्धापूर्वक हवन गर्नुपर्दछ । अन्यथा त्यसबाट अभीष्टसिद्धि हुँदैन । यस्तै *'तेषामेवैतां ब्रह्मविद्यां वदेत'* श्रद्धापूर्वक ग्रहण गर्न चाहने अधिकारीलाई ब्रह्मविद्या भन्नुपर्दछ । ब्रह्मविद्या उपलक्षण हो । श्रद्धा र अनसूया पालन नगर्नेलाई पुराणादिको उपदेश पनि गर्नुहुँदैन भनी श्रुतिले निषेध गरेको कुरा अर्थतः आउँदछ । यसैमा एक उपस्थान छ । कुनै ऋषिकहाँ विद्यार्थीहरू श्रद्धापूर्वक विद्याध्ययनका निम्ति गए । नियम निष्ठाका साथ गएका ती विद्यार्थीलाई गुरुले भने – *'भूयः एव तपसा ब्रह्मचर्येण श्रद्धया संवत्सरं संवत्स्पथ'* [२६५] तिमीहरूमा श्रद्धा, तपस्या, ब्रह्मचर्य सबै छ तापनि फेरि एक वर्षसम्म तपस्या, ब्रह्मचर्य र श्रद्धाले बस, अनिमात्र म तिमीहरूलाई पढाउँछु । कस्ताको अन्न ग्रहण गर्न हुने कस्ताको नहुने भन्ने बारे देवताहरूकहाँ छलफल भएको प्रसङ्ग छ । उनीहरूको छलफल तलको पद्यद्वारा स्पष्ट हुन्छ –

श्रोत्रियस्य कदर्यस्य वदान्यस्य च वार्धुषेः ।
मीमांसित्वोभयं देवाः सममन्नमकल्पयन् ॥[२६६]

श्रोत्रिय छ विद्या जानेको छ धनी छ र पनि कदर्य – चाहिने ठाउँमा दिँदैन अर्थात् भएर



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पनि केही त्याग गर्दैन भने त्यस्ताको अन्न ग्रहण गर्ने कि नगर्ने ? यस्तै अर्को व्यापारी छ, धनी छ । धनद्वारा धनै बढाउने काम गर्दछ । त्यसैबाट जीवन निर्वाह गर्दछ भने त्यस्ताको अन्न खान हुने कि नहुने ? व्याजद्वारा धनार्जन गरे पनि ऊ श्रद्धावान् छ, तर श्रोत्रिय ब्रह्मनिष्ठ भएर पनि अर्को चाहिँ कदर्य (मख्खीचूस) छ भने त्यस्ताको अन्न ग्रहण गर्ने कि नगर्ने ? भनी छलफल हुँदा देवताहरूले यी दुवैका अन्न समान हुन् भन्ने निष्कर्ष निकालेका छन् । देवताहरूले निर्णय गर्न नसकेपछि ब्रह्मा आए भन्ने प्रसङ्ग छ । ब्रह्मा आएपछि *'तान् प्रजापतिराहैत्य माकृद्ध्वं विषमं समम्'* तिमीहरूले अनर्थकारी काम गर्‍यौ । श्रोत्रिय कदर्यको अन्न र व्याजद्वारा जीवनयापन गर्ने व्यापारीको अन्न एउटै होइन । तिमीहरूले शास्त्रको मर्यादा बुझेका रहेनछौ । त्यसैले यी दुवैको अन्नलाई समान रूपमा राखेका छौ । यिनीहरूको अन्न समान छैन, असमान छ । *'मा कृद्ध्वं विषयं समम्'* यस्तो असम अन्नलाई समभावमा राख्नु हुँदैन भनी प्रजापतिले देवताहरूलाई भनेका छन् । श्रद्धावान् व्यापारी र मख्खीचूस ( कदर्य) श्रोत्रियको अन्न बराबर होइन –

श्रद्धापूतं वदान्यस्य हतमश्रद्धयेतरत् ।[२६७]

जसमा अतिशय श्रद्धा छ त्यो सर्वतः पवित्र हुन्छ । न्यायपूर्वक कमाएको अन्न भए पनि कमाउने व्यक्ति कदर्य छ भने त्यसको अन्न सबैभन्दा अशुद्ध मानिन्छ । त्यसकारण व्याजद्वारा जीवनयापन गर्ने व्यापारी भए पनि श्रद्धावान् छ भने त्यसकै अन्न ग्रहणयोग्य हुन्छ कदर्य श्रोत्रियको हुँदैन भनी ब्रह्माले निर्णय गरेका छन् । यसले श्रद्धावान् व्यक्तिको महत्ता दर्शाएको छ ।

श्रद्धयेष्टं च पूर्तञ्च नित्यं कुर्यादतन्द्रितः ।
श्रद्धाकृते ह्यक्षयेते भवतः स्वागतैर्धनैः ॥[२६८]

सधैँभरि श्रद्धापूर्वक इष्ट र पूर्त कर्म गर्नुपर्दछ । यज्ञ यागादि इष्ट कर्म हुन् भने सार्वजनिकस्थल, मठ, मन्दिर, पाटी, पौवा, कुवा, धारो आदि बनाउनु पूर्तकर्म हुन् । श्रद्धापूर्वकका इष्ट र पूर्त कर्म अक्षय हुन्छन् । तसर्थ कर्म श्रद्धापूर्वक गर्नुपर्दछ । जसबाट कर्मबन्ध हटी उत्तमगति प्राप्त हुन्छ ।

*'श्रद्धावन्तोऽनसूयन्तः'* कर्ममा श्रद्धा पनि छ अनादर पनि छैन भने त्यसको कल्याण हुन्छ । कर्ममा श्रद्धा छ तर कर्म गर्दा दुःख हुन्छ भन्ने भावना रहेमा श्रद्धा भए पनि सात्त्विक श्रद्धा हुन सक्तैन । श्रद्धेय कर्ममा अलिकति पनि निन्दाको भाव भएमा कर्म फलीभूत हुँदैन । निन्दा गर्ने चेलालाई पढाउनु पनि हुँदैन । श्रद्धा र आदर गर्ने तपस्वी ब्रह्मचर्यमा रहेकालाई विद्योपदेश गर्नुपर्दछ । सायणले श्रुति देखाएका छन् – *'विद्या ह वै*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*ब्राह्मण माजगामगोपाय मा शेवधिष्टेह्मस्मि । असूयकायानृजवेऽयतायन मा ब्रूया वीर्यवती तथा स्याम् ॥'* [२६९]

विद्याभिमानिनी देवी स्वयं ब्राह्मण कहाँ आइन् र मेरो रक्षा गर अथवा राम्रोसँग पढ जसबाट मेरो रक्षा हुन्छ भनिन् । *'शेवधिष्टेहमस्मि'* तिम्रो सबैभन्दा ठूली खानी मै हुँ । धनसम्पत्तिको रक्षा गरेझैँ पढेर मलाई जोगाउने काम गर । धन थुने झैँ थुनेर विद्याको रक्षा हुँदैन । त्यसका लागि निरन्तर पढ्ने, पढाउने, अशिक्षित व्यक्तिलाई शिक्षित गराउने यिनै माध्यमबाट विद्या जोगाउन सकिन्छ । खर्च गरे धन सकिन्छ भने *'व्यये कृते वर्धत एव नित्यम्'* जति खर्च गऱ्यो विद्या त्यति बढ्दछ । विद्याको विस्तार पनि सत्पात्रमा हुनसक्तछ । कुपात्रको विद्या चुहुने घैँटामा पानी हालेजस्तै हुन्छ । *'असूयकायानृजवेऽयताय, न मा ब्रूया'* निन्दा गर्ने कुटिल व्यवहार भएको र इन्द्रियनियन्त्रण गर्न नसक्ने व्यक्तिलाई मेरो उपदेश नगर्नू भनी स्वयं ती देवीले बताएकी छिन् । साथै अनसूय, श्रद्धावान्, इन्द्रियसंयमी सत्पात्रमा मेरो उपदेश गर जसबाट म बलियो हुनेछु । श्रुतिवचनकै अनुवाद भगवान्बाट हुन्छ – निन्दा नगरी श्रद्धापूर्वक जो मनुष्यले मेरो मत अनुसरण गर्दछ त्यसको पनि मुक्ति हुन्छ । तसर्थ कर्म गर्ने अधिकारी राम्रो हुनुपर्दछ । जसबाट कर्मको प्रतिष्ठा हुन्छ । वेदविहित कर्मको आख्यान मैले गरेकोले त्यसको आचरण परम्परानुसार परिशोधन गर्दै जानुपर्दछ । शास्त्रकै भए पनि लोक विरुद्ध कर्म गर्नुहुँदैन । शास्त्रनिर्देशित र लोकसम्मत कर्म गर्दै जाँदा चित्तशुद्धि र त्यसबाट ज्ञान हुने हुँदा मुक्ति फलका निम्ति कर्म परम्परया कारण हुन्छ । *'अनुतिष्ठन्ति मानवाः' 'मानवाः'* पद कर्म गर्ने अधिकार मनुष्यको मात्र छ भन्ने हो । देवताहरूलाई कर्म गर्ने अधिकार छैन । पशु, पक्षी, स्थावरादि कर्म गर्न सक्तैनन् । कर्माधिकारी मनुष्यमात्र हुन्छ । त्यसैमा अर्थित्व र शक्तत्व हुन्छ । अर्थित्व र शक्तत्वको साथसाथै अनसूयु र श्रद्धावान् पनि हुनुपर्दछ । 'अनसूया' भनेको निन्दा नगर्नु हो । *'गुणेषु दोषाविष्करणं निन्दा'* राम्रो कुरालाई पनि नराम्रो भन्नु निन्दा हो । प्रशान्तचित्तलाई पनि निन्दाले बिगार्दछ । त्यसैले यसमा प्रवृत्त हुनुहुँदैन । भएको जस्ताको तस्तै कुरामात्र भन्नु पर्दछ । श्रद्धा र अनसूयापूर्वक सम्यक्रूपमा कर्म गर्नुपर्दछ । त्यसबाट तिनीहरू कर्मबन्धनिर्मुक्त हुन्छन् । यही कुरा स्पष्ट गर्नुहुन्छ । *'ये मे इति – ये मे मदीयंमिदं मतम् अनुवर्तन्ते मानवाः'* युक्ति र शास्त्रप्रमाणको आधारमा सिद्ध भएको मेरो मतको मानवहरू अनुवर्तन गर्दछन् । त्यसमा श्रद्धा र अनसूयता पनि रहेमा कर्मबन्ध निर्मुक्त हुन्छन् । *'मयि–गुरौ वासुदेवेऽकुर्वन्तः'* निन्दा नगरी शास्त्रमा अर्थात् जगद्गुरु वासुदेवमा श्रद्धा राखी कर्म गरे *'तेऽपि एवं भूत्वा कर्मभिः धर्माधर्माख्यमुच्यन्ते'* धर्माधर्मरूपकर्मबाट तिनीहरूको पनि मुक्ति हुन्छ । अश्रद्धा र असूया



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सर्वनाशको बाटो हो। त्यसबाट कुनै कुराको अभ्युदय सम्भव छैन। असल कुरा पनि बिग्रन्छ। कर्ममा श्रद्धा र अनसूयु उपलक्षण हो। सर्वत्र यो कुरा लागू हुन्छ। *'श्रद्धावन्तः अनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः'* श्लोकको सामान्य दिग्दर्शन यही हो।

यसरी शास्त्र र परमात्माको आदेश श्रद्धा र अनसूयापूर्वक पालन गर्ने व्यक्तिको कल्याण नै कल्याण हुन्छ। प्रसङ्ग यसैका लागि –

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम्।
सर्वज्ञानविमूढांस्तान् विद्धि नष्टानचेतसः ॥३२॥

दोषदृष्टि मूर्ख मेरो मतको अनुसरण गर्दैन त्यो सम्पूर्ण ज्ञानबाट विमूढ हुन्छ। त्यस्ता व्यक्तिको कुनै अर्थ छैन। *'ये तु एतदभ्यसूयन्तो, मे मतं नानुतिष्ठन्ति'* जसले मेरो मतको अनुसरण पनि गर्दैनन्, मैले बताएको कर्मको निन्दा पनि गर्दछन्। तिनीहरू कार्याकार्यको विवेक गर्न सक्तैनन्। त्यस्ता बुद्धिनाश भएका हुन्। अचेत हुन् शङ्कराचार्य – *'ये तु तद्विपरीतैतन्मम मतमभ्यसूयन्तः'* मेरो मतको निन्दा गर्दछन् भने *'सर्वज्ञानविमूढांस्तान्'* ती सगुण र निर्गुणविषयकज्ञानबाट विमूढ हुन्। सगुणविषयकज्ञानका भेद अनेक हुन्छन् – प्रमाण, प्रमेय, प्रयोजन। यी तीनै कुरा थाहा नहुने व्यक्ति अथवा तीनओटालाई एउटै ठान्ने व्यक्ति सर्वज्ञानविमूढ हो। प्रमाणले प्रमेय पत्ता लाग्दछ भने प्रमेयद्वारा प्रयोजन सिद्धि हुन्छ। प्रमाण, प्रमेय, प्रयोजन र स्वरूप, निमित्त फल भन्नु एउटै कुरा हो। प्रमाण पनि धेरै किसिमका हुन्छन्। *'स्वाध्यायोऽध्येतव्य'* [२७०] यो प्रमाण हो। यसै प्रमाणद्वारा स्वाध्याय गर्नुपर्दछ भन्ने बुद्धिवृत्ति पैदा हुन्छ। स्वाध्याय गर्नु, प्रवचन गर्नु आदि प्रमेय हुन्। प्रमाणवृत्तिद्वारा आएको कुरा गर्नुपर्दछ भन्ने क्रियाविशेष पनि प्रमेय हो। स्वाध्याय, प्रवचनादिद्वारा बुद्धि शुद्ध हुनु यसको प्रयोजन हो। *'सम्भवति दृष्टफलकत्वेऽदृष्टफल–कल्पनायाअन्याय्यत्वात्'* दृष्टफल छँदाछँदै अदृष्टफलको कल्पना गर्नु हुँदैन। पढेपछि अर्थ बुझ्दछ, त्यो प्रयोजन हो।

प्रमाण, प्रमेय र प्रयोजनको विभाग सर्वत्र हुनुपर्दछ। विभाग गर्ने योग्यता भएका विवेकी र नभएका अविवेकी हुन्। जुनसुकै कुरा पनि प्रमाण र प्रमेय, प्रयोजनविभागको आधारमा बुझ्नु पर्दछ। जसले गर्दा बुझाइ स्थायी हुन्छ। त्यसरी बुझिसकेपछि अर्कालाई प्रेरणा पनि दिनुपर्दछ र आफूले पनि गर्नुपर्दछ। आफूले पनि नगर्ने, अर्कालाई प्रेरणा पनि नदिने र भगवन्मतको निन्दा पनि गर्ने सर्वज्ञान विमूढ अर्थात् बुद्धि नभएका ढुङ्गा समान हुन्। ती व्यक्ति स्वयं नष्ट भए सरह हुन्। *'स्वयं नष्टः परं नाशयति'* आफैँ बिग्रेकोले अर्कालाई पनि बिगार्दछ भन्ने उखान छ।

चित्तशुद्धिको मात्रा लेश पनि नभएका भन्ने अर्थमा *'विद्धि नष्टानचेतसः'* हो। भगवान्को



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मतानुसरण नगर्ने व्यक्ति तुच्छ हो, त्योभन्दा निकृष्ट मान्छे छैन भन्ने देखाउँन *'अचेतसः'* हो। स्थितप्रज्ञको लक्षणमा *'बुद्धिनाशात् प्रणश्यति'* बुद्धि नाश भएपछि मान्छेको अस्तित्व रहँदैन, नाश हुन्छ भनेजस्तै शास्त्र निर्दिष्ट कर्म नगरी त्यसको निन्दा गर्ने व्यक्ति चेत नभएको ढुङ्गा जस्तै हुन्छ भनिएको हो। ज्ञानको सातौँ भूमिकामा पुगेकालाई ब्रह्मज्ञानी भनेजस्तै अज्ञानका सातौँ भूमिकामा पुगेका महामूर्खलाई यहाँ *'अचेतसः'* भनिएको हो। अज्ञानका सात भूमिका यसप्रकार छन् –

बीजजाग्रत्तथा जाग्रत् महाजाग्रत्तथैवच।
जाग्रत्स्वप्नस्तथास्वप्नः स्वप्नजाग्रत्सुषुप्तकम् ॥[२७१]

१) बीजजाग्रत् २) जाग्रत् ३) महाजाग्रत् ४) जाग्रत्स्वप्न ५) स्वप्न ६) स्वप्नजाग्रत् ७) सुषुप्ति गरी अज्ञानका सात भूमिका हुन्। अज्ञानका सात भूमिकामध्ये ७ औँ भूमिकामा पुगेको व्यक्तिको स्थिति के हुन्छ भन्ने बारेमा –

षडवस्था परित्यागे जडा जीवस्य या स्थितिः।
भविष्यद्दुः खबोधाढ्या सौषुप्ती सोच्यते गतिः ॥[२७२]

अज्ञानका ६ ओटा अवस्था पार गरी सातौँ भूमिकामा पुगेका जीवको महज्जड स्थिति हो। त्यसले भविष्यमा सुखको उन्मेष पनि नहुने कुराको सङ्केत गर्दछ। यसको विवरण *'य निशा सर्वभूतानां तस्यां जागर्ति संयमी'* इत्यादि कारिका दोस्रो अध्यायको ६९ औँ श्लोकसँग प्रायः मिल्दछ। ज्ञानको सातौँ भूमिकामा पुगेको व्यक्तिको विवरण प्रायः त्यसै श्लोकबाट गतार्थ छ, भाषा र शैलीको फरक मात्र हो। त्यो श्लोकमा ज्ञानी, अज्ञानी दुबैको विवरण छ भने यसमा अज्ञानीको मात्र प्रसङ्ग चलिरहेको छ फरक यति मात्र हो। जीवको एकदमै मूढ अवस्था अज्ञानको सातौँ भूमिका सुषुप्तिमा पुगेपछि हुन्छ। अज्ञानका ६ अवस्था पार गरेको व्यक्ति दुःखको धनी हुन्छ। अथवा दुःखै दुःखले जेलिएको हुन्छ। भविष्यमा सुखको उन्मेषसम्म पनि गर्न नसक्ने जड बनिसकेको हुन्छ। नदीले बगाएको ठुटो जस्तै हो। मायाले जता लग्यो उक्त जीव त्यतै जान्छ। प्रयत्नविना ज्ञानका ६ भूमिका र अज्ञानका ६ भूमिका पार हुन सक्तैन। दुवैमा कर्म निरन्तर चलिरहेकै हुन्छ। प्रयत्नबाट व्यक्ति बिग्रने र सप्रने हुनाले कस्तो प्रयत्नले सप्रने र कस्तोले बिग्रने भन्ने कुराको विवेक कर्मीमा हुनुपर्दछ। यसै विवेकका लागि प्रस्तुत छ –

स्वयत्नसाधकरसात् महासत्ताभरोन्नतेः।
एते प्रतिपदं बद्धमूले सम्भवतः फलम् ॥[२७३]

ज्ञान वा अज्ञानको पराकाष्ठामा पुगन आफ्नो प्रयत्न चाहिन्छ। सप्रनु र बिग्रनुको पराकाष्ठा जो महासत्ता हो त्यसमा साधक प्रतिपल लागिरहेको हुन्छ। पुरुषको प्रवृत्ति एउटा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रागतः हुन्छ भने अर्को राग हटाउनमा हुन्छ । स्वाभाविक प्रवृत्तिलाई रागतः भनिन्छ । भोगात्मक रागमा दृढता भए स्वाभाविकप्रवृत्ति बढ्दछ । अज्ञानको पराकाष्ठामा पुग्न प्रमुखरूपमा दुईओटा कारण छन् । ती हुन्– १) स्वाभाविक प्रवृत्तिलक्षणपुरुषप्रयत्न : २) भोगरागदार्ढ्यलक्षणोरसावेशश्च ।

अज्ञान भूप्रतिष्ठाका निम्ति दुई असाधारण हेतु हुन् । असाधारण भएकाले यी ज्ञानभूप्रतिष्ठाका प्रति कारण हुन सक्तैनन् । रागतः हुने प्रवृत्तिले पुरुषले प्रयत्न गर्दछ । रागवशात् हुने पुरुषप्रयत्न अज्ञान भूप्रतिष्ठाको पहिलो हेतु हो । भोगरूप रागमा दृढता भएर रसानुभूतिमै आनन्दाभिव्यक्ति हुनु दोस्रो हेतु हो । वासनानिवृत्ति नभएकोले रसरागमा दृढता भएको हो । *'रस वर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते'* मा यसको व्याख्या भएकै छ । रस भनेको राग हो । भोगरागको दृढतारूप समावेश हो । यसैबाट अज्ञान भूप्रतिष्ठा हुन्छ ।

अज्ञान भूप्रतिष्ठाका प्रति दुईओटा हेतु असाधारणत्वेन आएका छन् । त्यसमा एउटा प्रयत्न छ भने अर्को संस्कार । संस्कार पनि स्थूल र सूक्ष्म छ । स्वाभाविक प्रवृत्तिरूप पुरुषप्रयत्न भोगरागदार्ढ्यलक्षण–रसावेशरूप संस्कार दुवै छन् । अज्ञान हटाउन यी दुई हेतु समाप्त पार्नु पर्दछ । दुई मध्ये पनि पहिले प्रयत्नै हटाउनु पर्दछ । त्यो हटेपछि संस्कार हट्न सहयोग मिल्दछ । यी दुई हेतु हटेपछि अज्ञान हट्दछ । अज्ञानका यी दुवै हेतु सामान्य होइनन्, विशेष हुन् । नाशै भएका अचेत व्यक्तिमा प्रयत्न र संस्कार दुवै गाढा रूपमा हुन्छन् । ती त वास्तवमा *'विद्धि नष्टानचेतसः'* खत्तम नै हुन् । यी दुई हेतु नभै अज्ञानप्रतिष्ठा सम्भव छैन । नष्ट अचेतमा यी दुवै हेतु भएकाले केही नबुझ्ने अत्यन्त मूढ भएका हुन् । यसरी अज्ञान भूप्रतिष्ठामा असाधारण कारण उपर्युक्त दुई हुन् भन्ने निश्चित छ । अज्ञानभूप्रतिष्ठामा दुई असाधारण कारण भएजस्तै ज्ञान भूप्रतिष्ठामा पनि दुईओटै असाधारण कारण हुन्छन् – १) शास्त्रीयसाधनचतुष्टयविशिष्टश्रवणादिप्रयत्नः २) मुमुक्ष्यादार्ढ्यलक्षणरसावेशः ।

ज्ञानभूप्रतिष्ठा र अज्ञानभूप्रतिष्ठा दुबैतिर प्रयत्न र संस्कार रहेकाले यिनमा सामानाधिकरण्य छ । प्रयत्न र संस्कार एकै ठाउँमा रहन्छन् । न्यायको सिद्धान्तानुसार आत्मामा रहन्छन् भने वेदान्तमतानुसार अन्तःकरणमा । अन्तःकरणमा रहने हुनाले यी दुईओटै बुद्धिवृत्ति हुन् । जस्तो *'कामः सङ्कल्पो विचिकित्सा श्रद्धाऽश्रद्धा धृतिरधृतिर्ह्रीर्धीर्भीरित्येतत्सर्वं मन एव'* [२७४] यी सबै मनोवृत्ति भन्ने आएको छ । *'मनोविकारा एवैं ते यथा वाचाभिधीयते'* [२७५] यी सबै मनोविकार हुन् । वचनद्वारा भनिने गरेको हो । त्यसकारण ज्ञानभूप्रतिष्ठाका असाधारण कारण प्रयत्न र संस्कार अथवा अज्ञानभूप्रतिष्ठाका असाधारण प्रयत्न र संस्कार जेसुकै लिए पनि प्रयत्नत्वेन र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



संस्कारत्वेन दुवैमा रहने हेतु एउटै हुन्छ । जस्तै एउटा महामूर्ख र अर्को महाविद्वान् छ भने मनुष्यत्वेन ती दुईमा भिन्नता छैन । उभयत्र मनुष्यत्वेन मनुष्यता रहेको जस्तै ज्ञान भू र अज्ञान भूप्रतिष्ठाका असाधारण कारण भएका प्रयत्न र संस्कारमा प्रयत्नत्वेन, संस्कारत्वेन प्रयत्न र संस्कारमा दुवैतिर समानता छ । यस अर्थमा दुईओटै कुरा रहने ठाउँ समानाधिकरण हो । यी दुईमा सामानाधिकरण्य छ । यी दुई बुद्धिवृत्ति हुन् । अज्ञानभूमिको कारण बुद्धिवृत्ति भए अज्ञानको सुषुप्तिमा पुग्दछ । ज्ञानभूमिको कारण बुद्धिवृत्ति भएमा व्यक्ति ज्ञानभूमिको पराकाष्ठामा पुग्दछ । बुद्धिवृत्ति सपार्नको लागि *'तदर्थं शास्त्रारम्भः'* गुरूपसदनपूर्वक शास्त्र सुन्ने, पढ्ने मनन गर्ने भन्ने दोस्रो अध्यायमा आएको छ ।

बुद्धिवृत्तिका प्रति असाधारण कारण निरूपणपछि त्यसको साधारणकारण जान्नु आवश्यक छ । ज्ञानभूमिको असाधारण हेतु अज्ञानभूमिमा जाँदैन, त्यस्तै अज्ञानभूमिको असाधारण हेतु ज्ञान भूमिमा पनि जाँदैन यी फरक फरक छन् । ज्ञानभूमि र अज्ञानभूमिका फरक फरक असाधारण हेतु छन् ती दुवै एकै ठाउँमा रहनेहुँदा त्यसको दुवैतिर मिल्ने साधारण हेतु के हो ? यही जिज्ञासामा *'अधिष्ठानब्रह्मसत्त्वोत्कर्षाधीनस्वसत्तालाभः'* यो साधारण हेतु हो । यो कुरा स्वयत्नसाधकरसादिबाट आएको हो । 'स्व' भनेको आत्मा हो भने स्वसत्ताले आफू हुँ भन्ने बुझाउँछ । अथवा आफू हुँ भन्ने थाहा हुनु स्वसत्ता हो । आफूमा म हुँ कि ? होइन भन्ने शङ्का कसैलाई पनि हुँदैन । म हुँ भन्ने स्वसत्ता के को आधारमा भएको हो ? त्यो जान्नु आवश्यक हुन्छ । अधिष्ठानरूपमा भासित ब्रह्मसत्ताको उत्कर्ष अधीन भएकोले नै आफ्नो सत्ता थाहा भएको हो अन्यथा थाहा हुने थिएन । म जान्दछु, मेरो सत्ता छ भन्ने कुरा ब्रह्मसत्ताको उत्कर्षाधीन भएकोले नै हुन्छ । ब्रह्मसत्ताको आधारमा सूक्ष्म शरीर अथवा मन अडेको छ, त्यसको आधारमा बुद्धि, बुद्धिको आधारमा संस्कार, संस्कारको आधारमा प्राणमयकोश अडेको छ । यसरी आत्मामा सबैलाई धान्न सक्ने शक्ति छ । ब्रह्मसत्ताको उत्कर्षताको आधारमा शरीरसम्म सत्ता आएको हो । प्राणमय शरीर रहेसम्म सत्ता शरीरमा पनि रहन्छ । प्राणमयशरीरले काम गर्न छोड्यो भने त्यहाँ सत्ता रहँदैन । सर्वत्र फैलिएको ब्रह्मसत्ताकै आधारमा स्वसत्ता रहेको छ । सर्वत्र फैलिएको ब्रह्मसत्ता अधिष्ठानरूपमा भासित हुन्छ ।

*'घटः सन्'* यहाँ घटज्ञान र घटसत्ताज्ञान छ । घट छ भन्ने कुराको सूक्ष्मस्वरूप ब्रह्म हो भन्ने छ । सत्ताको अनुवेध नभए छ भन्ने कुरै हुँदैन । जड, चेतन सबैमा सत्ता रहन्छ । हाम्रो चित्तमा रहने सत्ता पनि अधिष्ठानसत्ताको सत्ता हो, ब्रह्मसत्तामा अन्यत्र रहेको सत्ता तह लगाउँन सक्ने सत्ता छ । त्यसैले त्यो सत्तामा उत्कर्षता छ । ब्रह्मसत्त्वोत्कर्षाधीन आफ्नो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सत्ता अधिष्ठानको अधीनमा अडेको छ । त्यसैले स्वसत्ता दुवैतिर साधारण कारण हुन्छ । किनभने प्रलयमा सारा कुरा समाप्त हुँदा पनि ब्रह्मसत्ता बाँकी रहन्छ । त्यो कहिल्यै नाश हुँदैन । त्यसको निर्वचन गर्न पनि कठीन छ । सत्ताकै आधारमा सत्य भनिन्छ, *'सद् यत्तत्सत्यम्'* सत्यमा दुईओटा कुरा हुन्छन् – मूर्त र अमूर्त । पृथिवी जल तेज मूर्त, वायु र आकाश अमूर्त हुन् । यी पाँच कुरा मिलेर सत्य हुन्छ । यस्तो सत्य वास्तवमा आपेक्षिक हो । आपेक्षिक सत्य धेरैदिन टिक्न सक्तैन । एकैपटक सोझै वस्तुसत्य बुझ्न सकिँदैन, आपेक्षिकसत्य बुझ्नुपर्दछ । आपेक्षिकसत्य सर्वात्मना सत्य हुँदैन । यस अर्थमा ज्ञानभूप्रतिष्ठा र अज्ञानभूप्रतिष्ठामा *'स्वसत्ता'* साधारणकारण हुन्छ । स्वसत्ता पनि शुद्ध होइन । ब्रह्मसत्त्वोत्कर्षाधीन हो । यही स्वसत्ताले चाहिने र नचाहिने दुवै कुरा बढाइदिन्छ । ज्ञानभू र अज्ञानभूप्रतिष्ठामा दुई दुईओटा भिन्नाभिन्नै असाधारण कारण आए भने दुवैमा मिल्ने साधारणकारण *'अधिष्ठान ब्रह्मसत्त्वोत्कर्षाधीनस्वसत्तालाभः'* आयो । स्वसत्ता भनेको अन्तःकरण हो । यो ज्ञानभूप्रतिष्ठा र अज्ञानभूप्रतिष्ठामा कारण हो । अज्ञान भूप्रतिष्ठा भएका व्यक्ति नष्ट, अचेत हुन् । त्यस्तालाई सङ्केत गर्दै *'सर्वज्ञानविमूढांस्तान् विद्धि नष्टानचेतसः'* भगवान्ले भन्नुभएको हो ।

ज्ञान ब्रह्मविषयक हुनुपर्दछ या त ब्रह्म जान्ने साधनविषयक हुनुपर्दछ । एक किसिमको ज्ञान भएर पुग्दैन, अनेक किसिमको हुनु पर्दछ । यस कुरालाई आनन्दगिरीले *'प्रमाणप्रमेयप्रयोजनविभागतो विविधत्वम्'* भनी देखाएका छन् भने 'प्रमाणतः, प्रमेयतः, प्रयोजनतश्च मूढान्' भनी मधुसूदन सरस्वतीले बताएका छन् । ज्ञान जम्मा तीन किसिमका हुन्छन् । प्रमाण, प्रमेय, प्रयोजनविषयक तिनै ज्ञान नहुने व्यक्ति मूढ हुन् । तिनीहरू नाश हुन्छन् अथवा राम्रो काम गर्ने योग्यता पनि हुँदैन । दुःखको मार्ग मात्र प्रशस्त गरेका हुन्छन् । पुरुषार्थका पात्र नभई पुरुषार्थभ्रष्ट हुन्छन् । यस्तालाई *'सर्वज्ञान विमूढांस्तान् विद्धि नष्टानचेतसः'* भनिएको हो ।

शास्त्रानुकूल आचरण गर्नेलाई के फाइदा हुन्छ भन्ने ३१ औँ श्लोकमा अन्वयविधाबाट नगर्दा के हुन्छ ? भन्ने कुरा व्यतिरेकविधाबाट ३२ औँ श्लोकमा छ । यो आत्मचिन्तनको प्रसङ्ग हो । त्यसैले जसमा त्यस्तो चिन्तन हुँदैन ती खत्तम हुन् भनी टुङ्ग्याएको छ । आत्मविषयकचिन्ता नहुनेलाई आफ्नो मार्ग पनि थाहा हुँदैन । आत्मविषयक चिन्तामा नलागेर उनीहरू किन पथभ्रष्ट भएका हुन् ? यस्तो आशङ्का आउँन सक्तछ । मन पर्ने प्रापञ्चिक विषयमा वृत्ति लाग्न धेरै कष्ट हुँदैन । उनीहरूलाई पथभ्रष्ट अर्काले गराइदिए अथवा आफैँ पथभ्रष्ट भए ? सुमार्गमा भन्दा कुमार्गमा उनीहरूको प्रेरणा केबाट भयो ? शास्त्रको अनुष्ठान नगरी अननुष्ठान गर्ने प्रवृत्ति केबाट भयो ? इत्यादि आशङ्का शमनका लागि अगाडिको श्लोक –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सदृशं चेष्टते स्वस्यः प्रकृतेर्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

यो श्लोक किन भन्ने बारे भूमिका – *'कस्मात्पुनः कारणात्त्वदीयं मतं नानुतिष्ठन्ति'* अर्जुनमा शङ्का हुन्छ – मान्छेहरू किन तपाइँको (भगवान्को) मत अनुसरण नगरी परधर्ममा लाग्दछन् ? परधर्ममा आफ्नो बाटो आफैँले चिनेको हुँदैन । परमात्माको आदेशानुसार नचली त्यसको अतिक्रमणतिर किन प्रवृत्त भए ? भन्ने जिज्ञासामा शङ्कराचार्यभूमिका छ । ज्ञानीपुरुष पनि आफ्नो प्रकृति अनुसारकै आचरण गर्दछ । यावत् भूतलाई प्रकृतिले आफ्नो वशमा पारेको हुन्छ । इन्द्रियनिग्रह भएर पनि प्रकृतिभन्दा माथि पुग्न सक्तैन । 'निग्रह' भनेको आदेश गर्नु, नियन्त्रण गर्नु अथवा बिग्रन लागेकालाई तह लगाउनु हो । वेद वा वेदानुसारी शास्त्रले शास्त्रविरुद्ध कर्म गर्नुहुँदैन भनी निग्रह गरेको हो । शास्त्रले निग्रह गर्दागर्दै पनि तह लाग्दैन किनभने यावत्प्राणी मायामा अडेका छन् । मायाले चलाइरहेको छ । *'स्वस्याः प्रकृतेः सदृशं ज्ञानवानपि चेष्टते'* ज्ञानी भए पनि आफ्नो प्रकृत्यनुकूल आचरण गर्दछ । *'सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि'* । आफ्नो प्रकृति अनुसार कर्म गर्ने हुनाले निग्रहले केही गर्न सक्तैन । ज्ञानीले पनि प्रकृतिका गुणनियन्त्रण गर्न सक्तैनन् भन्नेमा कथा छ –

एकजना उञ्छवृत्तिका ब्राह्मण थिए । उनका घरमा एकजना अर्का नैष्ठिक ब्राह्मण अतिथिको रूपमा आए । उनलाई स्वागत, सत्कार गरी भोजन गराइसकेपछि सुत्ने बेलामा अतिथिसँग उनले भने – म उञ्छवृत्तिको ब्राह्मण हुँ, छोराछोरी आआफ्नो काम गर्न सक्ने भएका छन् । गृहस्थीको काम – *'उत्पाद्य पुत्राननृणांश्च कृत्वा वृत्तिञ्चतेभ्योऽनविधाय काञ्चित् । स्थाने कुमारीःप्रतिपाद्य सर्वा अरण्यसंस्थोऽथ मुनिर्बुभूषेत्'* [२७६] छोरा जन्माउनु, पढ्ने लेख्ने काममा सहयोग गर्नु, आफैँ काम गरी जीवननिर्वाह गर्न सक्ने बनाउनु, छोरीको विवाह गरिदिनु अनि त्यसपछि वानप्रस्थमा लाग्नु अर्थात् घरको जिम्मा नलिनु हो । मेरो स्थिति यही किसिमको छ, मैले घरमा गर्नुपर्ने कुनै काम बाँकी छैन । श्रेयो मार्ग के हो ? त्यो कसरी प्राप्त हुन्छ ? अतिथिसँग प्रश्न गर्दछन् । अतिथि भन्दछन् – तपाईंले सोध्नुभएको कुरा सबै मलाई पनि थाहा छैन । तपाइँ जान्न चाहनुहुन्छ भने नैमिषाको गोमती नामको नदीको किनारमा एउटा पद्म नाम गरेका महाज्ञानी नाग बस्दछन् – तिनीसँगै सिक्नुहवोस् । अतिथिबाट यस्तो कुरा सुनेपछि ती गृहस्थी ब्राह्मण भोलिपल्ट उठेर आफ्नो नित्यक्रियापछि त्यही नाग कहाँ गए । घरमा उनी रहेनछन् । उनकी पत्नी (नागिनी) सँग भेट भयो । नागिनीले पनि अत्यन्त सत्कारका साथ भोजन गराएपछि ब्राह्मणलाई आउनुको हेतु सोधिन् । ब्राह्मणले पद्मनागलाई मैले नभेटी नहुने भएर यहाँ आएको । त्यसपछि नागिनीले भनिन् –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पालो अनुसार अहिले उहाँ सूर्यका घोडासँग हुनुहुन्छ । आफ्नो पालो सकिएपछि आउनुहुन्छ । नागिनीको यस्तो वचन सुनेपछि ब्राह्मणले आफू आएको कुरा नागराजलाई भनिदिनुहोला भने । त्यसपछि ती ब्राह्मण त्यहाँबाट गए । एक महिनाको पालो अनुसार नाग आउन १२,१३ दिन बाँकी छ भन्ने थाहा पाएपछि ब्राह्मणले पनि नागलाई नभेटेसम्म अन्न, जल केही ग्रहण गर्दिन भनी सङ्कल्प गरे । यस्तैमा १२, १३ दिन बितेपछि ती पद्मनाग घरमा आए । त्यसपछि नागलाई नागिनीले ब्राह्मण भेट्न आउनुभएको कुरा बताइन् । नागराज आउनासाथ ब्राह्मण भेट्न आएको कुरा बताइदिनुहोला भनी ब्राह्मणले भनेकाले त्यही कुरा हजूरसँग जाहेर गर्दैछु । परमज्ञानी नागराजले आफ्नी पत्नीको यस्तो कुरा सुनेपछि अत्यन्त क्रुद्ध भए ।

नागले आफ्नो फँणा फुलाएर विष फाल्दै ती मान्छे भएर पनि हामी नागजातिलाई भेट्न आउने ? सुगन्ध चलाएर सबैलाई आकर्षित गर्नसक्ने शक्तियुक्त हामीलाई मान्छे जाबोले भेट्न आउने ? इत्यादि किसिमले ती अत्यन्त क्रुद्ध भए । आफ्ना पति यसरी क्रुद्ध भएको देखेर नागिनी भन्छिन् – कोही केही आशा लिएर आउँदछ भने त्यसलाई निराश पार्नु हुँदैन । त्यसो गर्नु महापाप हो । उनी नैष्ठिक ब्राह्मण हुन् । उनी आएको कुरा हजूरलाई भेटाउने वाचा पनि मैले गरिसकेकी छु । रिसले यो लोक र परलोक दुवै बिगार्दछ । हजूरजस्तो महाज्ञानी भएर पनि यसरी रिसाउनु ठीक भएन । पत्नीको यस्तो कुरा सुनेर रिस शान्त भएपछि नाग भन्दछन् –

अभिमानेन मानो मे जातिदोषेण वै महान् ।
रोषः सङ्कल्पजः साध्वि दग्धो वाक् अग्निना त्वया ॥[२७७]

सर्पयोनिमा जन्मेकोले यो रिस मलाई उठ्यो । अभिमानले रिसाएको होइन जातिदोषले रिस उठेको हो । सङ्कल्प मनद्वारा हुने कुरा हो । मन सूक्ष्मशरीरको प्रधान हो । त्यही मन सर्पजातिमा पनि भएकोले रिस उठेको हो । यसमा मेरो केही दोष छैन, यो जातिगत दोष हो । हे साध्वि तिम्रो अग्निरूपी वचनले मेरो रिस दग्ध – उढेको अथवा शान्त भएको छ । यसप्रकार ज्ञानीले पनि आफ्नो प्रकृति अनुसार काम गर्दछ । रिस भनेको महाघातक हो । यो ठीक छैन । तिमीले भनेको ठीक हो भनी रिसको सम्बन्धमा नागराज नागिनीलाई भन्दछन् –

तदेष तपतां शत्रुः श्रेयसां विनिपातकः
निगृहीतो मया रोषः श्रुत्वैवं वचनं तव ।[२७८]

तिम्रो वचन सुनेर मैले आफ्नो रोषलाई नियन्त्रण गरें । वास्तवमा तपस्यामा लाग्नेका निम्ति रिस शत्रु हो । हुन आँटेको राम्रो कुराको विनिपातक पनि रिस हो । रिसले श्रेयोमार्ग



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रोकिन्छ । अब म ती ब्राह्मणलाई भेट्न जान्छु भनी नागराज ब्राह्मणलाई भेट्न गएको प्रसङ्ग छ । त्यसकारण ज्ञानवान्ले पनि योनि अनुसार प्रकृतिको अतिक्रमण गर्न सक्तैन । यस अर्थमा *'सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि'* छ ।

कुन मान्छे कस्तो प्रकृतिको हो भन्ने कुरा महात्माले देख्नासाथ चिन्दछन् भने अरूले पनि दुईचार दिनको सङ्गत पछि चिन्दछन् । चिन्नका लागि सर्वप्रथम उसको वृत्त – आचार हेर्नु पर्दछ । सन्ध्यावन्दन, स्नान आदिमात्र आचार होइन । शास्त्रीय, लौकिक आचार कस्तो छ भन्ने विचार गर्नुपर्दछ । असल कुलमा जन्मेको व्यक्तिमा खराब आचरण हुँदै हुँदैन । *'न कुलं वृत्तहीनस्य प्रमाणमिति मे मतिः ।'* [२७९] खराब आचरणका आधारमा असल कुलको होइन भनी निश्चय गर्नुपर्दछ । कुलको रक्षा गर्ने मूल गहना आचार हो । *'कुलं वृत्तेन रक्षते ।'* [२८०] भनिएकै छ । आचार हुनका लागि पनि तीनओटा कुरा चाहिन्छन् –

यस्य त्रीण्यवदानानि विद्यायोनिश्च कर्म च ।[२८१]
शुचियोन्यन्तरगताः प्रायशः शुभलक्षणाः ।[२८२]

विद्या, योनि निन्द्य न भए वृत्त – आचार असल हुन्छ । *'विद्या योनिश्च कर्म च'* यसमा प्रधान योनि हो भने त्यसका पृष्ठपोषक विद्या र कर्म हुन् । प्रधानताका लागि योनि पद बीचमा आएको छ । विशुद्ध योनि नभएको व्यक्तिले जतिसुकै पढे पनि शास्त्रानुसारी कर्म गरे पनि त्यसको वृत्त ठीक हुँदैन । गर्नुपर्ने कर्म गर्नसक्तैन । योनि शुद्ध शुभलक्षण हो । शुभकर्म, असल आचारका निम्ति विशुद्ध योनिको हुनु आवश्यक छ ।

आकामद्वेषसंयुक्तस्त्रिभिः शुक्लैः समन्वितः ।
अहिंसको ज्ञानतृप्तः स ब्रह्मासनमर्हति ।[२८३]

विद्या, योनि र कर्म शुद्ध भएको त्रिशुक्ल हो । कुनै किसिमको कामना नभएको द्वेष पनि नभएको र त्रिशुक्ल, अहिंसक, ज्ञानतृप्त व्यक्तिका निम्ति ब्रह्मासन सुहाउँदछ । अहिंसक, ज्ञानतृप्त, विद्या र कर्म हुनका लागि योनि शुद्ध हुनै पर्दछ ज्ञानादिको अभावमा ब्रह्मासन योग्य हुँदैन । *'अकामद्वेषसंयुक्त'* को आधारमा अवश्य असल वंशको हो भनी कल्पना गर्न सकिन्छ ।

अब खराब वंशको हो भनी कसरी पत्ता लगाउने ? *'परान्नगुणवादिनः'* [२८४] अर्काको अन्न खान हिरिक्क हुने, त्यसैमा लम्पट हुने व्यक्ति खराब वंशको हो भन्ने बुझ्नु पर्दछ । अर्काको अन्नको गुणगान गर्ने व्यक्ति पनि खराब वंशको हो । निन्दा गर्ने महानीच हो । श्राद्ध अर्काको अन्नले गर्नुहुँदैन । वरखीमा अर्काको अन्न खानुहुँदैन । यस्ता अनेक ठाउँमा अर्काको अन्नको निषेध छ । यस्तै –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आत्मनिन्दात्मपूजा च परनिन्दा परस्तवः ।
अनाचरितमार्याणां वृत्तमेतच्चतुर्विधम् ।[२८५]

नीच प्रकृतिको व्यक्ति आत्मनिन्दा गर्दछ । *'आत्मानं नावमन्येत पूर्वाभिरसमृद्धिभिः'* पहिलेका असमृद्धिले आफ्नो अपमान गर्नु हुँदैन । त्यस्तै आत्मपूजा आत्मप्रशंसा गर्नुहुँदैन । परनिन्दा र परस्तुति पनि गर्नुहुँदैन । जसले यो चार निषिद्ध कुरा गर्दछ त्यो नीच हो, खराब वंशको हो ।

परस्वभावकर्माणि न प्रशंसेत् न गर्हयेत् ।
विश्वमेकात्मकं पश्यन् प्रकृत्या पुरुषेण च ॥[२८६]

प्रकृति र पुरुष मिलेर बनेको संसारमा अनेक किसिमका मान्छे आउँदछन्, जान्छन् । यी कुरा विचार गरी अर्काको निन्दा, प्रशंसा गर्नु हुँदैन । प्रशंसा गर्नु नै छ भने राम, कृष्ण जस्ता महापुरुषहरूको गर्नुपर्दछ । 'अनाचरितमार्याणां' आर्यहरूका निम्ति यी सबै अनाचार हुन् । यी चार अनाचारको आधार खराबको कल्पना गर्नसकिन्छ । असलको कल्पना कसरी गर्ने ? भन्नेमा छ –

सुक्षेत्राच्च सुबीजांच्च तुल्यो भवति सम्भवः ।
यतोऽन्यतरतो हीनादवरो नाम जायते ॥[२८७]

कुनै पनि वस्तु उत्पत्तिका निम्ति क्षेत्र र बीज दुवै असल हुनुपर्दछ । दुवै असल भए बाली पनि असल फल्दछ । त्यस्तै स्त्रीर पुरुष दुवै असल कुलका भए सन्तति पनि असल हुन्छ । स्त्री पुरुषमध्ये एउटा खराब कुलको भए तल्लो कोटिको सन्तति हुन्छ । अनुलोम भए पनि तल्लोकोटिमा जान्छ, प्रतिलोमको त कुरै नगरौँ । तसर्थ आफ्नो प्रकृति के हो सबैले ख्याल गर्नुपर्दछ । विचार गर्नुपर्दछ । यज्ञमा ऋत्विक् हुन लायक, दान दिन लायक अथवा आचारविशिष्ट पात्र कस्तो हुनुपर्दछ –

योनिकर्मविशुद्धश्च पात्रं स्याद् वेदविद् द्विजः ।
सत्कृता चैकपत्नी च जात्या योनिरिहेष्यते ॥[२८८]

यहाँ पनि विद्या योनि र कर्मकै कुरा छ । योनि, कर्म र विद्या विशुद्ध भए पनि ल्याइते स्वास्नी छ भने त्यो सत्पात्र हुँदैन । त्यसैले त्रिशुक्लका साथ *'सत्कृता चैकपत्नी च'* पत्नी पनि एकस्यैव पत्नी अर्थात् एउटैकी मात्र हुनुपर्दछ । त्रिशुक्ल, एकपत्नीक र पत्नीको आदर गर्ने व्यक्ति सत्पात्र हो । ऋत्विक् हुन, दान लिन लायक हुन्छ । असल, खराब आचारकै प्रसङ्गमा खराबै हो भनी थाहा पाउने स्थूलभूत कुरा –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनार्यता निष्ठुरता क्रूरता निष्क्रियात्मना ।
पुरुषं व्यञ्जयन्तीह लोके कलुषयोनिजम् ॥[२८९]

आर्यले गर्नुपर्ने काम गर्दैन, अत्यन्त निष्ठुर छ, क्रूर छ, अल्छी छ भने यी चार कुराहरूका आधारमा यो खराब कुलको रहेछ भन्ने बुझिन्छ । खराब अथवा असल जुन कुलको सन्तति भए पनि त्यसमा माताको अथवा पिताको गुण आउँदछ –

पितुर्वा भजते शीलं मातुर्वोभयमेव वा ।
न कथञ्चन दुर्योनिः प्रकृतिं स्वां नियच्छति ॥[२९०]

कुनै सन्तान पिताको स्वभावको हुन्छ भने कुनै माताको स्वभावको अथवा कुनै चाहिं माता पिता दुवैको स्वभावको हुन्छ । दुर्योनिले आफ्नो प्रकृति नियन्त्रण गर्न सक्तैन । त्यसैले पद्मनाग महाज्ञानी भएर पनि नागयोनि भएकोले अर्थात् दुर्योनिको भएकाले आफ्नो रोष प्रकट गरेका हुन् । यही कुरा ज्ञानी नै भए पनि आफ्नो प्रकृति अनुसारको चेष्टा गर्दछ । *'निग्रहः किं करिष्यति'* आफ्नो प्रकृतिलाई निग्रहले के गर्न सक्तछ ? यहाँसम्मका कुरा कार्यलिङ्गक अनुमानका हुन् । कार्यलिङ्गकलाई शेषवत् अनुमान भनिन्छ । जसरी *'नदी वृद्ध्या वृष्टेरनुमानम्'* नदी बढे पानी परेछ भन्ने अनुमान हुन्छ त्यसैगरी व्यक्तिको आचारबाट कुलको अनुमान हुनसक्तछ ।

ज्ञानीले खराब योनिमा जन्म किन लिनु पऱ्यो ? जस्तै नागराजको खराब योनिमा जन्म भएको छ । महाज्ञानीको जन्म उत्तम योनिमै हुनुपर्दथ्यो । जस्तो काम गरेको छ त्यही अनुसार फल पाउँदछ । निकृष्ट प्रारब्ध कर्मले खराब योनिमा आउनुपरेको छ । ज्ञानी हुँदैमा उत्तम कुलमै जान्छ भन्ने छैन । अनि प्रकृति अनुकूल आचरण गर्नु स्वाभाविक हो । संसारका धारक शेषनागमा पनि प्रकृति अनुकूल आचार छ । उनले *'लोकस्वस्तये नियन्त्रित अमर्षरोषावेगः'* [२९१] लोक कल्याणका लागि आफ्नो रिसलाई नियन्त्रण गरेका छन् । नियन्त्रण गरेको भन्नाले शेषनागमा पनि रिस छ । ज्ञानी भएकाले अर्काले निग्रह गर्नुपर्दैन आफैं नियन्त्रणमा आउँदछन् । यसबाट प्रकृति अनुसारको गुणलाई नियन्त्रण गर्न खोजे नियन्त्रित हुँदो रहेछ । रीस कामना विशेष हो भन्न सकिन्छ । भिन्न होइन किनभने त्यो मनोवृत्ति भित्रै पर्दछ ।

कामना बुझ्न पहिले मान्छे बुझ्नुपर्दछ । त्यसपछि त्यसमा उत्पन्न हुने कामना बुझ्ने हो । रिस, राग, क्रोध इत्यादि कामभित्रै पर्दछन् । कर्ताले चाहेमा काम हुन्छ अन्यथा हुँदैन । काम भन्दा पहिले कर्ताको उत्पत्ति हुन्छ अनि कर्ताको आधारमा काम । यस कुरालाई – *'कामाः परस्तात्प्रतिविहिता भूतमात्रा'* [२९२] भनी श्रुतिले सङ्केत गरेको छ । पुरुषभन्दा पछि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आएको एउटा प्रवाहविशेष, इच्छाविशेष काम हो। पछि हुने इच्छा विशेषलाई पहिले भएको पुरुषले नियन्त्रण गर्न सक्तछ तर सर्वत्र यो नियम लागू हुँदैन कहीं कहीं पछि हुनेले पनि पहिले भएकालाई नियन्त्रण गर्दछ। विवेक गर्न सक्ने भगवान् शेषनागले रिस देखाउँनु आवश्यक भएन। त्यसैले उनले लोककल्याणका लागि आफ्नो रिसलाई नियन्त्रण गरेका छन्। *'सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि'* रिसराग भन्ने कुरा पुरुष भन्दा पछि हुने भएकाले यी आगमापायी हुन्। रिस राग भन्ने कुरा आगमापायी हुन्।

कुनै पनि प्राणीको भोग सकिएपछि शरीर सकिन्छ र अर्को शरीरमा जान्छ। कुनै सर्प मरेर देवयोनिमा पुग्दछन् भने देव मरेर सर्पयोनिमा पनि जान्छन्। यसरी जो जहाँ गए पनि जाने कुरा के हो ? त्यसको विवेक हुनु आवश्यक छ। शरीरबाट निस्केर अन्यत्र जाने कुरा के हो भन्ने बारेमा श्रुति छ – *'एष आत्मा निष्क्रामति'* आत्मा निस्कन्छ। वास्तवमा आत्मा व्यापक छ। व्यापक भएकोले त्यसमा क्रिया नहुनु पर्ने तर यो आत्मा निस्कन्छ भन्ने श्रुति छ। निस्कन्छ भन्नाले त्यसको निम्ति पनि ढोकाको आवश्यकता हुन्छ। जसरी घरभित्र पस्न र निस्कन ढोकाको अपेक्षा हुन्छ। आत्मा जहाँ पायो त्यहीँबाट निस्कँदैन, त्यसका निम्ति निश्चित द्वार छन्। *'चक्षुष्ट्वो वा मूर्ध्नो वा अन्येभ्यो वा शरीरदेशेभ्यः'* चक्षुबाट, शिरबाट अथवा शरीरका अन्य भागहरूबाट आत्मा निस्कन्छ। आँखा र शिरबाट निस्कने भनी ढोका निश्चित भयो भने शरीरका अन्य कुन कुन भागहरूबाट निस्कन्छ भनी किटान भएन। यसको मतलब च्छिद्र भएको ठाउँबाट आत्मा निस्कन सक्तछ अन्यत्रबाट सक्तैन भन्ने हो। शरीरमा ९ ओटा छिद्र हुन्छन् भन्ने कुरा सर्वविदित छ। नौभन्दा बाहेक अर्को पनि एउटा छिद्र छ त्यो *'ब्रह्मरन्ध्र'* हो। तालुमा पर्दछ। मूलाधारदेखि मेरुदण्ड हुँदै तालुसम्म पुगेको एक नाडी छ। त्यो नाडी अत्यन्त पातलो हुन्छ, त्यसलाई सुषुम्ना नाडी पनि भन्दछन्। त्यसमा सानो प्वाल हुन्छ जसलाई छालाले ढाकेको हुन्छ। त्यसैले बच्चाको तालु पुरिएको हुँदैन, त्यो बिस्तारै पुरिँदै जान्छ।

मूलाधारदेखि ब्रह्मरन्ध्रसम्म गएको सुषुम्नानाडीको अन्तमा हवाइजहाज, मोटरआदिमा भएको सङ्कटकालीनद्वार जस्तै द्वार हो। हवाइजहाज दुर्घटना हुन आँट्यो भने पनि प्यारासुटको माध्यमले सङ्कटकालीन द्वारबाट हाम्फाल्दा व्यक्ति बच्ने निश्चित प्राय छ। साधन, स्रोत र हाम्फाल्ने प्रक्रिया नबुझ्दा मान्छे जसरी सङ्कटकालीनद्वारबाट फालहान्दैन त्यसरी नै नवद्वारको अतिरिक्त ब्रह्मरन्ध्रबाट आत्मा गए हुन्थ्यो भन्ने चाहँदा चाहँदै पनि त्यो इच्छा प्रायः पूरा नहुन सक्तछ। त्यहाँबाट प्राण निक्लने योग्यता भएका व्यक्ति विवेकी हुन्छन्। तिनको ऊर्ध्वगति हुने भन्ने छ। प्राण ब्रह्मरन्ध्रबाट निक्लिनु राम्रो हो। नवद्वारमध्ये माथिका सातद्वारमा पनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आँखाबाट प्राण निस्किनु राम्रो मानिन्छ । तालु फुटेर प्राण गयोभने झन् राम्रो मानिन्छ । त्यसैले आत्मा निक्लँदा आँखा वा तालुबाट निक्लन्छ भन्ने हो । आँखा र तालु बाहेक अरू पाँचद्वारबाट गएमा सामान्यगति हुन्छ भन्ने तलका दुईद्वाराबाट (गूद र मूत्रद्वारबाट) गएमा अधोगति हुन्छ भन्ने छ। दुर्घटनामा प्राण यहीँबाट जान्छ भन्ने निश्चित हुँदैन शरीर क्षतविक्षत भएको हुन्छ। त्यस स्थितिमा जहाँबाट पनि जानसक्तछ। जसरी घरभित्र बसेको व्यक्ति सिङ्गो घर भएमा ढोकाबाट निक्लन्छ दैवीप्रकोप आदिबाट घर क्षतविक्षत भएको छ भने जहाँबाट पनि निक्लन सक्दछ । त्यसैगरी कालगतिले मान्छे मर्दा ती दशद्वार अतिरिक्तबाट प्राण जाँदैन । दुर्घटनादिले मऱ्यो भने प्राण जहाँबाट पनि जानसक्तछ ।

प्राण जाने मूल ढोका आँखा र मूर्धा हुन् भने शरीरका अन्य ढोकाहरू सहायक हुन् । यी द्वारका अतिरिक्त दुर्घटनादिले जसको प्राण जान्छ तिनको दुर्गति हुने निश्चित । महात्माहरूको दुर्घटनाबाट मृत्यु भएमा दुर्गति हुन्छ कि ? सक्कली महात्मा दुर्घटनामा पर्नैसक्तैनन् । महात्मा सर्वज्ञ हुन्छन् । सर्वज्ञले अनिष्ट हुने कुरा पहिले नै थाहा पाउँदछन् । त्यस स्थितिमा हवाइजहाज, बस आदिमा महात्माहरू चढ्दैचढ्दैनन् भने दुर्घटनाको कुरै आउँदैन । दुर्घटनामा पर्दैनन् भने तिनीहरूको दुर्गतिको सम्भावना पनि हुँदैन । मूलतः यो आत्मा कहाँबाट जान्छ ? भन्ने प्रसङ्ग हो । व्यापक छँदा छँदै आत्मा निस्कन्छ भने त्यो कसरी ? भन्ने शङ्का आउन सक्तछ । आशङ्का शमनका लागि छ – *'तमुत्क्रामन्तं प्राणोऽनूत्क्रामति'* प्राण गएर मऱ्यो भन्ने सबैले बुझेका छन् । प्राण आफूखुशी अथवा अर्काको प्रेरणाले जाने हो ? प्राण भनेको आत्माको आयतन हो, यो आयतनरूपमै बसेको छ । आयतनरूपमै बसेर पनि यसको खटन छैन । प्राण भन्दा माथि बुद्धि छ र त्यसको पनि गुदीरूपमा आत्मा छ । यस अर्थमा प्राणलाई तह लगाउने बुद्धि हो त्यो पनि जड छ । त्यसैले त्यसले आफूखुशी काम गर्न सक्तैन । जसरी ड्राइभरले जता लग्यो गाडी त्यतै जान्छ। ड्राइभरले गाडी चलाउँछ भन्ने छ तापनि त्यसलाई पनि चलाउने अर्कै छ। त्यस्तै प्राण पनि आफैँ निस्कने होइन, त्यसलाई निकाल्ने पनि अर्कै छ ।

प्रारब्धकर्मको शरीरले भोग गर्दछ। भोग सकिनासाथ शरीरस्थिति समाप्त हुन्छ। भोग सकिएपछि बुद्धिमा आरूढ भएर भोग गर्ने चेतन तत्त्वले यहाँ बस्नु ठीक छैन भनी उत्क्रमण गर्दछ। चेतनतत्त्वले उत्क्रमण गर्न खोज्नासाथ प्राण त्यसको पछि लागिहाल्दछ। जसरी राजा हिँडेपछि राजाको ए.डी.सी. अनिवार्य पछि लाग्नुपर्दछ। त्यस्तै बुद्धिमा प्रतिविम्बित चेतन हिँडेपछि प्राण ए.डी.सी. कै रूपमा हिँड्नुपर्दछ। आत्माको पछि प्राण लागेपछि अरू इन्द्रिय पनि सँगसँगै जान्छन्, जसरी राजा र ए.डि.सि. हिँडेपछि तिनीहरूका पछाडि अरू सुरक्षाकर्मीहरू जान्छन् । प्राण निक्लन्छ भन्नाले बुद्धिमा प्रतिविम्बित चेतनतत्त्व निस्कन्छ भन्ने बुझ्नुपर्दछ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वास्तवमा प्राण त चेतनमा आरुढ बुद्धिको पछि लाग्ने हो । चेतनतत्त्वले उत्क्रमण गर्नासाथ कहाँ जाने भन्ने टुङ्गो लागिसकेको हुन्छ । देवता, र अन्य प्राणीले पनि प्राण निक्लेपछि पनि उच्चावच योनिमा जानुपर्ने हुन्छ । गरेको कर्मको आधारमा कुन योनिमा जाने भन्ने टुङ्गो लाग्दछ । टुङ्गो लगाउने पनि अर्कै छ ।

'सविज्ञानो भवति सविज्ञानमेवान्वाक्रमति' प्राण गयो, बुद्धि गयो, त्यसका पछाडि अरू लागे अब यीमध्ये कसमा प्रधानता छ ? भन्ने आशङ्का आउन सक्तछ । यही आशङ्कामा 'सविज्ञानोभवतीत्यादि' श्रुति छ । यसको अर्थ बुद्धि प्रधान भन्ने हो किनभने बुद्धिमा चेतन घुसेको छ । त्यसैको आउने जाने कुरा हुन्छ । पहिलो शरीर मर्ने बेलामा पनि सविज्ञान हुन्छ र अर्को शरीरधारण गर्ने बेलामा पनि *'सविज्ञानमेवान्वाक्रमति'* सविज्ञान नै पछि लागेको हुन्छ । एउटा शरीर सकिएर अर्को शरीर परिग्रह गर्ने बेलामा के कुन कुराले भूमिका खेल्दछन् ? अथवा यथावत् रहने के हो ? *'तं विद्याकर्मणी समन्वारभेते पूर्वप्रज्ञा च'* शरीरान्तरपरिग्रहमा मूलभूमिका खेल्ने तत्त्व विद्या, कर्म र पूर्वप्रज्ञा हुन् भन्ने छ । विद्या र कर्म प्रमुख हुन् भने *'पूर्वप्रज्ञा'* संस्कारात्मना सहायक हो । यी तीनओटै कुरा शरीरान्तरमा जाँदा पनि परिवर्तन नभई जस्ताको तस्तै रहन्छन् । संस्कारले पनि शरीरान्तरप्राप्तिका निम्ति सहायकरूपमा भूमिका खेलेको हुन्छ । विद्या, कर्म र पूर्वप्रज्ञाले जता धकेल्छ प्राणी त्यतै पुग्दछ । 'जातिदोषेण वै महान्' यस्तो कुरा ठूलो जातिदोषले भएको हो । स्वतः ममा अभिमान छैन भनी नागराजले भनेको प्रसङ्ग पहिले आएकै छ । त्यसैले भगवान्ले *'प्रकृतेर्ज्ञानवानपि'* ज्ञानी नै भए पनि आफ्नो प्रकृति अनुसार काम गर्दछ भन्नुभएको हो । *'एष ते आत्मा निष्क्रामति, चक्षुष्ट्वो वा मूर्ध्नो वा अन्येभ्यो वा शरीरदेशेभ्यः, तमुत्क्रामन्तं प्राणोऽनूत्क्रामति, प्राणमनुत्क्रामन्तं सर्वे प्राणा अनुत्क्रामन्ति, स विज्ञानो भवति, स विज्ञानमेवान्वाक्रमति, तं विद्याकर्मणी समन्वारभेते पूर्वप्रज्ञा च'* [२९३] यही श्रुतिवचनको व्याख्या उपर्युक्त छ ।

जुन योनिमा जान्छ, त्यसले आफ्नो प्रकृत्यनुकूल आचरण गरेकै हुन्छ । महाज्ञानी हनुमान्ले बाँदरले गर्नुपर्ने काम गरेका छन् । लङ्का डढाउनेदेखि यावत् उपद्रवका काम पनि उनीबाट भएका छन् । यसैमा शङ्कराचार्य – *'प्रकृतिर्नाम पूर्वकृतधर्माधर्मादिसंस्कारः, वर्तमानजन्मादावभिव्यक्तः सा प्रकृतिः'* पहिलो जन्मका धर्माधर्मादिरूप संस्कार जसको अभिव्यक्ति वर्तमानमा हुन्छ र भोग गर्दछ त्यो प्रकृति हो । *'प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति'* प्रकृत्यनुकूल आचरण यावत् भूतप्राणीले गरिरहेका हुन्छन् भने त्यसमा निग्रहले के गर्न सक्तछ ? तसर्थ अर्जुनले यी कुरा मनन गरी युद्धमै लाग्नु पर्दछ, युद्ध विमुख हुनुहुँदैन । ब्रह्मविद्ले पनि प्रकृति अनुसारै गरेका हुन्छन् । *'पश्वादिभिश्चाविशेषात्'* [२९४] पशु र मान्छेको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



व्यवहारमा फरक छैन ।

ज्ञानमस्ति समस्तस्य जान्तोर्विषयगोचरे ।
विषयाश्च महाभाग यान्ति चैवं पृथक् पृथक् ॥[२९५]

खाने, बस्ने, हिँड्ने, डुल्ने इत्यादि हामीले जानेको कुरा पशुले पनि जानेका छन् भने मनुष्य र पशुमा के फरक ? पशुयोनिको ज्ञानी छ भने त्यसले घाँसै खान्छ, मनुष्ययोनिमा ज्ञानी भातै खान्छ । जुनसुकै योनिमा गए पनि ज्ञानीले प्रकृति अनुकूल आचरण छोडेका हुँदैन । पुरुषार्थ नबिग्रेसम्म काम गर्नु ठीकै हो । अज्ञानीले रागोत्कटतालाई थाम्न सक्तैन । ज्ञानीले सक्तछ । सके पनि प्रकृत्यनुकूल आचरण गर्दछन् । यसमा निग्रहको केही चल्दैन ।

ज्ञानी भएर पनि प्रकृत्यनुकूल आचरण गर्न छोड्दैन भने शास्त्रनिर्देशित विधि निषेधको कुरा बेकारै भयो । यस्ता आशङ्का आउन सक्तछन् भन्ने कुरालाई सङ्केत गर्दै शङ्कराचार्यको भूमिका – *'यदि सर्वो जन्तुः आत्मनः प्रकृतिसदृशमेव' 'न च प्रकृतिशून्यः कश्चित् अस्ति'* प्रकृति शून्य कोही हुँदैन । *'ततः पुरुषार्थस्य विषयानुपपत्तेः'* । शास्त्रानुकूल आचरण गर्दा पुरुषार्थसिद्धि हुने हुनाले प्रकृत्यनुकूल आचरणमा विधि र निषेधको कुरै आएन । त्यो नआएपछि पुरुषार्थको कुरै भएन । पुरुषार्थको कुरा नभएपछि शास्त्रमा आनर्थक्य प्राप्त भयो । त्यसकारण शास्त्र पढ्नु पनि बेकारै भयो भन्ने आशङ्का शमनका लागि अगाडिको श्लोक उत्तररूपमा छ । श्लोक यसप्रकार छ'–

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयोर्न वशमागच्छेत् तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

इन्द्रियहरू भोगका वशमा छन् । यिनैमा रागद्वेष रहन्छन् । रागद्वेषको वशमा पर्नु हुँदैन । यी त श्रेयोमार्गका प्रतिरोधक अर्थात् तस्कर हुन् । *'इन्द्रियस्येन्द्रियस्यार्थे'* मा इन्द्रियशब्द दुईपटक आएको छ । दुईपटक आउनु वीप्सा हो । विशेष जोड दिनु परे वीप्सा गरिन्छ । वीप्साको प्रसङ्गमा 'दर्शनीया अहो सुन्दरी दर्शनीया' भामतीकारले लेखेका छन् । अत्यन्त राम्री केटी भन्न दर्शनीयामा वीप्सा छ । लोकमा जस्तै शास्त्रमा पनि बढ्ता महत्त्व दिँदा वीप्सा भएको हो । इन्द्रियको माध्यमका कर्ममा रागतः प्रवृत्ति हुन्छ । या त द्वेषतः । रागद्वेषतः प्रवृत्ति हुने हुनाले इन्द्रियले गरेको काम इन्द्रियकै लागि हुन्छ । इन्द्रिय नोकर जस्तै हो । कार्यकारणसङ्घातरूप आत्मा मालिक हो । नोकरले मालिकका निम्ति काम गर्नुपर्ने तर रागद्वेषले गरेको काम मालिकका निम्ति नभई आफ्नै लागि हुन्छ । इन्द्रियले खास गरेर मालिककै निम्ति काम गर्नुपर्ने हो तर त्यसो नगरी ड्राइभर कण्डक्टरले भएभरको मान्छे बसमा कोची पैसा नाफा गरे झैँ यी नाफा गर्न पल्केका छन् । रागद्वेषले नाफा गर्न प्रवृत्त



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भएका हुन् । यसबाट श्रेयोमार्ग रोकिने निश्चित छ । *'प्रकृतिं यान्ति भूतानि'* योभन्दा पहिलो श्लोकमा प्राणीहरू आफ्नो प्रकृतिमा जान्छन् भन्ने थियो, अर्थात् रागद्वेषले जान्छन् भन्ने बुझ्नुपर्दछ ।

प्रकृतिवशवर्तित्व प्राणीमा छ भने उपदेशको के काम भन्ने कुरा पहिले आएको थियो । वास्तवमा बदमासीले प्रकृतिवशवर्तिता भएको छ । जे हुनुपर्दछ त्यो नभई इन्द्रियहरू नाफामा लागेका छन् । मोटामोटीरूपमा रागद्वारा प्रवृत्ति र द्वेषद्वारा निवृत्ति हुन्छ भन्ने छ तापनि वास्तवमा द्वेषद्वारा प्रवृत्ति पनि हुन्छ । जस्तै हिँडिरहेको वेला सर्प आदि देखिए भने तिनीप्रति हामीमा द्वेष उत्पन्न हुन्छ । तिनीहरूले बिगार गर्लान् कि भनेर द्वेष उत्पन्न भएको हो । सर्पप्रतिको द्वेषले मान्छे त्योभन्दा अलग्गै बाटो लाग्दछ । त्यसो गर्नु निवृत्त हुनु हो । द्वेषबाट प्रवृत्ति पनि हुन्छ । जस्तै – गुण्डाहरू एक अर्काप्रतिको द्वेषले एकले अर्कालाई मार्नसम्म पनि पछि पर्दैनन् । यस अर्थमा द्वेषबाट प्रवृत्ति र निवृत्ति दुवै हुन्छन् भन्न सकिन्छ तर रागद्वारा प्रवृत्ति मात्र हुन्छ । इन्द्रियले रागद्वेषविना कर्म गरेको भए त्यो कर्म तिनका निम्ति नभई मालिककै निम्ति हुन्थ्यो । यही कुरा *'इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ'* मा भगवान्ले देखाएको हो । तसर्थ यो अनर्थकारी हो भन्ने देखाउँन पनि यहाँ वीप्सा हो । यसरी *'प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति'* कै स्पष्टीकरण *'इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ'* ३४ औँ श्लोकको पूर्वार्धले गरेको छ ।

बदमासीले प्राणीमा प्रकृति वशवर्तिता भएको हो सोझै होइन । त्यसकारण शास्त्रको उपदेश वेकार भयो भन्न मिल्दैन । इन्द्रियका वृत्ति भित्रजानुपर्नेमा रागद्वेषले बाहिरी विषयमा भौँतारिएका छन् । यो तिनको बदमासी हो । रागद्वेषको नियन्त्रण गर्नसके यी बदमास हुँदैनन् । रागद्वेष नियन्त्रण गर्नसक्नेलाई *'प्रकृतिंयान्ति भूतानि निग्रहः किं करिष्यति'* भनिएकै होइन, नियन्त्रण गर्न नसक्नेलाई यसो भनिएको हो । *'तयोर्न वशमागच्छेत्'* रागद्वेषको वशमा पर्नुहुँदैन, अन्यथा भेडाको ताल हुन्छ । एउटा भेडो भीरबाट खसेपछि सबै खसे झैँ सर्वनाशको स्थिति सृजना हुन्छ । श्रेयोमार्ग रोकिन्छ । श्रेयोमार्गका निम्ति रागद्वेष परिपन्थी अर्थात् प्रतिबन्धक हुन् । परिपन्थीको अर्थ तस्कर हो । जसरी बाटोमा हिँडिरहेका मान्छेलाई लुटेर गन्तव्यसम्म पुग्न नसक्ने बनाउँदछन् । त्यस्तै रागद्वेषले पनि श्रेयोमार्गमा जान लागेकालाई तस्करी गरी मार्ग अवरोध गर्दछन् । तस्करहरूको वशमा पर्नुहुँदैन । मोटामोटीरूपमा यो श्लोकको सामान्य अर्थ यही हो ।

*'इन्द्रियस्येन्द्रियस्यार्थे'* यहाँ अधिकरणमा सप्तमी छ । *'इन्द्रियस्येन्द्रियार्थे'* इन्द्रियार्थे इन्द्रियतृप्त्यधिकरणकः काम इत्यर्थः' इन्द्रियबाट तृप्ति हुन्छ भन्ने सोच्ने राग बुझाउन



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सप्तमी छ। रागद्वेषको भरमा इन्द्रिय नचाउने प्रकृतिका वशमा पर्दछ। ननु न च को कुरै आउँदैन। आधारभूत प्रकृतिले जे भन्यो उनीहरू त्यही मान्छन्। जसबाट श्रेयोमार्ग लुटिन्छ। तसर्थ रागद्वेष समाप्त पार्नुपर्दछ। त्यसले प्रकृतिवशवर्तिता रहँदैन अनि श्रेयोमार्ग प्रशस्त हुन्छ। शङ्कराचार्य विवरण छ।

*'इन्द्रियस्येन्द्रियस्यार्थे – सर्वेन्द्रियाणामर्थे'* बाट श्रोत्र, त्वक्, चक्षुः, जिह्वा, घ्राण पाँच तिनका विषय रूपरसगन्धस्पर्शशब्द बुझिन्छन्। यिनको ज्ञानका लागि मन चाहिन्छ। *'इन्द्रियस्येन्द्रियस्यार्थे'* भनेर भगवान् विवरणको *'सर्वेन्द्रियाणामर्थे शब्दादिविषये'* शङ्कराचार्यबाट विवरण भएको छ। कुन विषय कुन इन्द्रियले ग्रहण गर्ने भन्नेमा विषय इन्द्रिय दुबैको टुङ्गो छ। *'इन्द्रियस्येन्द्रियस्यार्थे'* नभनी इन्द्रियस्यार्थे मात्र भए एउटा मात्र इन्द्रिय ग्रहण गर्ने स्थिति आउन सक्तथ्यो जसले सबै विषयको ग्रहण नहुने स्थिति आउँदछ। सबै विषयको एउटा इन्द्रियले मात्र ग्रहण हुन नसक्ने हुनाले सबै विषयको एउटा इन्द्रियद्वारा ग्रहण हुन सक्तैन भनेर 'वीप्सा' भएको कुरा स्पष्ट छ। अन्यथा यहाँ वीप्साको प्रयोजन थिएन। सबै इन्द्रियले ग्रहण गर्ने सबै विषयमा रागद्वेष हट्नुपर्दछ। यसै स्पष्टताका लागि 'वीप्सा' को कुरा शङ्कराचार्यबाट आएको हो। आनन्दगिरीले पनि समर्थन गरेका छन्।

संसारमा विषय अनन्त छन् र इन्द्रियका वृत्ति पनि अनन्त छन्। शब्दस्पर्शरूपसगन्धका अवान्तर भेदले विषय अनन्त छन्। तसर्थ इन्द्रियका वृत्ति अनन्त हुन्छन् भन्नु अर्थसिद्ध हो। अनन्तविषय भएकोले अनन्त रागद्वेषको सम्भावना हुन्छ भन्न पनि कठिन छ। किनभने अनन्तविषयमा अनन्तइन्द्रियवृत्ति लागनु सम्भव छैन। यस अर्थमा विषयमा रागद्वेष हुन्छ भन्नु उचित हुँदैन। अव्यवस्था हुन जान्छ अर्थात् अनन्तविषयमा अनन्त इन्द्रियवृत्ति लागेर रागद्वेष हुन्छ भने व्यवस्था गर्न सकिँदैन। अव्यवस्थालाई विचार गरेर शङ्कराचार्यको उत्तर – *'इष्टेन रागोऽनिष्टेन द्वेषः'* अनन्तवृत्तिमा राग रहनु पर्दछ भन्ने होइन। *'इत्येवं प्रतीन्द्रियार्थे रागद्वेषावश्यंभाविनौ'* इष्ट र अनिष्ट अर्थमा वृत्तिका प्रयोजनले राग र द्वेष हुन्छन्। त्यो पनि रागद्वेषको वशमा पर्ने व्यक्तिलाई। त्यस्ताको श्रेयोमार्ग प्रशस्त हुँदैन। *'प्रकृतिं यान्ति भूतानि'* प्रकृति अनुसारकै काम गर्दछन् भन्ने कुरा पनि राग र द्वेषलाई महत्त्व दिनेको हो।

राग भनेको कामनाविशेष हो। विषयरागले कर्ममा प्रवृत्त भएको छ। विना कामना प्रवृत्ति नहुने हुँदा ज्ञानीमा पनि राग हुँदैन भन्न सकिँदैन। विषयविशेषको रागद्वारा पुरुषको प्रवृत्ति हुन्छ। तसर्थ कस्तो विषयमा राग हुनुपर्ने र कस्तोमा नहुनु पर्ने भन्ने कुराको विवेक आवश्यक छ। अथवा कहाँ रहने रागले नोक्सान नगर्ने र कहाँ रहनेले गर्ने भन्ने बुझ्नु आवश्यक छ। राम्रो कुरा सुन्न, बुझ्नमा राग हुनुपर्दछ अन्यथा असल कुरा समाप्त हुन्छ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राग नभए शास्त्र पढ्ने प्रवृत्ति हुँदैन। प्रवृत्ति नभए पुरुषार्थ सिद्धि हुँदैन। पुरुषार्थसिद्धिका निम्ति पढ्ने हो। यस दृष्टिमा पुरुषार्थ पनि राग वा इच्छाविशेष हो। तसर्थ राग हुनु आवश्यक छ भन्ने पूर्वार्धको भनाइसमाधान गर्न *'तयोर्न वशमागच्छेत् तौ ह्यस्य परिपन्थिनौ'* उत्तरार्ध छ। उत्तरार्ध विवरणमा शङ्कराचार्यको उक्ति छ।

*'तत्रायं पुरुषकारस्य शास्त्रार्थस्य च विषय उच्यते'* – *'प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति'* कै उपसंहार 'इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ' मा छ। पूर्वार्धमा रागतः प्राप्त पुरुषको विषय छ। यो शास्त्रार्थ र पुरुषकारको विषय होइन। त्यसैले यहाँ शास्त्रार्थ र पुरुषकारको विषयनिरूपण हुन्छ भन्ने शङ्कराचार्यको भनाइ छ। *'शास्त्रार्थे प्रवृत्तः पूर्वमेव रागद्वेषयोर्वशं नागच्छेत्'* शास्त्रार्थ बुझ्नु पर्दछ, यसैबाट श्रेयोमार्ग प्रशस्त हुन्छ भनी सोच्नेले राग र द्वेषको वशमा आउनु हुँदैन। यसरी विषय विभाग स्पष्ट भएको छ। प्राणी प्रकृतिकै वशमा हुन्छन्, प्रकृत्यनुकूल आचरण नगर भनी तह लगाउने कसको सामर्थ्य छ ? भन्ने सम्भावित आशङ्कामा शङ्कराचार्य –

*'पुरुषस्य प्रकृतिःसा रागद्वेषपुरस्सरैव स्वकार्ये पुरुषं प्रवर्तयति'* रागद्वेषपूर्वक प्रकृतिले आफ्नो कार्यमा पुरुषलाई लगाउँदछे। रागद्वेषपूर्वक प्रकृतिले अह्राएको काम गर्दा *'स्वधर्मपरित्यागपरधर्मानुष्ठानञ्च भवति'* आफ्नो धर्म छोडी अर्काको धर्म अनुष्ठान गरेको हुन्छ। यतिसम्म तल झर्ने स्थिति आउँदछ। तसर्थ रागद्वेषको वशमा नपरी त्यसलाई आफ्नो वशमा राख्नु पर्दछ। सर्वात्मना रागद्वेष हुँदैन भन्ने होइन, राग र द्वेष त्यस्ताको वशमा हुन्छ भन्ने हो। शास्त्रार्थमा अप्रवृत्त पुरुषमा भने रागद्वेष हुनेमात्र होइन, ती रागद्वेषका नोकरै हुन्छन्। यही भिन्नता यी दुई पुरुषमा छ। एउटा रागद्वेषमुनि हुन्छ भने अर्को माथि हुन्छ। रागद्वेषलाई माथि राख्ने कि ? तल राख्ने भन्ने विवेक गर्नु आफ्नै कुरा हो। विवेकपूर्वक रागद्वेष दुब्लो पार्दै गएमा शास्त्रीय दृष्टि आउँदछ। शास्त्रको अतिक्रमण गर्दैन। *'शास्त्रदृष्टिरेव पुरुषो भवति न प्रकृतिवशः'* त्यसकारण रागद्वेषको वशमा पर्नुहुँदैन। यसैमा हेतु – 'तौ ह्यस्य परिपन्थिनौ' राग र द्वेष श्रेयोमार्गका तस्कर हुन् जसबाट श्रेयोमार्ग प्रशस्त हुँदैन। शङ्कराचार्य अगाडि –

*'यतस्तौ ह्यस्य पुरुषस्य परिपन्थिनौ श्रेयोमार्गस्प विघ्नकर्तारौ'* राग र द्वेष श्रेयोमार्गका विघ्नकारक हुन्। *'तस्कराविवेत्यर्थः'* वास्तवमा यी तस्कर जस्तै हुन्। तसर्थ यस्ता तस्कररूपी रागद्वेषलाई आफ्नै वशमा राख्नु पर्दछ। तिनको वशमा आफू पर्नुहुँदैन। शास्त्रका कतिपय काम पनि रागमूलक हुन्छन्। काम छोड्नै पर्दछ भने कुनै काम गरे पनि हानि हुँदैन। यसरी अत्यन्त सङ्क्षेपमा भगवान्को अभिप्राय शङ्कराचार्यबाट आएको छ। रागमूलक र विवेकमूलक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



काम कसरी थाहा पाउने भन्नेमा छ – लोके व्यवायामिषमद्य सेवा नित्यास्तु जन्तोर्न हि तत्र हि चोदना । व्यवस्थितिस्तेषु विवाहयज्ञसुराग्रहै-रासुनिवृत्तिरिष्टा ॥[२९६]

लोकमा स्त्री पुरुषसम्बन्ध, मासु खानु, रक्सी पिउनु, यी तीन कुरा रागतः प्राप्त छन् । गर्नु पर्दछ अथवा पर्दैन भन्नेमा यसमा कुनै विधिविधान चाहिँदैन तापनि व्यवस्था छ । रागतः प्राप्त स्त्रीपुरुषसम्बन्ध वैवाहिक स्त्रीपुरुषमा हुन्छ । मासु खाने भन्ने पनि यज्ञमा हो । सुराग्रहण पनि यज्ञमा हुन्छ । *'सौत्रामण्यां सुरां पिबेत्'* भन्ने छँदै छ । सौत्रामणी कलिमा वर्जित छ । त्यही यज्ञमा मात्र रक्सी ग्रहण गर्ने विधि छ । यसकिसिमको व्यवस्था हुँदा हुँदै जसले यसबाट निवृत्त हुने चेष्टा गर्दछ त्यो अझै राम्रो हो । यी प्रवृत्त हुनु छ भने शास्त्रले व्यवस्था गरेको ठाउँमा हुनुपर्दछ । रागतः प्राप्त शास्त्रले यसरी नियमन गरेको छ । यस्तै के केको मासु खान हुने केको नहुने भन्नेमा पनि शास्त्रले नियमन गरेको छ । पाँच नङ हुने प्राणी खान हुन्छ । ती प्राणीमा *'शशकःशल्यको गोधा खड्गी कूर्मश्च पञ्चमः'*[२९७] शालक, गोहोरो, गैँडा र कछुवा हुन् । मासु खानै पर्दछ भने यी प्राणीको खानुहुन्छ । *'पञ्च पञ्च नखा भक्षाः'* [२९८] अरूको खान हुँदैन भन्ने निषेध छ । पाँचओटाको खानै पर्दछ भन्ने होइन । यसलाई परिसङ्ख्या भन्दछन्, विधि होइन । रागतः प्राप्तमा परिसङ्ख्या आउँदछ । रागतः प्राप्त कुरा र स्वाभाविक प्रवृत्तिद्वारा आउने कुराको वर्गीकरणपूर्वक बुझ्ने चेष्टा गर्नुपर्दछ ।

शास्त्र र पुरुषार्थले राग र द्वेषको नियमन गर्दछ । नचाहिने कुरामा प्रवृत्ति हट्दछ, चाहिनेमा हुन थाल्दछ । प्रवृत्ति हुन तीन कुरा अपेक्षित हुन्छन् । अर्थात् प्रवृत्तिका प्रति तीनओटा कारण हुन्छन् – *'इष्टसाधनत्वं, कृतिसाध्यत्वं, बलवदनिष्ठाननुबन्धित्वञ्च'* [२९९] इष्टसाधनताज्ञान, कृतिसाध्यताज्ञान र बलवदनिष्टाननुबन्धी ज्ञान । यो गरे फाइदा हुन्छ भन्ने ज्ञान इष्टसाधनताज्ञान हो । त्यस काममा कृतिसाध्यता पनि हुनु पर्दछ । आफूले गरेर पार लागदछ भने मात्र त्यसमा लाग्दछ । तसर्थ प्रवृत्तिका लागि कृति साध्यताको पनि आवश्यकता हुन्छ ।

यस्तै प्रवृत्तिका लागि बलवदनिष्टाननुबन्धी ज्ञानको पनि आवश्यकता पर्दछ । शास्त्रनिषिद्ध काममा जो प्रवृत्त भएको हुन्छ उसमा इष्टसाधनताज्ञान भएको हुन्छ । यसबाट मलाई फाइदा हुन्छ भन्ने सोचेर नै लागेको हुन्छ । त्यस्तै मैले गर्न सक्छु भन्ने पनि ठानेको हुन्छ । त्यसैले उक्त काम गर्न प्रवृत्त हुन्छ । शास्त्र र लोकनिषिद्ध नै भए पनि यसबाट सहजै उम्कन सक्दछु, मलाई बेफाइदा हुँदैन भन्ने पनि सोचेको हुन्छ । यसरी भ्रमात्मक रूपमै भए पनि उसमा इष्टसाधनता, कृतिसाध्यता र बलवदनिष्टाननुबन्धीज्ञान हुन्छ । यस्तै शास्त्र र लोकनिषिद्ध कर्म परपुरुष, परस्त्री सम्बन्ध गर्ने स्त्री, पुरुषमा पनि यी तीन ज्ञान भएको हुन्छन् । दृष्टरूपमा जोगिन सके हुन्छ, उसलाई अदृष्टको चिन्ता हुँदैन । रागतः प्राप्त



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विषयका आधारमा उसमा यी तीन ज्ञान भएका छन् । यसरी भएका ज्ञानले नोकरले गरेको जस्तो काम गरेको हुन्छ । दृष्टको आधारले यस लोक परलोकमा कहीं पनि शाश्वत कल्याण गर्ने काम गर्दैन । तसर्थ प्रवृत्तिका प्रति पूर्वोक्त तीन कारण अनिवार्य हुन्छन् ।

प्रवृत्तिका प्रति हुने यी तीन ज्ञानले यदा कदा मान्छेलाई खाल्टोमा पनि हाल्न सक्तछन् । रागजन्य ज्ञानले नराम्रो बाटो अँगालेको हुन्छ भने शास्त्रसंस्कारजनित ज्ञानले श्रेयोमार्ग अँगालेको हुन्छ । यस अर्थमा *'इष्टसाधनता, कृतिसाध्यता र बलवदनिष्टाननुबन्धित्वज्ञान'* दुई किसिमका हुन्छन् भन्न सकिन्छ – रागजनित र शास्त्रसंस्कारजनित । यसलाई स्वाभाविक रागजनित र शास्त्रसंस्कारप्रयुक्तरागजनित ज्ञान भन्दा अझ स्पष्ट हुन्छ । इष्टसाधनता, कृतिसाध्यता र बलवदनिष्टाननुबन्धित्वको मूल भित्री राग हो तापनि एउटामा स्वाभाविकरागजनितत्व छ भने अर्कोमा शास्त्रसंस्कारप्रयुक्त रागजनितत्व छ । इष्टसाधनता, कृतिसाध्यता र बलवदनिष्टाननुबन्धितामा स्वाभाविकरागजनितत्व हानिकारक हुन्छ भने शास्त्रसंस्कारप्रयुक्तरागजनितत्वले श्रेयोमार्ग प्रशस्त गर्दछ । यसरी यी तीनओटै ठाउँमा दुई कुरा रहेका हुन्छन्, वर्गीकरणपूर्वक रागको विवेक गर्नु आवश्यक छ । शङ्कराचार्यका सूक्ष्मरूपका कुरा यिनै हुन् । सामान्यतया विहितप्रवृत्ति र निषिद्धप्रवृत्ति दुवैका प्रति यी तीन ज्ञान कारण हुन्छन् ।

शास्त्रले दृष्टादृष्ट उभयको प्रतिपादन गर्दछ । अदृष्ट कुराको प्रतिपादन पनि शास्त्रले गर्ने हुँदा प्रतिषिद्धकर्म गर्ने र दृष्टरूपमा बच्ने कोशिस गर्नुहुँदैन । त्यसो गर्दा अदृष्टमा दण्ड पाउने निश्चित छ ।

न हीदृशमनायुष्यं लोके किञ्चन विद्यते ।
यादृशं पुरुषस्येह परदारोपसेवनम् ।।[३००]

परस्त्री र परपुरुष सम्बन्धको इच्छा राखेमा पनि आयु समाप्त हुन्छ । योभन्दा नीचकर्म लोकमा छैन । उक्त प्रवृत्तिमा बलवदनिष्टाननुबन्धि भ्रमात्मकज्ञान कारण हो । अदृष्टरूप बलवदनिष्टाननुबन्धित्व ज्ञान नीच प्रवृत्तिका निम्ति प्रतिरोधक हुन्छ । नीचकर्ममा पनि कृतिसाध्यता रहनसक्तछ तर बलवदनिष्टाननुबन्धित्वज्ञानले त्यस्तो कर्ममा लाग्न दिंदैन । त्यो शास्त्र निषिद्ध छ भन्ने उसले बुझेको हुन्छ । विवेकी व्यक्तिले यस्तो नीच कर्ममा इष्टसाधनता पनि छैन भन्ने बुझेको हुन्छ । क्षणिक आनन्दलाई इष्ट ठानेको हुँदैन । जुन कर्मले यो लोक र परलोक बिग्रँदैन त्यस्तो कर्ममा लागदछ । *'या लोकद्वयसाधनी चतुरता सा चातुरी चातुरी'* उक्ति प्रसिद्धै छ ।

शास्त्रसंस्कारपरयुक्तरागीको विवेक दृष्टादृष्ट उभय कुरामा हुन्छभने स्वाभाविकरागीको विवेक दृष्ट कुरामा हुन्छ । इष्टसाधनता, कृतिसाध्यता र बलवदनिष्टाननुबन्धित्वको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उभयविधाबाट विवेक गर्ने व्यक्ति ज्ञानी हो भने दृष्टविधाबाट मात्र विवेक गर्ने व्यक्ति अज्ञानी हो। त्यस्ताको आउने जाने क्रम चलिरहन्छ भने ज्ञानी मुक्त हुन्छ। तसर्थ साधकले इन्द्रियको भरमा न दौडी इन्द्रियसंयमन गर्न सक्नुपर्दछ। संस्कारपरिष्कार गर्ने साधन शास्त्र हो। स्वाभाविकरागीमा शास्त्रको गन्ध हुँदैन। संस्कारपरिष्कार गर्ने शास्त्रज्ञानको अभावमा त्यतैबाट फाइदा हुन्छ भन्ने सोची अज्ञानीको खराब कर्ममा प्रवृत्त हुन्छ। संस्कार परिष्कारकोसहकारिकारण शास्त्रज्ञान हो शास्त्रज्ञानको अभावमा बलवदनिष्टाननुबन्धित्वज्ञान हुँदैन। शास्त्रज्ञानले शास्त्रविहित काममा प्रवर्तन र निषिद्ध काममा निवर्तन गर्दछ। शास्त्रजनित संस्कारी व्यक्ति शास्त्रविपरीत मार्गमा लाग्दैन। त्यस्ताले शास्त्र मर्यादित दृष्टिद्वारा विवेक गर्न सक्ने हुनाले शास्त्रार्थ र पुरुषार्थमा व्यर्थता छैन। प्रकृति अनुसारको आचरण प्रायः हुन्छ। यो कुरा *'सदृशं चेष्टते स्वस्याः'* इत्यादि कारिकामा आएको छ। शास्त्रार्थ र पुरुषार्थमा व्यर्थता निराकरणार्थ भगवान्द्वारा *'तयोर्न वशमागच्छेत्'* आएको हो। ३४ औँ श्लोकको उत्तरार्धबाट पुरुषार्थ र शास्त्रमा व्यर्थता छैन भन्ने स्पष्ट छ।

स्वाभाविक दोषप्रयुक्तरागको पछि लाग्ने व्यक्ति लुटाहा हुन्। *'द्वयाह प्राजापत्या देवाश्च असुराश्च ततः कनीयसादेवाः ज्यायसा असुरा ते एषु लोकेष्वस्पर्धन्त।'*[३०१] देवता र असुर गरी प्रजापतिका दुईथरी सन्तान छन्। तीमध्ये कान्छा देवताहरू हुन् भने जेठा असुरहरू हुन्। कालको आधारमा यहाँ जेठो र कान्छोको कुरा होइन। शास्त्रजनितप्रवृत्तिभन्दा स्वाभाविक प्रवृत्ति बढ्ता हुन्छ। स्वाभाविक राग पहिले हुने र त्यसपछि शास्त्रजनितराग हुने हुँदा त्यो स्वाभाविकरागभन्दा कान्छो हो भन्नेमा द्विमत छैन। यसै अर्थमा प्रजापतिका दुई सन्तानमध्ये स्वाभाविक रागी असुरलाई जेठा र शास्त्रसंस्कारजनितरागीलाई कान्छा भनिएको हो। स्वाभाविक प्रवृत्तिका भन्दा शास्त्रसंस्कारजनित प्रवृत्तिका कम हुने स्पष्ट छ। धेरै र थोरैको कुरा होइन शास्त्रसंस्कारजनितरागद्वारा प्रवृत्ति हुनुपर्दछ र स्वाभाविकरागद्वारा प्रवृत्ति हुनुहुँदैन। विवेक हुनु नितान्त आवश्यक छ। उपर्युक्त श्रुतिवचनले सङ्केत गरेको छ। स्वाभाविकरागद्वारा द्वेष उत्पन्न हुन्छ शास्त्रसंस्कारजनितरागद्वारा द्वेष हुँदैन। यस कुराको विवेचन अगाडि हुने छ।

स्वाभाविक रागमा नलागी शास्त्र संस्कारजनित रागमा लाग्नुपर्दछ। यो काम गर, यो नगर भनी अह्राउने तत्त्व हामीभित्रै छ। भित्र बसी अह्राउने तत्त्व क्षेत्रज्ञ हो। यसको विवरण तेह्रौँ अध्यायमा छ। असल खराब दुवैभित्र क्षेत्रज्ञ समानरूपमा छ। क्षेत्रभित्र रहेकाले असल काम हुनु स्वाभाविक हो तापनि खराब काम किन हुन्छ ? खराब व्यक्तिको अन्तःकरण दूषित भैसकेको हुनाले क्षेत्रज्ञले पनि उसलाई असल काममा लाग्न प्रेरणा गर्दैन।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसैमा श्रुति छ – *'यथा क्षेत्रज्ञोऽन्येन पथा नयेत् तादृक् तत् ।'* [३०२] खराब व्यक्तिमा राम्रो कामका लागि अन्तःकरणवृत्तिको उदय हुँदैन । त्यस्तालाई क्षेत्रज्ञले अन्यमार्ग अर्थात् स्वाभाविक प्रवृत्तिबाट लान्छ । अथवा कुमार्गमा लागेकालाई त्यहीँ छोडिदिन्छ । कुमार्गको चरममा पुगेपछि त्यो आफैँ त्यहाँबाट झर्दछ । धेरै बढेपछि लडे झैँ अथवा उम्लेपछि पोखिए झैँ कुमार्गको चरममा पुगेपछि त्यो आफैँ ठीक ठाउँमा आउँदछ भनेर क्षेत्रज्ञले तह नलगाएको हो । यावत् कुराको औषधी छ, मूर्खको औषधी छैन । यस अर्थले पनि क्षेत्रज्ञले मूर्खलाई तह नलगाएको हुनसक्तछ । यस कुराको दिग्दर्शन उपर्युक्त श्रुतिद्वारा भएको छ । बिग्रनेको पराकाष्ठामा पुगेपछि सप्रने स्थिति आउँदछ । रावण, कंस आदिलाई पनि बिग्राइको पराकाष्ठामा पुगेपछि भगवान्ले तहलगाएको स्पष्टै छ । शास्त्रसंस्कारजनितरागद्वारा प्रवृत्त हुनुपर्दछ भन्ने कुरा सूत्ररूपमा यस श्लोकमा भएको हो । सूत्ररूपको कुरा शङ्कराचार्यले *'न प्रकृतिवशः'* भनी अत्यन्त संक्षेपमा राखेका हुन् ।

*'श्रेयान् स्वधर्मः'* को विवरण ३४ औँ श्लोकमा थियो । परमतसमर्थन गर्दै अगाडिको भूमिका शङ्कराचार्य द्वारा – 'तत्र रागद्वेषप्रयुक्तो मन्यतेशास्त्रार्थमप्यन्यथा परधर्मोऽपिधर्मत्वादनुष्ठेय एवेति' स्वाभाविक रागद्वेषको वशमा पर्दा स्वधर्मपरित्याग र परधर्मानुष्ठान हुन्छ । यसबाट बिग्रने कुरो केही छैन किनभने स्वधर्म, परधर्म दुवैमा धर्मत्व समान छ । परधर्मानुष्ठानमा पनि धर्मको परिपालन हुन्छ । *'परधर्मोऽनुष्ठेयः धर्मत्वात् स्वधर्मवत्'* धर्मत्व भएकोले स्वधर्म जस्तै परधर्म पनि अनुष्ठेय हो । यो अनुमानद्वारा परधर्ममा अनुष्ठेयता सिद्ध हुन्छ । *'यथा स्वधर्मोऽनुष्ठेयत्वं तथैव परधर्मेऽपि अनुष्ठेयत्वं वर्तत एव यतो हि धर्मत्वं उभयत्र समानम्'* दुवैमा धर्मत्व समान छ । धर्मत्वविशिष्ट स्वधर्म अनुष्ठेय भएजस्तै परधर्म पनि अनुष्ठेय हो । धर्मत्व हेतुद्वारा सिद्ध हुन्छ । अनुष्ठेय हो भन्ने कुराको खण्डन गर्न 'तदसत्' त्यो ठीक छैन, अनुचित हो भन्ने छ । परधर्ममा धर्मत्व रहेकोले अनुष्ठेय हो भन्नु अनुचित हो । यसरी ३४ औँ श्लोक पूरा भएपछि आउँनसक्ने सम्भावित आशङ्का देखाएर स्वयं शङ्कराचार्य त्यसको समाधानमा अथवा यसको समाधान ३५ औँ श्लोकमा हुने छ भन्ने शङ्कराचार्यको भूमिका । स्वाभाविक पनि प्रवृत्ति नै हो, मान्छे पनि सकेसम्म सजिलै काममा लाग्दछ । युद्ध गर्नुभन्दा भिक्षा माग्नु वेश हो । त्यसमा कोही मर्लान् कि भन्ने डर पनि छैन न त दुःखकष्ट हुन्छ भन्ने कुरा अर्जुनले पहिले उठाएका थिए । यी आशङ्का फेरि पनि अर्जुनमा आउँन सक्तछ भन्ने कुरालाई सङ्केत गर्दै शङ्कराचार्यद्वारा समाधानरूपमा भगवान्को सूत्र भएको कुरा निर्दिष्ट छ ।

**श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।**
**स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥**



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



परधर्म भन्दा गुणरहित भए पनि स्वधर्म श्रेष्ठ हो । आफ्नै धर्ममा मर्नु श्रेय छ भने परधर्म डरलाग्दो छ । आफ्नो धर्म पनि साधारण र असाधारण गरी दुई किसिमका हुन्छन् । ब्राह्मण, क्षत्री, वैश्य, शूद्र सबै आश्रमलाई काम लाग्ने धर्म साधारण हो भने यो आश्रम वा यो जातिलाई भनी तोकिएको धर्म असाधारण हो । यी सबै धर्मको निर्धारण वेदले गरेको छ । *'वेदोऽखिलोधर्ममूलम्'* [३०३] वेद धर्मको मूल हो । त्यसको कुरा धर्म हुन्छ । *'वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद् विपर्यय:'*[३०४] वेदले भनेको धर्म हो भने त्यस बाहेक अधर्म हो । आफ्नु अनुष्ठेय धर्म अङ्गवैगुण्य भए पनि हिंसादिविहीन परधर्मभन्दा श्रेय हो । जतिसुकै नियम निष्ठापूर्वकको परधर्म काम छैन, नियम निष्ठा नपुगे पनि स्वधर्म असल हो । अर्जुन पनि विशुद्ध क्षत्रिय कुलका हुन् । उनको आफ्नो धर्म युद्ध गर्नु हो तापनि युद्धमा अनेकको हिंसा हुने हुँदा त्यो भन्दा भिक्षा माग्नु वेश भन्ने वृत्तिको उन्मेष उनमा आएको छ । यसो गर्नु स्वधर्मपरित्याग र परधर्मानुष्ठान बुद्धि हो । वास्तवमा यो ठीक होइन । परधर्माश्रय भन्दा आफ्नै धर्ममा मर्नु उत्तम हो ।

*'स्वधर्मे निधनं श्रेय:'* यहाँ निधनको सोझो अर्थ मर्नु हो । *'नि:शेषेण धीयते यत्र सर्वाणि कर्माणि इति निधनम्'* यस्तो व्युत्पत्तिद्वारा अर्थ गर्न सकिन्छ । जन्मान्तरका कर्म संस्कारहरू संस्कारात्मना जहाँ रहन्छन् त्यो निधन हो । मृत्यु भैसकेपछि पनि भोग बाँकी छ भने संस्कार रहिरहन्छ । त्यो रहने ठाउँ सूक्ष्म शरीर हो । निष्काम भावको काम छ भने कर्मको संस्कार बाँकिरहँदैन । संस्कारको अभावमा निधनको अन्वर्थता रहँदैन । त्यो त वास्तवमा निधन नै हो । *'न तस्य प्राणा: उत्क्रामन्ति इहैव समवलीयन्ते'* [३०५] त्यस्ताको प्राणले उत्क्रमण नगरी पृथ्वीको भाग पृथ्वीमा जलको जलमा, तेजको तेजमा, वायुको वायुमा, आकाशको आकाशमा मिल्दछन् । मन अन्नमा मिल्दछ । विषयेन्द्रिय संयोग नहुँदा बुद्धि उत्पन्न हुँदैन । त्यसपछि संस्कारको कुरै भएनभने संसारको के कुरा त्यो समाप्त हुन्छ । तसर्थ 'निधन' को राख्नु भन्ने अर्थमा जहाँ ठाउँ छ त्यही राखिन्छ । ठाउँ छैन भने राख्न सकिने कुरै भएन । यस दृष्टिमा संस्कारको निधन हुन्छ, संस्कारै समाप्त भैसकेकाको निधन हुन्छ भन्न मिल्दैन । त्यसकारण स्वधर्ममा रहँदारहँदै निधन भएमा श्रेयस्कर मानिन्छ तर सर्वाङ्गोपसंहारै भए पनि परधर्म डरलाग्दो नजाती हुन्छ । *'भयमावहतीति'* भयावह: – भय – डरलाई चारैतिरबाट बोक्ने भएकोले परधर्म अत्यन्त डरलाग्दो हो । त्यसैले *'स्वधर्मे निधनं श्रेय: परधर्मो भयावह:'* हो । परधर्ममा लाग्नु भनेको डर नै डरको भारी बोक्नु हो । परधर्ममा लाग्नु भन्दा स्वधर्ममा संसकार बाँकी छँदै मर्नु श्रेय छ । यही भनाइबाट *'परधर्मोऽनुष्ठेय धर्मत्वात् स्वधर्मवत्'* भन्ने अनुमान खण्डित हुन्छ । *'चोदना लक्षणोऽर्थो धर्म:'* इत्यादि विधिवाक्यको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नै धर्म हो भन्ने शास्त्रमा छ । विधि निर्देश वेद बाहेक अरुले गर्दैनन् । धर्मका मूल हेतु यी हुन् –

वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।
आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ॥[३०६]

वेद धर्मको मूल हो । वेद जान्नेले स्मृतिको अनुशीलन गरे धर्म बुझ्दछन् । स्मृति र शील पनि धर्मको मूल हुन् भन्ने कुरा वेद जान्नेले बुझ्दछन् । साधुहरूको आचारले धर्मलाई बुझाउँदछ । विकल्पमा भने आत्मतोष धर्मकारण हो । जस्तै – *'गर्भाष्टमेऽष्टमे वाब्दे ब्रह्मणस्योपनायनम् ।'* [३०७] गर्भदेखि अथवा जन्मदेखि आठवर्षमा ब्राह्मणको उपनयन गर्नुपर्दछ भन्ने स्मृति छ भने श्रुतिले *'अष्टवर्षं ब्राह्मणमुपनयीत'* आठ वर्षमा ब्राह्मणको उपनयन गर्नुपर्दछ भन्ने मात्र निर्देश गरेको छ । कहिलेदेखि आठवर्ष भन्नेमा श्रुतिको व्याख्या जन्मेदेखि आठवर्ष अथवा गर्भबाट आठवर्ष भनी स्मृतिले गरेको छ । यस्तो ठाउँमा जन्मदेखि आठवर्षमा गर्ने अथवा गर्भदेखि आठवर्षमा गर्ने भन्ने भएमा *'आत्मनस्तुष्टि'* आफूलाई जुन मन लाग्दछ त्यही गरे हुन्छ । अनावश्यक ठाउँमा आत्मतुष्टि भन्ने अर्थ लाग्दैन ।

यस्तोमा आत्मतुष्टिको कुरा लागू हुन्छ भने साधारणले ठहऱ्याएकोमा लागू हुँदैन । किनभने युधिष्ठिरजस्तो सिद्ध हुनुपर्छ, द्रौपदीलाई पाँचै भाईले विवाह गर्न हुने आफ्नो बुद्धिले प्रमाणित गरेको युधिष्ठिरको उक्ति छ *'नाधर्मे धीयते मतिः'* मेरो बुद्धिले अधर्म देख्दैन । के थियो त युधिष्ठिरको बुद्धिले प्रमाणित गरेको यथार्थता द्रौपदीमा पुरुषसम्बन्धबाट हुने दोष थिएन । जुन कुरा व्यासले द्रुपदलाई दिव्यदृष्टि दिएर देखाइसकेका थिए । त्यो थियो –

इदभव तत्राद्भुत रुपमुत्तमं जगाद देवर्षिरतीत मानुषम् ।[३०९]
महानुभावाखिलसा सुमध्यमा बभूव कन्यैव गतेगतेऽहनि ॥

हामीजस्ताले आत्मतुष्टिको कुरा गर्दा विकल्पमा आएको लिनु पर्दछ । *'वेदोऽखिलो धर्ममूलम्'* इत्यादि स्मृतिको अर्थ यही हो । तसर्थ आफ्नो धर्ममा लाग्ने व्यक्तिले श्रुतिले जसलाई प्रमाण भनेको छ त्यसलाई मान्नु पर्दछ । *'श्रुतिप्रमाणतो विद्वान् स्वधर्मे निविशेत वै'* [३१०] श्रुतिप्रमाणद्वारा स्वधर्ममा बस्नु पर्दछ । उच्छृङ्खल तर्कको आधारमा अथवा शुष्कतर्कको आधारमा धर्मनिर्णय हुँदैन । जस्तै भूमिमा उब्जने साग, मूला आदि खानु हुन्छ भने लसुन प्याज किन खान नहुने ? यस्ता तर्क गर्न मिल्दैन किन भने शास्त्रमा आधारित तर्क हुनुपर्दछ । *'छत्राकं विड्वराहं च लशुनं ग्रामकुक्कुटं मत्याजाग्ध्वापतेत् द्विजः'* स्मृति हो । तर्कको आधारमा श्रुति स्मृतिको अपमान गर्नुहुँदैन । त्यसो गर्ने पतित हुन्छ । परधर्माश्रय हुन्छ । त्यसकारण धर्मको मूल श्रुतिस्मृतिको अपमान गर्नु हुँदैन ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शास्त्रनिषिद्धवस्तु सेवन गरेमा प्रायश्चित्त गर्नुपर्दछ । तर्कको आधारमा शास्त्रमा विरोध पर्ने कुरा गरे पनि प्रत्यवाय लाग्दछ । हेतु वा तर्कको आधारमा व्याख्या गर्नेलाई विद्वान् भन्न मिल्दैन । विद्वान्को तर्क श्रुति र स्मृतिमूलक हुन्छ । शास्त्रमूलक कुरामा लाग्नु स्वधर्म हो । स्वधर्म जस्तै लाग्ने परधर्म वारे शास्त्र यसरी भन्दछ –

विधर्मः परधर्मश्च आभास उपमा छलः ।
अधर्मशाखा पञ्चेमा धर्मज्ञोऽधर्मवत् त्यजेत् ॥[३११]

विधर्म, परधर्म, आभास, उपमा, छल यी पाँच अधर्मका शाखा हुन् । सामान्य मान्छेले हेर्दा यी धर्म जस्तै लाग्दछन् तर यी अधर्म हुन् । यी पाँचओटै शाखालाई धर्मज्ञले अधर्म छोडे झैं छोड्नु पर्दछ । विधर्मको अर्थ धर्मबाध हो । जस्तै लशुन प्याज आदि शास्त्रनिषिद्ध खाएमा प्रायश्चित्त गर्नु पर्ने हुनाले त्यसोगर्नु धर्मबाध हो । अर्काको लहैलहैको धर्म परधर्म हो । जस्तै आजकल सन्तोषी माताको व्रत गर्ने चलन छ । यस्तै आजकल कृष्णप्रणामी धर्म पनि देखिन्छ । यसको पनि कुनै मूल छैन । शास्त्रमा विधिवाक्य, आधार केही छैन तर पनि कसैले भनिदिएर त्यसैको लहैलहैमा गर्ने चलन छ । यी सबै परधर्म हुन् । यस्तै *'आभासो ह्याश्रमात्पृथक्'* धर्मका निम्ति ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास चार आश्रमको विधान छ । जुन आश्रममा रहे पनि आश्रमानुकूल आचरण हुन्छ । पत्नीको आधारमा रहनेलाई गृहस्थ भनिन्छ । पत्नीको देहान्त भएर अर्की पत्नी ग्रहण गरेको छैन भने त्यो गृहस्थ हुँदैन । गृहस्थ धर्मको अधिकारीले श्रौत, स्मार्त र मिश्रकर्म गर्नुपर्दछ । पत्नी नहुनेले गर्न मिल्दैन । तसर्थ त्यसलाई गृहस्थी भन्न पनि मिल्दैन । त्यस्ता व्यक्तिलाई गुरु र ऋत्विक्का रूपमा वरण गर्न पनि हुँदैन । इत्यादि कुराको विवेचन पहिले भएकै छ । पत्नी नहुनेले गृहस्थीले गर्नुपर्ने कर्म गर्दछ र ऋत्विक् आदिमा वृत हुन्छ भने त्यो धर्म हुँदैन, धर्माभास हो । अतः पत्नी विनाको गृहस्थीबाट कुनै शुभ कर्म गराएर पुण्य कमाएँ भन्ने ठान्नु आभास हो ।

*'उपमा'* हामीले वैदिक धर्मको आचरण गर्नुपर्ने हो तर *'नग्नरक्तपटादिषु'* रातो कपडा आदि लगाउनु धर्म भन्ने लोकले ठान्छ । यो उप वा उपमा धर्म हो । वैदिक त्यस्तो धर्ममा लाग्नु पाखण्ड हो । त्यसबाट कुनै कुरा सिद्ध हुँदैन । यसैगरी अर्को शाखा छल हो । छल भनेको दम्भ हो । आफूले केही कुरा थाहा नभए पनि अर्कालाई ठग्न खूब जान्ने बुझ्ने बन्न खोज्नु दम्भ हो । दम्भीले अरुलाई ठगिरहेको अथवा छलिरहेको हुन्छ । यसप्रकार यी पाँच अधर्मका शाखाहरूलाई धर्म जान्नेले अधर्म परित्याग गरेझैं परित्याग गर्नु पर्दछ । यी नै कुरा देखाउँन भगवान्ले *'श्रेयान् स्वधर्मो विगुण'* इत्यादि श्लोक हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'यदेव विद्यया करोति, श्रद्धया, उपनिषदा तदेव वीर्यवत्तरं भवति'* [३१२] तसर्थ बुझेर श्रद्धापूर्वक कर्म गर्नुपर्दछ । पूरापूर फल पाउँदछ । त्यसको कर्म वीर्यवत्तर हुन्छ । नबुझेर पनि श्रद्धापूर्वक आफ्नो धर्मानुसार कर्म गर्दछ भने त्यो वीर्यवत्तर नभए पनि वीर्यवान् हुन्छ । अङ्गपूरा भएको कर्म भए वीर्यवत्तर हुन्छ, नभए पनि श्रद्धाले गरेको वीर्यवान् हुन्छ । तसर्थ परधर्मानुसारको कर्ममा लाग्नु हुँदैन, त्यसबाट श्रेयोमार्ग प्रशस्त नभई दुर्गति हुन्छ । यसै कुराको प्रदर्शन छ । *'श्रुतेस्तु शब्दमूलत्वात्'* [३१२] श्रुति शब्दिमूलक हुन्छ । श्रुतिले निर्धारण गरेको कुरामा फरक पर्दैन । संसारमा राम्रा नराम्रा यावत्कुरा छन् । एउटै आत्माको आधारमा विस्तार भएका कुरामा यस्ता विलक्षण किन छन् ? *'आत्मनि चैवं विचित्राश्च हि'* [३१४] यो विवर्त आत्माको आधारमा खडा भएकोले यहाँ विचित्रताको स्थिति देखिएको छ । त्यसकारण तर्कको आधारमा मात्र धर्मको निर्णय गरी श्रुतिस्मृतिको अपमान गर्नु हुँदैन । तर्कको आधारमा धर्मको निर्णय गर्दछ भने – *'सः साधुभिर्वीहिष्कार्यो नास्तिको वेदनिन्दकः'* [३१५] त्यस्तालाई सज्जनद्वारा वहिष्कार गर्नुपर्दछ । आस्तिक हुन वेदप्रमाण मान्नु अपरिहार्य छ । ईश्वर मान्नु वा नमान्नुसँग फरक छैन । वेदोक्तविधि नमान्नु दोषपूर्ण छ । यस्ताको निन्दा गर्ने नास्तिकलाई साधुहरूले वहिष्कार गर्नुपर्दछ । साग खान भए प्याज खान किन नहुने ? अन्यथा व्याख्या गर्नेले समाज बिगारिरहेका छन् । त्यस्ताको प्रयश्चित हुँदैन । त्यसकारण यस्तो कर्ममा लाग्नुहुँदैन । यही कुरा देखाएको छ । शङ्कराचार्य पनि यसरी –

*'श्रेयान् प्रशस्यतरः स्वधर्म, स्वधर्मे निधनं परणमापि श्रेयः'* आफ्नो धर्म श्रेय छ, प्रशस्यतर छ । परधर्म भयावह छ । यसबाट चित्तशुद्धि, लोकोत्तर वैभवनभई नरकादिप्राप्ति हुन्छ । स्वधर्मानुष्ठानबाट के के हुन्छ भन्नेमा मधुसूदन सरस्वतीले संग्रह गरेका छन् ।

श्रद्धाहानिस्तथासूया दुष्टचित्तत्वमूढते ।
प्रकृतेर्वशवर्तित्वं रागद्वेषौ च पुष्कलौ ॥
परधर्मरुचित्वे चेत्युक्ता दुर्मार्गवाहकाः ।

श्रद्धाहानि, निन्दा, खराब चित्त, मूढ, प्रकृतिवशमा पर्नु, रागद्वेष बढ्नु, परधर्ममा रुचि यी सबै दुर्मार्गका बाहक हुन् । तसर्थ स्वधर्मपरित्याग र परधर्मानुसरण गर्नुहुँदैन । ३२ देखि ३५ औं श्लोकसम्मका कुरा यी हुन् ।

राग र द्वेषमा लागे के हुन्छ ? न लागे के हुन्छ ? भन्ने कुरा अन्वय व्यातिरेकविधाबाट युक्ति र प्रमाणका आधारमा स्पष्ट भएपछि अर्जुनमा शङ्का उठेको छ । यावत्राग पतनका प्रति समप्राधान्येन कारण हुन् कि ? घटी बढी रूपमा कारण हुन्छन् ? अथवा एउटा राग प्रधान र अरु पतनका लागि सहायक कारण हुन् ? इत्यादि उद्वेग अर्जुनमा भएको छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



समप्राधान्येन पतनको कारण राग मान्दा यावत्प्राणीमा रहने अनन्त रागको अथवा कामनाको समाप्ति सय जन्ममा पनि सम्भव छैन। यस अर्थमा मुक्तिको कुरा निरर्थक हुन्छ। समप्राधान्येन रागलाई पतनको कारण मान्दा महान् अनर्थ हुन्छ। एउटा प्रधान। अरुका सहकारी मान्दा मुख्य कामना हटाएपछि त्यसका सहायक स्वतः हट्ने स्पष्टै छ। यसै अभिप्रायले अर्जुन सोद्धछन्।

अर्जुन उवाच –

अथ केन प्रयुक्तोऽयं पापं चरति पुरुषः।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३६॥

कसको प्रेरणाले पुरुषले रागजनित पापाचार गर्दछ ? हजुरको मतानुसरण गर्ने यसो गर्दैनन्। पापाचारी बुद्धि समाप्तै भएको हुन्छ। लाग्नु हुँदैन भन्ने हुँदा हुँदै पनि त्यसैमा लाग्दछ भने त्यसलाई कर्ममा नियोजन गर्ने को छ ? इत्यादि जिज्ञासा श्लोकमा अर्जुनले गरेका छन्। विमूढ व्यक्तिमा अर्थानुवन्धी काम गर्नुपर्दछ भन्ने बुद्धिको उन्मेष हुँदैन। तिनीहरू अनर्थानुबन्धी काम गर्दछन्। सित्तै जाला कि ? भन्ने डर उनीहरूमा हुन्छ। त्यस्ताले कदापि श्रेयोमार्ग प्रशस्त पार्न सक्तैनन्। भगवन्मतानुसरण नगर्नेरागी पशुबृद्धिको चाहना भए चित्रा याग गर्दछन्। केही धेरै धनार्जनतिर लाग्दछन्। अन्नपात धेरै होस् भनेर केही करीरि याग गर्दछन्। जसबाट वृष्टि भई अन्नबाली राम्रो हुन्छ। यसरी कामना बढाउने काम हुन्छ। कामना बढाउने रागी भन्दा तल्ला पनि हुन्छन्। उनीहरू आफ्नो शत्रुबधका निम्ति श्येनयाग गर्दछन्। वेदविहित भए पनि खराब फल हुने हुँदा श्येनयाग अभिचारिक हो। शत्रु मरोस् भन्ने चाहनाले गरिने यज्ञ पशु, धन, दौलत वृद्धि होस् भन्ने चाहनाले गरिने भन्दा खराब हो। त्यस्तो निकृष्ट कामना पनि रागीमै हुन्छ। यस्तै अरू पनि अनगिन्ती कामना हुन्छन्।

शास्त्रनिषिद्ध कुरामा पुरुष प्रवृत्त नहुनु पर्ने तर खराब कामनाले भइदिन्छ। लशुन, प्याज खान हुँदैन भन्दा भन्दै पनि त्यसैमा प्रवृत्त हुन्छ। यस्तै *'न कलञ्जं भक्षयेत्'* कलञ्ज भक्षण गर्नु हुँदैन भन्ने छ। *'कलञ्जं शुष्कमांसं स्यात्'* कलञ्ज भनेको सुकुटी हो। त्यो खानु हुँदैन भन्ने कुरा शास्त्र र लोकमै पनि पेट खराब हुन्छ भनेर डाक्टरले निषेध गरेको छ।

विषाक्तेनैव वाणेन यौ हतौ मृगपक्षिणौ।[३१६]
तयोर्मांसं कलञ्जं स्यात् ॥

विषाक्त वाणद्वारा मारेको मृगपक्षीको मासु कलञ्ज भनिन्छ। यहाँ वाण उपलक्षण हो विष प्रयोग गरी मारेको प्राणीको मासु कलञ्ज हुन्छ। त्यस्तो मासु खानु हुँदैन। *'न कलञ्जं*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*भक्षयेत्'* ले यस कुरालाई सङ्केत गरेको हो। यस्ता कुरामा प्रवृत्त हुने व्यक्ति रागी हुन्छ। यी विभिन्न प्रकारका कर्ममा मान्छेको प्रवृत्ति हुन्छ। कामना विशेषले यस्तो पवृत्ति भएको हो। आत्मबल नहुनेले यसो गर्दछन्। शास्त्रनिषिद्ध कुरा अनर्थका बीज हुन् भन्ने अर्जुनले पहिलेका प्रसङ्गबाट नै राम्ररी बुझिसकेका छन् भने फेरि त्यसैमा अर्जुनको जिज्ञासा किन आयो ? किन उनले प्रश्न गरे ? भन्नेमा शङ्कराचार्यभूमिका– *'यद्यपि अनर्थमूलं ध्यायतो विषयान्पुंसो रागद्वेषौ हि अस्य परिपन्थिनाविितिचोक्तं विक्षिप्तमनवधारितञ्च यदुक्तं तत्संक्षिप्तं निश्चितं चेदमेवेति ज्ञातुमिच्छन् अर्जुन उवाच'* रागद्वेष अनर्थको मूल हो, त्यसबाट विषयको ध्यान गर्नु हुँदैन भन्ने बुझेर पनि अर्जुनले प्रश्न गर्नुमा कारण। अत्यन्त संक्षेपमा अर्जुनले बुझे पनि कामनाविना संसार नचल्ने अपवर्ग पनि नहुने हुँदा यो छोडेर कसरी श्रेयोमार्ग प्रशस्त हुन्छ ? यही कुरा उनलाई छर्लङ्ग भएन। पूर्णरूपमा बुझेर प्रमाद गरेको भए उनलाई विक्षिप्त भन्न मिल्दथ्यो तर उनले बुझ्न बाँकी रहेकोले प्रमाद भन्न मिलेन। संक्षेपमा बुझेको कुरालाई विशद रूपमा चुरोसम्म बुझ्ने चाहनाले उनले यहाँ प्रश्न गरेका हुन्।

प्रसङ्ग छर्लङ्ग नभए अथवा जिज्ञासा पूरा भएको छैन भने प्रश्न आउनसक्तछ। जथाभावी आउँदैन। छर्लङ्ग होस् भनेर अर्जुनले प्रश्न गरेको कुरा भाष्यद्वारा छ। काम गर्ने एउटा छ भने गराउने अर्को छ। इच्छा नहुँदा नहुँदै पनि मान्छे पाप कर्ममा किन लाग्दछ ? त्यसरी पापकर्ममा धकेल्ने अर्को को हो ? यही जिज्ञासामा अर्जुनको प्रश्न हो। *'पापं चरति पूरुषः'* पाप गर्दछ यहाँ वास्तवमा पुरुषले पाप गर्ने होइन गर्ने कामै हो। कामद्वारा पाप वा धर्म हुन्छ। पाप वा धर्म संस्कारविशेष हुन्। गर्ने नभई हुने कुरा हुन्, गर्ने त काम हो। तसर्थ *'पापं चरति पूरुषः'* को अर्थ पाप गर्दछ भन्ने होइन पाप हुने काम गर्दछ भन्ने हो।

*'अनिछन्नपि वार्ष्णेय'* न चाहेर पनि पुरुषले पापमूलक काम गर्दछ। वार्ष्णेय कृष्णको विशेषण हो। वृष्णिकुलमा उत्पन्न भएका कृष्णलाई वार्ष्णेय संबोधन हो। *'बलादिव नियोजितः'* जबर्जस्ती लगाए झैँ काम गर्दछ। हटाउनु पर्ने के हो ? चुरोसम्म बुझेपछि हटाउने काममा लाग्नु उपयुक्त हुन्छ। प्रश्नको अभिप्राय हो ? *'ज्ञाते हि तस्मिन् तदुच्छेदाय यत्नं कुर्याम्'* त्यस कुराको चुरोसम्म बुझेपछि उच्छेदको काममा मेरो प्रयत्न हुन्छ। न चाहेर पनि किन जबर्जस्ती काम गर्दछ ? कृपापूर्वक हजूर मलाई यो रहस्य बताउनु हओस् –

*'अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः'* यस श्लोकमा आएको *'अथ'* मङ्गलार्थ, प्रश्नार्थ हो। आनन्तरार्थ होइन, आरम्भार्थ हो। उत्तर शुरु हुन्छ भन्न अथ शब्द छ। बुझेरै शङ्कराचार्य विवरण छ – *'अथ केन हेतुभूतेन प्रयुक्तः सन् राज्ञेव भृत्योऽयं पापं कर्म चरति- आचरति, पुरुषः स्वयंमनिच्छन्नपि हे वार्ष्णेय।'* कुन कारणले नचाहेर पनि पुरुषले पाप कर्म



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्दछ ? रहस्य पूर्णरूपमा बताएपछि कामना उच्छेद गर्न सजिलो पर्दछ । यस अभिप्रायले अर्जुनले प्रश्न गरेको कुरा स्पष्ट छ ।

वृष्णिकुलमा जन्मेका भन्ने अर्थ सबैले बुझेका थिए । त्यसै अभिप्रायले अर्जुनले *'वार्ष्णेय'* सम्बोधन गरेका होइनन् । मातामह कुलमा जन्मनेको भन्ने अभिप्रायले पनि *'वार्ष्णेय'* भनेका हुन् । मातामह वंशका भएकोले हजूर र मेरो लौकिक सम्बन्ध पनि छ । यस अर्थमा हजूरले मलाई उपेक्षा गर्नमिल्दैन । श्रेयोमार्ग प्रशस्तिका लागि अनर्थ बीजको चुरोसम्म बुझ्नु आवश्यक भएकोले त्यो मलाई बताउनुहओस् भन्ने अर्जुनको अभिप्राय हो । अर्जुनमा उठेको उत्कण्ठा शमनका लागि अगाडि छ –

*'श्रीभगवानुवाच'* को विवेचन दोस्रोमा छ । त्यहाँकै कुरा अक्षरशः यहाँ लिनु पर्दछ । अर्जुनको प्रश्नको उत्तर दिने सामर्थ्य भगवान् बाहेक अरुमा छैन भन्ने उद्देश्यले यहाँ *'श्रीभगवानुवाच'* हो । *'अथ केन प्रयुक्तोऽयमित्यादि'* श्लोक अर्जुनको मूल पूरकप्रश्न हो । यसैको उत्तर यसरी छ –

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥३७॥

'इह' यस लोकमा अथवा यसै शरीरमा रहँदा रहँदै वैरी के हो ? श्रेयो मार्गमा कसरी जाने ? प्रवृत्तिपरक काम छोडी निवृत्तिपरक काममा कसरी लाग्ने भन्ने अर्जुनको जिज्ञासा छ । जिज्ञासामा 'काम एष क्रोध एष' इत्यादि सूत्र हो । काम, क्रोध, रजोगुणद्वारा उत्पन्न भएको हो । कामबाट क्रोध उत्पन्न हुने हुँदा कामकै दोस्रो रूप क्रोध हो । यो खाएर कहिल्यै अघाउँदैन, धेरै खान्छ, महापापी छ । यसैलाई वैरी जान्नु पर्दछ । वैरीले जसरी हुनुपर्ने हो त्यसरी काम हुनदिँदैन । यस वैरीलाई *'इह अस्मिन् शरीरे एवं विद्धि'* यसै शरीरमै रहेको बुझ्नु पर्दछ । अनिमात्र श्रेयोमार्ग प्रशस्त हुन्छ । *'विद्धयेनमिह वैरिणम्'* वैरी पदमा द्वितीयान्त भएकोले वैरी बुझ्नु पर्ने कुरामा विशेष जोड छ । वैरीको व्याख्या छ –

*'काम एष क्रोध एष'* काम वैरी हो, त्यो नभई क्रोधोत्पत्ति हुँदैन । पहिले राग, द्वेषको कुरा थियो, यहाँ काम, क्रोधको कुरा छ । शब्द फरक भए पनि अर्थ एउटै हो । प्रवृत्तिपरकरागले सर्वनाशको बाटो प्रशस्त गर्दछ भन्ने कुरा प्रस्तुत भइसकेको छ । पुनः अर्को भाषामा काम वैरी हो भन्ने छ । कामका अनन्त भेद हुन्छन् । सर्वप्रथम कामको उन्मेष परमात्मामा भएर संसारको सृष्टि भएको हो । बीजरूपमा परमात्मामा काम छ । कामोन्मेषबाट माया बाहिर आउँदछे । अनि सृष्टि हुन्छ । राग कामभित्रको एउटा सानो अङ्कुर हो । काम शब्दले संसारमा हुने अनन्तराग समेटिन्छन् । तदर्थ काम पद प्रयोग



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भएको हो। कामना निर्मुक्त नभएसम्म पुरुषार्थ समाप्ति हुँदैन, त्यो नसकिएसम्म प्रयत्न सकिँदैन। प्रयत्न सकिन वृत्ति सकिनु पर्दछ, काम नभए वृत्ति हुँदैन। तसर्थ अनर्थको बीज काम नै हो, जसको अभावमा संसार हुँदैन। संसार नहुने हुँदा व्यापकरूपमा परमात्मामा समाहित छ। काम अलिकति अन्यथाभावमा जाँदा क्रोधोत्पत्ति हुन्छ। शास्त्रको प्रक्रियामा क्रोध भिन्नै आउँदछ तापनि त्यो कामदेखि अतिरिक्त होइन भन्ने भगवान्को अभिप्राय हो।

कामको उद्गमको बीज रजोगुण हो। कारणमा जस्तो धर्म हुन्छ त्यस्तै धर्म कार्यमा सर्दछ। जस्तै – माटोबाट निर्मित घटमा माटो हुन्छ भने सुनद्वारा बनेको औँठीमा सुनै हुन्छ। उपादानकै कुरा कार्यमा सर्दछ अरू हुन सक्तैन। स्वभावतः वस्तुगति र मर्यादाले पनि कार्यमा अर्को कुरा आउँदछ भन्न मिल्दैन। कामको उत्पत्तिस्थल रजोगुण एउटै भएकोले क्रोधलाई छुट्टै मान्नु आवश्यक छैन, यो कामकै अन्यथारूप हो। यसैमा शङ्का आउँन सक्तछ – कारण एउटै भए पनि कार्य अनन्त हुनसक्तछन्। जस्तै – मृत्तिकाबाट जन्मने घट तन्तुबाट जन्मिने पट अनन्त छन्। घट, पट अनन्त भए पनि ती सबैमा मृत्तिकारूप धर्मी र तन्तुरूप धर्मी समान छन्। त्यस्तै यहाँ पनि एउटै रजोगुणबाट जन्मने काम, क्रोध, रूप कार्य दुईओटा हुन्छन् भन्न मिल्दैन किनभने मृत्तिका तन्तुरूप धर्मी घटपटमा समान भएजस्तै रजोगुणको प्रेरक धर्म काम, क्रोधमा समानता छ। 'उपष्टम्भक. चलञ्च रजः' रजोगुण चलायमान छ, यसको धर्म प्रेरकत्व हो।

श्रेयोमार्गको प्रतिरोधक काम वैरी हो। क्रोध पनि वैरी हो। *'काम एष क्रोध एष'* यहाँ काम र क्रोधमा *'एष'* छ। *'एष काम'* काम श्रेयोमार्गको प्रतिरोधी वैरी हो। काम क्रोध हो भन्ने सङ्केतका लागि यहाँ एष दुवैपट्टि आएको हो। अर्जुनको पूरकप्रश्नको उत्तरको स्तुति शङ्कराचार्यबाट– *'श्रृणु तं वैरिणं सर्वानर्थकरं यं त्वं पृच्छसि'* वैरी के हो भनी तिमीले सोधेका छौ त्यो सम्पूर्ण अनर्थको बीज हो भनी अर्जुनको प्रश्नको अलिकति परिष्कार भएको छ।

ऐश्वर्यस्य समग्रस्य धर्मस्य यशसः श्रियः।
वैराग्यस्याथ मोक्षस्य षण्णां भग इतीरणा॥

यस्तै *'उत्पत्तिं प्रलयञ्चैव भूतानामागतिं गतिम्। वेत्ति विद्यामविद्याञ्च स वाच्यो भगवानिति॥'* उत्पत्ति, प्रलय, प्राणीको आउने, जाने क्रिया सबै उसले बुझेको हुन्छ। विद्या र अविद्या जसले जानेको हुन्छ त्यो भगवान् हो। यो विवरण पहिले भएको छ। शङ्कराचार्यका भगवद् शब्दको अर्थ निर्वचनद्वारा भगवान्मा अर्जुनको प्रश्नको उत्तर दिने सामर्थ्य छ र उत्तर प्रवाहले अर्जुनको प्रश्न नमिलेको पनि सङ्केत भएको छ। मूलतः *'श्रीभगवानुवाच'*बाट दुई कुरा ध्वनित भएका छन्। उत्तरकै क्रममा *'काम एष क्रोध एष'*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



श्लोक आएको छ ।

*'विद्ध्येनमिहवैरिणम्' 'वीरस्य कर्म भावो वा वैरः'* हुन्छ । वैर शत्रु भन्दा अलि सानो हो । तर यसमा पनि कामना हुन्छ । आफूले गर्न आँटेको काम रोक्ने वैरी हुन्छ । *'वैरमस्यास्तीति'* वैर जहाँ हुन्छ त्यो वैरी हो । कमजोर मनस्थिति वा आत्मबल कम भएको व्यक्तिलाई प्रबल कामनाले खराब मार्गमा धकेलिदिन्छ । खराब र असल बुद्धिवृत्तिको बलाबलभावको विवेक गर्नुपर्दछ । प्रापञ्चिक बुद्धिवृत्तिभन्दा असल बुद्धिवृत्ति बलियो भए त्यसलाई कामनाले दबाउँन सक्तैन । स्थिति कमजोर भए कामनाले दबाउँदछ । कमजोरका निम्ति कामनामा वीरता छ । त्यसैले श्रेयोमार्गमा लाग्न सक्तैन । श्रेयोमार्गको प्रतिबन्धक भएकोले कामनालाई वैरी भनिएको हो । यो शत्रु होइन, शत्रु यो भन्दा ज्यादै निकृष्ट र बलवान् हुन्छ ।

शद्लृ शातने, शाशु अनुशिष्टौ, शो तनूकरणे, श्रृ हिंसायाम्, श्वस प्राणने' यस्ता पाँच ६ ओटा धातुहरूबाट *'शत्रु'* शब्द बन्दछ । अर्कालाई खसाल्ने वा सार्ने शत्रु हो । तह लगाउने, दबाउने, आदेश गर्ने पनि शत्रु हो । दुब्लो गर्ने काम भन्ने अर्थमा पनि शत्रु हुन्छ । हिंसामा पनि शत्रु भन्ने अर्थ आउँदछ । दौडँदा स्वाँ स्वाँ हुने अर्थमा पनि 'शत्रु' भन्ने अर्थ आउँदछ । सीद र सूद धातुबाट पनि शत्रु भन्ने अर्थ आउँदछ । यी सातओटा धातुबाट शत्रु शब्द निष्पन्न हुन्छ – *'शत्रुः सदेः शाशतेर्वा श्यतेर्वा श्रृणातेर्वाश्विसतः सीदते उपसर्गाद् बहुधा सुदतेश्च ।'* [३१७] परोक्ष, अपरोक्ष रूपमा हरबखत विगार्ने काम गर्ने शत्रु हो भने आफूभन्दा बलियो भएमा आफ्नो काम प्रतिरोधक काम शत्रु होइन वैरी हो । कामना आफूभित्र रहेको वृत्ति विशेष हो । यसलाई चेष्टा गरेमा तह लगाउँन सकिन्छ । त्यो वैरीले सानै कुरा चौपट पारेको छ ।

*'महाशनो महापाप्मा'* श्रेयोमार्गको प्रतिरोधी वैरी जति खाए पनि अघाउँदैन अथवा उसले नखाने छैन र पनि अघाउँदैन । महाशनको अर्थ धेरै खाने भन्ने भए पनि कति खाए पनि अघाउँदैन भन्ने बुझ्नु पर्दछ । काम जति खाएर पनि अघाउँदैन र महापापी पनि छ ।

वैरी भनिएको हो । शत्रु होइन, शत्रु योभन्दा निकृष्ट र बलवान् हुन्छ ।

शतृ शातने, शाशु अनुशिष्टौ, शो तनूकरणे, शृ हिंसायम्, श्वस प्राणने यस्ता ५/६ ओटा धातुबाट 'शत्रु' शब्द बन्दछ । अर्कालाई खसाल्ने वा झार्ने, तह लगाउने, दबाउने, आदेश गर्ने शत्रु हो । दुब्लो गर्ने, हिंसामा र दौडँदा स्वाँ स्वाँ हुने अर्थमा पनि 'शत्रु' अर्थ आउँदछ । सीद र सूद धातुबाट पनि शत्रु अर्थ आउँदछ ।

*'शत्रुः सदेः शश्तेर्वा श्वतेर्वा श्रृणोतेर्वाश्विसते सीदतेर्वा'* [३१७] यी सात धातुबाट शत्रुशब्द



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बन्छ। परोक्ष, अपरोक्षरूपमा हरबखत विगार्ने काम गर्ने शत्रु हो भने आफूभन्दा बलियो भएमा आफ्नो काम प्रतिरोध गर्ने वैरी हो। यसरी शत्रु र वैरीमा विभेद गर्न सकिन्छ। त्यसकारण श्रेयोमार्गको प्रतिरोधक काम शत्रु होइन वैरी हो। कामना आफूभित्रको वृत्तिविशेष हो। चेष्टा गरेमा तह लगाउन सकिन्छ। वैरीले सारा कुरा चौपट पारेको छ।

वैरी जति खाए पनि अघाउँदैन अथवा उसले नखाने भन्ने केही छैन र पनि अघाउँदैन भन्ने अर्थ बुझ्नु पर्दछ। काम पनि अघाउँदैन र महापापी हो। *'पापः पतनहेतुः'* पतनको कारण पाप हो, त्यो जहाँ रहन्छ पापी त्यही हुन्छ। धेरै खाने महापापी बन्नुहुँदैन।

*'कामक्रोधौसुसंयम्य योऽर्थान् धर्मेण पश्यति। प्रजास्तमनुवर्तन्ते समुद्रभित्र सिन्धवः'*[३१८] जसरी समुद्रमा जान नदीहरू आफ्नो बाटोबाट लागेका हुन्छन्। त्यसैगरी धर्मलाई अँगाली शासन गर्ने राजालाई पनि प्रजाहरूले मन पराएका हुन्छन्। आजकल शासन चलाउने पार्टीका नेता यस्तै हुनुपर्दछ। राष्ट्रको दुरवस्था निराकरणमा नलाग्ने र सुशासन चलाउन नसक्नेलाई नेता भन्नमिल्दैन। धर्मानुसार शासन गर्ने अर्थात् कामबाट हुने दश र क्रोधबाट हुने आठ कुरा छोड्ने सक्कली नेता हुन्।

दशकाम्समुत्थानि तथाष्टौ क्रोधजानि च।
व्यसनानि दुरन्तानि प्रयत्नेन विवर्जयेत्॥[३१९]

दशओटा कामबाट र आठओटा द्वेषबाट हुने कुरा स्मृतिले निर्धारण गरेकै छ। राजनेतामा यस किसिमको व्यवस्था छ भने श्रेयोमार्गमा लाग्ने साधकमा ती कुरा हट्नु पर्दछ भन्ने स्वतः बुझ्नुपर्दछ। क्रोध र कामबाट उत्पन्न हुने कुरा नहटेमा साधक श्रेयोमार्गको अधिकारी बन्न सक्तैन। राजा, राष्ट्रपति वा राजनेताले कामको पछि लागेमा –

कामजेषु प्रसक्तो हि व्यवसनेषु महीपति।
वियुज्यतेऽर्थधर्माभ्यां क्रोधजेष्वात्मनैवहि॥[३२०]

धर्म र अर्थ लोप हुन्छन्। तसर्थ पछि लाग्नु हुँदैन। काम सबैको वैरी हो भन्ने भगवद्वचनको विशदविवेचन शङ्कराचार्यबाट भएको छ। *'यन्निमितात् सर्वानर्थप्राप्तिः'* अर्थात् सम्पूर्ण अनर्थ कामकै निमित्तले हुन्छ। *'प्राणिनां स एष कामः प्रतिहतः किन्तु क्रोधत्वेन परिणमते'* सम्पूर्ण अनर्थको बीज काम हो, त्यो कुनै निमित्तले प्रतिहत भएमा क्रोधरूपमा परिणत हुन्छ। 'काम्यन्त्त इति कामा' कर्मव्युत्पत्तिद्वारा विषय बुझिन्छ भने करणव्युत्पत्तिद्वारा वस्तुप्राप्त गर्ने प्रयत्न बुझिन्छ। प्रयत्नद्वारा प्राप्त हुने विषय कुनै निमित्तले रोकिएमा रिस वा क्रोध उत्पन्न हुन्छ। क्रोधको मूल काम भएजस्तै द्वेषको मूल राग हो, विना राग द्वेष हुँदैन। 'छिन्ने मूले नैव शाखा न पत्रम्' मूलै छैन भने हाँगाबिंगाको कुरै भएन। काम र क्रोधमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अभिन्नत्व प्रदर्शनार्थ भगवान्बाट यहाँ एष दुई पटक प्रयोग भएको हो । रजोगुणजन्यत्व काममा र काम सधर्मत्व क्रोधमा भएकोले त्यो कामै हो । अनेक हुन कारक हेतुमा अनेकता हुनुपर्दछ । त्यो नभएकोले काम नै क्रोध हो । यो कुरा शङ्कराचार्यबाट आएको छ ।

*'रजोगुण समुद्भवः'* भन्नु काम र क्रोध दुबै हेय हुन् भन्ने स्पष्टताका लागि हो । काम र क्रोध बैरी हुनाले हेय हुन् तापनि *'रजोगुणसमुद्भवः'* भनेर हेयत्व प्रदर्शन भएको हो । *'रजसोगुणः रजोगुणः'* समास नगरी *'रजश्च तद्गुणश्च रजोगुणः'* समास गर्नुपर्दछ भन्नेमा शङ्कराचार्यको अभिमति छ । *'रजांसि लोका इत्युच्यन्ते'* [३२१] रज भनेको लोक हो । लोकलाई रज भनिन्छ । *'कारणगुणाः कार्यगुणानारभन्ते'* [३२२] कारणमा कार्यको उपचार गरी रजांसि लोका इति *'रजोगुणसमुद्भवो यस्य स कामः ।'* रजोगुणमा विशेष्य गुण हो भने विशेषण रज हो । विशेष्यमा सकिने विशेषणको स्वभाव हुन्छ । सत्व, रजस्तम यी तीनओटै गुणका विशेषण भएकाले गुणमै गएपछि समाप्त हुन्छन् । सत्व रजस्तम भन्दा त्यो पर्यवसित हुने ठाउँको महत्ता बद्धता भएकोले लोकले यो रजोगुणको विकास हो, खराब छ भन्ने विवेक गर्नुपर्दछ । फलद्वारा बुझ्नु पर्दछ । अर्थात् प्रवर्तक हो भन्ने बुझ्नु पर्दछ । अनुमानद्वारा बुझ्नु पर्ने हुनाले 'रजश्च तद्गुणश्च' समास शङ्कराचार्यबाट भएको छ ।

प्रवृत्यात्मक रजोगुणबाट काम र कामबाटै संसारोत्पत्ति भएको छ । अथवा *'रजोगुणस्य वा समुद्भवः कामो हि उद्भूतो रजः प्रवर्तयन् पुरुषं प्रवर्तयति'* उद्भूतकामको उत्पत्ति भएपछि त्यसले रज बढाउँदछ ।

न जातु कामः कामानां उपभोगेन शाम्यति ।
हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्धते ॥[३२३]

कामोपभोगले शान्ति हुँदैन । आगोमा घ्यू हालेझैँ हुन्छ । काम क्रमशः उत्कटरूपमा बाहिर आउने चेष्टा गर्दछ । प्रवर्तकत्व कामको स्वभाव हो । यसरी कामद्वारा नै रजोगुणको वृद्धि हुन्छ भने रजोगुणबाट कामको उत्पत्ति हुन्छ भन्ने अर्थ पनि गर्न सकिन्छ । रजोगुणद्वारा काम हुने र कामद्वारा रजोगुण हुने भन्ने दुवै अर्थ समासभेदले *'रजोगुणसमुद्भवः'* बाट आएको छ । अर्थ स्पष्टताका लागि काममा *'रजोगुणसमुद्भवः'* विशेषण हो ।

रजोगुण प्रवृत्तिको कारण भएकोले अनर्थको बीज हो । शास्त्रमर्यादाले लोक चल्दैन भन्ने व्यक्तिलाई पनि उत्तर दिनु आवश्यक छ । पण्डितहरूको माध्यम शास्त्र होइन भन्ने देखाउँन तथा *'रजः कार्ये सेवादौ प्रवृत्तानां प्रलापः श्रूयते'* काम अनर्थको बीज हो भन्ने स्पष्टताका लागि उक्त पङ्क्ति आएको हो । अर्थात् तृष्णाले अहङ्कारमा प्रबलता आउँदछ । *'कार्यं वा साधयेयं देहं वा पातयेयम्'* [३२४] ले कर्ममा प्रवृत्त हुन्छ । तृष्णावशात् चिन्ताले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



महादुःखी पनि हुन्छ । सेवामा लाग्नु, कर्ममा लिप्त हुनु रजोगुणको काम हो । काम नबनेपछि पीर पर्दछ अनि प्रलाप गर्न थाल्दछ । त्यसैले यो सर्वानर्थको बीज हो, यसलाई त्याग्न प्रयत्न गर्नुपर्दछ । कामको प्रवाहमा चल्ने व्यक्तिमा योग्यायोग्यको विवेक हुँदैन । कामलाई आफूले नियन्त्रण गर्न सक्नुपर्दछ । उसोभए काम के हो ? भन्नेमा छ –

अकामस्य क्रिया काचिद् दृश्यते नेह कर्हिचित् ।
यद्यद्धि कुरुते किञ्चित् तत् तत्कामस्य चेष्टितम् ॥[३२५]

काम विना कुनै क्रिया पनि हुँदैन । राम्रो काम पनि कामनाकै आधारमा हुने हुँदा सबै काम खराबै हो भन्न मिल्दैन । वास्तवमा काम खराब होइन, कामको विवेक गर्न नसक्नु खराब हो । यही कुरा देखाउँन 'महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम्' आएको हो । *'अश्यत इत्यशनम्, महदशनं यस्य तं महाशनम्'* काम महाशन अर्थात् धेरै खाने हो । सबै खान्छ । राम्रो नराम्रो दुबै खान्छ । दुबै खान्छ भन्ने कुरा राम्रोसँग बुझेपछि कस्तो कामले राम्रो र कस्तोले नराम्रो खान्छ भन्ने कुराको विवेक गर्नुपर्दछ । कामले सबै खाएमा वृत्ति अर्थात् इच्छा रहँदैन त्यो निर्मुक्तै हो । अशुभ खाए शुभ बाँकी रहन्छ त्यो धर्माचारी वा शुभवासनायुक्त हो । शुभ वासनाकै लागि साधनरूपमा अन्नादि ग्रहणको नियम लोकमा पनि छ जस्तै – राम्रो खाए राम्रै बुद्धि हुन्छ भने नराम्रो खाए नराम्रै हुन्छ । *'अन्नमयं हि सौम्य मनः आपोमयः प्राणस्तेजोमयी वाक्'*[३२६] मन अन्नमय हुन्छ अथवा राम्रो अन्न खाए मन राम्रो हुन्छ भने नराम्रो अन्न खाए नराम्रै हुन्छ । मनजस्तै बुद्धि पनि अन्नमय हुन्छ । बुद्धि असल, खराब भएजस्तै काम पनि असल खराब दुबै हुन्छ । कामबाट सङ्ग्रहित कुरामा कुन असल, कुन खराब भनी हामीले योग्यायोग्यको विवेक गर्नु पर्दछ । काम धेरै खान्छ भन्ने प्रसङ्ग हो । धेरै खानेलाई देवताले रुचाउँदैनन् । लोकमै पनि त्यो अपहेलित हुन्छ । *'अस्वर्ग्य लोकविद्विष्टं तस्मात्तत्परिवर्जयेत'*[३२७] एकमानासम्म चामलको भात खाने व्यक्ति मध्यम हो भने तीन चार माना खाने व्यक्ति अधम हो । स्वर्ग, मर्त्य कहीं बिक्दैन । त्यस्तालाई त्यागै गर्नुपर्दछ । तीन चार माना खानेको स्थिति यस्तो छ भने कामले त कति खान्छ सीमै छैन । अतः काम अत्यन्त पापी छ । 'कामेन प्रेरितो जन्तुः पापं करोति' कामद्वारा पापकर्म हुने हुँदा कर्मलाई वैरीको संज्ञा भएको हो । वैरीको जसले विवेक गर्न सक्तछ त्यसलाई यसले बिगार्न सक्तैन । त्यसैले यसलाई जान्नु पर्दछ ।

वैरीले पुरुषार्थ रोकिदिन्छ । *'रजोगुणसमुद्भवः'* जस्तै *'तमोगुणसमुद्भवः'* पनि काम हो । कामनाको कारण तमोगुण पनि हो । रजोगुणको मात्रा वढ्ता हुन्छ । प्रवर्तकता भएकोले यहाँ *'तमोगुणसमुद्भवः'* नभनी *'रजोगुणसमुद्भवः'* भनिएको हो । वृत्ति क्षीणको क्रममा सात्विक वृत्तिसम्म क्षीण हुने हुँदा त्यसबेला तमोवृत्ति पनि क्षीण हुन्छ । कामोद्भवमा



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तमोगुणको प्रधानता छैन, रजोगुणको छ । अथवा प्रवृत्ति गराउने काम रजोगुणकै हो । त्यसकै प्रेरणाले अनर्थकारी काम हुन्छन् । विवेकपूर्वक परित्याग गर्नुपर्दछ । तसर्थ *'रजोगुणसमुद्भवः'* आएको हो । काम, क्रोध, महाशन, महापाप्मा छन् भन्नेमा मधुसूदन सरस्वतीले यो श्लोक उद्धृत गरेका छन् ।

यत्पृथिव्यां व्रीहियवं हिरण्यं पशवः स्त्रियः ।
नालमेकस्य तत्सर्वमिति मत्वा शमं व्रजेत् ॥

महापाप्मा, महाशन, महावैरी काम, क्रोधलाई आफ्नो वशमा पारी दुब्लो बनाउँदै लाने चेष्टा गर्नुपर्दछ । साम, दाम, भेद, दण्ड चार उपायमध्ये तीनबाट यसलाई तह लगाउँन सकिँदैन । किनभने धेरै खाने हुनाले जति दिए पनि यो अघाउँदैन । साम र भेदको यो विषय होइन । अत्यन्त कठोर छ । *'आत्मैव आसीत् पुरुषविधः'* यो श्रुतिको विवरण वार्तिककारले गरेका छन् –

प्रवृत्तौ च निवृत्तौ च यथोक्तस्याधिकारिणः ।
स्वातन्त्र्ये सति संसारसृतौ कस्मात्प्रवर्ततोः ॥[३२८]

निवृत्ति जे सुकैमा लागेको अधिकारी भए पनि त्यो स्वतन्त्र भएमा प्रवृत्ति वा निवृत्ति केही हुँदैन । प्रवृत्ति, निवृत्तिको मूल काम हो ।

न तु विध्वस्तनिःशेष संसारानर्थवर्त्मनि ।
निवृत्तिलक्षणे वाध्य केनायं प्रेर्यतेऽवशः ॥[३२९]

संसार अनर्थको बीज हो, यसलाई समाप्त पार्नुपर्दछ भनेर कोही लाग्दैन किनभने त्यो आफ्नो वशमा छैन । त्यसैले निवृत्तिमा नलागी प्रवृत्तिमै लागेको हुन्छ ।

अनर्थपरिपाकत्वमपि जानन्प्रवर्तते ।
पारतन्त्र्यमृते दृष्टा प्रवृत्तिर्नेदृशीक्वचित् ॥[३३०]

खराब काममा लाग्ने व्यक्तिले फल खराब हुन्छ भन्ने बुझेको हुन्छ । बुझेर पनि मान्छे त्यही काममा प्रवृत्त हुन्छ । पारतन्त्र्यले भौंतारिएको हुन्छ ।

तस्मात् श्रेयोऽर्थिनः पुंसः प्रेरकोऽनिष्टकर्मणि ।
वक्तव्यस्तन्निरासार्थमित्यर्थ स्यात् परा श्रुतिः ॥३३१

श्रेयोमार्गमा जान चाहनेले अनिष्टफल मिल्ने कर्म गर्न चाहँदैन । अनिष्टकर्ममा लाग्ने प्रेरणालाई उसले समाप्त पार्ने चेष्टा गर्दछ । अनि अनर्थको सम्भावना हुँदैन । श्रुतिले स्पष्ट गरेको हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनाप्तपुरुषार्थोऽयं निःशेषानर्थसंकुलात् ।
इत्यकामयतानाप्तान् पुमर्थान् साधनैर्जडः ॥[३३२]

त्यसकारण करोडौँ रूपैयाँ जम्मा गरे पनि त्यो अनर्थकै बीज हो । त्यसबाट भय र त्रास हुन्छन् । त्यस स्थितिमा १२ ओटा अनर्थले उसलाई धेरैको हुन्छ । धन कमाउनु पुरुषार्थ हो भन्ने आजकलको दुनियाँको कल्पना छ । वास्तवमा अनाप्त पुरुषार्थ हो । आफूले जम्मा गरेको कुरा आफूसँगै जानु आप्त हो । नजाने अनाप्त हो ।

*'आप्तस्तु यथार्थ वक्ता'* [३३३] यथार्थरूपमा बोल्नु अथवा राम्रोसँग बुझ्नु आप्त हो भने नक्कलीरूपमा बुझ्नु अनाप्त अयथार्थ हो । यस्तो अयथार्थ कुरामा जिन्दगी खर्च गर्नु हुँदैन । त्यसबाट क्षणिक सुखजस्तो लागे पनि दुःखै दुःख मिल्दछ । *'जिहासति तथानर्थात् अविद्वान् आत्मनिश्रितान्'* [३३४] धन जम्मा गर्ने पुरुषार्थलाई नक्कली भन्ने आत्माश्रित व्यक्तिले बुझेको हुन्छ । अनात्म कुरालाई पुरुषार्थ ठान्ने व्यक्ति जड हुन्, रुख, विरुवा र तिनका फलमा फरक के हुन्छ ? आत्माश्रित विद्वान्ले अनाप्तपुरुषार्थ छोड्ने इच्छा गर्दछ किनभने *'अविद्योभूतकामः सन् अथो खल्विति च श्रुतिः ।'* नाप्त पुरुषार्थ अविद्याको प्रेरणाबाट हुन्छ । अनाप्त कामले मान्छेलाई खाल्टोमा धकेल्ने निश्चितै छ ।

अकामतः क्रिया काश्चित् दृश्यन्ते नेह कस्यचित् ।[३३५]
यद्यद्धि कुरुते किञ्चित् तत्तत्कामस्य चेष्टितम् ॥

काम नभए क्रिया हुँदैन । जे गरे पनि कामको प्रेरणाबाट गर्दछ । विभिन्न श्रुतिस्मृतिद्वारा काम खराब हो भनी निर्धारण भएको छ । त्यही काममा लाग्दछ भने त्योभन्दा महाजड को होला ? वार्तिककार अगाडि थप्दछन् –

काम एष क्रोध एष इत्यादि वचनं स्मृतम् ।
प्रवर्तको नापरोतः कामादित्यवसीयते ॥[३३६]

लौकिक कुरामा प्रवर्तन गर्ने काम बाहेक अर्को छैन । प्रवर्तनको मूल काम क्रोध हो । यसको विवेचन भएकै छ । *'अथो खलु आहु काममय एवायं पुरुषः'* [३३७] श्रुतिवचनको व्याख्या *'अकामतः क्रियाकश्चित्'* इत्यादि स्मृतिवचनले हो । यसैको व्याख्या भएको हो । यसरी श्रुतिस्मृति यस श्लोकमा समेटिएको छ भनी सुरेश्वराचार्यले उपर्युक्त दिशा स्पष्ट पारेका छन् ।

श्रेयोमार्गमा जान चाहनेले कामका दुई पाटा मध्ये अनर्थकारी पाटो त्यागी अर्थकारी पाटोमा लाग्नुपर्दछ । प्रयत्न गर्दागर्दै कामको असल पाटो पनि एकदिन अवश्य सकिन्छ अनि श्रेयः कामीको सद्गति हुन्छ । श्रुतिस्मृति पुराणादिले यी कुराको समर्थन गरेका छन् ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कामत्वेन काम वैरी हो भन्ने छ भने वैरी कसरी हो ? भन्नेमा युक्तिपूर्वक अगाडिको श्लोक प्रस्तुत छ । अगाडिको श्लोकमा तीनओटा दृष्टान्त उपस्थापित छन् । शङ्कराचार्यको अवतरणिका भने यसप्रकार छ – *'कथं वैरी इति दृष्टान्तैः प्रतिपादयन् आह धूमेनेति'* यो कसरी वैरी हो भन्नेमा दृष्टान्त–

धूमेनाव्रियते वन्हिर्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥

धुवाँले अग्नि छोपे झैं, ऐनालाई मलले छोपेझैं कामले यसलाई छोपेको छ । त्यस्तै सालले गर्भ वेष्ठन गरेझैं यसलाई (ज्ञानलाई) कामले बेरेको छ । श्लोकभित्रको 'इदं' को व्याख्या अगाडिको श्लोकमा हुने छ । मलिन ऐनामा अनुहार नदेखिए झैं काम लिँदा बुद्धिबाट देख्न सकिँदैन । सालबाट वेरिएकाले गर्भको बालक चल्न, चटपटाउँन नसके झैं यो पनि चल्न सक्तैन । छोप्ने, ढाक्ने र बेर्ने काम हो । यसैबाट भाष्य यसप्रकार छ – *'धूमेन सहजेन आवृतो वन्हिः'* आगो बाल्दा धुवाँ आउँनु सहज हो । *'सह जायत इति सहजः'* सँगसँगै जन्मने भन्ने अर्थ हुन्छ । प्रकाश गर्ने वन्हिको काम हो तापनि सँगै जन्मेको धुवाँले प्रकाश रोकिदिन्छ । आफ्नो अनुहार स्पष्ट देखिनु आदर्शको (ऐनाको) काम हो तर त्यसमा लागेको मल वा ध्वाँसोले अनुहार देखिँदैन । *'यथा उल्बेन गर्भवेष्टनेन जरायुना आवृत आच्छादितो गर्भः'* जसरी गर्भमा रहेको बच्चा सालले बेरेकोले चारैतिरबाट ढाकिएको छ । स्पष्ट देखिनुपर्ने हो तापनि देखिँदैन । *'तथा तेनेदमावृतम्'* त्यसैगरी कामले यसलाई ढाकेको छ । यसलाई पनि देख्न सकिँदैन । अत्यन्त संक्षेपमा शङ्कराचार्यका कुरा यी नै हुन् ।

तीनओटा दृष्टान्त बुझ्न सजिलो हुन हो । यसैबारे आनन्दगिरि भन्छन् । सोझै हेर्दा सरल, सुबोधजस्तो देखिए पनि तीनओटा दृष्टान्त अर्थ दुर्बोधत्वको द्योतक हो । शरीरारम्भ हुनुभन्दा पहिले त्यहाँ रहने अन्तःकरणले वृत्ति पाएकोहुँदैन । तमोगुणात्मिका अवस्थाबाट शरीराभिव्यक्तिपछि अन्तःकरणका वृत्ति अभिव्यक्त हुन्छन् । शरीरारम्भ पूर्व अन्तःकरणका वृत्ति अनभिव्यक्त भएकाले काम सूक्ष्मरूपमा रहेको हुन्छ । अर्थतः काम छ वा छैन भन्ने थाहा हुँदैन । काम पनि अन्तःकरण वृत्तिविशेष हो, त्यहीँबाट काम अभिव्यक्त हुन्छ । सूक्ष्मरूपमा भएकै वस्तु शरीराभिव्यक्तिपछि बाहिर आएको हो । जसरी एउटा विशाल वरको वृक्षको बीज सूक्ष्म रूपमा रहेको छ त्यसैगरी काम विशाल कामनाको बीज हो । अन्तःकरणले वृत्ति पाएपछि स्थूलरूपमा विकसित हुने क्रम बालकको गर्भ अर्थात् ५,६ महिनादेखि हुन्छ । पाँच महिनासम्म गर्भको बालक अचेष्ट रहन्छ भने त्यसपछि गर्भमै ऊ केही थाहा पाउँन थाल्दछ । यसरी गर्भदेखि स्थूल हुँदै आउँछ, क्रमशः बढ्दैजान्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विषयको चिन्ता गर्ने सामर्थ्य बालकमा नभएसम्म काम स्थूलरूपमा रहन्छ । ६,७ वर्ष नाघेपछि अथवा बच्चा केही प्रौढ भएपछि उसमा रहेको स्थूल काम स्थूलतर हुन्छ । विषय चिन्ता गर्ने सामर्थ्य बच्चामा भैसकेपछि काम स्थूलतर हुने हो । विषयग्रहण गर्न सक्ने अवस्था *'चिन्त्यमानतावस्था'* हो । त्यसै अवस्थाको प्रभावले बालकलाई एउटा चीजले सन्तुष्टि हुँदैन । *'पुनः पुन उद्रिच्यमानः'* यो त्यो यस्ता अनगिन्ती कामना बढ्न थाल्दछन् । त्यो स्थूलतरावस्था हो । ६,७ वर्षकै बच्चामा जब स्थूलतर कामना हुन्छ त्यसका कामना अझ अरू बढ्ने क्रम रहिरहन्छन् । २०,२२ वर्ष पुगेर उत्तरदायित्व वहन गर्नु पर्ने अवस्था *'भुज्यमानावस्था'* हो । यस अवस्थामा आएपछि काम यति बढ्दछ, त्यसको बयान गरेर साध्यै छैन । स्थूलतर काम अब 'स्थूलतम' हुन्छ । सूक्ष्मावस्थाको काम स्थूलशरीरप्राप्तिपछि स्थूल, स्थूलतर हुँदै स्थूलतमसम्म पुग्दछ । यही स्थूल, स्थूलतर, स्थूलतम तीनओटा अवस्था बुझाउनका लागि यहाँ तीनओटा दृष्टान्त हुन् । यसबारेको उपपत्ति यसरी हुन्छ –

*'धूमेनाव्रियते वन्हिः'* धूमले वन्हि ढाक्दछ, यो पहिलो दृष्टान्त हो । वन्हिले प्रकाश गर्ने काम गर्दछ भने धूवाँले प्रकाश ढाक्ने काम गर्दछ । पहिलो दृष्टान्तमा वन्हिको प्रकाश धूवाँले रोकेपनि पकाउने सामर्थ्य रोक्न वा ढाक्न सक्तैन । सामान्यरूपमा प्रकाश ढाके पनि उज्यालो बाहिर आएकै हुन्छ । त्यस्तै बाल्यावस्थामा स्थूल कामना उसमा भए पनि स्वरूप स्थिति समाप्त भएको हुँदैन । धुवाँले पूर्ण रूपमा प्रकाश ढाक्न नसकेजस्तै हुन्छ । त्यसकारण पहिलो अवस्थाका निम्ति दृष्टान्त *'धूमेनाव्रियते वन्हिः'* हो । यस्तै द्वितीयावस्थाको दृष्टान्त 'यथादर्शोमलेन च' हो । आगो बल्दा धूवाँ नचाहे पनि आउँदछ तर ऐना बनाउँदा नचाहे त्यसमा मैलो लाग्दैन । धूवाँ र वन्हि सहज भएजस्तै ऐना बनाउँदा नचाहे त्यसमा मैलो लाग्दैन । धूवाँ र वन्हि सहज भएजस्तै ऐना र मल सहज होइनन् । आफ्नो स्थितिमा रहेको ऐनामा मैलो थोपरेपछि मात्र त्यो बिग्रन्छ । ऐना उत्पत्ति भएपछि असहज मल लाग्दछ । भैरहेको स्थूल कामको पछि लाग्ने हुँदा ऐनामा लागेको मल स्थूलतरको दृष्टान्त हो । स्थूलशरीर प्राप्तिपछि प्राप्त भएको स्थूलकामना अरू थपिएर स्थूलतर भएजस्तै भइरहेको ऐनामा मल थोपरेर स्थूलतम दृष्टान्त बनेको छ । त्यसैले यो द्वितीयावस्थाको दृष्टान्त हो । 'यथादर्शो मलेन च' यसमा चको अर्थ 'अवान्तरवैधर्म्य' हो । मैलो लागेरमात्र ऐना नदेखिने होइन । त्यसमा अलिकति मुखकै बाफ लाग्यो, ऐना पछाडिको लेप कताकतै खुस्कियो भने पनि ऐना देखिँदैन । यस्ता कुराले पनि आदर्श दर्शनमा अवरोध हुन्छ भन्ने देखाउँन यहाँ 'च' शब्दको प्रयोग भएको छ । *'धूमेनाव्रियते वन्हिः'* धूमले वन्हिलाई आवरण गर्दछ भनेजस्तै *'मलेनाऽऽदर्शः आव्रियते'* भन्नुपर्दछ । अर्थात् *'आव्रियते'* को अन्वय दुबैतिर गर्नुपर्दछ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'यथोल्बेनावृतो गर्भ:'* गर्भलाई वेष्टनगर्ने अर्थात् ढाक्ने छाला गर्भभन्दा ठूलो हुनु आवश्यक छ। त्यसै छाला (साल) ले गर्भको बच्चालाई बेरेको छ। बच्चालाई पूर्णरूपमा ढाकेकोले बच्चा देखिँदैन। बोरामा हालेको मान्छे जस्तै गर्भवेष्टित भएकोले बालक चल्न चटपटाउन सक्तैन। यो तृतीयावस्थाको दृष्टान्त हो। सुत्न, खान छोडेर सङ्ग्रह गर्ने जम्मा गर्ने स्थूलतम कामना अनर्थकारी हो। पाउने केही होइन, एक्लै जानुपर्दछ। गर्भवेष्टन चर्मले बच्चालाई बाँधे झैँ कामले बाँधेको छ। सक्कली कुरो केही देख्न सकिँदैन। यी नै तीन अवस्थालाई स्पष्ट पार्न यी तीन दृष्टान्त हुन्। तीनओटा दृष्टान्त दिनुको कारण पनि देखाएको छ। ढाके पनि वान्हिले पकाउने काम नछोड्ने हुँदा स्थूलावस्थामा त्यति बिगार्दैन। त्यति नबिगार्ने हुँदा कमसेकम बालक रहेझैँ भने पनि रहनु पर्दछ। त्यसैले 'बाल्येन तिष्ठासेत्' बालकजस्तो भएर रहू भन्ने श्रुति छ। बालकलाई चिन्ता हुँदैन, निश्चिन्त हुन्छ। स्थूल कामनाले बिगार्ने कुरा आएन तर स्थूलतर कामना भएपछि बिगार्ने स्थिति पैदा हुन्छ। जस्तै ऐनामा मैलो लागे हेर्ने काम रोकिन्छ। मोसो दलेकै भए पनि हटाउँन चाहेमा सजिलैसँग हटाउँन सकिन्छ। त्यसकारण स्थूलतर कामले केही मात्रामा बिगारे पनि सर्वनाशकै स्थितिमा भने पुऱ्याउँदैन। ऐनामा मैलो लागेको हो भन्नेसम्म थाहा पाएमा त्यति खराब हुँदैन। किनभने मैलो फाल्ने कोसिस उसले गर्दछ। तर ऐना नै मैलो भन्ने बुझ्यो भने त अनिष्ट हुने स्पष्टै छ।

स्थूलतम कामले सर्वनाशै हुन्छ। जसरी गर्भमा रहेको बच्चालाई सालले चारैतिरबाट बेरेर हातखुट्टासम्म पनि चलाउँन दिँदैन। चलाउँन नसक्नु छँदैछ, साथै जरायु (साल) भित्र आफू रहेको कुरा पनि उसलाई थाहा हुँदैन। स्वरूपतः उसको प्राप्ति हुँदैन। स्थूलतम काममा पुगेपछि गर्भको सालले बेरिएको बच्चाको स्थिति हुन्छ। यो वास्तवमा अनर्थकै बीज हो। यसले मान्छेलाई चल्न चटपटाउँन दिँदैन। साँच्चै भन्ने हो भने गर्भको बालकको भन्दा पनि निकृष्ट स्थिति स्थूलतम कामनायुक्त व्यक्तिको हुन्छ। त्यस्ता व्यक्तिमा ज्ञानको मात्रा लेशमात्र पनि हुँदैन। त्यसलाई कामले पूर्णरूपमा ढाकेको छ। ज्ञानको मात्रा हुँदैन। अतः स्थूलतम कामना सर्वानर्थको बीज हो। दृष्टान्तरूपमा आएको यस श्लोकको अर्थ दार्ष्टान्तिसँग कतिपय मिल्दछ। सर्वांशमा दृष्टान्तदार्ष्टान्तिकमा कुरा मिल्यो भने त्यो दृष्टान्त हुँदैन। केही अंशमा मात्र समता हुनुपर्दछ। यहाँ पनि त्यस्तै छ। काम वैरी हो भन्ने स्पष्ट भएको छ।

*'तेनेदमावृतम्'* को *'इदं'* को व्याख्याका लागि अगाडिको श्लोक भूमिकाद्वारा स्पष्ट गर्दै हुनुहुन्छ। *'किं पुनस्तदिदं शब्दवाच्यं यत्कामेनावृतमित्युच्यते'* अठतीसौँ श्लोकको इदम् शब्दको अर्थ के हो जसलाई कामले ढाकेको छ ? यसैको उत्तर भगवान्‌बाट –



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरूपेण कौन्तेय दुष्पूरेणानलेन च ॥३९॥

कामले ज्ञानलाई आवृत गरेको छ । जुन काम ज्ञानीका निम्ति नित्यवैरी हो । काममा ज्ञानको आवरकता छ भन्ने देखाउँन यहाँ नित्य वैरी भनिएको छ । कामोद्वेग भएसम्म ज्ञाननिष्ठा सम्भव छैन । ज्ञानको नित्य वैरी हो । यस श्लोकको व्याख्यामा शङ्कराचार्य ।

ज्ञानीका निमित्त काम नित्यवैरी हो अज्ञानीका निम्ति होइन । कसैका निम्ति हुने, कसैका निम्ति नहुनेमा नित्य वैरी कसरी ? उत्तरमा शङ्कराचार्यको विवरण – *'ज्ञानी हि जानात्यनेन अहम् अनर्थे प्रयुक्तः पूर्वमेवेति'* कामले अनर्थमा हाल्यो भन्ने कुरा ज्ञानीलाई थाहा हुन्छ । अनर्थप्राप्ति भैनसकी हुन आँटेको स्थिति पनि ज्ञानीले थाहा पाउँदछ । काम कसरी आउँदछ, यसले के बिगार्दछ यस्ता उपपत्ति अवस्था र आइसकेपछिको (कार्यको) अवस्थालाई ज्ञानीले बुझेको हुन्छ । उपपत्ति र कार्यावस्था बुझ्ने हुँदा यसबाट कति फाइदा र कति बेफाइदा हुन्छ भन्ने जानेको हुन्छ । तसर्थ ज्ञानीका निम्ति काम नित्य वैरी हो ।

प्रवृत्ति र निवृत्तिको कारण कामै हो । यो विना निवृत्ति पनि हुँदैन भने, नित्य वैरी हो भनी निन्दा किन गर्ने ? यसबारे स्मृति –

कामात्मता न प्रशस्ता न चैवेहात्यकामना ।
काम्योहि वेदाधिगमः कर्मयोगश्च वैदिकः ॥[३३८]

प्रवृत्ति निवृत्ति भए पनि यसलाई विद्वान्ले प्रशस्त मानेका छैनन् । तथापि पूर्णरूपमा त्यागन मिल्दैन । अन्यथा खाने, बस्ने, हिड्ने, डुल्ने कुरा नै समाप्त हुन्छ । कात्मात्मता अप्रशस्तको अर्थ अकामात्मतालाई प्रश्रय दिएको होइन । कामना प्रश्रयको सीमा छ । अप्रशस्तको अर्थ सीमा बाहिर जानु हो । स्वधर्मानुकूल कर्ममा कामना हुनुपर्दछ, तद्विपरीत कर्ममा (अधर्ममा) कामना हुनु हुँदैन । ब्राह्मणले वेद पढ्नु स्वधर्म हो । वेद पढ्ने कुरामा कामना हुनुपर्दछ । *'ब्राह्मणेन निष्कारणं षडङ्गो वेदोऽध्येयो ज्ञेयश्च'* [३३९] ब्राह्मणले निष्कारण षडङ्गा वेद पढ्नुपर्दछ, जान्नुपर्दछ अज्ञानीलाई वैदिक, अवैदिक कर्मकै ज्ञान हुँदैन । त्यस्तालाई अवैदिक कर्मबाट हुने अनर्थको झन् के थाहा हुनु । यसै अर्थ काम ज्ञानीको नित्यवैरी हो, अज्ञानीको निमित होइन ।

*'आवृतं ज्ञानमेतेन'* कामले ज्ञानलाई ढाकिदिन्छ । यहाँ ज्ञान भन्नाले अन्तःकरणबुद्धिवृत्त्यात्मकज्ञानलाई लिनुपर्दछ । अन्तःकरणको वृत्ति आभासात्मक भए पनि ज्ञान हो । त्यो सक्कली ज्ञानमा मिल्दछ । विवरण दोस्रो अध्यायमा छ । कामले अखण्डज्ञानलाई ढाक्न सक्तैन, यसले ढाक्ने अन्तःकरणात्मक ज्ञानलाई हो । *'ह्री, धी, श्री इत्येतत्सर्वं मन*



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



एव' ह्री, धी, श्री यी मनका वृत्तिलाई मन भनेझैँ अन्तःकरण वृत्तिलाई आभासात्मक भए पनि ज्ञान नै भनिन्छ । *'ज्ञानमस्यास्तीति ज्ञानी'* ज्ञान रहने ठाउँ ज्ञानी हो । अन्तःकरणविशिष्ट प्रमाता वा जीवन्मुक्तावस्थासम्म पुगेको व्यक्तिलाई ज्ञानी भनिएको हो । काम-कामीले कदापि शान्ति पाउँदैन । यस कुराको विवरण – *'आपूर्यमाणमचलत्प्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् । तद्वत्कामा यं प्रविशन्ति सर्वे स शान्तिमाप्नोति न कामकामी ॥'* दोस्रो अध्याय ७० औँ श्लोकमा भएको छ । काम जति थपे पनि पूरा हुँदैन, अरू कामको अपेक्षा हुन्छ । यसैमा उदाहरण छ – अनलेन च । अनलको अर्थ आगो हो तापनि यसको व्युत्पत्तिमूलक अर्थ गर्नुपर्दछ । *'न विद्यते अलं पर्याप्तं यस्येति अनलः'* अग्निमा जति मूडा हाले पनि पुग्यो भन्दैन । अर्थात् आगोमा जति दाउरा हाले पनि त्यसले खाइदिन्छ । कामना पनि यस्तै हो, कहिल्यै पूरा हुँदैन । अग्निमा दाउरा हालेजस्तै *'न वित्तेन तर्पणीयो मनुष्यः'* [३४०] मनुष्यलाई पनि कहिल्यै धनले पुग्दैन । भनिएको छ ।

न जातु कामः कामनामुपभोगेन शाम्यति ।
हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्धते ॥[३४१]

कृष्णवर्त्मा अग्नि हविद्वारा शान्त नभए जस्तै उपभोगले काम शान्त हुन्छ भन्न मिल्दैन । आज खाएको कुरा फेरि भोलि खानुपर्ने स्पष्टै छ । त्यसकारण कामको शान्ति सम्भव छैन । उपभोगले कामना शान्त भैहाल्दछ भन्न मिल्दैन । शान्त हुन भोग्य विषयमा दोषदृष्टि चाहिन्छ । दोषदृष्टिपछि इच्छा हट्दछ । इच्छा नहटे अनर्थरूपी खाल्टोमा पर्ने निश्चित हुन्छ । विषयसिद्धिबाट हुने इच्छानिवर्तन अस्थायी र दोषदृष्टिबाट हुने इच्छानिवर्तन स्थायी हुन्छ । यसको पोषक श्रुति छ – पराचः कामाननुयन्ति बालास्ते मृत्योर्यान्ति विततस्य पाशम् । अथ धीर अमृतत्वं विदित्वा ध्रुवमध्रुवेष्विह न प्रार्थयन्ते ॥[३४२]

आफ्नो नभएकालाई आफ्नो बनाउने प्रयत्न कामले गर्दछ । बाहिरी विषयलाई भित्री पार्न खोज्ने ती बालहरू मूर्ख हुन् । यस्ता बालहरू (मुर्खहरू) मृत्युमुखमा पर्दछन् । तिनीहरूलाई चारैतिरबाट पाशोले बेरेको हुन्छ । बालहरूलाई मूर्खको संज्ञा दिनै पर्दछ । यसको उल्टो *'धीर'* ज्ञानी पुरुषले अमृतत्वलाई बुझेर आफूसँग नभएका अस्थायी वस्तुको प्रार्थना गर्दैनन् । अज्ञानी बालकहरू कामको पछि दगुर्दछन्, ज्ञानी त्यसो गर्दैनन् । विवेकसामर्थ्य उनीहरूमा हुन्छ । उनीहरूका निम्ति काम नित्य वैरी हो । अज्ञानी त्यसैमा रमाउँदछन् । अनि मृत्युको पाशोमा हलचलै गर्न नसकिने गरी बाँधिन्छन् । श्रुतिको अनुवाद *'आवृतं ज्ञानमेतेन'* मा भएको हो ।

विशुद्ध वंशका व्यक्तिले यो कुरा बुझ्न सक्तछ भन्ने अभिप्रायले यहाँ कौन्तेय सम्बोधन



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भएको हो । शङ्कराचार्यद्वारा *'न विद्यतेऽलं पर्याप्तमित्यनलस्तेन'* भनी अत्यन्त संक्षेपमा आएका मूलभूत कुरा पनि यी नै हुन् ।

यो नित्य वैरी कसरी भयो ? यस्तो आशङ्का आउँन सक्तछ । अज्ञानीले पनि ज्ञानधारामा लाग्ने चेष्टा गरेमा वस्तुविवेक गर्न थाल्दछ । तसर्थ यो ज्ञानीका निम्ति मात्र होइन अज्ञानीका निम्ति पनि वैरी हो भन्ने देखाउँन *'नित्यवैरी'* हो भन्ने मूलमा छ । विषयसिद्धि हुँदैमा कामकै पछि दगुर्नु पर्दछ भन्ने छैन । अज्ञानीले पनि सामान्यतया अनर्थहेतुको विवेक गर्न सक्तछ र विवेक हुनु पनि पर्दछ । अज्ञानीका निम्ति पनि काम नित्यवैरी हो भन्ने पुष्टिका लागि *'दुष्पूरेणानलेन च'* आएको छ । संसारमा जति पनि काम इन्द्रियकै आधारमा हुन्छन् अथवा काम साधिष्ठान हुन्छन् । ज्ञानी, अज्ञानी दुवैका निम्ति नित्य वैरीको उद्भव कामोद्भवप्रक्रियानिदर्शन गर्दै निमित्त र फलप्रस्तुति भगवान्बाट यसरी भएको छ ।

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनाम् ॥४०॥

मन, इन्द्रिय बुद्धिमै कामले वास गर्दछ अथवा कामको अधिष्ठान मन, इन्द्रिय बुद्धि हुन् । कामले ढाकिदिँदैमा जीव मोहमा फस्दछ । शङ्कराचार्यको भाष्य छ – *'ज्ञाते हि शत्रोरधिष्ठानेसुखेन शत्रुनिवर्हणं कर्तुं शक्यत इति'* शत्रु के को आधारमा कहाँ रहन्छ ? भन्ने थाहा पाएपछि त्यसको उच्छेद गर्न सकिन्छ । कामरूपी शत्रु इन्द्रिय, मन र बुद्धिको आधारमा रहन्छन् । मूलमा यो कुरा छ । *'एतैर्विमोहयत्येष एतैरिन्द्रियादिभिराश्रयैर्विमोहयति'* इन्द्रियादिकै आधारमा जीवलाई मोहमा पार्दछ । *'इन्द्रियाणि मनोबुद्धिः'* मा बुद्धि स्त्रीलिङ्गी हो । त्यसैले *'एताभिर्विमोहयत्येष'* भन्नु पर्थ्यो । तर एतैर्विमोहयत्येष पुँलिङ्गी शब्द प्रयोग भएको छ । पुँलिङ्गी शब्द प्रयोगमा शङ्कराचार्यबाट निमित्ताख्यान यसरी भएको छ । *'एतैरिन्द्रियादिभिराश्रयैर्विमोहयति'* एतैः को अर्थ यहाँ आश्रय हो । कामको आश्रय इन्द्रिय हो भन्ने बुझाउँन एतैः पुँलिङ्ग प्रयोग भएको हो । एताभि प्रयोगबाट काम बुद्धिद्वारा जन्मने भन्ने बुझिन्थ्यो । वास्तवमा विषय इन्द्रियसम्बन्धबाट बुद्धि उत्पन्न हुने हुँदा यसको मूल बुद्धि नभई इन्द्रिय हो किनभने इन्द्रिय नभए विषयसम्बन्ध हुँदैन, त्यो नभए बुद्धि हुँदैन, त्यो पनि नभए काम हुँदैन । टुप्पोको कुरा गर्दा बुद्धि कामोत्पत्तिको कारण हो तापनि त्यतिले कुरा नपुगेर त्यसको चुरोसम्म जाँदा इन्द्रियसम्म बुझ्नु आवश्यक हुन्छ । त्यसैले यहाँ गुदीसम्मको कुरा समेट्नका लागि *'एताभिः'* प्रयोग नगरी *'एतैः'* प्रयोग गरिएको हो ।

*'एतैर्विमोहयति'* विमोहयतिको विभिन्न किसिमले मोह गर्दछ भन्ने अर्थ हुन्छ । त्यसैले शङ्कराचार्यबाट *'विविधं मोहयति'* विमोहयति भन्ने अर्थ भएको छ । यसले विभिन्न किसिमले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मोह गर्ने शरीरावच्छिन्न आत्मालाई हो। इन्द्रिय, मन, बुद्धिको आधारमा कामले देहीलाई मोहमा पार्दछ। यसको अर्थ इन्द्रिय भनेर श्रोत्र, त्वक् चक्षुर्जिह्वा घ्राण यी पाँच बुझिन्छन् भने यिनका विषय 'शब्दस्पर्शरूपरसगन्ध' बुझिन्छन्। मनले सङ्कल्प, विकल्प गर्दछ भने बुद्धिले निश्चय गर्दछ। यस अर्थमा कामको अधिष्ठान बुद्धिद्वारा मन र मनद्वारा इन्द्रियसम्म पुग्छ। प्रत्येक इन्द्रियले आ-आफ्नो काम गर्ने हुनाले नै विभिन्न प्रकारले देहीलाई मोह गराउने काम गर्दछन्। मोह पनि त्यसै हुँदैन। कसरी हुन्छ ? *'ज्ञानमावृत्य देहिनाम्'* ज्ञान ढाकिन्छ अनि मोह हुन्छ। यही कुरा देखाउँन *'एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनाम्'* आएको छ। इन्द्रिय, मन, बुद्धि भन्दा माथि बसेर सबैलाई तह लगाउने काम हो। कामले इन्द्रिय, मन, बुद्धिलाई आफ्नो वशमा पारेको छ। इन्द्रिय, मन, बुद्धिले भित्र यसरी आफ्नो काम गर्नुपर्दथ्यो तर कामको वशमा परेकाले यिनले त्यसो गर्दैनन्। बाहिरै भौंतारिएका छन्। अतः त्यस्ता अखण्ड ज्ञानलाई प्रकाश गर्ने सामर्थ्य हुँदैन। बुद्धि, मन र इन्द्रियले आफ्नो काम गरेमा अखण्डज्ञानलाई प्रकाश गर्न सक्तछन्। *'विश्वं दर्पणदृश्यमाननगरीतुल्यं निजान्तर्गतम्'* [३४३] साधक, ज्ञानीले आफू भित्रका सबै छर्लङ्ग देख्न सक्तछ। शरीरभित्रको सूक्ष्माकाशमा सबै कुरा छन्, त्यही ब्रह्म बुद्धि त्यहाँसम्म पुगेपछि देहीलाई कामले वशमा पार्न सक्तैन। आफ्नो काम गर्दा यस स्थितिमा पुगिन्छ भने कामको वशमा पर्दा अथवा अर्काको काम गर्दा मोहजालमा फस्ने स्पष्टै छ।

शरीरभित्रको सूक्ष्माकाशलाई ब्रह्म भन्दछन्। त्यो कस्तो छ ? *'यदिदमस्मिन् ब्रह्मपुरे दहरं पुण्डरीकं वेश्म'* हाम्रो शरीरभित्र ब्रह्मपुर अर्थात् ब्रह्मको शहर छ। हृदयमा खाली ठाउँ छ, त्यसैमा कमल छ। कमलभित्र पनि आकाश छ, त्यसमा एउटा घर छ। *'दहरोऽस्मिन् अन्तराकाशः'* [३४४] खाली ठाउँ आकाश हो। त्यो आकाश बाहिरी आकाशभन्दा ठूलो छ। *'यावान् वा अयं आकाशस्तावान् एष अन्तरहृदये आकाशः'* त्यो आकाश पनि बाहिरको जस्तै छ। *'यच्च अस्येहास्ति यच्च नास्ति, सर्व तदस्मिन् समाहितम्'* [३४५] बाहिरी आकाशमा प्राप्त गरेका यावत् कुरा भित्री आकाशमा पनि छन्। यही आकाश नै सर्वोपरि हो। यसको प्राप्ति पछि सबै मिल्दछ। बुद्धिद्वारा इच्छा आउँदछ। इच्छा आफ्नो अधीनमा हुन्छ। बाहिर लगाए बाहिर जान्छ भने भित्र लगाए भित्र जान्छ। बाहिर लगाउँदा अनर्थ हुन्छ भनी बुझ्ने ज्ञानी हो भने नबुझ्ने अज्ञानी हो। आफूमा उब्जने इच्छाविशेषलाई तह लगाउँन नसक्नु आफ्नै कमजोरी हो भन्ने देखाउँन 'इन्द्रियाणि मनो बुद्धिः' इत्यादि कारिका हो। *'विमोहयति विशेषेण मोहयति अथवा विविधं मोहयति'* विशेषरूपमा मोहमा पार्दछ अथवा विभिन्न किसिमले अनावश्यक कुरामा लगाई मोहमा पार्दछ भनी *'विमोहयति'* को अर्थ दुई किसिमले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्न सकिन्छ । ज्ञानलाई ढाकी देहीलाई विभिन्न किसिमले आफ्नो वशमा पार्ने हुनाले यो सबैका निम्ति नित्यवैरी हो ।

कामले ज्ञानलाई आवरण गरी साहङ्कारीलाई मोह पार्दछ । देहाभिमान नहुनेलाई मोहमा पार्ने कुरै आउँदैन । देहाभिमानीलाई कामले सक्कली स्वरूप चिन्न दिँदैन । यसबाट *'इन्द्रियप्रवृत्ति सत्त्वे कामोद्भवसत्ता इन्द्रियप्रवृत्त्यभावे कामोद्भावाभावः'* यस्तो अन्वय व्यतिरेक सिद्ध छ । इन्द्रियप्रवृत्ति भए काम हुने अन्यथा नहुने भन्ने यसबाट आउँदछ । इन्द्रियादिको आश्रयमा रहने काम हटाउँन यो रहने ठाउँ हटाउनु पर्दछ । विशेषण हट्ने विशेष्य हट्ने वा उभय हट्ने कुरा ठाउँ हेरी हुन्छ । कहीँ विशेष्य हटी विशेषण रहन्छ भने कहीँ विशेष्य रही विशेषण हट्दछ । तर कहीँ कहीँ विशेष्य, विशेषण दुबै हट्दछन् । काम जस्तै बुद्धि पनि इन्द्रियको विषय सम्बन्धजन्य हो । कामोद्भव बुद्धि, मन र इन्द्रियद्वारा हुन्छ भन्ने आपाततः हो । वस्तुतः इन्द्रिय, मन र बुद्धिद्वारा कामोद्भव हुन्छ । बुद्धि, मन इन्द्रियभित्रै पर्दछन् । मन बुद्धिलाई भिन्नै लिइरहनु पर्ने आवश्यक छैन । तसर्थ रहने काम हो र त्यो विशेषण हो भने रहने ठाउँ इन्द्रिय विशेष्य हो । जुन व्यक्तिमा इन्द्रिय हुन्छ, त्यहाँ काम नहुन पनि सक्तछ । जस्तै जीवनमुक्तमा इन्द्रिय रहन्छ तर काम रहँदैन । जीवन्मुक्तमा इन्द्रिय ( विशेष्य) रहे पनि काम (विशेषण) नरहेकोले विशेष्य पनि नरहेजस्तै हुन्छ । अर्थात् कामना नहुँदा इन्द्रिय भएर पनि जीवनमुक्तलाई केही बिगार्दैन । यस्तोलाई *'विशेषणाभावप्रयुक्तविशिष्टाभावः'* भनिन्छ ।

यस्तै इन्द्रिय छैन तर काम छ । लोकस्थितिमा इन्द्रिय नहुने र काम हुने कुरा असम्भव छ । किन्तु इन्द्रिय नभई काम हुने ठाउँको शास्त्रले निर्देश गरेकोले त्यो ठाउँ के हो ? विवेक गर्नु आवश्यक हुन्छ । *'यदा सिसृक्षुः पुर आत्मनः परः'* [३४६] निष्कल परमात्मामा सृष्टि गर्ने काम भए पनि इन्द्रिय हुँदैन । *'अप्राणो ह्यमनः शुभ्रः'* [३४७] ईश्वरमा प्राण मन हुँदैन भन्ने श्रुति छ । *'आपाणिपादो जवनो ग्रहीता पश्यत्यचक्षुः सशृणोत्यकर्णः'* [३४८] पनि श्रुति नै हो । त्यस्तो ठाउँमा विशेषण (काम) भएर विशेष्य (इन्द्रिय) नभएकोले विशेषण पनि नभए सरह हुन्छ । काम भए पनि परमात्मालाई बिगार्न सपार्न सक्तैन । कसैको कामले ईश्वरको सत्ता घट्ने बढ्ने हुँदैन ।

काम रहने र इन्द्रिय नरहने हुँदा सिसृक्षु परमात्मामा *'विशेष्याभावप्रयुक्त-विशिष्टाभावः'* छ । परमात्मामा विशेषण रहे पनि विशेष्य नरहेकोले त्यसको कुनै अर्थ छैन ।

यस्तै विशेष्य, विशेषण दुबै नरहने ठाउँ पनि छ । जस्तै कामोन्मेष नभएको निष्कलपरमात्मामा इन्द्रिय र काम दुबै हुँदैनन् । दुबै अभाव रहनेलाई



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'उभयाभावप्रयुक्तविशिष्टाभावः'* भनिन्छ । यी तीनओटै अभावमा पनि कार्य हुन्छ । यसरी इन्द्रियको मात्र अभाव, कामको मात्र अभाव र दुबै अभाव लिंदा *'विशेष्याभावप्रयुक्तविशिष्टाभावः विशेषणाभावप्रयुक्तविशिष्टाभावः र उभयाभावप्रयुक्तविशिष्टाभावः'* गरी तीनओटा अभाव हुन्छन् । यी तीनओटै अभाव सङ्केतका निम्ति सूत्रमा *'ज्ञानमावृत्य देहिनाम्'* आएको छ ।

माथि आएको अभावत्रयको सङ्केतद्वारा कार्यकारित्वको कुरा चालीसौँ श्लोकको उपसंहार नभई एकचालीसौँ श्लोकको भूमिका हो । किनभने *'यत एवं'* चालीसौँ श्लोकसम्म निरूपित कुराबाट अब अगाडि अरू कुरा गर्नुपर्दछ । *'यस्मात्'* विशिष्टाभावत्रयको स्थितिमा पनि कार्यकारित्व रहन सक्तछ । *'तस्मादिति'* त्यसकारणले –

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥

हे भरत श्रेष्ठ अर्जुन ! तिमीले इन्द्रियहरू वश गरी कामरूपी पापको नाश गर । *'तस्मात्'* को अर्थ विशिष्टाभावत्रयको स्थितिमा पनि कार्यकारित्व हुन सक्तछ भन्ने हुन्छ । *'तस्मात्त्वमिन्द्रियाण्यादौ पूर्व नियम्य'* इन्द्रियकै अधीनमा काम हुने र काम सर्वानर्थको बीज भएकोले त्यसलाई समाप्त पार्नका लागि सबैभन्दा पहिले त्यसको पनि मूल इन्द्रिय नियमन गर्नुपर्दछ । भगवान्ले अर्जुनलाई उद्देश्य गरी यो कुरा गर्नुभए पनि श्रेयोमार्गमा जान चाहने सबैले इन्द्रिय संयमन गर्नु आवश्यक छ । *'नियम्य वशीकृत्य'* इन्द्रियलाई नियमन अर्थात् आफ्नो वशमा पार्नुपर्दछ । यसको अर्थ इन्द्रियको पछि नलागी आफ्नो पछि इन्द्रियलगाउनु हो । मन, बुद्धि र इन्द्रियविशिष्ट आभास आत्मालाई यहाँ आफू भनेर बुझ्नुपर्दछ । आफ्नो अधीनमा इन्द्रिय भएमा अनर्थकारी काम हुँदैन ।

*'तस्मात्त्वमिन्द्रियाण्यादौ'* यसमा आदौ पूर्व पहिले भनेर केको अपेक्षा पहिले ? भन्ने शङ्का आउँन सक्तछ । अनर्थकारी विषयमा इन्द्रिय लागी बिग्रनुभन्दा पहिले भन्ने अर्थ आदौ पूर्व को हो । इन्द्रिय नियमन गर्ने अर्थात् सूत्रको *'तस्मात्त्वमिन्द्रियाण्यादौ'* को आदौले यसै कुरालाई सङ्केत गरेको छ । कामले उद्‌भव भई मोह गराउनु भन्दा पहिले नै इन्द्रिय नियमन गर्नु पर्दछ । मधुसूदन सरस्वतीले यस्तो अर्थ देखाएका छन् । *'मोहनिरोधात्पूर्वं कामनिरोधात् पूर्व वा'* कामको निरोध भन्दा पहिले इन्द्रिय नियमन भएमा काम निरोधार्थ प्रयत्न अपेक्षित हुँदैन । मोह गराउनुभन्दा पहिले भन्ने पहिलो अर्थमा इन्द्रियको विषयसँग सम्बन्ध भई कामोत्पत्ति हुन्छ । अनि त्यसले मोहमा पार्दछ । यस्तो कुरा भएकोले इन्द्रियको विषयसँग सम्बन्ध हुन नदिनु वेश हो । जसले कामोत्पत्ति हुँदैन । मोहमा परेपछि कामनिरोध हुनुभन्दा कामोत्पत्ति हुने बाटो बन्द गर्नु वेश हो । *'मोहनिरोधात्पूर्वं'* भन्ने अर्थ मधुसूदनीको हो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



*'पाप्मानं प्रजहि ह्येनं'* प्रसङ्गको कुरा वैरी काम हो र त्यो पापी हो। त्यसै पाप्मालाई नाश गर्नुपर्दछ। पापलाई जसले आफ्नो स्वरूप बनाएको हुन्छ, त्यो पाम्मा हो। यस्तो कामरूपी पाप्मालाई *'प्रजहि'* नाश गर। *'हन-हिंसागत्योः'* बाट *'जहि'* बन्दछ। मार्नु, गति दुवै अर्थमा यस धातुको प्रयोग हुन्छ। संसारमा अनेक किसिमका मान्छे हुन्छन्। काम आफूखुशी रहन्छ, हामी आफूखुशी रहन्छौं। कामलाई नाश किन गर्ने ? यस्तो आशङ्का गर्नमिल्दैन। संसारमा यावत्प्राणीको सत्ता कामात्मक छ। असल काम निन्दा नगरी खराब कामको निन्दा भएको छ। यसले *'ज्ञानविज्ञाननाशनम्'* ज्ञान विज्ञानलाई नाश गर्दछ। यसलाई तिमीले नाश गर्नुपर्दछ। जसले तिम्रो बुद्धिमा खराब कामको उन्मेष पनि नहोस्। *'पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम्'* बाट आएको छ।

*'ज्ञानविज्ञाननाशनम्'* मा ज्ञा अवबोधने धातुबाट ज्ञान शब्द बन्दछ। त्यसैमा वि उपसर्ग लागेपछि विज्ञान हुन्छ। ज्ञान, विज्ञान एउटै कुरा होइन भिन्नै हो। अन्यथा भिन्नै निर्दिष्ट हुने थिएन। कामले ज्ञान, विज्ञान दुबैलाई नाश गर्दछ। ज्ञान शास्त्र, आचार्य र आफूबाट हुन्छ। शास्त्रबाट हुने ज्ञानमा पनि कुनै निमित्त चाहिन्छ, त्यो आचार्य हो। शास्त्र र आचार्य ज्ञानका निम्ति दुबै अपेक्षित हुन्। शास्त्रमात्रले आचार्यको अभावमा ज्ञान हुन सक्तैन। आचार्यद्वारा शास्त्र सुनेर पनि सम्यक् मनन नभए त्यो फलीभूत हुँदैन। त्यसका निम्ति सम्यक् मनन हुनु पनि आवश्यक छ। त्यसकारण ज्ञान आफूबाट पनि हुन्छ। शङ्कराचार्य - *'शास्त्रतः, आचार्यतः आत्मादीनाभवबोधः'* शास्त्र, आचार्य र आत्माबाट आएको कुरा नै ज्ञान हो। यहाँ अवरोधको अर्थ रोकिनु नभई आउनु भन्ने हो। अवरोधको सट्टा पाठान्तरमा *'अवबोधः'* भएकोले यसको शास्त्र, आचार्य र आत्माबाट बुझिने वा बुझिएको कुरा ज्ञान हो भन्ने अर्थ हुन्छ। आत्मा यहाँ मनो उपाधिक हो। बुद्धि यदा कदा न चाहिने ठाउँमा जाँदा मनो उपाधिक आत्मा पनि गएको आभास हुन्छ। तसर्थ अवरोधको अर्थ नचाहिने ठाउँमा गएको मनबुद्धिलाई रोक्ने भन्ने पनि हुन्छ। ज्ञानद्वारा चाहिनेमा लगाउने र नचाहिनेबाट हटाउने कुराको विवेक हुन्छ। ज्ञानको माध्यमबाट सदसद्विवेक हुन्छ र यसका साधन शास्त्र, आचार्य र आत्मा हुन् भन्ने कुरा भाष्य छ।

'शास्त्र, आचार्य र आत्मा' यहाँ निष्कल आत्मा नलिई बुद्धिवृत्तिमा प्रतिभासित आत्मालाई लिएको हो। शास्त्र, आचार्य र आत्माबाट हुने अथवा जथाभावी कुराबाट नियन्त्रण गरी मनन, निदिध्यासनबाट प्रतिष्ठित हुने कुरा ज्ञान हो। *'शास्त्रतो गुरुतश्चैव स्वतश्चेति त्रिसिद्धयः'* [३४९] सिद्धिः ज्ञानका निम्ति शास्त्र, गुरु र आफ्नो आवश्यकता पर्दछ। 'त्रिसिद्धयः' को अर्थ ज्ञान तीन किसिमको हुन्छ भन्ने नभई यी तीन कुराबाट ज्ञानप्रतिष्ठित हुन्छ भन्ने हो।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यहाँसम्मका कुरा ज्ञानपक्षका हुन् । विज्ञान के हो ? भन्नेमा शङ्कराचार्यको भाष्य छ–*'विज्ञानं विशेषः तदनुभवस्तयोर्ज्ञानमिति विज्ञानम्' 'मोक्षे धीर्ज्ञानमन्यत्र विज्ञानं शिल्पशास्त्रयोः'*[३५०] मोक्ष सम्बन्धी कुरा जान्नु ज्ञान हो भने शिल्पशास्त्रमा पनि यो कुरा घट्न सक्तछ । *'यस्तु क्रियावान् पुरुषः स विद्वान्'*[३५१] पढे अनुसारको आचरण गर्ने व्यक्ति विद्वान् हो भन्ने कुरा नीतिशास्त्रमा पनि छ । यस्तै *'ज्ञानं भारः क्रियां विना'* शास्त्रज्ञान कार्यक्षेत्रमा उतार्न नसके भार हुन्छ । जानेको कुराको प्रयोग कहाँ कहाँ कसरी हुन्छ ? त्यसको विवेकपूर्वक कार्य गर्नसक्नुपर्दछ । जान्नु ज्ञान हो भने त्यसलाई कार्यक्षेत्रमा ठीक ठीक ठाउँमा प्रयोग गर्न सक्नु विज्ञान हो । *'मोक्षे धीर्ज्ञानमन्यत्र विज्ञानं शिल्पशास्त्रयोः'* शिल्पशास्त्रको अर्थ कालीगढी होइन, जानेको प्रयोग गर्न सक्नु पनि हो ।

फलतः शास्त्र र आचार्यबाट सोझै आएको कुरा ज्ञान हो भने त्यसको अनुभव विज्ञान हो । ज्ञानको अनुभवरूप विज्ञानलाई कामले ढाक्दछ । कामले आवृत हुँदा ज्ञान नै हुन पाउँदैन भने ज्ञानको अनुभवरूप विज्ञान कसरी हुने । वेदान्तसिद्धान्तमा मन इन्द्रिय नभए पनि न्यायसिद्धान्तानुसार मन इन्द्रियै हो । इन्द्रिय भन्नाले बुद्धि मनको पनि स्वतः ग्रहण हुने हुँदा त्यसको छुट्टै सङ्ग्रह अनावश्यक छ भन्ने मधुसूदनीद्वारा स्पष्ट छ । *'इन्द्रियत्वेन तयोरपि सङ्ग्रहे वा'* इन्द्रियत्वेन मन बुद्धिको सङ्ग्रह हुन्छ भन्ने कुरा पनि मधुसूदनीमै छ । यस अर्थमा भगवान्बाट मनबुद्धिको सङ्ग्रह भिन्न रूपमा भएन । त्यसकारण इन्द्रिय निरोधमा श्रेय चाहनेको मूल प्रयत्न हुनु आवश्यक देखिन्छ । शब्द, स्पर्श, रूप, रस, गन्धमा जाने पाँच सुषुप्त हुन्छ अनि अव्यवसायात्मिका बुद्धि हुँदैन । त्यसपछि कामोद्भव नै हुँदैन, यसैका निम्ति इन्द्रिय नियन्त्रण गर्ने हो ।

*'तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य'* मा ल्यप् प्रत्ययको पनि अर्थ छ । *'भुक्त्वा व्रजति'* को खाइसक्छ अनि जान्छ भन्ने अर्थ जस्तै पहिले इन्द्रिय नियन्त्रण गर अनि कामलाई समाप्त पार भन्ने अर्थ हुन्छ । इन्द्रिय नियन्त्रण नभई काम समाप्त पार्नसकिँदैन भन्ने देखाउँन नियम्य ल्यबन्त हो । काम सर्वानर्थको बीज हो । भरतर्षभ हे भरतवंशका श्रेष्ठ अर्जुन *'आदौ ! इन्द्रियाणि नियम्य ज्ञानविज्ञाननाशनमेनं पाप्मानं प्रजहि'* पहिले इन्द्रिय नियन्त्रण गरी ज्ञानविज्ञानलाई नाश गर्ने यो पाप्मालाई समाप्त पार । यसलाई समाप्त पार्ने सामर्थ्य तिमीमा छ । दोस्रो अध्यायमा पुरुषर्षभ सम्बोधनको थियो भने यहाँ भरतर्षभसम्बोधन छ । ऋषभको अर्थ श्रेष्ठ हुन्छ तापनि वास्तवमा साँढे हो । त्यो पनि अत्यन्त बलवान्, लौकिक र शास्त्रीय दृष्टिमा पनि साँढेको महत्ता छ । यात्रामा साँढेको दर्शन शुभसूचक हो । वृषोत्सर्गको कुरा पनि छ । त्यसबाट लौकिक अलौकिक समृद्धि हुन्छ भन्ने शास्त्र छ । गोरुमा सर्वश्रेष्ठ साँढे



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भए जस्तै भरतवंशका पनि सर्वश्रेष्ठ तिमी हौ। तिमीभन्दा ठूला पराक्रमी छैनन्। यस्तै ययाति राजाका तीन छोरामध्ये कान्छा पुरुवंशका तिमी हौ। पुरु अत्यन्त गुणशाली भएकाले उनका पिताले पनि जेठो छोरोलाई राज्य नदिई पुरुलाई दिएको प्रसङ्ग छ। पुरुवंशमा जन्मेकाले 'भवति महावंशप्रसूतत्वं वर्तते' हे अर्जुन तिमीमा महावंश प्रसूतत्व छ। असल वंशमा जन्मेको व्यक्तिको बुद्धि खराब हुँदैन भन्ने सङ्केत पनि महावंश प्रसूतत्वबाट आउँदछ। तिमी ठूलो कूलमा जन्मेका, आफैं पनि प्रभावशाली छौ। तसर्थ ज्ञानविज्ञान नाश गर्ने महापापी कामलाई इन्द्रिय नियन्त्रण गरी सहजै नाश गर्न सक्तछौ। यी नै कुरा देखाउँन *'भरतर्षभ'* सम्बोधन हो।

कामलाई समाप्त पार्नु पर्दछ, उपक्रमबाट ज्ञानविज्ञाननाशक शत्रु हो भनी उपसंहार छ। कामको उपक्रममा वैरी भए पनि ज्ञानविज्ञाननाशक भएकोले उपसंहारमा यसलाई शत्रुको संज्ञा दिइएको छ। अर्थनिरूपणमा उपक्रम, उपसंहार प्रधानरूपमा आउँदछन्। ती सबैमा समानताको स्थिति आएमा केही फरक पर्दैन, कुरा सजिलै बुझिन्छ। ती दुईमा एकरूपता नदेखिए कुरा बुझ्न अलि कठिन हुन्छ। उपक्रम र उपसंहारमा एकरूपता नदेखिएमा वाक्यशेषद्वारा बलवान्‌लाई लिनुपर्दछ। यहाँ वैरीबाट उपक्रम गरी शत्रुमा उपसंहार भएको छ। बीचमा *'ज्ञानविज्ञाननाशनम्'* वाक्यशेष छ। वाक्यशेषद्वारा काम ज्ञानविज्ञानको नाशक वैरी मात्र होइन शत्रु हो भन्ने बुझ्नुपर्छ। किनभने वैरीमा नाशै गर्ने क्षमता हुँदैन। त्यसको प्रतिरोधमात्र गर्ने हो, नाश गर्ने शत्रु हो। यसै अभिप्रायले मूल *'ज्ञानविज्ञाननाशनम्'* हो। उपक्रम अलि कमजोर देखिए पनि वाक्यशेषको आधारमा उपसंहारले दिएको कुरालाई अङ्गीकार गर्नुपर्दछ। *'ज्ञानविज्ञाननाशनम्'* को सार्थकता पनि यसैमा छ।

कर्मेन्द्रिय, ज्ञानेन्द्रिय सबै बहिरिन्द्रिय हुन्, अन्तरिन्द्रियलाई अन्तःकरण भन्दछन्। जबर्जस्ती भए पनि बहिरिन्द्रिय रोक्यो तर अन्तरिन्द्रिय मनलाई नियन्त्रण गर्न सकेन भने त्यो मिथ्याचार हुन्छ। बहिरिन्द्रिय नियन्त्रणको अर्थ रहँदैन। दोस्रो अध्याय ५९ औं श्लोकमा 'रसवर्ज रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते' भनी उपाय निरूपणभएको छ। यस श्लोककै विवरण यहाँ ४९ औं श्लोकमा हुन्छ। इन्द्रिय, मन, बुद्धि नियन्त्रण परदर्शनकै निम्ति हो। जुन पर हो, त्यही रस हो। रस भनेको राग हो, त्यो हटेपछि परदर्शन हुन्छ अनि इन्द्रिय हटाउँन प्रयत्नै गर्नुपर्दैन। *'परंदृष्ट्वा निवर्तते'* मा परको अर्थ के हो ? पर वा वर भन्ने कुरा अपेक्षामा मात्र हुन्छ। निरपेक्ष हुँदैन। 'परं दृष्ट्वा' मा परको कुरा छ। पर जान्नको लागि त्योभन्दा वरको कुरा जान्नु आवश्यक हुन्छ। परको कुरा बुझाउँन अथवा *'रसवर्जरसोऽप्यस्य'* इत्यादि श्लोकको व्याख्या गर्न र ज्ञानविज्ञाननाशक कर्मलाई समाप्त पार्ने उपाय प्रतिपादन गर्न ४२ औं श्लोक छ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# तृतीय अध्यायको टिप्पणी


१. पराशरमाधव व्यवहाराध्याय पृष्ठ ३० — एशियाटिक सोसाइटी बंगाल ई. १९७३-७४

२. जाबालोपनिषत् ४ — मोतीलाल बनारसीदास ई. १९८० दिल्ली

३. महाभारतम् १२।२४१।७ — ओरियण्टल रिप्रिन्टकर्पोरेशन दिल्ली ई. १९७९

४. अनुमानगादाधरी संङ्गतिप्रकरण — चौखम्बा संस्कृत सीरिज वाराणसी

५. न्यायभाष्यम् — चौखम्बा वाराणसी १९४२ ई.

६. न्यायसूत्रम् २।१।७ — चौखम्बा वाराणसी १९४२ ई.

७. तात्पर्यटीका १।१।१ — चौखम्बा संस्कृत सिरिज बनारस ई. १९२४

८. ब्रह्मसूत्रम् १।३।२८ — मोतीलाल बनारसीदास दिल्ली ई. १९८०

९. ब्रह्मसूत्रशाङ्करभाष्यम् १।३।२८ — मोतीलाल बनारसीदास दिल्ली ई. १९८०

१०. ब्रह्मसूत्रशाङ्करभाष्यम् उद्धृत — मोतीलाल बनारसीदास दिल्ली ई. १९८०

११. मनुस्मृतिः १।२१ — निर्णयसागर १९४६ ई.

१२. मुण्डकोपरिषत् ३।२।६ — दक्षिणामूर्तिमठ वाराणसी ई. १९७९

१३. सूक्तिः

१४. मनुस्मृतिः २।६ — निर्णयसागर बम्बई १९४६

१५. अध्यासभाष्यम् १।१।१ — मोतीलाल बनारसीदास ई. १९८०

१६. ब्रह्मसूत्रशाङ्करभाष्यम् ३।४।४७ — मोतीलाल बनारसीदास ई. १९८०

१७. वेदान्तकल्पतरु १।१।२० — कृष्णराम अकादमी वाराणसी १९८२ ई.

१८. योगसूत्रम् २।२२

१९. योगवार्तिकबाट उद्धृत — भारतीयविद्या प्रकाशन वाराणसी

२०. बृहदारण्यकोपनिषत् २।४।५ — वाणीविलास प्रकाशन काशी २०११ वि.

२१. बृहदारण्यकोपनिषत् ४।४।२२ — वाणीविलास प्रकाशन काशी २०११ वि.

२२. मनुस्मृतिः ११।४६ — निर्णयसागर मुम्बई ई. १९४६

२३. महाभारत् १२।१९६।८ — ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ शाङ्कर भाष्यमा उद्धृत

२४. मा. शतपथब्राह्मणम् ११।५।६ — अच्युत ग्रन्थमाला काशि सं. १९९७

२५. पराशरमाधव आचारकाण्ड पृ. १४३ — एशियायिक सोसाइटी वंगाल १९७३-१९७४ ई.




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




| | | |
|---|---|---|
| | मिताक्षरा ३।९।३१० | निर्णयसागर वम्बई १९३६ |
| २६. | योगसूत्रम् २।४४ | भारतीयविद्याप्रकाशन वाराणसी १९९२ ई. |
| २७. | योगसूत्रम् २।४४ | भारतीयविद्याप्रकाशन वाराणसी १९९२ ई. |
| २८. | आभाणक योगवार्तिक उद्धृत | भारतीयविद्याप्रकाशन वाराणसी १९९२ ई. |
| २९. | महाभारतम् ३।३१२।८८ | ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली ई. १९७९ |
| ३०. | महाभारतम् १२।१६।१७ | ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली ई. १९७९ |
| ३१. | निर्णयसिन्धु एकादशीप्र. | निर्णयसागर बम्बई १९४९ ई. |
| ३२. | मीमांसासूत्रम् १।१।२ | आनन्दाश्रम पूना |
| ३३. | महाभारतम् ३।२००।११८ | ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई. |
| ३४. | मनुस्मृतिः ५।२१ | निर्णयसागर प्रेश बम्बई १९४६ ई. |
| ३५. | योगदर्शनम् २।२८ | भारतीय विद्याप्रकाशन वाराणसी १९९२ ई. |
| ३६. | याज्ञवल्क्यस्मृतिः ३।५।३१२ | निर्णयसागर प्रेस बम्बई १९३६ ई. |
| ३७. | याज्ञवल्क्यस्मृतिः ३।५।३१३ | निर्णयसागर प्रेस बम्बई १९३६ ई. |
| ३८. | मनुस्मृतिः ४।२०४ | निर्णयसागर प्रेस बम्बई १९४६ ई. |
| ३९. | मनुस्मृतिः ४।१४७ | निर्णयसागर प्रेस बम्बई १९४६ ई. |
| ४०. | कुल्लूकटीका ४।२०४ | निर्णयसागर प्रेस बम्बई १९४६ ई. |
| ४१. | मनुस्मृतिः ४।१९८ | निर्णयसागर प्रेस बम्बई १९४६ ई. |
| ४२. | श्रीमद्भागवतम् ७।१५।१२ | गीता प्रेस गोरखपुर, वि. १९५९ |
| ४३. | पराशरमाधव आचारा. पृ. ४५० | एसियाटिक सोसाइटी बंगाल १९७३-७४ |
| ४४. | मीमांसादर्शनम् ३।३।४, तै. संहिता २।५।११ | आनन्दाश्रम पूना |
| ४५. | पराशरमाधव व्यवहाराध्याय पृष्ठ ३० | एसियाटिक सोसाइटी बंगाल १९७३-७४ |
| ४६. | तैत्तिरीयोपनिषत् उपनिषद् १ | दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई. |
| ४७. | बृहदारण्यकोपनिषत् ४।४।५ | वाणीविलाशप्रकाशन काशी, वि.२०११ |
| ४८. | मीमांसाश्लोकवार्तिकम् प्र.सू. ११ | तारा प्रिण्टिङ्ग वर्क्स वाराणसी १९७८ ई. |
| ४९. | महाभारतम् १२।२४।७ | ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई. |
| ५०. | ऐतरेय ब्राह्मणबाट उद्धृत कात्यायन श्रौतसूत्र भूमिका | लालबहादुर केन्द्रीय संस्कृत विद्यापीठ दिल्ली १९८२-८३ |
| ५१. | मनुस्मृतिः २।१० | निर्णयसागर बम्बई १९४६ ई. |
| ५२. | याज्ञवल्क्यस्मृतिः १।९७ | निर्णयसागर बम्बई १९३६ ई. |
| ५३. | मा. शतपथब्राह्मणम् ११।५।६।९ | अच्युत ग्रन्थ माला काशी, वि.१९९७ |
| ५४. | बृहदारण्यकोपनिषत् १।४।६ | वाणीविलासप्रकाशन वाराणसी वि.२०११ |




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




| | | |
|---|---|---|
| ५५. | पारस्करगृह्यसूत्रम् ३।२ | गुजराती प्रिण्टिङ्ग प्रेस मुम्बई १९१७ ई. |
| ५६. | आश्वलायनगृह्यसूत्रम् २।४।११ | |
| ५७. | पारस्करगृह्यसूत्रम् २।१ | गुजराती प्रिण्टिङ्ग प्रेस मुम्बई १९१७ ई. |
| ५८. | कात्यायनश्रौतसूत्रम्, कर्क ४।७।५-७ | लालबहादुर केन्द्रीय संस्कृत विश्वविद्यालय दिल्ली |
| ५९. | कात्यायनश्रौतसूत्रम् , भूमिका | लालबहादुर केन्द्रीय संस्कृत विश्वविद्यालय दिल्ली १९८२-८३ |
| ६०. | तैत्तिरीयसंहिता २।३।६ | |
| ६१. | तैत्तिरीयसंहिता २।३।६ | |
| ६२. | मा. शतपथब्राह्मणम् १३।१।१।१ | अच्युतग्रन्थमाला काशी वि.१९९७ |
| ६३. | मीमांसापरिभाषा पृष्ठ २४-२५ | चौखम्बा संस्कृत सिरिज वाराणसी |
| ६४. | मा. शतपथब्राह्मणम् ७।२।४।१२ | अच्युतग्रन्थमाला काशी वि.१९९७ |
| ६५. | मा. शतपथब्राह्मणम् ९।१।१।१ | अच्युतग्रन्थमाला काशी वि.१९९७ |
| ६६. | कात्यायनश्रौतसूत्रम् १८।१।१ | लालवहादुर केन्द्रीय सं. विद्यापीठ दिल्ली १९८२-८३ ई. |
| ६७. | मा. शतपथब्राह्मणम् ३।६।४।६ | अच्युतग्रन्थमाला काशी १९९७ ई. |
| ६८. | बृहदारण्यकोपनिषत् शाङ्करभाष्यम् १।३।१ | वाणीविलासप्रकाशन वाराणसी वि.२०११ |
| ६९. | बृहदारण्यकोपनिषत् ३।९।१ | वाणीविलासप्रकाशन वाराणसी वि.२०११ |
| ७०. | महाभारतम् ३।३१३।८० | ओरियण्टल रिप्रिन्ट क. दिल्ली १९७९ ई. |
| ७१. | बृहदारण्यकोपनिषत् ३।७।२ | वाणीविलासप्रकाशन वाराणसी वि.२०११ |
| ७२. | बृहदारण्यकोपनिषत् ३।९।१ | वाणीविलासप्रकाशन वाराणसी वि.२०११ |
| ७३. | व्युत्पत्तिवाद द्वि. का. | चौखम्बा संस्कृत सिरिज वनारस वि.१९८८ |
| ७४. | महाभारतम् ३।३१३।८० | ओरियण्टल रिप्रिन्ट क. दिल्ली १९७९ ई. |
| ७५. | व्युत्पत्तिवाद द्वि.का. | चौखम्बा संस्कृत सीरिज बनारस वि.१९८८ |
| ७६. | कात्यायनश्रौतसूत्रम् १।२२ | लालबहादुर संस्कृतविद्यापीठ दिल्ली १९८२-८३ |
| ७७. | कात्यायनश्रौतसूत्रम् १।२३ | लालबहादुर संस्कृतविद्यापीठ दिल्ली १९८२-८३ |
| ७८. | कात्यायनश्रौतसूत्रम् १।२६ | लालबहादुर संस्कृतविद्यापीठ दिल्ली १९८२-८३ |
| ७९. | कात्यायनश्रौतसूत्रम् १।२७ | लालबहादुर संस्कृतविद्यापीठ दिल्ली १९८२-८३ |
| ८०. | भाट्टदीपिका ३।४।१८ | सद्‌गुरु प्रकाशन दिल्ली १९८७ ई. |
| ८१. | देवीभागवतम् ७।३९।३२ | पण्डित पुस्तकालय काशी १९५६ |
| ८२. | पारस्करगृह्यसूत्रम् १।१।१ | गुजराती प्रिन्टिङ्ग मुम्बई १९१७ ई. |
| ८३. | हरिवंश १।१६।२१ | सर्वहितैषी कं. रामघाट वाराणसी |
| ८४. | महाभारतम् ५।३३।२९ | ओरियण्टल रिप्रिन्ट कं. दिल्ली १९७९ ई. |




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




८५. नयनप्रसादिनी अविद्याप्र. षड्दर्शन प्रकाशन काशी १९५६ ई.
८६. मनुस्मृतिः २।१६ निर्णयसागर मुम्बई १९४६ ई.
८७. महाभारतम् १२।२६८।२७ ओरियण्टल रिप्रिन्ट कं. दिल्ली १९७९ ई.
८८. मा. शतपथब्राह्मणम् १।६।२।२० अच्युतग्रन्थमाला काशी वि.१९९७
८९. योगवासिष्ठ ६ पूर्व ८१।१०९ मुन्सीराम मनोहरलाल दिल्ली १९८१ ई.
९०. मीमांसातन्त्रवार्तिकम् १।२।७ आनन्दाश्रम पूना १९८४ ई.
९१. मीमांसान्यायप्रकाश पृष्ठ ४, १७७ चौखम्बा वाराणसी १९८१ ई.
९२. मीमांसान्यायप्रकाशशाङ्करभाष्यम् उद्धृत १।८।७ आनन्दाश्रम पूना १९८४ ई.
९३. मीमांसातन्त्रवार्तिकम् १।२।७ आनन्दाश्रम पूना १९८४ ई.
९४. मा. शतपथब्राह्मणम् ७।१।२।४ अच्युतग्रन्थमाला, काशी वि.१९९७
९५. छान्दोग्योपनिषत् ३।६।१ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.
९६. हैमकोष उद्धृत व्याख्यासुधा अमरकोष २।१३ चौखम्बा वाराणसी, दिल्ली १९८४ ई.
९७. मा. शतपथब्राह्मणम् ११।१।६।१६ अच्युतग्रन्थमाला काशी १९९७ ई.
९८. मा. शतपथब्राह्मणम् १२।१।१।१ अच्युतग्रन्थमाला काशी १९९७ ई.
९९. मनुस्मृतिः पराशरमाधव प्रा.पृष्ठ १४३ एसियाटिक सोसाइटी वंगाल
१००. याज्ञवल्क्यस्मृतिः १।८।१८६ निर्णयसागर बम्बई १९३६ ई.
१०१. मा. शतपथब्राह्मणम् १२।३।४।१ अच्युतग्रन्थमाला काशी १९९७ ई.
१०२. मा. शतपथब्राह्मणम् १४।३।२।१ अच्युतग्रन्थमाला काशी १९९७ ई.
१०३. मनुस्मृतिः १।२१ निर्णयसागर बम्बई १९४६
१०४. मनुस्मृतिः १।२२ निर्णयसागर बम्बई १९४६
१०५. मीमांसाश्लोकवार्तिकम् १।१।६ ताराप्रिन्टिङ्ग वर्क्स वाराणसी १९७८ ई.
१०६. मनुस्मृतिः १।२३ निर्णयसागर बम्बई १९४६ ई.
१०७. मनुस्मृतिः ४।३९ निर्णयसागर बम्बई १९४६ ई.
१०८. तैत्तिरीयसंहिता ६।३।१
१०९. रघुवंश १।६९ निर्णयसागर मुम्बई १९२५ ई.
११०. ईशावास्योपनिषत् १।१ दक्षिणामूर्तिमठ वाराणसी १९९७ ई.
१११. न्यायकुसुमाञ्जलिः २।३ चौखम्बा संस्कृत सिरिज वाराणसी १९५७ ई.
११२. न्यायकुसुमाञ्जलिः गद्य २।३ चौखम्बा संस्कृत सिरिज वाराणसी १९५७ ई.
११३. मनुस्मृतिः २।२९ निर्णयसागर मुम्बई १९४६ ई.
११४. मनुस्मृतिः ४।५-६ निर्णयसागर मुम्बई १९४६ ई.




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




११५. अमरकोष २।९।२ चौखम्बा प्रतिष्ठान दिल्ली १९८४ ई.

११६. मुक्तावली मङ्गलवाद दिनकरी चौखम्बा प्रतिष्ठान वाराणसी १९५१ ई.

११७. मनुस्मृतिः ४।६ निर्णयसागर मुम्बई १९४६ ई.

११८. वाल्मीकिरामायण २।४।१५, महाभारतम् १३।६६।६१ गोरखपुर गीताप्रेस, ओरि.टि.क १९७९ ई.

११९. पारस्करगृह्यसूत्रम् ४।१ गुजराती प्रि. प्रेस मुम्बई १९१७ ई.

१२०. मा. शतपथब्राह्मणम् ९।३।४।१४ अच्युतग्रन्थमाला काशी वि.१९९७

१२१. मनुस्मृतिः ४।२३३ निर्णयसागर बम्बई १९४६ ई.

१२२. याज्ञवल्क्यस्मृतिः १।२१२ निर्णयसागर बम्बई १९३६ ई.

१२३. महाभारतम् १३।१३८।३ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

१२४. ऋक्संहिता १०।११७।७ चौखम्बा संस्कृत सिरिज वाराणसी १९६६ ई.

१२५. छान्दोग्योपनिषत् ७।१५।४ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

१२६. मनुस्मृतिः ३।६८ निर्णयसागर प्रेस मुम्बई १९४६ ई.

१२७. मा. शतपथब्राह्मणम् ११।५।६।१ अच्युत ग्रन्थमाला काशी वि. १९५७

१२८. मुक्तावली मङ्गलम् चौखम्बा वाराणसी १९५१ ई.

१२९. योगभाष्यम् २।५ भारतीय विद्याप्रकाशन वाराणसी १९९२ ई.

१३०. मा. शतपथब्राह्मणम् ४।३।४।१ चौखम्बा संस्कृत सं. वाराणसी वि.२०३४

१३१. मा. शतपथब्राह्मणम् १४।४।३।१ अच्युतग्रन्थमाला काशी वि.१९९७

१३२. मा. शतपथब्राह्मणम् १०।१।५।४ अच्युतग्रन्थमाला काशी वि.१९९७

१३३. माण्डूक्योपनिषत् शाङ्करभाष्यमा उद्धृत दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

१३४. ऋक्संहिता १०।११७।६ चौखम्बा वाराणसी १९६६ ई.

१३५. मा. शतपथब्राह्मणम् १४।४।३।२ अच्युत ग्रन्थमाला काशी वि.१९९७

१३६. मा. शतपथब्राह्मणम् ८।६।२।२ अच्युत ग्रन्थमाला काशी वि.१९९७

१३७. मा. शतपथब्राह्मणम् ८।६।२।४ अच्युत ग्रन्थमाला काशी वि.१९९७

१३८. बृहदारण्यकोपनिषत् ४।४।१८ वाणीविलास प्रकाशन वाराणसी वि.२०११

१३९. मा. शतपथब्राह्मणम् १०।५।२।१८ अच्युतग्रन्थ माला काशी वि.१९९७

१४०. मा. शतपथब्राह्मणम् ९।४।४।९ चौखम्बा संस्कृत संस्थान वाराणसी वि.२०३४

१४१. मा. शतपथब्राह्मणम् ३।२।४।३ चौखम्बा संस्कृत संस्थान वाराणसी वि.२०३४

१४२. महाभारतम् १३।८५।४८ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

१४३. विवरणप्रमेयसङ्ग्रह १।२ अच्युतग्रन्थमाला काशी वि.१९९६

१४४. मा. शतपथब्राह्मणम् १०।१।१।६ अच्युतग्रन्थमाला काशी वि.१९९७




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




१४५. मनुस्मृतिः ३।७२ निर्णयसागर मुम्बई १९४६ ई.
१४६. मा. शतपथब्राह्मणम् १०।१।४।१४ अच्युतग्रन्थमाला काशी वि.१९९७
१४७. ऋक्संहिता ८।६।४३।१४ चौखम्बा वाराणसी १९६६ ई.
१४८. मा. शतपथब्राह्मणम् १२।४।४।१ अच्युतग्रन्थ माला काशी वि.१९९७
१४९. मा. शतपथब्राह्मणम् ६।१।४।९ चौखम्बा संस्कृत संस्थान वाराणसी वि.२०३४
१५०. मा. शतपथब्राह्मणम् ३।२।१।१० चौखम्बा संस्कृत संस्थान वाराणसी वि.२०३४
१५१. महाभारतम् ३।२२२।३२ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.
१५२. मनुस्मृतिः ३।२१२ निर्णयसागर प्रेस मुम्बई १९४६ ई.
१५३. निर्णयसिन्धु श्राद्ध प्र. निर्णयसागर प्रेस मुम्बई १९४९ ई.
१५४. मनुस्मृतिः ११।२० निर्णयसागर प्रेस मुम्बई १९४६ ई.
१५५. धर्मसिन्धु पृ. १८१ निर्णयसागर प्रेस मुम्बई १९३६ ई.
१५६. मनुस्मृतिः ३।७६ निर्णयसागर मुम्बई १९४६ ई.
१५७. माध्यन्दिनीय शुक्लयजुःसंहिता ३६।२४ मोतीलाल बनारसीदास वाराणसी १९७१ ई.
१५८. मा. शतपथब्राह्मणम् ११।६।२।१-१० अच्युतग्रन्थमाला काशी वि.१९९७
१५९. मनुस्मृतिः १।३७ निर्णयसागर प्रेस मुम्बई १९४६ ई.
१६०. पाणिनीय अष्टाध्यायी ४।१।१३१ निर्णयसागर प्रेस मुम्बई १९२९ ई.
१६१. मा. शतपथब्राह्मणम् ३।२।४।१० चौखम्बा संस्कृत संस्थान वाराणसी वि.२०३४
१६२. मनुस्मृतिः ९।२६ निर्णयसागर बम्बई १९४६ ई.
१६३. चण्डी सप्तशती ११।६ बुटाला एण्ड कम्पनी वडौदा १९८४ ई.
१६४. मनुस्मृतिः ९।११ निर्णयसागर बम्बई १९४६ ई.
१६५. मनुस्मृतिः ५।१५० निर्णयसागर बम्बई १९४६ ई.
१६६. छान्दोग्योपनिषत् ५।९।१ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.
१६७. बृहदारण्यकोपनिषत् ४।५।११ वाणीविलास प्रकाशन वाराणसी वि.२०११
१६८. न्यायभाष्यम् १।१।२२ चौखम्बा संस्कृत सिरिज वाराणसी १९४२
१६९. साङ्ख्यतत्त्वकौमुदी बालराम उदासीन हरिद्वार १९५१ ई.
१७०. बृहदारण्यकोपनिषत् १।४।१६ वाणीविलासप्रकाशन वाराणसी वि.२०११
१७१. बृहदारण्यकोपनिषत् ३।५।१ वाणीविलासप्रकाशन वाराणसी वि.२०११
१७२. बृहदारण्यकोपनिषत् ३।४।१ वाणीविलासप्रकाशन वाराणसी वि.२०११
१७३. बृहदारण्यकोपनिषत् ३।५।१ वाणीविलासप्रकाशन वाराणसी वि.२०११
१७४. मुण्डकोपनिषत् २।२।१ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




| | |
|---|---|
| १७५. बृहदारण्यकोपनिषत् १।५।३ | वाणीविलास प्रकाशन काशी वि.२०११ |
| १७६. मुण्डकोपनिषत् ३।३।४ | दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई. |
| १७७. छान्दोग्योपनिषत् ७।२५।२ | दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई. |
| १७८. छान्दोग्योपनिषत् ८।१।६ | दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई. |
| १७९. साङ्ख्यकारिका २ | बालराम उदासीन हरिद्वार १९५१ |
| १८०. मुण्डक १।२।१२ | महेशसंन्यासाश्रम दक्षिणामूर्ति वाराणसी १९७९ ई. |
| १८१. बृहदारण्यकोपनिषत् १।४।१० | वाणीविलास प्रकाशन वाराणसी वि.२०११ |
| १८२. बृहदारण्यकोपनिषत् ४।४।२२ | वाणीविलास प्रकाशन वाराणसी वि.२०११ |
| १८३. मुण्डक १।२।१२ | दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई. |
| १८४. पारस्परिक प्र. वादः | मुन्सीराम मनोहरलाल दिल्ली १९८१ ई. |
| १८५. योगवासिष्ठम् ३।११९।५-२२ | मुन्सीराम मनोहरलाल दिल्ली १९८१ ई. |
| १८६. बृहदारण्यकोपनिषत् ४।४।७ | दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई. |
| १८७. श्रीमद्भावगतम् ११।१३।३६ | मोतीलाल बनारसीदास वाराणसी १९९९ ई. |
| १८८. श्रीमद्भावगतम् ३।२८।३८ | मोतीलाल बनारसीदास वाराणसी १९९९ ई. |
| १८९. बृहदारण्यकोपनिषत् ४।४।७ | दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई. |
| १९०. बृहदारण्यकोपनिषत् ४।४।२२ | दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई. |
| १९१. महाभारतम् ३।३१३।५२ | मुन्सीराम मनोहरलाल दिल्ली १९७९ ई. |
| १९२. महाभारतम् ३।३१३।५० | मुन्सीराम मनोहरलाल दिल्ली १९७९ ई. |
| १९३. रघुवंशः २।५३ | निर्णयसागर बम्वई १९३२ ई. |
| १९४. कठोपनिषत् १।२।२५ | दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई. |
| १९५. बृ. उपनिषत् ३।५।१ | दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई. |
| १९६. याज्ञवल्क्यशिक्षा, व्युत्पत्तिवाद | मोतीलाल बनारसी दास, चौखम्बा वाराणसी १९७९ |
| १९७. याज्ञवल्क्यस्मृतिः १।५४ | निर्णयसागर बम्बई १९३६ ई. |
| १९८. मन्वर्थमा उद्धृत विवाह प्रकरण | निर्णयसागर बम्बई १९४६ ई. |
| १९९. नमुस्मृतिः ११।१९० | निर्णयसागर प्रेस बम्बई १९४६ ई. |
| २००. मनुस्मृतिः १।५४ | निर्णयसागर बम्बई १९४६ ई. |
| २०१. मनुस्मृतिः ११।९० | निर्णयसागर बम्बई १९४६ ई. |
| २०२. ब्रह्मसूत्रभाष्यादिः ३।४।४३ | कृष्णदास अकादमी वाराणसी १९८२ ई. |
| २०३. मा. शतपथब्राह्मणम् १२।१।१।१० | अच्युतग्रन्थमाला काशी वि.१९९७ |
| (कात्यायनश्रौतसूत्रम् १२।२।१५) | केन्द्रीय संस्कृत विद्यापीठ दिल्ली १९८२-८३ |




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




२०४. स्मृतिसन्दर्भ — नागप्रकाशन दिल्ली १९८८ ई.

२०५. शब्दस्तोम महानिधि पृ. ३४३ — चौखम्वा संस्कृत सिरिज वाराणसी १९६७ ई.

२०६. महाभारतम् १३।८४।६ — ओरियण्ट रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९

२०७. महाभारतम् १३।८५।८३ — ओरियण्ट रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९

२०८. योगवासिष्ठम् १।२।२ — मुन्सीराम मनोहरलाल दिल्ली १९८१ ई.

२०९. ब्रह्मसूत्रम् २।३।३३ — कृष्णदास अकादमी वाराणसी १९८२ ई.

२१०. अध्यासभाष्यम् ब्रह्मसूत्रम् — कृष्णदास अकादमी वाराणसी १९८२ ई.

२११. साङ्ख्यकारिका २१ — बालराम उदासीन हरिद्वार १९६७ ई.

२१२. भागवतम् ३।१०।१४ — मोतीलाल बनारसी दास वाराणसी १९८६ ई.

२१३. साङ्ख्यकारिका २२ — बालराम उदासीन हरिद्वार १९६७ ई.

२१४. बृहदारण्यकोपनिषत् ४।४।१ — दक्षिणामूर्तिमठ वाराणसी १९८६

२१५. दुर्गासप्तशती १।५९ — बुटाला एण्ड कम्पनी दिल्ली १९८४ ई.

२१६. दुर्गासप्तशती ४।६ — बुटाला एण्ड कम्पनी दिल्ली १९८४ ई.

२१७. भागवतम् १०।२९।१ — मोतीलाल बनारसीदास वाराणसी १९८६ ई.

२१८. दुर्गासप्तशती ५।७ — बुटाला एण्ड कम्पनी दिल्ली १९८४ ई.

२१९. दुर्गासप्तशती प्राधानिक रहस्यम् २१ — बुटाला एण्ड कम्पनी दिल्ली १९८४ ई.

२२०. दुर्गासप्तशती प्राधानिक रहस्यम् २५ — बुटाला एण्ड कम्पनी दिल्ली १९८४ ई.

२२१. प्रत्यक्तत्त्व प्रदीपिका पृ. २८० — उदासीन संस्कृत विद्यालय काशी १९५६ ई.

२२२. भागवतम् ३।५।२१ — मोतीलाल बनारसी दास वाराणसी १९८६

२२३. भागवतम् ३।२६।१० — मोतीलाल बनारसी दास वाराणसी १९८६

२२४. देवीभागवतम् ९।१।५ — पण्डित पुस्तकालय काशी १९५६

२२५. देवीभागवतम् ९।१।६ — पण्डित पुस्तकालय काशी १९५६

२२६. देवीभागवतम् ९।१।७ — पण्डित पुस्तकालय काशी १९५६

२२७. देवीभागवतम् ९।१।९ — पण्डित पुस्तकालय काशी १९५६

२२८. देवीभागवतम् ९।१।१ — पण्डित पुस्तकालय काशी १९५६

२२९. देवीभागवतम् ७।४०।३ — पण्डित पुस्तकालय काशी १९५६

२३०. दुर्गासप्तशती ५।२२ — बुटाला एण्ड कम्पनी दिल्ली १९८४

२३१. प्रश्नोपनिषत् ६।४ — दक्षिणामूर्तिमठ वाराणसी १९७९

२३२. प्रश्नोपनिषत् ६।३ — दक्षिणामूर्तिमठ वाराणसी १९७९

२३३. श्वेताश्वतर उपनिषत् ६।१९ — गोरखापुर गीताप्रेस १९८४




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




२३४. ब्रह्मसूत्रम् १।४।२३ कृष्णदास अकादमी वाराणसी १९८२ ई.

२३५. छान्दोग्योपनिषत् ६।१।२ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२३६. छान्दोग्योपनिषत् ६।१।६ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२३७. छान्दोग्योपनिषत् ६।१।२ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२३८. अष्टाध्यायी २।३।६९ निर्णयसागर बम्बई १९२९ ई.

२३९. भामती अध्यासभाष्यम् कृष्णदास अकादमी वाराणसी १९८२

२४०. प्रत्यक्तत्त्वप्रदीपिका अनिर्वचनीयत्व प्र. उदासीन संस्कृत विद्यालय काशी १९५६ ई.

२४१. प्रत्यक्तत्त्वप्रदीपिका अनिर्वचनीयत्व प्र. उदासीन संस्कृत विद्यालय काशी १९५६ ई.

२४२. न्यायभाष्यम् उपक्रम चौखम्बा संस्कृत सिरीज आ. वारा. १९४२ ई.

२४३. किरणावली द्रव्यनिरूपणम् चौखम्बा संस्कृत सिरीज आ. वारा. १९३६ ई.

२४४. श्वेताश्वतरोपनिषत् २।१९ गीताप्रेस गोरखपुर १९८४ ई.

२४५. बृहदारण्यकोपनिषत् २।१।१ दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई.

२४६. बृहदारण्यकोपनिषत् २।१।१५ दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई.

२४७. बृहदारण्यकोपनिषत् २।१।१६ दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई.

२४८. बृहदारण्यकोपनिषत् २।१।२० दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई.

२४९. छान्दोग्योपनिषत् ७।२३।१ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२५०. छान्दोग्योपनिषत् ७।२४।१ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२५१. छान्दोग्योपनिषत् ४।१५।१ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२५२. प्रश्नोपनिषत् ३।१२ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

२५३. प्रश्नोपनिषत् ३।२ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

२५४. कठोपनिषत् २।३।१८ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

२५५. बृहदारण्यकोपनिषत् ४।४।७ दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई.

२५६. मुक्तावलीमनोनिरूपणम् चौखम्बा संस्कृतसिरिज वनारस १९५१ ई.

२५७. बृहदारण्यकोपनिषत् १।४।७ दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई.

२५८. बृहदारण्यकवार्तिकम् ४।४।७।६५५ दक्षिणामूर्तिमठ वाराणसी १९९० ई.

२५९. बृहदारण्यकवार्तिकम् ४।४।७।६६२ दक्षिणामूर्तिमठ वाराणसी १९९० ई.

२६०. भागवतम् ११।२१।३१ मोतीलाल बनारसी दास वाराणसी १९९९ ई.

२६१. भागवतम् ७।१०।४-५ मोतीलाल बनारसी दास वाराणसी १९९९ ई.

२६२. स्मृतिसन्दर्भ नागप्रकाशन दिल्ली १९८८ ई.

२६३. मनुस्मृतिः ४।१३७ निर्णयसागर बम्बई १९४६ ई.




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




२६४. मुण्डकोपनिषत् ३।२।१० दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

२६५. प्रश्नोपनिषत् १।२ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

२६६. मनुस्मृतिः ४।२२४ निर्णयसागर बम्बई १९४६ ई.

२६७. मनुस्मृतिः ४।२२५ निर्णयसागर बम्बई १९४६ ई.

२६८. मनुस्मृतिः ४।२२६ निर्णयसागर बम्बई १९४६ ई.

२६९. ऋग्वेद भाष्यभूमिका चौखम्वा संस्कृत सिरिज वाराणसी १९६६

२७०. मा. शतपथब्राह्मणम् ११।५।७।३ अच्युतग्रन्थमाला काशी वि.१९९७

२७१. योगवासिष्ठम् ३।११७।१२ मुन्सीराम मनोहरलाल दिल्ली १९८१ ई.

२७२. योगवासिष्ठम् ३।११७।२३ मुन्सीराम मनोहरलाल दिल्ली १९८१ ई.

२७३. योगवासिष्ठम् ३।११७।३ मुन्सीराम मनोहरलाल दिल्ली १९८१ ई.

२७४. बृहदारण्यकोपनिषत् १।५।३ वाणीविलास प्रकाशन काशी वि.२०११

२७५. भागवतम् ११।१६।४१ मोतीलाल बनारसी दास वाराणसी १९९९ ई.

२७६. महाभारतम् ५।३८।३९ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

२७७. महाभारतम् १२।३६०।१३ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

२७८. महाभारतम् १२।३६०।१८ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

२७९. महाभारतम् ५।३४।४१ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

२८०. महाभारतम् ५।३४।३९ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

२८१. महाभारतम् ३।१८३।८३ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

२८२. महाभारतम् ३।१८३।८२ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२८३. महाभारतम् १२।७९।५-६ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२८४. महाभारतम् ३।१८८।४९ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

२८५. महाभारतम् ८।३५।४५ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

२८६. भागवतम् ११।२८।१ मोतीलाल बनारसीदास वाराणसी १९८६ ई.

२८७. महाभारतम् १२।१९६।४ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई

२८८. महाभारतम् १२।३०९।१५ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई

२८९. मनुस्मृतिः १०।५८ निर्णयसागर बम्बई १९४६ ई.

२९०. मनुस्मृतिः १०।५९ निर्णयसागर बम्बई १९४६ ई.

२९१. भागवतम् ५।२५ मोतीलाल बनारसीदास वाराणसी १९८६ ई.

२९२. कौषीतकिब्राह्मणोनिषत् ३।५ मोतीलाल बनारसीदास वाराणसी१९८० ई

२९३. बृहदारण्यकोपनिषत् ४।४।२ मोतीलाल बनारसीदास वाराणसी १९८० ई.




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




२९४. शाङ्करभाष्यम् , अध्यासभाष्यम् मोतीलाल बनारसीदास वाराणसी १९८० ई.

२९५. दुर्गासप्तशती १।३४ बुटाला एण्ड कम्पनी दिल्ली १९८४ ई.

२९६. भागवतम् ११।५।११ मोतीलाल वनारसीदास वाराणसी १९९९ ई.

२९७. वाल्मीकिरामायणम् ४।१७।३९ गीताप्रेस गोरखपुर वि.२०१७

२९८. मीमांसान्यायप्रकाश, परिसङ्ख्याप्रकरणम् चौखम्बा संस्कृत सिरिज वाराणसी १९५१ ई.

२९९. न्यायमुक्तावली शब्दखण्डः चौखम्बा संस्कृत सिरिज वाराणसी १९५१ ई.

३००. मनुस्मृतिः ४।१३४ निर्णयसागर बम्बई १९४६ ई.

३०१. बृहदारण्यकोपनिषत् १।३।१ दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई.

३०२. मा. शतपथब्राह्मणम् १३।२।३ अच्युतग्रन्थमाला काशी वि.१९९७

३०३. मनुस्मृतिः २।६ निर्णयसागर बम्बई १९४६ ई.

३०४. भागवतम् ६।१।४० मोतीलाल बनारसी दास वाराणसी १९९९ ई.

३०५. वृहदारण्यकोपनिषत् वाणीविलास प्रकाशन वाराणसी वि.२०११

३०६. मनुस्मृतिः २।६ निर्णयसागर बम्बई १९४६ ई.

३०७. याज्ञवल्क्यस्मृतिः १।१४ निर्णयसागर बम्बई १९३६ ई.

३०८. महाभारतम् १।१९५।३० ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३०९. महाभारतम् २।८ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३१०. मनुस्मृतिः २।८ निर्णयसागर प्रेस बम्बई १९४६ ई.

३११. भागवतम् ७।१५।१८ मोतीलाल बनारसीदास वाराणसी १९९९ ई.

३१२. छान्दोग्योपनिषत् १।१।१० दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३१३. ब्रह्मसूत्रम् २।१।२७ मोतीलाल वनारसीदास वाराणसी १९८० ई.

३१४. ब्रह्मसूत्रम् २।१।२८ मोतीलाल वनारसीदास वाराणसी १९८० ई.

३१५. मनुस्मृतिः २।११ निर्णयसागर बम्वई १९४६ ई.

३१६. मुक्तावली टीका गुणनिरूपण प्रकरण छज्जूराम शास्त्री वाराणसी १९२५ ई.

३१७. महाभारतम् ८।४२।३२ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३१८. मनुस्मृतिः ७।१७५ निर्णयसागर बम्वई १९४६ ई.

३१९. मनुस्मृतिः ७।४५ निर्णयसागर बम्वई १९४६ ई.

३२०. मनुस्मृतिः ७।४६ निर्णयसागर बम्वई १९४६ ई.

३२१. मा. शतपथब्राह्मणम् ६।२।३।१८ अच्युतग्रन्थमाला काशी १९९७ ई.

३२२. वैशेषिकसूत्रम् २।१।२४ चौखम्बा वाराणसी १९६९ ई.

३२३. मनुस्मृतिः २।९४ निर्णयसागर मुम्वई १९४६ ई.




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




३२४. शिवराजविजयः १ निश्वास — चौखम्बा बनारस १९५६ ई.

३२५. मनुस्मृतिः २।४ — निर्णयसागर मुम्बई १९४६ ई.

३२६. छान्दोग्योपनिषत् ६।५।४ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३२७. याज्ञवल्क्यस्मृतिः १।१०९ — निर्णयसागर मुम्बई १९३६ ई.

३२८. बृहदारण्यकवार्तिकम् १।४।१७ श्लोक १८०६ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३२९. बृहदारण्यकवार्तिकम् १।४।१७ कारिका १८०८ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३३०. बृहदारण्यकवार्तिकम् १।४।१७ कारिका ११ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३३१. बृहदारण्यकवार्तिकम् १।४।१७। कारिका १८१२ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३३२. बृहदारण्यकवार्तिकम् १।४।१७। कारिका १८१४ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३३३. मुक्तावली शब्दखण्डः — चौखम्बा संस्कृत सिरिज वाराणसी १९५१

३३४. बृहदारण्यकभाष्यवार्तिकम् १।४।१७ कारिका १९१५ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३३५. मनुस्मृतिः २।४, बृ.उ.वा. १।४।१७ का. १६ — निर्णयसागर बम्बई १९४६ ई.

३३६. बृहदारण्यकभाष्यवार्तिकम् १।४।१७। कारिका १७ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.

३३७. बृहदारण्यकोपनिषत् ४।४।५ — वाणीविलास प्रकाशन वाराणसी वि.२०११

३३८. मनुस्मृतिः २।२ — निर्णयसागर मुम्बई १९४६ ई.

३३९. महाभाष्य, उपक्रम — चौखम्बा संस्कृत सिरिज वनारस १९५४ ई.

३४०. कठोपनिपनिषत् १।१।२७ — दक्षिणामूर्ति वाराणसी १९७९ ई.

३४१. मनुस्मृतिः २।९४ — निर्णयसागर मुम्बई १९४६ ई.

३४२. कठोपनिषत् २।१।२ — दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

३४३. दक्षिणामूर्तिस्तोत्रम् — खेमराज श्रीकृष्णदास मुम्बई १९६९ ई.

३४४. छान्दोग्योपनिषत् ८।१।१ — दक्षिणामूर्तिमठ वाराणसी १९८२

३४५. छान्दोग्योपनिषत् ८।१।३ — दक्षिणामूर्तिमठ वाराणसी १९८२

३४६. भागवतम् ७।१।१० — मोतीलाल वनारसीदास वाराणसी १९९९ ई.

३४७. मुण्डकोपनिषत् २।१।१ — दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

३४८. श्वेताश्वतर उपनिषत् ३।१९ — वाणीविलास प्रकाशन वि.२०१२

३४९. योगवासिष्ठम् २।७।३१ — मुन्सीराम मनोहरलाल दिल्ली १९७९ ई.

३५०. अमरकोषः १।५।६ — चौखम्बा संस्कृत संस्थान दिल्ली १९९० ई.

३५१. महाभारतम् ३।३१३।११० — ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३५२. कौषितकिब्राह्मणोपनिषत् ३।३ — मोतीलाल बनारसीदास वाराणसी १९८० ई.

३५३. छान्दोग्योपनिषत् ८।१२।५ — दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi




३५४. तैत्तिरीयोपनिषत् २।४ दक्षिणामूर्तिमठ वाराणसी १९८२ ई.१९७९ ई.

३५५. बृहदारण्यकोपनिषत् १।४।७ दक्षिणामूर्तिमठ वाराणसी १९८६ ई.

३५६. कठोपनिषत् १।३।११ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

३५७. प्रश्नोपनिषत् ६।५ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

३५८. श्वेताश्वतर उपनिषत् ४।१० वाणीविलास, वाराणसी वि.२०१२

३५९. कठोपनिषत् १।३।१३ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

३६०. कठोपनिषत् २।३।६ दक्षिणामूर्तिमठ वाराणसी १९७९ ई.

३६१. महाभारतम् १२।१९४।२५ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३६२. महाभारतम् १२।२४८।१२ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३६३. महाभारतम् १२।३२०।२९ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३६४. महाभारतम् १२।९१ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३६५. महाभारतम् ६।४३।४१ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३६६. महाभारतम् ५।३४।५५ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३६७. भागवतम् १२।१० मोतीलाल वनारसीदास वाराणसी १९९९ ई.

३६८. शुल्कयजुर्वेद संहिता ७।४८ मोतीलाल वनारसीदास वाराणसी १९८० ई.

३६९. भागवतम् ११।५।२ मोतीलाल बनारसीदास वाराणसी १९९९ ई.

३७०. मनुस्मृतिः ३।६० निर्णयसागर मुम्बई १९४६ ई.

३७१. मनुस्मृतिः ४।१९५ निर्णयसागर मुम्बई १९४६ ई.

३७२. मनुस्मृतिः ४।१९६ निर्णयसागर मुम्बई १९४६ ई.

३७३. महाभारतम् ३।३१३।१०१ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३७४. महाभारतम् ३।३१३।१०२ ओरियण्टल रिप्रिन्ट कर्पोरेशन दिल्ली १९७९ ई.

३७५. मनुस्मृतिः १।२६ निर्णयसागर मुम्बई १९४६ ई.




Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## श्रीराजर्षिजनकस्मृतिकोषबाट प्रकाशित ग्रन्थहरू

१. ब्रह्मजिज्ञासा
२. पशुपतिको सेरोफेरो
३. वेदस्तुति
४. ज्ञान र भक्ति
५. रासपञ्चाध्यायी
६. सन्तमहिमा
७. ब्रह्मसाक्षात्कार
८. उपनिषत्सार
९. ब्रह्मसूत्रसार

## प्राप्तिस्थान

१. साझाप्रकाशनका
विभिन्न शाखा कार्यालयहरू ।
२. श्रीपशुपतिनाथशरण पुस्तक पसल
पशुपति, देवपाटन ।
३. रत्नपुस्तक भण्डार
माइतीघर, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal